# चार सुसमाचारहरू
# र
# महान् आदेश

थोमस ह्वाङ

अनि उहाँले तिनीहरूलाई भन्नुभयो,
"सारा संसारमा गएर सारा सृष्टिलाई सुसमाचार प्रचार गर।"
(मर्कूस १६:१५)

# The Four Gospels
# and the Great Commission

**Publisher:** Sarah Hae - Ok Cho

**Author:** Thomas Hwang

**Translator:** Joel Kafle

**Editors:** Timothy Pun, Sarita Gopali & Sarita Gaire

**Proof Reader, Layout & Cover Design:** Shyam Shrestha

**Published by AMI Nepal Publication**

All rights reserved. No part of this book may be reproduced in any form without written permission from AMI Publication

Copyright © 2025 by Thomas Hwang

First Edition: 1,500 copies (November 2025)

Kishor Offset Press

Kathmandu, Nepal

Price: NRs 700.00

# लेखकको परिचय

डा. थोमस ह्वाङ AMI, Antioch Missions International को संस्थापक अध्यक्ष हुनुहुन्छ। यो संस्था सुसमाचार सुन्न नपाएकाहरूलाई प्रचार गर्ने कामप्रति समर्पित छ। AMI College & Seminary मार्फत एसिया, मध्यपूर्व र अफ्रिकाको २७ देशहरूका विभिन्न सम्प्रदाय तथा स्वतन्त्र मण्डलीहरूबाट करिब ७,००० पास्टर तथा अगुवाहरूले उहाँबाट ईश्वरशास्त्रीय तालिम लिइरहेका छन्।

डा. थोमस ह्वाङले १५ वटा पुस्तकहरू लेखिसक्नु भयो र तीमध्ये अधिकांश पुस्तकहरू नेपाली (Nepali), शेर्पा (Sherpa), तिब्बती (Tibetan), ल्होमी (Lhomi), ह्योल्मो (Hyolmo) बर्मेली (Burmese), भुटानी (Bhutanese), मङ्ग (Hmong), क्याचिन (Kachin), शान (Shan), अङ्ग्रेजी (English), रुसी (Russian), लिसु (Lisu), कम्बोडियाली (Cambodian), इण्डोनेसियाली (Indonesian), हिन्दी (Hindi), बङ्गाली (Bengali), लाओसी (Lao), भेतनामी (Vietnamese), चिनिया (Chinese), स्पानिस (Spanish) र जापानी (Japanese) भाषाहरूमा अनुवाद भइसकेका छन्। मण्डलीमा सेवा गर्नेरूलाई बाइबलीय शिक्षामा सुसज्जित पार्ने अभिप्रायले ६,००,००० भन्दा बढी पुस्तकहरू वितरण भइसकेका छन्।

थोमस ह्वाङले कोरियाको Seoul National University स्नातक (B.S.) गर्नुभएपछि उच्च शिक्षा हासिल गर्न इ.सं.१९६८ मा संयुक्त राज्य अमेरिका पुग्नुभयो। त्यहाँ गएर उहाँले Michigan State University मा अध्ययन गर्नुभयो। उहाँले Pittsburg State University बाट B.B.A., Bachelor in Business Administration र M.B.A., Master in Business Administration सकाउनुभयो। अमेरिका र क्यानडाको व्यापारिक सफलतापछि उहाँले आफूलाई प्रभुको सेवामा समिर्पित गर्नुभयो।

सेवकाइ सुरु गर्नुभन्दा पहिले उहाँले क्यानडाको टोरोण्टो सहरको Tyndale University College and Seminary बाट M.Div. अनि संयुक्त राज्य अमेरिकाको सिकागो, डियरफिल्ड, इलिनोइसमा भएको TEDS, Trinity Evangelical Divinity School बाट विद्यावारिधि (Ph.D.) हासिल गर्नुभयो।

ईश्वरशास्त्रमा विद्यावारिधि प्राप्त गरेपछि उहाँले EFC, Evangelical Fellowship of Canada भन्ने संस्थामा परिषद्को सदस्य भई केही समय सेवा गर्नुभयो साथै Tyndale University College and Seminary को संचालन समितिको सदस्य भई प्राध्यापन पनि गर्नुभयो। संयुक्त राज्य अमेरिकाको न्यूयोर्क सहरको Alliance Theological Seminary मा प्राध्यापकको रूपमा सेवा गरिरहँदा, उहाँ GCOWE'95, Global Consultation of World Evangelization '95 को कार्यकारी व्यवस्थापन समितिमा कार्यकारी अधिकृतको पदमा छानिनुभयो र उहाँलाई दक्षिण कोरियामा आयोजना हुन गइरहेको विश्वव्यापी सुसमाचार अभियानसम्बन्धी सम्मेलनमा महत्वपूर्ण जिम्मेवारी प्रदान गरियो।

त्यसपछि उहाँ आफैले स्थापना गर्नुभएको AMI भन्ने संस्थाद्वारा प्रभुको सेवकाइ गर्न दक्षिण कोरिया जानुभयो। कोरियामा उहाँले AMI Satellite Broadcasting Inc. भन्ने सञ्चार केन्द्र स्थापना गरी एसिया र अफ्रिकामा सुसमाचार सुन्न नपाएका मानिसहरूका लागि रेडियोद्वारा प्रचार गर्ने सेवकाइ सुरु गर्नुभयो। हाल उहाँ AMI Church को वरिष्ठ पास्टरको रूपमा सेवकाइ गर्दैहुनुहुन्छ। त्यसको साथै वृद्ध अवस्थामा पनि येशू ख्रीष्टको महान् आदेश पालन गर्दै विभिन्न राष्ट्रहरूमा (मुस्लिम राष्ट्रहरूमा पनि) अगुवापन गोष्ठी, पुस्तक प्रकाशन, श्रव्य-दृश्य, इन्टरनेट र सञ्चारको अन्य माध्यमहरूद्वारा परमेश्वरको राज्य विस्तार गर्ने काम गरिरहनुभएको छ। यी सबैबाट त्रिएक परमेश्वरलाई महिमा मिल्न सकेको होस्।

"यसकारण मेरा प्रिय भाइ हो, स्थिर र अटल रहो। प्रभुको काममा सधैँ बढ्दैजाओ। किनकि तिमीहरू जान्दछौ, कि प्रभुमा तिमीहरूको परिश्रम व्यर्थ हुँदैन" (१ कोरिन्थी १५:५८)।

# प्रस्तावना

चार सुसमाचारको पुस्तकहरू प्राय: पढिने र उद्धृत गरिने बाइबलका पुस्तकहरू हुन्। प्रभु येशूले यो धर्तीमा आएर के काम गर्नुभयो, के शिक्षा दिनुभयो, कस्ता आश्चर्यकर्महरू गर्नुभयो भनी सिक्न र उहाँलाई पछ्याउन विश्वासीहरूले सुसमाचारका पुस्तकहरू पढ्ने गर्छन्। चार सुसमाचारका पुस्तकहरू लेखिएपछि करिब २,००० वर्षसम्म येशूको जीवनी र वचन विश्वासीहरूको हृदयमा गडेको छ र त्यसले उनीहरूको जीवन परिवर्तन गर्नुको साथै आत्मिक र मानसिक वृद्धि गराउन सहयोग गरेको छ। त्यसमा उल्लिखित सबै कामहरू येशू आफैले गर्नुभएको हुनाले ती निकै शक्तिशाली छन्।

चार सुसमाचारका पुस्तकहरू भन्नाले नयाँ करारको सुरुमा भएका चार वटा पुस्तकहरू: मत्ती, मर्कूस, लूका र यूहन्नाको पुस्तक हुन्। सुसमाचार भनेको असल खबर हो, जसलाई अंग्रेजीमा Good News भनिन्छ। यो शब्दको उद्‌गमचाहिँ ग्रीक भाषाको 'एभाङ्गेलियोन' (Evangelion) भन्ने शब्दबाट आएको हो, जसको अर्थ नै सुसमाचार हो। हामी यो शब्दसँग परिचित नै छौँ।

त्यसो हो भने यो सुसमाचार अर्थात् असल खबरचाहिँ के हो त? यो कुरा हामी पावलले रोमी १:१-६ मा लेखेको यो कुराबाट बुझ्न सक्छौँ, "म पावल, येशू ख्रीष्टको दास, प्रेरित हुनलाई बोलाइएको, र परमेश्‍वरको त्यस सुसमाचारको निम्ति अलग गरिएको हुँ, जुन सुसमाचार उहाँले अघिबाटै आफ्ना अगमवक्ताद्वारा पवित्र धर्मशास्त्रमा प्रतिज्ञा गर्नुभएको थियो। यो सुसमाचार परमेश्‍वरका पुत्रको विषयमा हो, जसको जन्म शरीरअनुसार दाऊदको वंशबाट भएको थियो। येशू ख्रीष्ट हाम्रा प्रभु मरेकाहरूबाट पुनरुत्थान हुनुभएर पवित्रताको आत्माअनुसार शक्तिमा परमेश्‍वरका पुत्र ठहरिनुभयो। उहाँका नाउँको खातिर विश्‍वासद्वारा आउने आज्ञापालन सबै जातिहरूका बिचमा ल्याउनलाई हामीले उहाँद्वारा अनुग्रह र प्रेरितको काम पाएका छौं। तिमीहरू पनि तिनीहरूसँगसँगै येशू ख्रीष्टका हुन बोलाइएका छौ।" पावलको यो लेखाइको आधारमा सुसमाचार के हो भन्ने कुरालाई क्रमैसँग हेरौँ

पहिलो कुरा: सुसमाचार परमेश्वरले तिनो करारमा नै प्रतिज्ञा गरिसक्नुभएको कुरा हो। पुरानो करारको सुरुदेखि नै येशू यो संसारमा आउनुहुनेछ भन्ने कुराको भविष्यवाणी गरिएको छ; जस्तैः येशू स्त्रीको सन्तानको रूपमा आउनुहुनेछ (उत्पत्ति ३:१५), उहाँ अब्राहामको सन्तानको रूपमा आउनुहुनेछ (उत्पत्ति १२:२-३), उहाँ अभिषिक्त जन हुनुभएर गरिबहरूलाई सुसमाचार प्रचार गर्नुहुनेछ (यशैया ६१:१)। त्यति मात्र नभएर पुरानो करारका सबै विधि र व्यवस्थाहरूले आउनुहुने येशूको जीवनी र सेवकाइलाई प्रकट गर्दछन् (रोमी ५:१४)। बाइबलले यो पनि सिकाउँछ, कि पुरानो करारका सबै कुराहरू नयाँ करारको नक्कल अथवा छाया मात्र हुन् (हिब्रू ८:५)। येशू आफैले पनि भन्नु भयो, कि पुरानो करारका कुराहरू उहाँकै बारेमा लेखिएका हुन् (लूका २४:२७, ४४; यूहन्ना ५:३९)।

पुरानो करारमा भविष्यवाणी गरिएको सुसमाचारलाई यसरी बुझ्न सकिन्छ: येशू ख्रीष्ट जो आफै परमेश्वर हुनुहुन्छ, उहाँ शरीर धारण गरेर यो धर्तीमा आउनुहुनेछ। क्रूसको कष्ट र मृत्युद्वारा उहाँले अन्धकार र मृत्युको शक्तिलाई नष्ट गर्नुहुनेछ। उहाँ तीन दिनपछि मृत्युबाट पुनरुत्थान हुनुहुनेछ। यो कुरामा विश्वास गर्ने बचाइनेछ र उसले अनन्त जीवन पाउनेछ। यो मानवीय खुबी र बलको कारण होइन तर पूर्ण रूपमा परमेश्वरको अनुग्रहबाट हो (एफिसी २:८-९)। यही सन्देश अर्थात् खुसीको खबर नै सुसमाचार हो। येशू संसारमा यही काम गर्न आउनुभयो (यूहन्ना १:१४, ३:१६)। उहाँले लूका ४:४३ मा यसरी भन्नुभयो, "मैले परमेश्वरका राज्यको सुसमाचार अरू सहरहरूमा पनि सुनाउनैपर्छ, किनकि म यसैको निम्ति पठाइएको हुँ।"

त्यसैले तयार पारिएको यो सुसमाचार कसैलाई प्रचार गरिनै पर्छ। सुसमाचार कसको निम्ति तयार गरिएको हो त? पावलले रोमी १:५ मा लेखेअनुसार यो सुसमाचार अन्यजातिहरूको लागि हो। पावलले रोमीको पत्रमा अन्यजातिहरूमा सुसमाचार पुर्‍याउनु प्रेरितहरूको काम हो भनी स्पष्ट पारेका छन्। यो कुरा अब्राहामलाई पनि स्पष्ट गराइएको थियो (उत्पत्ति १२:२-३, गलाती ३:८)। नयाँ करारमा येशू आफैले पनि भन्नुभयो, कि उहाँले सुसमाचार गरिब, कैदी, अन्धा र अन्यायमा परेकाहरूलाई सुनाउनुहुनेछ। यस प्रकारका मानिसहरूले वास्तवमा अन्यजातिहरूलाई सङ्केत गर्दछ (लूका ४:१७-१९)। त्यतिमात्र नभएर येशूले आफ्ना चेलाहरूलाई महान् आदेश दिनुभयो, कि तिनीहरू गएर सुसमाचार प्रचार गरेर अन्यजातिहरूलाई बचाउनुपर्नेछ। येशूले मर्कूस १६:१५ मा "सारा संसारमा गएर सारा सृष्टिलाई सुसमाचार प्रचार गर' भनी आज्ञा दिनुभयो। सुसमाचारका पाठकहरूको थिए त भन्ने विषय यो पुस्तकको महत्वपूर्ण पक्ष हो, जुन हामी विस्तृत र क्रमिक रूपमा हेर्नेछौं।

अब सुसमाचारको परिभाषाको आधारमा रहेर यो पुस्तकले पुरा बाइबलको विषयवस्तुहरूलाई समेटेर चार सुसमाचारहरूको बारेमा छलफल गर्ने प्रयत्न गर्नेछ। अध्याय १ मा हामीले व्यवस्थित तरिकाले बाइबलको बनावटलाई हेर्दै बाइबललाई विभिन्न प्रकारले वर्गीकरण गर्नेछौँ। साथै पुरानो र नयाँ करार कसरी बनियो, यसका लेखकहरू को को हुन्, र परमेश्वरले किन बाइबल लेख्न लगाउनुभयो भन्ने विषयहरू अवलोकन गर्नेछौँ। त्यति मात्र नभएर हामी बाइबलका ६६ वटा पुस्तकहरू कसरी सिङ्गो पुस्तक बन्न पुग्यो, र अहिले हामीले देखेझैँ अध्याय र पदहरूमा कसरी त्यसलाई विभाजन गरियो अनि कसले कहिले बाइबल विश्वका विभिन्न भाषाहरूमा उल्था गरे भन्ने कुरा पनि हेर्नेछौँ।

अध्याय २ मा हामी चार सुसमाचारहरूको बनावट साथै मत्ती, मर्कूस, लूका र यूहन्नाको सुसमाचारहरूमा भएका समानता र भिन्नताहरूको बारेमा पनि छलफल गर्नेछौँ। हामी चार वटा सुसमाचारहरूमा उल्लिखित दृष्टान्तहरू र आश्चर्यकर्महरूलाई हेर्दै तिनीहरूको तुलाना गर्नेछौँ, साथै दृष्टान्तहरू र आश्चर्यकर्महरूको सङ्ख्याहरूको तालिकाहरू पनि तयार गर्नेछौँ। यसले पाठकहरूलाई चार सुसमाचारहरू पढ्नुअघि नै त्यसको फराकिलो तस्वीर देख्न मद्दत गर्नेछ।

अध्याय ३ देखि ६ ले चार सुसमाचारहरूको गहन अध्ययन उपलब्ध गराउनेछ। हामीले प्रत्येक सुसमाचारको विस्तृत पृष्ठभूमि, लेखकको बारेमा जानकारी, लेख्नुको उद्देश्य, पुस्तकको विशेषता र बनावट पनि हेर्नेछौँ। विशेषगरी सुसमाचारको विस्तृत विवरणलाई तालिकामा राखिनेछ ताकि पाठकहरूले सबै घटना विवरणहरूलाई एकै नजरमा हेर्न सकून्। सुरुमा प्रत्येक पुस्तकलाई येशूको शिक्षा र कामहरूको आधारमा ७ देखि १० खण्डमा विभाजन गरिनेछ। त्यसपछि प्रत्येक खण्डलाई येशूको विशेष शिक्षा र कामहरूको आधारमा ससानो खण्डहरूमा विभाजन गरिनेछ। कसैले चार सुसमाचारहरूलाई यो तरिकाले अध्ययन गर्छ भने उसले सुसमाचारमा लुकेका महत्वपूर्ण रहस्यहरूलाई अझ राम्रोसँग बुझ्न सक्नेछ।

अध्याय ७, यो पुस्तकको अन्तिम अध्याय हो। यसमा हामी अब्राहामको करारमा रहेर चार सुसमाचारहरूलाई हेर्नेछौँ। ईश्वरशास्त्रीय पुस्तकहरूको श्रृङ्खलाझैँ चार सुसमाचारको पुस्तकहरूमा धेरै महत्वपूर्ण ईश्वरशास्त्रीय विषयहरू समेटिएका छन्; जस्तै: मुक्तिको सिद्धान्त, ख्रीष्टको सिद्धान्त, पापको सिद्धान्त, स्वर्गको सिद्धान्त, इसाई मानवशास्त्र, पवित्रीकरणको सिद्धान्त, त्रिएकको सिद्धान्त, मिसनको सिद्धान्त, अन्त्यको दिनको सिद्धान्त आदि। यहाँ उल्लिखित सबै सिद्धान्तहरू महत्वपूर्ण भएकाले कुनैलाई पनि बेवास्ता गर्न मिल्दैन। तैपनि, यो पुस्तकले मिसनको सिद्धान्तलाई बढी जोड दिनेछ, किनकि त्यो अहिलेको मुख्य आवश्यकता हो। येशू यो धर्तीमा आउनुको कारण पनि त्यही थियो र उहाँ जानुभन्दाअघि दिनुभएको आज्ञा पनि महान् आदेश पनि त्यही थियो (मत्ती २८:१९-२०, प्रेरित १:८)। अझै भन्नुपर्दा, चार

सुसमाचारहरूमा पाइने मुख्य साझा विषय नै मिसन हो। त्यसैले कसरी येशूको सबै शिक्षाहरू र आश्चर्यकर्महरूमा परमेश्वरको गैरयहूदीहरूलाई सुसमाचार सुनाउने इच्छा प्रकट गरिएका छन् भनी हामीले बुझ्नुपर्छ।

गैरयहूदीहरूलाई सुसमाचार सुनाउने काम आज शैतानले सबैभन्दा धेरै आक्रमण गरेको क्षेत्र हो। यसको कारण के हो भने जब सारा संसारका सबै जातिहरूमा सुसमाचार प्रचार गरिन्छ तब अन्त्य आउनेछ (मत्ती २४:१४), त्यसपछि शैतानलाई अग्नी-कुण्डमा फालिनेछ (प्रकाश २०:१०, १४)। त्यसैकारण दुष्टले गैरयहूदीहरूको बिचमा सुसमाचार पुर्‍याउने कामलाई घृणा गर्छ र सकेसम्म यो काममा अवरोध हाल्न खोज्छ।

विशेषगरी मिसनको सबैभन्दा ठुलो चुनौती भनेको बहुधर्मवाद हो। बहुधर्मवादीहरूले आफूलाई इसाई हौँ त भन्छन् तर उनीहरूको ईश्वरशास्त्र गलत छ। उनीहरूको दाबी यस्तो छ: 'परमेश्वर प्रेम हुनुहुन्छ (१ यूहन्ना ४:१६), उहाँले सबै मानिसको उद्धार गर्नुहुनेछ (रोमी ३:२२, १ तिमोथी ४:१०, २ पत्रुस ३:९, १ यूहन्ना २:२)। सबै धर्महरूमा ख्रीष्ट हुनुहुन्छ, तर नाम मात्र फरक छ (मत्ती २४:२३-२८)। हामीले अरूलाई सुसमाचार सुनाएर उनीहरूको धर्म परिवर्तन गराउने प्रयत्न गर्नु हुदैँन। मिसनको निम्ति जान्छौँ भने गाँस, बास र कपासजस्ता उनीहरूको भौतिक आवश्यकताहरूलाई पुरा गरिदिनुपर्छ।' बहुधर्मवादीहरूको मिसनको सिद्धान्त यही हो, जुन येशूको महान् आदेशसँग मिल्दैन।

बहुधर्मवादीहरूले केही बाइबलका पदहरूलाई प्रयोग गर्दै, मिसनको सही काममा अवरोध पुर्‍याउँछन्। जसरी चोर चोर्न आउँछ (यूहन्ना १०:१०), त्यसरी नै तिनीहरू मण्डलीमा बाइबलको कुराहरू चोर्न आउँछन् र सुसमाचारलाई बङ्ग्याउदै मिसनको काममा बाधा दिन्छन्। अहिले बहुधर्मवादक प्रभाव हानिकारक विषझैँ संसारमा फैलिरहेको छ।

यस्तो भ्रष्ट पुस्ताको बिचमा यो पुस्तकले गैरयहूदीहरूलाई सुसमाचार प्रचार गर्न उर्जा दिनेछ। येशूका शिक्षा र आश्चर्यकर्महरूले इसाईहरूलाई परमेश्वरले उनीहरूको सांसारिक आवश्यकता पुरा गरिदिनुहुनेछ भन्ने सामान्य सन्देश मात्र नभएर येशूको महान् आदेशअनुसार गैरयहूदीहरूलाई सुसमाचार प्रचार गर्नुपर्छ भनेर पनि सिकाउँछ। म यो आशा गर्दछु, कि यो पुस्तक पढेपछि सुसमाचारको पुस्तकहरूमा भएका घटनाहरू; जस्तै: येशूले देखाउनुभएको शक्ति, भोकालाई भोजन, प्यासीलाई पानी, रोगीलाई चङ्गाइ, दुष्टआत्मा लागेकोलाई छुटकारा, पापीलाई क्षमा र मृतकलाई जीवित पार्नुभएका घटनाहरू उहाँले पुरानो करारमा प्रतिज्ञा गर्नुभएअनुसार गैरयहूदीहरूलाई उद्धार गर्ने परमेश्वरको इच्छा हो भनी पाठकहरूले घोषणा गर्न सक्नेछन्।

मिसनको काम रोजाइको विषय नभएर गर्नैपर्ने जिम्मेवारी हो (१ कोरिन्थी ९:१६)। इसाईहरूले मिसन किन महत्वपूर्ण छ भनी बुझ्न र गर्नको चार सुसमाचारहरूलाई राम्रोसँग बुझ्नुपर्छ। हामीले एउटा पद वा घटनालाई लिएर परमेश्वरको गैरयहूदीहरूलाई सुसमाचार सुनाउने इच्छासँग नमिल्ने तरिकाले अर्थ लगाउने काम गर्नुहुदैँन। हामीले पुरा बाइबलको संरचना र बाइबलका घटनाहरूमा परमेश्वरको सबै जातिहरूलाई उद्धार गर्ने इच्छा बुझ्नु जरुरी हुन्छ। हामीले उहाँको इच्छा बुझ्ने मात्र होइन तर त्यसलाई पालन पनि गर्नुपर्छ। यदि हामीले सुसमाचार पाएर, अरू जातिहरूलाई सुसमाचार प्रचार गर्न प्रयत्न गर्दैनौं तर आफ्नो परिवार र जातिमा मात्र केन्द्रित हुन्छौं भने हाम्रो मण्डली बिस्तारै कमजोर र भ्रष्ट हुँदै, अन्त्यमा छरपस्ट हुन पनि सक्नेछ। तसर्थ, इसाईहरूले येशूको महान् आदेशलाई (मत्ती २८:१९-२०, प्रेरित १:८) बुझेर, त्यसलाई पालन गर्दै गैरयहूदीहरूलाई सुसमाचार प्रचार गर्न बाहिर जान्छन् भने उनीहरूले साँचो जीवन पाउनेछन् (मर्कूस ८:३५, १ कोरिन्थी ९:१४)।

पाठकहरूलाई यो महत्वपूर्ण उद्देश्य बुझाउन यो पुस्तकले धेरै लाभदायी जानकारीहरू उपलब्ध गराउँछ। यसमा धेरै तालिकाहरू छन् जसद्वारा पाठकहरूले चार सुसमाचारहरूको समानताहरू र भिन्नताहरू एकै नजरमा बुझ्न सक्नेछन्। चार सुसमाचारको बनावट सुव्यवस्थित तरिकाले बुझ्न सकियोस् भन्ने अभिप्रायले यी जानकारीहरू उपलब्ध गराइएका हुन्। अब हामी चार सुसमाचारहरूलाई सामान्य रूपमा एउटा शब्द, एउटा वाक्य अथवा एउटा घटनाको बारेमा मात्र बुझ्ने होइन तर हामीले वाक्य-वाक्यको सम्बन्ध, एउटा घटनाको अर्को घटनासँगको सम्बन्ध अनि पुरानो करार र नयाँ करारको सम्बन्धलाई पनि जोडेर चार सुसमाचारहरूमा भएका विषयहरूलाई ठुलो तस्वीरमा हेर्न सक्नुपर्छ।

गैरयहूदीहरूलाई सुसमाचार प्रचार गर्नु परमेश्वरको इच्छा हो। यसलाई अर्को अर्थमा भन्नुपर्दा, येशूका चेलाहरू बाहिर गएर विभिन्न जातिहरूमा छरिएका परमेश्वरका चुनिएका जनहरूलाई खोजेर (यूहन्ना १५:१९), तिनीहरूलाई त्रिएक परमेश्वरको नाममा बप्तिस्मा दिने, परमेश्वरको सृष्टिको उद्देश्य (यशैया ४३:७, २१), महान् आज्ञा (प्रस्थान २०:३-१७, मत्ती २२:३७-४०), र महान् आदेश (मत्ती २८:१९-२०, प्रेरित १:८) सिकाउने र उनीहरूलाई त्यसै गर्न सिकाउनु परमेश्वरको इच्छा हो। अनि आउने पुस्ताहरूले त्यही प्रकृया दोहोऱ्याउनेछन्। मैले यो पुस्तक लेख्नुको उद्देश्य यही हो। यो पुस्तकद्वारा त्रिएक परमेश्वरको महिमा भएको होस् भनी म प्रार्थना गर्छु।

थोमस ह्वाङ्<br>अगष्ट २०१५, सुजी,<br>दक्षिण कोरिया

# प्रस्तावना – दोस्रो संस्करण

हामी किन बाहिर गएर मिसनको काम गर्छौं? हाम्रो देशमा येशूलाई विश्वास नगरेका थुप्रै मानिसहरू छन्, तैपनि हामी किन आफ्नो देश छोडेर अरू देशमा गई सुसमाचारको काम गर्छौं? स्वेच्छाले रुखो जमिनजस्ता प्रवासी भूमिहरूमा जाने मिसनेरीहरूलाई तपाईं कसरी परिभाषित गर्नुहुन्छ? नयाँ ठाउँमा तिनीहरूको खाना, जीवनशैली, भाषा, संस्कृति र वातावरण फरक हुन्छ। प्रवासमा ती मिसनेरीहरूको परिवार, नातेदार, र मित्रहरू नजिक हुँदैनन्। त्यतिमात्र होइन, सुसमाचार प्रचार गर्दा सहिद हुनुपर्ने सम्भावना पनि छ। तैपनि मेसनेरीहरू संसारभरि छरिएका छन्। किन? यसको सही उत्तर दिनसक्ने इसाईहरू सायद धेरै छैनन् होला

'चार सुसमाचारहरू र महान् आदेश' भन्ने पुस्तक प्रकाशन भएपछि, धेरै इसाई पाठकहरू अचम्मित हुनुभयो। यो पुस्तक पढ्नुभन्दाअघि उहाँहरूले चार सुसमाचारहरूमा उल्लिखित येशूका सबै कार्यहरू साधारण रूपमा रोगीहरूलाई चङ्गाइ गर्ने र गरिब अनि दु:खीहरूलाई सान्त्वना दिने रूपमा मात्र बुझ्नुभएको थियो। तर ती सबै कुराहरू गैरयहूदीहरूलाई सुसमाचार प्रचार गर्ने कुरामा केन्द्रित छन् भन्ने कुरा बुझ्नुभएपछि उहाँहरूको सोचमा ठुलो परिवर्तन आयो। मैले यो विषय अंग्रेजी र कोरियन दुवै भाषामा सिकाएको छु, अनि सिकाउने क्रममा विभिन्न देशका मानिसहरूले त्यस्तै अनुभव गर्नुहुन्छ। यसमा म त्रिएक परमेश्वरलाई धन्यवाद दिन चाहन्छु।

अहिलेको इसाईहरू येशूको आगमनको धेरै नजिक बाँचिरहेका छन्। विशेषगरी सुसमाचार विश्वको सबै कुनामा पुग्न लागिसक्यो। हामी इन्टरनेट, र सबै प्रकारका सामाजिक सन्जालहरूलाई यसको निम्ति धन्यवाद दिन चाहन्छौं। अहिले सुसमाचार पहिलेको तुलनामा धेरै तीव्र गतिमा फैलिरहेको छ। तर अर्कोतर्फ हेर्ने हो भने, शैतानलाई पनि अन्त्यको दिन नजिकै छ भन्ने कुरा थाहा छ र त्यसले मिसनको काममा अझ खराब प्रकारले अवरोध हाल्ने काम गरिरहेको छ। शैतानको आक्रमणबाट बच्ने एउटै मात्र उपाय भनेको पवित्र आत्मा र परमेश्वरको वचनको सहायतामा परमेश्वरका सम्पूर्ण आत्मिक हातहतियारहरू धारण गर्नु नै हो (एफिसी ६:१०-१८)। यो पुस्तकले बाइबलीय मिसनको जग निर्माण गर्न सहायता गर्नेछ। मिसनको सेवामा सहभागी हुनुहुनेहरूको निम्ति यो पुस्तकले आत्मीकी वृद्धिको बलियो जग र असल पोषणको रूपमा काम गर्नेछ भनी म आशा गर्छु।

अहिले संसारको विभिन्न ठाउँहरूमा धेरै मिसनरीहरू हुनुहुन्छ, जसले गैरयहूदीहरूलाई सुसमाचार प्रचारको निम्ति दिलोज्यानले सेवा गरिरहनुभएको छ। यसो गर्नुको मुख्य कारण उहाँहरूले येशूले आफ्नो स्वर्गारोहणभन्दाअघि दिनुभएको महान् आदेश भनेको सबै देशका जातिहरूलाई सुसमाचार प्रचार गर्नु हो भनी विश्वास गरेकोले हो। उहाँहरूले यो कुरा पनि विश्वास गर्नुभएको छ, कि जब सुसमाचार सारा जातिहरूलाई प्रचार गरिनेछ तब येशू आउनुहुनेछ र येशूले प्रतिज्ञा गर्नुभएअनुसार उहाँहरूलाई ठुलो स्वर्गीय इनाम मिल्नेछ। मैले पनि गैरयहूदीहरूलाई सुसमाचार प्रचार गर्ने यही बाटो रोजेको छु र यो आशासहित प्रार्थना गर्दछु, कि मेरो सेवा यिनीहरूसँगै पुरा होस्। यो पूर्णरूपमा परमेश्वरको अनुग्रहबाट आउने आशिष् भएकोले म यो प्रार्थना गर्दछु, कि म लगायत यो पुस्तक पढ्ने सम्पूर्ण पाठकहरू त्यही अनुग्रहको सहाभागी बन्न सक्नुभएको होस्।

अब दोस्रो संस्करणको पुस्तक अझ फराकिलो रूपमा प्रकाशन गर्न लागिरहेको छु। यो पुस्तकले इसाईहरूलाई विश्वव्यापी सुसमाचार अभियानमा सहभागी हुन उत्साह मिलोस् र जोहरू अघि नै मिसनको क्षेत्रमा हुनुहुन्छ उहाँहरूलाई यसद्वारा पवित्र मिसनको काम गर्न उर्जा मिल्न सकोस् भनी म प्रार्थना गर्दछु।

थोमस ह्वाङ्

जुन २०१७, सुजी

दक्षिण कोरिया

# मन्तव्य

"यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ, मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ। हेर, म युगको अन्त्यसम्म सधैँ तिमीहरूका साथमा छु" (मत्ती २८:१९-२०)।

प्रभु येशूको महान् आदेशअनुसार अन्तिम कटनीको यी दिनहरूमा सन्तहरूलाई बाइबलीय ज्ञानमा सुसज्जित पार्नको निम्ति सुसमाचारवारदी ईश्वरशास्त्री थोमस ह्वाङलाई शक्तिशाली रूपमा प्रयोग गर्नुभएको लागि त्रिएक परमेश्वरलाई धन्यवाद नदिई बस्नै सक्दिनँ। परमेश्वरको अनुग्रहमा उहाँले विभिन्न मुलुकका हजारौँ पास्टर-अगुवा तथा मिसनेरीहरूलाई आत्मिकरूपमा हुर्काउँदै हुनुहुन्छ। उहाँले लेख्नुभएको पुस्तकहरू दर्जनौँ भाषाहरूमा अनुवाद भइसकेका छन्। नेपालको सन्दर्भमा कुरा गर्नुपर्दा, AMI Nepal Publicaton द्वारा स्थानीय भाषाहरूमा करिब २,५०,००० पुस्तकहरू प्रकाशन भइसकेका छन्। उहाँले लेख्नुभएका पुस्तकहरू पढ्न, अनुवाद गर्न र प्रकाशन गर्न पाएकोमा म आफूलाई आशिषित महसुस गर्छु र लामो समयसम्म उहाँलाई पछ्याएर परमेश्वरको राज्यविस्तार गर्ने अभियानमा आफूलाई सहभागी गराउन पाउँदा गौरवान्वित छु।

बाइबलीय ईश्वरशास्त्रका जटिल विषयहरूलाई सरल किसिमले व्याख्या गर्नुहुने भएकोले थोमस ह्वाङका पुस्तकहरू निकै लोकप्रिय छन्। पहाड, तराइ र हिमालतिर जाँदा प्राय: मण्डलीहरूमा उहाँका पुस्तकहरू देख्दा म निकै उत्साहित हुने गर्छु। ती पुस्तकहरूले धेरैको सेवकाइमा टेवा मिलेको गवाहीहरूले अझ नयाँ पुस्तकहरू प्रकाशन गर्न उर्जा मिल्ने गर्छ।

'चार सुसमाचारहरू र महान् आदेश' भन्ने शीर्षकमा प्रकाशित यो पुस्तक विशेषगरी पास्टर-अगुवा, मिसनेरी, बाइबल शिक्षक र विद्यार्थीहरूको लागि निकै उपयोगी छ। साधारण विश्वासीहरूले पनि यस पुस्तकद्वारा परमेश्वरमा समर्पित जीवन जिउन र सेवकाइमा हात बढाउन नयाँ प्रकाश र दर्शन पाउन सक्छन्। प्रभु येशूको महान् आदेश र अब्राहामसँग परमेश्वरले बाँध्नुभएको करार कसरी जोडिएको छ भन्ने रहस्यलाई थोमस ह्वाङले ऐतिहासिक विवरणहरूसाथ सरल भाषामा प्रस्तुत गर्नुभएकोले सबैले यसबाट आत्मिक मोतिहरू प्राप्त गर्न सक्नेछन्।

यस पुस्तकमा उहाँले सुसमाचारको चार वटा पुस्तकहरूको लेखकहरू, त्यसका तत्कालीन पाठकहरू, र ऐतिहासिक पृष्ठभूमिको बारेमा राम्रोसँग व्याख्या गर्नुभएकोले सुमाचारका पुस्तकहरूमा उल्लिखित येशूका शिक्षाहरू, दृष्टान्तहरू र आश्चर्यकर्महरूलाई बुझ्न धेरै सहायता मिल्नेछ। यसमा भएका चित्र र तालिकाहरूद्वारा विभिन्न पक्षहरूलाई तुलना गरेर हेर्न सकिन्छ।

पुस्तकको सुरमा राखिएको बाइबलसम्बन्धी ऐतिहासिक जानकारीले हामीलाई यसको महत्व र परमेश्वरले कसरी विभिन्न व्यक्तिहरूलाई धर्मशास्त्र लेख्न प्रयोग गर्नुभयो भन्ने रहस्य बुझ्न मदत गर्छ। पवित्र आत्माले कसरी साधारण यहूदी र गैरयहूदी मानिसहरूलाई असाधारण किसिमले चलाउनुभयो भन्ने कुरा थाहा पाएपछि सर्वशक्तिमान् र सर्वज्ञानी परमेश्वरप्रति आज्ञाकारी हुन सबैलाई प्रेरणा मिल्नेछ। यो पुस्तकमा पत्रुस, यूहन्ना, याकूब, बारनाबास, पावल र तिमोथीजस्ता पहिलो शताब्दीका अगुवाहरूको सेवकाइलाई पनि समेटिएको हुनाले हामीलाई उनीहरूको जीवनशैली अपनाएर परमेश्वरको सेवा र महिमा गर्न शक्ति मिल्नेछ।

AMI College & Seminary ले थोमस ह्वाङद्वारा लिखित ईश्वरशास्त्रीय पुस्तकहरूलाई पाठ्यक्रमको रूपमा प्रयोग गर्ने गर्छ। विशेषगरी अङ्ग्रेजी भाषाका गहन ईश्वरशास्त्रीय पुस्तकहरूको पहुँच नपुगेका स्थानहरूमा रहेर सेवा गरिरहेका पास्टर-अगुवाहरू र भविष्यको सेवकाइको लागि हुर्कंदै गरेकाहरूलाई यस पुस्तकले निकै टेवा दिनेछ। घर-परिवार र मण्डली छोडेर लामो समय बाइबल कलेजमा अध्ययन गर्न जान असमर्थहरूको लागि AMI College & Seminary ले ईश्वरशास्त्रीय शिक्षा प्रदान गर्छ।

अन्तमा, परमेश्वरलाई धन्यवाद दिंदै, यो अनुरोध गर्न चाहन्छु, कि कृपया यो पुस्तकलाई परिश्रमसाथ अध्ययन गर्नुहोस्। मत्ती, मर्कूस, लूका र यूहन्नाको सुसमाचारभित्र परमेश्वरको राज्यको रहस्यहरू लुकिएका छन्। ती रहस्यहरूको अर्थ खोल्न यो पुस्तकले तपाईं अवश्य सहयोग गर्नेछ। यो पुस्तक तयार पार्न परिश्रम र आर्थिक लगानी गर्नुहुने सम्पूर्ण प्रभुका प्रिय जनहरू र पाठकहरूलाई परमेश्वरले प्रशस्त आशिष् दिनुहुनेछ भन्ने मेरो विश्वास छ।

श्याम श्रेष्ठ
AMI Nepal
www.aminepal.net

# विषय सूची

**लेखकको परिचय** ३

**प्रस्तावना** ५

**प्रस्तावना - दोस्रो संस्करण** ११

**मन्तव्य** १३

## अध्याय एक - बाइबलको संरचना र इतिहास २१

**क. बाइबलको संरचना** २३

१. पुरानो र नयाँ करारको संरचना २३

२. पुरानो र नयाँ करारका लेखकहरू २७

३. बाइबलको उद्देश्य २९

**ख. बाइबल संकलनको इतिहास** ३०

१. पुरानो करार कसरी सिङ्गो पुस्तक बन्यो? ३२

२. नयाँ करार कसरी एउटा पुस्तक बन्न पुग्यो? ३३

३. बाइबलको अध्याय र पद विभाजन ३५

४. बाइबल उल्थाको इतिहास ३६

## अध्याय दुई - चार सुसमाचारको रूपरेखा ४१

**क. चार सुसमाचारहरूको ऐतिहासिक पृष्ठभूमि** ४३

**ख. चार सुसमाचारमा भएका दृष्टान्तहरू र आश्चर्यकर्महरू** ४५

१. दृष्टान्तहरू ४७

२. आश्चर्यकर्महरू ४९

**अध्याय तिन - मत्तीको सुसमाचार** ५५

**क. मत्तीको सुसमाचारको पृष्ठभूमि** ५७

१. सुरुका इसाईहरू ५७

२. मत्तीको सुसमाचार लेखिनुभन्दा अघि लेखिएका इसाई पत्रहरू ६२

३. सुसमाचारको पुस्तकहरूको अनुपस्थिति ६७

४. मत्ती को थिए? ६८

**ख. मत्तीको सुसमाचारको उद्देश्य र विशेषताहरू** ७२

१. गैरयहूदीहरूलाई परमेश्वरको मुक्तिको योजना सिकाउनु ७२

२. विस्तृत ईश्वरशास्त्रीय पुस्तक ७४

**ग. मत्तीको पुस्तकको बनावट** ७८

१. मत्तीको पुस्तकको आठ मुख्य खण्डहरू ७९

२. मत्तीको पुस्तकको विस्तृत संरचना ७९

**अध्याय चार - लूकाको सुसमाचार** ९५

**क. लूकाको सुसमाचारको पृष्ठभूमि**

१. लूकाको सुसामाचारभन्दाअघि लेखिएका पत्रहरू ९७

२. लूकाको सुसमाचारको उद्देश्य १०३

**ख. लूकाको सुसमाचारको लेखक र पाठक** १०५

१. लूका को थिए? १०५

२. लूकाले लेखेका दुई वटा इतिहासका पुस्तकहरू १०७

३. परमेश्वरले लूकालाई किन चुन्नुभयो होला? १०९

४. लूकाको लेखहरू प्राप्त गर्ने व्यक्ति ११२

**ग. लूकाको सुसमाचारको विशेषताहरू** ११५

१. सुरुदेखि, विस्तृतरूपमा र क्रमिकरूपमा लेखिएको पुस्तक ११५

२. विस्तृत ईश्वरशास्त्रीय पुस्तक ११८

३. येशूप्रति लूकाको दृष्टिकोण १२२

४. सामाजिक सुसमाचारतिर झुकाव राखिएको १२४

५. लूकाको सुसमाचारमा मात्र पाइने कुराहरू १२८

६. अद्वितीय लेखनशैली १३०

**घ. लूकाको सुसमाचारको संरचना** १३१

१. लूकाको पुस्तकको दश भागहरू १३१

२. लूकाको सुसमाचारको विस्तृत संरचना १३२

**अध्याय पाँच - मर्कूसको सुसमाचार** १४७

**क. मर्कूसको सुसमाचारको पृष्ठभूमि** १४९

१. रोमी सम्राटहरू र सुरुको इसाईहरू १४९

२. मर्कूसको सुसमाचारको उद्देश्य १५५

३. मर्कूस को थिए? १५९

**ख. मर्कूसको सुसमाचारको उद्देश्य** १६६

१. सतावट भोगिरहेका विश्वासीहरूलाई सान्त्वना १६८

२. गैरयहूदी पाठकहरूको निम्ति सहयोगी व्यख्या १७१

**ग. मर्कूसको पुस्तकको विशेषताहरू** १७८

१. जोड दिएको र छुटेका कुराहरू १७८

२. मर्कूसको सुसमाचारमा पाइने / छुटेका विषयहरू १८०

**घ. मर्कूसको सुसमाचारको संरचना** १८३

१. मर्कूसको सुसामाचारका सात वटा मुख्य खण्डहरू १८४

२. मर्कूसको सुसमाचारको विस्तृत संरचना १८४

**अध्याय छ - यूहन्नाको सुसमाचार** १९५

**क. पृष्ठभूमि र उद्देश्य** १९७

१. यूहन्नाको सुसमाचारको पृष्ठभूमि १९८

२. यूहन्ना को थिए? २०४

३. यूहन्नाको सुसमाचारको उद्देश्य र महत्व २१०

**ख. यूहन्नाको सुसमाचारको विशेषताहरू** २१८

१. ग्रीकहरूको दोहोरो धारणा २१८

२. यूहन्नाको सुसमाचारको अद्वितीय बनावट २२३

३. येशूका धेरै नामहरू २२७

**ग. यूहन्नाको सुसमाचारको संरचना** २३१

१. यूहन्नाको सुसमाचारको सात वटा मुख्य खण्डहरू २३१

२. यूहन्नाको सुसमाचारको विस्तृत संरचना २३२

**घ. यूहन्नाको सुसमाचार र समदृष्टि सुसमाचारहरू बिचको सम्बन्ध** २४३

१. यूहन्नाको सुसमाचारमा मात्र पाइने विषयहरू २४३

२. समदृष्टि सुसमाचारहरूमा भएका तर यूहन्नामा नभएका विवरणहरू २४६

३. चार वटै सुसमाचारको पुस्तकहरूमा पाइने विवरणहरू २४९

**अध्याय सात - अब्राहामसँग बाँधिएको करार** २५१

क. **परिचय** २५३

ख. **अब्राहामसँग बाँधिएको करार** २५५

१. पाँचपटक करार दिइएको २५६

२. सुरुको बाइबलीय भाषाहरूमा 'यहूदी' र 'गैरयहूदी' २५९

३. "सबै मानिसहरू" (Panta Ta Ethne) २६०

४. ख्रीष्टको रहस्य २६२

५. मनोवृत्ति परिवर्तन २६७

ग. **चार सुसमाचारहरूमा गैरयहूदीहरूको मुक्तिको बारेमा सन्देशहरू** २७१

१. येशूको वंशावली २७१

२. ज्योतिषीहरू (मत्ती २:१-१२) २७८

३. अन्यजातिहरूको गालील (मत्ती ४:१५) २८०

४. अन्यजाति कप्तानको विश्वास (मत्ती ८:५-१३; लूका ७:१-१०) २८८

५. कनानी स्त्रीको विश्वास (मत्ती १५:२१-२८) २९१

६. पछिल्ला पहिला हुनेछन् (मत्ती २०:१-१६) २९४

७. कष्टको हप्ताको मङ्गलबार येशूले दिनुभएको शिक्षा २९६

८. 'पाँच रोटी र दुई माछा' र 'सात रोटी र केही माछा' ३०५

९. सामरी स्त्री (यूहन्ना ४:१-४२) ३१०

घ. **निस्कर्ष** ३१६

**सन्दर्भ सामाग्रीहरू** ३१९

# अध्याय एक

# बाइबलको संरचना र इतिहास

# क. बाइबलको संरचना

चार वटा सुसमाचारको पुस्तकहरूलाई राम्रोसँग बुझ्नको निम्ति सुरुमा बाइबलको संरचना र यसको पृष्ठभूमि बुझेको हुनुपर्छ। हामी सबैलाई यो कुरा थाहा छ, कि बाइबलमा दुई भागहरू छन्: पुरानो करार र नयाँ करार। पुरानो करारमा ३९ वटा र नयाँ करारमा २७ वटा गरी जम्मा ६६ वटा पुस्तकहरू छन्। यो पुस्तकलाई करिब ४० जना लेखकहरूले लेखेका छन्।

बाइबलको ६६ वटा पुस्तकहरूलाई व्यवस्थित तरिकाले मिलाएर राखिएको छ। पुरानो करारको एकै प्रकारका लेखहरूलाई सँगै राख्ने हो भने चार भागमा विभाजन गर्न सकिन्छ। त्यसै गरी नयाँ करारलाई पनि चार भागमा विभाजन गर्न सकिन्छ। पुरानो करारलाई व्यवस्था, इतिहास, कविता र अगमवक्ताहरूको पुस्तकहरू भनी चार भागमा विभाजन गर्न सकिन्छ भने नयाँ करारको पुस्तकहरूलाई सुसमाचार, प्रेरित (इतिहास), पत्रहरू (मण्डलीहरू र व्यक्तिहरूलाई लेखिएका पत्रहरू) र अन्तिममा प्रकाशको पुस्तक गरी चार भागमा विभाजन गर्न सकिन्छ। यसरी बाइबलका पुस्तकहरू एक अर्कोसँग सम्बन्धित हुने गरी मिलाएर राखिएका छन्। हामीले चार वटा सुसमाचारका पुस्तकहरूलाई राम्रोसँग अध्ययन गर्छौं भने परमेश्वरको सन्देश र सिङ्गो बाइबलको संरचनालाई बुझ्न सक्छौँ।

## १. पुरानो र नयाँ करारको संरचना

### (१) पुरानो करारको चार वटा खण्डहरू

① मोशाको व्यवस्था

मोशाको व्यवस्था पुरानो करारको सुरुको खण्ड हो जसमा यी पाँच वटा पुस्तकहरू समेटिएका छन्: उत्पत्ति, प्रस्थान, लेवीहरू, गन्ती र व्यवस्था। सामान्यतया ती पुस्तकहरूलाई व्यवस्था मात्र भनिन्छ। यसलाई तोराह अथवा पेण्टाटुक (Torah or Pentateuch) पनि भनिन्छ। कहिलेकाहीँ येशूले मोशा भनी सम्बोधन गर्नुहुँदा, मानिसलाई नभएर पञ्चपुस्तकलाई सम्बोधन गर्नुभएको हुन्थ्यो (लूका २४:२७, ४४)। केही कट्टरपन्थी यहूदी मत मान्नेहरूले अहिले पनि मोशाको पञ्चपुस्तकलाई मात्र परमेश्वरको वचन ठान्छन्। तिनीहरूले पुरानो करारका अरू पुस्तकहरूलाई पवित्र धर्मशास्त्रको रूपमा स्वीकार गर्दैनन्।

## ② इतिहास

पुरानो करारको दोस्रो खण्ड इतिहासको खण्ड हो। त्यहाँ यी १२ वटा पुस्तकहरू समेटिएका छन्: यहोशू, न्यायकर्ता, रूथ, १ शमूएल, २ शमूएल, १ राजाहरू, २ राजाहरू, १ इतिहास, २ इतिहास, एज्रा, नहेम्याह, र एस्तर। यी ऐतिहासिक पुस्तकहरूले इस्राएलको वास्तविक इतिहासलाई समेटेका छन्।

## ③ कवितात्मक लेख

तेस्रो खण्ड कवितात्मक लेखहरू हुन् जसमा यी ५ वटा पुस्तकहरू समेटिएका छन्: अय्यूब, भजनसंग्रह, हितोपदेश, उपदेशक र श्रेष्ठगीत। यी पुस्तकहरूले ताल, लय, सङ्केतात्मक रूपक र दोहोरियएका शब्द/वाक्यांशहरू उल्लिखित कवितात्मक साहित्यिक भावहरू प्रकट गरेका छन्।

## ④ अगमवक्ताहरू

पुरानो करारको चौथो खण्ड अगमवक्ताहरूको पुस्तकहरू हुन्, जसमा १७ वटा पुस्तकहरू समेटिएका छन्। यी १७ वटा पुस्तकहरूलाई पनि ठूला अगमवक्ता र साना अगमवक्ताहरूका पुस्तकहरू भनी दुई खण्डमा विभाजन गरिएका छन्। ठूला र साना अगमवक्ताहरूलाई यसमा भएका सन्देश र त्यसको लम्बाइको आधारमा विभाजन गरिएका हुन्। यशैया, यर्मिया, विलाप, इजकिएल र दानिएल ठूला अगमवक्ताहरूमा पर्दछन् भने साना अगमवक्ताहरूमा होशे, योएल, आमोस, ओबदिया, योना, मीका, नहूम, हबकूक, सपन्याह, हाग्गै, जकरिया र मलाकी पर्दछन्।

पुरानो करारका ३९ वटा पुस्तकको एउटै उद्देश्य छ– आउनुहुने येशूको बारेमा सिकाउनु। यो सिङ्गै पुस्तकले येशू यो संसारमा मानवजातिलाई बचाउन आउनुहुनेछ भनी सिकाउँछ। पुरानो करारले बताएजस्तै गरी येशू यो संसारमा आउनुभयो। पुरानो कारार उहाँकै बारेमा लेखिएको हो भनी येशूले बताउनुभयो (लूका २४:२७, ४४; यूहन्ना ५:३९)।

## (२) नयाँ करारका चार वटा खण्डहरू

नयाँ करार २७ वटा पुस्तकहरू मिलेर बनेको छ। यसलाई पनि संरचनाको आधारमा चार भागमा विभाजन गरिएको छ: चार सुसमाचारहरू, प्रेरितहरूको कार्य, पत्रहरू (२१ वटा पत्रहरू) र यूहन्नाको प्रकाश।

### ① सुसमाचारको चार पुस्तकहरू

नयाँ करारको पहिलो खण्ड चार वटा सुसमाचारको पुस्तकहरू हुन्, जसमा: मत्ती, मर्कूस, लूका र यूहन्ना पर्दछन्। यी सुसमाचारका पुस्तकहरूलाई पनि दुई भागमा विभाजन गर्न सकिन्छ: समदृष्टि सुसमाचार र यूहन्नाको सुसमाचार। समदृष्टि सुसमाचारमा मत्ती, मर्कूस र लूकाको सुसमाचार पर्दछन् जसले येशूको बारेमा एकै प्रकारको दृष्टिकोण प्रकट गर्दछन्। यसलाई अंग्रेजीमा Synoptic Gospels भनिन्छ जहाँ syn भनेको सँगै (together) र optic भनेको हेर्नु (seeing) भन्ने अर्थ हुन्छ।

| सुसमाचार | येशूलाई हेर्ने दृष्टिकोण | |
|---|---|---|
| मत्ती | राजाहरूका राजा | येशूको मानवता (समदृष्टि सुसमाचार) |
| मर्कूस | कष्ट भोग्ने दास | |
| लूका | मानिसको पुत्र | |
| यूहन्ना | परमेश्वरको पुत्र (परमेश्वर) | येशूको ईश्वरत्व |

**तालिका १-१.** चार सुसमाचारहरूको शिर्षक

मत्ती, मर्कूस र लूकाले येशूप्रति कस्तो धारणा व्यक्त गरे त? यी लेखकहरूले येशूको मानवतालाई व्यक्त गरे, जो यस धर्तीमा मानवको रूपमा आउनुभयो। मत्तीले येशूलाई राजाहरूका राजाको रूपमा प्रस्तुत गरे, मर्कूसले कष्ट भोग्ने दासको रूपमा, र लूकाले चाहिँ मानिसको पुत्र (जो स्वर्गबाट आउनुभयो) भनी प्रस्तुत गरेका छन्। यी तिन जना लेखेकहरूले येशूको ईश्वरत्वलाई बुझेर स्वीकार गरे तापनि, उनीहरू येशूको मानवतामा बढी केन्द्रित भए। अर्कोतर्फ यूहन्नाको सुसमाचारले येशूको ईश्वरत्वलाई बढी जोड दियो। येशू परमेश्वरका पुत्र हुनुहुन्छ र वास्तवमा उहाँ परमेश्वर नै हुनुहुन्छ भन्ने तथ्यलाई यूहन्नाले जोड दिएका छन्।

② प्रेरितहरूका कार्य

नयाँ करारको दोस्रो खण्ड प्रेरितहरूका कामहरूको पुस्तक हो जुन लूकाले लेखेको इतिहासको पुस्तक हो। यो पुस्तकले इ.सं. ३० देखि ६२ सम्मको घटनाहरूलाई समेटेको छ। अर्को अर्थमा भन्नुपर्दा, यसले येशूको स्वर्गारोहण (इ.सं. ३०) देखि पावलको पहिलो कैद (इ.सं. ६०-६२) सम्मको घटनाहरूलाई समेटेको छ। यसले येशूका चेलाहरू र प्रेरितहरूले कसरी महान् आदेश पालन गरे, सुरुको मण्डली कसरी सुरु भयो, मण्डलीले के के कामहरू गऱ्यो, अनि मण्डलीभित्र के कस्ता समस्याहरू र ईश्वरशास्त्रीय मामिलाहरू खडा भए भन्ने बारेमा चर्चा गर्छ। यो पुस्तकमा उल्लिखित मुख्य दुई व्यक्तिहरू: पत्रुस र पावल हुन्। यी दुई जनामध्ये यो पुस्तक पावलको सेवकाइमा अझ बढी केन्द्रित भएको देख्न सकिन्छ।

③ पत्रहरू

तेस्रो खण्डमा पत्रहरू छन् जहाँ चिठीको रूपमा लेखिएका पुस्तकहरू सामेल छन्। यस खण्डको लेखकहरू धेरै भए तापनि, आधाभन्दा बढी पत्रहरू पावल प्रेरितले लेखेका हुन्। हिब्रूको पत्र बाहेक पावलले १३ वटा पत्रहरू लेखेका छन् (हिब्रूको पत्रको लेखक स्पष्ट छैन; यसलाई पावल अथवा बारनाबास अथवा अपोल्लसले लेखेका अनुमान गरिन्छ)। पावलका पत्रहरू यसप्रकार छन्: रोमी, १ कोरिन्थी, २ कोरिन्थी, गलाती, एफिसी, फिलिप्पी, कलस्सी, १ थेसलोनिकी, २ थेसलोनिकी, १ तिमोथी, २ तिमोथी, तीतस र फिलेमोन। याकूबले याकूबको पत्र लेखे भने पत्रुसले १ पत्रुस र २ पत्रुसको पत्रहरू लेखे अनि यहूदाले यहूदाको पत्र लेखे। १ यूहन्ना, २ यूहन्ना र ३ यूहन्ना, प्रकाशको पत्र साथै यूहन्नाको सुसमाचार यूहन्नाले लेखे।

परमेश्वरले यी पत्रहरूका लेखकहरूलाई इसाई विश्वास सम्बन्धी सिद्धान्तको विस्तृत जानकारी दिनुभयो। यी पत्रहरूमा प्राय: इसाई विश्वासका सबै प्रकारका सिद्धान्तहरूको बारेमा चर्चा गरिएको छ, जसमा त्रिएकको सिद्धान्त, परमेश्वरको सिद्धान्त, मुक्तिको सिद्धान्त, मानवको सिद्धान्त, पापको सिद्धान्त, पवित्रीकरणको सिद्धान्त, सुसमाचारको सिद्धान्त, मिसनको सिद्धान्त, अन्त्यका दिनको सिद्धान्त आदि।

④ प्रकाश

नयाँ करारको अन्तिम र चौथो खण्ड भनेको प्रकाशको पुस्तक हो जुन बाइबलको अन्तिम पुस्तक पनि हो। प्रकाशको पुस्तक यूहन्नाले इ.सं. ९५ मा पत्मोस टापुमा हुँदा लेखेका थिए (प्रकाश १:९)। यो पुस्तक भविष्यवाणीको पुस्तक भएकोले यसमा अन्तका दिनका कुराहरू उल्लेख गरिएका छन्। प्रकाशको पुस्तक येशूले गर्नुभएको प्रतिज्ञामा अन्त्य हुन्छ, "हो, म छिट्टै आउँदैछु"। नयाँ करारको २७ वटा पुस्तकको सिङ्गो सन्देश 'येशू आउनुभएको छ' भन्ने हो, र अन्तिम पुस्तक प्रकाशले 'येशू छिट्टै फर्की आउँनुहुनेछ' भनी बताउँछ।

## २. पुरानो र नयाँ करारका लेखकहरू

पुरानो र नयाँ करारका लेखकहरू करिब ४० जना छन्। पहिलो लेखक मोशा (ई.पू. १,५००) र अन्तिम लेखक यूहन्ना हुन् जसले प्रकाशको पुस्तक इ.सं. ९५ तिर लेखेका थिए। त्यसैले बाइबल इ.पू. १,५०० देखि इ.सं. ९५ सम्म गरी करिब १,६०० वर्षसम्म लगाएर करिब ४० जना लेखकहरूले लेखेका पुस्तकहरूको संग्रह हो।

ती लेखकहरूको पृष्ठभूमि, पेशा, स्थान र भाषा फरक थिए, साथै उनीहरूको शैक्षिक र सामाजिक तहहरू पनि फरक फरक थिए। उनीहरू धेरै कुरामा फरक थिए– उनीहरूले लेखेको समय र स्थान अनि भाषा र लिपिहरू पनि फरक फरक थिए। तिनीहरूका पेशा हेर्ने हो भने, कोही किसान, कोही अगमवक्ता, कोही राजा, कोही गोठाला, कोही मछुवा, कोही शिक्षक, कोही कर उठाउने, कोही वैद्य र कोही साधारण मानिसहरू थिए।

बाइबलका पुस्तकहरू फरक-फरक परिस्थिति र अवस्थामा लेखिएका थिए। ती पुस्तकहरू ४० जना लेखकहरूले फरक ऐतिहासिक अवस्था, फरक स्थान, फरक समय, फरक भाषामा लेखेका थिए। पुरानो करारका अधिकांश लेखकहरूले हिब्रू भाषामा लेखेका छन् भने एज्रा र दानिएलले अरामिक भाषामा लेखेका छन्।

त्यसैगरी नयाँ करारका प्राय: पुस्तकहरू ग्रीक भाषामा लेखिएका थिए तर केही चाहिँ अरामिक भाषामा लेखिएका थिए। त्यो समयमा मध्यपूर्वी देशहरूमा अरामिक भाषा बोलिन्थ्यो। (येशूले पनि त्यही भाषा बोल्नुभयो।)

यी सबै भिन्नताको बावजुद बाइबलले एउटै विषयमा बताएको छ, र त्यो विषय हो– 'येशू ख्रीष्ट'। पुरानो र नयाँ करारका पुस्तकहरूले येशू ख्रीष्टको बारेमा गवाही दिएका छन्। येशूले पनि भन्नुभयो, कि बाइबल उहाँको गवाहीको पुस्तक हो: "तिमीहरू धर्मशास्त्रमा खोजी गर्दछौ, किनभने त्यहाँ अनन्त जीवन पाइन्छ भनी तिमीहरू ठान्छौ। मेरो विषयमा गवाही दिने ती नै धर्मशास्त्र हुन्" (यूहन्ना ५:३९)। यूहन्ना ५:४६, लूका २४:२७, र लूका २४:४४ पनि हेर्नुहोस्। यसकारण पुरानो करार होस् अथवा नयाँ करार होस्, जुनसुकै पढे तापनि हामीले त्यहाँ येशू प्रभु र मानिस जातिप्रति उहाँको मुक्तिको योजनालाई देख्न र बुझ्न सक्नुपर्छ।

बाइबलका ६६ वटै पुस्तकहरूले एउटै आवाजमा बोल्नुको कारण के हो भने, तिनीहरू सबै पवित्र आत्माको प्रेरणाबाट लेखिएका हुन् (२ तिमोथी ३:१६)। बाइबल फरक-फरक लेखकहरूद्वारा र लामो समयको अन्तरालमा लेखिएको भए तापनि, एउटै पवित्र आत्माको प्रेरणाबाट लेखिएको हुनाले ती सबैले एकै किसिमले येशू ख्रीष्टको बारेमा गवाही दिएका छन्। के संसारमा कुनै अर्को यस्तो पुस्तक छ, जुन १,६०० वर्षको अवधिमा ४० जना फरक लेखकहरूले तीन वटा फरक भाषाहरूमा लेखिए तापनि, त्यसको सुरुदेखि अन्त्यसम्म एउटै विषय उल्लेख गरिएको छ? अहँ! त्यस्तो पुस्तक कतै पनि छैन! तपाईंले अरू धर्महरूको पुस्तकहरू हेर्नुहुन्छ भने, तिनीहरू लामो समयअघि लेखिएको भनिए तापनि, तिनीहरूको लेखेको मिति मिल्दैन, ऐतिहासिक क्रम मेल खाँदैन। ती पुस्तकहरू दन्त्यकथाहरूले भरिएका हुन्छन् जुन एक अर्कामा सहमत हुँदैनन्। त्यसैकारण तिनीहरू प्राय: सबै इन्कार गरिएका छन्। १,६०० वर्ष भनेको हामीले कल्पना गर्न सक्नेभन्दा पनि लामो समय हो।

प्रेरित पावलले पनि २ तिमोथी ३:१६-१७ मा बाइबल पवित्र आत्माको प्रेरणाबाट लेखिएको हो भनी गवाही दिएका छन्: "सम्पूर्ण पवित्र-शास्त्र परमेश्‍वरको प्रेरणाबाट भएको हो, र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालीम दिनलाई लाभदायक हुन्छ, ताकि परमेश्‍वरको जन हरेक सुकर्ममा पूर्ण रूपले सुसज्जित भई सिद्ध भएको होस्।" यहाँ परमेश्‍वरको प्रेरणाबाट भन्नाले लेखकहरू सबैलाई पुस्तक लेख्नको निम्ति परमेश्‍वरले सिधै प्रेरित गर्नुभयो भनेको हो। १७ पदले यो बाइबल लेखिनुको उद्देश्यलाई अझ स्पष्ट पार्दछ, जुन परमेश्‍वरका सन्तानहरूलाई 'सिद्ध पार्नु' हो। यसको अर्थ गहिरो छ, जसको विषयमा पछि कुनै समयमा गहिरो छलफल गर्ने समय मिल्नेछ भनी म आशा गर्दछु।

## ३. बाइबलको उद्देश्य

पुरानो करारको उद्देश्य भनेको येशूको पहिलो आगमनको बारेमा मानिसहरूलाई खबर दिनु हो। पुरानो करारभरि 'येशू आउँदैहुनुहुन्छ' भन्ने विषय दोहोरिरहेको छ। अर्कोतर्फ हेर्ने हो भने, नयाँ करारले 'येशू आउनुभयो र उहाँ फेरि आउनुहुनेछ' भन्ने कुराको घोषणा गर्दछ।

नयाँ करारको चार वटा सुसमाचारहरूले मसिहको रूपमा पहिलोपटक आउनुभएको येशूको बारेमा चर्चा गर्दछ। ती पुस्तकहरूमा येशू कसरी यो धर्तीमा आउनुभयो, उहाँ कसरी जिउनुभयो, उहाँले के-के शिक्षा दिनुभयो, उहाँले के-के काम गर्नुभयो, उहाँले के-के भन्नुभयो र कस्ता-कस्ता आश्चर्यकर्महरू गर्नुभयो भन्ने विषयहरू समेटिएका छन्। तिनमा येशूको जन्म, वंशावली, बाल्यकाल, जीवनशैली, सेवा र शिक्षाहरू, साथै उहाँको मृत्यु, पुनरुत्थान र स्वर्गारोहण जस्ता विषयहरू उल्लेख गरिएका छ।

सुसमाचारका लेखकहरूले आफ्ना लेखलाई महान् आज्ञा (प्रस्थान २०:१-१७; मत्ती २२:३७-४०) र महान् आदेशमा (मत्ती २८:१८-२०; प्रेरित १:८) लगेर टुङ्ग्याएका छन्। महान् आज्ञामा ठाडो आज्ञा (प्रस्थान २०:३-११; मत्ती २२:३७-३८) र तेर्सो आज्ञा (प्रस्थान २०:१२-१७; मत्ती २२:३९) उल्लेख भएका छन्। ठाडो आज्ञाभित्र परमेश्वरको सृष्टिको उद्देश्य (यशैया ४३:७, २१) पर्दछ। तेर्सो आज्ञाचाहिँ परमेश्वरका सन्तानहरूलाई दिइएको नयाँ आज्ञा हो (यूहन्ना १३:३५)। ठाडो र तेर्सो आज्ञाअनुरूप इसाईहरू संसारमा गएर येशूको गवाही बन्नुपर्छ। वास्तवमा यो नै महान् आदेश हो। चारैवटा सुसमाचारका पुस्तकहरू महान् आज्ञा र महान् आदेशमा गएर टुङ्गिनुले इसाईहरूप्रति प्रभु येशूको इच्छा के हो भन्ने कुरा स्पष्ट हुन्छ।

येशूका चेलाहरूले महान् आज्ञा र महान् आदेश पालन गरे। सुसमाचारको पुस्तकहरूपछि आउने प्रेरितहरूका कामहरूको पुस्तकले येशूका चेलाहरूले कसरी महान् आज्ञा र महान् आदेश पालन गरे भनी बताउँछ। प्रेरितको पुस्तकले करिब ३० वर्षसम्म (इ.सं. ३०-६२) येशूका चेलाहरूको मिसनको कामहरूको इतिहासलाई उल्लेख गरेको छ। प्रेरितको पुस्तक २८ अध्यायमा पुगेर टुङ्गिए तापनि मिसनको कामको इतिहास लेखिने काम निरन्तर चलिरहेको छ। यसर्थ प्रेरित २९ अध्याय इ.सं. ६२ देखि लिएर अहिलेको एक्काइसौँ शताब्दीसम्म लेखिँदै छ। त्यसको मतलव हामी अहिले प्रेरित २९ अध्यायको समयमा छौँ। मिसनको सन्दर्भमा विचार गर्ने हो भने अहिले हामी सबैभन्दा महत्वपूर्ण र जरुरी समयमा बाँचिरहेका छौँ किनकि येशूको दोस्रो आगमन अब नजिकै छ।

## ख. बाइबल संकलनको इतिहास

अहिले हामीले प्रयोग गर्ने बाइबललाई एउटै पुस्तकको रूपमा ल्याउन धेरै समय लागेको छ। पुरा बाइबलको पुस्तकहरू लेख्नलाई करिब १,६०० वर्ष लागेको थियो भन्ने कुरा हामीले बुझिसकेका छौँ। यति धेरै समय लगाएर लेखिएका र छरपस्ट भएका सबै पुस्तकहरूलाई एउटै पुस्तकमा ढाल्ने काम सजिलो थिएन। परमेश्वरका जनहरूले उहाँबाट सन्देश पाएपछि उनीहरूले त्यसलाई पापीरसमा (Papyrus) अथवा भेडाको छालामा (Sheep-Skin) लेखेर राखे। उनीहरूले त्यसलाई कति अवस्थामा जोगाएर पछिसम्म राख्न गाह्रो पनि पऱ्यो। कतिले मौखिकरूपमा अरूलाई सिकाउने पनि गर्थे। पछि ती सन्देशहरूलाई संकलन गरी कागजमा लेख्ने काम सुरु गरियो।

| समय | पुस्तक | लेखक | पुस्तक | संख्या |
|---|---|---|---|---|
| **पुरानो करार: "येशू आउदै हुनुहुन्छ!"** | | | | **३९** |
| ई.पू. १५०० | व्यवस्था | मोशा | उत्पत्ति, प्रस्थान, लेवीहरू, गन्ती, व्यवस्था | ५ |
| | इतिहास | येहोशू र अन्य ... | येहोशू, न्यायकर्ताहरू, रूथ, १, २ शमूएल, १,२ राजाहरू, १,२ इतिहास, एज्रा, नहेम्याह, एस्तर | १२ |
| | कविता | दाऊद, सलोमोन आदि | अय्यूब, भजनसंग्रह, हितोपदेश, उपदेशक, श्रेष्ठगीत | ५ |
| ४०० | अगमवक्ताहरू | ठूला अगमवक्ताहरू | यशैया, यर्मिया, बिलाप, इजकिएल, दानिएल | १७ |
| | | साना अगमवक्ताहरू | होशे, योएल, आमोस, ओबदिया, योना, मीका, नहूम, हबकूक, सपन्याह, हाग्गै, जकरिया, मलाकी | |
| **नयाँ करार: "येशू आउनुभएको छ!"** | | | | **२७** |
| ई.सं. ५० | ४ सुसमाचार | मत्ती र अन्य ... | मत्ती, मर्कूस, लूका, यूहन्ना | ४ |
| | इतिहास | लूका | प्रेरित | १ |
| | पत्रहरू | पावल | रोमी, १,२ कोरिन्थी, गलाती, एफिसी, फिलिप्पी, कलस्सी, १,२ थेसलोनिकी, १,२ तिमोथी, तीतस, फिलेमन | २१ |
| | | पावल वा बारनाबास | हिब्रू | |
| | | याकूब | याकूब | |
| | | पत्रुस | १,२ पत्रुस | |
| | | यूहन्ना | १,२,३ यूहन्ना | |
| | | यहूदा | यहूदा | |
| ९५ | भविष्यवाणी | यूहन्ना | प्रकाश: "येशू फेरि आउनुहुनेछ" | १ |

**तालिका १-२.** बाइबलको संरचना

# १. पुरानो करार कसरी सिङ्गो पुस्तक बन्यो?

पहिलो शताब्दीसम्म पुरानो करारको ३९ पुस्तकहरू एक ठाँउमा संकलन गरिएको थिएन तर छुट्टाछुट्टै थिए। मोशाको व्यवस्थाका पञ्चपुस्तकहरू (उत्पत्ति, प्रस्थान, लेवीहरू, गन्ती र व्यवस्था) मात्र एक ठाँउमा संकलित थिए।

पछि इ.सं. ९० मा पुरानो करारका ३९ वटा पुस्तकहरूलाई एउटा सिङ्गो भागमा जम्मा गरियो। त्यसको लागि यहूदी विद्वान्हरू योप्पादेखि २० किलोमिटर दक्षिण जाम्निया (Jamnia) भन्ने सहरमा जम्मा भएर अहिले हामीले पुरानो करार भनेर बुझ्ने ३९ वटा पुस्तकहरूलाई संकलन गरी पुरानो करारको रूपमा आधिकारिक मान्यता दिए।



**तस्बिर १-१.** यशैयाको पुस्तकको पाण्डुलिपि (भेडाको छालामा लेखिएको यशैयाको पुस्तकको प्रतिलिपि)। यो इ.सं. १९४७ मा कुम्रान गुफामा फेला परेका सात वटा पाण्डुलिपिमध्ये एक हो। यसको लम्बाइ ७३४ सेमी छ र यसलाई लामो समयदेखि सुरक्षित राखिएको छ। यसको केही भाग क्षति भए तापनि, यसमा पुरै यशैयाको पुस्तक हिब्रूमा भाषामा लेखिएको छ।

The Great Isaiah Scroll, 2nd-1st Century BC, Qumran Cave 1; The Israel Museum, Jerusalem (dss.collections.imj.org.il).

## २. नयाँ करार कसरी एउटा पुस्तक बन्न पुग्यो?

नयाँ करारका पुस्तकहरू सबैलाई समेटेर अहिले हामीले प्रयोग गर्ने बाइबलको रूपमा ढाल्नको लागि धेरै समय लाग्यो। नयाँ करारको पुस्तकहरू लेख्न करिब पचास वर्ष लागेको थियो। सबैभन्दा सुरुमा लेखिएका पत्रहरू गलाती र याकूबको पत्र मानिन्छन्, जुन इ.सं. ४९ तिर लेखिएका थिए। चार वटा सुसमाचारहरू इ.सं. ५० देखि ७० को बिचमा लेखिएका थिए भने अरू पुस्तकहरू पनि त्यही समयमा लेखिएका हुन्। अन्तिम पुस्तक प्रकाशचाहिँ करिब इ.सं. ९५ तिर लेखिएको थियो। तर ती पुस्तक र पत्रहरू यताउता छरपस्ट थिए अर्थात् एकै ठाँउमा संकलन गरिएको थिएन। यसलाई इ.सं. ३९७ मा कार्थेजमा आयोजना गरिएको तेस्रो विश्वव्यापी मण्डली परिषद्ले संकलन र एकतृत गरी २७ वटा पुस्तकहरूलाई नयाँ करार भनी मान्यता दियो। अब यो नयाँ करार कसरी बन्यो भन्ने बारेमा केही महत्वपूर्ण जानकारीहरू हेरौँ।

### (१) स्रोतहरू (The Quelle Document)

इ.सं. ३० मा प्रभु येशूको मृत्यु र पुनरुत्थान भएपछि धेरै जनाले उहाँको बारेमा लेखे। तिनीहरूले उहाँको बारेमा धेरै कुराहरू लेखे; जस्तै: उहाँको जन्म, जीवनी, जीवनशैली, शिक्षा, मृत्यु, पुनरुत्थान र स्वर्गारोहण आदि। तर ती स्रोतहरू एक ठाउँमा जम्मा नगरिएकोले फरक-फरक ठाउँमा छरपस्ट थिए।

ती स्रोतहरूलाई तीन समूहमा विभाजन गर्न सकिन्छ। पहिलो स्रोत भनेको मानिसहरूले देखेका सुनेका र बुझेका कुराहरू अरूहरूलाई सुनाउने मौखिक स्रोत थियो। त्यतिबेला मत्ती, मर्कूस र यूहन्नाले पनि मौखिक रूपमा मानिसहरूलाई सिकाउने गर्थे। दोस्रो स्रोत भनेको येशूको बारेमा लेखिएका लिखित टुक्राहरू थिए, र तेस्रो स्रोतचाहिँ आधिकारिक रूपमा लिखित कागजातहरू थिए।

पछि बाइबल विद्वान्हरूले यी स्रोतहरूलाई The Quelle Documents भन्ने नाम दिए। यो जर्मन ईश्वरशास्त्रीहरूले राखेको नाम हो। जर्मन भाषामा Quelle भनेको स्रोत भन्ने अर्थ हुन्छ। यसलाई सुरुको अक्षर मात्र लिएर 'Q' Documents पनि भन्ने गरिन्छ। ती स्रोतहरूलाई आधार मानेर अधिकांश नयाँ करारका पुस्तकहरू लेखिएका हुन्। विशेषगरी समदृष्टि सुसमाचारहरू लेख्नको निम्ति 'Q' Documents ले ठुलो सहायता गरेको थियो।

## (२) नयाँ करारको एकीकरण

चार सुसमाचारका पुस्तकहरू, प्रेरित, अरू पत्रहरू र प्रकाशको पुस्तक पहिलो शताब्दीमा लेखी सकिएका थिए। तर यी सबै पुस्तकहरू एकीकृत नभएर छुट्टाछुट्टै रहेका थिए। यसरी सबै पुस्तकहरू छुट्टाछुट्टै भएकोले मानिसहरूले तिनीहरूलाई छुट्टै पुस्तकको रूपमा पढ्नुपर्ने हुन्थ्यो। त्यो समयमा ती पुस्तकहरू छुट्टाछुट्टै मात्र थिएनन्, त्यो समयमा नयाँ करार भन्ने शब्द पनि थिएन। यो अवस्था करिब ३०० वर्षसम्म रहिरह्यो।

पछि इ.सं. ३९७ मा मण्डलीका अगुवाहरू भेला भएर सबै पुस्तक र पत्रहरूलाई एक ठाउँमा जम्मा गर्न सहमत भए। त्यो भेलालाई कार्थेजको तेस्रो विश्वव्यापी परिषद् भनिन्छ। कार्थेज सहर उत्तर अफ्रिकाको ट्युनिसिया देशमा पर्छ। मण्डली इतिहासअनुसार यो कार्थेज सहरमा धेरै वटा परिषद्हरू बसेका थिए। तिनीहरूमध्ये तेस्रो परिषद्लाई सबैभन्दा महत्वपूर्ण मानिन्छ किनभने यसले नयाँ करारका २७ वटा पुस्तकहरूलाई एकतृत गरी, त्यसलाई नयाँ करारको नामकरण गऱ्यो। इ.सं. ९० मा पुरानो करार तयार भयो, अनि इ.सं. ३९७ मा नयाँ करार तयार भएपछि बाइबलको पुस्तकहरूको सङ्ख्या ६६ भयो।

| करार | समय | स्थान | व्यक्तिहरू | काम |
|---|---|---|---|---|
| **पुरानो करार** | इ.सं. ९० | जाम्नियाको परिषद् | यहूदी विद्वान्हरू | पुरानो करारको ३९ वटा पुस्तकहरूलाई एकतृत गरे |
| **नयाँ करार** | इ.सं. ३९७ | कार्थेजको तेस्रो परिषद् | सुरुका मण्डली अगुवाहरू | नयाँ करारको २७ वटा पुस्तकहरूलाई एकतृत गरे |

**तालिका १-३.** बाइबलको एकीकरण

# ३. बाइबलको अध्याय र पद विभाजन

पुरानो करारले इ.सं. ९० मा र नयाँ करारले इ.सं. ३९७ मा आधिकारिक मान्यता पाएर पूर्ण बाइबल बन्यो। तर मानिसहरूलाई बाइबल पढ्न अलि असहज भयो, किनकि त्यति बेलासम्म बाइबल अहिलेजस्तो अध्याय र पदहरूमा विभाजन गरिएको थिएन। इ.सं. १,२२८ मा बेलायतको क्यानटरबरीका Cardinal Stephen Langton ले पवित्र आत्माको सहायतामा पुरानो र नयाँ करारलाई अध्यायमा विभाजन गर्ने काम गरे। उनले बाइबललाई १,१८९ अध्यायमा विभाजन गरे। अध्याय विभाजन गरिएको पहिलो बाइबल इ.सं. १,३८२ मा प्रकाशित Wycliffe English Bible थियो।

<table>
<tr><th>समय</th><th>व्यक्ति</th><th colspan="2">काम</th></tr>
<tr><td>इ.सं. १२२८</td><td>Stephen Langton</td><td colspan="2">पुरानो र नयाँ करारलाई अध्यायमा विभाजन (११८९ अध्याय)</td></tr>
<tr><td>इ.सं. १३८२</td><td>John Wycliffe</td><td colspan="2">The Wycliffe English Bible (अध्यायमा विभाजन भएको पहिलो बाइबल)</td></tr>
<tr><td>इ.सं. १४४८</td><td>R. Nathan</td><td>पुरानो करारलाई पदहरूमा विभाजन</td><td rowspan="2">बाइबलमा ३१,१७३ पदहरू छन्</td></tr>
<tr><td>इ.सं. १५५१</td><td>Robertus Stephanus</td><td>नयाँ करारलाई पदहरूमा विभाजन</td></tr>
<tr><td>इ.सं. १५६०</td><td>Willian Whittingham, et al.</td><td colspan="2">The Geneva Bible (अध्याय र पदहरूमा विभाजन भएको पहिलो बाइबल)</td></tr>
</table>

**तालिका १-४.** बाइबललाई अध्याय र पदहरूमा विभाजन गरिएको

यसरी करिब २०० वर्षसम्म बाइबललाई अध्यायहरूमा मात्र विभाजन गरी प्रयोग गरियो। इ.सं. १४४८ मा R. Nathan भन्ने यहूदी ईश्वरशास्त्रीले फ्रान्समा पुरानो करारलाई पदहरूमा विभाजन गर्ने काम गरे। त्यसको करिब १०० वर्षपछि इ.सं. १,५५१ मा फ्रान्सेली नागरिक Robert Stephens ले नयाँ करारलाई पनि पदहरूमा विभाजन गरे। अहिले सम्पूर्ण बाइबलमा ३१,१७३ वटा पदहरू छन्। अध्याय र पदहरूमा विभाजन गरिएको सिङ्गो बाइबल इ.सं. १,५६० मा छापियो जसलाई जेनेभा बाइबल (Geneva Bible) भनिन्छ।

## ४. बाइबल उल्थाको इतिहास

### (१) सेप्टुआजिन्ट (The Septuagint LXX)

पुरानो करार प्राय: हिब्रू भाषामा लेखिएको थियो। तर त्यो हिब्रूमा भएको पुरानो करारको बाइबललाई ग्रीक भाषामा उल्था गर्नुपर्ने अवस्था आयो किनकि यहूदीहरू धेरै वर्षसम्म विदेशको भूमिमा रहनु पऱ्यो, जसको कारण दोस्रो र तेस्रो पुस्ताका यहूदीहरूले बिस्तारै हिब्रू भाषा बिर्सन थाले। ती प्रवासी यहूदीहरूले हिब्रू भाषा नसिकेर प्रवासको भाषा सिक्न थाले, जुन ग्रीक भाषा थियो। त्यसैकारण ती प्रवासी यहूदीहरूको लागि बाइबललाई ग्रीक भाषामा उल्था गर्नुपर्ने भयो।

यहूदीहरू लामो समयदेखि प्रवासमा बस्दैआएका थिए। किनकि ई.पू. ७२२ मा अश्सुरले उत्तरी इस्राएललाई आक्रमण गऱ्यो। त्यो समयमा इस्राएल देश उत्तरी इस्राएल र दक्षणी यहूदामा विभाजित भएको थियो। त्यो समयामा अश्सुरी साम्राज्यले (ई.पू. ८६०-६२६) उत्तरी इस्राएल राज्यलाई जित्यो (२ राजाहरू १७:२३) र धेरै इस्राएलीहरूलाई जबर्जस्ती अश्सिरियामा बन्दी बनाएर लगियो। यसरी इस्राएलीहरू प्रवासको भूमिमा बस्न सुरु गरे (२ राजाहरू १७:२४)।

त्यसको १५० वर्षपछि दक्षिण यहूदामाथि पनि बेबिलोनी साम्राज्यले (ई.पू. ६२६-५३९) आक्रामण गऱ्यो (२ राजाहरू २५:८-१२)। यो समयमा धेरै यहूदीहरू जबर्जस्ती बन्दी बनाएर बेबिलोनमा लगिए। त्यो घटनालाई बेबिलोनमा बन्दी बनाएर लगिएको भनिन्छ, ई.पू. ५८६। ७० वर्षपछि बेबिलोनी साम्राज्य पतन भयो (यर्मिया २५:१२), तर थोरै यहूदीहरू मात्र आफ्नो देशमा फर्के (करिब ५०,०००) (एज्रा २:६२-६७)। अधिकांश यहूदीहरू (करिब २० लाख) येशूको समयसम्म प्रवासमा बसेर त्यहाँको भाषा र संस्कृतिमा भिज्न थाले। ती प्रवासी यहूदीहरूले यहूदी संस्कृति र विदेशी संस्कृति दुवैलाई अपनाउन थाले। त्यसो हुनु परमेश्वरको

योजना थियो किनभने पछि गएर तिनीहरूले येशूको सुसमाचार अन्यजाति मुलुकहरूमा फैलाउन ठुलो भूमिका खेल्नुपर्ने थियो।

अब त्यहाँ समस्या के आयो भने, यहूदीहरूले आफ्ना छोराछोरीहरूलाई वचन सिकाउनुपर्ने थियो तर तिनीहरूका छोराछोरीहरू हिब्रू भाषा नबोल्ने भए। यहूदी बुबाहरूले आफ्ना छोराछोरीहरूलाई वचन सिकाउनको निम्ति गाह्रो पर्‍यो, किनकि तिनीहरूका छोराछोरी र नातिनातिनाहरू ग्रीक भाषा मात्र बोल्ने भइसकेका थिए। ती यहूदी बुबाहरूले आफ्ना छोराछोरीहरूलाई आफ्नो भाषा, संस्कार र संस्कृति सिकाउन चुके। अझ दुःखको कुरा के हो भने, तिनीहरूले आफ्ना छोराछोरीलाई हिब्रू भाषामा पूरानो करार सिकाउन चुके।

त्यो समयमा त्यस क्षेत्रका मानिसहरूले ग्रीक भाषा बोल्ने गर्थे। ती प्रवासी यहूदीहरू पनि ग्रीक भाषा नै बोल्थे। अहिले अग्रेजी भाषाजस्तै त्यो समयमा ग्रीक भाषा अन्तर्राष्ट्रिय भाषा थियो। तसर्थ, त्यो समयका प्रवासी यहूदीहरूले ग्रीक भाषा मात्र पढ्ने र लेख्ने गरेकोले हिब्रू भाषाको पूरानो करार पढ्न नसक्ने भए।

त्यो समस्या समाधान गर्न ७० जना यहूदी विद्वान्हरू इजिप्टको अलेक्जेन्ड्रिया सहरमा भेला भए (ई.पू. २८४-२४७)। उनीहरूले करिब चालीस वर्ष लगाएर हिब्रू भाषाको पुरानो करारलाई ग्रीक भाषामा उल्था गरे जुन उनीहरूका छोराछोरीले पढ्न र बुझ्न सक्ने भए। ७० जनाले मिलेर उल्था गरेको हुनाले त्यो बाइबललाई सेप्टुवाजिन्ट भनियो। यो शब्द ल्याटिन भाषाको सेप्टुवाजिन्टाबाट आएको हो जसको अर्थ ल्याटिन भाषामा ७० हो। रोमन अंकमा यसलाई LXX लेखिन्छ (L=५०, X=१०, X=१०)।

## (२) भुल्गेट बाइबल

ग्रीक साम्राज्य ई.पू. ३३० देखि ई.पू. ६३ सम्म रह्यो। ई.पू. ६३ मा रोमी साम्राज्य सुरु भयो, र त्यो इ.सं. ४७६ सम्म रह्यो। रोमको भाषा ल्याटिन थियो जुन इटालीको राष्ट्रिय भाषा थियो। ग्रीक साम्राज्यको समयमा विश्वप्यापी भाषा ग्रीक भएको कारण सबैतिर मानिसहरूले ग्रीक भाषा नै प्रयोग गर्ने गर्थे। तर रोमी साम्राज्यको कारण बिस्तारै ल्याटिन भाषा प्रयोग गर्नेहरू बढ्न सुरु गरे र ग्रीक भाषाको प्रयोग न्यून हुँदै जान लाग्यो। त्यसैकारण अब फेरि त्यो ग्रीक बाइबललाई ल्याटिन भाषामा उल्था गर्नु पर्ने आवश्यकता देखियो।

त्यसैकारण जेरोम (इ.सं. ३४८-४२०) भन्ने मानिसले पुरानो र नयाँ करारको बाइबल ल्याटिन भाषामा उल्था गरे। यो बाइबल उल्था गर्ने काम इ.सं. ४०५ तिर पुरा भएको थियो। जेरोमले उल्था गरेको यो ल्याटिन बाइबललाई 'भुल्गेट' (Vulgate) बाइबल भनिन्छ।



**तस्बिर १-२.** कोडेक्स अमियाटिनस (Codex Amiatinus), यो भल्गेट बाइबलको सबैभन्दा पुरानो प्रति हो। कोडेक्स अमियाटिनस ल्याटिन भल्गेट बाइबलहरूमध्ये सबैभन्दा पुरानो र सही बाइबल हो। यसलाई बेलायतमा आठौँ शताब्दीको वरिपरि पोपको लागि उपहारको रूपमा उत्पादन गरिएको थियो। कोडेक्स अमियाटिनस, आठौँ शताब्दी, नर्थम्ब्रिया; बिब्लियोथेका लॉरेन्टियाना, फ्लोरेंस, इटली।

Licensor: Remi Mathis (CC BY-SA 4.0).

### (३) अरू भाषाहरू

ग्रीक र ल्याटिन भाषा बाहेक बाइबल छैठौँ शताब्दीमा मिश्रको भाषामा उल्था गरियो। पछि त्यसलाई इथियोपिया र सिरियाको भाषामा पनि उल्था गरियो। नयाँ करारलाई इ.सं. ७२० मा पहिलोपटक अरबी भाषामा उल्था गरियो, जुन घटना मोहम्मदको मृत्यु भएको करिब ९० वर्ष जति पछि हो (मोहम्मद, इ.सं. ५७०-६३२)।

मिसनको दृष्टिकोणले हेर्दा अरू भाषाहरूमा बाइबल उल्था हुनु निकै प्रगतिशिल प्रक्रियाको सूचक थियो। यहूदीहरूबाट सकेसम्म धेरै गैरयहूदीहरूमा सुसमाचार पुऱ्याउनको निम्ति बाइबललाई अरू भाषामा उल्था गर्नु आवश्यक थियो। सातौँ शताब्दीभन्दा अघि परमेश्वरले यहूदीहरूलाई विभिन्न फरक भाषा बोल्ने र फरक संस्कृति भएका मानिसहरूको बिचमा बस्न पठाउनुभयो। वास्तावमा त्यो कुरा विभिन्न भाषामा बाइबल उल्था गर्ने कामको तयारी थियो। समग्रमा भन्ने हो भने, त्यो सारा संसारमा सुसमाचार प्रचार गर्ने परमेश्वरको योजना थियो। हामीले यो प्रकाशमा रहेर चार सुसमाचारहरूको बारेमा अध्ययन गर्दछौँ भने, हाम्रो प्रेमिलो परमेश्वरले कसरी गैरयहूदीहरूलाई उद्धार गर्ने योजना पहिले नै बनाउनुभएको रहेछ भनी बुझ्नेछौँ। इसाई इतिहासलाई हेर्ने हो भने बाइबल नयाँ भाषाहरूमा अनुवाद हुने प्रक्रिया बढ्दैजाँदा, सुसमाचार प्रचारद्वारा परमेश्वरको राज्य बढ्दैगएको देख्न सकिन्छ। अहिले बाइबल हजारौँ भाषाहरूमा अनुवाद भइसकेको छ। यस क्रममा विभिन्न किसिमका वाधा-अवरोध र चुनौतीहरू भए तापनि, परमेश्वरको कामलाई कसैले रोक्न सकेको छैन।

# अध्याय दुई

# चार सुसमाचारको रूपरेखा

# क. चार सुसमाचारहरूको ऐतिहासिक पृष्ठभूमि

'चार सुसमाचारहरू' भनेर मत्ती, मर्कूस, लूका र यूहन्नाले लेखेका सुसमाचारका पुस्तकहरूलाई बुझाउँछ। चार वटा सुसमाचारहरूलाई दुई वर्गमा विभाजन गरिएको छ भन्ने कुरा हामीले पहिले नै बुझिसकेका छौँ। सुरुका तीन सुसमाचारहरू: मत्ती, मर्कूस र लूकालाई समदृष्टि सुसमाचार भनिन्छ। यूहन्नाको सुसमाचारलाई फरक वर्गमा राखिएको छ किनकि यो समदृष्टि सुसमाचारभन्दा फरक दृष्टिकोणबाट लेखिएको छ। समदृष्टिका सुसमाचारले येशूको मानवतालाई बढी प्रस्तुत गर्छ भने यूहन्नाको सुसमाचारले येशूको ईश्वरत्वलाई ठोस प्रकारले प्रस्तुत गर्दछ। यस भिन्नताको बारेमा हामी यो पुस्तकको पछिल्लो भागमा हेर्नेछौँ।

चार सुसमाचारहरू फरक दृष्टिकोणबाट लेखिएको मात्र नभएर त्यसका लेखकहरू: मत्ती, मर्कूस, लूका र यूहन्नाको पृष्ठभूमि पनि फरक-फरक थियो। मत्ती, मर्कूस, लूका र यूहन्ना शिक्षा, संस्कृति, पेशा, पारिवारिक पृष्ठभूमि र बस्ने स्थान लगायत अरू धेरै कुरामा फरक थिए। उनीहरू जातीय रूपमा पनि फरक थिए। लूका त गैरयहूदी मानिस थिए। उनी एन्टियोखियाका एक वैद्य थिए (कलस्सी ४:१४)। त्यो समयका यहूदीहरू आफ्नो जातिप्रति मात्र केन्द्रित मानिसहरू थिए। उनीहरू परमेश्वरका चुनिएका जाति भएकोले गर्दा, अन्यजातिहरूलाई तुच्छ ठान्थे। तर चाखलाग्दो कुरा यो छ, कि त्यस्तो अवस्थामा पनि सुसमाचारको पुस्तक लेख्न परमेश्वरले गैरयहूदी मानिसलाई चुन्नुभयो। मिसनको परिप्रेक्ष्यमा हेर्ने हो भने, यो परमेश्वरले गैरयहूदीहरूमा मुक्ति पुऱ्याउन चाहनुभएको कुराको चिन्ह हो। चार सुसमाचारहरू लेखिनुको उद्देश्य पनि फरक फरक छन्।

मत्तीको सुसमाचार सबैभन्दा पहिले लेखिएको थियो (इ.सं. ५०-५२), जुन त्यसबेलाका यहूदीहरूको निम्ति लेखिएको थियो। मत्तीको सुसमाचारको उद्देश्य भनेको भर्खरै प्रभुमा आएका यहूदी विश्वासीहरूलाई इसाई सिद्धान्त सिकाउनु थियो। मत्तीले येशूको वंशावलीबाट लेख्न सुरु गर्छन्। यसमा येशूको जन्म, बाल्यकाल, आश्चर्यकर्महरू, दृष्टान्तहरू, शिक्षा र येशूको समयमा घटेका घटनाहरूको बारेमा लेखिएको छ, जुन यहूदी इसाईहरूले बुझ्नु निकै आवश्यक थियो।

त्यसैकारणले गर्दा मत्तीको सुसमाचार गैरयहूदी विश्वासीहरूले बुझ्न अलि कठिन पुस्तक हो। किनकि यसमा प्रयोग गरिएका शब्दहरू र भाषाशैली सबै यहूदीहरूको लागि केन्द्रित गरिएका छन्। तत्कालीन गैरयहूदी विश्वासीहरूले ती कुराहरू बुझ्न सकेनन्। त्यसैकारण परमेश्वरले गैरयहूदी व्यक्ति, लूकालाई चुन्नुभयो र पवित्र आत्माले प्रेरणा दिनुभएर

गैरयहूदीहरूको निम्ति लूकाको सुसमाचार लेख्न लगाउनु भयो। लूकाको सुसमाचार लेखाइको क्रममा दोस्रो सुसमाचारको पुस्तक हो, जुन इ.सं. ६०-६२ तिर लेखिएको थियो। मत्तीको सुसमाचारचाहिँ इ.सं. ५०-५२ तिर लेखिएको थियो। त्यसको करिब दश वर्षपछि लूकाको सुसमाचार लेखियो। लूका पेशाले वैद्य (अर्थात् डाक्टर) र इतिहासकार थिए। त्यसैकारण गैरयहूदीहरूको दृष्टिकोणबाट हेर्दा सुसमाचार लेख्नको निम्ति उनी योग्य थिए। इतिहासकार भएका हुनाले लूकाले येशूको जीवनी र कामहरूलाई क्रमिक रूपमा प्रस्तुत गर्न सक्षम भए। उनले येशूलाई 'मानिसको पुत्र'को रूपमा प्रस्तुत गरेका छन् (लूका ६:५; ९:२६; ११:३०; १९:१०; २२:६९; र २४:७)। परमेश्वरले लूकालाई बाइबलको अर्को पुस्तक पनि लेख्न लगाउनुभयो जुन 'प्रेरितहरूका कार्यहरू' हो।

लेखन क्रमको आधारमा लेखिएको तेस्रो सुसमाचार मर्कूसको सुसमाचार हो, जुन इ.सं. ६५-६८ तिर लेखिएको थियो। मर्कूसको सुसमाचार बुझ्नको निम्ति हामीले त्यो लेखिएको समयको अवस्था बुझ्नुपर्छ। त्यो समयमा विश्वासीहरू रोमका पाचौँ शासक नेरोको शासनमा ठुलो सतावट भोग्दैथिए (नेरो: इ.सं. १५-६८, शासन: ५४-६८)। इ.सं. ६४ मा नेरोले रोम सहरमा आगो लगायो र त्यसको दोष विश्वासीहरूलाई लगायो। त्यसैकारण इ.सं. ६५ मा प्रेरित पत्रुसलाई रोममा क्रूसमा उल्टो गरी झुण्ड्याएर मृत्युदण्ड दिइयो। यसरी दिनप्रतिदिन सतावट बढ्दैजाँदैथियो अनि उनीहरूले मण्डलीको अगुवा पनि गुमाएकोले त्यो सतावटको बिचमा कष्टमाथि विजय हुन उत्साह र सान्त्वनाको खोज्दैथिए।

यस्तो परिस्थितिमा परमेश्वरले मर्कूसको सुसमाचार लेख्न मर्कूसलाई अभिषेक गर्नुभयो। यो सुसमाचार इसाईहरू विरुद्ध कठोर सतावटको बिचमा इ.सं. ६५-६८ तिर लेखिएको थियो। मत्ती, मर्कूस र लूकाको सुसमाचारमा दोहोरिएका कुराहरू धेरै छन्। तर मर्कूसले कष्टको सामना गर्दै भयङ्कर कष्ट सहनुहुने येशूलाई आफ्नो पुस्तकमा प्रस्तुत गर्दछन्। मर्कूस विश्वासीहरूलाई दुःखकष्ट सहनुहुने येशूको नमुना पछ्याउँदै अहिलेको सतावट सहन प्रोत्साहन दिँदछन्। मर्कूसको सुसमाचारको मुख्य सन्देश यही हो। मर्कूसले येशूलाई कष्ट भोग्ने दासको रूपमा प्रस्तुत गरेका छन्। उनको उद्देश्य भनेको कष्ट र सतावटको बिचबाट भएर जाँदैगरेका विश्वासीहरूलाई आशा,उत्साह र सान्त्वना दिनु थियो।

समदृष्टि सुसमाचारहरूले येशूको मानवतालाई प्रस्तुत गरेका छन्। यिनीहरूले हामीलाई येशू कसरी जन्मनुभया?, उहाँको कुल र पुर्खा कुन हो? उहाँको बाल्यकाल कसरी बित्यो?, र उहाँको शिक्षा, जीवनी, क्रूसको मृत्यु, पुनरुत्थान र स्वर्गारोहणको बारेमा जानकारी दिन्छन्। समदृष्टि सुसमाचारहरूले येशू मानव इतिहासमा जिउनुभएको ऐतिहासिक व्यक्ति हुनुहुन्छ भनी देखाउँछन्। यसरी यी तीन सुसमाचारका पुस्तकहरू मानव येशूमा केन्द्रित छन्।

अर्कोतर्फ हेर्ने हो भने यूहन्नाको सुसमाचारले येशूको ईश्वरत्वलाई प्रस्तुत गर्दछ। यसले येशू परमेश्वर हुनुहुन्छ भनेर दाबी गर्दछ। त्यसैकारण यूहन्नाको सुसमाचारमा येशूको व्यक्तिगत जीवनको बारेमा न्यून रूपमा मात्र उल्लेख गरिएको छ। यसमा येशूको जन्म, वंशावली, बाल्यकालजस्ता शारीरिक विवरणहरू उल्लेख गरिएका छैनन्। त्यति मात्र नभएर यूहन्नाको सुसमाचारमा येशूले भन्नुभएको कुनै पनि दृष्टान्तहरू उल्लेख गरिएका छैनन्। त्यसको सट्टामा यूहन्नाको सुसमाचारको सुरुदेखि नै येशू परमेश्वर हुनुहुन्छ भनेर दाबी गरिएको छ। यो यूहन्नाको सुसमाचारको विशेष चिनारी हो, जसले यसलाई अरू सुसमाचारका अरू पुस्तकहरूभन्दा फरक बनाएको छ। यूहन्नाको सुसमाचारमा येशूको ईश्वरत्वलाई जनाउने धेरै कुराहरू उल्लेख गरिएका छन् जुन अरू सुसमाचारको पुस्तकहरूमा छैनन्।

यूहन्नाको सुसमाचार अरू सुसमाचारहरूभन्दा पछि लेखिएको पुस्तक हो। यो पत्र लेखिएको मिति ठ्याक्कै थाहा छैन ,तर इ.सं. ६८-७० तिर लेखिएको हुन सक्ने कुरामा प्राय: सबैको सहमति भएको पाइन्छ किनकि यूहन्ना ५:२ मा "यरूशलेममा भेड़ा-ढोकाको नजिक पाँच वटा दलान भएको एउटा जल-कुण्ड छ, जसलाई हिब्रू भाषामा बेथस्दा भनिन्छ" भनेर लेखिएको छ। उक्त बेथस्दाको जलकुण्ड इ.सं. ७० मा यरूशलेमको मन्दिर नष्ट गर्दा भत्काइएको थियो। तर यूहन्नाले सुसमाचारको पुस्तक लेख्ने समयमा त्यो जलकुण्डलाई "छ" भनी वर्तमान कालमा लेखेका छन्, जसको मतलब त्यो समयमा उक्त जलकुण्ड विद्यमान थियो भन्ने बुझिन्छ। त्यसैकारण यूहन्नाको सुसमाचार इ.सं. ७० भन्दाअघि नै लेखिएको हो भनी तर्क गर्न सकिन्छ।

त्यसैकारण, समयको मागअनुसार सुसमाचारका चार वटा पुस्तकहरू एकपछि अर्को गर्दै लेखिएका थिए। सुसमाचारका पुस्तकहरूले आवश्यकताअनुसार एकले अर्कालाई उद्धृत गरेका छन्। ती चार सुसमाचारका पुस्तकहरूले येशू पूर्ण मानिस र पूर्ण परमेश्वर हुनुहुन्छ भन्ने कुरा सिकाउँछन्। ती पुस्तकहरूले येशू यो धर्तीमा आउनुभएर मुक्तिको काम पुरा गर्नुभयो भनी बताउँछन् (यूहन्ना १९:३०)। अनि उहाँको पुनरुत्थानपछि र स्वर्गारोहण हुनअघि (प्रेरित १:९), येशूले आफ्ना चेलाहरूलाई महान् आज्ञा (प्रस्थान २०:३-१७, मत्ती २२:३७-३९) र महान् आदेश (मत्ती २८:१८-२०, प्रेरित १:८) पालन गर्नू भनी आज्ञा दिनुभयो।

| सुसमाचार | लेखक | लेखेको मिति | मुख्य पाठक | संरचना |
|---|---|---|---|---|
| **मत्ती** | मत्ती | इ.सं. ५०-५२ | यहूदी विश्वासी | येशूको बारेमा पुरा लेख |
| **लूका** | लूका | इ.सं. ६०-६२ | गैरयहूदी विश्वासी | येशूका कार्यहरूको क्रमिक विवरण |
| **मर्कूस** | मर्कूस | इ.सं. ६५-६८ | सतावटमा परेका यहूदी / गैरयहूदी विश्वासीहरू | येशूको सतावटको पुस्तक |
| **यूहन्ना** | यूहन्ना | इ.सं. ६८-७० | यहूदी / गैरयहूदी विश्वासीहरू | येशू परमेश्वर हुनुहुन्छ भन्ने प्रमाणित गर्ने पुस्तक |

**तालिका २-१.** चार सुसमाचारहरूको पृष्ठभूमि

## ख. चार सुसमाचारहरूमा भएका दृष्टान्त र आश्चर्यकर्महरू

चार सुसमाचारहरूमा येशूले बोल्नुभएका दृष्टान्तहरू र गर्नुभएका आश्चर्यकर्महरू प्रशस्तै छन्। प्रत्येक सुसमाचारको पुस्तकमा भएका दृष्टान्तहरू र आश्चर्यकर्महरूलाई नियालेर हेर्छौं भने हामीले समदृष्टि सुसमाचारहरू र यूहन्नाको सुसमाचारको भिन्नता स्पष्टसँग देख्न सक्छौं। विशेषगरी हामी यसलाई चार वर्गमा विभाजन गरेर हेर्नेछौं: येशूले बोल्नुभएका दृष्टान्तहरू, येशूले गर्नुभएका चङ्गाइका आश्चर्यकर्महरू, येशूले गर्नुभएका प्राकृतिक आश्चर्यकर्महरू र येशूले मृतकलाई जीवित पार्नुभएका आश्चर्यकर्महरू।

# १. दृष्टान्तहरू

## (१) येशूले किन दृष्टान्तहरूमा बोल्नुभएको होला?

प्रभु येशूले स्वर्गको रहस्यको बारेमा कुरा गर्नु हुँदा प्राय: दृष्टान्तहरूमा बोल्नुहुन्थ्यो। उहाँ किन दृष्टान्तहरूमा बोल्नुभएको होला? यसको उत्तर मत्ती १३:१०-१२ मा पाउन सकिन्छ: अनि चेलाहरू आएर उहाँलाई भने, "तपाईं तिनीहरूसँग किन दृष्टान्तहरूमा बोल्नुहुन्छ?" उहाँले तिनीहरूलाई जवाफ दिनुभयो, "तिमीहरूलाई त स्वर्ग-राज्यका रहस्यहरूको ज्ञान दिइएको छ, तर तिनीहरूलाई भने दिइएको छैन। किनकि जससँग छ, त्यसलाई दिइनेछ, र त्यससँग प्रशस्त हुनेछ। तर जससँग छैन, त्यससँग भएको पनि त्यसबाट खोसिनेछ। यसैकारण म तिनीहरूसँग दृष्टान्तमा बोल्दछु: 'किनभने तिनीहरू हेर्न त हेर्छन्, तर देख्दैनन्, सुन्न त सुन्छन्, तर सुनेर बुझ्दैनन्।'"

यो कुरालाई स्वीकार गर्न कठिन छ। येशूको वचन धैरैले सुन्नेछन्, तर एकदमै कमले मात्र त्यो बुझ्नेछन्। येशूले दृष्टान्तमा बोल्नुको कारण थोरै चुनिएका परमेश्वरका छोराछोरीहरूले मात्र उहाँको वचन बुझ्नू भन्ने हेतुले हो। तिनीहरूले मात्र परमेश्वरको राज्यको रहस्य बुझ्नेछन्। अधिकांश इसाईहरूले न त उहाँको वचन बुझ्नेछन् न त त्यसलाई पचाउन नै सक्नेछन्। परमेश्वरले स्वर्गको राज्यको रहस्य सृष्टिअघि नै तय गर्नुभएर त्यसलाई लुकाउनुभयो अनि उचित समय आएपछि निश्चित मानिसहरूलाई मात्र उहाँले त्यो रहस्य प्रकट गरिदिनुहुनेछ (मत्ती १३:३५, भजन ७८:२)।

## (२) चार सुसमाचारहरूमा उल्लिखित दृष्टान्तहरूको तालिका

सुसमाचारको चार पुस्तकहरूमा चालीस वटा दृष्टान्तहरू पाउन सकिन्छ। तर चाखलाग्दो कुरा के हो भने, ती दृष्टान्तहरू समदृष्टि सुसमाचारहरूमा मात्र पाइन्छन्। यूहन्नाको सुसमाचारमा ती कुनै पनि दृष्टान्तहरू पाउन सकिँदैन। त्यो कुरा तलको तालिकाबाट बुझ्न सक्छौं।

| | ४० दृष्टान्तहरू | मत्ती | मर्कूस | लूका | यूहन्ना |
|---|---|---|---|---|---|
| १ | सामदान माथिको बत्ती | ५:१४-१५ | ४:२१-२२ | ८:१६-१७, ११:३३ | ----- |
| २ | बुद्धिमान् र मूर्ख घर बनाउनेहरू | ७:२४-२७ | ------ | ६:४७-४९ | ----- |
| ३ | पुरानो कपडामा नयाँ टालो | ९:१६ | २:२१ | ५:३६ | ------ |
| ४ | पुरानो मसकमा नयाँ दाखमद्य | ९:१७ | २:२२ | ५:३७-३८ | ------ |
| ५ | बिउ छार्नेको दृष्टान्त | १३:३-८ , १८-२३ | ४:३-८, १४-२० | ८:५-८, ११-१५ | ------ |
| ६ | समाको दृष्टान्त | १३:२४-३०, ३६-४३ | ------ | ------ | ------ |
| ७ | रायोको दाना | १३:३१-३२ | ४:३०-३२ | १३:१८-१९ | ------ |
| ८ | खमिर | १३:३३ | ------ | १३:२०-२१ | ------ |
| ९ | लूकाएको गाढ़धन | १३:४४ | ------ | ------ | ------ |
| १० | मोती | १३:४५-४६ | ------ | ------ | ------ |
| ११ | माछा पक्रने जाल | १३:४७-५० | ------ | ------ | ------ |
| १२ | घरको मालिक | १३:५२ | ------ | ------ | ------ |
| १३ | हराएको भेडा | १८:१२-१४ | ------ | १५:४-७ | ------ |
| १४ | निर्दयी नोकर | १८:२३-३४ | ------ | ------ | ------ |
| १५ | दाखबारीका खेतालाहरू | २०-१-१६ | ------ | ------ | ------ |
| १६ | दुई छोराहरू | २१:२८-३२ | ------ | ------ | ------ |
| १७ | दुष्ट मोहीहरू | २१:३३-४४ | १२:१-११ | २०:९-१८ | ------ |
| १८ | विवाहको भोज | २२:२-१४ | ------ | १४:१६-२४ | ------ |
| १९ | अञ्जीरको बोट | २४:३२-३५ | ------ | १२:४२-४८ | ------ |
| २० | बुद्धिमान् र मूर्ख नोकरहरू | २५:१-१३ | ------ | ------ | ------ |
| २१ | दश कन्याहरू | २५:१-१३ | ------ | ------ | ------ |
| २२ | सुनका सिक्का | २५:१४-३० | ------ | ------ | ------ |
| २३ | भेडा र बाख्राहरू | २५:३१-४६ | ------ | ------ | ------ |
| २४ | मौलाउने बिउ | ------ | ४:२६-२९ | ------ | ------ |
| २५ | जागा रहने नोकर | ------ | १३३४-३७ | १२:३५-४० | ------ |
| २६ | दुई ऋणीहरू | ------ | ------ | ७:४१-४३ | ------ |
| २७ | असल सामरी | ------ | ------ | ७:३०-३७ | ------ |

| | | | | | |
|---|---|---|---|---|---|
| २८ | खाँचोमा परेको मित्र | ------ | ------ | ११:५-८ | ------ |
| २९ | धनी मूर्ख | ------ | ------ | १२:१६-२१ | ------ |
| ३० | फल नाफलाउने अञ्जीरको बोट | ------ | ------ | १३:६-९ | ------ |
| ३१ | भोजको तल्लो स्थान | ------ | ------ | १४:७-११ | ------ |
| ३२ | चेलाले चुकाउनुपर्ने मूल्य | ------ | ------ | १४:२८-३३ | ------ |
| ३३ | हराएको सिक्का | ------ | ------ | १५:८-१० | ------ |
| ३४ | हराएको छोरा | ------ | ------ | १५:११-३२ | ------ |
| ३५ | चतुर व्यवस्थापक | ------ | ------ | १६:१-८ | ------ |
| ३६ | धनी मानिस र लाजरस | ------ | ------ | १६:१९-३१ | ------ |
| ३७ | मालिक र उसको नोकर | ------ | ------ | १७:७-१० | ------ |
| ३८ | खुरुन्धार विधवा | ------ | ------ | १८:२-८ | ------ |
| ३९ | फरिसी र कर उठाउने | ------ | ------ | १८:१०-१४ | ------ |
| ४० | दश सिक्काहरू | ------ | ------ | १९:१२-२७ | ------ |

**तालिका २-२.** चार सुसमाचारमा उल्लिखित चालीस वटा दृष्टान्तहरू

## २. आश्चर्यकर्महरू

सबै आश्चर्यकर्महरूको उद्देश्य येशू परमेश्वर हुनुहुन्छ भनी देखाउनु थियो। येशूले गर्नुभएका आश्चर्यकर्महरूमा परमेश्वरको राज्यको रहस्यहरू लुकेका छन्, जुन चुनिएका थोरै परमेश्वरका जनहरूले मात्र बुझ्न सक्नेछन्। अधिकांश मानिसहरूले (विश्वासीहरूले पनि) आश्चर्यकर्ममा मात्र ध्यान दिन्छन् तर त्योभित्र लुकेको परमेश्वरको रहस्यको सन्देश बुझ्न र देख्न सक्दैनन्। चार सुसमाचारहरूमा करिब २३ वटा जति चङ्गाइको आश्चर्यकर्महरू, ९ वटा जति प्राकृतिक आश्चर्यकर्महरू (जहाँ येशूले प्रकृतिमाथि आफ्नो अधिकार देखाउनु भएको छ), अनि ३ वटा मृतकलाई जीवित पारेको आश्चर्यकर्महरू छन्। हामी प्रत्येक आश्चर्यकर्मलाई तालिका प्रयोग गरेर हेर्नेछौं।

| | चंगाई | मत्ती | मर्कूस | लूका | यूहन्ना |
|---|---|---|---|---|---|
| १ | कुष्टरोगी निको पारिएको | ८:२-४ | १:४०-४२ | ५:१२-१३ | ------ |
| २ | कप्तानको नोकर | ८:५-१३ | ------ | ७:१-१० | ------ |
| ३ | पत्रुसकी सासू | ८:१४-१५ | १:३०-३१ | ४:३८-३९ | ------ |
| ४ | भूत लागेका दुई मानिस | ८:२८-३४ | ५:१-१५ | ८:२६-३५ | ------ |
| ५ | पक्षघाती | ९:२-७ | २:३-१२ | ५:१८-२५ | ------ |
| ६ | रक्तश्राव भएकी स्त्री | ९:२०-२२ | ५:२५-३४ | ८:४३-४८ | ------ |
| ७ | दुई अन्धा मानिसहरू | ९:२७-३१ | ------ | ------ | ------ |
| ८ | दुष्टआत्मा लागेको गुंगो मानिस | ९:३२-३३ | ------ | ------ | ------ |
| ९ | हात सुकेको | १२१०-१३ | ३:१-५ | ६:६-१० | ------ |
| १० | दुष्टआत्मा लागेको अन्धो र गुंगो मानिस | १२:२२ | ------ | ११:१४ | ------ |
| ११ | कनानी स्त्रीकी छोरी | १५:२१-२८ | ७:२४-३० | ------ | ------ |
| १२ | भूत लागेको र छारेरोग लागेको केटो | १७:१४-१८ | ९:१७-२९ | ९:३८-४३ | ------ |
| १३ | यरिहो नजिक दुई अन्धाहरू | २०:२९-३४ | १०:४६-५२ | १८:३५-४३ | ------ |
| १४ | बहिरो र गुंगो मानिस | ------ | ७:३१-३७ | ------ | ------ |
| १५ | सभाघरमा भूत लागेको मानिस | ------ | १:२३-२६ | ४:३३-३५ | ------ |
| १६ | बेथसेदामा अन्धो मानिस | ------ | ८:२२-२६ | ------ | ------ |
| १७ | कुप्री स्त्री | ------ | ------ | १३:११-१३ | ------ |
| १८ | जलग्रह रोगले पीडित एक जना मानिस | ------ | ------ | १४:१-४ | ------ |
| १९ | १० कुष्ट रोगीहरू | ------ | ------ | १७:११-१९ | ------ |
| २० | प्रधान पूजाहारीको नोकर | ------ | ------ | २२:५०-५१ | ------ |
| २१ | उच्च अधिकारीको छोरो | ------ | ------ | ------ | ४:४६-५४ |
| २२ | जलकुण्डमा पक्षघाती | ------ | ------ | ------ | ५:१-९ |
| २३ | जन्मैको अन्धो मानिस | ------ | ------ | ------ | ९:१-७ |

**तालिका २-३.** चार सुसमाचारमा उल्लेख गरिएका चङ्गाइका आश्चर्यकर्महरू

## (१) चङ्गाइको आश्चर्यकर्महरू

समदृष्टि सुसमाचारको तुलनामा यूहन्नाको सुसमाचारमा चङ्गाइको आश्चर्यकर्महरू नगन्य मात्रामा पाइन्छ (तालिका २-३ हेर्नुहोस्)। यूहन्नाको सुसमाचारमा ३ वटा चङ्गाइको घटनाहरू उल्लेख भएको छ। तिनीहरू यसप्रकार छन्: उच्च अधिकारीको छोरो निको पारिएको(यूहन्ना ४:४६-५४), जल-कुण्डमा पक्षाघाती निको भएको (यूहन्ना ५:१-९), र जन्मैको अन्धालाई दृष्टिदान (यूहन्ना ९:१-७)। अरू चङ्गाइको आश्चर्यकर्महरू समदृष्टि सुसमाचारमा दोहोरिएका हुनाले यूहन्नाले यी ३ वटा मात्र उल्लेख गरेका छन्। यी ३ वटा सहित चार सुसमाचारको पुस्तकहरूमा जम्मा २३ वटा चङ्गाइका आश्चर्यकर्महरू उल्लेख गरिएको हामी देख्न सक्छौँ

## (२) प्राकृतिक आश्चर्यकर्महरू

हामीले चार वटा सुसमाचारहरूमा हेर्दा येशूले गर्नुभएका आश्चर्यकर्महरूमा करिब ९ वटा जति प्रकृतिलाई नियन्त्रण गर्नुभएको घटनाहरू देख्न सक्छौं। हामीलाई यी कुराहरू थाहा छ, कि येशू सबै कुराको सृष्टिकर्ता हुनुहुन्छ अनि उहाँले नै प्रकृतिलाई सृष्टि गर्नुभएर आफ्नो स्थानमा राख्नुभएको हो (यूहन्ना १:३, कलस्सी १:१६, हिब्रू १:२)। उहाँसँग स्वर्ग र पृथ्वीको अधिकार छ (मत्ती २८:१८)। सबै कुराहरू उहाँको पाउमुनि छन् (रोमी ११:३६, एफिसी १:२२, हिब्रू २:८)। उहाँले सबै कुराहरूलाई चलाउनु र नियन्त्रण गर्नुहुन्छ (व्यवस्था ३०:१५, १९, यर्मिया १८:६, लूका १२:७)। जीवन र मृत्यु अनि सफलता र असफलता सबै उहाँले निर्धारण गर्नुहुन्छ (व्यवस्था ३०:१९, १ शमूएल २:६-७)। त्यसैकारण येशूले प्रकृतिलाई आदेश दिएर नियन्त्रण गर्नु कुनै अचम्मको कुरा होइन। तैपनि, येशूले गर्नुभएका यस्ता आश्चर्यकर्महरू देखेर मानिसहरू छक्क परे र डराए। प्रकृति माथिको नियन्त्रण र अधिनतालेचाहिँ येशू परमेश्वरका पुत्र, ख्रीष्ट र सृष्टिकर्ता हुनुहुन्छ भनी मानिसहरूलाई देखाउन र प्रमाणित गर्न उचित विषयहरू हुन्। येशूको प्रकृतिमाथिको अधिनताको घटनाहरू मत्तीको सुसमाचारमा ६ वटा, मर्कूसमा ५ वटा, लूकामा ३ वटा र यूहन्नामा ४ वटा छन्। प्राय: ती घटनाहरू सुसमाचारका पुस्तकहरूमा दोहोरिएका छन्। नदोहोरिएका घटनाहरू यी हुन्: पत्रुसले माछाको मुखमा सिक्का भेटेको घटना मत्तीको पुस्तकमा मात्र उल्लेख छ। अचम्म तरिकाले माछा पक्रेको घटना लूकाको पुस्तकमा मात्र छ। पानीलाई दाखमद्यमा परिणत गरेको घटना र १५३ वटा माछाहरू पक्रेको घटना यूहन्नाको पुस्तकमा मात्र छ।

| | आश्चर्यकर्महरू | मत्ती | मर्कूस | लूका | यूहन्ना |
|---|---|---|---|---|---|
| १ | येशूले आँधिलाई शान्त पार्नुभएको | ८:२३-२७ | ४:३७-४१ | ८:२२-२५ | ------ |
| २ | येशू पानीमाथि हिँड्नुभएको | १४:२५-२७ | ६:४८-५१ | ------ | ६:१९-२१ |
| ३ | येशूले ५,००० लाई खुवाउनुभएको (५ रोटी र २ माछा) | १४:१५-२१ | ६:३५-४४ | ९:१२-१७ | ६:५-१३ |
| ४ | येशूले ४,००० लाई खुवाउनुभएको (७ रोटी र केही माछा) | १५:३२-३८ | ८:१-९ | ------ | ------ |
| ५ | माछाको मुखमा सिक्का | १७:२४-२७ | ------ | ------ | ------ |
| ६ | अन्जीरको बोट सुकेको | २१:१८-२२ | ११:१२-१४, २०-२२ | ------ | ------ |
| ७ | अचम्मले माछा पक्रेको | ------ | ------ | ५:४-११ | ------ |
| ८ | पानीलाई दाखमद्यमा परिणत | ------ | ------ | ------ | २:१-११ |
| ९ | १५३ वटा माछा पक्रिएको | ------ | ------ | ------ | २१:१-११ |

**२-४.** चार सुसमाचारमा उल्लिखित प्राकृतिक आश्चर्यकर्महरू

## (३) मृतकलाई जीवित पारेको आश्चर्यकर्महरू

तालिका २-५ मा हेर्दा, याइरसकी छोरी जीवित पारिएको घटना यूहन्नाको सुसामाचार बाहेक तीन वटै सुसमाचारको पुस्तकहरूमा उल्लेख गरिएको छ। तर विधवाको छोरो जीवित पारिएको घटना लूकाको सुसामाचारमा मात्र उल्लेख गरिएको छ भने, लाजरस जीवित पारिएको घटनाचाहिँ यूहन्नाको सुसमाचारमा मात्र उल्लेख गरिएको छ।

येशूले मरेकाहरूलाई जीवित पार्नुभएका यी तीन घटनाहरूले धेरै अर्थपूर्ण सन्देश दिन्छन्। यी तीन जना मरेकाहरू जीवनमा आउनु र प्रभु येशूको अनन्तको निम्ति भएको पुनरुत्थान फरक कुरा हो। तिनीहरूचाहिँ फेरि मर्ने गरी जीवित पारिएका हुन् तर येशूको पुनरुत्थानचाहिँ अब फेरि कहिल्यै नमर्ने गरी जीवित भएको घटना हो। यी मरेकाहरूलाई जीवित पारेर येशूले आफू जीवन र मृत्यु अनि प्रकृतिको मालिक भएको कुरा देखाउन खोज्नुभएको हो। पछि क्रूसको मृत्यु र पुनरुत्थानद्वारा येशूले जीवन र मृत्युमाथि उहाँको  पूर्ण अधिकार छ भनी प्रमाणित गर्नुभयो।

| | मृतकहरू जीवित पारिएका | मत्ती | मर्कूस | लूका | यूहन्ना |
|---|---|---|---|---|---|
| १ | याइरसकी छोरी जीवित पारिएकी | ९:१८-१९, २३-२५ | ५:२२-२४, ३५-४३ | ८:४१-४२, ४९-५६ | ------ |
| २ | विधवाको छोरो जीवित पारिएको | ------ | ------ | ७:११-१५ | ------ |
| ३ | लाजरस जीवित पारिएको | ------ | ------ | ------ | ११:१-४४ |

**तालिका २-५.** चार सुसमाचारमा उल्लिखित "मृतकहरूलाई जीवित पारिएका" आश्चर्यकर्महरू

## (४) दृष्टान्तहरू र आश्चर्यकर्महरूको विवरणहरूको आधारमा चार सुसमाचारहरूको भिन्नता

तालिका २-६ मा हेर्दा हामी समदृष्टि सुसमाचारहरू र यूहन्नाको सुसमाचारबिचको सामानता र भिन्नताहरूलाई स्पष्टसँग देख्न सक्छौँ। येशूले बोल्नुभएका दृष्टान्तहरू, अनि गर्नुभएका चङ्गाइका आश्चर्यकर्महरू, प्राकृतिक आश्चर्यकर्महरू, र मृतकहरूलाई जीवित पार्ने आश्चर्यकर्महरू तीन वटै समदृष्टि सुसमाचारका पुस्तकहरूमा पाइन्छन्। तर यूहन्नाको सुसमाचारमा भने कुनै दृष्टान्त पाइँदैन। अनि यूहन्नाको सुसमाचारमा चङ्गाइको घटनाहरू जम्मा तिन वटा मात्र उल्लेख गरिएका छन् भने प्रकृति माथिको अधिकार, मरेकालाई जीवित पारेको घटनाहरूचाहिँ यूहन्नाको सुसमाचारमा पनि अरू सुसमाचारहरूमाझैँ जोड दिएर उल्लेख गरिएका छन्।

हामीले यो कुरा याद गर्नुपर्ने हुन्छ, कि यूहन्नाको सुसमाचारमा अरू समदृष्टि सुसमाचारहरूमा उल्लेख भएका दृष्टान्तहरू छैनन्। यूहन्नाले आफ्नो सन्देशमा दृष्टान्त र चङ्गाइजस्ता अप्रत्यक्ष तरिका अपनाएनन् बरु पवित्र आत्माको प्रेरणामा मानिसहरूलाई येशूको बारेमा सिधै उहाँ परमेश्वरका पुत्र (यूहन्ना १:३४, ४९, ३:१७, ४:२५, ११:२७) र मसिह (यूहन्ना १:४१, ४:२५, ११:२७) हुनुहुन्छ भनी घोषणा गरे।

यूहन्नाको सुसमाचारको विपरीत अरू समदृष्टि सुसमाचारहरूले येशूका चङ्गाइका आश्चर्यकर्महरूमा जोड दिएका छन् किनकि ती सुसमाचारहरूले येशूको ईश्वरत्वमा भन्दा मानवतामा बढी जोड दिएका छन्। ती सुसमाचारहरू लेखिने समयमा मानिसहरू रोगीहरूलाई चङ्गाइ गर्ने कुरामा बढी चासो दिन्थे। त्यसैले समदृष्टि सुसमाचारहरूले येशूका चङ्गाइको आश्चर्यकर्महरूमा बढी जोड दिएर येशूले त्यतिबेलाका मानिसहरूलाई दिनुभएको सान्त्वनालाई प्रस्तुत गरेका छन्।

यहाँसम्म हामीले चार सुसमाचारहरूलाई येशूले भन्नुभएका दृष्टान्तहरू र गर्नुभएका आश्चर्यकर्महरूको बारेमा तुलाना गरेर हेऱ्यौँ। यसबाट हामीले यो कुरा बुझ्यौँ, कि चार वटा सुसमाचारहरूमा उल्लिखित केही विवरणहरू फरक छन्। त्यसो हुनुको कारण चार सुसमाचारहरू लेखिनुको उद्देश्य र पृष्ठभूमि फरक भएकोले हो। अबको पाठहरूमा हामी प्रत्येक सुसमाचारको पुस्तकको विशेषता, संरचनालाई गहिराइमा सिक्नेछौँ। हामी चार वटा सुसमाचारहरूलाई तिनीहरूको क्रमअनुसार: मत्ती, मर्कूस, लूका र यूहन्ना गरी हेर्नेछौँ।

| पुस्तक | दृष्टान्तहरू | चङ्गाइहरू | प्रकृतिमाथि अधिन | मृतकहरू जीवित पारिएका |
|---|---|---|---|---|
| मत्ती | २३ | १३ | ६ | १ |
| मर्कूस | ९ | १२ | ५ | १ |
| लूका | २८ | १५ | ३ | २ |
| यूहन्ना | --- | ३ | ४ | १ |

**तालिका २-६.** चार सुसमाचारहरूमा उल्लेख गरिएका दृष्टान्तहरू र आश्चर्यकर्महरू

# अध्याय तिन

# मत्तीको सुसमाचार

# क. मत्तीको सुसमाचारको पृष्ठभूमि

मत्तीको सुसमाचार इ.सं. ५०-५२ तिर लेखिएको हो जुन येशूको इ.सं. ३० मा भएको स्वर्गारोहणको करिब २० वर्षपछि थियो। उक्त अवधिमा थुप्रै मण्डलीहरू स्थापना भएर धेरै यहूदीहरू र गैरयहूदीहरूले सुसमाचारलाई ग्रहण गरी इसाई बनिसकेका थिए। ती सुरुका इसाईहरूलाई सुसमाचारको बारेमा राम्रोसँग सिकाएर विश्वाससम्बन्धी तालिम दिन उचित पाठ्यपुस्तकहरूको आवश्यकता पऱ्यो। त्यस्तो अवस्थामा नयाँ करारका पुस्तकहरू इ.सं. ५० तिर लेख्न सुरु भएका हुन्।

नयाँ करारका लिखित पुस्तकहरूको सूचीमा मत्तीको सुसमाचार तेस्रो पुस्तक हो। किनकि इ.सं. ४९ मा पावलले गलातीको पत्र र याकूबले याकूबको पत्र लेखिसकेका थिए। त्यसपछि इ.सं. ५०-५२ मा मत्तीको सुसमाचार लेखियो। यसरी इसाई लेखहरूको ऐतिहासिक पृष्ठभूमिलाई बुझ्यौँ भने, हामीले नयाँ करारका पुस्कहरू र चार वटा सुसमाचारको बारेमा राम्रोसँग बुझ्दै र सिक्दै जान सक्नेछौँ।

## १. सुरुका इसाईहरू

येशूको क्रूसको मृत्यु हुनुभन्दाअघि, अन्तिम रात्रीभोजको समयमा प्रभु येशूले आफ्ना चेलाहरूलाई एउटा महत्वपूर्ण प्रतिज्ञा गर्नुभयो (यूहन्ना १४:१६-१७)। त्यतिबेला येशूले भन्नुभयो, कि 'म पितालाई अनुरोध गरेर सल्लाहकार तिमीहरूकहाँ पठाउनेछु।' त्यो सल्लाहकार पवित्र आत्मा (ग्रीक, पाराक्लेटोस) हुनुहुन्थ्यो। पुनरुत्थान हुनु भएपछि येशूले स्वर्गारोहणको समयमा चेलाहरूलाई यरूशलेम छोडेर कतै नजानू तर पिताले प्रतिज्ञा गर्नुभएको प्रतिज्ञाको प्रतिक्षा गर्नू भनी आज्ञा दिनुभयो (प्रेरित १:४)। उक्त प्रतिज्ञा चेलाहरूलाई पवित्र आत्माको बप्तिस्मा दिनेबारेमा थियो। अन्तिम रात्रीभोजमा गरिएको प्रतिज्ञा पुरा हुन ५४ दिन लाग्यो (अन्तिम रात्रीभोजदेखि पुनरुत्थानसम्म ४ दिन, पुनरुत्थानदेखि स्वर्गारोहणसम्म ४० दिन र स्वर्गारोहणदेखि पेन्तिकोससम्म १० दिन)। पेन्तिकोसको दिनमा उक्त प्रतिज्ञा पुरा भयो। येशूको पुनरुत्थानबाट पेन्तिकोस पचासौँ दिनमा पर्छ।

येशू आज्ञा सुन्नेहरू ६०० जना जति सुरुका इसाईहरू थिए (१ कोरिन्थी १५:३-८)। तर ती ६०० जनामध्ये प्रायः १२० जनाले मात्र प्रभुको आज्ञालाई मानेर पवित्र आत्माको प्रतिक्षा गरे। १२ चेलाहरू लगायत ती १२० जना येशूको स्वर्गारोहणपछि मर्कूसको घरको माथिल्लो

तल्लामा भेला भएर दश दिन निरन्तर प्रार्थना गरेपछि पेन्तिकोसको दिनमा पवित्र आत्माको शक्तिशाली अभिषेक तिनीहरूमाथि खनियो (प्रेरित १:१५-२:५)। अनि ती १२० जना चेलाहरूले करिब १५ वटा फरक-फरक भाषाहरूमा बोल्न थाले। उक्त अचम्मको घटनाले विभिन्न ठाउँबाट पेन्तिकोसको चाड मान्न यरूशलेममा भेला भएका हजारौँ प्रवासी यहूदीहरूलाई आकर्षित गऱ्यो। गालीलका मानिसहरूले बोलेको १५ वटा विदेशी भाषाहरू सुनेर तिनीहरू छक्क परे (प्रेरित २:५-१३)। त्यो समयमा पत्रुस खडा भएर भिडको बिचमा येशूको गवाही दिँदै प्रचार गर्न लागे (प्रेरित २:१४-३६)। जसको नतिजास्वरूप ३,००० जति यहूदीहरूले प्रभुमा विश्वास गरे (प्रेरित २:४१)। यसरी यरूशलेममा इसाई इतिहासको पहिलो मण्डली स्थापना भयो। उक्त मण्डली इ.सं. ३० मा मर्कूसको घरको माथिल्लो तल्लामा गरिएको प्रार्थनाद्वारा सुरुवात भएको थियो (प्रेरित २:४२-४७)।

अनि चेलाहरूले शक्तिको साथ सुसमाचार प्रचार र आश्चर्यकर्महरू गर्न सुरु गरेपछि, यरूशलेमको मण्डलीमा चेलाहरूको सङ्ख्या वृद्धि हुनथाल्यो। प्रेरित ३-४ अध्यायमा पत्रुसको दोस्रो प्रचार देख्न सकिन्छ। उनको दोस्रो प्रचार सुनेर विश्वास गर्ने मानिसहरूको सङ्ख्या ५,००० थियो (महिला र केटाकेटी बाहेक, प्रेरित ४:४)। यसरी प्रेरित दुई अध्यायमा ३,००० र प्रेरित चार अध्यायमा ५,००० गरेर करिब ८,००० यहूदीहरूले प्रभुमा विश्वास गरेका थिए। यदि हामीले तिनीहरूका परिवारलाई हिसाब गर्ने हो भने, करिब २०,००० जति यरूशलेम मण्डलीका विश्वासीहरू थिए होलान् भनी अनुमान लगाउन सकिन्छ।

सङ्ख्यात्मक रूपमा अत्याधिक वृद्धि भए तापनि उक्त मण्डलीले यरूशलेममा रहेका यहूदीहरूलाई मात्र सुसमाचार प्रचार गर्ने काम गरे (प्रेरित ६:७)। तिनीहरूले यरूशलेमबाहिर गएर गैरयहूदीहरूलाई सुसमाचार प्रचार गर्ने विषयमा खासै चासो देखाएनन्। पुनरुत्थानपछि येशूले स्वर्गारोहण हुनअघि घरीघरी चेलाहरूलाई महान् आदेश दिनुभएको थियो (मत्ती २८:१९-२०, मर्कूस १६:१५, लूका २४:४७, यूहन्ना २०:२१ र प्रेरित १:८)। उक्त महान् आदेशमा येशूले सुसमाचार प्रचार यरूशलेमबाट सुरु गरेर, यहूदिया, सामरिया हुँदै पृथ्वीको अन्तिम छेउसम्म पुऱ्याउनुपर्छ भन्नुभएको थियो (प्रेरित १:८)।




चित्र ३-१. पहिलो शताब्दी इसाई इतिहासमा महत्वपूर्ण सहरहरू

तर यरूशलेम मण्डलीले येशूको उक्त आज्ञालाई ध्यान दिएन। प्रेरितको पुस्तक पढ्दैजाँदा, उक्त मण्डली यहूदीहरूलाई विश्वासमा ल्याउने र मण्डलीको सदस्यहरूको आवश्यकताहरू पुरा गर्ने काममा मात्र समर्पित भएको देख्न सकिन्छ (प्रेरित ६:१-२)। त्यो मण्डलीले बाहिर गई सुसमाचार प्रचार गरेन। नतिजा स्वरूप येशूले त्यो मण्डलीमा सतावट आउन दिनुभएर आफ्नो मिसनको कामको निम्ति विश्वासीहरूलाई छरपस्ट हुन दिनुभयो। त्यतिमात्र होइन, एक दिन सात जनामध्येको एक जना डिकन, स्तिफनस (प्रेरित ६:५), प्रचार गर्ने क्रममा येशूको खातिर सहिद बने (प्रेरित ७:५४-६०)। त्यसपछि यरूशलेम मण्डलीमा ठुलो सतावट आउन थाल्यो। उक्त सतावटको कारण बाह्र चेलाहरूबाहेक अरू विश्वासीहरू यरूशलेमभन्दा बाहिर विभिन्न क्षेत्रमा छरपस्ट भए (इ.सं. ३३, प्रेरित ८:१)। तिनीहरू यहूदिया, समारिया हुँदै अझै टाढा सिरियाको दमस्कस र एन्टिओखियासम्म फैलिए। तिनीहरू त्यहाँबाट पनि टाढा गलातिया, एसिया, कपाडोकिया, पोन्टस र बिथिनियासम्म पुगे। तिनीहरू त्योभन्दा अझै टाढा ग्रीसको माकेडोनिया र रोमी साम्राज्यको थुप्रै क्षेत्रहरूसम्म फैलिए।

ती छरपस्ट भएका यहूदी इसाईहरूले उनीहरू पुगेको ठाउँमा मण्डली स्थापना गरी परमेश्वरको सेवा र आराधना गर्न थाले। ती मण्डलीहरूमध्ये सिरियाको एन्टिओखियामा स्थापना गरिएको मण्डलीचाहिँ यरूशलेम बाहिर स्थापना गरिएको सबैभन्दा पहिलो महत्वपूर्ण मण्डली थियो। त्यो मण्डली महत्वपूर्ण हुनुमा एउटा मुख्य विशेषता थियो। त्यो के हो भने त्यसले यहूदीहरूलाई मात्र नभएर येशूको महान् आदेशअनुसार गैरयहूदीहरूलाई पनि सुसमाचार प्रचार गऱ्यो। गैरयहूदीहरूले पनि येशूलाई ख्रीष्ट, मसिह र परमेश्वरका पुत्रको रूपमा स्वीकार गर्न थालेपछि सुसमाचार प्रचार गर्नेहरू पनि बढ्दै जान थाले। एन्टिओखियामा नै येशूलाई पछ्याउने मानिसहरूलाई आधिकारिक रूपमा ख्रीष्टियन भनेर बोलाउन सुरु गरियो (प्रेरित ११:२६)। एन्टिओखिया मण्डली इ.सं. ३३ तिर सुरु भएको थियो र त्यहाँको मुख्य व्यक्ति कुरेनीबाट आएका सिमोन थिए (प्रेरित ११:१९-२१)। त्यही कुरेनीको सिमोनले येशूको क्रूस बोकेका थिए (लूका २३:२६)। पछि प्रेरित पावल एन्टिओखिया मण्डलीमा गएपछि (प्रेरित ११:२५-२६), त्यो मण्डली गैरयहूदीहरूका माझमा सुसमाचार पुऱ्याउने मिसनकेन्द्र बन्न पुग्यो (प्रेरित १३:४-२१:१६)। यसरी प्रभु येशूको स्वर्गारोहण र यरूशलेम मण्डली स्थापनाको केही समयपछि गैरयहूदीहरूको माझमा मिसनको काम सुरु भएको थाहा पाउन सकिन्छ।

| | | |
|---|---|---|
| ई.पू. | ४ | येशूको जन्म |
| ई.सं. | ५ | पावलको जन्म |
| | २६ | येशूको सेवकाइको सुरुवात |
| | ३० | येशूको क्रूसको मृत्यु / पुनरुत्थान / स्वर्गारोहण / यरूशलेम मण्डलीको सुरुवात |
| | ३३ | यरूशलेम मण्डलीमा सतावट / विश्वासीहरू छरपस्ट / एन्टिओखिया मण्डलीको स्थापना |
| | ३५ | पावलको जीवन परिवर्तन |
| | ४५ | पावल एन्टिओखियाको मण्डलीमा आएका |
| | ४६ ४८ | पावलको पहिलो मिसन यात्रा |
| | ४९ | यरूशलेमको परिषद् पावलले गलातीको पत्र लेखेका याकूबले याकूबको पत्र लेखेका |
| | ५० ५२ | पावलको दोस्रो मिसन यात्रा मत्तीले मत्तीको सुसमाचार लेखेका |
| | ६८ | पावल सहिद भएका |

**तालिका ३-१.** मत्ती, याकूब र गलातीको पुस्तकहरू लेखिएको समय

# २. मत्तीको सुसमाचार लेखिनुभन्दा अघि लेखिएका इसाई पत्रहरू

## (१) गलाती (इ.सं. ४९)

गैरयहूदी मिसनको सुरुवातसँगै पावल भन्ने व्यक्तिको आगमन हुन्छ। उनको नाम सुरुमा स्तिफनसको हत्याको समयमा 'शाऊल' भनी उल्लेख गरिएको पाइन्छ। त्यो समयमा पावल इसाई थिएनन्, बरु मण्डलीलाई सताउनेहरूको अगुवा थिए (प्रेरित ७:५४-८:३)। एकदिन उनी इसाईहरूलाई पक्रेर सताउन सिरियाको राजधानी, दमस्कसतिर जाँदैगर्दा, ठुलो ज्योतिको साथमा प्रभु येशूसँग जम्काभेट हुन्छ। त्यसपछि उनी परिवर्तन भएर विश्वासमा आउँछन् (प्रेरित ९:१-१९) त्यो इ.सं. ३५ तिरको घटना हो। परिवर्तनपछि पावल करिब दश वर्षसम्म आत्मिकी तालिममा जान्छन् र इ.सं. ४५ मा एन्टिओखियाको मण्डलीमा पुग्छन् (प्रेरित १३:१-३)। त्यसपछि प्रेरितको पुस्तकले सुरुका बाह्र चेलाहरूको सेवकाइको विषयमा कुरा गर्न छोडेर पावल र उनको सेवकाइमा केन्द्रित भएको पाइन्छ।

इ.सं. ४६ देखि पावलले गैरयहूदीहरूलाई सुसमाचार प्रचार गर्ने मिसन यात्रा सुरु गर्छन्। एन्टिओखियामा आएको एक वर्षपछि पावल र बारनाबासले पहिलो मिसन यात्रा सुरु गरे, जुन दुई वर्षको थियो (इ.सं. ४६ देखि ४८ सम्म; प्रेरित १३:४-१४:२८)। त्यो पहिलो मिसन यात्रामा उनीहरू साइप्रस हुँदै लुस्त्रा पुगे, जहाँ तिमोथीको घर थियो। त्यो ठाँउ दक्षिणी गलातियामा पर्छ। त्यहाँबाट उनीहरू डर्बीसम्म पुगेर एन्टिओखिया नै फर्किए। उक्त यात्राको क्रममा एउटा समस्या खडा भएको पावलले थाहा पाए। त्यो समस्या के हो भने उनले दक्षिणी गलातियामा दिएको शिक्षाको कारण यहूदीहरूको बिचमा हलचल पैदा भएको रहेछ।

पावलको मुख्य शिक्षा भनेको हामीले येशू ख्रीष्टको अनुग्रहले मात्र उद्धार पाएका हौँ भन्ने थियो। उनको शिक्षाको मुख्य विषय भनेको हामीले उद्धार पाएको पुरानो करारको व्यवस्था पालन गरेर होइन तर येशूले क्रूसमा बगाउनुभएको रगत र परमेश्वरको अनुग्रहले मात्र हो भन्ने थियो। यसले यो कुरा स्पष्ट गराउँछ, कि व्यवस्था पालन उद्धारको आधारभूत योग्यता होइन। आज हाम्रो दृष्टिकोणमा पावल पुरानो करारको व्यवस्थाको बारेमा स्पष्ट भएको देखिन्छ। तर पावलको समयमा भएका इसाईहरूको निम्ति यो शिक्षा अचम्मित पार्नेखालको थियो। विशेषगरी यहूदी विश्वासीहरू, जो यरूशलेममा भएको सतावटबाट भागेर दक्षिणी गलातियामा आएका थिए, उनीहरूलाई यो शिक्षाले अलमल्ल पार्‍यो। किन? किनभने पावलको शिक्षा

सुरुका बाह्र चेलाहरूको शिक्षाभन्दा फरक थियो। ती बाह्र चेलाहरूको शिक्षाचाहिँ हामीले उद्धार पाउनको निम्ति येशू ख्रीष्टमाथि विश्वास गर्नुको सँगसँगै पुरानो करारको व्यवस्था पनि पालन गर्नुपर्छ भन्ने थियो।

त्यसैले पावल पहिलो मिसन यात्रा सकेर एन्टिओखियामा फर्किएपछि गलातियामा सिकाएको शिक्षाको विषयमा विरोधका कुराहरू सुन्न थाले। विश्वासीहरूको बिचमा पावलको शिक्षामा समस्या छ, अनि उनले झूटा शिक्षा सिकाउँदैछ भन्ने हल्ला चल्न थाल्यो। पावलप्रति यहूदी विश्वासीहरूको सङ्का झन् खराब हुँदैगयो किनकि पावलले उनीहरूका अगुवाहरू अर्थात् प्रभुका चेलाहरूको शिक्षाको विषयमा असहज हुने कुराहरू बोलेका थिए।

पत्रुस, याकूब र यूहन्नाजस्तो पावल येशूको प्रत्यक्ष चेला थिएनन्। अनि उनी यरूशलेम मण्डलीका संस्थापक पनि थिएनन्। त्यसैले पावलको विषयमा सङ्का गर्नेहरूको नजरमा पावल सही शिक्षा सिकाउन योग्य व्यक्ति ठहरिएनन्। उनको शिक्षा आधिकारिक रूपमा मान्यता पाउनेभन्दा पनि प्रश्न गर्न लायकको थियो। यो कुरा पावलको सेवकाइको निम्ति समस्या भयो। त्यही समस्यालाई समाधान गर्न पावलले एन्टिओखियाबाट गलातियाका विश्वासीहरूलाई इ.सं. ४९ मा पत्र लेखे। त्यही पत्र आज हामीले पढ्ने गलातीको पत्र हो।

गलातीको पत्र पावलले लेखेको पहिलो पत्र हो। यो पत्र उनले पहिलो मिसन यात्राबाट फर्कनासाथ लेखेका थिए। उक्त पत्रमा पावलले दक्षिणी गलातियामा आफूले सिकाएको शिक्षाको बारेमा तार्किक र व्यवस्थित तवरले व्याख्या गरेका छन्। पावलको लेखाइको उद्देश्य भनेको गलातियामा उत्पन्न भएको सङ्कालाई शान्त गराउनु र येशू ख्रीष्टको अनुग्रहले मात्र हामीले उद्धार पाएका हौं भन्ने शिक्षालाई स्थापित गर्नु थियो।

गलातीको पत्रको मुख्य विषय भनेको पुरानो करारको व्यवस्था र परमेश्वरको अनुग्रहबिचको सम्बन्ध हो। पावल विस्तृत रूपमा लेख्छन्, कि हाम्रो उद्धार व्यवस्था पालनबाट आउने होइन तर येशू ख्रीष्टमा भएको अनुग्रहबाट मात्र आउने हो। पुरानो करारको व्यवस्थाचाहिँ संरक्षकको रूपमा दिएको हो जसले हामीलाई येशू ख्रीष्टसम्म डोऱ्याउने काम गर्छ (गलाती ३:२४)। व्यवस्थाबिना हामीलाई हाम्रो पापको चेतना हुँदैन। हामीले पाप के हो भनी बुझ्न सकौँ भन्ने हेतुले परमेश्वरले हामीलाई पुरानो करारको व्यवस्था दिनुभयो।

जति हामी व्यवस्था पालन गरेर पापबाट बच्न चाहन्छौँ, त्यति नै यो कुरा थाहा पाउछौँ, कि हामी कुनै पनि हालतमा पुरा व्यवस्था पालन गर्न सक्दैनौँ (गलाती ३:१०)। अर्को अर्थमा भन्नुपर्दा, मानवजातिले आफ्नै बलद्वारा पापको समस्यालाई समाधान गर्न सक्दैन तर त्यसको निम्ति उसलाई कसैको सहायता चाहिन्छ। त्यो येशूको अनुग्रही रगतभन्दा बाहेक अरू केही

हुनै सक्दैन। अनि अन्त्यमा पावल यो स्पष्ट पार्छन्, कि पुरानो करारको व्यवस्था हाम्रो मुक्तिको निम्ति पर्याप्त छैन। वास्तवमा व्यवस्था हामीलाई येशू ख्रीष्ट को हुनुहुन्छ भनी चिनाउन र उहाँसम्म डोऱ्याउने माध्यम हो (गलाती ३:२४)। व्यवस्था सबै कुरा होइन बरु यसले हामीलाई येशू चिनाउने मध्यस्थको काम गर्छ। यो वास्तविक येशूको छाया र प्रतिक मात्र हो (हिब्रू ८:५, ९:९)।

त्यो समयमा प्रमुख इसाई अगुवाहरू: पत्रुस र याकूबले यरूशलेमको मण्डलीको रेखदेख गरिरहेका थिए। सिरिया र एसिया माइनरमा धेरै गैरयहूदीहरू विश्वासमा आउँदैछन् भन्ने कुरा उनीहरूले सुने। पवित्र आत्माद्वारा पत्रुसले गैरयहूदीहरूको खानेकुरा खाऊ भन्ने दर्शन देखेका थिए (प्रेरित १०:१-२३)। अनि उनी गैरयहूदीहरूको बिचमा सुसमाचार प्रचारको निम्ति डोऱ्याइएका र उनले प्रचार गर्दा गैरयहूदीहरूको पनि पवित्र आत्मामा बप्तिस्मा भएको कुराको साक्षी थिए (प्रेरित १०:२४-४८)। यी सबै कुराको बाबजुत पनि पत्रुस र याकूब पूर्ण रूपले गैरयहूदी मिसनमा उत्रन सकेका थिएनन्। उनीहरू गैरयहूदीहरूको सेवकाइमा अझै हिच्किचाइरहेका थिए।

गलातीको पत्रमा पावलले उनीहरूलाई यो कुरा उल्लेख गरिरहेका छन्: "प्रतिष्ठित देखा पर्ने व्यक्तिहरू जो थिए– र तिनीहरू जस्ता भए तापनि मलाई त केही फरक पर्दैन, परमेश्वरले मानिसको पनपक्ष गर्नुहुन्न– यिनीहरूले मेरो सन्देशमा केही थपिदिएनन्। तर झन् उल्टो, तिनीहरूले देखे, कि बेखतनाकाहरूलाई सुसमाचार प्रचार गर्ने अभिभारा मलाई दिइएको थियो, जसरी खतनाकाहरूलाई सुसमाचार प्रचार गर्ने अभिभारा पत्रुसलाई दिइएको थियो। परमेश्वर, जसले पत्रुसको प्रेरितपनद्वारा खतनाकाहरूका बिचमा काम गर्नुभयो, मद्वारा पनि अन्यजातिहरूका बिचमा काम गर्नुभयो। याकूब, केफास र यूहन्ना, जो मण्डलीका खम्बाहरू थिए, तिनीहरूले ममाथि भएको अनुग्रह थाहा पाएपछि मलाई र बारनाबासलाई सङ्गतिको दाहिने हात दिए। हामी अन्यजातिहरूकहाँ जाने र उनीहरूचाहिँ खतनाकाहरूकहाँ जाने भन्ने निश्चय गरे" (गलाती २:६-९)।

यो खण्डमा पावलले यरूशलेम मण्डलीका अगुवाहरूको बारेमा कस्तो अनुभव गरेका थिए भनी स्पष्ट देख्न सकिन्छ। उनको नजरमा पत्रुस, याकूब र यूहन्ना यहूदी जातिहरूको निम्ति मात्र सुसमाचार प्रचार गर्ने प्रेरितहरू थिए। तर उनीचाहिँ गैरयहूदीहरूको निम्ति प्रेरित थिए।

पावल गैरयहूदीहरूको प्रेरित भएकोमा गौरब गर्दछन् किनकि विश्वमा यहूदीहरूको सङ्ख्या १% जति छ भने गैरयहूदीहरूको सङ्ख्या ९९% जति छ। उनले भन्न खोजेको के हो भने पत्रुस, याकूब र यूहन्नाको सेवकाइ १% मानिसहरूमा सीमित छ तर परमेश्वरले आफूलाई जिम्मा दिनुभएका मानिसहरू ९९% छन्। त्यसैकारण पावलले आफूलाई अरू प्रेरितहरूभन्दा श्रेष्ठ ठानेका हुनुपर्छ।

निष्कर्षमा भन्नुपर्दा गलातीको पत्र मुक्तिको सिद्धान्तको बारेमा हो। यो येशू ख्रीष्टको अनुग्रहमा बलियो गरी जरा गाडिएको सुसमाचार हो। पावलले यो कुरामा जोड दिनुको कारण येशू ख्रीष्टको अनुग्रहबिना गैरयहूदीहरूको उद्धार हुन सम्भव थिएन। हामी गैरयहूदीहरूको उद्धार र पुरानो करारको व्यवस्थाको सम्बन्धको बारेमा पछि पाठ सातमा विस्तृत रूपमा हेर्नेछौँ। पवित्र आत्माले पावललाई सही समयमा गलातीको पत्र लेख्न प्रेरणा दिनुभयो। त्यो समयदेखि पावलद्वारा गैरयहूदीहरूको बिचमा सुसमाचार तीव्र रूपमा फैलन थाल्यो। यसर्थ यो पुस्तकको माध्यमबाट पवित्र आत्माले हामीलाई सुसमाचारको महत्व बुझ्न सहायता गर्नुहुनेछ।

## (२) याकूबको पत्र (इ.सं. ४९)

पावलले गलातीको पत्र लेखेको सालमा (अर्थात् इ.सं. ४९ मा) याकूबले छरपस्ट भएका मण्डलीहरूलाई पत्र लेखेका थिए। यो याकूब येशू प्रभुका शारीरिक भाइ थिए (मत्ती १३:५५)। उनी यरूशलेम मण्डलीका मुख्य अगुवा थिए (प्रेरित १५:१२-२१)। याकूब यरूशलेम मण्डलीका एक संस्थापक थिए तर इ.सं. ३३ मा भएको मण्डली विरुद्धको सतावटको कारण उनले आफ्नो मण्डलीका विश्वासीहरू गुमाउनु परेको थियो (प्रेरित ८:१-३)। यरूशलेम मण्डलीका प्राय: विश्वासीहरू छरपस्ट भएर एन्टिओखिया, दमस्कस, अनि टर्कीका विभिन्न क्षेत्रहरूजस्तै गलातिया, कापाडोकिया, पोन्टस, एसिया, बिथिनिया आदिमा पुगे।

त्यसको नतिजा स्वरूप यरूशलेम मण्डलीका अगुवाहरू पत्रुस, याकूब, यूहन्ना आफ्ना विश्वासीहरू भएको क्षेत्रहरूमा गएर वचन सिकाउने गर्थे। याकूबले पनि विश्वासीहरूलाई उनीहरू जहाँ पुग्छन्, त्यो ठाँउमा नँया मण्डली स्थापना गर्न र विश्वासमा बढ्न उत्साह दिने गर्थे (याकूब १:१)।

तर दु:खलाग्दो कुरा के भयो भने, ती नयाँ मण्डलीहरूमा आन्तरिक समस्याहरू देखापर्न थाले। विश्वासीहरूका बिचमा मनमुटाव, झगडा, फुट, भ्रष्टाचार, अन्याय, पक्षपात, कुरा काट्ने, एकले अर्कालाई हेला गर्ने र थिचोमिचो गर्नेजस्ता समस्याहरू देखिन थाल्यो। त्यसैगरी गरिब, विधवा र टुहुरा-टुहुरीहरूलाई मण्डलीका हुनेखाने भनाउँदाहरूले हेपेर अत्याचार गर्न थाले। त्यस्ता समस्याहरू जटिल हुन थालेपछि मण्डलीको स्थानीय अगुवाहरूले याकूबलाई ती समस्याहरू समाधान गरिदिन अनुरोध गरे। याकूब बेला-बेलामा ती क्षेत्रहरूमा गएर सिकाउँथे तर उनीहरूको समस्याको अन्त्य हुन सकेन।

त्यसैकारण याकूबले छरपस्ट भएका मण्डलीहरूलाई सम्बोधन गरेर पत्र लेखे। तर याकूबको पत्रमा इसाई ईश्वरशास्त्रीय सिद्धान्तहरू र सुसमाचारको महत्वपूर्ण पक्षहरू समेटिएका छैनन्। तर त्यहाँ मण्डलीभित्र विश्वासीहरूमा भएका समस्याहरूको बारेमा मात्र उल्लेख गरिएको छ; जस्तै: विश्वासलाई काममा कसरी प्रकट गर्ने? कसरी एक-अर्कामा मिलेर असल सम्बन्धमा रहने? एक-अर्काको सेवा कसरी गर्ने? विधवा र टुहुराहरूलाई कसरी सहायता गर्ने? धनीहरूले गरिबहरूप्रति किन सहयाता गर्ने? आदि। मण्डलीभित्र समस्या ल्याउने मानिस होइन तर कसरी मिलाप गराउने मानिस बन्ने जस्ता विषयहरू याकूबको पत्रमा समेटिएका छन्। याकूबले विशेषगरी यसमा मण्डलीको पास्टरीय र आन्तरिक सम्बन्धको विषयमा बढी सम्बोधन गरेका छन्। त्यसैकारण याकूबको पत्रचाहिँ ईश्वरशास्त्रीयभन्दा पनि पास्टरीय पत्र हो भन्न सकिन्छ।

याकूबको पत्र र गलातीको पत्र त्यो समयमा विश्वासीहरूको निम्ति नितान्त आवश्यक विषयहरू समेटिएको पत्रहरू थिए। ती पत्रहरू त्यतिबेला मण्डलीको आन्तरिक समस्या समाधानको निम्ति धेरै महत्वपूर्ण थिए तर आधारभूत ईश्वरशास्त्र सिकाउनको निम्ति पर्याप्त थिएनन्। तर ती पत्रहरूले पनि मत्तीको सुसमाचार लेख्नको निम्ति आधारभूत पूर्वाधारको रूपमा काम पक्कै गरेका छन्।

# ३. सुसमाचारको पुस्तकहरूको अनुपस्थिति

यरूशलेम मण्डलीको स्थापनाको केही समयपछि आएको सतावटको कारण मण्डली छरपस्ट भएपछि धेरै यहूदीहरूले सुसमाचारलाई ग्रहण गरेर विश्वासमा आए (प्रेरित ८:१-४, १ पत्रुस १:१)। तर त्यतिबेला प्रभु येशूको जीवनी र शिक्षाको विषयमा आधिकारिक पुस्तकहरू थिएनन्। उहाँको जीवनी र शिक्षाको बारेमा मानिसहरूले मौखिक रूपमा बताउँथे र त्यसबारे केही स-साना लेखहरू (Q Documents) उपलब्ध थिए, जसको बारेमा हामीले पहिले नै सिकिसकेका छौं)। सुसमाचारका पुस्तकहरू अनुपस्थित हुँदा नै गलाती र याकूबको पत्रहरू लेखिसकिएको थियो तर ती पत्रहरू सुसमाचारमा भन्दा मण्डलीमा विद्यमान समस्याहरू समाधान गर्ने कुराहरूमा केन्द्रित थिए र तिनका केही भागले मात्र सैद्धान्तिक शिक्षाहरूलाई समेटेको थियो। ती पत्रहरूले येशूको जीवनी, सेवकाइ र शिक्षालाई विस्तृत रूपमा समेटेका थिएनन्। त्यसैकारण छरपस्ट भएका लेखहरू अनि येशू धर्तीमा रहनुहुँदा उहाँसँगै हिँडेका, उहाँलाई देखेका र उहाँको बारेमा सुनेका मानिसहरूको गवाहीहरू समेटेर लिखित विवरण निकाल्नु र त्यसबाट सिकाउनु नितान्त जरुरी देखियो।

समयको आवश्यकतालाई मध्यनजर गर्दै इ.सं. ५०-५२ तिर मत्तीले सुसमाचारको पुस्तक लेखे। उनले उक्त पुस्तकमा येशूको वंशावलीबाट सुरु गरेर, उहाँको जन्म, बाल्यकाल, बप्तिस्मा, सार्वजनिक सेवकाइ, शिक्षा, क्रूसको मृत्यु, पुनरुत्थान र स्वर्गारोहणसम्मको घटनाहरूलाई क्रमिक रूपमा लेखेका छन्। उनले आफ्नो सुसमाचारमा ई.पू. ४ देखि इ.सं. ३० सम्मको येशूको जीवनीलाई समेटेर लेख्ने प्रयत्न गरेका छन्।

सुरुमा लेखिएको मत्तीको सुसमाचार यहूदी विश्वासीहरूको निम्ति केन्द्रित गरेर लेखिएको थियो। तर किन? हामीले रोमी १:१६ मा हेर्छौं भने सुसमाचार पहिले न्यून संख्यक यहूदीहरूमा जानुपर्ने अनि त्यसपछि गैरयहूदीहरूमा फैलिनुपर्ने कुरा बुझ्न सक्छौं। मत्तीले सुसमाचारको पुस्तक लेख्ने समयमा  अधिकांश विश्वासीहरू यहूदी थिए। त्यसैले सबैभन्दा पहिले यहूदी विश्वासीहरूले यो ज्योतिको सन्देश बुझ्नुपर्ने थियो अनि मात्र त्यो गैरयहूदीहरूमा फैलनुपर्थ्यो। उक्त दृष्टिकोणबाट हेर्ने हो भने, त्यतिबेला यहूदीहरूको निम्ति सुसमाचारको पुस्तक नितान्त आवश्यक थियो। अनि येशूको नजरमा यो लेखाउनको निम्ति यहूदी भएकोले गर्दा, कर उठाउने मत्ती उपयुक्त व्यक्ति थिए।

मत्तीले नयाँ विश्वासमा आएका यहूदीहरूले सजिलै बुझ्ने शैलीमा सुसमाचारको पुस्तक लेखे। उनले यहूदीहरूले बुझ्ने गरी यहूदी चाँडहरू र रीतिरिवाजको बारेमा लेखेका छन्। यसमा उल्लेख गरिएका भाषाशैली, दृष्टान्त, र उदाहरणहरू यहूदीहरूसँग सम्बन्धित भएकोले उनीहरूले यसलाई सजिलै बुझ्न सक्ने थिए।

तैपनि मत्तीको सुसमाचारको अर्को जिम्मेवारी भनेको लामो समयदेखि आफ्नै जातिमा केन्द्रित इसाई यहूदीहरूलाई परमेश्वरको प्रेम गैरयहूदीहरूमा पनि पुऱ्याउनको निम्ति जगाउनु र तयार पार्नु थियो। यसरी दुई वटा लक्ष्यहरू प्राप्त गर्न यस्तो व्यक्ति चाहिन्थ्यो, जो यहूदी संस्कार र संस्कृतिको बारेमा राम्रो जानकार हुनुपर्थ्यो र गैरयहूदीहरूलाई सुसमाचार पुऱ्याउने हृदय पनि उसमा हुनुपर्ने थियो। वास्तवमा परमेश्वरले मत्तीलाई यही काम गराउन लामो समयदेखि तालिम दिएर तयार पार्नुभएको थियो। अनि सही समय आएपछि उहाँले मत्तीलाई यो सुसमाचारको पुस्तक लेख्न लगाउनुभयो।

## ४. मत्ती को थिए?

### (१) मत्तीको सामाजिक पृष्ठभूमि

मत्ती कफर्नहुमका यहूदी थिए। कफर्नहुमचाहिँ येशूले आफ्नो तीन वर्षको सेवकाइ अवधिमा सबैभन्दा बढी समय बिताउनु भएको ठाउँ थियो। अहिलेको भाषामा भन्नुपर्दा, त्यो ठाउँ येशूको मिसन केन्द्र थियो भन्न सकिन्छ। मत्ती त्यो सहरमा कर उठाउने व्यक्ति थिए। मत्ती भन्ने नामको अर्थ 'यहोवाको उपहार' (The Gift of Yahweh) हो। मत्तीको खास हिब्रू नाम लेवी थियो (मर्कूस २:१४, लूका ५:२७)। उनको नामलाई हेर्दा हामी यो अनुमान लगाउन सक्छौं, कि उनी पक्कै लेवी वंशको मानिस हुनुपर्छ। त्यसको मतलब उनी पूजाहारी पृष्ठभूमिबाट आएको हुनुपर्छ, अर्थात् मत्ती कर उठाउने नभएर पूजाहारी हुनुपर्ने व्यक्ति थिए।

त्यतिबेला इस्राएल रोमी साम्राज्यको अधिनमा थियो (ई.पू. ६३ - इ.सं. ४७६)। मत्ती यहूदी मानिस भएर रोमी सरकारको तर्फबाट कर उठाउनु भनेको समाजमा आदरणीय काम थिएन। किनभने कर उठाउनेले मानिसहरूबाट कसिकसाउ गरेर कर उठाउने गर्थ्यो, र केही आफ्नो खल्तीमा राखेर अरू रकम रोमी सराकरलाई बुझाउने गर्थे। अरू कर उठाउनेहरूजस्तै मत्तीले पनि त्यसैगरी कर उठाउने भएकोले यहूदीहरूको बिचमा उनी तिरस्कृत थिए। त्यतिबेला मानिसहरूले कर उठाउनेहरूलाई पापीहरूको वर्गमा राख्ने गर्थे (लूका १९:७)।

वास्तवमा मत्ती आफ्नो पेशादेखि असन्तुष्ट थिए किनभने पूजाहारीजस्तो आदरणीय परिवारमा जन्मेर पनि उनले सांसारिक अनि मानिसहरूको बिचमा आदर नपाउने कर उठाउने काम गरिरहेका थिए। मत्तीको हृदयको चित्रण येशूले उनलाई बोलाउनु हुँदाको घटनामा देख्न सकिन्छ।

'येशू त्यहाँबाट जानुहुँदा मत्ती भन्ने एक जना मानिसलाई कर उठाउने अड्डामा बसिरहेको देख्नुभयो, र तिनलाई भन्नुभयो, "मेरोपछि लाग।" अनि तिनी उठे र उहाँको पछि लागे। उहाँ खान बस्नुभएको बेला, धैरै जना कर उठाउनेहरू र पापीहरू आएर येशू र उहाँका चेलाहरूसँग खान बसे। जब फरिसीहरूले त्यो देखे, तब उहाँका चेलाहरूलाई भने, "किन तिमीहरूका गुरु कर उठाउनेहरू र पापीहरूसँग खान्छन्?" यो सुनेर उहाँले भन्नुभयो, "निरोगीहरूलाई वैद्यको आवश्यकता हुँदैन, तर रोगीहरूलाई हुन्छ। तर गएर यसको अर्थ के हो तिमीहरू सिक: 'म बलिदान होइन, दया चाहन्छु।' किनकि म धर्मीलाई होइन, तर पापीहरूलाई बोलाउन आएँ" (मत्ती ९:८-१३)।

मत्ती कफर्नहुममा कर उठाउने स्थानमा बसिरहेका थिए। येशू त्यही बाटो भएर जाँदैहुनुहुन्थ्यो। येशूले उनलाई हेरेर 'आऊ, मेरो पछि लाग' भन्नुभयो। अनि मत्तीले अलिकति पनि आनाकानी नगरी येशूको बोलावटलाई स्वीकार गरेर उहाँको पछि लागे। त्यति मात्र नभएर उनले येशूलाई आफ्नो घरमा बेलुकाको भोजन गर्न निम्तो पनि दिए। उनले अरू कर उठाउनेहरूलाई पनि खानको निम्ति बोलाए। फरिसीहरूले गिल्ला गर्नेछन् र शासकहरूले उनलाई कारबाही गर्न सक्नेछन् भन्ने मत्तीलाई थाहा थियो, तैपनि ठुलो जोखिम उठाएर उनले येशूलाई पछ्याए।

मत्ती प्रभु येशूको चेला हुनको निम्ति पहिलेदेखि नै चुनिएका व्यक्ति थिए (मत्ती १०:३)। त्यसैकारण अरूबाट तिरस्कृत हुने खालको पापमय पेशामा भए तापनि उनले तुरुन्तै येशूलाई चिनेर पछ्याए। यसरी मत्ती येशूका १२ चेलाहरूमध्ये एक जना चेला बने। पछि उनी इथियोपियामा सुसमाचार प्रचार गर्न गएर त्यहाँको निम्ति पहिलो मिसनरी बने। त्यति मात्र होइन, उनी इ.सं. ७० मा इथियोपियाको नुबिया सहरमा प्रभुको सुसमाचारको कारण सहिद बने। उनलाई त्यहाँ जलाएर मारिएको थियो। यसरी मत्ती इथियोपियाली अर्थोडक्स मण्डलीका पिता बने। उनी अन्धकारमा ज्योतिको रूपमा चम्किएको कारण पछि सारा अफ्रिकामा सुसमाचार प्रचार हुन सक्यो।

## (२) मत्ती किन चुनिए?

येशूले मत्तीलाई आमाको गर्भमा आउनुभन्दा पहिले नै चिनेर अलग गर्नुभएको थियो (यर्मिया १:५)। उहाँले मत्तीलाई पहिले नै चुन्नुभएकोले उचित समय आएपछि आफ्नो कामको निम्ति बोलाउनु भयो। उनको जीवनबाट आफ्नो उद्देश्य पुरा गर्न परमेश्वरले मत्तीलाई असल परिवारमा जन्म हुन दिनुभयो। येशूका अरू चेलाहरूको तुलनामा मत्ती शिक्षित परिवारमा हुर्केका थिए। उनी इस्राएलको बाह्र कुलहरूमध्ये आदरयोग्य लेवी कुलका मानिस थिए। उनका पिता अल्फयस समाजमा आदरणीय व्यक्ति थिए (मर्कूस २:१४)। उच्च पारिवारिक पृष्ठभूमिको कारण उनले असल शिक्षा पाएका थिए। उनी ग्रीक भाषामा पोख्त भएकोले सुसमाचारको पुस्तक ग्रीक भाषामा लेख्न सके।

अर्को कुरा के हो भने, मत्ती येशूको जीवन र सेवकाइलाई प्रत्यक्ष अनुभव गर्ने साक्षी थिए। आफ्नो सेवकाइको सुरुवातमै येशूले मत्तीलाई चुन्नुभएकोले गर्दा पुरा तीन वर्ष उनी चेला बनेर उहाँसँगै रहे। येशूको सेवकाइ, क्रूसको मृत्यु, पुनरुत्थान र स्वर्गारोहणको प्रत्यक्ष साक्षी भएका कारण उहाँको बारेमा मत्तीले बताउन सक्ने कुराहरू थुप्रै थिए।

त्यति मात्र नभएर मत्ती नम्र व्यक्ति थिए। उनको हृदयमा आफ्नो पेशाको बारेमा धेरै दु:ख र अफसोस महसुस भएको हुनुपर्छ। धनी बन्नको निम्ति उनले मानिसहरूबाट अन्यायपूर्वक फाइदा उठाएका थिए। तसर्थ उनले आफूलाई अयोग्य र पापी ठान्थे। तर एकदिन प्रभु येशूसँग उनको भेट भयो अनि उहाँको बोलावट, स्वीकार र अनुग्रहले मत्तीलाई निकै प्रभाव पाऱ्यो। उनी यति खुसी भए, कि उनले येशूको निम्ति आफ्नो घरमा भोजको तयारी गरे यद्यपि यो देखेर यहूदीहरूले ठट्टा गर्नेछन् भन्ने पनि उनलाई थाहा थियो। उनले येशूको सामु आफूलाई नम्र तुल्याएर पापी हुँ भनी स्वीकार गरे। त्यति मात्र नभएर येशूलाई पछ्याउनको निम्ति मत्तीले सबैकुरा त्याग्न राजी भए।

निष्कर्षमा यसरी भन्न सकिन्छ, कि मत्ती सुसमाचारको पुस्तक लेख्नको निम्ति योग्य व्यक्ति थिए। उनी यहूदी उच्च घरानाका शिक्षित व्यक्ति थिए साथै येशूको शिक्षा र सेवकाइको प्रत्यक्ष साक्षी पनि थिए।

| | मत्तीको वास्तविकता | विवरण |
|---|---|---|
| १ | नामको अर्थ | यहोवाको उपहार |
| २ | हिब्रू नाम | लेवी (मर्कूस २:१४, लूका ५:२७) |
| ३ | घर | कफर्नहुम |
| ४ | पिता | अल्फयास |
| ५ | कुल | लेवी/ पूजाहारी कुल |
| ६ | पेशा | कर उठाउने |
| ७ | येशूसँगको सम्बन्ध | १२ चेलामध्ये एक |
| ८ | शैक्षिक स्तर | उच्च शिक्षा |
| ९ | चरित्र | नम्र व्यक्ति |
| १० | लेखेको पुस्तक | मत्तीको सुसमाचार |
| ११ | सेवाको क्षेत्र | इथियोपिया |
| १२ | सहिद | इ.सं. ७० मा इथियोपिया (नुबीआ), आगोमा जलाएर |

**तालिका ३-२.** प्रेरित मत्तीको वास्तविक तथ्यहरू

## ख. मत्तीको सुसमाचारको उद्देश्य र विशेषताहरू

बाइबल परमेश्वरको वचन हो। यो सत्यको वचन हो, जसले मानिसको समझलाई माथ गर्छ। येशूले विश्वासीहरूलाई सत्यको वचन दिनको निम्ति बाइबलका पुस्तकहरू लेख्न सही मानिसहरूलाई सही समयमा सही किसिमले तयार पार्नुभयो। मत्तीको सुसमाचार सुरुका विश्वासीहरूको आत्मिकी आवश्यक्ता पुरा गर्न लेखिएको थियो। त्यसैले सुरुका विश्वासीहरूले मत्तीको सुसमाचार पढ्नुपर्थ्यो। त्यतिबेलाका विश्वासीहरूले मात्र होइन, यो पुस्तक अहिले हामीहरूले पनि पढ्नुपर्ने पुस्तक हो। यो पुस्तकमा धेरै महत्वपूर्ण विषयहरू छन्, जुन हाम्रो विश्वासको जगलाई बलियो तुल्याउनको निम्ति बुझ्नु अति आवश्यक छ। त्यसैले मत्तीको सुसमाचारद्वारा येशूले हामीलाई के-के कुरा सिकाउन चाहनुहुन्छ र यसको विशेषताहरू के-के हुन् भनी हेरौँ।

### १. गैरयहूदीहरूलाई परमेश्वरको मुक्तिको योजना सिकाउनु

मत्तीको सुसमाचार विशेषगरी यहूदी विश्वासीहरूको निम्ति लेखिएको थियो। यहूदी विश्वासीहरूको समस्या के थियो भने, उनीहरू पुस्तौंदेखि आफ्नो जातिमा केन्द्रित मानिसहरू थिए, जसको कारण उनीहरू गैरयहूदीहरूको निम्ति सजिलै हृदय खोल्न सक्दैन थिए। उनीहरू आफूलाई अरूभन्दा धेरै माथि ठान्थे किनकि उनीहरूले आफू मात्र परमेश्वरका जनहरू हौँ भनी विचार गर्थे। उनीहरूले गैरयहूदीहरूलाई कुकुर र सुँगुरको दर्जामा राख्ने गर्थे (मत्ती ७:६, १५:२६)। उनीहरूले प्रवासी यहूदीहरूलाई समेत घृणाको नजरले हेर्ने गर्थे किनकि तिनीहरू गैरयहूदीहरूको भूमिमा बसेकोले अन्यजाति संस्कृतिको कारण अशुद्ध भएका छन् भनी सोच्थे।

मत्तीले पवित्र आत्माको प्रकाशमा यो कुरा बुझे, कि परमेश्वरले अब्राहामसँग उत्पत्ति १२:१-३ मा गर्नुभएको करार पुरा गर्न येशू संसारमा आउनुभएको हो। यो करारको बारेमा हामी सात अध्यायमा विस्तृत रूपमा हेर्नेछौँ। तर छोटकरीमा भन्नुपर्दा, पहिले अब्राहाम र उनका सन्तानहरूले आशिष् पाउनेछन् अनि दोस्रो अब्राहामको एक जना सन्तानद्वारा (अर्थात् येशूद्वारा) संसारका सबै जातिहरूले आशिष् पाउनेछन् (उत्पत्ति १२:१-३)। येशू अब्राहामको सन्तानको रूपमा यो संसारमा आइसक्नुभएकोले, अब गैरयहूदीहरूलाई सुसमाचार प्रचार गर्ने बेला भइसक्यो भन्ने कुरा मत्तीले बुझे।

आफूले बुझेको यही कुरा यहूदीहरूलाई बुझाउनु मत्तीको मिसन थियो। त्यसैकारण मत्तीले सुरुदेखि अन्तसम्म गैरयहूदीहरूको उद्धारको सन्देश दोहोऱ्याई रहन्छन्। उनले मत्ती १:३-६ मा गैरयहूदी स्त्रीहरूको नाम उल्लेख गरेका छन् (तामार, राहाब, रूथ र उरियाहकी पत्नी बतशेवा)। यसो गर्नुको उद्देश्य भनेको आफ्नो जातिमा मात्र केन्द्रित यहूदीहरूलाई उनीहरूको पिता पुर्खाको जीवनमा कसरी परमेश्वरले गैरयहूदीहरूलाई सामेल गराउनुभयो भनी देखाउनु थियो। मत्तीले अर्को एउटा महत्वपूर्ण कुरा के देखाएका छन् भने येशूलाई आराधना गर्ने सबैभन्दा पहिलो व्यक्तिहरू गैरयहूदीहरू नै थिए (मत्ती २:१-२; पूर्वका ज्योतिषीहरू)।

येशूको दृष्टान्तहरू र आश्चर्यकर्महरूमा गैरयहूदीहरूको निम्ति परमेश्वरको योजना विस्तृत रूपले स्पष्ट गरिएको छ। प्रभु येशूले रोगहरू निको पार्नुभएका र दुष्ट आत्माबाट छुटकारा दिनुभएका अधिकांश मानिसहरू गैरयहूदीहरू, अथवा समाजमा उपेक्षित मानिसहरू थिए। मत्ती ८:५-१३ मा उल्लिखित ठुलो विश्वास भएको रोमी कप्तान र मत्ती १५:२१-२८ मा उल्लिखित कनानी स्त्री, अनि मत्ती २२:१-१४ मा उल्लिखित सडकहरूबाट बोलाइएका विवाह भोजका निम्तारुहरू, पाँच रोटी र दुई माछाबाट ५,००० जनाले खाएर उब्रेका बाह्र डाला टुक्राटाक्री रोटीहरू, सात रोटी र केही माछाले ४,००० जनाले खाएर उब्रेका सात डाला टुक्राटाक्री रोटीहरू, पछिल्लोचाहिँ पहिलो हुनेछ भन्ने दृष्टान्त र पिताको आज्ञापालन गर्ने छोराको दृष्टान्त– यी सबैले गैरयहूदीहरूको उद्धारको बारेमा बताउन खोजेको हो भनी बुझ्नुपर्छ।

मत्तीले सुसमाचारको अन्तमा येशूले दिनुभएको महान् आदेश उल्लेख गरेका छन्: "यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ, मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ। हेर, म युगको अन्त्यसम्म सधैँ तिमीहरूका साथमा छु" (मत्ती २८:१९-२०)। यहाँ उल्लिखित 'जातिहरू'ले (Greek: Panta ta Ethne) गैरयहूदीहरूको जातिहरूलाई बझाउँछ। यसरी मत्तीको सुसमाचारले सुरुदेखि अन्तसम्म धेरैपटक गैरयहूदीहरूमा सुसमाचार पुऱ्याउनुपर्ने कुरालाई जोड दिएको देख्न सकिन्छ।

## २. विस्तृत ईश्वरशास्त्रीय पुस्तक

चार सुसमाचारका पुस्तकहरूमध्ये मत्तीको सुसमाचारलाई ईश्वरशास्त्रीय पुस्तकको रूपमा लिन सकिन्छ किनभने यसले सात वटा जति ईश्वरशास्त्रीय विषयहरूलाई सम्बोधन गरेको छ– ख्रीष्टको सिद्धान्त, पवित्रीकरणको सिद्धान्त, स्वर्गको सिद्धान्त, मुक्तिको सिद्धान्त, इसाई अगुवापनको सिद्धान्त, अन्त्यको दिनको सिद्धान्त र मिसनको सिद्धान्त।

ख्रीष्टको सिद्धान्तको विषयमा मत्तीले येशूको स्पष्ट पहिचान दिएका छन्; जस्तै: राजाहरूका राजा, ख्रीष्ट, परमेश्वरका पुत्र, मानिसको पुत्र, अब्राहाम र दाऊदको सन्तान, इम्मानुएल, स्त्रीको सन्तान, उद्धारका प्रभु, फेरि आउनुहुने प्रभु आदि। विशेषगरी मत्ती १६:१६ मा पत्रुसले येशूको बारेमा गरेको प्रख्यात स्वीकार निकै महत्वपूर्ण छ: "तपाईं ख्रीष्ट हुनुहुन्छ, जीवित परमेश्वरका पुत्र।" येशूले पत्रुसलाई 'यही स्वीकारको चट्टानमाथि मेरो मण्डली स्थापना गर्नेछु' भन्नुभयो। मत्तीको सुसमाचारमा ख्रीष्टको सिद्धान्त  संक्षिप्त रूपमा उल्लेख गरिएको छ भने यूहन्नाको सुसमाचारमा विस्तृत रूपमा उल्लेख गरिएको छ।

मत्ती ५ देखि ७ अध्यायहरूमा शुद्धिकरणको विषयमा चर्चा गरिएको छ। यस खण्डलाई येशूले डाँडाबाट दिनुभएको उपदेश भनिन्छ। यहाँ महत्वपूर्ण शिक्षाहरू उल्लेख गरिएका छन्; जस्तै: आठ वटा आशिषहरू, सिद्ध विश्वासी जीवन, व्यवस्था पालन, नुन र ज्योति, पाखण्डीपनको विरुद्ध चेताउनी, दुई मालिकको सेवा नगर्नू, प्रभुले सिकाउनु भएको प्रार्थना, आफ्नो भाइको आँखामा भएको धुलोको कण, माग, खोज र ढकढकाऊ, साँघुरो र साँघुरो ढोका आदि। मत्ती १३:१-५० मा स्वर्गको सिद्धान्तको बारेमा येशूले 'परमेश्वरको राज्यको रहस्य' भन्ने विषयमा सात वटा दृष्टान्तहरू दिनुभयो– बिउ छर्नेको दृष्टान्त, सामाको दृष्टान्त, रायोको दानाको दृष्टान्त, खमिरको दृष्टान्त, लुकिएको गाडधनको दृष्टान्त, बहुमूल्य मोतिको दृष्टान्त र माछा पक्रने जालको दृष्टान्त छन्।

थोरै अर्थात् उहाँका चुनिएका चेलाहरूले मात्र रहस्यको कुरा बुझून् भन्ने हेतुले येशूले दृष्टान्तहरूमा बोल्नुभयो (मत्ती १३:३५)। अर्को अर्थमा भन्नुपर्दा, आफूले चुनेका चेलाहरूले परमेश्वरको राज्यको रहस्य बुझून् र त्यसलाई उनीहरूले विभिन्न राष्ट्रहरूमा छरपस्ट भएका चुनिएका मानिसहरूको बिचमा पुऱ्याउन् भन्ने चाहना येशूले राख्नुभएको थियो।

| | |
|---|---|
| | **ख्रीष्टको सिद्धान्त । येशूको पहिचान** |
| १ | • येशू परमेश्वरका पुत्र (३:१७)<br>• येशू मानिसको पुत्र (८:२०)<br>• येशू राजाहरूका राजा (१:२-१६)<br>• येशू ख्रीष्ट (१६:१६)<br>• येशू उद्धारक प्रभु (१:२१)<br>• येशू दोस्रोपटक आउनुहुने प्रभु (२४:३)<br>• येशू स्त्रीको सन्तान (१:१८-१९)<br>• येशू इम्मानुएल (१:२३)<br>• येशू अब्राहाम र दाऊदको सन्तान (१:१) |
| | **पवित्रिकरणको सिद्धान्त । डाँडाको उपदेश (मत्ती ५-७)** |
| २ | • आशिषित विश्वासी हुनु भनेको के हो?<br>• सिद्ध विश्वासी हुनु<br>• व्यवस्था पुरा गर्नु |
| | **स्वर्गको सिद्धान्त । स्वर्गको राज्यको रहस्य - ७ दृष्टान्तहरू (मत्ती १३)** |
| ३ | • बिऊ छर्नेको दृष्टान्त<br>• सामाको दृष्टान्त<br>• रायोको दानाको दृष्टान्त<br>• खमिरको दृष्टान्त<br>• गाढ़धनको दृष्टान्त<br>• मोतीको दृष्टान्त<br>• जाल हान्नेको दृष्टान्त |
| | **मुक्तिको सिद्धान्त । येशूको रगत, क्रूस र पुनरुत्थान** |
| ४ | • योनाको चिन्ह (१२:३९, १६:४)<br>• येशूको मृत्यु र पुनरुत्थान (मत्ती २६-२८) |
| | **इसाई अगुवापनको सिद्धान्त (मत्ती २३)** |
| ५ | • येशू ख्रीष्ट मात्र प्रभु हुनुहुन्छ<br>• व्यवस्थाका शिक्षकहरू र फरिसीहरूलाई सात धिक्कारहरू |
| | **अन्त्यको दिनका सिद्धान्त । जैतुन डाँडाको शिक्षा (मत्ती २४-२५)** |

| | |
|---|---|
| ६ | • अन्यको दिनको चिन्हहरू<br>• मण्डली उठाई लगिने विषयमा सात वटा दृष्टान्तहरू |
| | **मिसनको सिद्धान्त । सुसमाचार फैलाउने विषयको शिक्षा** |
| ७ | • सुरुमा सुसमाचार यहूदीहरूलाई दिइनेछ<br>• दोस्रोमा सुसमाचार छरपस्ट भएका यहूदीहरूमा पुऱ्याइनेछ<br>• तेस्रोमा सुसमाचार गैरयहूदीहरूमा प्रचार गरिनेछ |

**तालिका ३-३.** मत्तीको सुसमाचारमा भएका ईश्वरशास्त्रीय सिद्धान्तहरू

उद्धारको सिद्धान्तको विषयमा उहाँले प्रत्यक्ष र अप्रत्यक्ष रूपमा आफू क्रूसमा मर्ने र तेस्रो दिनमा जीवित भई उठ्ने भविष्यवाणी गर्नुभयो। मत्ती १२ अध्यायमा येशूले योनालाई उद्धृत गर्दै आफू मरेको तेस्रो दिनमा जीवित भई उठ्ने कुरा बताउनुभयो (मत्ती १२:३९, १६:४)। अरू ठाउँहरूमा पनि येशूले आफू क्रूसमा मर्ने र तेस्रो दिनमा जीवित भई उठ्ने कुरा बताउनुभयो (मत्ती १६:२१; १७:२२; २०:१९)। मत्ती २६ देखि २८ अध्यायहरूमा 'उद्धारको सिद्धान्त'बारे धेरै शिक्षाहरू उल्लेख गरिएका छन्।

इसाई अगुवापनको सिद्धान्तबारे मत्ती २३ अध्यायमा चर्चा गरिएको छ। यो पुरा अध्याय अगुवापनको विषयमा लेखिएको छ। यो अध्यायमा येशूले गुरु कहलाइन चाहना नगर; तिमीहरूमा जो ठुलो हुन चाहन्छ, त्यो सबैको सेवक हुनुपर्छ; र जसले आफूलाई उचाल्छ त्यो होच्याइनेछ भन्नुभएको छ। अनि उहाँले फरिसी र व्यवस्थाका शास्त्रीहरूलाई भन्नुभएको सात वटा धिक्कारहरू पनि यही अध्यायमा पाउन सकिन्छ। यहाँ येशूले ती यहूदी अगुवाहरूलाई पाखण्डी भनी हप्काउनु भएको छ।

अन्त्यका दिनको सिद्धान्तबारे येशूले जैतुन डाँडाबाट शिक्षा दिनुभयो (मत्ती २४ र २५ अध्याय)। यो खण्डले अन्त्यका दिनका चिन्हहरू र थुमाको दुलही बन्न आवश्यक योग्यताहरूको बारेमा विस्तृत रूपमा चर्चा गरेको छ। यहाँ उठाई लगिनको निम्ति पुरा गर्नुपर्ने सर्तहरू पनि उल्लेख छन्। यहाँ येशूले अन्त्यका दिनका बारेमा दिनुभएका स्पष्ट भविष्यवाणीहरू पाउन सकिन्छ; जस्तै: बहुधर्मवादको प्रभाव, लडाइँ, अनिकाल, भूकम्प, विश्वासीहरूप्रति संसारको घृणा र सातवट, सुसमाचार सारा जातिहरूमा पुऱ्याइने, इस्राएल देशको पुनर्स्थापना, यरूशलेम मन्दिरको पुनर्निर्माण आदि।

विशेषगरी येशूले भन्नुभएको बहुधर्मवादको उदय र त्यसको प्रभावको विषयमा हामीले गहिरिएर विचार गर्नुपर्छ। अन्त्यको दिनहरूमा धेरै झूटा अगमवक्ताहरू र झूटा ख्रीष्टहरू खडा हुनेछन् अनि मानिसहरूले ख्रीष्ट यहाँ छन्, कि त्यहाँ छन् भनी भन्नेछन् भनी येशूले घोषणा गर्नुभयो (मत्ती २४:४-५, २३-२८)। यसको अर्थ यो हो, कि मानिसहरूले गलत सुसमाचार प्रचार गर्नेछन् र येशू ख्रीष्ट सबै धर्ममा विद्यमान हुनुहुन्छ भनी सिकाउनेछन्। तिनीहरूले सबै धर्महरूमा परमेश्वर र ख्रीष्ट हुनुहुन्छ तर नाम मात्र फरक हो भनी सिकाउनेछन्। जुन धर्म अपनाए पनि अन्त्यमा स्वर्ग जान सकिन्छ भनी झूटा शिक्षकहरूले सिकाउनेछन्।

यस किसिमको झूटो शिक्षाद्वारा धेरै इसाईहरू धोकामा पर्नेछन् भनी येशूले पहिल्यै बताउनुभयो। इसाई जगतमा अहिले देखिएको परिदृश्यहरूले अब साँच्चै यो कुरा पुरा हुँदैछ भनी अनुमान लगाउन सकिन्छ। रोमन क्याथोलिक चर्च, इस्टर्न अर्थोडक्स चर्च, इस्टर्न राइट क्याथोलिक चर्च, इपिस्कोपलिन चर्च, र एंग्लिकन चर्चहरूमा यसको प्रत्यक्ष प्रभाव देखिन थालेको छ। त्यतिमात्र होइन मेथोडिस्ट, ब्याप्टिस्ट, प्रेसबेटेरियन, कंग्रिगेसनल, र सेल्भेसन आर्मीजस्ता सम्प्रदायहरूमा पनि बहुधर्मवादले आक्रमण गर्न खोजेको देखिन्छ। तसर्थ अहिलेको इसाई जगतको निम्ति सबै बन्दा ठूलो जोखिम भनेको बहुधर्मवादको प्रभाव नै हो।

मिसनको विषयमाचाहिँ मत्तीले अब्राहामको करारलाई उल्लेख गरेका छन्। पुरा सुसमाचारभरि उनी मुक्तिको विषयमा यहूदी र गैरयहूदीहरूको सम्बन्धमा चर्चा गर्दछन्। विशेषगरी दुई माछा र पाँच रोटी अनि सात रोटी र केही माछाबाट प्रभुले हजारौँलाई खुवाउनुभएको र बचेका थुप्रै टुक्राटाक्रीहरूबाट त्यो कुरा बुझ्न सकिन्छ। चार वटा सुसमाचारको पुस्तकहरूको मुख्य विषय र मुख्य सन्देश नै परमेश्वरको मिसन हो। यो विषयमा हामी विस्तृत रूपमा पछि सात अध्यायमा सिक्नेछौं।

## ग. मत्तीको पुस्तकको बनावट

मत्तीको पुस्तकमा २८ अध्यायहरू छन्। यी सबै अध्यायहरू क्रमिक रूपमा मिलाएर लेखिएका छन्। यिनीहरूलाई आठ खण्डहरूमा विभाजन गर्न सकिन्छ। विशेषगरी यो विभाजनचाहिँ समय अवधि अथवा स्थानको आधारमा गर्न सकिन्छ। अझ विस्तत रूपमा जाने हो भने येशूले दिनुभएको शिक्षाको आधारमा पनि यसलाई विभाजन गर्न सकिन्छ। हामी तलको तालिका ३-४ मा मत्तीको पुस्तकको संरचनाको विभाजनलाई हेर्नेछौँ, जसबाट हामीले मत्तीको पुस्तकको झलक स्पष्ट देख्न सक्नेछौँ।

| | वचन खण्ड | विवरण |
|---|---|---|
| १ | मत्ती १:१-२:२३ | येशूको जन्म र बाल्यकाल |
| २ | मत्ती ३:१-४:११ | येशूको सेवकाइको तयारी |
| ३ | मत्ती ४:१२-१५:२० | गालील क्षेत्रमा येशूको सेवकाइ |
| ४ | मत्ती १५:२१-२८ | येशूको टुरोस र सिदोन क्षेत्रको सेवकाइ |
| ५ | मत्ती १५:२९-१८:३५ | गालीलमा फर्केपछि येशूको सेवकाइ |
| ६ | मत्ती १९:१-२०:३४ | यहूदिया क्षेत्रमा येशूको सेवकाइ |
| ७ | मत्ती २१:१-२७:६६ | येशूको कष्टको हप्ता |
| ८ | मत्ती २८:१-२० | येशूको पुनरुत्थान र महान् आदेश |

**तालिका ३-४.** मत्तीको पुस्तकका मुख्य ८ खण्डहरू

## १. मत्तीको पुस्तकको आठ मुख्य खण्डहरू

मत्तीको पुस्तकमा आठ वटा मुख्य खण्डहरू छन्– येशूको जन्म र बाल्यकाल (मत्ती १:१-२:२३), येशूको सेवकाइको तयारी (मत्ती ३:१-४:११), गालील क्षेत्रमा येशूको सेवकाइ (मत्ती ४:१२-१५:२०), येशूको टुरोस र सिदोन क्षेत्रको सेवकाइ (मत्ती १५:२१-२८), गालीलमा फर्केपछि येशूको सेवकाइ (मत्ती १५:२९-१८:३५), यहूदिया क्षेत्रमा येशूको सेवकाइ (मत्ती १९:१-२०:३४), येशूको कष्टको हप्ता (मत्ती २१:१-२७:६६), र येशूको पुनरुत्थान र महान् आदेश (मत्ती २८:१-२०)। माथिको तालिका यसको सारांश हो।

## २. मत्तीको पुस्तकको विस्तृत संरचना

तालिका ३-४ मा उल्लिखित आठ वटा खण्डहरूभित्र धेरै महत्वपूर्ण विवरणहरू समेटिएका छन्। अब हामी ती विवरणहरूलाई एक-एक गरी हेर्नेछौं।

### (१) येशूको जन्म र बाल्यकाल

मत्तीको सुसमाचार येशूको जन्म र बाल्यकालको विवरणबाट सुरु हुन्छ। पुस्तकको सुरुमा मत्तीले येशूको वंशावली उल्लेख गरेका छन्। त्यहाँ उहाँ अब्राहाम र दाऊदको सन्तान हुनुहुन्छ भन्ने कुरामा जोड दिएको छ। मत्तीले यहूदीहरूलाई यो कुरा बताउन चाहन्छन्, कि येशू उत्पत्ति ३:१५ मा प्रतिज्ञा गरिएको स्त्रीको सन्तान हुनुहुन्छ। उहाँ कन्या मरियमबाट जन्मनुभएको उद्धारकर्ता हुनुहुन्छ। मत्ती यहाँ यो कुरा स्पष्ट पार्न चाहन्छन्, कि येशूको जन्मले पुरानो करारका अगमवक्ताहरू– यशैया, यर्मिया, मीका र होशेले गरेको भविष्यवाणी पुरा भएको छ। त्यतिमात्र नभएर, येशू भविष्यवाणी गरिएको नासरी हुनुहुन्छ भन्ने कुरालाई पनि मत्तीले जोड दिएका छन्।

### (२) येशूको सेवकाइको तयारी

मत्तीले येशूको बाल्यकालको बारेमा कम मात्र लेखेका छन्। उनी एकैचोटि फड्को मारेर येशूको सार्वजनिक सेवकाइको तयारीको समयमा जान्छन्। येशू आउनुहुने बाटो तयार गर्न बप्तिस्मा दिने यूहन्नाको आगमन हुन्छ। यो कुरा येशूको आगमनभन्दा करिब ४०० वर्षअघि

मलाकीले गरेको भविष्यवाणी (मलाकी ४:५-६) र करिब ७०० वर्षअघि यशैयाले गरेको भविष्यवाणी (यशैया ४०:३) पुरा भएको हो। सेवकाइ सुरु गर्नुभन्दा पहिले येशू गालीलबाट यर्दन नदीमा जानुभएर यूहन्नाबाट पानीको बप्तिस्मा लिनुभयो। चालीस दिन उपवासपछि दियाबलसद्वारा परीक्षित हुनुभयो। त्यसपछि उहाँ गालीलको नासरतमा फर्कनुभयो।

| | **येशू ख्रीष्टको जन्म र बाल्यकाल (मत्ती १:१-२:२३)** |
|---|---|
| १ | **वंशावली (१:१-१७)**<br>● अब्राहामको सन्तान, दाऊदको सन्तान<br>● चार जना अन्यजाति स्त्रीहरू (तामार, राहाब, रूथ र बतशेबा) |
| २ | ● **जन्म (१:१८-२:१२)**<br>● स्त्रीको सन्तान "कन्याबाट जन्म" (१:१८-१९)<br>● "येशू", मुक्तिदाताको नाम (१:२१)<br>● इम्मानुएल (१:२३, यशैया ७:१४ पुरा भएको)<br>● बेथलेहेम (२:१, मिका ५:२ पुरा भएको)<br>● पूर्वका ज्ञानीहरू (२:१-१२, "राजाहरूका राजा") |
| ३ | **मिश्रमा भागेको र नासरतमा फर्केको (२:१३-२३)**<br>● मिश्रमा भागेको (२:१३-१८, होशे ११:१)<br>● नासरतमा फर्केर त्यहाँ बसोबास गरेको (२:१९-२३)<br>● नासरतका येशू (२:२३) |

**तालिका ३-५.** येशू ख्रीष्टको जन्म र बाल्यकाल

## (३) गालील क्षेत्रमा येशूको सेवकाइ

येशूको सार्वजनिक सेवकाइको सुरुवात गालील क्षेत्रको कफर्नहुम भन्ने ठाउँबाट भएको थियो। मत्तीले आफ्नो पुस्तकको २८ अध्यायहरूमध्ये सुरुको १० अध्यायहरू येशूको गालील क्षेत्रमा गर्नुभएको सेवकाइको बारेमा लेखेका छन्। येशू आफ्नो गाउँ नासरत छोडेर गालील समुद्रको किनारमा अवस्थित कफर्नहुममा सर्नुभयो। अनि यो कफर्नहुम येशूको तीन वर्षको सेवकाइको निम्ति मिसन केन्द्र नै बनेको थियो।

| | येशू ख्रीष्टको सेवकाइको तयारी (मत्ती ३:१-४:११) |
|---|---|
| १ | **परमेश्‍वरले बप्तिस्मा दिने यूहन्नालाई पठाउनुभयो (३:१-१२)**<br>• येशूको निम्ति बाटो तयार गर्न |
| २ | **येशूले यर्दन नदीमा बप्तिस्मा लिनुभयो (३:१३-१७)**<br>• त्रिएक परमेश्‍वर (३:१६-१७)<br>• येशू, परमेश्‍वरका पुत्र (३:१७) |
| ३ | **उजाडस्थानमा येशूको परीक्षा भएको (४:१-११)** |

**तालिका ३-६.** येशूको सेवकाइको तयारी

येशूले सेवकाइ सुरु गर्नुहुँदा सबैभन्दा पहिले बाह्र जना चेलाहरूलाई चुन्नुभयो (मत्ती १०:२-३)। उहाँले ती चेलाहरूलाई साथमा लिएर गालील क्षेत्रमा आफ्नो सन्देश फैलाउँदै, दृष्टान्तहरूमा सिकाउँदै र आश्‍चर्यकर्महरू गर्दैहिँड्नुभयो। उहाँको शिक्षाहरूमध्ये डाँडाको उपदेश (मत्ती ५-७) धेरै प्रख्यात मानिन्छ। यो शिक्षालाई डाँडाको उपदेश भन्नुको कारण डाँडाबाट कफर्नहुमतिर फर्केर सिकाउनु भएकोले गर्दा हो। डाँडाको उपदेशको मुख्य शिक्षा आशिष् पाउने मानिसको विषयमा थियो। मत्तीको सुसमाचारको यी तिन अध्यायहरू इसाई पवित्रीकरणको सिद्धान्तसँग सम्बन्धित छन्।

त्यसपछि येशूले चेलाहरूलाई आफ्नो सही पहिचान बुझाउन प्रयत्न गर्नुभयो। धेरै आश्‍चर्यकर्महरूद्वारा (मत्ती ८:१-९:३८, १४:१३-१५:२०), र शिक्षाहरूद्वारा (मत्ती ११:१-

१४:१२) येशूले चेलाहरूलाई आफू को हुँ र किन यो संसारमा आउनुपरेको हो अनि उहाँले तिनीहरूबाट के अपेक्षा गर्नुहुन्छ भनी बताउनुभयो। यो सबै कुराहरू येशूले गालील क्षेत्रमा सेवकाइ गर्दाखेरि भन्नुभएको र सिकाउनुभएको थियो।

| | येशूको गालीलको सेवकाइ (मत्ती ४:१२-१५:२०) |
|---|---|
| १ | **येशू नासरतमा फर्कनुभएको (४:१)** |
| २ | **कफर्नहुममा बसोबास गर्नुभएको (४:१३-१७)**<br>• कफर्नहुम येशूको ३ वर्षीय सेवकाइको केन्द्र थियो |
| ३ | **येशूले आफ्ना सुरुका ४ चेलाहरूलाई बोलावट दिनुभएको (४:१८-२२)**<br>• अन्द्रियास, पत्रुस, याकूब र यूहन्ना |
| ४ | **येशूले रोगीहरूलाई निको पार्नुभएको र दुष्टआत्मा निकाल्नुभएको (४:२३-२५)** |
| ५ | **डाँडाको उपदेश (५:१-७:२९)**<br>• आशिषको सन्देशहरू (५:३-१२)<br>• नुन र ज्योति (५:१३-१६)<br>• व्यवस्था र अनुग्रह (५:१७-४८)<br>• प्रभुले सिकाउनुभएको प्रार्थना (६:९-१३)<br>• दुई मालीकहरू (६:१९-२४)<br>• साँघुरो बाटो (७:१३-१४)<br>• चट्टानमाथि बसालिएको घर (७:२४-२७) |
| ६ | **येशूको आश्चर्यकर्महरू (८:१-९:३८)**<br>• कुष्ठरोग लागेको मानिस निको पारिएको ८:२-४)<br>• कप्तानको नोकर निको पारिएको (८:५-१३)<br>• पत्रुसकी सासू निको पारिएको (८:१४-१५)<br>• आँधीलाई शान्त गराउनुभएको (८:२३-२७)<br>• दुष्टआत्मा निकालिएको (८:२८-३४)<br>• पक्षघाती निको पारिएको (९:१-८)<br>• मत्तीलाई चेलाको रूपमा बोलावट भएको (९:९-१३)<br>• याइरसकी छोरी जीवत पारिएकी (९:१८-२६) |

| | |
|---|---|
| | • रोगीहरू निको पारिएका (९:२७-३८) |
| ७ | **येशूले १२ चेलाहरू पठाउनुभएको (१०:१-४२)** |
| ८ | **येशूको शिक्षाहरू (११:१-१४:१२)**<br>• येशूले बप्तिस्मा दिने यूहन्नाको सेवकाइको तारिफ गर्नुभएको (११:१-१९)<br>• पश्चाताप नगर्ने सहरहरूलाई धिक्कार (११:२०-२४)<br>• परमेश्वरको राज्यको रहस्य (११:२५-३०)<br>• येशू शबाथको प्रभु (१२:१-१४)<br>• शैतानको पहिचान (१२:२२-३७)<br>• योनाको चिन्ह (१२:३८-४५)<br>• स्वर्गको राज्यको बारेमा सात वटा दृष्टान्तहरू (१३:१-५२)<br>• बप्तिस्मा दिने यूहन्नाको मृत्यु (१४:१-१२) |
| ९ | **प्रकृतिमाथि येशूको प्रभुत्व (१४:१३-३३)**<br>• ५,००० लाई पाँच रोटी र दुई माछाले खुवाउनुभएको (१४:१३-२१)<br>• येशू पानीमाथि हिँड्नुभएको (१४:२२-३३) |
| १० | **गनेसरेतमा येशूको सेवकाइ (१४:३४-१५:२०)**<br>• येशूको वस्त्र छोएर रोगीहरू निको भएका (१४:३४-३६)<br>• अशुद्ध कुरा (१५:१-२०) |

**तालिका ३-७.** येशूको गालीलको सेवकाइ

## (४) येशूको टुरोस र सिदोनको सेवकाइ

सेवकाइको क्रममा अर्को महत्वपूर्ण कुराचाहिँ येशूले चेलाहरूलाई अरू जातिहरूको माझमा गर्नुपर्ने सेवाको बारेमा सिकाउन चाहनुहुन्थ्यो। त्यसको निम्ति उहाँले टुरोस र सिदोन क्षेत्रहरू रोज्नुभयो जुन अहिलेको लेबनान देशमा पर्दछन्। येशूको सेवाको समयमा उहाँलाई पछ्याउन टुरोस र सिदोनबाट धेरै मानिसहरू कफर्नहुममा आउने गर्थे। गैरयहूदी भए तापनि येशूले गालीलीहरूलाई भन्दा पनि उनीहरूलाई धेरै प्रेम देखाउनुभयो। टुरोस र सिदोनका मानिसहरूले हृदय खोलेर येशूलाई स्वीकार गरेका थिए तर गालीलका मानिसहरूले येशूले गर्नुभएका धेरै आश्चर्यकर्महरू देखेर पनि हृदय खोलेर उहाँलाई स्वीकार गरेका थिएनन् (मत्ती ११:२०-२४)।

त्यसैकारण येशूले धेरैपटक गालीलका मानिसहरूको खण्डन गर्नुभयो (मत्ती १०:१५, ११:२०-२४)। "धिक्कार तँलाई, ए खोराजिन! धिक्कार तँलाई, ए बेथसेदा! किनकि तिमीहरूमा गरिएका शक्तिशाली कामहरू टुरोस र सीदोनमा गरिएका भए तिनीहरूले उहिले नै भाङ्ग्रा लाएर र खरानी धसेर पश्चाताप गरिसक्नेथिए। तर म तिमीहरूलाई भन्दछु, न्यायको दिनमा तिमीहरूकोभन्दा त टुरोस र सीदोनको हालत बढ़ी सहनीय हुनेछ" (मत्ती ११:२१-२२)। यहाँ येशूले गालीललाई सम्बोधन गर्नुभएको छ जुन उहाँको सेवकाइको केन्द्र थियो तर उनीहरूले गैरयहूदीहरूको सहर टुरोस र सिदोनले जति पनि उहाँलाई ग्रहण गरेका थिएनन्।

एकदिन येशू टुरोस र सिदोन सहरमा जानुभयो। त्यहाँ उहाँले कनानी स्त्रीकी छोरीलाई निको पार्नुभयो। उहाँले चेलाहरूकै सामु त्यो स्त्रीको ठुलो विश्वासको तारिफ पनि गर्नुभयो। उहाँका चेलाहरू गैरयहूदीहरूलाई तुच्छ ठान्थे (मत्ती १५:२१-२८)। यस घटनाद्वारा येशूले चेलाहरूलाई गैरयहूदीहरूलाई हेर्ने नजर परिवर्तन गरेर उनीहरूको विचार परिवर्तन गर्न तालिम दिन चाहनुहुन्थ्यो। त्यसो गर्न आवश्यक थियो किनभने येशूले ती चेलाहरूलाई गैरयहूदी क्षेत्रहरू– सामरिया, सिरिया, टर्की, ग्रीस, अफ्रिका र सम्पूर्ण रोमी साम्राज्यमा मिसनेरीको रूपमा पठाउनको निम्ति चुन्नुभएको थियो।

| | टुरोस र सिदोनमा येशूको सेवकाइ (१५:२१-२८) |
|---|---|
| १ | **कनानी स्त्रीको छोरीबाट दुष्टआत्मा निकालिएको (मत्ती १५:२१-२८)**<br>● येशूको गैरयहूदीहरूप्रतिको प्रेम |

**तालिका ३-८. येशूको टुरोस र सिदोनको सेवकाइ**




चित्र ३-२. इस्राएल र वरिपरिका क्षेत्रहरू

## (५) गालीलमा फर्केपछि येशूको सेवकाइ

येशू टुरोस र सिदोनबाट गालीलमा फर्कनुभएपछि चेलाहरूलाई आफ्नो पहिचानको बारेमा निरन्तर सिकाउन लाग्नुभयो। उहाँले आश्चर्यकर्महरूद्वारा (मत्ती १५:२९-३१), सात रोटी र केही माछाबाट चार हजारलाई खुवाउनु भएको घटनाद्वारा (मत्ती १५:३२-३९), योनाको चिन्हद्वारा (मत्ती १६:१-१२), पत्रुसको स्वीकारद्वारा (मत्ती १६:१३-२०), र उहाँको आउँदैगरेको मृत्यु र पुनरुत्थानको भविष्यवाणीद्वारा (मत्ती १६:२१-२८) तिनीहरूलाई आफ्नो सही पहिचान सिकाउनुभयो।

येशूले चेलाहरूलाई आफ्नो पहिचान सिकाउनुभएको एउटा महत्वपूर्ण घटनाचाहिँ पहाडमा उहाँको रूप परिवर्तन भएको घटना थियो। येशूले आफ्ना तिन जना चेलाहरू– पत्रुस, याकूब र यूहन्नालाई तेस्रो स्वर्गको दर्शन देखाउनुभयो (१ कोरिन्थी १२:२-४)। त्यहाँ उहाँको स्वरूप चम्किलो ज्योतिजस्तै भयो। त्यति मात्र नभएर उहाँले त्यतिबेला मोशा र एलियासँग कुरा पनि गर्नुभयो। अनि परमेश्वर पिताको यस्तो आवज त्यहाँ सुनियो: "यिनी मेरा प्रिय पुत्र हुन् जोसँग म प्रसन्न छु, तिमीहरूले यिनका कुरा सुन।" यहाँ स्वयम् पिता परमेश्वरले येशूको सही पहिचानलाई प्रकट गर्नुभएको छ। यो घटना समदृष्टि सुसमाचारको सबै पुस्तकहरूमा उल्लेख गरिएका छन् (मत्ती १७:१-१३; मर्कूस ९:२-१३; लूका ९:२८-३६)। उक्त अलौकिक घटनालाई पत्रुसले एक दशकपछि स्मरण गरी आफ्नो दोस्रो पत्रमा उल्लेख गरेका छन् (२ पत्रुस १:१७-१८)।

## (६) यहूदिया क्षेत्रमा येशूको सेवकाइ

यो समयसम्म आइपुग्दा येशूको तिन वर्षको सेवकाइ सकिन लागेको थियो। अब येशू यरूशलेमको मोरिया पहाडतिर जानुपर्ने थियो (उत्पत्ति २२:२)। त्यहाँ उहाँले क्रूसमा प्रायश्चितको बलिदानको सेवा पुरा गर्नुपर्ने थियो (१ कोरिन्थी २:७, रोमी १६:२५-२६, एफिसी १:३-१४, १ पत्रुस १:१९-२०, २ तिमोथी १:९) जुन कुरा संसारको सृष्टि हुनुअघि नै तय गरिएको थियो। यरूशलेम जाने बाटोमा येशूले यहूदियामा भएका परमेश्वरका सन्तानहरूसँग समय बिताउनुभयो। उहाँले तिनीहरूलाई भन्नुभयो, कि उहाँ निस्तारको थुमाको रूपमा यरूशलेम प्रवेश गर्नु र प्रायश्चितको बलिदान हुनु आवश्यक छ (संसारको पाप उठाई लैजानको निम्ति)।

| | येशूको गालीलमा फर्केपछिको सेवकाइ |
|---|---|
| १ | **चङ्गाइको सेवकाइ (१५:२९-३१)**<br>● येशूले लङ्गडा, लुला, गुँगा र अन्धालाई निको पार्नुभयो |
| २ | **सात रोटी र केही माछाले ४,००० लाई खुवाउनुभएको (१५:३२-३९)**<br>● येशूले सात रोटी र केही माछाले ४,००० पुरुषहरूलाई खुवाउनुभयो<br>● उब्रेका टुक्राटाक्रीहरू सात डाला थिए |
| ३ | **योनाको चिन्ह (१६:१-१२)** |
| ४ | **पत्रुसको स्वीकार (१६:१३-२०)**<br>● येशू जीवित परमेश्वरका पुत्र<br>● येशू ख्रीष्ट (मसिह) |
| ५ | **येशूले आफ्नो मृत्यु र पुनरुत्थानको बारेमा पहिलोपटक बताउनुभएको (१६:२१-२८)** |
| ६ | **येशूको रूप परिवर्तन भएको (१७:१-१३)**<br>● येशूले पत्रुस याकूब र यूहन्नालाई आफूसँग लानुभयो (१७:१)<br>● यिनी मेरा प्रिय पुत्र हुन्, जोसँग म अति प्रसन्न छु (१७:५) |
| ७ | **रायोको दानाजस्तो विश्वास (१७:१४-२१)** |
| ८ | **येशूले आफ्नो मृत्यु र पुनरुत्थानको बारेमा दोस्रोपटक बताउनुभयो (१७:२२-२३)** |
| ९ | **माछाको मुखमा सिक्का (१७:२४-२७)** |
| १० | **स्वर्गको राज्यमा सबैभन्दा ठुलो को हो? (१८:१-३५)**<br>● जसले आफैलाई बालकझैँ होच्याउछ (१८:१-५)<br>● अरूलाई ठेस लगाउने (१८:६-११)<br>● उनान्सय भेडा र एउटा हराएको भेडा (१८:१२-१४)<br>● आफ्नो भाइलाई सत्तरी गुणा सातपटक क्षमा गर्नु (१८:१५-३५) |

**तालिका ३-९.** गालीलमा फर्केपछिको येशूको सेवकाइ


| | येशूको यहूदियाको सेवकाइ (मत्ती १९:१-२०:३४) |
|---|---|
| १ | विवाह र पारपाचुके सम्बन्धी विवाद (१९:१-१२) |
| २ | येशूले साना बालकहरूलाई आशिष् दिनुभएको (१९:१३-१५) |
| ३ | एक धनी युवक (१९:१६-३०) |
| ४ | दाखबारीमा काम गर्ने खेतालाको दृष्टान्त (२०:१-१६) |
| ५ | येशूले आफ्नो मृत्यु र पुनरुत्थानको बारेमा तेस्रोपटक बताउनुभएको (२०:१७-१९)) |
| ६ | **सेवा सम्बन्धी शिक्षा (२०:२०-२८)**<br>● मानिसको पुत्र सेवा लिन होइन तर सेवा दिन आएको हो<br>● अनि धेरैका पापको प्रायश्चितको लागि आफ्नो जीवन अर्पण गर्न आएको हो |
| ७ | येशूले यरिहोमा दुई अन्धा मानिसहरूलाई निको पार्नु भएको (२०:२९-३४) |

**तालिका ३-१०.** यहूदिया क्षेत्रमा येशूको सेवकाइ

## (७) येशूको कष्टको हप्ता

कष्टको हप्ता भनेको येशू यरूशलेममा प्रवेश गर्नुभएको दिनदेखि कलवरीको क्रूसमा बलिदान हुनुभएको अन्तिम हप्तालाई बुझाउँछ। यो हप्तामा यहूदीहरूको पात्रोअनुसार तिन वटा चाडहरू पर्दछन् (निस्तार चाड, अखमिरी रोटीको चाड र अगौटे फलको चाड)।

यहूदी पात्रोअनुसार निस्तार चाड पहिलो महिनाको पन्ध्रौँ दिनमा पर्छ, अखमिरी रोटीको चाड पन्ध्रौँ दिनदेखि बाइसौँ दिनसम्म रहन्छ र अगौटे फलको चाड पहिलो महिनाको सत्रौँ दिनमा पर्छ (लेवी २३:४-१४)। यहाँ हामीले बुझ्नुपर्ने महत्वपूर्ण कुरा के छ भने, यहूदीहरूको दिन गन्ने तरिका हाम्रोभन्दा फरक छ। प्रायः हाम्रो दिन राति बाह्र बजे सुरु भएर अर्को रात बाह्र बजे सकिन्छ तर यहूदीहरूको दिनचाहिँ साँझ छ बजे सुरु भएर अर्को दिन साँझ छ बजे सकिन्छ (उत्पत्ति १:५)। निस्तार चाड पहिलो महिनाको चौधौँ दिनको साँझ सुरु हुन्छ भनेर लेवी २३:५ मा लेखिएको छ। त्यसैले निस्तार पहिलो महिनाको चौधौँ दिनको साँझ ६ बजे सुरु भएर पन्ध्रौँ दिनको साँझ ६ बजे सकिन्छ (तालिका ३-१२ हेर्नुहोस्)।




**तालिका ३-१२. यहूदीहरूको दिन**

चार सुसमाचारको पुस्तकहरूमा उल्लिखित समयहरू यहूदी समय प्रणालीअनुसार लेखिएका हुनाले विशेषगरी येशूको कष्टको हप्तामा पर्ने चाडहरूको समयलाई हामीले यही प्रणालीअनुसार हेर्नुपर्छ। यो कुरा निकै महत्वपूर्ण छ, किनकि हामीले यहूदीहरूको समय प्रणाली बुझेर येशूको कष्टको हप्तामा पर्ने चाडहरूलाई हेर्छौँ भने, उहाँ पुरानो करारका चाडहरूको केन्द्र हुनुहुन्छ भन्ने तथ्य बुझ्न सक्छौँ; जस्तै: येशू निस्तारको थुमा बन्नुभयो (१ पत्रुस १:१९); उहाँ पक्राउ पर्नुभएर निस्तारको दिनमा नै क्रूसमा मारिनुभयो (पहिलो महिनाको पन्ध्रौँ दिनमा, शुक्रबार); अनि उहाँ पुनरुत्थानको पहिलो फल बन्नुभयो (१ कोरिन्थी १५:२०)। त्यो पहिलो महिनाको सत्रौँ दिन, आइतवार– अगौटे फलको चाडमा थियो।

मत्तीले येशूको कष्टको हप्ताको विवरण खजुरे आइतबारको दिन यरूशलेममा उहाँको विजयी प्रवेशबाट सुरु गर्दछन् (मत्ती २१-२७)। उहाँ यरूशलेम प्रवेश गर्नुभएको आइतवारको दिन यहूदी पात्रोअनुसार पहिलो महिनाको दशौँ दिन थियो। त्यो दिन यहूदीहरूले निस्तार चाडको निम्ति पाठो (अर्थात् थुमा) तयार गर्ने दिन थियो (प्रस्थान १२:३)। त्यही दिन येशूको यरूशलेम प्रवेशले उहाँ बलिदानको लागि तयार पारिएको निस्तारको थुमा हुनुहुन्छ भन्ने सङ्केत गर्छ।

निस्तार चाडको निम्ति एक वर्ष पुगेको निष्खोट पाठो ल्याएर चार दिनसम्म जाँचिन्थ्यो (प्रस्थान १२:३-५)। येशूले पनि यरूशलेम प्रवेश गरेपछि क्रूसमा बलिदान हुनुअघि चार दिन बिताउनु भयो। त्यतिबेला उहाँ विभिन्न जाँचद्वारा निष्खोट अर्थात् पापरहित हुनुभएको प्रमाणित हुनुभयो (मत्ती २७:४, १९, २४; मर्कूस १४:५५; लूका २३:४०, ४७-४८)। ती चार दिनमा उहाँले चेलाहरूलाई जैतुन डाँडाबाट महत्वपूर्ण शिक्षाहरू दिनुभयो (मत्ती २१:२३-२५:४६)।

बिहीबार साँझ येशूले चेलाहरूसँग अन्तिम रात्रिभोज खानुभयो। त्यसपछि उहाँले गेतसमनीको बगैंचामा गएर प्रार्थना गर्नुभयो। त्यही रात उहाँ पक्राउ पर्नुभयो अनि उहाँलाई बाँधेर गलगथामा लगियो। कष्टको हप्ताको शुक्रबार  येशू क्रूसमा टाँगिएर मर्नुभयो।

| | येशूको कष्टको हप्ता (मत्ती २१:१-२७:६६) |
|---|---|
| १ | **खजुरे आइतबार (२१:१-१७)**<br>● येशूको यरूशलेममा विजयी प्रवेश |
| २ | **सोमबार (२१:१८-२२)**<br>● येशूले अन्जीरको रूखलाई श्राप दिनुभएको |
| ३ | **मङ्गलबार, १२ वटा शिक्षाहरू (२१:२३-२५:४६)**<br>१. येशूको अधिकारबारे प्रश्न (२१:२३-२७)<br>२. दुई छोराहरूको दृष्टान्त (२१:२८-३२)<br>३. दुष्ट मोहीहरूको दृष्टान्त (२१:३३-४६)<br>४. विवाह भोजको दृष्टान्त (२२:१-१४)<br>५. जे कैसरका हुन् कैसरलाई देऊ र जे परमेश्वरका हुन् परमेश्वरलाई देऊ (२२:१५-२२)<br>६. पुनरुत्थानको विषयमा विवाद (२२:२३-३३)<br>७. महान् आज्ञा (२२:३४-४०) ठाडो र तेर्सो आज्ञा<br>८. येशू ख्रीष्ट र दाऊदको सम्बन्ध (२२:४१-४६)<br>९. येशू ख्रीष्ट एक मात्र प्रभु (२३:१-१२)<br>१०. व्यवस्थाका शास्त्रीहरू र फरिसीहरूलाई ७ वटा धिक्कारहरू (२३:१३-३६)<br>११. येशूले यरूशलेम मन्दिरको विनास र मसिही यहूदीहरूको वृद्धिबारे भन्नुभएको (२३:३७-२४:२)<br>१२. जैतुन डाँडाको शिक्षा (२३:३-२५:४६)<br>● अन्त्यका दिनका चिन्हहरू (२४:३-३५)<br>● उठाई लगिने विषयमा ७ वटा दृष्टान्तहरू (२४:३६-२५:४६) |

| | |
|---|---|
| | : नोआको दिन (२४:३७-३९), खेतमा काम गर्ने दुई जना (२४:४०), जाँतो पिध्ने दुई जना स्त्रीहरू (२४:४१), इमानदार र बुद्धिमान् नोकर (२४:४५-५१), दश कन्याहरू (२५:१-१३), सुनको सिक्का (२५:१४-३०), भेडा र बाख्रा (२५:३१-४६) |
| ४ | **बुधबार, येशूको मृत्युको तयारी (२६:१-१६)**<br>● बिथिनियामा सिमोन कुष्टरोगीको घरमा एक स्त्रीले येशूलाई जटामसी खन्याएकी (२६:६-१३)<br>● यहूदा इस्करियोत येशूलाई मुख्य पूजाहारीको हातमा सुम्पन राजी भएको (२६:१४-१६) |
| ५ | **बिहिबार, अन्तिम रात्रिभोज (२६:१७-३५)**<br>● अखमिरी रोटीको चाडको पहिलो दिन चेलाहरूले निस्तारको भोजको तयारी गरेका<br>● (यहूदीहरूको दिन घाम अस्ताएपछि सुरु हुन्छ) बिहीबार घाम अस्ताएपछि निस्तार सुरु हुन्छ<br>● येशूले यहूदा इस्करियोतले उहाँलाई धोका दिने कुरा बताउनुभएको (२६२१-२५)<br>● रात्रिभोज (येशूको शरीर र रगत) २६:२६-३०<br>● येशूले पत्रुसले ३ पटक इन्कार गर्ने कुरा बताउनुभएको (२६:३१-३५) |
| ६ | **येशूले गेतसमनीमा प्रार्थना गर्नुभएको (२६:३६-४६)**<br>● आफूसँग पत्रुस, यूहन्ना र याकूबलाई लानुभएको (२६:३७)<br>● येशूले ३ पटक प्रार्थना गर्नुभएको (२६:३९, ४२, ४४) |
| ७ | **शुक्रबार, येशू पक्राउ पर्नुभएको र कष्ट भोग्नुभएको (२६:४७-२७:३१)**<br>● राति १२ बजेतिर येशू पक्राउ पर्नुभयो (२६:४७-५६)<br>● बिहान ३ बजेतिर प्रधान पूजाहारी कैयाफाको आँगनमा येशूको अपमान (२६:५७-६८)<br>● पत्रुसले येशूलाई ३ पटक इन्कार गरेका (२६:६९-७५)<br>● यहूदा इस्करियोतले आत्महत्या गरेको (२७:३-१०)<br>● बिहान सबेरै येशूलाई पिलातसको सामु लगिएर दोष लगाइएको (२७:११-२६)<br>● सिपाहीहरूले येशूको अपमान गरेका (२७:२७-३१) |
| ८ | **येशूलाई गलागथामा लगिएको (२७:३२-३४)**<br>● कुरेनीका सिमोनले येशूको क्रूस बोकेका<br>● येशू क्रूसको मृत्युको लागि कष्टको बाटो हिँड्नुभएको |
| ९ | **येशू क्रूसमा मर्नुभएको (२७:३५-५६)**<br>● बिहान ९ बजेतिर येशूलाई क्रूसमा टाँगिएको (२७:३५)<br>● बाटो हिँड्नेहरूले येशूलाई गिल्ला गरेका (२७:३९-४०)<br>● मुख्य पूजाहारी, व्यवस्थाका शिक्षकहरू र धर्म गुरुहरूले येशूलाई गिल्ला गरेका (२७:४१-४३) |

| | |
|---|---|
| | • मध्यान्हमा अन्धकार भएको (२७:४५)<br>• दिउँसो ३ बजेतिर येशूले प्राण त्याग्नुभएको (२७:४६-५०)<br>• मन्दिरको पर्दा बिचमा च्यातिएको (२७:५१) |
| १० | **येशूको दफन (२७:५७-६६)**<br>• अरिमाथियाका योसेफ भनिने धनी मानिसले येशूको मृत शरीर लगेर आफ्नो चिहानमा राखेका (२७:५७-६१)<br>• सूर्य अस्ताएपछि अर्को दिन सुरु हुन्छ, जुन शबाथ दिन हो |

**तालिका ३-१३.** येशूको कष्टको हप्ता

## (८) येशूको पुनरुत्थान र महान् आदेश

येशू क्रूसमा मर्नुभएको तेस्रो दिनमा मृत्युलाई जितेर पुनरुत्थान हुनुभयो। मत्तीले येशूको पुनरुत्थानको विवरणलाई पुनरुत्थानपछि उहाँलाई भेटेका मानिसहरूको गवाहीसाथ उल्लेख गरेका छन्। पुनरुत्थान हुनुभइपछि येशू आफै चेलाहरूलाई भेट्न जानुभयो। प्रायः तिनीहरू आफ्ना गाउँमा फर्केर माछा मार्न लागिसकेका थिए। उहाँले उनीहरूलाई भेटेर महान् आदेश दिनुभयो। यसरी मत्तीको सुसमाचारको अन्त हुन्छ।

ती एघारै जना चेलाहरू गालीलको त्यस डाँड़ामा गए, जहाँ येशूले तिनीहरूलाई जाने आदेश दिनुभएको थियो। तिनीहरूले उहाँलाई देखेर दण्डवत् गरे, तर कतिले चाहिँ शङ्का गरे। तब येशू तिनीहरूकहाँ आएर भन्नुभयो, "स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ। यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ, मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ। हेर, म युगको अन्त्यसम्म सधैँ तिमीहरूका साथमा छु" (मत्ती २८: १६-२०)।

हुन त येशू पुनरुत्थान हुनुभएपछि चेलाहरूसँग चालीस दिन यो धर्तीमा रहनुभयो तर मत्ती महान् आदेशमा नै आफ्नो पुस्तक अन्त गर्छन्। मत्तीले महान् आदेशमा पुऱ्याएर सुसमाचारलाई अन्त गर्नुको उद्देश्य के हो भने, उनले यहूदी विश्वासीहरूको आफ्नो जातिमा केन्द्रित विचारलाई परिवर्तन गरी गैरयहूदीहरूको मिसनतिर लैजान चाहेको हुनसक्छन्।

केही समयपछि मत्ती आफै गैरयहूदीहरूको माझमा मिसनको काम गर्दै इथियोपियामा सहिद बने। धेरै गैरयहूदी मानिसहरूले येशूको सुसमाचारद्वारा नयाँ जीवन प्राप्त गर्न सकून् भन्ने हेतुले उनी जमिनमा परेको गहुँको दानाजस्तै भएर मरे।

"साँच्चै, म तिमीहरूलाई भन्दछु, गहूँको दाना माटोमा परेर मरेन भने त्यो एउटै रहन्छ। तर त्यो मर्‍यो भने त्यसले धेरै फल फलाउँछ। आफ्नो प्राणको मोह गर्नेले त्यो गुमाउँछ, तर आफ्नो प्राणलाई यस संसारमा तुच्छ ठान्नेले चाहिँ अनन्त जीवनको लागि त्यो सुरक्षित राख्छ" (यूहन्ना १२:२४)।

| | येशूको पुनरुत्थान र महान् आदेश (मत्ती २८:१-२०) |
|---|---|
| १ | **आइतबार, येशूको पुनरुत्थान (२८:६)**<br>• ठुलो भूकम्प गयो (२७:५१, २८:२)<br>• धेरै पुरानो करारक सन्तहरू जीवित भई उठे (२७:५५३) |
| २ | **रित्तो चिहान (२८:१-१५)**<br>• शबाथको दिन बिहान अगौटे फलको चाड सुरु हुन्छ<br>• दुई स्त्रीहरू चिहानमा गए (२८:१)<br>• एक जना स्वर्गदूत देखा परे र येशूको पुनरुत्थान भएको बताए (२८:२-७)<br>• येशूले ती स्त्रीहरूलाई भेटेर कुरा गर्नुभयो (२८:८-१०)<br>• सुरक्षा दिने पालेहरूले सबै कुरा प्रधान पूजाहारीलाई बताइदिए (२८:११-१५) |
| ३ | **येशू गालीलमा चेलाहरू कहाँ देखापर्नु भएको (२८:१६-१७)**<br>• चेलाहरूले येशूको आराधना गरेका (२८:१७)<br>• तर कति चेलाहरूले येशूको पुनरुत्थान माथि सङ्का गरे (२८:१७) |
| ४ | **येशूले महान् आदेश दिनुभएको (२८:१८-२०)**<br>• येशूलाई स्वर्ग र पृथ्वीको समस्त अधिकार दिइएको छ (२८:१९)<br>• येशूले आफ्ना चेलाहरूलाई सबै जातिलाई चेला बनाउने आदेश दिनुभएको (२८:१९)<br>• येशूले युगको अन्त्यसम्मै चेलाहरूसँग रहनेप्रतिज्ञा गर्नुभएको (२८:२०) |

**तालिका ३-१४.** येशूको पुनरुत्थान

# अध्याय चार

# लूकाको सुसमाचार

# क. लूकाको सुसमाचारको पृष्ठभूमि

लूकाको सुसमाचार इ.सं. ६०-६२ तिर लेखिएको थियो। यो सुसमाचार मत्तीको सुसमाचारभन्दा (इ.सं. ५०-५२) करिब दश वर्षपछि लेखिएको थियो। लूका इ.सं. ५० तिर पावलको प्रचारद्वारा एन्टिओखियामा विश्वासमा आएका मानिस थिए। जीवन परिवर्तन भएपछि, लूका पावलको दोस्रो मिसन यात्रादेखि पावलको साथ लागेर हिँडेका थिए। यो कुरा हामी प्रेरित १६:१० हेरेर थाहा गर्न सक्छौं; त्यहाँदेखि लूकाले 'हामी' भनी आफ्नो समूहलाई सम्बोधन गरेका छन्। त्यसपछि पावलको तेस्रो मिसन यात्रा (५३-५७) र उनको रोमको पहिलो कैदसम्मै (इ.सं. ६०-६२) लूका पावलको साथमा थिए (प्रेरित २८:१६, 'हामी')। पावलले रोममा दुई वर्ष कैदी जीवन बिताउँदा, लूकाले पहिलो पुस्तक– 'लूकाको सुसमाचार' लेखे।

लूकाको सुसमाचार राम्रोसँग बुझ्नको निम्ति यसको ऐतिहासिक पृष्ठभूमि बुझ्नु एकदमै महत्वपूर्ण हुन्छ। त्यसको निम्ति हामीले लूकाको सुसमाचारभन्दा अघि लेखिएका अरू पुस्तकहरूको बारेमा बुझ्नुपर्ने हुन्छ।

## १. लूकाको सुसमाचारभन्दाअघि लेखिएका पुस्तकहरू

दोस्रो मिसन यात्राको क्रममा (इ.सं. ५०-५२, प्रेरित १५:३६-१८:२२) प्रेरित पावल एन्टिओखियाबाट निस्केर एसिया माइनरतिर गए (अहिले टर्कीको पश्चिमी क्षेत्रहरू)। त्यहाँ उनले सात वटा मण्डलीहरू स्थापना गरे– एफिससको मण्डली, स्मुर्नाको मण्डली, पर्गामममको मण्डली, थिआटीराको मण्डली, सार्डिसको मण्डली, फिलाडेल्फियाको मण्डली, र लाउडिकियाको मण्डली (प्रकाश २:१-३:२२)। त्यतिबेला उनले कलस्सीको मण्डली पनि स्थापना गरे (कलस्सी १:१)। यी सबै मण्डलीका नामहरू हामी सबैलाई थाहा छ। यी मण्डलीहरू स्थापना गरेपछि पावल एसियाबाट माकेडोनियातिर गए (प्रेरित १६:११-१२)। पावल त्यता जानुमा चाखलाग्दो कारण थियो।

माकेडोनिया भनेको युरोपतिर छिर्ने बाटो थियो। सुरुमा पावलको माकेडोनिया हुँदै युरोपतिर जाने कुनै योजना थिएन। माइसियामा पुगेपछि पावल फर्केर बिथिनियातिर जान चाहन्थे (माइसिया भन्ने ठाउँ एसिया र युरोपको सिमानामा पर्थ्यो)। तर पवित्र आत्माले उनलाई त्यता जान अनुमति दिनुभएन (प्रेरित १६:७)। त्रोआसमा पुगेको रात पावलले माकेडोनियाको एक जना मानिसले "आएर हामीलाई सहायता गर्नुहोस्" भनेको दर्शन देखे (प्रेरित १६:९,

मकेडोनियाको दर्शन)। उक्त दर्शन परमेश्वरको बोलावट हो भनी विश्वास गरेर पावल आफ्नो टोली लिएर माकेडोनियातिर गए जुन सहर उत्तरी ग्रीसमा पर्दछ। त्यो सुसमाचार युरोपमा प्रवेश गरेको पहिलो महत्वपूर्ण क्षण थियो।

## (१) पहिलो र दोस्रो थेसलोनिकी (इ.सं. ५१)

माकेडोनियामा प्रवेश गरेपछि पावलले फिलिप्पीको मण्डली स्थापना गरे, जुन युरोपको पहिलो मण्डली हो (प्रेरित १६:२०)। त्यो समयमा फिलिप्पी भन्ने ठाउँ माकेडोनियामा भएको थेसलोनिकेपछिको दोस्रो ठुलो सहर थियो। त्यो सहर युरोप र एसियाको निम्ति प्रवेशद्वारजस्तो थियो। त्यसैकारण फिलिप्पी युरोपको मिसनको निम्ति एकदमै महत्वपूर्ण सहर थियो।

फिलिप्पी सहरमा पावलले लिडिया भन्ने प्रवासी यहूदी स्त्रीलाई सुसमाचार सुनाएर प्रभुमा डोऱ्याए। तिनी कपडाको व्यापार गर्ने क्रममा थिआटीराबाट फिलिप्पीमा आएकी थिइन् (प्रेरित १६:१३-१५)। त्यो समयदेखि लिडिया पावलको सहयोगी बनिन्। तिनले फिलिप्पीमा मण्डली स्थापना गर्न मुख्य भूमिका निभाइन् (प्रेरित १६:११-४०)। पावल फिलिप्पीबाट निस्केर ग्रीसको दक्षिण क्षेत्रमा पर्ने थेसलोनिके (प्रेरित १७:१-९) र कोरिन्थमा गई (प्रेरित १८:१-११) क्रमैसँग एकपछि अर्को मण्डली स्थापना गरे।

सुसमाचार प्रचार गर्दै ग्रीसका मुख्य सहरहरूमा घुमिसकेपछि पावल केही समय कोरिन्थको मण्डलीमा बसे। त्यो समयमा पावलले थेसलोनिकेको मण्डलीमा आफ्नो शिक्षाको विषयमा गनगन र विवाद भएको कुरा सुने। विशेषगरी यहूदी विश्वासीहरूले पावलको विरुद्धमा गनगन गरिरहेका थिए। त्यो समस्या समाधान गर्न र थेसलोनिकेका विश्वासीहरूलाई आत्मिकी रूपमा हुर्काउन पावलले उनीहरूलाई दुई वटा पत्रहरू लेखे। उनले ती पत्रहरू दोस्रो मिसन यात्राको समयमा इ.सं. ५१ मा कोरिन्थीबाट लेखेका थिए।

पहिलो र दोस्रो थेसलोनिकेका दुवै पत्रहरूलाई पास्टरीय पत्रहरू भनेर बुझ्न सकिन्छ। तर त्यहाँ केही मात्रामा ईश्वरशास्त्रीय विषयहरू पनि समेटिएका छन्। उदाहरणको लागि पहिलो थेसलोनिकेले येशूको पुनरुत्थान र दोस्रो आगमनलाई सम्बोधन गरेको छ (१ थेसलोनिके ४-५ अध्यायहरू) र दोस्रो थेसलोनिकेले ख्रीष्ट विरोधी र अन्त्यको दिनको बारेमा सम्बोधन गरेको छ (२ थेसलोनिके १-२ अध्यायहरू)।




चित्र ४-१. पावलले मिसनको काम गरेको मुख्य सहरहरू

ती दुई वटा पत्रहरूको बाँकी खण्डहरूलेचाहिँ थेसलोनिकेका विश्वासीहरूलाई तिनीहरूका मण्डली र घरमा आफ्नो विश्वास कसरी अभ्यास गर्ने भन्ने बारेमा सिकाएका छन्। त्यसको साथै येशूको दोस्रो आगमन नजिकै भएको हुनाले उनीहरूलाई असल काम गर्न र खराबी र दुष्टताबाट अलग रहन पावलले प्रोत्साहन दिएका छन्।

यी दुई पत्रहरू त्यतिबेला थेसलोनिकेको मण्डलीको समस्याहरू समाधानमा केन्द्रित भएकोले अरू मण्डलीहरूको निम्ति त्यति प्रभावकारी थिएन। त्यसैकारण अरू किसिमका समस्याहरू भोगिरहेका मण्डलीहरूको निम्ति यी पत्रहरू सतप्रतिसत उपयोगी हुन सकेनन्।

## (२) पहिलो र दोस्रो कोरिन्थीहरू (इ.सं. ५५)

इ.सं. ५३ देखि ५७ सम्म पावल तेस्रो मिसन यात्रामा थिए। तेस्रो मिसन यात्राको उद्देश्यचाहिँ पावलले दोस्रो मिसन यात्राको क्रममा स्थापना गरेका मण्डलीहरूमा पुनः भ्रमण गर्नु र तिनीहरूलाई प्रभुमा उत्साह दिनु थियो (प्रेरित १८:२३)। पावल उक्त यात्राको क्रममा करिब दुई वर्ष जति एफिससमा भएको टुरान्नसको विद्यालयमा बिताए। त्यहाँ उनले चेलाहरूलाई ईश्वरशास्त्रीय तालिम दिने गर्थे (प्रेरित १९:९-२०)। त्यहा बस्दैगर्दा पावलले कोरिन्थीको मण्डलीमा धेरै समस्याहरू उत्पन्न भएर मण्डलीले गाह्रो अवस्थाको सामना गरिरहेको छ भन्ने कुरा सुने। त्यसैकारण पावलले इ.सं. ५५ मा कोरिन्थीको मण्डलीको निम्ति दुई वटा पत्रहरू लेखे। ती पत्रहरू अहिले नयाँ करार बाइबलमा भएका पहिलो र दोस्रो कोरिन्थीका पत्रहरू हुन्। यी पत्रहरूलाई पनि पास्टरीय पत्रहरू भन्न सकिन्छ। यी पत्रहरूले केही मात्रामा ईश्वरशास्त्रीय कुराहरू त सिकाउँछन् तर पूर्णरूपमा ईश्वरशास्त्र सिकाउनको निम्ति पर्याप्त छैनन् किनभने यी पत्रहरूले इसाई जीवनको सुद्धिकरणसम्बन्धी व्यवहारिक शिक्षालाई बढी जोड दिएको छ।

## (३) रोमीहरूको पत्र (इ.सं. ५७)

तेस्रो मिसन यात्राको अन्त्यतिर इ.सं. ५७ मा पावलले कोरिन्थीबाट रोमीहरूलाई महत्वपूर्ण पत्र लेखे। त्यतिबेलासम्म पावल रोममा पुगेका थिएनन् (रोमी १५:२२)। तर पावलले टुरान्नसको विद्यालयमा तालिम दिएका करिब ३० जना जति चेलाहरू त्यहाँ गई सेवकाइ गरिरहेका थिए। तिनीहरूका नामहरू रोमी १६:१-१६ मा उल्लेख गरिएका छन्। तिनीहरूले रोममा रहेर सेवकाइ गर्दा भोगेका धेरै समस्याहरूको बारेमा पावललाई निवेदन गरेका थिए।

ती समस्याहरूमध्ये मुख्य ईश्वरशास्त्रीय विषयहरू थिए। रोमका मानिसहरूका बौद्धिक स्तर धेरै उच्च भएकले ती चेलाहरूलाई त्यहाँ सेवकाइ गर्न सजिलो थिएन। रोमीहरूको बिचमा

सुसमाचार प्रचार गर्नको निम्ति सृष्टिदेखि अन्त्यका दिनसम्मको बारेमा वृस्तित विवरण भएको सैद्धान्तिक गहन पुस्तक आवश्यक थियो। त्यसैकारण पावलले रोमीहरूलाई लेखेको पत्रमा महत्वपूर्ण ईश्वरशास्त्रीय विषयहरूलाई सम्बोधन गरेका छन्; जस्तै: मुक्तिको सिद्धान्त (१-८ अध्यायहरू), इस्राएलको सिद्धान्त (९-११ अध्यायहरू), र इसाई जीवनको सिद्धान्त (१२-१६ अध्यायहरू)। तर रोमीहरूको पत्रमा यी विषयहरूलाई ऐतिहासिक तथ्यहरूलाई समेटेर लेखिएको छैन। त्यसैले रोमीहरूलाई लेखेको पत्र एक असल सैद्धान्तिक पुस्तक भए तापनि यसलाई ऐतिहासिक पुस्तकको रूपमा लिन सकिँदैन।

## (४) कैदबाट लेखिएका पावलका पत्रहरू

तेस्रो मिसन यात्रा (इ.सं. ५३-५७, प्रेरित १८:२३-२१:१६) सकेपछि पावल यरूशलेममा गए (प्रेरित २१:१७)। केही दिन त्यहाँ बसेपछि उनी पक्राउ परे र समुद्रको लामो यात्राद्वारा रोममा लगिए (इ.सं. ६०, प्रेरित २८:१६)। कैदी अवस्थामा यात्रा गर्दा पनि पानीजहाजभित्र पावलको सेवकाइ रोकिएन। रोममा पुगेपछि उनलाई दुई वर्षसम्म नजरबन्दी अवस्थामा राखियो (इ.सं. ६०-६२, प्रेरित २८:३०)। रोमको कैदमा हुँदा उनले चार वटा पत्रहरू लेखे: एफिसी, फिलिप्पी, कलस्सी र फिलेमोन। सुरुका तीनवटा पत्रहरू एफिसी, फिलिप्पी र कलस्सीको पुस्तकहरू ती ठाउँहरूमा भएका मण्डलीहरूलाई लेखिएका छोटा-छोटा पत्रहरू हुन्। यी पत्रहरू पास्टरीय पत्रहरू हुन्, जहाँ केही महत्वपूर्ण ईश्वरशास्त्रीय शिक्षाहरू समेटिएका छन्। फिलेमोनको पत्रचाहिँ पावलले फिलेमोन भन्ने चेलाको निम्ति लेखेको व्यक्तिगत पत्र हो। फिलेमोनको घरबाट भागेका दास ओनेसिमसलाई पावलले रोममा भेटेका थिए। उनले ओनेसिमसलाई प्रभुमा हुर्काएर सेवकाइको लागि योग्य बनाए। उक्त पत्रमा पावलले फिलेमोनलाई आफ्नो दास ओनेसिमसलाई स्वीकार गर्न अनुरोध गरेका छन्। त्यसैले पावलले कैदबाट लेखेका यी चार वटा पत्रहरू पहिलेका पत्रहरूजस्तै छन्, जसलाई ऐतिहासिक इसाई लेखहरूको रूपमा स्वीकार गर्न कठिन हुन्छ।

| | | | | |
|---|---|---|---|---|
| ई.पू. | ०४ | येशूको जन्म | | |
| इ.सं. | ५ | पावलको जन्म | | |
| | २६ | येशूले आफ्नो सार्वजनिक सेवकाइ सुरु गर्नुभएको | | |
| | ३० | येशूको क्रूसको मृत्यु<br>पुनरुत्थान/स्वर्गारोहण<br>यरूशलेम मण्डलीको स्थापना | | |
| | ३३ | यरूशलेम मण्डली छरपस्ट भएको<br>एन्टिओखियाको मण्डली स्थापना | | |
| | ३५ | पावल परिवर्तन भएका | | |
| | ४५ | पावल एन्टिओखिया आएका | | |
| ४६-४८ | | पावलको पहिलो मिसन यात्रा | **पावलका पत्रहरू** | **चार सुसमाचार** |
| | ४९ | यरूशलेमको परिषद् (प्रेरित १५:१-३५) | गलाती | याकूब |
| ५०-५२ | | पावलको दोस्रो मिसन यात्रा<br>लूकाको परिवर्तन (प्रेरित १६:१०) | १,२ थेसलोनिकी | मत्तीको सुसमाचार |
| ५३-५७ | | पावलको तेस्रो मिसन यात्रा | १,२ कोरिन्थी, रोमी | |
| ६०-६२ | | पावलको पहिलो कैद | एफिसी, फिलिप्पी, कलस्सी र फिलेमोन | लूकाको सुसमाचार |
| | ६३ | पावलको चौथो मिसन यात्रा | १ तिमोथी, तीतस | प्रेरित |
| | ६६ | | | मर्कूस |
| | ६७ | पावलको दोस्रो कैद | २ तिमोथी | |
| | ६८ | पावल सहिद भएका | | |
| | ७० | इस्राएल देशको विनास<br>यरूशलेम मन्दिर नष्ट गरिएको | | यूहन्ना |

**तालिका ४-१.** पावलका पत्रहरू र चार सुसमाचार लेखिएका समय

# २. लूकाको सुसमाचारको उद्देश्य

## (१) गैरयहूदीहरूको लागि लेखिएको पुस्तक

रोममा सुसमाचार प्रचार हुन थालेपछि गैरयहूदीहरूले पनि सजिलै बुझ्नसक्ने एउटा समष्टिगत ऐतिहासिक र सुव्यवस्थित इसाई पुस्तकको आवश्यकता पऱ्यो। त्यतिबेला पवित्र आत्माको अगुवाइमा पावल र उनका सहकर्मीहरूले गरेको कडा परिश्रमको कारण धेरै गैरयहूदीहरू प्रभुमा आएका थिए। तर त्यतिबेलासम्म गैरयहूदी अगुवापनको निम्ति ऐतिहासिक दृष्टिकोणबाट लेखिएको उपयोगी पुस्तकहरू उपलब्ध थिएनन्। करिब दश वर्षपहिले लेखिएको मत्तीको सुसमाचार उपलब्ध थियो तर त्यो सुसमाचारको पुस्तक यहूदी विश्वासीहरूको लागि लेखिएको भएकोले त्यसमा उल्लिखित दृष्टान्तहरू, शब्दावलीहरू र अभिव्यक्तिहरू गैरयहूदीहरूले बुझ्न कठिन थिए।

इसाई धर्म यहूदीहरूबाट सुरु भएकोले त्यतिबेलाको मण्डलीहरूमा यहूदी इसाईहरूको शक्ति र प्रभाव ठुलो थियो। त्यो समयका प्रमुख इसाई अगुवाहरू यहूदीहरू नै थिए; जस्तै: याकूब, पत्रुस, पावल, बारनाबास आदि। त्यो कारणले गर्दा गैरयहूदी इसाईहरू मण्डलीको मुख्य धारमा पुगेका थिएनन्। तिनीहरूले आफूहरूलाई मण्डलीले पक्षपात गरेर इसाई समुदायमा फरक दर्जामा राखिएको अनुभव गर्थे। त्यतिमात्र नभएर त्यो समयसम्म लेखिएका इसाई पुस्तक र पत्रहरू यहूदीहरूले लेखेका थिए र ती सबै यहूदीहरूमा केन्द्रित थिए। त्यस्तो अवस्थामा गैरयहूदी इसाईहरूले असहज महसुस गरिरहेका थिए। त्यसैले गैरयहूदी व्यक्तिले आफ्नो दृष्टिकोणबाट गैरयहूदीहरूलाई नै सम्बोधन गरी सुसमाचारको पुस्तक लेख्नुपर्ने आवश्यक भइसकेको थियो। यसैकारण सर्वज्ञानी परमेश्वरले लूकालाई सुसमाचारको पुस्तक लेख्न तयार गर्नुभयो (इ.सं. ६०-६२, रोममा)।

## (२) झूटा शिक्षाको प्रचार-प्रसार

इ.सं. ३० देखि ६० को बिचमा इसाई समुदायभित्र धेरै किसिमका झूटा शिक्षाहरू फैलिसकेका तिए। संसारमा इसाई सुसमाचार फैलिँदै जाँदा, झूटा शिक्षाहरू पनि खामिरझैँ फैलिन थाले। ती झूटा शिक्षाहरूमध्ये केहीले येशूको ईश्वरत्वलाई इन्कार गर्थे भने केहीले येशूको मानवतालाई इन्कार गर्थे। कोहीले येशूको पुनरुत्थानलाई इन्कार गर्थे भने कोहीले येशूको ऐतिहासिक मानवतालाई इन्कार गर्थे। त्यसैगरी कोही झूटा शिक्षाले येशूको

कन्याबाटको जन्मलाई इन्कार गर्थे भने कोहीले उहाँको स्वर्गारोहणलाई इन्कार गर्थे। यस सन्दर्भमा यूहन्नाले आफ्नो पत्रमा ख्रीष्ट विरोधीबारे सम्बोधन गरेका छन् (१ यूहन्ना २:१८)।

यरूशलेमदेखि लिएर रोमसम्म धेरै इसाई भनाउँदाहरूले यस्ता किसिमका झूटा शिक्षाहरू प्रचार गरिरहेका थिए। त्यसको नतिजा स्वरूप भर्खर स्थापना भएका नयाँ मण्डलीहरू अन्योलमा परे र त्यस्ता झूटा शिक्षाहरूको सामना कसरी गर्ने अनि तिनीहरूलाई के जवाफ दिने भन्ने बारेमा उनीहरू अलमल्ल परे। यसो हुनुको कारण के हो भने, त्यतिबेला ती झूटा शिक्षाहरूलाई प्रतिकार गर्न सिकाउने शैक्षिक सामग्रीहरू उपलब्ध थिएनन्।

पावलले रोमीहरूलाई लेखेको पत्रले झूटा शिक्षाहरूको बारेमा चेताउनी दिएको थियो। त्यसैगरी पहिलो र दोस्रो कोरिन्थी, पहिलो र दोस्रो थेसलोनिकी, गलाती, र याकूबको पत्रले पनि झूटा शिक्षाको समस्याको बारेमा बताएका थिए। ती पत्रहरूले इसाईहरूलाई झूटा शिक्षाहरूसँग लड्न बल दिएका थिए। तैपनि ती पत्रहरू अपर्याप्त हुनुको कारण के हो भने तिनीहरूले येशूको ऐतिहासिक प्रमाणहरू प्रस्तुत गरेका थिएनन् अर्थात् ती पत्रहरू ऐतिहासिक तथ्यहरू भएका विस्तृत इसाई पुस्तकहरू थिएनन्, जुन त्यतिबेला नितान्त आवश्यकता थियो।

त्यस्तो अवस्थामा प्रभु येशूले लूकालाई दुई वटा पुस्तकहरू लेख्न अगुवाइ गर्नुभयो– लूकाको सुसमाचार र प्रेरितहरूका काम। लूकाको सुसमाचार पावलले कैदीबाट पत्रहरू लेखिएको समयमा (इ.सं. ६०-६२) लेखिएको थियो। उनले सुसमाचारको पुस्तक लेखी सकेपछि, इ.सं. ६३ तिर प्रेरितको पुस्तक लेखे। यी दुवै ऐतिहासिक पुस्तकहरू हुन्। लूकाको सुसमाचारले ई.पू. ४ देखि (येशूको जन्मदेखि) लिएर इ.सं. ३० सम्म (क्रूसको मृत्यु, पुनरुत्थान र स्वर्गारोहण सम्म) घटेका घटनाहरूलाई जीवनीको रूपमा प्रस्तुत गरेको छ। प्रेरितहरूको कामहरूको पुस्तकले चाहिँ येशूको स्वर्गारोहणदेखि सुरु गरेर (इ.सं. ३०) सुरुका विश्वासीहरूको मिसनको काम, अनि पावलको रोमको पहिलो कैदसम्मको (इ.सं. ६०) विवरणहरू समेटेको छ। त्यसमा सुरुका ३० वर्षको मिसन विवरण– यरूशलेम मण्डलीको स्थापना, एन्टिओखियाको मण्डलीको स्थापना, र पावलका तीन वटा मुख्य मिसन यात्राहरूको बारेमा चर्चा गरिएको छ।

# ख. लूकाको सुसमाचारको लेखक र पाठक

चार वटा सुसमाचारको पुस्तकहरूका लेखकहरूमा लूका मात्र गैरयहूदी व्यक्ति हुन्, किनकि मत्ती, मर्कूस र यूहन्ना यहूदीहरू थिए। नयाँ करारका अधिकांश पत्रहरू लेख्ने पावलले 'म हिब्रूहरूको पनि हिब्रू हुँ' भनी परिचय दिएका छन् (फिलिप्पी ३:५)। वास्तवमा भन्ने हो भने पुरा बाइबलमा लूका मात्र एक गैरयहूदी लेखक हुन्। त्यसैले परमेश्वरको नजरमा लूका धेरै महत्वपूर्ण व्यक्ति हुनुपर्छ। त्यसैले अब लूका को हुन्, अनि उनले पत्रमा सम्बोधन गरेका थियोफिलस भन्ने व्यक्ति को हुन् भन्ने विषयमा हेरौं।

## १. लूका को थिए?

लूका सिरियाको एन्टिओखियाका एक वैद्य थिए (कलस्सी ४:१४)। साथै उनी एक असल इतिहासकार पनि थिए। उनी ग्रीक समुदायमा रहेर उच्च शिक्षा प्राप्त गरेका मानिस भएका हुनाले, ग्रीक भाषामा पोख्त साथै गहिरो अध्ययन र विचार गर्न सक्ने बौद्धिक व्यक्ति थिए। यी सबैभन्दा माथि उनी एक गैरयहूदी मानिस थिए। त्यसैकारण यहूदीहरूले मुख्य भूमिका निभाएको सुरुको इसाई इतिहासलाई नयाँ प्रकाशमा ल्याउनसक्ने मानिस लूका थिए। उनले इसाई इतिहासलाई गैरयहूदी दृष्टिकोणबाट प्रस्तुत गर्दै यहूदी र गैरयहूदी दुवै किसिमका विश्वासीहरूलाई सिकाउन सक्ने थिए।

लूका पावलको दोस्रो मिसन यात्राको क्रममा इ.सं. ५० तिर पावलसँग सेवकाइमा जोडिन पुगे। प्रेरित १६:८-१० मा यसरी लेखिएको छ: तब माइसिया भएर तिनीहरू त्रोआसमा गए। राती पावललाई एउटा दर्शन भयो– माकेडोनियाको एक जना मानिस खड़ा भई तिनलाई बिन्ती गरिरहेको थियो, "माकेडोनिया आउनुहोस्, र हामीलाई सहायता गर्नोस्।" जब तिनले यो दर्शन पाए, तुरुन्तै हामी माकेडोनिया जान तयार भयौं। हामीले यो निश्चय गर्‍यौं, कि तिनीहरूलाई सुसमाचार प्रचार गर्न परमेश्वरले हामीलाई बोलाउनुभएको रहेछ।

प्रेरितको पुस्तकमा यो खण्डभन्दा अगाडि लूकाले 'तिनीहरू' भन्ने सर्वनामद्वारा सम्बोधन गरेका छन् भने यहाँदेखि उनले 'हामी' भनेर सम्बोधन गरेका छन्। यसवाट हामी यो अनुमान लगाउन सक्छौँ, कि लूका त्यो घडीमा प्रभुमा आएर पावलको दोस्रो मिसन यात्रादेखि उनको

साथ लाग्न सुरु गरे। जब पावल माकेडोनियाको दर्शनप्रति आज्ञाकारी भएर युरोपको मिसनमा प्रवेश गरे, त्यहाँदेखि लूकाले 'हामी' भनी सम्बोधन गरेका छन्। इ.सं. ५० देखि लूकाले पावलको मिसन यात्रामा साथ दिएर मिसन यात्रामा महत्वपूर्ण भूमिका खेले। त्यसको साथै उनले मिसनको क्रममा भएका सबै कुराहरू आफ्नै आँखाले देखेका हुनाले सही प्रकारले त्यसको विवरण आफ्नो पुस्तकमा लेख्न सके।

| | लूकाको बारेमा तथ्य | विस्तृत विवरण |
|---|---|---|
| १ | ठेगाना | एन्टिओखिया, सिरिया |
| २ | पेशा | वैद्य (कलस्सी ४:१४) |
| ३ | शैक्षिक योग्यता | उच्चस्तरीय ग्रीक शिक्षा |
| ४ | चरित्र | तार्किक र ऐतिहासिक विचार |
| ५ | परिवर्तन भएको समय | इ.सं. ५० तिर |
| ६ | परिवर्तन गराउने व्यक्ति | पावल |
| ७ | पावलसँगको सम्बन्ध | सहकर्मी (फिलेमोन १:२४), पावलको मृत्युसम्मै सँगै रहे (२ तिमोथी ४:११) |
| ८ | लेखेका पुस्तकहरू | लूका र प्रेरित |
| ९ | सेवकाइ क्षेत्र | रोम |
| १० | सहिद | इ.सं. ९१, रोममा झुण्ड्यार मारियो |

**तालिका ४-२.** लूकाको बारेको तथ्यहरू

लूकाले पावलको मृत्यु हुने समयसम्म नै उनको साथमा रहेर सेवा गरे। पावलको साथमा रहेर अन्तिमसम्म सेवा गर्ने दुई जना मानिसहरू थिए– एक जना तिमोथी र अर्कोचाहिँ लूका हुन्। त्यसैले पावलले तिमोथीलाई मेरो प्यारो छोरो (१ तिमोथी १:२) र लूकालाई मेरो प्रिय मित्र र सहकर्मी (कलस्सी ४:१४, फिलेमोन १:२४) भनी सम्बोधन गरेका छन्। पावलले लूकालाई मित्र ठानेर आदर पनि गर्ने गर्थे। पावलले लूकालाई आफू समान नै ठान्थे– सायद

उनीहरू धेरै कुरामा समान भएको कारणले होला; जस्तै: उमेर, शैक्षिक स्तर, पारिवारिक पृष्ठभूमि आदि। पावल रोमको कैदमा हुँदा धेरैजसो उनका चेलाहरूले छोडेर गए। तर लूका अन्तिम घडीसम्मै पावलको साथमा रहे (२ तिमोथी ४:९-११)। यसरी गैरयहूदी लूका र यहूदी पावल करिब १८ वर्षसम्म साथमा रहे (इ.सं. ५० देखि ६८ सम्म)। येशूको सुसमाचारको कारण इ.सं. ६८ मा पावल सहिद भए। यसर्थ, लूका पावलको सबै सेवकाइ र मिसनको प्रत्यक्ष सहभागी र साक्षी थिए।

लूका पावलको मृत्युपछि करिब २३ वर्षसम्म बाँचे। परमेश्वरले उनलाई रोमी साम्राज्यभरि सुसमाचार प्रचारको निम्ति प्रभावकारी रूपमा प्रयोग गर्नुभयो। अन्त्यमा उनलाई इ.सं. ९१ मा झुण्ड्यार मारियो। यसरी उनले पनि जमिनमा परेर मर्ने गहुँको दाना बनेर त्रिएक परमेश्वरलाई महिमा दिए।

## २. लूकाले लेखेका दुई वटा इतिहासका पुस्तकहरू

लूकाले दुई वटा पुस्तकहरू लेखे– लूकाको सुसमाचार (इ.सं. ६०-६२) र प्रेरितको पुस्तक (इ.सं. ६३)। उनी इतिहासकार र वैद्य भएका हुनाले उनको लेखहरूमा स्पष्ट रूपमा इतिहासकारको दृष्टिकोण र लेखनशैली देख्न सकिन्छ। कुनै घटनाको बारेमा लेख्दा उनी सकेसम्म क्रमिक रूपमा लेख्ने प्रयत्न गर्छन् र ऐतिहासिक कुराहरूलाई प्रस्तुत गर्दा पुस्तक लेखेको समयसँग त्यसको सम्बन्ध जोड्न खोज्छन्।

सुसमाचारको पुस्तक लेख्ने समयमा उनी पावलसँग रोममा थिए। त्यतिबेला उनले रोमका उच्च तहका शिक्षित मानिसहरूलाई र त्यहाँ भएका अरू गैरयहूदी मानिसहरूलाई येशूको पहिचान र उहाँका कामहरू सत्य थिए भनी तार्किक र बौद्धिक रूपमा प्रस्तुत गर्नुपर्ने थियो। त्यो कामको लागि लूका एक गैरयहूदी र उच्चस्तरीय ग्रीक इतिहासकार भएका हुनाले सबैभन्दा योग्य व्यक्ति थिए।

लूकाको सुसमाचारले ई.पू. ४ देखि इ.सं. ३० सम्मको घटनाहरूलाई समेटेको छ। यसमा २४ अध्यायहरू छन्, जसमा येशूको सम्पूर्ण विवरण समेटिएको छः जस्तैः बप्तिस्मा दिने यूहन्नाबारे भविष्यवाणी, येशूको जन्म र सेवकाइबारे भविष्यवाणी, येशूको बाल्यकाल, येशूको तीन वर्षको सेवकाइ, येशूको क्रूसको मृत्यु, पुनरुत्थान र उहाँको स्वर्गारोहण।

लूकाको सुसमाचारको चाखलाग्दो कुरा के छ भने, उनी एक इतिहासकार भएको हुनाले येशूको तीन वर्षीय सेवकाइभन्दा अघिको उहाँको जीवनीलाई आफ्नो पुस्तकमा विस्तृत रूपमा उल्लेख गरेका छन्। लूकाको सुसमाचारको अध्याय एक येशूको र बप्तिस्मा दिने यूहन्ना जन्मिएको समयको परिस्थिति र अवस्थामा केन्द्रित छ। यसमा बप्तिस्मा दिने यूहन्नाको जन्मको भविष्यवाणीको बारेमा अनि यूहन्नाकी आमा र येशूकी आमा नातेदार भएको कुरा पनि उल्लेख छ। त्यतिमात्र होइन, त्यहाँ यूहन्ना र येशूको जन्मको सम्बन्ध साथै यूहन्नाको बाल्यकालको बारेमा पनि उल्लेख गरिएको छ। अध्याय दुईमा येशूको जन्म, गोठालाहरूले बालक येशूको आराधना गरेको घटना, येशूको खतना र उहाँको बाल्यकालको बारेमा उल्लेख गरिएको छ।

येशूको व्यक्तिगत विवरणलाई विस्तृत रूपमा उल्लेख गर्ने कुरामा लूकाको सुसमाचार अरू सुसमाचारका पुस्तकहरूभन्दा पृथक छ। लूकाले सुसमाचार लेखेको केही समयपछि अर्को पुस्तक लेखे जुन प्रेरितहरूले गरेका कार्यहरूको ऐतिहासिक अभिलेख हो। प्रेरितको पुस्तकमा उनले इ.सं. ३० देखि ६२ सम्मको घटनाहरूलाई उल्लेख गरेका छन्। त्यहाँ यरूशलेम मण्डली र एन्टिओखिया मण्डलीको स्थापना, पावलको पहिलो मिसन यात्रा (इ.सं. ४६-४८), पावलको दोस्रो मिसन यात्रा (इ.सं. ५०-५२), पावलको तेस्रो मिसन यात्रा (इ.सं. ५३-५७) र पावलको पहिलो कैद (इ.सं. ६०-६२) राम्रोसँग उल्लेख गरिएका छन्।

अफसोसको कुरा के हो भने, लूकाको लेखाइ पावलको रोमको पहिलो कैदको घटनामा नै अन्त हुन्छ। इ.सं. ६३ भन्दा पछिका घटनाहरूका बारेमा लूकाले अभिलेख दिएका छैनन्। त्यसैले पावलको चौथो मिसन यात्रा (इ.सं. ६३-६७) बुझ्नको निम्ति हामीले पावलका पत्रहरूलाई गहन रूपले हेर्नुपर्ने हुन्छ। विशेषगरी तिमोथीलाई लेखेको पहिलो पत्र (इ.सं. ६४), तीतसलाई लेखेको पत्र (इ.सं. ६५) र तिमोथीलाई लेखेको दोस्रो पत्र (इ.सं. ६६)। यी पुस्तकहरूले हामीलाई पावलको जीवनको अन्तिम भागको महत्वपूर्ण कुराहरू प्रकट गर्दछन्।

## ३. परमेश्वरले लूकालाई किन चुन्नुभयो होला?

### (१) पावलको सीमितताहरू

येशूले लूकालाई दुई वटा ऐतिहासिक पुस्तकहरू लेख्न लगाउनुभयो। बाइबलमा भएका धेरै व्यक्तिहरूमध्ये किन उहाँले लूकालाई नै चुन्नुभएको होला त? यदि लूकाको सट्टामा यी पुस्तकहरू लेख्ने अरू कोही हुन्थ्यो भने, त्यो पक्कै पावल हुन्थ्यो होला। तर त्यो कामको लागि येशूले पावललाई चुन्नुभएन। त्यसको कारणचाहिँ पावलमा भएको मानवीय कमजोरी र सीमितताहरू हुन सक्छन्। यसलाई अलि गहिरिएर हेरौँ।

त्यो समयमा बाह्र चेलाहरूसँग पावलको सम्बन्ध राम्रो थिएन। जीवन परिवर्तन हुनअघि उनले मण्डलीलाई धेरै सातवट दिएका थिए (प्रेरित ७:५४-८:३)। अर्को कुरा के हो भने, बाह्र चेलाहरूको तुलनामा पावलको शैक्षिक, सामाजिक, र राजनैतिक अवस्था उच्च थियो (फिलिप्पी ३:४-६)। पावलले धेरै कुरामा बाह्र चेलाहरूलाई असहज बनाएका थिए। अर्कोतर्फ हेर्ने हो भने, पावलले पनि ती चेलाहरूबाट तिरस्कारपूर्ण व्यवहार अनुभव गरेकोले, उनीहरूप्रति पावल त्यति खुसी थिएनन्।

हामीले पावलका पत्रहरू पढ्दैजाँदा कतै-कतै पावल र बाह्र चेलाहरूको बिचको सम्बन्ध तनावपूर्ण भएको स्पष्ट देख्न सक्छौं (प्रेरित ९:१-३१, १५:१-२१; गलाती १:१५-२:१४)। यसरी उनीहरूको सम्बन्धलाई हेर्दा पावलले ती दुई वटा ऐतिहासिक पुस्तकहरू लेख्न नसक्ने अवस्था भएको हामी बुझ्न सक्छौं। यदि पावलले ती पुस्तकहरू लेखेका भए, के हुन्थ्यो होला? सुसमाचारको पुस्तकमा येशूको साथ-साथै हिँड्ने ती बाह्र चेलाहरू र प्रेरितको पुस्तकमा पत्रुसको सेवकाइलाई पावलले अलि असहज र फरक दृष्टिकोणबाट लेख्नसक्ने सम्भावना रहन्थ्यो होला?

हुन त सम्पूर्ण धर्मशास्त्र पवित्र आत्माको प्रेरणाबाट लेखिएको हो। तैपनि वचनको शुद्धताचाहिँ लेखकको चरित्र र उभित्र लुकेर बसेका तितोपनका अदृश्य जराहरूले फरक पार्नसक्ने सम्भावनालाई हामीले बिर्सनु हुँदैन। परमेश्वरले त्यसो हुन नदिनको लागि ती दुई वटा इतिहासका पुस्तकहरू लेख्न पावलको सट्टामा लूकालाई चुन्नुभएको हुनसक्छ।

ती दुवै पुस्तकहरूलाई ऐतिहासिक दृष्टिकोणबाट लेख्नको निम्ति लूका निकै योग्य व्यक्ति थिए किनभने उनी उच्चशिक्षा प्राप्त, नम्र, निष्पक्ष, असल अनि सावधानीपूर्वक खोज-अनुसन्धान गर्ने अनुभवी इतिहासकार थिए। उनी वस्तुनिष्ट लेखक थिए। त्यसको साथै उनी पावलको दोस्रो र तेस्रो मिसन यात्रामा करिब दश वर्षसम्म सँगै हिँडे (इ.सं. ५० देखि ६० सम्म)।

लूकाले उक्त अवधिमा विभिन्न स्थानहरू भ्रमण गरी बहुसांस्कृतिक मिसनको बारेमा थुप्रै अनुभव बटुलेका थिए। त्यसैले लूकाले सुरुको इसाई इतिहासको विवरणहरूलाई ऐतिहासिक र तार्किक दृष्टिकोणबाट मात्र नभएर स्पष्ट मिसनको दृष्टिकोणबाट लेख्नसक्ने कुसल लेखक भइसकेका थिए।

## (२) लूकाको सन्तुलित दृष्टिकोण

लूका वस्तुनिष्ठ व्यक्ति भएकोले पूर्वाग्रह नराखी उनले हरेक व्यक्तिलाई निष्पक्ष रूपमा हेरेर व्यवहार गर्ने गर्थे। उदाहरणको रूपमा हेर्ने हो भने, प्रेरितको पुस्तकमा उनले पत्रुस र पावललाई बराबर मान्यता दिएका छन्। उनले सुरुको खण्ड १:१-११:१८ सम्म पत्रुसमा केन्द्रित भएर लखेका छन् भने बाँकी भाग पावलमा केन्द्रित भएर लेखेका छन्। यसरी लूकाले सुरुका एघार अध्यायहरू पत्रुसमा र बाँकी सत्र अध्यायहरू पावलको सेवकाइमा केन्द्रित भएर लेखेका छन्।

तर वास्तविक रूपमा हेर्ने हो भने पत्रुसभन्दा पावलसँग लूकाको घनिष्ट सम्बन्ध थियो। त्योभन्दा पनि महत्वपूर्ण कुरा के हो भने, पावलले नै लूकालाई सुसमाचार सुनाएर लामो समयसम्म तिनलाई चेलापनमा हुर्काएका थिए। लूकाले सुसमाचारको पुस्तक लेख्ने समयमा उनी पावलको साथमा हिड्न थालेको दश वर्ष भइसकेको थियो। त्यसैले पावलको मिसनको विषयमा लूकालाई स्पष्ट थाहा थियो।

त्यति मात्र नभएर सांस्कृतिक रूपमा पनि लूका पत्रुससँगभन्दा पावलसँग धेरै नजिक थिए। पावल र लूका दुवै जना ग्रीक भाषा बोल्न सक्थे। दुवैजना अन्तर्राष्ट्रिय स्तरका मानिसहरू थिए र उनीहरू दुवैसँग धेरै घुमफिर गरेको अनुभव थियो। ती दुवै जना उच्च शैक्षिक स्तरका व्यक्तिहरू थिए। यी समानताहरूको कारण उनीहरूलाई सँगै सेवा गर्न सहज भएको थियो। यस्तो अवस्थामा लूकाले आफ्ना पुस्तकहरूमा पत्रुसलाईभन्दा पावललाई धेरै महत्व दिन सक्ने थिए। तर उनले त्यसो गरेनन्। उनी आफ्नो उद्देश्यप्रति केन्द्रित भएकोले निष्पक्ष रूपमा दुवै अगुवाहरूसँगको सम्बन्धलाई सन्तुलित राख्न सके।

लूकाले पावल र पत्रुसको समस्यालाई आफ्नो पुस्तकमा उल्लेख गरेका छन् जुन नयाँ करारका अरू लेखकहरूले लेख्ने साहस गरेका छैनन्। यसरी हेर्दा उनी यो विषयमा अलि साहसी देखिन्छ। उनले पावल र यरूशलेम मण्डलीका अगुवाहरूको असहज सम्बन्धलाई खुलमखुल्ला प्रकाशमा ल्याएका छन् (प्रेरित १५ अध्याय)। त्यसैगरी उनले पत्रुसको कमजोरी र सीमिततालाई पनि देखाई दिएका छन् (प्रेरित १०:१-११:१८)। पावलको विषयमा लेख्दैगर्दा,

उनी प्रभुमा आउनअघि इसाईहरूप्रति उनी कति खराब थिए भनेर लेखिदिएका छन् (प्रेरित ८:१-३)। लूकाले पावल र बारनाबास मर्कूसको विषयलाई लिएर कतिसम्म असहमत भए भन्ने कुरा पनि स्पष्ट लेखिदिएका छन् (प्रेरित १५:३६-४१)। एक प्रकारले विचार गर्दा, लूकाले येशूका चेला र उच्चस्तरीय इसाई अगुवाहरूको कमजोरीलाई त्यसरी नलेखेको भए असल हुन्थ्यो होला। तर उनले इमानदारीपूर्वक उनीहरूको असल पक्ष र खराब पक्ष अनि बलियो पक्ष र कमजोर पक्षलाई निष्पक्षरूपमा प्रकट गरिदिएका छन्। यसरी यहाँ उनले एक असल इतिहासकारको रूपमा आफ्नो योग्यता देखाएका छन्।

लूकाले यरूशलेमको मण्डली र बाह्र चेलाहरूको समस्याहरूलाई प्रकाशमा ल्याएका छन् (प्रेरित ६:१-१६)। त्यहाँ ती चेलाहरूले मण्डलीभित्र हिब्रू भाषा बोल्ने स्थानीय यहूदी विश्वासीहरू र ग्रीक भाषा बोल्ने प्रवासी यहूदी विश्वासीहरूको बिचमा भेदभाव देखाएको देखिन्छ। साथै यरूशलेम मण्डलीका अगुवाहरू प्रभु येशूको महान् आदेश पालन गर्न हिचकिचाई रहेका थिए भन्ने तथ्यतिर पनि सङ्केत गरेका छन्। पत्रुसले कसरी अन्यजातिहरूको खाना खानु भन्ने परमेश्वरको आज्ञालाई अस्वीकार गरेका छन् भन्ने कुरालाई लुकाले लेखेका छन् (प्रेरित १०:९-१६)। उनले यो पनि देखाउँछन्, कि कर्नेलियसको घरमा अन्यजातिहरू माथि पवित्र आत्मा आउनुहुँदा पत्रुस खुसी देखिएनन्। उनले यो कुरा लेखेका छन्, कि यरूशलेम मण्डलीका अगुवाहरू अन्यजातिहरूलाई सुसमाचार सुनाउन खुसी थिएनन् (प्रेरित १०:३४-४८)। अर्कोतर्फ उनले एन्टिओखियाको मण्डली गैरयहूदीहरूको बिचमा सुसमाचार पुऱ्याउने काममा समर्पित थियो भन्ने कुराको चर्चा गर्दछन् (प्रेरित १३:१-३)।

अन्तमा भन्नुपर्दा, लूका सबै कुराहरूलाई वस्तुनिष्ठित रूपले हेर्ने मानिस थिए। उनी इ.सं. ५० तिर विश्वासमा आएका थिए, जुन समयमा प्रभुका १२ चेलाहरू विश्वासमा हिँडेका २० वर्ष जति भैसकेको थियो। त्यसैकारण, लूका १२ चेलाहरूको बिचमा समान भएर इसाई समुदायमा घुलमिल गर्न सक्ने त्यति सम्भावना थिएन। उनले ती चेलाहरूको बारेमा वकालत गर्नुपर्ने आवश्यकता थिएन। उनी गैरयहूदी विश्वासी भएकोले सुरुको इसाई समुदायलाई बाहिरबाट निष्पक्ष रूपमा हेरेर यहूदी इसाईहरूको बिचमा घटेका ऐतिहासिक घटनाहरूलाई नियाल्न सक्षम थिए।

तर पनि किन पवित्र आत्माले लूकालाई येशूका १२ चेलाहरूको कमजोरीहरूलाई प्रकट गर्न दिनुभएको होला?

योचाहिँ येशूका साँचो चेला बन्न सकौँ भनी हामीलाई देखाउनको लागि हो। साँचो चेला भनेको परमेश्वरको इच्छा बुझेर त्यसलाई पालन गर्ने व्यक्ति हो। धार्मिक क्रियाकलापद्वारा हामी धर्मी ठहरिएका होइनौँ (यशैया ६४:६) तर सृष्टिकोअघिदेखि हामीलाई आफ्नो अनुग्रहमा चुन्नुभएर अलग गर्नुहुने परमेश्वरको अनुग्रहद्वारा यो सम्भव भएको हो हो (एफिसी १:१-६)।

## ४. लूकाको लेखहरू प्राप्त गर्ने व्यक्ति

लूकाको सुसमाचार र प्रेरितको पुस्तकमा एउटा चाखलाग्दो कुरा छ। दुवै पुस्तक थियोफिलस भन्ने व्यक्तिलाई सम्बोधन गरेर लेखिएका छन्। यो थियोफिलस भन्ने नाम लूका १ अध्याय र प्रेरित १ अध्यायमा देखा पर्दछ। दुवै पुस्तकमा लूकाले थियोफिलसलाई माननीय भनेर सम्बोधन गरेका छन्। त्यो समयमा माननीय भन्ने सम्बोधन कि त राजालाई, कि त उच्चस्तरीय अधिकारीहरूलाई मात्र प्रयोग गर्ने गरिन्थ्यो।

लूका १:१-४ मा यसरी लेखिएको छ: 'हाम्रा माझमा घटेर पुरा भएका घटनाहरूको विवरण संग्रह गर्ने काम धेरै जनाले आफ्नो हातमा लिएका छन्। तिनीहरू जो सुरुदेखि नै वचनका प्रत्यक्ष गवाह र सेवकहरू थिए, तिनीहरूले यी कुरा हामीलाई सुम्पिदिए। माननीय थियोफिलस, मैले आरम्भदेखि नै सावधानीसाथ सबै कुराको खोजी गरेको छु, र तपाईंको निम्ति क्रमैअनुसारको एउटा विवरण लेख्न मलाई असल लाग्यो, ताकि तपाईंलाई बताइएका विषयहरूको सत्यता तपाईंलाई थाहा होस्। '

अनि प्रेरित १:१-२ मा पनि यसरी लेखिएको छ: 'प्रिय थियोफिलस, येशूले गर्न र सिकाउन थाल्नुभएका सबै कुराका विषयमा मेरो पहिलो पुस्तकमा मैले लेखेको छु। आफैले छान्नुभएका प्रेरितहरूलाई येशूले पवित्र आत्माद्वारा आज्ञा दिनुभएपछि उहाँ स्वर्गमा उचाली लगिनुभएको दिनसम्मका सबै कुरा त्यस पुस्तकमा लेखिएका छन्।'

थियोफिलस भन्ने व्यक्तिको थिए भन्ने बारेमा दुई वटा धारणाहरू छन्। एउटा धारणाअनुसार थियोफिलस कुनै व्यक्तिको नाम नभएर एउटा सांकेतिक नाम मात्र हो। यो कुराको सफाइ दिनेहरूकाअनुसार थियोफिलस नामको खास अर्थ 'परमेश्वरका प्रिय मित्र' भन्ने हुन्छ। त्यसैकारण यो इसाईहरूलाई गरिएको सम्बोधनको एउटा सांकेतिक नाम मात्र हो।

यो नामको सुरुको 'थियो'को अर्थ 'परमेश्वर' हुन्छ। नामको दोस्रो भागको 'फिलस' ग्रीक भाषाको फिलिओबाट आएको हो जसको अर्थ 'प्रेम' हुन्छ। ग्रीक भाषामा प्रेमलाई बुझाउने Phileo, Storge, Eros & Agape गरी चार वटा शब्दहरू छन्। यो थियोफिलस भन्ने नामको अर्थचाहिँ 'परमेश्वरले प्रेम गर्ने मित्र' भन्ने हुन सक्छ। तर दोस्रो धारणाको तुलनामा यो धारणा त्यति स्वीकार्य मानिँदैन।

दोस्रो धारणाले थियोफिलसलाई त्यतिबेलाका वास्तविक मानिसको रूपमा लिन्छ। त्यसको कारणचाहिँ यो हो, कि थियोफिलस नामको अघि माननीय भन्ने सम्बोधन जोडिएको छ। यसले यो देखाउँछ, कि थियोफिलसचाहिँ साधारण व्यक्ति नभएर, त्यो समयको उच्च दर्जाको अधिकारी हुनुपर्छ। यो धारणा अघिल्लो धारणाभन्दा अझ स्वीकार्य देखिन्छ। यो थियोफिलस भन्ने व्यक्तिचाहिँ एक शिक्षित र उच्च ओहोदाको रोमी अधिकारी हुनुपर्छ। सायद लूकाले उनलाई सुसमाचार सुनाएर प्रभुमा डोऱ्याएका हुनसक्छ। तिनी इसाई विश्वासको आधारभूत जगको सिद्धान्तहरू सिक्न चाहन्थे। साथै उनी येशूको बारेमा केही ऐतिहासिक तथ्यहरू, जस्तै: येशू कहिले र कहाँ जन्मनुभयो अनि उहाँको जीवनकालमा के-कस्ता घटनाहरू घटेके थिए भनेर बुझ्न चाहन्थे।

| | प्रेम | अर्थ |
|---|---|---|
| १ | Agape | परमेश्वरको निसर्त प्रेम |
| २ | Storge | पारिवारिक प्रेम |
| ३ | Eros | रोमाञ्चक प्रेम |
| ४ | Phileo | मित्रताको प्रेम |

**तालिका ४-३.** ग्रीक भाषामा प्रेमको निम्ति प्रयोग गरिने चार वटा शब्दहरू

लूकाको दृष्टिकोणमा थियोफिलस मिसनको निम्ति धेरै महत्वपूर्ण व्यक्ति थिए। सरकारी उच्चस्तरीय अधिकारी भएका हुनाले थियोफिलसको राजनीतिक र आर्थिक रूपमा पनि ठुलो प्रभाव रहेको हुनसक्छ। यदि थियोफिलसजस्तो मानिसले सुसमाचार राम्रोसँग बुझेर आफैलाई प्रभुको सेवा र मिसनमा समर्पित गरेको खण्डमा लूका र पावलको सेवकाइमा ठुलो साथ मिल्ने थियो। थियोफिलसको प्रभाव, सम्बन्धहरू र धनको माध्यमबाट सुसमाचार प्रचारमा ठुलो प्रभाव पार्न सकिने थियो होला। यसरी उनको माध्यमबाट सुसमाचारका लेखहरू रोमी साम्राज्यमा पुऱ्याउन सकिने ठुलो सम्भावना थियो। यो सबै कुरालाई मध्यनजर गरेर लूकाले यी पत्रहरू लेखेका हुन सक्छन्।

| | लूका | प्रेरित |
|---|---|---|
| **विषय** | येशूको जन्म ~ स्वर्गारोहण (ई.पू. ४ - इ.सं. ३०) | येशूको स्वर्गारोहण ~ पावलको पहिलो कैद (इ.सं. ३०-६२) |
| **लेखेको समय** | इ.सं. ६०-६२ (पावलको पहिलो कैदको समयमा) | इ.सं. ६३ |
| **लेखेको स्थान** | रोम | रोम |
| **पाठक** | थियोफिलस | थियोफिलस |
| **शिर्षक** | ऐतिहासिक ईश्वरशास्त्रीय पुस्तक | सुरुका मण्डलीको जन्म र विकास |

**तालिका ४-४.** लूकाले लेखेका दुई पुस्तकहरू

## ग. लूकाको सुसमाचारको विशेषताहरू

लूकाको सुसमाचार धेरै प्रकारले अरू सुसमाचारको पुस्तकहरूभन्दा फरक छ। तालिका ४-५ ले यो पुस्तक अरूहरूभन्दा छ किसिमले फरक छ भनी देखाउँछ।

### १. सुरुदेखि, विस्तृतरूपमा र क्रमिकरूपमा लेखिएको पुस्तक

लूकाको सुसमाचार इतिहासको पुस्तक हो। यसमा येशूको जन्म भएको समय ई.पू. ४ देखि येशूको स्वर्गारोहण भएको समय इ.सं. ३० सम्मको इतिहास समेटिएको छ। लूका इ.सं. ५० तिर पावलको प्रचारबाट ख्रीष्टमा आएका थिए। लूकाले येशूलाई व्यक्तिगत रूपमा कहिल्यै पनि देखेका थिएनन् र १२ चेलाहरूले जसरी येशूलाई व्यक्तिगत रूपमा पछ्याएका पनि थिएनन्।

त्यसकारण लूकाले सुसमाचार लेख्नको निम्ति पहिले नै लेखिएका पत्रहरू र येशूलाई प्रत्यक्ष देखेका र भेटेका साक्षीहरूको गवाहीलाई हेर्नु र सुन्नु आवश्यक थियो। त्यसको लागि उनले खोज र अनुसन्धान गर्नुपर्ने हुन्थ्यो। त्यसपछि उनले सबै घटनाहरूलाई क्रमिक रूपमा मिलाएर राख्ने काम गरे, अर्थात् ती घटनाहरूलाई ऐतिहासिक क्रम मिलाएर लेखे। उनको यो खालको लेखाइ लूकाको सुसमाचार र प्रेरितको पुस्तक दुवैमा पाइन्छ। यसको उदाहरणको रूपमा लूका १:१-३; लूका २४:५०-५१; र प्रेरित १:१-३ लाई लिन सकिन्छ।

सुरुमा लूका १:१-३ मा यसरी लेख्छन्, 'हाम्रा माझमा घटेर पुरा भएका घटनाहरूको विवरण संग्रह गर्ने काम धेरै जनाले आफ्नो हातमा लिएका छन्। तिनीहरू जो सुरुदेखि नै वचनका प्रत्यक्ष गवाह र सेवकहरू थिए, तिनीहरूले यी कुरा हामीलाई सुम्पिदिए। माननीय थियोफिलस, मैले आरम्भदेखि नै सावधानीसाथ सबै कुराको खोजी गरेको छु, र तपाईंको निम्ति क्रमैअनुसारको एउटा विवरण लेख्न मलाई असल लाग्यो।'

यो खण्ड पढ्दा हामी यो कुरा बुझ्नसक्छौँ, कि लूकाले लेख्नुभन्दाअघि धेरै लेखकहरूले येशूको जीवनी, सेवकाइ र शिक्षाको बारेमा लेख्ने प्रयास गरेका थिए। तर यति बेलासम्म त्यो विषयमा विस्तृत रूपमा लेखिएका लेखहरू थिएनन् तर केही घटनाहरू र कहानीहरूलाई व्यक्तिगत रूपमा लेखेका लेखहरू मात्र थिए तर तिनीहरू क्रमिकरूपमा मिलाएर समेटिएका थिएनन्। त्यसैले लूकाले ती सबै कुराहरूलाई लिएर एउटा व्यवस्थित र क्रमिक रूपमा मिलाएर लेख्नुपर्ने आवश्यकता महसुस गरे।

| | लूकाको सुसमाचार कसरी फरक छ |
|---|---|
| १ | सुरुदेखि, होसियारीपूर्वक, क्रमिकरूपमा |
| | • आरम्भदेखि नै सावधानीपूर्वक सबै कुराहरूको खोजी गरेर क्रमिकरूपमा मिलाएर लेखेको<br>• एउटा अचम्मको इतिहास |
| २ | विस्तृत ईश्वरशास्त्रीय लेख |
| | • सुसमाचारीय र मिसनको हृदय भएको (लूका १९:१०)<br>• पवित्र आत्माको काममा जोड दिएको<br>• चेलापनको सिद्धान्त (लूका ९:५७-६२, १४:२५-३५) |
| ३ | येशूको दृष्टिकोण |
| | • येशूको मानवतामा जोड दिएको "मानिसको पुत्र" येशूको वंशावली<br>• लूकाको पुस्तकमा कष्टको हप्ताको बारेमा कम उल्लेख गरिएको (२१%भन्दा कम अध्यायहरू) |
| ४ | सामाजिक सुसमाचारमा जोड दिएको |
| | • पिछडिएका र अवसर नपाउने वर्गहरूमा केन्द्रित<br>• महिलाको भूमिकामा जोड दिएको |
| ५ | लूकाको सुसमाचारमा मात्र लेखिएका दृष्टान्तहरू र घटनाहरू |
| ६ | अचम्मको कथा प्रस्तुत गर्ने शैली |

**तालिका ४-५.** लूकाको सुसमाचार अरू तीन सुसमाचारहरूभन्दा फरक **छ**

लूका १:३ मा उनी यसरी लेख्छन्: 'माननीय थियोफिलस, मैले आरम्भदेखि नै सावधानीसाथ सबै कुराको खोजी गरेको छु, र तपाईंको निम्ति क्रमैअनुसारको एउटा विवरण लेख्न मलाई असल लाग्यो।' लूका पवित्र आत्माबाट प्रेरित भएर सबै लेखहरूलाई खोज र अनुसान्धान गरेर, प्रत्यक्षदर्शीहरूसँग पनि सोधखोज गरेर ती घटनाहरू घटेका हुन्, कि होइनन् भनी होसियारीपूर्वक खोज गरेर कुन घटना कहिले र कहाँ अनि कसरी घटेका हुन् भन्ने कुराहरूको तथ्यगत निचोड निकाले। लूका १:१-३ ले उनी एक अनुसन्धानकर्ता र इतिहासकार हुन् भन्ने कुराको पक्का झलक दिन्छ।

त्यसैगरी लूका २४:५०-५१ मा पनि उनी लेख्छन् कि, 'त्यसपछि उहाँले तिनीहरूलाई बिथिनियासम्म लैजानुभयो, र आफ्नो हात उचालेर तिनीहरूलाई आशीर्वाद दिनुभयो। उहाँले तिनीहरूलाई आशीर्वाद दिनुहुँदैगर्दा, उहाँ तिनीहरूबाट छुट्टिनुभयो र स्वर्गमा लगिनुभयो।'

यसरी लूकाको पुस्तकको अन्त्य हुन्छ। (चार सुसमाचारको पुस्तकहरूमा लूका र मर्कूसको सुसमाचार मात्र येशूको स्वर्गारोहणमा गएर टुंगिन्छ)।

लूकाले लेखेको प्रेरितको पुस्तकलाई हेर्दा, जहाँ लूकाको सुसमाचारको अन्त्य भएको छ, त्यहीँबाट प्रेरितको पुस्तक सुरुवात भएको छ। यसरी लूकाले लेखेका यी दुई इतिहासका पुस्तकहरू एकपछि अर्कोको निरन्तरता भएको देख्नसक्छौं। प्रेरित १:१ मा लूका यसरी लेख्छन्, 'प्रिय थियोफिलस, येशूले गर्न र सिकाउन थाल्नुभएका सबै कुराका विषयमा मेरो पहिलो पुस्तकमा मैले लेखेको छु।' यो पदचाहिँ लूकाले प्रेरितको पुस्तक र लूकाको सुसमाचारलाई जोड्न प्रयोग गरेको पुलको रूपमा देख्न सक्छौं।

लूकाले यसरी मिलाएर लेख्न सक्नुको कारणचाहिँ उनी एक असल र योग्य इतिहासकार थिए। उनी एक उच्च शैक्षिक व्यक्ति भएको हुनाले तार्किक र विषयगतरूपमा सोच्नसक्ने मानिस थिए। उनी ग्रीक भाषामा पनि पोख्त भएका र गहन अध्ययन भएका व्यक्ति भएको कारण उनको लेखनशैली ग्रीक दृष्टिकोणबाट लेखिएको थियो। त्यतिमात्र नभएर पेशाले एक वैद्य पनि भएका हुनाले उनले बिज्ञानको हिसाबले पनि सोच्न सक्ने मानिस थिए। लूका गहन र विस्तृत अनुसन्धानको व्यक्तित्व भएका व्यक्ति थिए। यसरी उनी आफ्नो पुस्तक लेख्नको लागि आवश्यक पर्ने सबै श्रोतहरू जुटाउन र जाँच गर्न सक्षम थिए। तर ती सबै खुबी र योग्यताहरूको माथि येशूले उनलाई चुन्नुभयो र यो कामको लागि पवित्र आत्माले अभिषेक गर्नुभयो, किनकि लूका जतिसुकै खुबी भएको मानिस भए तापनि, परमेश्वरको बोलावट र पवित्र आत्माको अभिषेकबिना त्यस्तो पुस्तकहरू लेख्न सक्ने थिएन।

लूकाको सुसमाचार र प्रेरितको पुस्तकचाहिँ सबै पुस्ताका यहूदी र गैरयहूदी इसाईहरूको लागि लेखिएको थियो। लूकाको लेखहरू ऐतिहासिक कुराहरूले भरपुर छन्; जस्तै: ऐतिहासिक पृष्ठभूमि, ऐतिहासिक उद्देश्य, ऐतिहासिक घटनाक्रम र ऐतिहासिक परिदृश्यहरू आदि। यसले पाठकहरूलाई सबै घटनाहरू र दृश्यहरू जीवित महसुस गराउँछ।

लूकाको पुस्तकहरूलाई इसाईहरूले पाठ्यपुस्तक र सहपुस्तकको रूपमा प्रयोग गर्दैआएका थिए। 'येशू' फिल्म जुन आज पनि विश्वव्यापी रूपमा सुसमाचारको निम्ति प्रयोग गरिन्छ, त्यो लूकाको पुस्तकमा आधारित छ। आज पनि विश्वासीहरूले नयाँ करार पढ्दा कुनै घटनाको समय र पृष्ठभूमिको बारेमा अस्पष्ट भए भने उनीहरू लूकाले लेखेको लूकाको सुसमाचार र प्रेरितको पुस्तकलाई हेर्ने गर्छन्। लूकाले लेखेका इतिहासका पुस्तकहरू नपढीकन नयाँ करारका पत्रहरू स्पष्टसँग बुझ्न कठिन हुन्छ। आज पनि यी दुई पुस्तकहरूले इसाईहरूलाई बाइबल स्पष्ट बुझ्नको निम्ति सहायता गर्दछन्। यी पुस्तकहरू परमेश्वरको वचनलाई जीवित रूपमा बुझ्न सहायता गर्ने महत्वपूर्ण पुस्तकहरू मानिन्छन्।

## २. विस्तृत ईश्वरशास्त्रीय पुस्तक

लूकाको पुस्तकचाहिँ विस्तृत इसाई ईश्वरशास्त्रीय पुस्तक हो। विस्तृत भन्नाले सबै कुराहरू एकै ठाउँमा समेटिएको भन्न खोजेको हो। सबै महत्वपूर्ण इसाई ईश्वरशास्त्रीय सिद्धान्तहरू लूकाको पुस्तकमा पाउन सकिन्छ।

सुसमाचारको अरू पुस्तकहरूका तुलनामा लूकाले पवित्र आत्माको सिद्धान्त, चेलापन र मिसनको सिद्धान्तमा बढी जोड दिएका छन् किनकि लूका आफैले पनि पावलसँग मिलेर मिसनको क्षेत्रमा हिँडेको कारण उनी यी तीन विषयहरूमामा गहिरोसँग भिजेका थिए। उनले पवित्र आत्माका कामहरूलाई नजिकबाट नियालेका थिए। मिसन र चेलापनको काम कत्तिको प्रभावकारी हुन्छ भन्ने कुरा उनले वास्तविक जीवनमा स्पष्टसँग देखेका र भोगेका थिए। अब यी तीन सिद्धान्तहरू लूकाको पुस्तकमा कसरी प्रस्तुत गरिएका छन् भनी हेरौँ।

| लूकाको सुसमाचारमा भएका सिद्धान्तहरू | | |
|---|---|---|
| १ | ख्रीष्टको सिद्धान्त | मसिह, ख्रीष्ट, परमेश्‍वरका पुत्र |
| २ | इसाई इतिहास | ई.पू. ४ देखि इ.सं. ३० सम्मको घटना |
| ३ | पवित्र आत्माको सिद्धान्त | पवित्र आत्माका कामलाई जोड दिइएको (लूका १:१५, ३५, ४१, २:२५-३५, ४:१, १४, १८, ११:१३, २४:४९) |
| ४ | चेलापनको सिद्धान्त | चेलापनको बारेमा भएको दृष्टान्त जुन लूकाको सुसमाचारमा मात्र पाइन्छ (लूका ९:५७-६२, १४:२५-३५) |
| ५ | मिसनको सिद्धान्त | मिसन केन्द्रित (लूका १९:१०) |
| ६ | शुद्धीकरणको सिद्धान्त | डाँडाको शिक्षा (लूका ६:२०-४९) |
| ७ | मुक्तिको सिद्धान्त | योनाको चिन्ह (लूका ११:२८-३२) |
| ८ | अन्तिम दिनको सिद्धान्त | जैतुन डाँडाको शिक्षा (लूका १२:३५-४८) |

**तालिका ४-६.** लूकाको पुस्तकमा उल्लिखित ईश्‍वरशास्त्रीय सिद्धान्तहरू

## (१) लूकाको सुसमाचारमा पवित्र आत्माको सिद्धान्त

लूकाले पवित्र आत्माको सेवालाई स्पष्ट रूपमा प्रकट गरेका छन् (लूका १:१५, ३५, ४१, २:२५-३५, ४:१, १४, १८, ११:१३, २४:४९)। यीमध्ये केही पदहरूलाई हेरौँ।

'किनभने तिनी परमप्रभुको सामुन्ने महान् हुनेछन्। तिनले दाखमद्य र अरू कुनै पनि मद्य कहिल्यै पिउनेछैनन्, र आफ्नी आमाको गर्भदेखि नै तिनी पवित्र आत्माले भरिपूर्ण हुनेछन्' (लूका १:१५)।

'जब एलीशिबाले मरियमको अभिवादन सुनिन् तब तिनको गर्भमा बालक उफ्र्यो, र एलीशिबा पवित्र आत्माले भरिपूर्ण भइन्' (लूका १:४१)।

'त्यसका बुबा जकरिया आत्माले भरिएर अगमवाणी बोल्न लागे' (लूका १:६७)।

'यरूशलेममा शिमियोन नाउँ भएका एक जना मानिस थिए। उनी इस्राएलका सान्त्वनाको आशा गर्ने धर्मी र भक्तजन थिए, र पवित्र आत्मा उनीमाथि हुनुहुन्थ्यो। "परमप्रभुका ख्रीष्टलाई

नदेखेसम्म तिमी मर्नेछैनौ" भन्ने प्रकाश उनले पवित्र आत्माबाट पाएका थिए। उनी पवित्र आत्माको प्रेरणामा मन्दिरभित्र आए। जब आमा-बुबाले बालक येशूलाई उहाँको निम्ति व्यवस्थाअनुसारको विधि गर्नलाई मन्दिरभित्र ल्याए' (लूका २:२५-२७)।

'येशू पवित्र आत्माले परिपूर्ण भएर यर्दनबाट फर्कनुभयो, र आत्माले उहाँलाई उजाड-स्थानमा लैजानुभयो' (लूका ४:१)।

'येशू पवित्र आत्माको शक्तिमा गालीलमा फर्कनुभयो, र उहाँका विषयको कुरा वरिपरिका सबै ठाउँमा फिंजियो' (लूका ४:१४)।

'त्यही बेला येशू पवित्र आत्मामा उल्लसित हुनुभयो, र भन्नुभयो, "हे पिता, स्वर्ग र पृथ्वीका परमप्रभु, म तपाईंमा धन्यवाद चढ़ाउँछु, किनकि तपाईंले यी कुरा बुद्धिमान् र समझदारबाट गुप्त राखेर बालकहरूलाई प्रकट गर्नुभयो। किनकि, पिता, तपाईंलाई यही असल लाग्यो" (लूका १०:२१)

'हेर, म मेरा पिताकोप्रतिज्ञा तिमीहरूकहाँ पठाउँछु, तर माथिबाट शक्ति प्राप्त नगरुञ्जेल तिमीहरू यही सहरमा बसिरहो' (लूका २४:४९)।

लूकाको दोस्रो पुस्तक प्रेरितहरूका काममा अझ बढी पवित्र आत्माका कामहरूको बारेमा उल्लेख गरिएको छ। प्रेरितको पुस्तकमा लूकाले पेन्तिकोसको दिनमा मर्कूसको घरको माथिल्लो तल्लामा चेलाहरूमाथि पवित्र आत्माको आगमन भएको अनि परमेश्वरले चेलाहरूद्वारा गर्नुभएका सबै अचम्मका कामहरूको विस्तृत विवरण लेखेका छन्। लूकाको सुसमाचार र प्रेरितको पुस्तकमा पवित्र आत्माको कामहरूको बारेमा धेरै उल्लेख गरिनुको कारण लूका आफैले पनि पवित्र आत्माको शक्ति र अभिषेकको अनुभव गरेका थिए। पवित्र आत्माका कामहरू देखेको र भोगेकोले उनमा पवित्र आत्माप्रति ठुलो विश्वास थियो।

## (२) लूकाको सुसमाचारमा उल्लिखित चेलापन

अरू सुसमाचारको पुस्तकहरूको तुलनामा लूकाको सुसमाचारमा चेलापनको बारेमा धेरै विवरणहरू पाइन्छ। लूकाको चेलापनसम्बन्धी शिक्षा लूका ९:५७-६२ र १४:२५-३५ मा पाउन सकिन्छ। चेला बन्ने मुख्य सर्त भनेको, येशूको असल चेला बन्न आफैलाई बलिदान गर्न तयार हुनुपर्छ भन्ने हो। येशूलाई साँच्चै पछयाउने हो भने, आफ्नो परिवार, आफन्त अनि श्रीमती र छोराछोरीलाई पनि त्याग्न सक्नुपर्छ। उसले आफ्नो धन दौलत त्यागेर आफ्नो क्रूस बोकेर येशूकोपछि लाग्नुपर्ने हुन्छ।

यो एकदमै कठिन काम भएको कारणले गर्दा लूकाले यो विषयमा येशूले भन्नुभएका धेरै दृष्टान्तहरू उल्लेख गरेका छन्:

'अर्काले पनि भन्यो, "प्रभु, म तपाईंको पछि लाग्नेछु, तर पहिले आफ्नो घरमा हुनेहरूबाट मलाई बिदा लिन दिनुहोस्।" तर येशूले त्यसलाई भन्नुभयो, "आफ्नो हात हलोमा लगाएर पछिल्तिर हेर्ने कोही पनि परमेश्वरका राज्यको योग्यको हुँदैन" (लूका ९:६१-६२)।

"तिमीहरूमध्ये कसैले एउटा धरहरा बनाउने इच्छा गर्छ भने, त्यो धरहरा बनाई सिद्ध्याउने खर्च आफूसित छ, कि छैन भनी के त्यसले पहिले नै बसेर हिसाब लाउँदैन र? नत्र भने त्यसले जग बसालेपछि सिद्ध्याउन सकेन भने, देख्नेहरू सबैले यसो भनेर त्यसको गिल्ला गर्न लाग्नेछन्, 'यस मानिसले बनाउन त थाल्यो तर सिद्ध्याउन सकेन ... नून असल हो, तर नून अलिनो भयो भने केले त्यो नुनिलो हुने? त्यो न त जमिनको निम्ति न खादको निम्ति काम लाग्ने हुन्छ। मानिसहरूले त्यसलाई मिल्काइदिन्छन् ..." (लूका १४:२८-३५)।

लूकाले येशूको चेला बन्न यस्तो योग्यता हुनुपर्छ भनेर हिम्मतको साथ भन्न सक्नुको कारणचाहिँ उनी आफै यो वर्गको चेला थिए। लूकाले चेला बन्नको निम्ति चाहिने योग्यताहरूको बारेमा लेखेको कुराहरू त्यो समयमा येशूको कारण सतावट भोगिरहेकाहरूको निम्ति उत्साहको कारण बन्न सक्थ्यो।

## (३) लूकाको सुसमाचारमा उल्लिखित मिसनको सिद्धान्त

लूकाको सुसमाचारले गैरयहूदी मिसनलाई जोड दिएको छ। लूकाको गैरयहूदी मिसनको बारेमा मुख्य सन्देश लूका १९:१० मा पाइन्छ: 'किनभने मानिसको पुत्र हराएकालाई खोज्न र बचाउन आएको हो।'

पुस्तकको अरू खण्डहरूमा पनि लूकाले मिसन सम्बन्धी कुराहरू उल्लेख गरेका छन्; जस्तै: पाँच रोटी र दुई माछाको दृष्टान्त (लूका ९:१०-१७), सामरीहरूको तारिफ गरेको कुराहरू

(लूका १०:३२-३७, १७:११-१९), येशूले ७० जना चेलाहरूलाई पठाउनुभएको (१०:१-२४), र हराएको छोराको दृष्टान्त (१५:११-३२)।

लूकाले पावलसँगै १८ वर्ष (इ.सं. ५०-६८) मिसन क्षेत्रमा सेवा गरे। त्यसैले लूकालाई मिसनको बारेमा धेरै अनुभव थियो। उनले येशू अब्राहामको करार (उत्पत्ति १२:२-३) पुरा गर्न गैरयहूदीहरूको निम्ति पनि धर्तीमा आउनुभएको हो भन्ने कुरा पनि राम्रोसँग बुझेका थिए। त्यसैकारण लूकाले यो पुस्तकलाई पक्का मिसनको हृदयले लेख्न सकेका हुन्।

लूकाले यी दुई वटा इतिहासका पुस्तकहरू लेखेका मात्र होइन तर उनी त मिसनको काममा पनि प्रत्यक्ष सहभागी थिए। अनि उनले जहाँ पुगे पनि आवश्यकताअनुसार मानिसहरूलाई इसाई लेखहरू बाँड्ने काम पनि गरेका थिए।

## ३. येशूप्रतिको लूकाको दृष्टिकोण

### (१) लूकाले येशूको मानवतामा जोड दिएका छन्

लूकाको सुसमाचारले येशूको मानवतालाई विशेष जोड दिएको छ। प्रायः अरू सुसमाचारको पुस्तकहरूको तुलनामा लूकाको पुस्तकमा येशूलाई मानिसको पुत्र भनी सम्बोधन गरेको पाइन्छ। लूकाले येशूको पूर्ण मानवतालाई प्रस्तुत गर्न यसो गरेका हुन्। यो यूहन्नाको सुसमाचारभन्दा विपरीत छ किनभने यूहन्नाले येशूको पूर्ण ईश्वरत्वलाई जोड दिएका छन्। यूहन्नाले येशूलाई परमेश्वरका पुत्रको रूपमा पनि जोड दिएका छन्।

लूकाले येशू मानव इतिहासमा अस्तित्वमा रहनुभएको मानिस हुनुहुन्छ भन्ने कुरामा जोड दिएका छन्। त्यसैकारण लूकाले अरू सुसमाचारका पुस्तकहरूभन्दा बढी येशूको जन्म र बाल्यकालको विषयमा लेखेका छन्।

लूकाले येशूको जन्मको विषयमा गरिएको भविष्यवाणीको पृष्ठभूमिमा बप्तिस्मा दिने यूहन्नाको जन्म अनि येशूको जन्म, गोठालाहरूले बालक येशूको आराधना गरेका, येशू १२ वर्षको हुनुहुँदा मन्दिरमा व्यवस्थाका शिक्षकहरूसँग वादविवाद गर्नुभएको कुराहरू पनि उल्लेख गरेका छन्। यी सबै कुराहरू लूकाको सुसमाचारमा मात्र पाउन सकिन्छ।

अरू सुसमाचारको पुस्तकहरूको तुलनामा लूकाले येशूको मानव जीवनको विषयमा धेरैभन्दा धेरै पानाहरूमा लेखेको पाइन्छ।

## (२) लूकाले येशूको कष्टको हप्ताबारे थोरै लेखेका छन्

लूकाको सुसमाचारमा कष्टको हप्ताको अर्थात् पवित्र हप्ताको बारेमा त्यति धेरै उल्लेख गरिएको छैन। येशूको कष्टको हप्ता भनेको उहाँको यरूशलेममा विजयी प्रवेशदेखि उहाँको पुनरुत्थानसम्म हो। अर्को अर्थमा भन्नुपर्दा कष्टको हप्ता भनेको खजुर आइतबारदेखि पुनरुत्थानको आइतबारसम्म (ईस्टरसम्म) हो। मत्तीको सुसमाचारमा कष्टको हप्ताको बारेमा आठ वटा अध्यायहरूमा उल्लेख गरिएको छ, जुन पुरा पुस्तकको २८% हो। त्यो कुरा मर्कूसको सुसमाचारमा वटा अध्यायहरू अर्थात् पुरा पुस्तकको ३८% छ। अनि यूहन्नाको सुसमाचारमा दश वटा अध्यायहरू (४८%) अर्थात् झण्डै आधा नै कष्टको हप्ताको विषयमा लेखिएको छ। अरू सुसमाचारको पुस्तकहरूको तुलनामा लूकाको सुसमाचारमा कष्टको हप्ताको बारेमा पाँच वटा अध्यायहरू, अर्थात् २१% मात्र उल्लेख गरिएको छ। यसरी हेर्दा लूकाले अरू सुसमाचारका पुस्तकहरूभन्दा तुलनात्मक रूपमा येशूको कष्टको हप्ताको विषयमा कम उल्लेख गरेका छन् भन्न सकिन्छ। यसलाई अर्को अर्थमा भन्नुपर्दा लूकाले कष्टको हप्ताभन्दा अरू विषयहरूमा लेख्न बढी महत्व दिएका छन्। तलको तालिकामा चार वटा सुसमाचारको पुस्तकहरूमा कष्टको हप्ताको बारेमा लेखाइलाई तुलना गरेर हेर्न सकिन्छ।

| | सुसमाचार | विजयी प्रवेश ~ पुनरुत्थान / स्वर्गारोहण | अध्याय सङ्ख्या | पुस्तकको जम्माप्रतिशत |
|---|---|---|---|---|
| १ | मत्ती | २१-२८ | ८ | २८% |
| २ | मर्कूस | ११-१६ | ६ | ३८% |
| ३ | लूका | १९:२८-२४:५३ | ५ | २१% |
| ४ | यूहन्ना | १२:१२-२१:२५ | १० | ४८% |

**तालिका ४-७.** चार सुसमाचारहरूमा कष्टको हप्ताको तुलना

## ४. सामाजिक सुसमाचारतिर झुकाव राखिएको

लूकाको सुसमाचार येशूको मानवतामा केन्द्रित भएकोले यसले सामाजिक सुसमाचारमा अलि बढी चासो देखाएको छ। लूकाको हृदय जहिले पनि सामाजिक रूपमा पिछडिएका र पक्षपातमा परेका कमजोर मानिसहरूप्रति रहेको देखिन्छ। उनले येशूलाई प्राय: त्यस्ता कमजोर मानिसहरूलाई हर समय सहायता गर्ने व्यक्तिको रूपमा प्रस्तुत गरेका छन्। लूकाको सुसमाचारले जहिले पनि कमजोर, पिछडिएका, त्यागिएका, गरिब, टुहुरा-टुहुरी, विधवा , लुला, लङ्गडा अनि महिला र केटाकेटीहरूको पक्षमा वकालत गर्दछ। त्यसैकारण आजभोलिका उदारवादी ईश्वरशास्त्रीहरूले आफ्नो कमजोर ईश्वरशास्त्रलाई टेवा दिन लूकाको सुसमाचारको आड लिने गर्छन्। तर ती बाहिरी कुराहरूद्वारा उनीहरूले लूकाको सुसमाचारको आन्तरिक मुख्य सारलाई गलत अर्थ लगाएका हुन सक्छन्।

## (१) लूकाको सुसमाचारमा मात्र पाइने पिछडिएका वर्गहरूको बारेमा उल्लेखित घटनाहरू र दृष्टान्तहरू

तालिका ४-८ मा लूकाको सुसमाचारमा मात्र पाइने सामाजिक सरोकारका घटना र दृष्टान्तहरूलाई हेर्नुहोस्।

| | विवरण | बाइबल खण्ड |
|---|---|---|
| १ | येशूले विधवाको छोरोलाई जीवित पार्नुभएको | ७:११-१५ |
| २ | असल सामरीको दृष्टान्त | १०:३०-३७ |
| ३ | धेरै धन थुपार्ने मूर्ख धनी मानिसको दृष्टान्त | १२:१३-२१ |
| ४ | येशूले कुप्री परेकी स्त्रीलाई निको पार्नुभएको | १३:१०-१७ |
| ५ | येशूले जलग्रह पिडित मानिसलाई निको पार्नुभएको | १४:१-६ |
| ६ | गरिब, लुला, लङ्गडा र अन्धालाई निम्तो | १४:१२-१४ |
| ७ | धनी मानिस र लाजरसको दृष्टान्त | १६:१९-३१ |
| ८ | येशूले १० कुष्ठरोगीलाई निको पार्नुभयो तर एक सामरी मात्र फर्की आएर परमेश्वरलाई धन्यवाद दियो | १७:११-१९ |
| ९ | खुरुन्धार लाग्ने विधवाको दृष्टान्त | १८:१-८ |
| १० | फरिसी र कर उठाउनेको दृष्टान्त | १८:९-१४ |
| ११ | येशूले कर उठाउने जखायासलाई विशेष कृपा देखाउनुभएको | १९:१-१० |
| १२ | १० मोहीहरूको दृष्टान्त | १९:११-२७ |

**तालिका ४-८.** लूकाको सुसमाचारमा मात्र उल्लिखित पिछडिएका वर्गबारे घट्ना र दृष्टान्तहरू

## (२) महिलाको समान महत्व

लूकाको सुसमाचारद्वारा पवित्र आत्माले हामीलाई सिकाउनु भएको अर्को कुराचाहिँ मण्डलीले महिलाहरूलाई पक्षपात गर्न हुन्न भन्ने हो। यसैकारण होला, लूकाको पुस्तक महिलाहरूको माझमा धेरै प्रिय मानिन्छ। लूकाले हल्का रूपमा यहूदी संस्कारमा भएको स्त्रीप्रतिको भेदभावलाई देखाउँछन्। अनि उनी यो कुरामा जोड दिन्छन्, कि परमेश्वरले स्त्री र पुरुष दुवैलाई समान प्रेम गर्नुहुन्छ। यसको अर्थ परमेश्वरको राज्य पुरुष केन्द्रित राज्य नभएर स्त्री र पुरुष दुवै समान हुने राज्य हो। लूकाले परमेश्वरले स्त्री र पुरुष दुवैलाई समान रूपमा प्रेम गर्नुहुन्छ भनी देखाउन आफ्नो पुस्तकमा धेरै कुराहरू लेखेका छन्। केही उदाहरणहरू हेरौँ।

पहिलो- लूकाको सुसमाचारमा हन्ना नाम गरेकी अगमवादिनीको कहानी छ। पुरानो करारमा हेर्ने हो भने प्राय: सबै अगमवक्ताहरू पुरुषहरू थिए। तर जब येशूको जन्मको समय आयो तब परमेश्वरले एक जना स्त्री अगमवादिनीलाई यो विषयमा अगमवाणी गर्नको निम्ति नियुक्त गर्नुभयो (लूका २:३६-३८)।

दोस्रो- येशूको वंशावलीको बारेमा हो जहाँ लूकाले योसेफको नभएर मरियमको तर्फको वंशावलीलाई उल्लेख गरेका छन्। मत्तीले योसेफको वंशावलीलाई राखेर येशूको पुर्खाहरूलाई चिनाएका छन् भने लूकालेचाहिँ मरियमको तर्फको वंशावलीलाई रोजेका छन् (लूका ३:२३-३८)। यो परमेश्वरले पुरुष र स्त्रीलाई समान रूपमा लिनुहुन्छ भन्ने कुरा देखाउन गरिएको प्रयत्न हुन सक्छ।

तेस्रो- लूकाले येशू मार्था र मरियमको घरमा हुनुहुँदाको वार्तालापलाई उल्लेख गरेका छन्। ती दुई स्त्रीहरू यूहन्नाको सुसमाचारमा पनि प्रख्यात छन् किनकि तिनीहरूका भाइ, लाजरसलाई येशूले जीवित पार्नुभएको थियो। तर अचम्मको कुरा यो छ, कि लूकाको सुसमाचारको यो खण्डमा लाजरसको नाम उल्लेख छैन तर उनका दिदीहरू मार्था र मरियमको मात्र चर्चा गरिएको छ (लूका १०:३८-४२)।

चौथो- खुरुन्धार लाग्ने विधवाको दृष्टान्त हो। यो विधवाले दिन रात प्रार्थना गर्ने परमेश्वरका जनहरूलाई सङ्केत गर्छ। यो कुरा येशूले आफ्ना चेलाहरूलाई निरन्तर प्रार्थना गर्न र परमेश्वरमा आशा राख्न नछोड्नु भन्ने विषयमा सिकाउनुभएको दृष्टान्त थियो। तर यहाँ हामीले बुझ्नुपर्ने महत्वपूर्ण कुराचाहिँ येशूले त्यो दृष्टान्तद्वारा चेलाहरूलाई उक्त विधवाको उदाहरण पछ्याउनुपर्छ भनेर सिकाउन खोज्नुभएको थियो।

येशूले पुरुष प्रधान यहूदी समुदायमा स्त्रीहरूलाई तारिफ गर्नुभएर उचाल्नुभयो। लूकाले पनि आफ्नो पुस्तकमा विशेष गरी त्यस्ता घटनाहरूलाई जोड दिएका छन् (लूका १८:१-८)।

## (३) येशूको मानवता र ईश्वरत्वको समानुपात

सुसमाचारको अरू पुस्तकहरूको तुलनामा लूकाको सुसमाचारले सामाजिक सुसमाचारप्रति अलि बढी झुकाव राखेको देखिन्छ। त्यसैकारण आजका उदारवादी ईश्वरशास्त्रीहरू लूकाको सुसमाचारलाई बढी उद्धृत गर्न रुचाउँछन्। तर उनीहरूसँग लूकाको सुसमाचारको बुझाइ एकदमै पातलो छ। उदारवादीहरूले येशूको मानवतामा निकै जोड दिन्छन् र उनीहरू येशू यो संसारमा सामाजिक सुसमाचारको निम्ति आउनुभएको हो भन्छन्। कति उदारवादीहरू त सुसमाचारको मूलधारबाट धेरै नै टाढा गएर बहुधर्मवादतिर पुगेका छन्। उनीहरू यसो भन्छन्: हामी इसाईहरूले अरू धर्मका मानिसहरूलाई परिवर्तन गराउनु आवश्यक छैन किनकि सबै धर्महरूले मुक्तिको मार्ग देखाउँछन्। उनीहरूको विचारमा इसाई मिसन भनेको खाँचोमा परेकाहरूलाई सहायता गर्नु मात्र हो। इसाई प्रेम भनेको खाँचोमा परेकाहरूलाई आर्थिक र भौतिक सहायता गर्नु मात्र हो भन्नु सुसमाचारको गलत निचोड हो।

इसाई सुसमाचार येशूको मानवता र ईश्वरत्व एकसाथ मिलेपछि मात्र पूर्ण हुन्छ। बाइबलमा भएका हरेक घटनाको आत्मिकी र भौतिक अर्थ सँगै रहेको हुन्छ। प्रभु येशूले मानिसहरूलाई चङ्गाइ गर्नुभयो- त्यो कामको मुख्य अर्थ उहाँ परमेश्वर हुनुहुन्छ भनी बुझाउनु हो। उहाँ परमेश्वरको रूपमा महिमित हुन चाहनुहुन्छ। उहाँले मानिसहरूलाई चङ्गाइ गर्नुको कारण उनीहरू निको भएर यो धर्तीमा रमाइलो जीवन बिताओस् भन्ने मात्र होइन। तर उहाँले चङ्गाइ गर्नुको सही कारणचाहिँ उनीहरू निको भएपछि उहाँ को हुनुहुन्छ भनेर चिनून र उहाँमाथि विश्वास गरेर यो जीवनपछि पनि स्वर्गमा अनन्त आनन्दको जीवन जिउन सकून् भन्ने हेतुले हो।

हामीले लूकाको सुसमाचार पढ्दैगर्दा, यो कुरा मनमा राख्नुपर्छ। लूकाको सुसमाचारले येशूको मानवताको चर्चा गरिरहँदा, येशूको ईश्वरत्वको चर्चा पनि गरिएको हुन्छ। येशूको महान् आदेश भनेको मानिसहरूलाई मृत्युदेखि जीवनमा ल्याउने विषयमा हो। हामीले यो कुरा बुझ्नुपर्छ, कि येशूले मानिसहरूलाई चङ्गाइ गर्नुको मुख्य कारण तिनीहरूको आत्मा बचाउनको लागि हो। एउटा मात्र भए पनि आत्मा बचाउन येशूले पहिले तिनीहरूको भौतिक आवश्यकता पुरा गरिदिनुभयो। त्यसपछि उहाँले तिनीहरूलाई उहाँ को हुनुहुन्छ भनी सिकाउनुभयो अनि तिनीहरूलाई उहाँ परमेश्वर हुनुहुन्छ भनी बताउनुभयो। यो येशूको मिसनको काम गर्ने तरिका थियो अनि हाम्रो मिसन पनि त्यही किसिमको हुनुपर्छ। अर्को अर्थमा भन्नुपर्दा हाम्रो मिसनको उद्देश्य मानिसहरूलाई येशू नै परमेश्वर हुनुहुन्छ भनी सिकाउनु हो।

# ५. लूकाको सुसमाचारमा मात्र पाइने कुराहरू

लूकाको सुसमाचारमा उल्लिखित कतिपय घटना र दृष्टान्तहरू यस्ता छन्, जुन अरू सुसमाचारको पुस्तकहरूमा पाइँदैन। विशेषगरी लूकाको सुसमाचारका सुरुका दुई अध्यायहरूमा उल्लेख गरिएका कुराहरू अरू पुस्तकहरूमा पाइँदैन। त्यहाँ येशूको जन्मको पृष्ठभूमिको बारेमा लेखिएको छ। किन लूकाले मात्र यी विषयहरू उल्लेख गरेका होलान्? किनभने उनी असल इतिहासकार थिए। पवित्र आत्माले लूकालाई अचम्मको बुद्धि र अन्तर्ज्ञान दिनुभएकोले गर्दा, अरू सुसमाचारमा उल्लेख नभएका ४२ वटा घटना र दृष्टान्तहरू उनको सुसमाचारमा उल्लेख छन् (तालिका ४:९)।

| | घटनाहरू | बाइबल खण्ड |
|---|---|---|
| १ | परिचय | लूका १:१-४ |
| २ | बप्तिस्मा दिने यूहन्नाको जन्मको भविष्यवाणी | लूका १:५-२५ |
| ३ | येशूको जन्मको भविष्यवाणी | लूका १:२५-५६ |
| ४ | बप्तिस्मा दिने यूहन्नाको जन्म | लूका १:५७-८० |
| ५ | येशूको जन्मको ऐतिहासिक पृष्ठभूमि | लूका २:१-७ |
| ६ | स्वर्गदूतहरू र गोठालाहरू | लूका २:८-२० |
| ७ | येशूलाई मन्दिरमा अर्पण गर्न लगिएको | लूका २:२१-२४ |
| ८ | शिमियोनको अगमवाणी | लूका २:२५-३५ |
| ९ | हन्नाको अगमवाणी | लूका २:३६-३८ |
| १० | येशू १२ वर्षको हुनुहुँदा मन्दिरमा जानुभएको | लूका २:४१-५२ |
| ११ | मरियमको तर्फको येशूको वंशावली | लूका ३:२३-३८ |
| १२ | मानिसहरूले येशूलाई चट्टानबाट फाल्न खोजेका | लूका ४:२८-३० |
| १३ | अचम्मले माछा पक्रिएको | लूका ५:४-११ |
| १४ | येशूले विधवाको छोरोलाई जीवित पार्नुभएको | लूका ७:११-१५ |
| १५ | दुई ऋणीहरूको दृष्टान्त | लूका ७:४१-४३ |
| १६ | सामरीहरूको गाउँमा येशूलाई इन्कार गरिएको | लूका ९:५१-५६ |
| १७ | येशूले ७० जना चेलाहरू पठाउनुभएको | लूका १०:१-२४ |
| १८ | असल सामरीको दृष्टान्त | लूका १०:३०-३७ |

| | | |
|---|---|---|
| १९ | येशू बिथिनियामा मार्था र मरियमको घरमा जानुभएको | लूका १०:३८-४२ |
| २० | खाँचोमा परेको मित्रको दृष्टान्त | लूका ११:५-८ |
| २१ | धन थुपारेर राख्ने धनी मानिसको दृष्टान्त | लूका १२:१३-२१ |
| २२ | पश्चाताप गर्नु, कि नष्ट हुनु | लूका १३:१-५ |
| २३ | फल नफलाउने अञ्जीरको रूखको दृष्टान्त | लूका १३:६-९ |
| २४ | येशूले शबाथमा कुप्री स्त्रीलाई निको पार्नुभएको | लूका १३:१०-१७ |
| २५ | साँघुरो ढोका | लूका १३:२२-३० |
| १६ | येशूले शबाथमा जलग्रह भएको मानिसलाई निको पार्नुभएको | लूका १४:१-६ |
| २७ | भोजमा तल्लो स्थानको बारेमा दृष्टान्त | लूका १४:७-११ |
| २८ | गरिब, लुला, लङ्गडा र अन्धालाई निम्तो दिनु | लूका १४:१२-१४ |
| २९ | चेलाहरूले चुकाउनु पर्ने मूल्यको बारेमा दृष्टान्त | लूका १४:२८-३३ |
| ३० | हराएको सिक्काको दृष्टान्त | लूका १५:८-१० |
| ३१ | हराएको छोराको दृष्टान्त | लूका १५:११-३२ |
| ३२ | चतुर व्यवस्थापको दृष्टान्त | लूका १६:१-१३ |
| ३३ | धनी मानिस र लाजरसको दृष्टान्त | लूका १६:१९-३१ |
| ३४ | मालिक र नोकरको दृष्टान्त | लूका १७:७-१० |
| ३५ | सामरी कुष्टरोगी मात्र येशूलाई धन्यवाद दिन फर्केर आएको | लूका १७:११-१९ |
| ३६ | खुरुन्धार लाग्ने विधवाको दृष्टान्त | लूका १८:१-८ |
| ३७ | फरिसी र कर उठाउनेको दृष्टान्त | लूका १८:९-१४ |
| ३८ | कर उठाउने जखायास | लूका १९:१-१० |
| ३९ | दश मोहीहरूको दृष्टान्त | लूका १९:११-२७ |
| ४० | उच्च अधिकारीको नोकर निको पारिएको | लूका २२:५०-५१ |
| ४१ | पुनरुत्थानपछि येशू इम्माउसको बाटोमा दुई चेलाहरूकहाँ देखा पर्नुभएको | लूका २४:१३-३२ |
| ४२ | पुनरुत्थानपछि येशू चेलाहरू कहाँ यरूशलेममा देखा पर्नुभएको | लूका २४:३६-४९ |

**तालिका ४-९.** लूकाको पुस्तकमा मात्र उल्लिखित ४२ वटा कुराहरू

## ६. अद्वितीय लेखनशैली

लूकाको सुसमाचारमा केही अद्वितीय किसिमका लेखनशैलीहरू देख्न सकिन्छ। एउटा अचम्मको लेखनशैली भनेको लूकाले आफ्नो लेखलाई कथाको रूपमा प्रस्तुत गर्दछन्। उनले सबै कथालाई पाठकको रुची बढ्ने किसिमले लेख्छन्। उनले आफ्नो पुस्तकमा यस्तै कुराहरू प्रस्तुत गरेका देखिन्छ। त्यसका केही उदाहरणहरू हेरौँ।

लूका १ अध्यायमा बालक येशू र बप्तिस्मा दिने यूहन्नाको बारेमा लेखिएको छ। यो अध्यायको अन्तिममा पद ८० मा यसरी लेखिएको छ, 'अनि बालक यूहन्ना बढ्दै र आत्मामा बलिया हुँदैगए, र इस्राएलीहरूकहाँ खुला रूपमा देखा नपरुञ्जेल तिनी उजाड-स्थानमा नै बसे।' यो एउटा पदमा लूकाले एक अध्यायलाई सारांश गरेर टुंग्याउछन्।

लूका २ अध्यायमा बालक येशूको जन्मबारे भविष्यवाणी छ। दुई अध्यायको अन्तिमतिर ४० पदमा लूकाले येशूको बाल्यकालको सारांशको रूपमा यसरी लेख्छन्, 'बालक बुद्धिले भरिपूर्ण भएर बढ्दै र बलियो हुँदैजानुभयो, र परमेश्वरको अनुग्रह उहाँमाथि थियो। अनि पछि ५२ पदमा येशूको किशोर अवस्थाको बारेमा यसरी लेख्छन्, 'अनि येशू बुद्धिमा, कदमा र परमेश्वर र मानिसहरूको अनुग्रहमा बढ्दैजानुभयो।'

प्रेरितको पुस्तकमा पनि यस्तै किसिमिको लेखाइ छ। हामीले प्रेरित २:४७, ४:४, ५:११, १६, ४२, ६:७, ८:२५, ९:३१, १२:२४-२५ मा हेर्छौँ भने, आउनेवाला अध्यायको निरन्तरता र उक्त अध्यायको सारांश देख्न सक्छौँ।

# घ. लूकाको पुस्तकको संरचना

लूकाको पुस्तक २४ अध्यायहरू छन्। यी अध्यायहरूलाई येशूले गर्नुभएका कामहरू र समयको आधारमा १० भागमा विभाजन गर्न सकिन्छ। सुरुमा हामी लूकाको पुस्तकको संरचनालाई हेरौं त्यसपछि लूकाको पुस्तकको संरचनालाई विस्तृत रूपमा हेर्नेछौं।

| | बाइबल खण्ड | व्याख्या |
|---|---|---|
| १ | लूका १:१-४ | परिचय |
| २ | लूका १:५-२:५२ | येशूको पहिलो आगमन |
| ३ | लूका ३:१-४:१३ | येशूको सेवकाइको तयारी |
| ४ | लूका ४:१४-९:५० | येशूको गालीलको सेवकाइ |
| ५ | लूका ९:५१-१०:३७ | येशूको सामरियाको सेवकाइ |
| ६ | लूका १०:३८-१३:२१ | येशूको यहूदियाको सेवकाइ |
| ७ | लूका १३:२२-१७:१० | येशूको यरूशलेमको सेवकाइ |
| ८ | लूका १७:११-१९:२७ | येशूको गालीलदेखि यरूशलेमसम्मको बाटोको सेवकाइ |
| ९ | लूका १९:२८-२३:५६ | येशूको कष्टको हप्ता |
| १० | लूका २४:१-५३ | येशूको पुनरुत्थान र स्वर्गारोहण |

**तालिका ४-१०.** लूकाको पुस्तकको संरचना

## १. लूकाको पुस्तकको दश भागहरू

लूकाको सुसमाचारलाई क्रमिक इतिहासको पुस्तक भन्न सकिन्छ किनकि यसमा येशूको जन्मदेखि (ई.पू. ४) उहाँको स्वर्गारोहणसम्म (इ.सं. ३०) घटेका ऐतिहासिक घटनाहरूलाई क्रमिक रूपमा वर्णन गरिएको छ। यो पुस्तकलाई भागहरूमा विभाजन गर्न सकिन्छ: (१) परिचय, (२) येशू ख्रीष्टको पहिलो आगमन, (३) येशूको सेवकाइको तयारी, (४) येशूको गालीलको सेवकाइ, (५) येशूको सामरियाको सेवकाइ, (६) येशूको यहूदियाको सेवकाइ, (७)

येशूको यरूशलेमको सेवकाइ, (८) येशूको गालीलदेखि यरूशलेम जाने बाटोको सेवकाइ, (९) येशूको कष्टको हप्ता, (१०) येशूको पुनरुत्थान र स्वर्गारोहण।

## २. लूकाको सुसमाचारको विस्तृत संरचना

### (१) परिचय

लूकाको पुस्तकको परिचय विशेष खालको छ। लूकाले आफ्नो पुस्तक उच्च अधिकारी थियोफिलसलाई सम्बोधन गरेर लेखेका छन्। उनले यो लेख्नुको कारण, लेख्ने तरिका, अनि उनले कसरी सबै कुराको खोजी र अनुसन्धान गरेर यो पुस्तक लेखे भन्ने कुराहरू विस्तृत रूपमा व्याख्या गरेका छन्। यसले यो पुस्तक वास्तविक र ऐतिहासिक दृष्टिकोणबाट लेखिएको थियो भनी स्पष्ट पार्छ।

| | परिचय (लूका १:१-४) |
|---|---|
| | **पुस्तक लेख्नुको उद्देश्य (१:१-४)** |
| १ | • सुरुदेखि नै सबै कुराहरू विस्तृत र क्रमिक ऐतिहासिक रूपमा लेख्न (१:३)<br>• पाउने व्यक्ति: थियोफिलस (१:३) |

**तालिका ४-११.** लूकाको पुस्तकको परिचय १:१-४

### (२) येशू ख्रीष्टको पहिलो आगमन

लूकाले येशूको जन्म र बाल्यकालको बारेमा लेख्न धेरै पानाहरू खर्चेका छन्। उनले अरू सुसमाचारमा चर्चा नगरिएका विषयहरूलाई विस्तृत रूपमा लेखेका छन्; जस्तै: बप्तिस्मा दिने यूहन्नाको जन्म, येशूको जन्मको पृष्ठभूमि र उहाँको बाल्यकाल। पवित्र आत्माले इतिहासकार लूकालाई येशूको जन्मको बेलामा देखा परेका गोठालाहरू र स्वर्गदूतहरूको बारेमा, आठौँ दिनमा येशूको खतना, शिमियोनको अगमवाणी, हन्नाको अगमवाणी, येशू १२ वर्षको उमेरमा यरूशलेम मन्दिरमा जानुभएको घटनाहरूको बारेमा विस्तृत रूपमा लेख्न प्रेरित गर्नुभयो।

| | येशूको पहिलो आगमन (लूका १:५-२:५२) |
|---|---|
| १ | बप्तिस्मा दिने यूहन्नाको जन्मको भविष्यवाणी (१:५-२५) |
| २ | येशू ख्रीष्टको जन्मको भविष्यवाणी (१:२६-५६) |
| ३ | बप्तिस्मा दिने यूहन्नाको जन्म (१:५७-८०) |
| ४ | येशू ख्रीष्टको जन्म (२:१-२०)<br>● स्वर्गदूतहरू र गोठालाहरू (२:८-२०) |
| ५ | येशूको बाल्यकाल (२:२१-५२)<br>● येशूलाई मन्दिरमा लगिएको (२:२१-२४)<br>● शिमियोनको अगमवाणी (२:२५-३५)<br>● हन्नाको अगमवाणी (२:३६-३८)<br>● १२ वर्षको येशू मन्दिरमा जानुभएको (२:४१-५०) |

**तालिका ४-१२.** येशू ख्रीष्टको पहिलो आगमन

## (३) येशूको सार्वजनिक सेवकाइको तयारी

अरू सुसमाचारका लेखकहरूजस्तै लूकाले पनि येशूको सेवकाइको सुरुवातअघि बप्तिस्मा दिने यूहन्नालाई प्रस्तुत गर्छन्। येशू प्रभु आउनुभन्दा करिब ७०० वर्षअघि नै यशैया अगमवक्ताले बप्तिस्मा दिने यूहन्नाको आगमनको बारेमा भविष्यवाणी गरेका थिए (यशैया ४०:३)। मलाकीले पनि करिब ४०० वर्षअघि बप्तिस्मा दिने यूहन्नाको बारेमा भविष्यवाणी गरेका थिए (मलाकी ४:५, मत्ती ११:१४)। यूहन्नाको आगमनचाहिँ ती अगमवाणी पुरा भएको हो भनी लूकाले  हामीलाई सिकाउँछन्।

आफ्नो पुस्तकमा उल्लिखित वंशावलीको विवरणद्वारा लूकाले येशूलाई मानव जातिका उद्धारक, स्त्रीहरूको उद्धारक र अन्यजातिहरूको उद्धारकको रूपमा चिनाउने कोसिस गरेका छन्। लूकाले येशूको वंशावलीको सुरुवात येशूकी आमा मरियमको बुबा एलिबाट सुरु गरेर पहिलो मानिस आदमसम्म पुऱ्याएका छन्। मत्तीले चाहिँ येशूको वंशावली अब्राहामबाट सुरु गरेर योसेफका पिता याकूबमा लगेर टुंग्याएका छन् (मत्ती १:२-१६)।

| येशूको सेवकाइको तयारी (लूका ३:१-४:१३) | |
|---|---|
| १ | बप्तिस्मा दिने यूहन्नाले येशूको निम्ति बाटो तयार गरेका (३:१-२०)<br>• सबै मानिसहरूले परमेश्वरको उद्धार देख्नेछन् (३:६) |
| २ | येशूले बप्तिस्मा लिनुभएको (३:२१-२२) |
| ३ | येशूको वंशावली (३:२३-३८)<br>• मरियमको तर्फको वंशावली<br>• आदमको सन्तान |
| ४ | उजाड स्थानमा येशूको परीक्षा (४:१-१३) |

**तालिका ४-१३.** येशूको सार्वजनिक सेवकाइको तयारी

## (४) गालील क्षेत्रमा येशूको सेवकाइ

येशूको तिन वर्षीय सेवकाइको मुख्य केन्द्र गालील क्षेत्र थियो। लूका ४:१३-९:५० सम्म लूकाले येशूको गालील क्षेत्रको सेवकाइको बारेमा क्रमिक रूपमा र सविस्तार चर्चा गरेका छन्। यसलाई हामी तलको तालिकामा सारांशको रूपमा हेर्न सक्छौँ।

| | येशूको गालील क्षेत्रको सेवकाइ (४:१४-९:५०) |
|---|---|
| १ | येशूको आफ्नो गाउँ नासरतको सेवकाइ (४:१४-३०)<br>● येशूको पहिलो प्रचार (४:१६-२७)<br>● येशूलाई नासरतमा आफ्ना मानिसहरूले इन्कार गरेका (४:२८-३०) |
| २ | येशूको कफर्नहुममा चङ्गाइको सेवकाइ (४:३१-४१)<br>● येशूले दुष्टआत्मा निकाल्नु भएको (४:३३-३७)<br>● पत्रुसको सासूलाई निको पार्नुभएको (४:३८-३९)<br>● धेरै रोगीहरूलाई निको पार्नुभएको (४:४०-४१) |
| ३ | येशूले धेरै सहरहरूमा सेवा गर्नुभएको (४:४२-४४) |
| ४ | येशूले आफ्ना पहिला चेलाहरूलाई बोलाउनु भएको (५:१-११)<br>● अचम्मले धेरै माछाहरू पक्रने आश्चर्यकर्म गर्नुभएको |
| ५ | एउटा कुष्ठरोगी र पक्षघातीलाई निको पार्नुभएको (५:१२-२६) |
| ६ | मत्तीलाई (लेवी) चेला हुन बोलाउनु भएको (५:२७-३२) |
| ७ | येशूले शबाथमा सेवकाइ गर्नुभएको (६:१-११)<br>● मानिसको पुत्र शबाथको प्रभु हो (६:५) |
| ८ | येशूले आफ्ना १२ चेलाहरूलाई बोलावट दिनुभएको (६:१२-१९)<br>● १२ चेलाहरू बाहेक पनि येशूका अरू धेरै चेलाहरू थिए<br>● यहूदिया, टुरोस र सिदोनबाट धेरै मानिसहरू निको हुन येशूकहाँ आए |
| ९ | डाँडाको उपदेश (६:२०-४९) |
| १० | आश्चर्यकर्मको सेवकाइ (७:१-१७)<br>● कफर्नहुममा कप्तानको नोकर निको पार्नुभएको (७:१-१०)<br>● नाइनमा विधवाको छोरो जीवित पार्नुभएको (७:११-१७) |
| ११ | येशू र बप्तिस्मा दिने यूहन्नाको सम्बन्ध (७:१८-३५) |
| १२ | स्त्रीहरूले येशूलाई पछ्याएका (७:१८-८:३)<br>● एउटी पापी स्त्रीले येशूलाई अत्तर खन्याएकी (७:३६-५०)<br>● स्त्रीहरूले आफ्नो पैसाले येशू र उहाँका चेलाहरूको सेवा गरेका (८:१-३) |
| १३ | येशूले दृष्टान्तमा बोल्नुभएको (८:४-१८)<br>● बिउ छर्नेको दृष्टान्त (८:४-१५)<br>● सामदानमाथिको बत्तीको दृष्टान्त (८:१६-१८) |

| | |
|---|---|
| **१४** | येशूका आमा र दाजुभाइहरू (८:१९-२१) |
| **१५** | आश्चर्यकर्मको सेवकाइ (८:२२-५६)<br>• येशूले आँधीलाई शान्त पार्नुभएको (८:२२-२५)<br>• गेनसरेसमा भूतआत्मा लागेको मानिसलाई निको पार्नुभएको (८:२६-३९)<br>• याइरसकी छोरीलाई जीवित पार्नुभएको ९८:४०-४२, ४९-५६)<br>• १२ वर्षदेखि रगत बग्ने स्त्रीलाई निको पार्नुभएको (८:४३-४८) |
| **१६** | येशूले १२ चेलाहरूलाई पठाउनु भएको (९:१-६) |
| **१७** | शासक हेरोद येशूको बारेमा सुनेर अलमल्ल परेका (९:७-९) |
| **१८** | येशूले ५ रोटी र २ माछाले ५,००० लाई खुवाउनु भएको (९:१०-१७) |
| **१९** | पत्रुसको स्वीकार (९:१८-२१) |
| **२०** | येशूले आफ्नो मृत्यु र पुनरुत्थानको बारेमा पहिलोपटक बताउनु भएको (९:२२-२७) |
| **२१** | (आठ दिनपछि) येशूको रूप परिवर्तन (९:२८-३६)<br>• येशूले आफ्नो साथमा पत्रुस, याकूब र यूहन्नालाई लिएर डाँडामा जानुभएको |
| **२२** | भोलिपल्ट येशूले भूतआत्मा लागेको केटालाई निको पार्नुभएको (९:३७-४५)<br>• चेलाहरूले दुष्टआत्मा निकाल्न नसकेका<br>• मानिसको पुत्र मानिसहरूको हातमा सुम्पिइनेछ (९:४४) |
| **२३** | परमेश्वरको राज्यमा सबैभन्दा महान् को हो?<br>• तिमीहरूको बिचमा सबैभन्दा सानोचाहिँ (९:४८)<br>• जो तिम्रो विरुद्ध छैन त्यो तिम्रो पक्षमा हुन्छ (९:५०) |

**तालिका ४-१४.** येशूको गालीलको सेवकाइ




नक्सा ४-२. सार्वजनिक सेवकाइमा येशूले यात्रा गर्नुभएको मुख्य बाटोहरू

## (५) सामरिया क्षेत्रमा येशूको सेवकाइ

इस्राएलीहरूको चाडहरू (लेवीहरू २३:१-३८) मान्न येशू यरूशलेम जाने गर्नुहुन्थ्यो। गालीलदेखि यरूशलेमसम्म जाने सबैभन्दा छिटो बाटोचाहिँ सामरियाको बाटो नै थियो। तर उहाँका चेलाहरूको सामरीहरूलाई हेर्ने दृष्टिकोणको (यूहन्ना ४:९), कारण उहाँ प्राय: सामरियाको बाटो नहिँडेर यरिहो हुँदै यर्दन नदीको तिरैतिर भएर जाने गर्नुहुन्थ्यो।

तर उहाँको तिन वर्षीय सेवकाइको अन्त्यतिर उहाँले अचानक बदलेर सामरियाको बाटो रोज्नुभयो (नक्सा ४-२)। सामरियामा हुँदा येशूले चेलापनको बारेमा शिक्षा दिनुभयो। त्यसैगरी उहाँले ७० जना चेलाहरूलाई मिसनको अनुभव गर्न पठाउनु भयो। अनि उहाँले असल सामरीको दृष्टान्तद्वारा छिमेकीहरूप्रतिको प्रेमको बारेमा पनि सिकाउनुभयो। यसरी येशूले कसरी आफ्ना चेलाहरूलाई गैरयहूदी मिसनको निम्ति तालिम दिदै हुनुहुन्थ्यो भनी लूकाले हामीलाई देखाउन चाहन्छन्।

| | येशूको सामरिया क्षेत्रको सेवकाइ (लूका ९:५१-१०:३७) |
|---|---|
| १ | सामरियाको इलाकामा येशूलाई इन्कार गरिएको (९:५१-५६) |
| २ | येशूलाई पछ्याउदा चुकाउनुपर्ने मूल्य (९:५७-६२) |
| ३ | येशूले ७० जना चेलाहरूलाई पठाउनुभएको (१०:१-२४)<br>• चेलाहरूले भूतआत्माहरू धपाएका (१०:१७)<br>• तापनि दुष्टात्माहरू तिमीहरूको वशमा छन् भनेर रमाउने होइन, तर तिमीहरूका नाउँ स्वर्गमा लेखिएका छन् भनेर नै रमाओ (१०:२०) |
| ४ | महान् आज्ञा (१०:२५-२८)<br>• ठाडो आज्ञा र तेर्सो आज्ञा |
| ५ | असल सामरीको दृष्टान्त (१०:२९-३७) |

**तालिका ४-१५.** येशूको सामरियाको सेवकाइ

| येशूको यहूदियाको सेवकाइ (लूका १०:३८-१३:२१) | |
|---|---|
| १ | येशू बिथिनियामा मार्था र मरियमको घरमा जानुभएको (१०:३८-४२) |
| २ | येशूको प्रार्थनाको बारेमा शिक्षा (११:१-१३)<br>● प्रभुले सिकाउनु भएको प्रार्थना (११:१-४) |
| ३ | येशूको भिडलाई शिक्षा (११:१४-३६)<br>● येशू र बालजिबुल (११:१४-२६)<br>● योनाको चिन्ह (११:२९-३२)<br>● शरीरको बत्ती (११:३३-३६) |
| ४ | येशूको पाखण्डीपन विरुद्धको चेताउनी (११:३७-१२:१२)<br>● फरिसीहरू र व्यवस्थाका धर्मगुरुहरूको निम्ति ७ धिक्कारहरू (११:३७-५४)<br>● फरिसीहरूको पाखण्डीपनदेखि आफूलाई जोगाउनु (१२:१-१२) |
| ५ | येशूको धन सम्बन्धी शिक्षा (१२:१३-३४)<br>● सांसारिक धन थुपार्ने मूर्ख धनी मानिसको दृष्टान्त (१२:१३-२१)<br>● जहाँ तिम्रो धन हुन्छ त्यहाँ तिम्रो मन पनि हुन्छ (१२:२२-३४) |
| ६ | येशूको दोस्रो आगमनको निम्ति कसरी तयारी हुने (१२:३५-१३-९)<br>● जागा बस र तयार होऊ (१२:३५-४८)<br>● समयका चिन्हहरूलाई हेर (१२:४९-५९)<br>● पश्चाताप गर अथवा पतन होऊ (१३:१-५)<br>● फल नफलाउने अञ्जीरको रूखको दृष्टान्त (१३:६-९) |
| ७ | येशूले शबाथमा ढाड कुप्री स्त्रीलाई निको पार्नुभएको (१३:१०-१७) |
| ८ | स्वर्गको राज्यको बारेमा दृष्टान्तहरू (१३:१८-२१)<br>● रायोको दानाको दृष्टान्त (१३:१८-१९)<br>● खमिरको दृष्टान्त (१३:२०-२१) |

## ४-१६. येशूको यहूदियाको सेवकाइ

## (६) यहूदिया क्षेत्रमा येशूको सेवकाइ

सामरिया क्षेत्रको सेवकाइ सकेपछि येशू यहूदिया इलाकातिर जानुभयो। त्यहाँ पनि येशूले निरन्तर आफ्ना चेलाहरूहरूको दृष्टिकोणको बढाउने तालिम दिने काम गर्नुभयो।

तर किन येशू धेरै ठाउँहरूमा जानुभएको होला? त्योचाहिँ उहाँले छोडेर जानुभन्दा अघि चेलाहरूलाई आवश्यक पर्ने सबै प्रकारको तालिम र शिक्षाहरू विभिन्न किसिमका अवस्था र घटनाहरूद्वारा सिकाउनको निम्ति थियो।

## (७) यरूशलेममा येशूको सेवकाइ

येशू यहूदियाका विभिन्न ठाउँहरूमा डुल्नुभएर अन्त्यमा यरूशलेम आइपुग्नु भयो। अब चेलाहरूलाई दिने तालिमको बिट मार्नुपर्ने समय आइपुग्यो। यो समयसम्ममा येशूका चेलाहरूको आत्मिकी स्तर र दृष्टिकोण वृद्धि भैसकेको थियो। त्यसैले येशूले आफ्नो शिक्षाको तह पनि उच्च पार्न थाल्नुभयो। यो समयमा लूकाको पुस्तकमा येशूका धेरै महत्वपूर्ण शिक्षाहरू पाउन सक्छौं।

## (८) गालीलदेखि यरूशलेमसम्म येशूको सेवकाइ

येशूको यरूशलेमको सेवकाइको बारेमा कुरा गर्दैगर्दा लूका अचानक सामरियामा घटेको एउटा घटनातिर फड्को मार्छन्। लूका १७:११-१२ मा यसरी लेखिएको छ: 'येशू यरूशलेमतिर जाँदैहुनुहुन्थ्यो। यस यात्रामा उहाँ सामरिया र गालीलको सिमाना भएर जानुभयो। उहाँ एउटा गाउँमा पस्नुहुँदा दश जना कुष्ठरोगीसँग उहाँको भेट भयो।'

यी पदहरूलाई हेर्दा हामी यो अनुमान गर्दछौं, कि येशूले यरूशलेममा आफ्नो सेवकाइ सकेर गालीलमा जानुभयो। अनि उहाँ फेरि गालीलबाट यरूशलेम जानुभयो। यो समयमा उहाँ सामरिया भएर जानुभयो। येशूको यो समयको सेवकाइको बारेमा लूकाले मात्र अभिलेख राखेका छन्।

| | येशूको यरूशलेमको सेवकाइ (लूका १३:२२-१७:१०) |
|---|---|
| १ | मुक्तिको विषयमा यहूदीहरू र अन्यजातिहरूको सम्बन्ध (१३:२२-३५)<br>● साँघुरो ढोकाबाटभित्र पस (१३:२२-३०)<br>● येशूले यरूशलेम मन्दिरको विनासको बारेमा बताउनु भएको (१३:३१-३५) |
| २ | येशूले शबाथमा जलग्रह लागेको मानिसलाई निको पार्नुभएको (१४:१-६) |
| ३ | तल्लो स्तरका मानिसलाई निम्तो दिनु (१४:७-२४)<br>● भोजमा तल्लो स्थानको विषयमा दृष्टान्त (१४:७-११)<br>● गरिब, लुला, लङ्गडा र अन्धालाई निम्तो दिनु (१४:१२-१४)<br>● बिराट भोजको दृष्टान्त (१४:१५-२४) |
| ४ | चेला हुन चुकाउनु पर्ने मूल्य (१४:२५-३५) |
| ५ | पश्चाताप गर्ने एक पापीको निम्ति आनन्द (१५:१-३२)<br>● हराएको भेडाको दृष्टान्त (१५:१-७)<br>● हराएको सिक्काको दृष्टान्त (१५:८-१०)<br>● हराएको छोराको दृष्टान्त (१५:११-३२) |
| ६ | परमेश्वर र धन (१६:१-३१)<br>● चतुर व्यवस्थापकको दृष्टान्त (१६:१-१८)<br>● धनी मानिस र लाजरस (१६:१९-३१) |
| ७ | चेलाका गुणहरू (१७:१-१०)<br>● पश्चाताप गर्नेलाई क्षमा गर (१७:१-४)<br>● रायोको दाना जत्रो विश्वास (१७:५-१०) |

**तालिका ४-१७.** यरूशलेममा येशूको सेवकाइ

| | |
|---|---|
| | **येशूको गालीलदेखि यरूशलेम सम्मको बाटोको सेवकाइ (लूका १७:११-१९:२७)** |
| **१** | येशूले १० जना कुष्ठरोगीहरूलाई निको पार्नुभएको (१७:११-१९)<br>● एक जना सामरीले मात्र फर्की आएर येशूलाई धन्यवाद दियो |
| **२** | परमेश्वरको राज्यको आगमन (१७:२०-३७)<br>● अन्त्यका दिनका चिन्हहरू (१७:२२-३३)<br>● उठाई लगिने विषयको दृष्टान्तहरू (१७:३४-३५) |
| **३** | येशूले दृष्टान्तहरूमा शिक्षा दिनुभएको (१८:१-१४)<br>● खुरुन्धार लाग्ने विधवाको दृष्टान्त (१८:१-८)<br>● फरिसी र कर उठाउनेको दृष्टान्त (१८:९-१४) |
| **४** | परमेश्वरको राज्यमाको प्रवेश गर्न सक्छ (१८:१५-३०)<br>● साना बालबालीकाहरू र परमेश्वरको राज्य (१८:१५-१७)<br>● धनी मानिस र परमेश्वरको राज्य (१८:१८-३०) |
| **५** | येशूले आफ्नो मृत्यु र पुनरुत्थान विषयमा तेस्रोपटक बताउनु भएको (१८:३१-३४) |
| **६** | येशूले यरिहोमा शिक्षा दिनुभएको (१८:३५-४३)<br>● येशूले अन्धो भिखारीलाई निको पार्नुभएको (१८:३५-४३)<br>● कर उठाउने जखायस (१९:१-१०)<br>● सुनका सिक्काको दृष्टान्त (१९:११-२७) |

**तालिका ४:१८.** येशूको गालीलबाट यरूशलेम जाने बाटोको सेवकाइ



तस्विर ४-१. कष्टको बाटो

यो कष्टको बाटो करिब ८०० मिटर जति लामो छ। पन्तियस पिलातसले येशूलाई दण्डाज्ञा घोषणा गरेको स्थानदेखि क्रूसमा बलिदान हुनुभएको स्थानसम्म येशूले गलगथाको यही बाटो भएर हिँड्नुभएको थियो। यसलाई ल्याटिन भाषामा Via Dolorosa भनिन्छ। Via को अर्थ बाटो र Dolorosa को अर्थ कष्ट हुन्छ, यसरी Via Dolorosa को अर्थ 'कष्टको बाटो' भन्ने हुन्छ। Via Dolorosa मा १४ वटा विशेष घटनाहरू घटेका थिए। १. पन्तियस पिलातसले येशूलाई दण्डाज्ञा दिएका थिए, २. येशूले आफ्नो क्रूस बोक्नुभएको थियो, ३. येशू पहिलोपटक लड्नुभएको थियो, ४. येशूले आफ्नी आमा मरियमलाई भेट्नुभएको थियो, ५. कुरेनीका सिमोनले येशूको क्रूस बोक्न सहायता गरेका थिए, ६.भेरोनिका भन्ने स्त्रीले येशूको अनुहार पुछिदिएकी थिइन, ७. येशू दोस्रोपटक लड्नुभएको थियो, ८. येशू यरूशलेमका स्त्रीहरूसँग बोल्नुभयो, ९. येशू तेस्रोपटक लड्नुभयो, १०. येशूको वस्त्र उतारिएको थियो, ११. येशूलाई किला ठोकिएको थियो, १२. येशू क्रूसमा मर्नुभयो, १३. येशूलाई क्रूसबाट झारिएको थियो, १४. येशूलाई चिहानमा राखिएको थियो।

Photo dated 1898~1946; Library of Congress Prints and Photographs Division Washington, D.C. 20540 USA.

## (९) येशूको कष्टको हप्ता

यरिहोमा सेवा गरिसकेपछि येशू खजुरे आइतबारको दिन यरूशलेममा प्रवेश गर्नुभयो। अब उहाँको कष्टको हप्ता सुरु हुन्छ। लूका इतिहासकार भएका हुनाले कष्टको हप्ताको सम्पूर्ण घटनाहरूलाई क्रमिक र व्यवस्थित रूपले लेख्छन्। यसको सारांश तलको तालिकामा हेर्न सक्नेछौँ (तालिका ४-१९)।

| | येशूको कष्टको हप्ता |
|---|---|
| १ | खजुरे आइतबार (१९:२८-४४)<br>• येशूको यरूशलेममा विजयी प्रवेश<br>• येशूले यरूशलेमको निम्ति बिलाप गर्नुभएको (१९:४१-४४) |
| २ | सोमबार (१९:४५-४८)<br>• येशूले मन्दिर सफा गर्नुभएको |
| ३ | मङ्गलबार, ८ वटा पाठहरू (२०:१-२१:३८)<br>१. येशूको अधिकार बारे प्रश्न (२०:१-८)<br>२. दुष्ट मोहीहरूको दृष्टान्त (२०:९-१९)<br>३. कैसरका कुराहरू कैसरलाई र परमेश्वरका कुराहरू परमेश्वरलाई दिनु (२०:२०-२६)<br>४. पुनरुत्थानको विषयमा वादविवाद (२०:२७-४०)<br>५. येशू र दाऊदको सम्बन्ध (२०:४१-४४)<br>६. व्यवस्थाका शिक्षकहरूदेखि होशियार हुनु (२०:४५-४७)<br>७. गरिब विधवाको भेटी (२१:१-४)<br>८. जैतुन डाँडाको शिक्षा (२१:५-३८)<br>• यरूशलेम मन्दिरको विनासको भविष्यवाणी (२१:५-६, २०-२४)<br>• अन्त्यका दिनको चिन्हहरू (२१:७-१९, २५-३३) |
| ४ | बुधबार (२२:१-६)<br>• यहूदा इस्कोरियत येशूलाई धोका दिन राजी भएको (२२:३-६) |
| ५ | बिहिबार, अन्तिम रात्रिभोज (२२:७-३८)<br>• अखमिरी रोटीको चाड, चेलाहरूले निस्तारको तयारी गरेका<br>• यहूदीहरूको दिन साँझ सूर्यास्तमा सुरु हुन्छ, बिहिबारको साँझ निस्तारको सुरुवात<br>• प्रभुभोज, येशूको शरीर र रगत (२२:१४-२०)<br>• येशूले यहूदा इस्कोरियतको धोकाको बारेमा भविष्यवाणी गर्नुभएको (२२:२१-२३)<br>• येशूले पत्रुसको तिन पटकको इन्कारको भविष्यवाणी गर्नुभएको (२२:२४-३४) |

| | |
|---|---|
| ६ | येशूले गेतसमनीमा प्रार्थना गर्नुभएको (२२:३९-४६)<br>● गेतसमनी जैतुन डाँडाको मुनि छ |
| ७ | शुक्रबार, येशू पक्राउ पर्नुभएको र कष्ट भोग्नुभएको २२:४७-२३:२५)<br>● राती १२ बजेतिर येशूको पक्राऊ भयो (२२:४७-५३)<br>● बिहान ३ बजेतिर येशूलाई घिसारेर प्रधान पूजाहारी कैयाफाको घरमा लगेर येशूको अपमान गरियो (२२:५४, ६३-६५)<br>● पत्रुसले येशूलाई ३ पटक इन्कार गरेका (२२:५५-६२)<br>● सखारै प्रभु महासभाको सामु खडा गराइनु भएको (२२:६६-७१)<br>● येशूलाई पिलातसकहाँ लगियो र दोष लगाइयो (२३:१-७)<br>● येशूलाई हेरोदकहाँ लगियो र अपमान गरियो (२३:८-१२)<br>● येशूलाई फेरि पिलातसकहाँ लगेर जाँच गरिएको (२३:१३-२५) |
| ८ | येशूको क्रूसमा मृत्यु (२३:२६-४९)<br>● गलगथाको बाटोमा: Via Dolorosa (२३:२६-३२)<br>● बिहान ९ बजे येशूलाई क्रूसमा किला ठोकियो (२३:३३)<br>● सिपाहीहरूले येशूको वस्त्रको निम्ति चिठ्ठा हालेका (२३:३४)<br>● शासकहरूले येशूको ठट्टा गरेका (२३:३५)<br>● सिपाहीहरूले येशूको गिल्ला गरेर सिर्का मिसाइएको मद्य पिउन दिएका (२३:३६-३८)<br>● येशूको दुई पट्टि क्रूसमा टाँगिएका दुई चोरहरू (२३:३९-४३)<br>● मध्यान्हमा सारा देशलाई अन्धकारले ढाकेको (२३:४४)<br>● अपरान्ह ३ बजे मन्दिरको पर्दा दुई भाग हुनेगरी च्यातियो (२३:४५)<br>● येशूको मृत्यु (२३:४६) |
| ९ | येशू गाडिनुभएको (२३:५०-५६)<br>● शबाथ सुरु हुने समय भयो (२३:५४)<br>● अरमाथियाका योसेफले येशूको मृत शरीर लगेर नयाँ चिहानमा राखे (२३:५०-५३) |

**तालिका ४-१९.** येशूको कष्टको हप्ता

## (१०) येशूको पुनरुत्थान र स्वर्गारोहण

लूकाले येशूको पुनरुत्थान र त्यसपछिका घटनाहरूलाई मत्तीको भन्दा विस्तृत रूपमा लेखेका छन्; जस्तैः मत्तीले येशूको स्वर्गारोहणलाई उल्लेख गरेका छैनन् तर लूकाले गरेका छन्। यो पनि लूका उत्कृष्ट इतिहासकार हुन् भन्ने कुराको बलियो प्रमाण हो। लूकाले आफ्नो सुसमाचारको पुस्तकको अन्तमा र प्रेरितको पुस्तकको सुरुवातमा येशूको स्वर्गारोहणको बारेमा लेखेका छन्। यसरी उनका यी दुई पुस्तकहरू एकपछि अर्को क्रमिक रूपमा लेखिएको हो भनी थाहा गर्न सकिन्छ।

| | येशूको पुनरुत्थान र स्वर्गारोहण |
|---|---|
| १ | आइतबार येशूको पुनरुत्थान (२४:१-१२)<br>• स्त्रीहरूले येशूको शरीर भेट्न सकेनन् (२४:१-३)<br>• दुई जना स्वर्गदूतहरू देखा परेर येशूको पुनरुत्थान भएको बताए (२४:४-८)<br>ती स्त्रीहरूले यो सबै कुरा चेलाहरूलाई बताए (२४:९-१२) |
| २ | येशू २ जना चेलाहरूसँग इम्माउसको बाटोमा देखा पर्नुभएको (२४:१३-३२)<br>• येशूले तिनीहरूलाई पुरानो करारको सबै कुरा उहाँको बारेमा हो भनी सिकाउनु भयो (२४:२७) |
| ३ | यरूशलेममा चेलाहरूले एक अर्कालाई आफूले पुनरुत्थान भएको येशूलाई भेटेको कुरा बताएका (२४:३३-३५)<br>• पत्रुसले पनि येशूलाई भेटेका (२४:३४) |
| ४ | येशू चेलाहरू कहाँ देखा पर्नुभएको (२४:३६-४९)<br>• येशूले सम्पूर्ण पुरानो करार उहाँको बारेमा लेखिएको हो भनी सिकाउनु भयो (२४:४४)<br>• येशूको महान् आदेश (२४:४७)<br>• पवित्र आत्मा (पाराक्लेटस) पाउनेसम्म यरूशलेममा नै पर्खनु (२४:४९) |
| ५ | येशूको स्वर्गारोहण २४:४२-४३)<br>• जैतुन डाँडा (बिथिनिया नजिकै)बाट येशू स्वर्गमा उचालिनुभयो |

**तालिका ४-२०.** येशूको पुनरुत्थान र स्वर्गारोहण

# अध्याय पाँच

# मर्कूसको सुसमाचार

# क. मर्कूसको सुसमाचारको पृष्ठभूमि

रोमी साम्राज्य ई.पू. ६३ देखि इ.सं. ४७६ सम्म रहेको थियो। त्यो साम्राज्य संसारको धेरै ठाउँमा फैलिएको थियो। यसले जर्मन बाहेक बेलायतको केही भाग र युरोप पनि कब्जा गरेको थियो। त्यो साम्राज्य मध्यपूर्व र उत्तर अफ्रिकासम्म फैलिएको थियो। अन्त्यमा जर्मनीहरूबाट पराजित हुनअघि करिब ५०० वर्षसम्म रहेको यो रोमी साम्राज्य संसारकै इतिहासको सबैभन्दा लामो र शक्तिशाली साम्राज्य थियो।

सुरुको मण्डली इतिहास धेरै कुरामा रोमी साम्राज्यसँग जोडिएको छ। यसैले यदि हामीलाई रोमी समाज र संस्कृतिको बारेमा केही जानकारी छ भने त्यसले हामीलाई नयाँ करार बुझ्न धेरै मदत गर्नेछ। नयाँ करारमा हामी धेरै जना रोमी सम्राटहरू र उनीहरूको अधिनमा रहेर इस्राएलमाथि शासन गर्ने प्रान्तीय शासक र अधिकारिहरूको बारेमा उल्लेख पाउन सक्छौं। परमेश्वरले रोमी साम्राज्यभरि सुसमाचार पुऱ्याउनको निम्ति त्यस्ता राजनीतिक व्यक्तिहरूद्वारा मण्डलीमा सतावट आउन अनुमति दिनुभयो। मर्कूसको सुसमाचार त्यस्तो कठोर सतावटको बिचमा लेखिएको थियो। त्यसैले अब हामी त्यो पुस्तक लेखिएको समयको पृष्ठभूमि र मर्कूसको बारेमा विस्तृत रूपमा बुझ्नेछौं।

## १. रोमी सम्राटहरू र सुरुका इसाईहरू

पहिलो शताब्दीको इसाई इतिहासमा कम्तीमा पनि आठ जना रोमी सम्राटहरूको सहभागिता देखिन्छ पहिलो रोमी सम्राट अगस्टस ई.पू. २७ मा सम्राट बनेका थिए। उनी येशूको जन्म हुने समयका सम्राट थिए (लूका २:१)। सम्राट अगस्टसले हेरोदलाई यहूदिया क्षेत्रमा राज्य गर्न दिएका थिए (मत्ती २:१)। हेरोदको मृत्युपछि त्यो राज्य उनका तिन जना छोराहरूलाई हस्तान्तरण गरियो र त्यो राज्य विभाजन भयो। इ.सं. ४ मा हेरोदको मृत्युपछि उनका कान्छा छोरा हेरोद एन्टिपासले गालील क्षेत्रमा राज्य गर्न थाले। त्यही प्रख्यात शासक हेरोदको नाम सुसमाचारको पुस्तकहरूमा उल्लेख गरिएको छ (मत्ती १४१; लूका ३:१)।

दोस्रो सम्राट तिबेरियस हुन्, र उनी इ.सं. १४ मा रोमका सम्राट बने। येशूको सार्वजनिक सेवकाइ (इ.सं. २६~), येशूको क्रूसको मृत्यु, पुनरुत्थान र स्वर्गारोहण, यरूशलेम मण्डलीको स्थापना (इ.सं. ३०), एन्टिओखिया मण्डलीको स्थापना (इ.सं. ३३), पावलको परिवर्तन (इ.सं. ३५)– यी सबै घटनाहरू सम्राट तिबेरिअसको शासनकालमा घटेका थिए। तिबेरिअस निकै प्रख्यात र शक्तिशाली सम्राट थिए। गालील क्षेत्रमा अवस्थित तालको नाम पनि उनको नामसँग जोडिएर तिबेरिअस ताल भनेर राखियो (यूहन्ना ६:१, २१:१)। यो तालको किनारमा रहेको सहरको नाम पनि तिबेरिअस राखियो। सम्राट तिबेरिअसले पन्तियस पिलातसलाई यहूदिया क्षेत्रमा पाँचौँ बडाहाकिमको रूपमा नियुक्त गरे। उनको अधिनमा पिलातसले इ.सं. २६ देखि ३६ सम्म बडाहाकिम भएर सेवा गरे (लूका ३:१)।

त्यसपछि तेस्रो सम्राट कालिगुलाले इ.सं. ३७ देखि राज्य गर्न थाले। उनको नाम बाइबलमा उल्लेख गरिएको छैन तर इतिहासअनुसार इ.सं. ३९ मा सम्राट कालिगुलाले यरूशलेमको मन्दिरभित्र आफ्नो सालिक बनाउने आदेश दिएका थिए। त्यो समयमा गालील क्षेत्रका शासक हेरोद अग्रिपा प्रथमले कालिगुलालाई उनको त्यो आदेश खारेज गरी मन्दिरमा उनको सालिक बनाउनु हुँदैन भनी सम्झाउन सफल भएका थिए। यहूदी समाजबाट त्यो योजनाको विषयमा कडा विरोधको प्रतिक्रिया आएको थियो।

त्यसपछि चौथो सम्राट क्लाउडिअसले इ.सं. ४३ मा शासन सुरु गरेका थिए। मण्डली इतिहासअनुसार पावलको पहिलो र दोस्रो मिसन यात्रा यिनै क्लाउडिअसको पालोमा भएको थियो। इसाई इतिहासका धेरै महत्वपूर्ण घटनाहरू उनको शासनकालमा घटेका थिए (प्रेरित ११:२८-३०; १८:१-२)।

इ.सं. ५४ मा नेरो रोमका पाँचौँ सम्राट बने। त्यो समयमा पावल तेस्रो मिसन यात्रामा थिए। नेरो इसाईहरूप्रति एकदमै खराब मानिस थिए। सुरुका मण्डलीका धेरै मुख्य अगुवाहरू– पावल, बारनाबास, येशूका भाइ याकूब, पत्रुस र मर्कूसजस्ता व्यक्तिहरूलाई नेरोको शासनकालमा प्रभुको निम्ति सहिद बनाइयो।

नेरोपछि अरू धेरै सम्राटहरू भए। इ.सं. ६९ मा भेस्पेसियन रोमका नवौं सम्राट बने। यी सम्राट भेस्पेसियनले यरूशलेम बाहेक सम्पूर्ण इस्राएल आफ्नो कब्जामा पारे। उनका छोरा तीतस थिए, जसले इ.सं. ७० मा यरूशलेम मन्दिर ध्वस्त पारे र साथै इस्राएललाई नास गरिदिए। तिनै तीतस इ.सं. ७९ मा रोमका दशौँ सम्राट बन्न पुगे।




चित्र ५-१. रोमी साम्राज्यको उच्च अवस्था (लगभग ई.सं. ११७), र सुरुको पाँच मुख्य इसाई केन्द्रहरू

| क्रम | नाम | जन्म - मृत्यु | शासनकाल | घटेका मुख्य घटनाहरू |
|---|---|---|---|---|
| **पहिलो** | अगस्टस | ई.पू. ६३-<br>इ.सं. ४ | ई.पू. २७-<br>इ.सं. ४ | • कैसर अगस्टस (लूका २:१)<br>• येशूको जन्म |
| **दोस्रो** | तिबेरिअस | ई.पू. ४२-<br>इ.सं. ३७ | इ.सं. १४-३७ | • कैसर तिबेरिअस (लूका ३:१)<br>• येशूको सेवकाइ, मृत्यु, पुनरुत्थान र स्वर्गारोहण |
| **तेस्रो** | कालिगुला | इ.सं. १२-४१ | इ.सं. ३७-४१ | • उसको सालिक बनाएर यरूशलेम मन्दिरभित्र राख्ने आदेश जारी (इ.सं. ३९) |
| **चौथो** | क्लाउडिअस | ई.पू. १०-<br>इ.सं. ५४ | इ.सं. ४१-५४ | • क्लाउडिअस (प्रेरित ११:२८-३०, १८:१-२)<br>• मत्तीको पुस्तक लेखिएको (५०-५२)<br>• पावल एन्टिओखियामा आएका<br>• पावलको पहिलो र दोस्रो मिसन यात्रा |
| **पाँचौँ** | नेरो | इ.सं. ३७-६८ | इ.सं. ५४-६८ | • लूकाको पुस्तक लेखिएको (६०-६२)<br>• मर्कूसको पुस्तक लेखिएको (६५-६८)<br>• पावलको तेस्रो मिसन यात्रा<br>• पावलको रोममा पहिलो कैद<br>• पावलको रोममा दोस्रो कैद |
| **नवौँ** | भेस्पेसियन | इ.सं. ९-७९ | इ.सं. ६९-७९ | • यूहन्नाको सुसमाचार लेखिएको (६८-७०)<br>• इस्राएलको पतन र यरूशलेम मन्दिरको विनास (इ.सं. ७०) |
| **दशौँ** | तीतस | इ.सं. ४०-८१ | इ.सं. ७९-८१ | • सम्राट भेस्पेसियनको छोरा सम्राट हुनअघि सिपाहीको हाकिम हुँदा यरूशलेमको विनास गराएको |
| **एघारौँ** | डोमिसन | इ.सं. ५-९६ | इ.सं. ८१-९६ | • यूहन्ना पत्मोस टापुमा निर्वासन गरिएका<br>• प्रकाशको पुस्तक लेखिएको (९५) |

**तालिका ५-१.** बाइबलको घटनासँग सम्बन्धित रोमी सम्राटहरू

| रोमी सम्राट | मिति | सहिद | मारेको तरिका | स्थान |
|---|---|---|---|---|
| तिबेरिअस दोस्रो (इ.सं. १४-३७) | इ.सं. २८ | बप्तिस्मा दिने यूहन्ना | घाँटी काटेर (मत्ती १४:१२) | यरूशलेम |
| | इ.सं. ३२ | स्तिफनस | ढुङ्गाले हानेर (प्रेरित ७:६०) | यरूशलेम |
| क्लाउडिअस चौथो (इ.सं. ४१-५४) | इ.सं. ४४ | जब्दियाका छोरा याकूब | घाँटी काटेर (प्रेरित १२:१-२) | यरूशलेम |
| नेरो पाचौँ (इ.सं. ५४-६८) | इ.सं. ५४ | अल्फयसका छोरा याकूब | ढुङ्गाले हानेर | यरूशलेम |
| | इ.सं. ६० | फिलिप | झुण्ड्यार | हिरापोलिस |
| | इ.सं. ६१ | सिमोन जिलत | क्रूसमा टाँगेर / आरोले चिरेर | पर्सिया |
| | | बारनाबास | ढुङ्गाले हानेर | सलामिस/ साइप्रस |
| | इ.सं. ६२ | येशूका भाइ याकूब | ढुङ्गाले हानेर | यरूशलेम |
| | इ.सं. ६४ | मतियास | आगोमा जलाएर | आक्सुम, इथियोपिया |
| | इ.सं. ६५ | पत्रुस | क्रूसमा झुण्ड्यार | रोम |
| | इ.सं. ६६ | थेदियास | लाठोले कुटेर | आर्मेनिया |
| | इ.सं. ६८ | बारथोलोमाई | क्रूसमा झुण्ड्यार | आर्मेनिया |
| | | मर्कूस | घिसारेर | इजिप्ट / आलेकजेन्ड्रीआ |
| | | पावल | घाँटी काटेर | रोम |
| भेस्पेसियन नवौं (इ.सं. ६९-७९) | इ.सं. ६९ | आन्द्रियास | क्रूसमा झुण्ड्यार | अचाई |
| | इ.सं. ७० | मत्ती | आगोमा जलाएर | नुबिआ/ इथियोपिया |
| डोमिसन एघारौँ (इ.सं. ८१-९६) | इ.सं. ८२ | थोमस | भाला हानेर | मिलापुर / भारत |
| | इ.सं. ९० | तिमोथी | घाँटी काटेर | एफिसस |
| | इ.सं. ९१ | लूका | झुण्ड्याएर | रोम |
| | इ.सं. ९६ | यूहन्ना (मार्ने प्रयास) | उम्लेको तेलको कराहीमा हालेर | एफिसस |

**तालिका ५-२.** सुरुका मुख्य इसाई सहिदहरू

| पुस्ता | नाम | समय/राज्य क्षेत्र | मुख्य घटना | बाइबल पद |
|---|---|---|---|---|
| **पहिलो** | महान् हेरोद | ई.पू. ३७ - ४<br>यहूदिया | येशूको जन्म<br>यरूशलेम मन्दिर पुनर्निर्माण | मत्ती २:१-१६<br>लूका १:५<br>यूहन्ना २:२० |
| **दोस्रो** | अरिस्तोबुलुस ४ | --- | हेरोद अग्रिपास (१)को पिता | --- |
| | फिलिप १ /<br>हेरोद २ | --- | श्रीमती: हेरोदियास<br>छोरी: सालोमी | मत्ती १४:३<br>मर्कूस ६:१७ |
| | हेरोद<br>अर्खीलाउस | ई.पू. ४-इ.सं. ६<br>यहूदिया / सामरिया | यो क्षेत्र रोमीहरूको प्रान्त बन्यो र रोमीहरूले उनलाई राजा नियुक्त गरे | मत्ती २:२२ |
| | हेरोद आन्टीपास<br>(शासक हेरोद) | ई.पू. ४ – इ.सं. ३९<br>गालील, पेरिआ | बप्तिस्मा दिने यूहन्नालाई मारे<br>येशू क्रूसमा जानअघि उहाँको गिल्ला गरे | मत्ती १४:१-१२<br>मर्कूस ६:१४-२९<br>लूका ३:१, ९:२०, ९:७-९, २३:६-१२ |
| | हेरोद फिलिप २<br>(शासक<br>फिलिप) | ई.पू. ४-इ.सं. ३४<br>इतुरिया /<br>त्राकोनितिस | कैसरिया र फिलिप्पी सहर निर्माण गरेका | लूका ३:१ |
| **तेस्रो** | हेरोद अग्रिपास<br>प्रथम | इ.सं. ३७ - ४४<br>गालिली, सामरिया र यहूदिया<br>(सिङ्गो) | यूहन्नाका भाइ याकगूबको हत्या<br>पत्रुसलाई कैद गरेका | प्रेरित १२:१-२३ |
| **चौथो** | हेरोद अग्रिपास<br>दोस्रो | इ.सं. ५३-७०<br>गालिली | कैसरियामा पावललाई भेटेका | प्रेरित<br>२५:१३-२६:३२ |
| | बरनिकी | --- | अग्रिपास दोस्रोकी बहिनि र श्रीमती | |
| | ड्रुसिल्ला | --- | हाकिम फेलिक्सकि श्रीमती | प्रेरित २४:२४ |

**तालिका ५-३.** रोमी साम्राज्यको समयमा इस्राएलमा राज्य गर्ने हेरोदको राजवंशावाली

इ.सं. ८१ मा डोमिसन रोमका एघारौँ सम्राट बने। यी सम्राट डोमिसन दुष्ट काम गर्नमा नेरोको बराबरी थिए। यिनले तिमोथी र लूकालाई मारे र यूहन्नालाई मार्ने प्रयत्न गरे। यिनै दुष्ट सम्राटको शासनकालमा यूहन्ना पत्मोस टापुमा निर्वासन गरिए र उनले इ.सं. ९५ मा त्यहाँबाट प्रकाशको पुस्तक लेखे।

यहाँ हामीले देख्न सक्छौं, कि कसरी सुरुको मण्डली इतिहास रोमी सम्राटहरूको इतिहाससँग गाभिएको छ। येशूले सुरुको इसाई इतिहासमा यी रोमी सम्राटहरूलाई शक्तिशाली हुन दिनुभयो अनि इतिहासको सम्पूर्ण घटनाहरू येशूको सार्वभौमिकताको अधिनमा हुनेछन्। यी रोमी सम्राटहरूले नाटकमा खलनायकको जस्तो भूमिका निभाए। उनीहरूको सतावटको कारण पहिलो शताब्दीका धेरै इसाईहरू माटोमा परेर मर्ने गहुँको दानाजस्तो भए अनि उनीहरूको बलिदानपूर्ण जीवन र उनीहरूले बगाएको रगतको कारण सुसमाचार अझ धेरै परसम्म फराकिलो रूपमा फैलिन सक्यो। यस्तो किसिमले ऐतिहासिक पृष्ठभूमिलाई बुझेर बाइबल बढ्ने हो भने हाम्रो समझ अझ फराकिलो हुनेछ र बाइबललाई हेर्ने हाम्रो दृष्टिकोण पनि फराकिलो हुँदैजानेछ।

## २. मर्कूसको सुसमाचारको उद्देश्य

### (१) कठोर सतावटमा परेका इसाईहरू

नेरो रोमको पाँचौँ सम्राट बनेपछि इसाईहरूको विरुद्धमा सतावट झन् बढ्न थाल्यो। नेरो इ.सं. ३७ मा जन्मेका थिए र उनी इ.सं. ६८ मा आत्महत्या गरेर मरे। इ.सं. ५४ मा सम्राट बनेपछि उनले इसाईहरूको विरुद्ध कडा सतावट दिन थाले। उनको शासनकालमा धेरै इसाईहरू मारिए अनि धेरैलाई झ्यालखानमा हालियो। नेरोको शासनकालमा इ.सं. ६० देखि ६२ सम्म पावल कैदमा परेका थिए।

रोमी साम्राज्यले इसाईहरूलाई किन त्यसरी सतावट दिएको होला? पहिलो कुरा, "राजाहरूका राजा" भन्ने विषयमा रोमीहरूको र इसाईहरूको बुझाइ र अर्थ लगाई फरक थियो। त्यो समयमा रोमी साम्राज्यको अधिनतामा विभिन्न क्षेत्रमा राज्य गर्ने धेरै प्रान्तीय राजाहरू थिए। त्यसैले रोमीहरूको नजरमा राजाहरूको राजा भनेको रोमी सम्राट हुन्थ्यो। तर इसाईहरूले चाहिँ येशू नै राजाहरूका राजा हुनुहुन्छ भनी दाबी गरिरहे। त्यति मात्र नभएर उनीहरू राजाहरूका राजा फेरि आउने पर्खाइमा थिए। त्यसैले इसाईहरूको उक्त विश्वास र प्रचार रोमी

सम्राटहरूको निम्ति अपाच्य भयो अनि इसाईहरू उनीहरूको मुख्य सत्रु हुन पुगे। रोमी सम्राटहरूले इसाईहरूलाई सतावट दिनुको पहिलो कारण यही थियो।

दोस्रो कारण– इसाईहरूले रोमीहरूले मान्ने बेबिलोनी धर्म अपनाउन इन्कार गरे। इसाईहरूले बेबिलोनी धर्म दुष्ट, सांसारिक र झूटा धर्म हो भनी सिकाउने गर्थे। उनीहरू अझ यो पनि भन्थे, कि "हामी परमेश्वरका सन्तान हौँ, तर रोमीहरूचाहिँ दुष्टका सन्तान हुन्" (१ यूहन्ना ३:१०)। इसाईहरूको यो शिक्षा नै रोमी सम्राटहरूले इसाईहरूलाई निसाना बनाएर सतावट दिनुको दोस्रो कारण थियो।

इ.सं. ६४ मा रोम सहरमा ठुलो दुर्घटना भयो। नेरो आफैले रोम सहरमा आगो लगाए। उक्त आगलागीद्वारा पुरा सहर नै नष्ट भयो अनि धेरै मानिसहरूले ज्यान गुमाए। त्यो घटनापछि थुप्रै रोमी नागरिकहरूले रोमी सम्राट नेरोको विरोधमा आवाज उठाए। त्यो समयमा उक्त विद्रोही भिडलाई अर्कोतिर मोड्नको निम्ति नेरोले त्यो आगलागीको दोष इसाईहरूमाथि लगाए। रोमी सरकारले आधिकारिक रूपमा नै त्यो आगलागीको दोष इसाईहरूलाई लगायो। फलस्वरूप इसाईहरू विरुद्धको सतावट चरम बिन्दुमा पुग्यो। त्यसको एक वर्षपछि इ.सं. ६५ मा पत्रुसलाई क्रूसमा उल्टो झुण्ड्यार मारियो भने इ.सं. ६८ मा पावललाई दोस्रो कैदको समयमा घाँटी काटेर हत्या गरियो।

## (२) उत्साह र आशाको शब्दहरूको खाँचो

मर्कूसको सुसमाचार कहिले लेखिएको थियो भन्ने विषयमा फरक मतहरू छन्। तर धेरै ईश्वरशास्त्रीहरू यो पुस्तक इ.सं. ६५-६८ को बिचमा रोममा लेखिएको हो भन्ने तथ्यमा सहमत हुन्छन्। त्यो समयमा इसाई समुदायले उनीहरूका उच्च अगुवाहरू गुमाएका र उनीहरू आफै पनि रोमी साम्राज्यको कठोर सतावटको मारमा परेका थिए।

पहिलो शताब्दीका अइसाई इतिहासकार टाकिटसले (इ.सं. ५६-११७) त्यो समय नेरोको बारेमा यसरी लेखेका छन्: "उनले मानिसहरूलाई फकाउन जेजस्तो भाषण दिए तापनि, जस्तोसुकै ठुलो उपहार दिए तापनि, देवताहरूलाई बलिदान चढाए पनि उनले नै रोममा आगो लगाएका हुन् भन्ने जनताको विश्वासबाट उम्कन सकेनन्। त्यसैले यो आगलागिको दोषको हल्ला शान्त गराउन उनले यो आगलागिको दोष इसाईहरू माथि थुपारे। त्यो समयमा इसाईहरूलाई प्राय: सबैले घृणा गर्ने गर्थे। इसाई भन्ने नामचाहिँ ख्रीष्ट येशूबाट आएको हो। ख्रीष्ट तिबेरिअस यहूदाका शासक हुँदा उनका अधिकारी पन्तियस पिलातसले मार्न लगाएका मानिस थिए। तर यो नराम्रो इसाई धर्म उनीहरूको आफ्नै भूमि यहूदियामा फेरि जागरण हुँदैछ र अहिले रोमी साम्राज्यभरि फैलिरहेको छ।" टाकिटसले यो कुरा 'इतिहासहरू' भन्ने पुस्तकको १५औं भागको ४४ पृष्ठमा लेखेका छन्।

यो पुस्तकमा उल्लेख गरिएका पन्तियस पिलातसचाहिँ यहूदिया प्रान्तका प्रान्तीय हाकिम थिए। उनलाई रोमी सम्राट तिबेरिअसले हाकिम नियुक्त गरेका थिए अनि उनले इ.सं. २६ देखि ३६ सम्म सेवा गरे। अनि हामीलाई थाहा छ, कि येशू इ.सं. ३० मा क्रूसमा मारिनुभयो। त्यसैले अइसाई इतिहासकार टाकिटसले लेखेको माथिको कुरा बाइबलको घटनासँग ठ्याक्कै मिल्न जान्छ। वास्तवमा टाकिटसले लेखेको इतिहासको पुस्तकमा त्यो समयमा इसाईहरूले रोमी साम्राज्यमा भोगेका सतावटहरूको बारेमा अझ धेरै विस्तृत रूपमा लेखिएको छ। तिनीहरूले साँच्चै नै कल्पना नै गर्न नसकिने प्रकारको सतावट भोगेका थिए। त्यसकारण त्यो समयका इसाईहरूलाई उनीहरूको विश्‍वास बचाई राख्न र त्यो कष्ट र सतावटलाई सहनको निम्ति उत्साह र आशाको लेख नितान्त आवश्यक थियो।

त्यसैकारण येशूले मर्कूसलाई त्यो समयमा अति आवश्यक पुस्तक लेख्न नियुक्त गर्नुभयो। मर्कूसले लेखेको पुस्तकको मुख्य पाठकहरू त्यो समयमा कष्ट र सतावट भएर जाँदै गरेका गैरयहूदी इसाईहरू थिए। हुन त त्यो समयसम्म ती इसाईहरूको निम्ति मत्ती र लूकाले लेखेका पुस्तकहरू उपलब्ध थिए तर ती दुई पुस्तकहरूमा प्रयोग गरिएका कतिपय शब्द र वाक्यहरू उनीहरूलाई बुझ्न कठिन थिए। त्यसैले मर्कूसले ती इसाईहरूले सजिलै बुझ्ने तरिकाले सुसमाचार लेखे, जहाँ उनले पहिले लेखिएका पुस्तकहरूमा भएका कुराहरूलाई बुझ्न सक्ने गरी सरल शैलीमा लेखे। उनको उद्देश्यचाहिँ त्यो समयका इसाईहरूलाई वचनमा बलियो बनाउनु थियो, जसको कारण उनीहरूले त्यो समयको भयङ्कर कष्ट र सतावटको सामना गर्न सकून्।

| | | | |
|---|---|---|---|
| इ.सं. | ३० | येशूको मृत्यु/पुनरुत्थान/ स्वर्गारोहण | **इसाईहरूले सतावट भोगेको समय** |
| | ५० | मत्तीको सुसमाचार लेखिएको | |
| | ५२ | | |
| | ५४ | नेरो सम्राट बनेको | |
| | ६० | लूकाको सुसमाचार लेखिएको | |
| | ६२ | | |
| | ६४ | नेरोले रोममा आगो लगाएको | |
| | ६५ | पत्रुस सहिद भएका | |
| | | मर्कूसको सुसमाचार लेखिएको | |
| | ६८ | पावल सहिद बनेका | |
| | | मर्कूस सहिद बनेका | |
| | | यूहन्नाको सुसमाचार लेखिएको | |
| | ७० | इस्राएल राज्यको पतन<br>यरूशलेमको मन्दिरको विनास | |

**तालिका ५-४.** इ.सं. ३० दखि ७० सम्मका महत्वपूर्ण घटनाहरू

## ३. मर्कूस को थिए?

## (१) मर्कूसको सुसमाचारको लेखक

मर्कूसको सुसमाचारमा लेखकको नाम उल्लेख गरिएको छैन। वास्तवमा पहिलोदेखि तेस्रो शताब्दीका केही ईश्वरशास्त्रीहरू; जस्तै: पापियास (इ.सं. ७०-१६३, हिरापोलिसको बिशप), र युसेबिउसको (इ.सं. २६०-३४०, कैसरियाका इतिहासकार) दाबी यो थियो, कि मर्कूसको सुसमाचारको लेखक मर्कूस होइन। उनीहरूका भनाइअनुसार मर्कूसको सुसमाचारको सबै सन्देशहरू पत्रुसले पाएका थिए अनि उनले भनेका वचनहरूलाई मर्कूसले छेउमा बसेर लेख्ने र मिलाउने काम मात्र गरेका थिए। त्यसैले उनीहरूका अनुसार मर्कूसचाहिँ पत्रुसको सन्देशलाई लेख्ने लेखक मात्र हुन्। त्यसैले उनीहरूले मर्कूसलाई मर्कूसको सुसमाचारको लेखकको रूपमा मान्यता दिएनन्। न त उनीहरूले मर्कूसको आत्मिकी अधिकारलाई नै मान्यता दिए। मर्कूसप्रति त्यस्तो धारणा केही समयसम्म कायम रहिरह्यो।

यस्तो प्रभावको कारण तेस्रो र चौथो शताब्दीका ईश्वरशास्त्रीहरूले पनि मर्कूसको सुसमाचारलाई हलुका रूपले लिए। अगस्टिनले (इ.सं. ३५४-४३०) मर्कूसको सुसमाचारलाई मत्तीको सुसमाचारको अंश वा सहायक पुस्तकको रूपमा मात्र लिए। भिक्टोर (इ.सं. ४२५-?, एन्टिओखिया मण्डलीका ईश्वरशास्त्री) पनि यही विचारमा सहमत भए। उनले पनि मर्कूसको सुसमाचारलाई मत्तीको सुसमाचारको अंशको रूपमा मात्र लिए। उनको दाबी यो थियो, कि मर्कूसको सुसमाचारमा प्रयोग गरिएका शब्दहरू र भाषा शैली  कमजोर र अपर्याप्त छन्।

हुन त यी सबै ईश्वरशास्त्रीहरूले मर्कूसको सुसमाचारलाई सुरुको लेखहरूमध्ये एक हो भनी स्वीकार गरे तर पनि यो एकदमै सामान्य र प्राथमिक स्तरको लेख हो भनेर यसलाई बेवास्ता गरे। मर्कूसको सुसमाचारलाई यसरी बेवास्ताको दृष्टिले हेर्ने काम १८औँ शताब्दीसम्म नै रह्यो।

१९औँ शताब्दीको उदयसँगै मर्कूसको सुसमाचारलाई फेरि नँया दृष्टिले हेर्न थालियो। H.J. Holtman (1832~1910) भन्ने जर्मनका ईश्वरशास्त्रीले मर्कूसको सुसमाचारको विषयमा एउटा नयाँ प्रस्ताव ल्याए। उदारवादी ईश्वरशास्त्री भएका हुनाले उनले रोमन क्याथोलिक ईश्वरशास्त्रीहरू र अगस्टिनको विचारजस्तै गरी मर्कूसको सुसमाचार सबैभन्दा पहिले लेखिएको सुसमाचार हो भनी मान्थे तर उनले यो सुसमाचारको विषयमा उनीहरूको भन्दा फरक विचार र फरक मान्यता ल्याए।

उनको दाबी यस्तो थियो: मर्कूसको सुसमाचार आफैमा एक स्वतन्त्र लेखको रूपमा आफ्नै मान्यता भएको पुस्तक हो। त्यसको मतलब यो हो, कि मर्कूसको सुसमाचार मत्ती वा लूकाको सुसमाचारको अंश होइन। उनको दाबी यो थियो, कि मर्कूसको सुसमाचार अरू सुसमाचारको पुस्तकहरूको अंश नभएर बराबरी मान्यता भएको पुस्तक हो, किनकि यसमा अरू सुसमाचारमा उल्लेख नभएका विषयहरू लेखिएका छन्।

वास्तवमा Holtman जस्ता उदारवादी ईश्वरशास्त्रीहरूले मर्कूसको सुसमाचारको महत्वलाई पुनर्स्थापना गर्न खोज्नुको एउटा अशुद्ध उद्देश्य देखिन्छ किनकि उनीहरू मर्कूसको सुसमाचारलाई माथि ल्याएर येशू परमेश्वर नभएर मानिस मात्र हुनुहुन्छ भनी दाबी गर्नु थियो, अनि उनीहरू मर्कूसको सुसमाचारको सहायताद्वारा येशू यो धर्तीमा आएर जिउनु भएको वास्तविक मानिस हुनुहुन्थ्यो भनी प्रमाणित गर्न चाहन्थे।

हामीले पुस्तकको सुरुमा केही उल्लेख गरेका छौं, कि मर्कूसको सुसमाचारले येशूलाई यो धर्तीमा मानव शरीर लिएर आउनुभएको एक "कष्ट भोग्ने दास"को रूपमा प्रस्तुत गर्दछ। अनि उदारवादी ईश्वरशास्त्रीहरूचाहिँ यही कुरामा केन्द्रित भएर येशू परमेश्वर नभएर एक मानिस मात्र हुनुहुन्थ्यो भन्ने कुरा दाबी गर्न चाहन्छन्। उनीहरू येशूलाई एक मानिसको रूपमा मात्र सीमित गराउन चाहन्छन् जो गरिब, पिछडिएका र बेवास्ता गरिएका मानिसहरूको मित्र हुनुहुन्थ्यो। अनि चार सुसमाचारका पुस्तकहरूमा मर्कूसको पुस्तकले उनीहरूको शिक्षालाई मदत गर्ने प्रकारको येशूको पहिचान प्रस्तुत गर्ने भएको हुनाले उनीहरू मर्कूसको सुसमाचार सबैभन्दा उत्तम पुस्तकको रूपमा लिन चाहन्छन्।

उदारवादी ईश्वरशास्त्रीहरूको यस्तो बुझाइ गलत छ। उनीहरू मर्कूसको पुस्तकको महत्वको विषयमा त सही छन् तर यो पुस्तकचाहिँ सामाजिक न्यायको मात्र कुरा गर्ने पुस्तक भने होइन। तर मर्कूसको सुसमाचार सुरुदेखि अन्त्यसम्म पवित्र आत्माको प्रेरणाबाट लेखिएको हो, जसले परमेश्वरका पुत्र कसरी एक कष्ट भोग्ने दासको रूपमा यो धर्तीमा आउनुभयो भन्ने कुरालाई विस्तृत रूपमा बताउँछ। अनि अर्को कुराचाहिँ मर्कूसको सुसमाचार सबैभन्दा सुरुमा लेखिएको नभएर यो लेखनको क्रममा तेस्रो सुसमाचारको पुस्तक हो। यो पुस्तकचाहिँ योभन्दा पहिले लेखिएको मत्ती र लूकाको सुसाचारलाई लिएर लेखिएको थियो। तर त्यति मात्र नभएर मर्कूसको सुसमाचारको आफ्नै छुट्टै विशेष आत्मिकी अधिकार र उद्देश्य छ।

खुसीको कुरा यो छ, कि पछि २०औँ शताब्दीदेखि सुसमाचारवादी ईश्वरशास्त्रीहरूले पनि मर्कूसको सुसमाचारलाई अरू सुसमाचारको पुस्तक जत्तिकै समान मान्यता दिन थालेका छन्। सुसमाचार लेखकको रूपमा मर्कूसको पहिचान र आत्मिकी अधिकारले मान्यता पाएको छ।

## (२) मर्कूस विश्वासयोग्य र समर्पित परिवारको व्यक्ति

मर्कूसको अर्को नाम यूहन्ना थियो (प्रेरित १२:१२)। उनी उच्च घरानाका मानिस थिए। उच्च र सम्पन्न घरानाका भएका हुनाले उनले राम्रो शिक्षा पाएका थिए। उनी ग्रीक भाषा राम्रोसँग बोल्न सक्थे र यहूदी भएका हुनाले हिब्रू पनि स्वभावैले राम्रो बोल्थे। उनी त्यो समयकोमध्येपूर्वी भाषा अरामिक र रोमीहरूको भाषा ल्याटिन पनि राम्रो बोल्ने थिए। मर्कूसको पिताको बारेमा त खासै जानकारी छैन तर उनकी आमा मरियम एकदमै समर्पित प्रभुको चेली थिइन्। तिनी सुरुका दिनहरूमा यरूशलेम मण्डलीमा इसाईहरूकी आमाकीप्रतिक थिइन्। मर्कूसले आफ्नो आत्मिकी जीवन आमातर्फबाट पाएका हुन सक्छन्।

मर्कूसकी आमा मरियमको परिवार बाइबलमा येशूको सेवकाइमा आर्थिक र भौतिक सहायता दिने समर्पित परिवारको रूपमा चिनिन्छन्। मरियमको यरूशलेममा धेरै जग्गा जमिन र घरहरू थिए। उनले आफ्ना घरहरूमध्ये एउटा घरको माथिल्लो तल्ला येशू र उहाँको चेलाहरूलाई सेवकाइको निम्ति दिएकी थिइन् (मर्कूस १४:१३-१५)। यो त्यही मर्कूसको घरको माथिल्लो तल्ला थियो जहाँ येशूले क्रूसमा जानअघि आफ्ना चेलाहरूसँग अन्तिम रात्रिभोज लिनुभएको थियो (मर्कूस १४:१५)।पछि पेन्तिकोसको दिनमा पवित्र आत्माको बप्तिस्मा पनि यही माथिल्लो तल्लामा नै भएको थियो (प्रेरित १:१३)। अझ महत्वपूर्ण कुराचाहिँ मर्कूसको घरको माथिल्लो तल्ला सुरुका इसाईहरूको भेट हुने थलो बन्यो र त्यो नै पहिलो मण्डली अर्थात् यरूशलेम मण्डलीको भवन थियो (प्रेरित १२:१२)।

मर्कूसको आमाको परिवारमा प्रख्यात अर्को पनि व्यक्ति छन्। ती व्यक्ति बारनाबास हुन् जो मर्कूसका मामा थिए (कलस्सी ४:१०)। बारनाबासको खास नाम योसेफ थियो अनि बारनाबास उनको बोलाउने नाम थियो। बारनाबास भन्ने नामको खास अर्थ 'उत्साह दिने व्यक्ति' भन्ने हो (प्रेरित ४:३६)। उनलाई त्यो समयमा त्यो नाम दिनुको कारण उनी मण्डलीमा जो कोहीलाई अनि जति बेला पनि उत्साह दिने मानिस थिए। उनी माथिल्लो तल्लामा भेला भएका १२० जना विश्वासीहरूमध्येका एक व्यक्ति थिए। अनि बारनाबास यरूशलेम मण्डलीका एक महत्वपूर्ण अगुवा पनि बने।

बारनाबास साइप्रसमा जन्मिएका प्रवासी यहूदी व्यक्ति थिए (प्रेरित ४:३६)। उनी व्यापारको निम्ति बेला बेलामा यरूशलेम आउने जाने गर्थे। उनकी बहिनी मरियमसँगै उनी पनि यरूशलेम मण्डलीको ठुलो आर्थिक सहयोगी थिए। उनले आफ्नो जमिन बेचेर भर्खरै स्थापना भएको यरूशलेम मण्डलीको सहायताको निम्ति त्यो पैसा दिए (प्रेरित ४:३६-३७)।

येशूका १२ चेलाहरू आर्थिक रूपले सम्पन्न मानिसहरू नभएकाले उनीहरूलाई अरूको आर्थिक सहायता चाहिन्थ्यो। परमेश्वरले उनीहरूलाई मरियम र बारनाबास जस्ता मानिसहरूद्वारा सहायता जुटाउनुभयो। त्यो समयमा मरियमको यरूशलेममा भएको घरमा धेरै मानिसहरू बस्न खान सक्ने व्यवस्था थियो। त्यसैले उनले आफ्नो घर दिएर त्यो समयका यरूशलेमका विश्वासीहरू भेला हुने, प्रार्थना गर्ने र सङ्गति गर्ने स्थानको रूपमा प्रयोग गर्न दिइन्।

## (३) पत्रुसको आत्मिकी छोरा

मर्कूस बालक अवस्थामा हुँदा, पत्रुसले उनको रेखदेख गर्थे। योचाहिँ मर्कूसकी आमाले यरूशलेमको मण्डलीप्रति देखाएको समर्पित सेवाको प्रतिफल थियो अनि मर्कूस पनि बालक भएका हुनाले उनलाई रेखदेखको आवश्यकता थियो। बिस्तारै पत्रुस र मर्कूस एक अर्कामा घनिष्ठ बने अनिपछि मर्कूस पत्रुसको दोभासे बने। मर्कूस असल शिक्षा पाएर हुर्केका तेजिला जवान भएका हुनाले धेरै भाषाहरूमा पोख्त थिए; जस्तैः ग्रीक, हिब्रू, अरामिक र ल्याटिन। त्यसैले उनी पत्रुसको निम्ति ठुलो सहयोगी बन्न पुगे। जब पत्रुसले पवित्र आत्माबाट सन्देश पाउँथे अथवा वचन प्रचार गर्थे तब मर्कूस सधैँ उनको साथमा हुन्थे र उनको वचनको व्याख्या गर्ने र दोभासेको काम गर्ने गर्थे। त्यसैले पत्रुसले मर्कूसलाई आत्मिकी छोरा मान्थे (१ पत्रुस ५:१३)। मर्कूसले पनि पत्रुसको विशेष चेला बनेर उनको मृत्युसम्मै साथ दिए।

## (४) अलेक्जेण्ड्रियाको मण्डलीका संस्थापक

सुरुको मण्डली इतिहासअनुसार मर्कूस मिश्रको अलेक्जेण्ड्रियामा गए। अलेक्जेण्ड्रियाचाहिँ व्यापारको निम्ति त्यो समयको मुख्य बन्दरगाह थियो। अनि मर्कूसले त्यो क्षेत्रमा सुसमाचार प्रचार गरे।पछि उनले त्यहाँ अलेक्जेण्ड्रियाको मण्डली स्थापना गरे जुनपछि बढेर अलेक्जेण्ड्रियाको कप्टिक मण्डली हुन पुग्यो। त्यसैले मर्कूसलाई सुरुको मण्डलीहरूमध्ये एउटा महत्वपूर्ण मण्डली अलेक्जेण्ड्रियाको मण्डलीको संस्थापकको रूपमा आदर गरिन्छ।

सबैभन्दा सुरुमा स्थापना भएको मण्डली यरूशलेमको मण्डली हो (इ.सं. ३०)। त्यसपछि इ.सं. ३३ मा स्थापना भएको मण्डली एन्टिओखियाको मण्डली हो। अनि तेस्रोमा स्थापना गरिएको मण्डलीचाहिँ अलेक्जेण्ड्रियाको मण्डली हो जुन अफ्रिका महादेशको पहिलो मण्डली पनि हो।

| | मर्कूसको बारेमा | |
|---|---|---|
| १ | हिब्रू नाम | यूहन्ना (प्रेरित १२:१२) |
| २ | आमा | मरियम |
| ३ | मामा | बारनाबास (एन्टिओखिया मण्डलीका पास्टर (प्रेरित ११:२२-२४, कलस्सी ४:१०) |
| ४ | परिवार | धनी र असल परिवार, यरूशलेम मण्डलीको आर्थिक सहयोगी (प्रेरित १२:१२) |
| ५ | शैक्षिक स्तर | हिब्रू, ग्रीक, अरामिक र ल्याटिन भाषामा पोख्त |
| ६ | पत्रुससँगको सम्बन्ध | पत्रुसको आत्मिकी छोरा (१ पत्रुस ५:१३), पत्रुसको दोभासे |
| ७ | पावलसँगको सम्बन्ध | सुरुमा सम्बन्ध बिग्रिएको (प्रेरित १३:१३, १५:३६-४१), पछि सहकर्मी (२ तिमोथी ४:११, फिलेमोन २४) |
| ८ | लेखका पुस्तक | मर्कूसको सुसमाचार |
| ९ | मिसन क्षेत्र | मिश्रको अलेक्जेण्ड्रिया |
| १० | सहिद | इ.सं. ६८, मिश्रको अलेक्जेण्ड्रिया, जमिनमा घिसारेर |

**तालिका ५-५.** मर्कूसको जानकारी

मण्डली इतिहासलाई हेर्दछौँ भने यो अलेक्जेण्ड्रियाको मण्डलीले धैरै प्रख्यात ईश्वरशास्त्रीहरू उत्पादन गरेको तथ्य थाहा पाउँछौँ। तिनीहरूमध्ये प्रख्यात व्यक्तिहरू क्लेमेन्ट (इ.सं. १५०-२१५), ओरिगेन (इ.सं. १८०-२५४) र अथनासिअस (इ.सं. २९६-३७३) हुन्।

अर्कोतर्फ यो मण्डलीबाट केही प्रख्यात झूटा शिक्षक पनि निस्किए।जस्तैः आरियुस (इ.सं. २७०-३३६)। आरियुसको सिद्धान्त मण्डली इतिहासको एकदमै खराब झूटो शिक्षा हो जसले येशूको ईश्वरत्वलाई इन्कार गर्दछ। यो सुरुका मण्डलीहरूलाई विध्वंस गर्ने प्रकारको पूर्ण विषादि झूटो शिक्षा थियो। अलेक्जेण्ड्रियाका अथनासिअसले पनि यो आरियुसको झूटा शिक्षाको विरुद्ध ठुलो लडाइँ गर्नुपरेको थियो। यी कारणहरू र अरू पनि धैरै कारणहरूले गर्दा अलेक्जेण्ड्रियाको मण्डली सुरुको ५०० वर्षको मण्डली इतिहासमा धैरै शक्तिशाली र प्रभावशाली मण्डली थियो। यो मण्डलीले धैरै प्रख्यात इसाई अगुवाहरू उत्पादन गऱ्यो जसमा कोही असल र कोही खराब पनि थिए तर पनि उनीहरू सबै नै आफूलाई मर्कूसको आत्मिकी सन्तान भएको दाबी गर्थे।

## (५) पावल र मर्कूसको सम्बन्ध

### ① उनीहरूको मिलन र बिछोड

पावल र मर्कूसको सम्बन्ध नाटकीय किसिमको छ। जवान मर्कूसले अलेक्जेण्ड्रियामा मण्डली स्थापना गरी यरूशलेममा आमालाई भेट गर्न गए। त्यो समय करिब इ.सं. ४५तिर थियो। त्यो समयमा यरूशलेमको मण्डलीमा गम्भीर समस्या थियो अनि यरूशलेम क्षेत्रभरि नै डरलाग्दो खडेरी र अनिकाल थियो। यो कुराको खबर एन्टिओखिया मण्डलीमा पनि पुग्यो। त्यो समयमा पावल र बारनाबास सँगै सेवा गर्दै थिए किनकि बारनाबासले पावललाई खोजेर ल्याएका थिए (प्रेरित ११:२४-२६)। त्यो यरूशलेमको अनिकालको खबर सुनेर बारनाबास र पावल केही सहायता भेटी लिएर यरूशलेम गए। अनि त्यो समयमा पावल र मर्कूसको भेट भयो।

त्यो समयमा पावल र बारनाबास यरूशलेम जानुको दुई वटा कारणहरू थिए। पहिले उद्देश्यचाहिँ पावललाई यरूशलेमको मण्डलीमा आधिकारिक रूपमा परिचय गराउनु थियो। दोस्रो उद्देश्यचाहिँ यरूशलेमको मण्डलीमा आर्थिक भेटी हस्तान्तरण गर्नु थियो। उनीहरूले यरूशलेममा गर्नुपर्ने काम सकेपछि पावल र बारनाबास एन्टिओखियामा फर्के जुन समयमा मर्कूस पनि उनीहरूको साथमा गए (प्रेरित १२:२५)।

त्यसको अर्को साल अर्थात् इ.सं. ४६ मा उनीहरू तिनजना सँगसँगै मिसन यात्रामा निस्के जुन पावलको पहिलो मिसन यात्रा थियो (प्रेरित १३:४-५)। तर उनीहरूको यात्रामा केही समस्या आयो। जब उनीहरू पर्गाको पाम्फिलियामा थिए तब मर्कूसले मिसन यात्रा छोडेर यरूशलेम फर्के (प्रेरित १३:१३)। पावलले त्यो घटना कहिल्यै बिर्सन नसक्ने घटना थियो।

जब उनीहरूले दोस्रो मिसन यात्राको योजना बनाउन लागे, त्यो समयमा पावल र बारनाबासको मर्कूसको विषयमा ठुलो विवाद भयो (प्रेरित १५:३६-३९)। बारनाबासले पावललाई यो मिसन यात्रामा आफ्नो भानिज मर्कूसलाई पनि सँगै लिएर जाने प्रस्ताव गरे तर पावलले त्यो प्रस्तावलाई इन्कार गरे। यसले पावल र बारनाबासको बिचमा ठुलो मतभेत ल्यायो। यो कुराले पावल र बारनाबासलाई एक अर्काबाट अलग गरायो अनि उनीहरू अब सँगै सहकार्य गर्न नसक्ने भए। हुन त बारनाबासले पावललाई एन्टिओखियामा बोलाएर ल्याएर सेवकाइमा खडा हुन सहायता गरेका थिए। तर मर्कूसको विषयमा भएको विवादले गर्दा उनीहरूको सहकार्य टुङ्गियो (प्रेरित १५:३९)।

पावलसँग छुटेपछि बारनाबास आफ्नो भानिज मर्कूसलाई साथमा लिएर साइप्रसतिर लागे। अर्कोतर्फ पावल सिलासलाई लिएर सिरियाबाट उत्तरतिर लगेर टर्कीको दक्षिण पश्चिम क्षेत्र किलिकिया हुँदै एसिया माइनरतिर लागे (प्रेरित १५:४०-४१)। यो समयदेखि (इ.सं. ५०), बाइबलले बारनाबासको मिसनको बारेमा केही पनि उल्लेख गरेको छैन। बरु सबै घटनाको विवरणहरू पावलमा केन्द्रित भएका छन्।

## ② उनीहरूको सम्बन्ध पुनर्स्थापना

त्यसको करिब १० वर्षपछि पावल रोमको कैदमा थिए (इ.सं. ६०-६२)। अनि अचम्मको कुरा मर्कूस त्यो समयमा उनको साथमा थिए। यसलाई हेरेर हामी यो कुरा भन्न सक्छौँ, कि त्यतिबेला उनीहरूको सम्बन्ध पुनर्स्थापना भैसकेको थियो (कलस्सी ४:१०)। पावलको कैदी पत्रहरूमध्ये "फिलेमोन" मा पावल मर्कूसलाई आफ्नो सहकर्मी भनी सम्बोधन गर्छन् (२४ पद)।

चाखलाग्दो कुराचाहिँ यो छ, कि पत्रुसले इ.सं. ६४ मा लेखेको उनको पहिलो पत्रमा मर्कूस उनीसँग बेबिलोनको मण्डलीमा भएको कुरा लेख्छन् (१ पत्रुस ५:१३)। यसको अर्थ के होला? पत्रुसले भनेको बेबिलोनको बारेमा धेरै अर्थहरू छन्। ती व्याख्याहरूमा पत्रुसले बेबिलोन भनेर रोमलाई उद्धृत गरेका हुन सक्छन् भन्ने कुरा सबैभन्दा बढी स्वीकार गरिएको छ। यी सबै कुराहरूलाई आधार मानेर हामी यो निचोडमा पुग्न सक्छौँ, कि जब पावल रोममा पहिलो कैदमा थिए (इ.सं. ६०-६२), त्यो समयमा लूका उनीसँगै बसेर लूकाको सुसमाचार लेख्दै थिए, अनि त्यही समयमा पत्रुस र मर्कूस पनि रोममा नै थिए होलान् (इ.सं. ६४ तिर)।

त्यसको एक वर्षपछि पत्रुस रोममा सहिद भए (इ.सं. ६५)। हुन त पत्रुसको मृत्युको बारेमा बाइबलमा कुनै तथ्य छैन तर परम्परागत विश्वासको आधारमा पत्रुस इ.सं. ६५ मा रोममा क्रूसमा उल्टो झुण्ड्यार मारिएका थिए। त्यसपछि मर्कूसको बारेमा बाइबलमा कतै पनि उल्लेख भएका छैनन्। उनको विषयमा पावलले उनको दोस्रो कैदको समयमा (इ.सं. ६७) तिमोथीलाई लेखेको पत्रमा छोटो उल्लेख छ। त्यो समयमा तिमोथी एफिससमा थिए। त्यो पत्रमा पावलले तिमोथीलाई आफूलाई भेट गर्न रोममा आउनु भनी लेखेका छन् (२ तिमोथी ४:९-११)। त्यो समयमा पावलले तिमोथीलाई मर्कूसलाई पनि सँगै लिएर आउनु भएका छन्। यसबाट हामी यो कुरा बुझ्न सक्छौं, कि त्यतिबेला मर्कूस एफिसको नजिकै कतै बसेका हुनुपर्छ। त्यहाँ पावलले मर्कूस मेरो सेवामा उपयोगी छन् भनी लेखेका छन् अनि यसको आधारमा हामी यो पक्का गर्न सक्छौं, कि त्यतिबेलासम्म उनीहरूको सम्बन्ध पूर्ण रूपमा पुनर्स्थापना भैसकेको थियो। त्यसको एक वर्षपछि इ.सं. ६८ मा पावल रोममा घाटी काटेर मारिए।

यो पत्रको लगत्तैपछि मर्कूस पावलको मृत्युसम्म उनको साथमा लागे। त्यसपछि उनी अलेक्जेण्ड्रियामा गए जहाँ उनले सुसमाचारको बिउ रोपेका थिए अनि त्यही नै उनी जमिनमा परेर मर्ने गहुँको दानाको रूपमा बलिदान भए। अलेक्जेण्ड्रियामा उनलाई येशू ख्रीष्टको सुसमाचारको खातिर सडकमा घिसारेर मारियो। त्यो समयदेखि अहिलेसम्म पनि मर्कूस मिश्रको कप्टिक मण्डलीको पिताको रूपमा आदरणीय छन्।

## ख. मर्कूसको सुसमाचारको उद्देश्य

मर्कूसको सुसमाचारको मुख्य उद्देश्य भनेकोचाहिँ सतावटको बिचमा रहेका विश्वासीहरूलाई बल, साहस, उत्साह र सान्त्वना उपलब्ध गराउनु थियो। त्यो समयमा रोमी साम्राज्यमा धैरै गैरयहूदी मानिसहरू सुसमाचारमा विश्वास गरेर प्रभुमा आएका थिए। ती भर्खरै विश्वासमा आएका नयाँ विश्वासीहरूलाई त्यो समयमा नेरो सम्राटले दिएको कठोर सतावट सहन एकदम गाह्रो पऱ्यो। त्यसैले सबैभन्दा सुरुमा मर्कूस ती विश्वासीहरूलाई सान्त्वना दिनको निम्ति येशूलाई एक कष्ट भोग्ने दासको रूपमा प्रस्तुत गर्दछन्। उनको सुसमाचारमा मर्कूस निरन्तर यो कुरामा जोड दिन्छन, कि येशू आफैले पनि कष्ट भोग्नुभयो त्यसैले हामी उहाँलाई पछ्याउने विश्वासीहरूले पनि उहाँको कष्टमा सहभागी हुनुपर्छ र त्यसलाई सहनुपर्छ।

अझ बढी मर्कूसले मत्तीको सुसमाचार र लूकाको सुसमाचारलाई पनि लिएका छन्, जुन गैरयहूदी विश्वासीहरूलाई बुझ्न कठिन पर्ने प्रकारका थिए। उनले तिनलाई सरल तरिकाले व्याख्या गरेका छन्। उदाहरणको लागि कति यहूदी संस्कार र चाडहरू अनि यहूदीहरूले मात्र बुझ्ने भाषा शैलीलाई लिएर सरल तरिकाले व्याख्या गरेका छन् भने कति शब्दहरूलाई अरामिकबाट ग्रीक भाषामा उल्था गर्ने काम पनि गरेका छन्। यसरी मर्कूसले मत्ती र लूकाको सुसमाचारलाई मुख्य स्रोत मानेर हिब्रू र अरामिक नबुझ्ने गैरयहूदीहरूको लागि सरल सुसमाचार बनाए।

| | | |
|---|---|---|
| इ.सं. | ४३ | मर्कूसले अलेक्जेण्ड्रियामा सुसमाचार प्रचार गरेका<br>मिश्रको अर्थोडक्स मण्डलीको सुरुवात |
| | ४५ | पावल एन्टिओखियामा आएका<br>पावल र बारनाबास एन्टिओखियाको मण्डलीबाट केही भेटी लिएर यरूशलेम मण्डली गएका (प्रेरित ११:२९-३०)<br>पावल र बारनाबास मर्कूसलाई लिएर एन्टिओखिया फर्केका |
| | ४६ | पावलको पहिलो मिसन यात्रा |
| | ४८ | मर्कूस बिच बाटैबाट मिसनलाई छोडेर फर्केका (प्रेरित १३:१३)<br>पावल र बारनाबास/ मर्कूस छुटेका (प्रेरित १५:३९) |
| | ५०<br>५२ | पावलको दोस्रो मिसन यात्रा<br>बारनाबास र मर्कूस साइप्रसतिर लागेका |
| | ५३<br>५७ | पावलको तेस्रो मिसन यात्रा |
| | ६०<br>६२ | पावलको पहिलो कैद<br>मर्कूस रोममा पावलको साथमा, उनीहरूको सम्बन्ध पुनर्स्थापना भएको (कलस्सी ४:१०, फिलेमोन २४) |
| | ६५<br><br>६७ | पत्रुस पनि रोममा (१ पत्रुस ५:१३)<br>पत्रुस सहिद भएका<br>पत्रुसको दोस्रो कैद<br>पावलले तिमोथी र मर्कूसलाई रोममा उनलाई भेट्न आउन अनुरोध गरेका (२ तिमोथी ४:११) |
| | ६८ | पावल सहिद भएका<br>मर्कूस सहिद भएका |

**तालिका ५-६.** पावल र मर्कूसको कामहरू

# १. सतावट भोगिरहेका विश्वासीहरूलाई सान्त्वना

१६ अध्यायहरू भएको मर्कूसको सुसमाचार चार सुसमाचारहरूमध्ये सबैभन्दा छोटो पुस्तक हो। तर पनि यसमा धेरै पानाहरूमा कष्टहरूको बारेमा लेखिएको छ। यसको कारणचाहिँ मर्कूसको सुसमाचले येशूलाई कष्ट भोग्ने दासको रूपमा प्रस्तुत गरेकोले हो। येशूलाई त्यो प्रकारले प्रस्तुत गर्नुको उद्देश्यचाहिँ त्यो समयमा सतावट भएर जाँदै गरेका विश्वासीहरूलाई सहायता गर्न र उनीहरू अनन्तको घरको आशामा, अहिलेको कष्टको सामना गर्न र स्थिर रहन सकून् भनेर हो (हिब्रू ११:१४-१६)।

## (१) कष्टको सन्देशमा जोड दिएको

कष्टको विषयमाचाहिँ मर्कूस पहिलेको सुसमाचारका पुस्तकहरू मत्ती (इ.सं. ५०-५२) र लूका (इ.सं. ६०-६२) मा उल्लेख गरिएका कष्टहरूलाई जोड दिँदै पुनः जोड दिन चाहन्छन्।

ती सन्देशहरूमा विश्वासीहरूले आफ्नो क्रूस आफै बोकेर हिँड्नुपर्छ भन्ने सन्देश मुख्य छ। यो सन्देश मत्ती १६:२४-२८ र लूका ९:२२-२७ मा छ जुन मर्कूसले पनि मर्कूस ८:३४-३८ मा दोहोऱ्याएका छन्।

मर्कूसले यसरी लेखेका छन्, "तब उहाँले आफ्ना चेलाहरूका साथमा भीड़लाई आफूकहाँ बोलाएर तिनीहरूलाई भन्नुभयो, "कोही मानिस मपछि लाग्ने इच्छा गर्दछ भने त्यसले आफूलाई इन्कार गरोस्, र आफ्नो क्रूस उठाएर मेरोपछि लागोस्। किनकि जसले आफ्नो प्राण बचाउने इच्छा गर्दछ, त्यसले त्यो गुमाउनेछ, तर मेरो र सुसमाचारको निम्ति आफ्नो प्राण गुमाउनेले त्यो बचाउनेछ। किनभने मानिसले सारा जगत् हात पारेर आफ्नो प्राण गुमायो भने त्यसलाई के फाइदा हुन्छ? अथवा मानिसले आफ्नो प्राणको सट्टामा के दिन सक्छ? अनि यस व्यभिचारी र पापी पुस्तामा जो मदेखि र मेरो वचनदेखि शर्माउँछ, मानिसको पुत्र पनि आफ्ना पिताको महिमामा पवित्र दूतहरूसँग आउँदा त्यसदेखि शर्माउनेछ।" यो सन्देश स्पष्ट रूपमा सतावटमा भएका विश्वासीहरूको निम्ति हो।

मर्कूसको दोस्रो सन्देशचाहिँ चेलापनको बारेमा छ। यो मत्ती १९:२८-३० र लूका १८:२९-३०बाट लिइएको छ। मर्कूस १०:२९-३० मा उनी लेख्छन्, "येशूले भन्नुभयो, "साँच्चै म तिमीहरूलाई भन्दछु, जसले मेरो निम्ति र सुसमाचारको खातिर घर वा दाजुभाइ वा दिदी-बहिनी वा आमा-बुबा वा छोरा-छोरीहरू वा जग्गाजमिन छोड्छ, त्यसले सतावटको साथसाथै सय गुणा बढ़ी घर, दाजुभाइ, दिदी-बहिनी, आमा, छोरा-छोरी र जग्गाजमिन यसै समयमा

पाउनेछ, अनि आउँदो युगमा अनन्त जीवन"। यो खण्डले बताएको कुराचाहिँ हामीले हाम्रो कष्ट सहनुपर्छ अनि यदि हामीले कष्टको सामना गर्यौं भने परमेश्वरले हामीलाई सय गुणा आशिष् दिनुहुनेछ भन्ने हो।

तेस्रो खण्डचाहिँ मर्कूस १३:९-१३ हो जुन खण्ड मत्ती २४:९-१४ र लूका २१:१२-२९बाट लिइएको हो। यहाँ यसरी लेखिएको छ, "तिमीहरू आफ्ना विषयमा होशियार रहो। तिनीहरूले तिमीहरूलाई अदालतमा सुम्पनेछन्। तिमीहरू सभाघरहरूमा पिटिनेछौ। अनि हाकिमहरू र राजाहरूका सामुन्ने मेरो खातिर तिनीहरूलाई गवाही दिन तिमीहरू खड़ा हुनेछौ। र पहिला सबै जातिहरूलाई सुसमाचार प्रचार गरिनुपर्छ। जब मानिसहरूले तिमीहरूलाई पक्री लगेर मुद्दा चलाउँछन्, तब के बोलौं भनीअघिबाटै फिक्री नगर। तर त्यसै बेला जे तिमीहरूलाई दिइन्छ, त्यही बोल, किनकि बोल्ने तिमीहरू होइनौ, तर पवित्र आत्मा हुनुहुनेछ। "एउटा भाइले अर्को भाइलाई मृत्युको लागि सुम्पनेछ, र त्यसै गरी बाबुले छोरालाई। छोरा-छोरीहरू आमाबाबुहरूका विरुद्धमा खड़ा हुनेछन्, र तिनीहरूलाई मार्न लाउनेछन्। अनि मेरो नाउँको खातिर तिमीहरू सबैबाट घृणित हुनेछौ, तर जो अन्त्यसम्म स्थिर रहन्छ त्यसैको उद्धार हुनेछ"। यो खण्डअनुसार सुसमाचार फैलाउने विश्वासीहरूचाहिँ संसारका मानिसहरूद्वारा निश्चय नै घृणित हुनेछन् र सताइने छन्। त्यसैले हामी इसाईहरूले उद्धार पाउनको निम्ति यस्ता सतावटहरू सहनु नै पर्ने हुन्छ।

## (२) पृथक किसिमको महान् आदेश

मर्कूसको सुसमाचारमा भएको महान् आदेशचाहिँ मर्कूस १६:१५-१८ मा उल्लेख गरिएको छ। तर मर्कूसको सुसमाचारमा भएको महान् आदेश अरू सुसमाचारमा भएकोभन्दा अलि पृथक छ। मर्कूसको सुसमाचारमा भएको महान् आदेशमा येशूले सतावटमा भएका विश्वासीहरूलाई केन्द्रित गरेर दिनुभएको आदेश छ। मर्कूस १६:१५-१८ मा यसरी लेखिएको छ, "अनि उहाँले तिनीहरूलाई भन्नुभयो, "सारा संसारमा गएर सारा सृष्टिलाई सुसमाचार प्रचार गर। विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ, तर विश्वास नगर्ने दोषी ठहरिनेछ। विश्वास गर्नेहरूसँग यी चिन्हहरू हुनेछन्— मेरो नाउँमा तिनीहरूले भूतहरू धपाउनेछन्, तिनीहरूले नयाँ भाषाहरूमा बोल्नेछन्, तिनीहरूले सर्पहरू समात्नेछन् र कुनै विषालु कुरा पिए तापनि कुनै किसिमले त्यसले तिनीहरूको हानि गर्नेछैन। तिनीहरूले रोगीहरूमाथि आफ्ना हात राख्नेछन् र तिनीहरू निको हुनेछन्।

यहाँ सर्पले शैतान र उसका पछौटेहरूलाई सङ्केत गर्दछ (प्रकाश २०:२)। यदि हामीले यो खण्डलाई मर्कूसको सुसमाचार लेखिएको समयलाई विचार गरेर अर्थ लगाउने हो भने सर्पले सम्राट नेरो र उसका पछौटेहरूलाई सङ्केत गर्दछ। यहाँ विश्वासीहरूले सर्प समात्नेछन् र विष

पिए पनि त्यसले केही हानी गर्ने छैन भनेकोचाहिँ संसारको शासकहरू जति नै दुष्ट भए तापनि र उनीहरूले विश्वासीहरूलाई जति कठोर सतावट दिए तापनि अन्त्यमा विश्वासीहरू नै विजय हुनेछन् भनिएको हो। त्यति मात्र नभएर परमेश्वरले आफ्ना विश्वासयोग्य छोराछोरीहरूद्वारा आश्चर्यकर्महरू देखाउनु हुनेछ। दुष्टआत्माहरू उनीहरूदेखि भाग्नेछन्। अन्धकार उनीहरूदेखि भाग्नेछ। उनीहरूद्वारा रोगीहरू निको हुनेछन्। अनि विश्वासीहरूले नयाँ भाषाहरूमा बोल्नेछन्। अर्को अर्थमाभन्दा इमानदार विश्वासीहरूले सुसमाचार प्रचार गर्नेछन् अनि अन्धकारको शक्तिले उनीहरूलाई सतावट दिनेछ तर परमेश्वरको शक्ति विश्वासीहरूको साथमा हुनेछ।

मर्कूसले यसरी त्यो समयमा नेरोको सतावट खपिरहेका विश्वासीहरूलाई सान्त्वना दिएका छन्। उनी तिनीहरूलाई यसरी उत्साह दिन्छन, कि यो संसारको शासकहरूले विश्वासीहरूलाई सताउलान र सहिद हुनु पनि पर्ला तर विश्वासीहरूले आफूलाई जिम्मा दिएको महान् आदेश पालन गरेर अन्तिमसम्म सहेर स्थिर बसे भने उनीहरू परमेश्वरद्वारा स्वर्गमा उठाई लगिनेछन् र महिमाको मुकुट पहिरिएर परमेश्वरका सन्तानको रूपमा चम्कनेछन्।

मर्कूस आफूले दिएको शिक्षाअनुसारकै जीवन जिएर अन्त्यमा स्वर्गलोकमा गए। हुन त उनी इ.सं. ६८ मा मारिएर सहिद भए (घिसारेर मारिएको) तापनि, उनको शिक्षा र जीवनी उनका आत्मिकी सन्तानहरूमा निरन्तर स्थिर रह्यो। मिश्रको कप्टिक अर्थोडक्स मण्डलीले रोमी साम्राज्यको अन्धकारको शक्तिसँग साहसपूर्वक निरन्तर लडी नै रह्यो (इ.सं. ३१३ मा सम्राट कन्स्टान्टिनले इसाईहरूको सतावटको अन्त्य गरिदिए)। पछि इ.सं. ६४२ मा इस्लामीहरूले मिश्रलाई कब्जा गरेपछि, त्यो इस्लामको अन्धकारको शक्ति विरुद्ध पनि यो मिश्रको कप्टिक अर्थोडक्स मण्डलीले साहसपूर्वक सामना गर्‍यो। आज पनि मिश्रमा १५% जति मानिसहरू इसाई छन्।

हामीले यो कुरा निश्चय नै बुझ्नुपर्छ, कि इसाईहरूको जीवनमा सतावटचाहिँ प्रभु येशूले पहिले नै तय गर्नुभएको कुरा हो। येशूले यो कुरा बताउनुभएको छ, कि येशूको आगमन भन्दाअघि करिब २,००० वर्षको इसाई मण्डली इतिहासमा विश्वासीहरू शैतानको शक्तिद्वारा सतावटमा पर्ने नै छन्। विगतको २,००० वर्षको मण्डली इतिहासलाई हेर्ने हो भने, इसाईहरूले बेबिलोनी धर्म, इस्लाम धर्म, हिन्दु धर्म, बुद्ध धर्म र अरू धर्म मान्ने मानिसहरूबाट अनगिन्ती सतावटहरू सामना गरिरहेका छन्। अनि यो मर्कूसको सुसमाचारमा भएको महान् आदेशले हरेक पुस्ताका विश्वासीहरूलाई स्वर्गको आशा नगुमाउनको निम्ति ठुलो उत्साह र बल दिएको छ।

| | मुख्य सन्देश | मर्कूस | अरू सुसमाचारमा उस्तै बाइबल खण्डहरू |
|---|---|---|---|
| १ | जसले मेरो र सुसमाचारको खातिर जीवन गुमाउँछ त्यसले त्यो बचाउनेछ | मर्कूस ८:३४-३८ | मत्ती १६:२४-२८<br>लूका ९:२२-२७ |
| २ | जसले मेरो र सुसमाचारको खातिर घर ... गुमाउँछ, त्यसले यो जीवनमै सय गुणा पाउनेछ र पछि अनन्त जीवन पाउनेछ | मर्कूस १०:२९-३० | मत्ती १९:२८-३०<br>लूका १८:२९-३० |
| ३ | त्यसकारण के भन्ने भनी फिक्री नगर ... किनकि बोल्ने तिमीहरू होइनौ तर पवित्र आत्मा हुनुहुनेछ. जो अन्तिमसम्म स्थिर रहन्छ त्यो बचाइनेछ. | मर्कूस १३:९-१३ | मत्ती २४:९-१४<br>लूका २१:१२-१९ |
| ४ | मेरो नाउँमा तिनीहरूले भूतहरू धपाउनेछन्, तिनीहरूले नयाँ भाषाहरूमा बोल्नेछन्, तिनीहरूले सर्पहरू समात्नेछन् र कुनै विषालु कुरा पिए तापनि कुनै किसिमले त्यसले तिनीहरूको हानि गर्नेछैन। तिनीहरूले रोगीहरूमाथि आफ्ना हात राख्नेछन् र तिनीहरू निको हुनेछन्। | मर्कूस १६:१५-१८ | मत्ती २८:१८-२०<br>लूका २४:४७ |

**तालिका ५-७.** मर्कूसको सुसमाचार सान्त्वना र आशाको पुस्तक हो

## २. गैरयहूदी पाठकहरूको निम्ति सहयोगी व्याख्या

पुस्तकको सन्देशको विषय मात्र नभएर लेखन शैलीको हिसाबले पनि मर्कूसले सतावटमा परेका गैरयहूदीहरूलाई विशेष ध्यान दिएका छन्। उदाहरणको लागि उनले तिनीहरूलाई यहूदी संस्कारहरूको बारेको व्याख्या गरेका छन्। उनले यहूदीहरूको सात चाडहरू र यहूदी पात्रो प्रणाली व्याख्या गरेका छन्। उनले मत्ती र लूकाको सुसमाचारमा प्रयोग गरिएका हिब्रू र अरामिक शब्दहरूलाई ग्रीक भाषामा उल्था गरेका छन्।

## (१) यहूदी परम्पराहरूको व्याख्या

आफ्नो सुसमाचारको पुस्तकमा मर्कूसले यहूदीहरूको परम्परा र संस्कारहरूको विषयमा व्याख्या गरेका छन्। उदाहरणको लागि मत्ती १५:१-२०को खण्ड यहूदी संस्कारको बारेमा छ। त्यही खण्ड हामी मर्कूसको सुसमाचारको ७:१-२ मा पाउँछौँ जहाँ यसरी लेखिएको छ, "यरूशलेमबाट आएका फरिसीहरू र शास्त्रीहरू येशूका चारैतिर भेला भए। येशूका कतिपय चेलाहरूले अशुद्ध हात, अर्थात् नधोएको हातले खाएका तिनीहरूले देखे"। मर्कूसले यो खण्डको लगत्तैपछि यो यहूदी संस्कारलाई स्पष्ट पार्नको लागि त्यसको बारेमा केही थप व्याख्या दिएका छन्। (फरिसीहरू र सबै यहूदीहरू तिनीहरूका पुर्खाहरूले दिएका परम्पराअनुसार हात नधोई भोजन खाँदैनन्। बजारबाट आएपछि स्नान गरेर शुद्ध नभई तिनीहरू खाँदैनन्। यति मात्र होइन, तिनीहरूले यस्ता धेरै अरू परम्परा मान्दछन्, अर्थात् कचौराहरू, भाँड़ाहरू र काँसोका भाँड़ाहरू धुने परम्परा) (मर्कूस ७:३-४)।

मत्तीको सुसमाचारमा यो खण्डको बारेमा थप व्याख्या छैन त्यसैकारण यहूदी संस्कार नबुझ्ने गैरयहूदी पाठकहरूको निम्ति यो खण्ड बुझ्न कठिन हुने थियो। त्यसैले मर्कूसको सुसमाचारमा मर्कूस व्याख्या गर्छन्, कि यहूदीहरूको संस्कार र परम्पराअनुसार कसैले खाना खानुअघि हात धुनैपर्ने हुन्थ्यो।

## (२) यहूदी पात्रो प्रणालीको व्याख्या

मर्कूसले आफ्नो सुसमाचारमा यहूदीहरूको पात्रो प्रणालीको बारेमा थप व्याख्या दिएको पाउन सकिन्छ।

हामी सुसमाचारका यी तिन खण्डहरू हेरौँ: मत्ती २७:६२; लूका २३:५४ र मर्कूस १५:४२। यी खण्डहरूमा तयारीको दिनको बारेमा लेखिएको छ। मत्ती २७:६२ मा यसरी लेखिएको छ, 'भोलिपल्ट, अर्थात् तयारीको दिनको भोलिपल्ट, मुख्य पूजाहारीहरू र फरिसीहरू पिलातसकहाँ भेला भए।' लूका २३:५४ मा यसरी लेखिएको छ, 'त्यो तयारीको दिन थियो, अनि शबाथ सुरु हुनै लागेको थियो।' अनि मर्कूस १५:४२ मा यसरी लेखिएको छ, 'तयारीको दिन, अर्थात् शबाथ-दिनकोअघिल्लो दिन, साँझ पर्दैथियो।'

हामी यी ३ वटा पदहरूलाई तुलना गरेर हेर्छौं भने यो देख्छौं, कि मर्कूसले तयारीको दिन भनेको के हो भनी थप व्याख्या गरेका छन्। उनी लेख्छन्, कि तयारीको दिन भनेको शबाथकोअघिल्लो दिन हो। जसै हाम्रो हिसाबले यहूदी शबाथको दिन शनिबार पर्छ, तयारीको

दिन शुक्रबार पर्छ (हामी गैरयहूदीहरूको लागि)। मर्कूसले यो व्याख्या जोड्नुको कारण यो थियो, कि गैरयहूदी पाठकहरूले यो पढ्नासाथ येशू शुक्रबार क्रूसमा मर्नुभयो भन्ने सजिलै बुझ्न सकून्। यहूदीहरूले किन शुक्रबारलाई तयारीको दिन भनेका होलान्? किनकि त्यो दिन उनीहरू शबाथको निम्ति तयारी गर्दथे।

मर्कूसले आफ्नो सुसमाचारमा यहूदी संस्कार र परम्परा र कति शब्दहरूलाई ग्रीक भाषामा उल्था गरेका र अझ थप व्याख्या गरेका देख्दा हामी यो कुरा निश्चित रूपमा भन्न सक्छौं, कि मर्कूसको सुसमाचारचाहिँ मत्ती र लूकाको सुसमाचारपछि लेखिएको थियो।

## (३) अरामिक शब्दलाई ग्रीकमा उल्था गरेको

मर्कूसको सुसमाचारमा हामी केही यस्ता शब्दहरू पाउँछौं, जुन मत्ती र लूकाको सुसमाचारमा उल्लेख छैनन्– विशेषगरी अरामिक भाषाका शब्दहरू। यो विषयमा मर्कूसको लेखनशैली पृथक छ। उनले अरामिक शब्दलाई लेख्ने मात्र होइन तर कहिलेकाहिँ त्यसको उल्था पनि गरेका छन्।

तर किन अरामिक शब्दहरू लेख्नुपर्‍यो त? वास्तवमा पुरानो करारको एज्राको पुस्तक अनि दानिएलको पुस्तकको धेरै खण्डहरू अनि ताल्मुद पनि सुरुमा अरामिक भाषामा नै लेखिएका थिए। त्यति मात्र नभएर पहिलो शताब्दीमामध्येपूर्वी क्षेत्रमा प्राय: बोलिने भाषाचाहिँ अरामिक नै थियो। वास्तवमा येशू र उहाँका सबै चेलाहरूले पनि अरामिक भाषा नै बोल्ने गर्थे।

तर ग्रीक भाषा बोल्ने गैरयहूदीहरूको लागि भने अरामिक भाषा अलि उच्चस्तरीय र बुझ्न कठिन थियो। त्यसैले जब मर्कूसले अरामिक शब्द प्रयोग गर्थे, त्यहाँ उनी त्यसको ग्रीक उल्था पनि सँगै लेख्ने गर्थे। यो कुरा मर्कूसको निम्ति सम्भव हुनुको कारणचाहिँ उनी धेरै भाषाका ज्ञाता थिए र उनी हिब्रू, ग्रीक, अरामिक अनि ल्याटिन भाषा बोल्न सक्थे। मर्कूसको अरामिक र ग्रीक भाषाको प्रयोगले उनको गैरयहूदी पाठकहरूप्रतिको गहिरो वास्ता व्यक्त गर्दछ। अब केही अरामिक शब्दहरूलाई हामी हेरौं।

## बोअनर्गेश

मत्ती १०:२-४ मा हामी "जब्दियाका छोरा याकूब र तिनका भाइ यूहन्ना" लेखेको पाउँछौँ। लूका ६:१४-१६ मा याकूब र यूहन्ना मात्र भनिएको छ। तर मर्कूस ४:१७ मा 'जब्दियाका छोरा याकूब र याकूबका भाइ यूहन्ना। उहाँले तिनीहरूलाई बोअनर्गेश, अर्थात् गर्जनका छोराहरू भन्ने नाउँ दिनुभयो' भनी लेखिएको छ। यहाँ हामी देख्न सक्छौँ, कि मर्कूसले अरामिक शब्द "बोअनर्गेश" थपेका छन् र त्यसलाई ग्रीकमा उल्था गरेर "गर्जनका छोराहरू" भनी स्पष्ट पारेका छन्।

## तालिता कूमी

'तालिता कूमी' पनि अरामिक शब्द हो, जुन मर्कूसको सुसमाचारमा मात्र पाउन सकिन्छ। मर्कूसले यो शब्द प्रभु येशूले मृतक बालिकालाई जीवित पार्नुभएको घटनामा उल्लेख गरेका छन्। हुन त यो घटनाको विवरण मत्तीको सुसमाचार ९:१८-२६ अनि लूकाको सुसमाचार ८:४१-५६ मा पनि उल्लेख गरिएको छ तर मर्कूसले यहाँ अलि फरक प्रकारले येशूले प्रयोग गर्नुभएको शब्दलाई हुबहु लेखेका छन्। अनि उनले यस शब्दको ग्रीक उल्था पनि गरेका छन्। मर्कूस ५:४१ मा यसरी लेखिएको छ, 'अनि ठिटीको हात समातेर उहाँले त्यसलाई भन्नुभयो, "तालिता कूमी," जसको अर्थ हो, "ए बालिका, म तिमीलाई भन्दछु, उठ।"

मत्ती र लूकाको सुसमाचारमा येशूले याइरसकी छोरीलाई जीवित पार्नुहुदा प्रयोग गर्नुभएको वास्तविक अरामिक शब्द उल्लेख गरिएको छैन। तर मर्कूसले त्यो वाक्य जस्ताको तस्तै लेख्छन् र त्यसको उल्था गरेर अर्थ पनि बताउँछन्।

## कुर्बान

कुर्बान पनि अर्को अरामिक शब्द हो जुन मर्कूसको सुसमाचारमा मात्र पाइन्छ। हुन त मत्तीको सुसमाचार १५:१-२० मा यो घटना उल्लेख गरिएको छ तर यो शब्द प्रयोग भएको छैन। तर मर्कूसको सुसमाचार ७:११ मा यसरी लेखिएको छ, 'यदि कुनै मानिसले आफ्ना बुबा वा आमालाई 'मबाट जे-जति मद्दत तपाईंहरूलाई मिल्नुपर्ने त्यो कुर्बान हो,' (अर्थात् परमेश्वरलाई चढ़ाइएको) भन्छ भने,... यहाँ फेरि एकपटक मर्कूसले अरामिक शब्द "कुर्बान" प्रयोग गरेका छन् जहाँ यसको अर्थ "परमेश्वरलाई चढाइएको" भनी प्रस्ट पारेका छन्।

**इफ्फाता**

इफ्फाता भन्ने अरामिक शब्द पनि यसको अर्थ सहित मर्कूसको सुसमाचारमा मात्र उल्लेख गरिएको पाइन्छ। मर्कूस ७:३४ मा प्रयोग गरिएको खण्ड मत्ती १९:२९-३१ मा पनि उल्लेख गरिएको छ। तर मर्कूसको सुसमाचारमा यसरी लेखिएको छ, 'अनि स्वर्गतिर हेरेर लामो सास लिई त्यसलाई भन्नुभयो, "इफ्फाता," अर्थात् "खोलिजा।" फेरि एकपटक मर्कूसले अरामिक शब्द प्रयोग गरेका छन् र त्यसको अर्थ पनि उल्लेख गरेका छन्। मत्तीको सुसमाचारमा यही घटनालाई "येशूले बहिरोलाई चङ्गाइ गर्नुभयो" भनेर मात्र लेखिएको छ। तर मर्कूसलेचाहिँ येशूले चङ्गाइको निम्ति प्रयोग गर्नुभएको अरामिक शब्द नै लेखेका छन् र त्यसको अर्थ पनि सँगै दिएका छन्।

**गलगथा**

गलगथाको अर्थ खप्परे हो। यसलाई ल्याटिन भाषामा कलबरी भनी उल्था गरिएको छ। प्रभु येशू क्रूसमा टाँगिनुभएको स्थानलाई चार सुसमाचारहरूमा खोपड़ीको स्थान भनिएको छ (हुन त पुस्तकअनुसार फरक शब्दहरू प्रयोग गरिएका छन्)। लूका २३:३३ मा यसरी लेखिएको, 'जब तिनीहरू खप्परे भन्ने ठाउँमा आए ... यूहन्ना १९:१७ मा यसरी लेखिएको छ, 'उहाँ आफ्नो क्रूस आफै बोकेर खप्परे भनिने ठाउँमा जानुभयो, जसलाई हिब्रूमा गलगथा भनिन्छ। जसै हामी यी दुई सुसमाचारको पुस्तकलाई हेर्दछौं तब यो ठाउँलाई सिधै गलगथा भनिएको छैन। तर मत्ती र मर्कूसको सुसमाचारमा सिधै गलगथा भनी लेखिएको छ। तर पनि मत्ती २७:३३ मा यसरी लेखिएको छ, 'जब तिनीहरू गलगथा भन्ने ठाउँमा आइपुगे, जसलाई खोपड़ीको स्थान भनिन्छ। मर्कूस १५:२२ मा यसरी लेखिएको छ, 'त्यसपछि तिनीहरूले येशूलाई गलगथा भन्ने ठाउँमा ल्याए— गलगथाको अर्थ खोपड़ीको स्थान हो। यसरी मर्कूसचाहिँ त्यो ठाँउको खास नाउँ गलगथा हो भन्ने कुरामा जोड दिन्छन्, जहाँ हाम्रो प्रभु येशूलाई क्रूसमा चढाइयो।

**इलोई, इलोई, लामा सबखथनी**

येशूले क्रूसमा मर्नुभन्दाअघि अरामिक भाषामा "इलोई, इलोई, लामा सबखथनी" भनी भन्नुभयो। यसको अर्थचाहिँ हे मेरा परमेश्वर, हे मेरा परमेश्वर, तपाईंले मलाई किन त्याग्नुभएको छ? भन्ने हुन्छ। मर्कूसले येशूले बोल्नुभएको कुरालाई अरामिक भाषामा लेख्दै त्यसको अर्थ पनि सँगै लेखेका छन्। मर्कूस १५:३४ मा यसरी लेखिएको छ, 'तीन बजेतिर यसो भनेर येशू ठुलो सोरले कराउनुभयो, "इलोई, इलोई, लामा सबखथनी?"– जसको अर्थ हो, "हे मेरा परमेश्वर,

हे मेरा परमेश्वर, तपाईंले मलाई किन त्याग्नुभएको छ?" मर्कूसले यसको अर्थ अर्थात् यसलाई उल्था गर्दा भनी लेखेका छन्। यो पद मत्ती २७:४६ मा यसरी लेखिएको छ, 'तीन बजेतिर येशू यसो भनेर ठुलो सोरले कराउनुभयो, "इलोई, इलोई, लामा सबखथनी?" अर्थात्, "हे मेरा परमेश्वर, हे मेरा परमेश्वर, तपाईंले मलाई किन त्याग्नुभएको छ?" यसरी यी दुई वटा पदहरू उस्तै छन् तर मर्कूसलेचाहिँ त्यसको अर्थ भनी प्रस्ट पारेका छन्।

| | अरामिक | ग्रीक उल्था | मर्कूस | अरू सुसमाचारमा |
|---|---|---|---|---|
| १ | बोअनर्गेश | गर्जनका छोराहरू | ३:१७ | मत्ती १०:२-४<br>लूका ६:१४-१६ |
| २ | तालिता कूमी | ए बालिका, म तिमीलाई भन्दछु, उठ | ५:४१ | मत्ती ९:१८-२६<br>लूका ८:४१-५६ |
| ३ | कुर्बान | परमेश्वरलाई चढ़ाइएको | ७:११ | मत्ती १५:१-२० |
| ४ | इफ्फाता | खोलिजा | ७:३४ | मत्ती १५:२९-३१ |
| ५ | गलगथा | खोपड़ीको स्थान | १५:२२ | मत्ती २७:३३<br>लूका २३:३३<br>यूहन्ना १९:१७ |
| ६ | इलोई, इलोई, लामा सबखथनी | 'हे मेरा परमेश्वर, हे मेरा परमेश्वर, तपाईंले मलाई किन त्याग्नुभएको छ' | १५:३४ | मत्ती २७:४६ |
| ७ | अब्बा | 'पिता' | १४:३६ | रोमी ८:१५<br>गलाती ४:६ |

**तालिका ५-८.** अरामिक शब्द र त्यसको ग्रीक उल्था

**अब्बा**

मर्कूसको सुसमाचारले अब्बा भन्ने अरामिक शब्द प्रयोग गर्दै त्यसको ग्रीक उल्था गरेर पिता भनी प्रस्ट परेको छ। मर्कूस १४:३६ मा यसरी लेखिएको छ, 'अनि उहाँले भन्नुभयो, "अब्बा, पिता, तपाईंको निम्ति सबै कुरा सम्भव छ। यो कचौरा मबाट हटाइदिनुहोस्। तर पनि मैले इच्छा गरेजस्तो होइन, तपाईंले इच्छा गर्नुभएजस्तो होस्।" यहाँ हामी देख्न सक्छौं, कि अरामिक शब्द र यसको अर्थ सँगसँगै आएका छन्। अरू तिन वटा सुसमाचारमा यो अब्बा

शब्द प्रयोग गरिएको छैन। तरपछि पावलले आफ्नो केही पत्रहरूमा यो शब्द प्रयोग गरेका छन् (रोमी ८:१५, गलाती ४:६)।

| | लेख्नुको उद्देश्य | बाइबलको खण्ड |
|---|---|---|
| १ | कष्टको घडीमा कसरी सहने भन्ने विषयमा जोड दिन | आफ्नो क्रूस बोक (मर्कूस ८:३४-३८)<br>चेलाहरूले चुकाउनु पर्ने मूल्य (मर्कूस १०:२९-३०)<br>अन्त्यसम्म स्थिर रहनु (मर्कूस १३:९-१३)<br>महान् आदेश (मर्कूस १६:१५-१८) |
| २ | यहूदी संस्कारको बारेमा बुझाउन | खाना खानुअघि हात धुने प्रथा (मत्ती १५:१-२), मर्कूसले यो यहूदीहरूको परम्परा हो भनी स्पष्ट पारेका छन् (मर्कूस ७:३-४) |
| ३ | यहूदी पात्रोको बारेमा बुझाउन | तयारीको दिन (मत्ती २७:६२, लूका २३:५४)<br>मर्कूसले यो शबाथकोअघिल्लो दिन हो भनी स्पष्ट पारेका छन् |
| ४ | अरामिक शब्दहरूलाई ग्रीकमा स्पष्ट पार्नको निम्ति | बोअनर्गेश (मर्कूस ३:१७)<br>तालिता कूमी (मर्कूस५:४१<br>कुर्बान (मर्कूस७:११<br>इफ्फाता (मर्कूस७:३४<br>गलगथा (मर्कूस१५:२२<br>इलोई, इलोई, लामा सबखथनी (मर्कूस१५:३४<br>अब्बा (मर्कूस१४:३६ |

**तालिका ५-९.** मर्कूसको सुसमाचारको उद्देश्य

## ग. मर्कूसको पुस्तकको विशेषताहरू

समदृष्टि सुसमाचारमा समान विषयहरू धेरै छन्। प्रयोग गरिएको भाषा, सामग्रीहरू, घटनाहरू, येशूको शिक्षाहरू, दृष्टान्तहरू र आश्चर्यकर्महरू प्राय: समान छन्। विशेषगरी मर्कूसको सुसमाचारमा भएका करिब ९०% विषयहरू मत्तीको सुसमाचारमा पनि पाइन्छ। अनि मर्कूसको सुसमाचारमा भएको करिब ५३% विषयहरू लूकाको सुसमाचारमा पाइन्छ। यसबाट यो कुरा थाहा हुन्छ, कि मर्कूसले आफ्नो सुसमाचारको पुस्तक लेख्नको निम्ति मत्ती र लूका दुवैको सुसमाचारको पुस्तकहरूको सहायता लिएका थिए। धेरै ईश्वरशास्त्रीहरूको बिचमा मर्कूसको सुसमाचार र अरू सुसमाचारको पुस्तकहरू लेखिएको समयको विषयमा विवादहरू भएको देखिन्छ। तर हामीलाई त्यो विषयमा विवाद गर्नुपर्ने कुनै आवश्यकता छैन। बरु जब हामी मर्कूसको सुसमाचारमा तलका गुणहरूको बारेमा अध्ययन गर्दछौं तब यो सुसमाचार आफैमा कुशलतापूर्वक खडा भएको देख्न सक्छौँ। जसै यो सुसमाचारमाअघिका दुई सुसमाचारका पुस्तकहरू पनि उद्धृत गरिएका छन्, त्यसले यो पुस्तकअघिल्ला पुस्तकहरूको पुरक हो भन्ने पनि बताउँछ।

### १. जोड दिएको र छुटेका कुराहरू

#### (१) मुख्य बुँदाहरूको सारांश

मर्कूसको सुसमाचारको पहिलो गुण भनेको योचाहिँ मत्ती र लूकाको सुसमाचारको सारांश हो। पवित्र आत्माले मर्कूसलाई पहिले नै लेखिसकिएका मत्ती र लूकाको सुसमाचारको सारांश लेखेर उनका पाठकहरूको आवश्यकता र अवस्थालाई सम्बोधन गर्न अगुवाइ गर्नुभयो। त्यसैकारण यो मर्कूसको सुसमाचार चार सुसमाचारका पुस्तकहरूमा सबैभन्दा छोटो छ।

## (२) ऐतिहासिक तथ्य र जीवनीको बेवास्ता

मर्कूसको सुसमाचारले येशू ख्रीष्टको ऐतिहासिक र क्रमिक विवरणलाई खासै जोड दिएको छैन।

वास्तवमा मर्कूसको सुसमाचारमा येशूको वंशावली, जन्म र बाल्यकाल कुनै पनि कुरा राखिएको छैन। बप्तिस्मा दिने यूहन्नाको सेवकाइको छोटो चर्चापछि मर्कूस सिधै येशूको सार्वजनिक सेवकाइको विषयमा चर्चा गर्दछन्। त्यसैले मर्कूसको सुसमाचार बौद्धिक, शैक्षिक र ऐतिहासिकभन्दा व्यवहारिक सुसमाचार हो।

## (३) येशूको कष्टको हप्तामा विशेष जोड

सतावटको कारण कष्ट भोगिरहेका विश्वासीहरूलाई उत्साह दिनको निम्ति मर्कूसको सुसमाचारले येशूको कष्टको हप्ताको विषयमा धेरै पानाहरूमा उल्लेख गरेको छ। मर्कूसको सुसमाचारको १६ अध्यायहरूमध्ये ६ अध्यायहरू (पुस्तकको करिब ३८%) येशूको अन्तिम हप्ताको बारेमा छ (मर्कूस ११:१-१६:२०)। अरू समदृष्टि सुसमाचारहरूको तुलनामा मर्कूसले यो विषयमा धेरै पाना प्रयोग गरेको पाइन्छ। हामीले पहिले नै हेरिसकेको छौं, कि मर्कूसलेचाहिँ येशूलाई कष्ट भोग्ने दासको रूपमा प्रस्तुत गरेका छन्। त्यसैले मर्कूसले आफ्नो सुसमाचारको मुख्य केन्द्र येशूको अन्तिम हप्तालाई बनाएका छन्।

## (४) सामान्य भाषाशैलीको प्रयोग

मर्कूसको सुसमाचार बुझ्न सकिने भाषाशैली प्रयोग गरेर लेखिएको छ। यो पुस्तक यहूदी अगुवाहरूको लागि लेखिएको थिएन तर गैरयहूदीहरूको लागि अनि विशेषगरी सतावटबाट गइहेका विश्वासीहरूको लागि लेखिएको थियो। तीमध्ये प्राय: विश्वासीहरूको शैक्षिक स्तर राम्रो थिएन। त्यसैकारण मर्कूसले धेरै स्तरीय शब्दहरू प्रयोग नगरेर व्यवहारिक सामान्य शब्दहरू प्रयोग गरेका छन्। मर्कूसको सुसमाचारमा भएका जम्मा १,२७० शब्दहरूमा जम्मा ८० वटा शब्दहरू मात्र अलि उच्चस्तरको शब्दहरू छन्, नत्र बाँकी शब्दहरू त्यो समयमा सामान्य गैरयहूदी मानिसहरूले बुझ्न सकिने शब्दहरू प्रयोग गरिएका छन्।

अर्कोतर्फ हेर्ने हो भने, लूकाको सुसमाचारमा लूकाले २५० वटा शब्दहरू उच्चस्तरीय शब्दहरू प्रयोग गरेका छन् जसको कारण कति अवस्थामा लूकाको सुसमाचार ईश्वरशास्त्रीहरूलाई पनि बुझ्न कठिन हुन्छ। हुन त मर्कूस धेरै शिक्षित व्यक्ति थिए तर पनि उनले कठिन शब्दहरू प्रयोग गरेका छैनन्। जसै मर्कूसले आफ्नो पुस्तक सामान्य गैरयहूदी सतावटमा परेका विश्वासीहरूको निम्ति लेखेका थिए उनले पाठकहरूको बुझ्न सक्ने तहमा लेखेका छन्।

## २. मर्कूसको सुसमाचारमा पाइने / छुटेका विषयहरू

### (१) मर्कूसको सुसमाचारमा मात्र पाइने घटना र दृष्टान्तहरू

मर्कूसको सुसमाचारमा मात्र उल्लेख गरिएका तर अरू सुसमाचारका पुस्तकहरूमा उल्लेख नभएका तिन वटा मुख्य घटनाहरू छन्। तिनीहरूमध्ये एउटा दृष्टान्त मर्कूस ४:२६-२९ मा भएको मौलाउने बिउको दृष्टान्त हो। जहाँ यसरी लेखिएको छ, उहाँले भन्नुभयो, "परमेश्वरको राज्य यस्तो हो– कुनै एक जना मानिसले जमिनमा बिउ छर्छ, र ऊ सुते पनि, जागा रहे पनि रातदिन त्यो बिउचाहिँ टुसाउँछ र बढ्छ, तर त्यो कसरी बढ्छ, सो उसले जान्दैन। जमिन आफैले उमार्छ, पहिले टुसा, त्यसपछि बाला, तब बालामा पुरा दाना लाग्छ। तर जब अन्न पाक्छ, तब तुरुन्तै उसले हँसिया लगाउन थाल्छ, किनभने फसलको बेला आइपुगेको हुन्छ।"

दोस्रो घटनाचाहिँ येशूले गालीलमा निको पार्नुभएको गुंगो र बहिरो मानिसको बारेमा हो। यो कुरा मर्कूस ७:३१-३७ मा यसरी लेखिएको छ, "टुरोसको इलाकाबाट निस्केर उहाँ सीदोन भएर डेकापोलिसका सिमानाका बिचबाट हुँदै गालील-समुद्रमा जानुभयो। त्यहाँ मानिसहरूले एक जना बहिरो र गूँगो मानिसलाई उहाँकहाँ ल्याए, र त्यसमाथि हात राखिदिनोस् भनी उहाँलाई बिन्ती गरे। त्यसलाई भीड़बाट अलग्गै एकान्तमा लगेर येशूले आफ्ना औँला त्यसका कानमा लगाउनुभयो। त्यसपछि थुकेर त्यसको जिब्रो छुनुभयो। अनि स्वर्गतिर हेरेर लामो सास लिई त्यसलाई भन्नुभयो, "इफ्फाता," अर्थात् "खोलिजा।" त्यति नै बेला त्यसका कान खोलिए, र त्यसको जिब्रोको बन्धन फुक्यो, र त्यो स्पष्ट बोल्न लाग्यो। "यो कसैलाई नभन्नू" भनी उहाँले तिनीहरूलाई आज्ञा दिनुभयो। तर जति-जति उहाँले मानिसहरूलाई आज्ञा दिनुहुन्थ्यो, झन् बढ़ी उत्साहसाथ तिनीहरूले यसको घोषणा गर्दथे। मानिसहरू आश्चर्यले अत्यन्तै चकित भए, र भन्न लागे, "उहाँले सबै कुरा असल गर्नुभएको छ। उहाँले बहिरालाई सुन्ने र गूँगालाई बोल्नेसम्म पनि तुल्याउनुहुन्छ।"

तेस्रो र अन्तिम घटनाचाहिँ येशूले बेथसेदामा अन्धो मानिसलाई निको पार्नुभएको विषय हो। जुन कुरा मर्कूस ८:२२-२६ मा यसरी लेखिएको छ, "त्यसपछि उहाँ बेथसेदा आउनुभयो, र मानिसहरूले एउटा अन्धो मानिसलाई उहाँकहाँ ल्याए, र त्यसलाई छोइदिनुहोस् भनी उहाँसँग बिन्ती गरे। उहाँले त्यस अन्धो मानिसको हात समातेर त्यसलाई गाउँबाट बाहिर ल्याउनुभयो, र त्यसका आँखामा थुकेर त्यसमाथि आफ्ना हात राखी त्यसलाई सोध्नुभयो, "के तिमी केही देख्छौ?"अनि माथितिर हेरेर त्यसले भन्यो, "म मानिसहरूलाई रूखहरूजस्तै हिँड़िरहेका देख्छु।"तब उहाँले फेरि त्यसका आँखामा हात राख्नुभयो, र त्यसले एक टक लाएर हेऱ्यो। त्यसले आफ्नो दृष्टि प्राप्त गऱ्यो र सबै थोक छर्लङ्ग देख्न लाग्यो। तब उहाँले त्यसलाई गाउँतिर नपस्ने हुकुम गरी त्यसको घरमा पठाउनुभयो।"

यसरी मर्कूसले प्रभुले गर्नुभएका यी दुई आश्चर्य कर्महरूको बारेमा विस्तृत विवरण दिएका छन्।

## (२) मत्तीको सुसमाचारमा भएका तर मर्कूसको सुसमाचारमा नभएका दृष्टान्तहरू

मत्तीको सुसमाचारमा पाइने २३ वटा दृष्टान्तहरूमध्ये मर्कूसको सुसमाचारमा जम्मा ७ वटा मात्र पाउन सकिन्छ। बाँकि १६ वटा दृष्टान्तहरू मर्कूसको सुसमाचारमा उल्लेख गरिएका छैनन्। मर्कूसको सुसमाचारमा उल्लेख नगरिएका दृष्टान्तहरू तालिका ५-१० मा हेर्न सकिनेछ।

मर्कूसको सुसमाचारलेचाहिँ ख्रीष्टको सिद्धान्त, मुक्तिको सिद्धान्त, प्रायश्चितको सिद्धान्त, मिसनको सिद्धान्त, साथै चेलापन र सहिदहरूको विषयमा संक्षेपमा उल्लेख गरेको छ। मर्कूसले यी विषयहरूमा जोड दिनुको कारणचाहिँ उनले येशूलाई कष्ट भोग्न आउनुभएको दासको रूपमा प्रस्तुत गरेका छन्। मर्कूसचाहिँ येशूको नाँउको खातिर कष्ट र सतावट भोगिरहेका विश्वासीहरूलाई यो कुरा बताउन चाहन्छन्, कि येशू आफैले पनि कष्ट भोग्नुभयो (मर्कूस १४:१२-१५:४१), अनि विश्वासीहरूले पनि उहाँको नमुना पछ्याउनुपर्छ (मर्कूस १६:१५-१८)। उनी यो कुरा जोड दिन चाहन्छन्, कि यदि उनीहरूले त्यो कष्टलाई धैर्य साथ सहेमा स्वर्गमा उनीहरूको निम्ति राखिएको इनाम ठुलो हुनेछ (मर्कूस ८:३५, ९:४१, १०:२९-३१, ३९-४०, ४३-४५, १२:१-१२, १३:९-१३, २४-३१)।

त्यसैले आफ्नो सुसमाचारमा मर्कूस यी विश्वासीहरूलाई स्वर्गको निम्ति आफ्नो जीवित आशा राख्न र साहससँग अहिलेको कष्ट र सतावटलाई सहन उत्साह र प्रोत्साहन दिन चाहन्छन्।

| | मत्तीको सुसमाचारमा भएका दृष्टान्तहरू | बाइबल खण्ड |
|---|---|---|
| १ | बुद्धिमान् र मूर्ख घर निर्माण गर्नेहरू | मत्ती ७:२४-२७ |
| २ | सामाको दृष्टान्त | मत्ती १३:२४-३०, ३६-४३ |
| ३ | खमिर | मत्ती १३:४४ |
| ४ | जमिनमा गाडेको धन | मत्ती १३:४४ |
| ५ | मोती | मत्ती १३:४५-४६ |
| ६ | माछाको जाल | मत्ती १३:४७-५० |
| ७ | घरको मालिक | मत्ती १३:५२ |
| ८ | हराएको भेडा | मत्ती १८:१२-१४ |
| ९ | निर्दयी नोकर | मत्ती १८:२३-३४ |
| १० | दाखबारीका खेतालाहरू | मत्ती २०:१-१६ |
| ११ | दुई छोराहरू | मत्ती २१:२८-३२ |
| १२ | विवाह भोज | मत्ती २२:१-१४ |
| १३ | इमानदार र बुद्धिमान् नोकर | मत्ती २४:४५-५१ |
| १४ | दश कन्याहरू | मात्ती २५:१-१३ |
| १५ | सुनका सिक्काहरू | मत्ती २५:१४-३० |
| १६ | भेडा र बाख्राहरू | मत्ती २५:३१-४६ |

**तालिका ५-१०.** मत्तीको सुसमाचारमा भएका तर मर्कूसमा नभएका सोह्वटा दृष्टान्तहरू

# घ. मर्कूसको पुस्तकको संरचना

मर्कूसको सुसमाचारमा जम्मा १६ वटा अध्यायहरू छन्। यी अध्यायहरूलाई मुख्य ७ खण्डमा विभाजन गर्न सक्छौं। मत्तीको सुसमाचारमा भएको पहिलो खण्ड येशूको जन्म र बाल्यकालचाहिँ मर्कूसको पुस्तकमा छुटेको छ। मर्कूसलेचाहिँ मत्तीको सुसमाचारको दोस्रो खण्ड अर्थात् येशूको सेवकाइको तयारीबाट आफ्नो सुसमाचार सुरु गर्दछन्। मर्कूसको सुसमाचारमा भएका अधिकांश घटना र दृष्टान्तहरू मत्तीको सुसमाचार र लूकाको सुसमाचारमा छन्। तर हामीले पहिले भनेजस्तै मर्कूसको पुस्तकको उद्देश्य र बनावटलाई मध्यनजर गरेर पढ्ने हो भने, यहाँ हरेक घटनालाई प्रस्तुत गर्ने तरिका अलि फरक पाउन सकिन्छ।

| | बाइबलको खण्ड | विवरण |
|---|---|---|
| १ | मर्कूस १:१-१३ | येशूको सेवकाइको तयारी |
| २ | मर्कूस १:१४-७:२३ | येशूको गालील क्षेत्रको सेवकाइ |
| ३ | मर्कूस ७:२४-३० | येशूको सिदोन र टुरोस क्षेत्रको सेवकाइ |
| ४ | मर्कूस ७:३१-९:५० | येशूको गालीलमा फर्केपछिको सेवकाइ |
| ५ | मर्कूस १०:१-५२ | येशूको यहूदिया क्षेत्रको सेवकाइ |
| ६ | मर्कूस ११:१-१५:४७ | कष्टको हप्ता |
| ७ | मर्कूस १६:१-२० | येशूको मृत्यु, पुनरुत्थान र स्वर्गारोहण |

**तालिका ५-११.** मर्कूसको पुस्तकको मुख्य बनावट

# १.  मर्कूसको सुसमाचारमा उल्लिखित सात मुख्य खण्डहरू

मर्कूसको सुसमाचारलाई मुख्य सात खण्डहरूमा विभाजन गर्न सकिन्छ। येशूको सेवकाइको तयारी, येशूको गालील क्षेत्रको सेवकाइ, येशूको सिदोन र टुरोस क्षेत्रको सेवकाइ, येशूको गालीलमा फर्केपछिको सेवकाइ, येशूको यहूदिया क्षेत्रको सेवकाइ, कष्टको हप्ता, र येशूको मृत्यु, पुनरुत्थान र स्वर्गारोहण।

# २. मर्कूसको पुस्तकको विस्तृत संरचना

## (१)    येशूको सेवकाइको तयारी

येशूको जन्मको विवरण मत्ती र लूकाको सुसमाचारमा पहिले नै उल्लेख गरिएको कारण मर्कूसले आफ्नो पुस्तकमा यो छुटाएका छन्। त्यसको सट्टामा मर्कूस एकैपटक येशूको सार्वजनिक सेवकाइको तयारीमा फड्को मार्छन्। यसलाई पनि उनी केही मात्र उल्लेख गर्दछन् जहाँ उनी बप्तिस्मा दिने यूहन्नाको तयारी, येशूको बप्तिस्मा र येशूको परीक्षाको बारेमा उल्लेख गर्दछन्। यसको छोटो व्याख्यपछि उनी तुरुन्तै उनको सुसमाचारको मुख्य विषयमा प्रवेश गर्दछन्।

उनी तुरुन्तै मुख्य विषयमा जान्छन् जहाँ लेखकको त्यो समयमा सतावटमा रहेका विश्वासीहरूलाई दिन चाहेको सान्त्वना र उत्साहको आतुरिको हृदय बुझ्न सकिन्छ।

| येशूको सेवकाइको तयारी (मर्कूस १:१-१३) | |
|---|---|
| १ | **बप्तिस्मा दिने यूहन्नाले बाटो तयार गरेका (१:१-८)** |
| २ | **येशूको बप्तिस्मा (१:९-११)** |
| ३ | **उजाडस्थानमा येशूको परीक्षा (१:१२-१३)** |

**तालिका ५-१२.** सार्वजनिक सेवकाइको लागि येशूको तयारी

## (२) येशूको गालील क्षेत्रको सेवकाइ

येशूको तिन वर्षको सेवकाइको अवधिमा गालीलको क्षेत्र उहाँको सेवकाइको मुख्य केन्द्र थियो। येशूलाई यो कुरा निश्चय थियो, कि उहाँले आफ्नो पहिचान बताउनको निम्ति यो ठाउँमा सिकाउनुभएका शिक्षाहरू र गर्नुभएका कामहरू सतावट र कष्ट भएर जाने विश्वासीहरूको निम्ति सधैंको निम्ति सान्त्वना, आशा, उत्साह, र शक्तिको स्रोत बन्ने थिए। त्यसैले मर्कूसले आफ्नो पुस्तकको १६ वटा अध्यायहरूमध्ये ७ वटा अध्यायहरू येशूको गालील क्षेत्रको सेवकाइमा केन्द्रित गरेका छन्।

| | येशूको गालील क्षेत्रको सेवकाइ (मर्कूस १:१४-७:२३) |
|---|---|
| १ | येशू गालीलमा आउनुभएको (मर्कूस १:१४-२०)<br>● येशूले आफ्नो पहिलो चार जना चेलाहरूलाई बोलाउनु भएको (१:१६-२०) |
| २ | येशूको कफर्नाहुममा चङ्गाइको सेवकाइ (मर्कूस १:२१-२:१२)<br>● अशुद्ध आत्मा निकाल्नु भएको (१:२१-२८)<br>● पत्रुसकी सासूलाई निको पार्नुभएको (१:२९-३१)<br>● गालीलमा धेरैलाई निको पार्नुभएको र अशुद्ध आत्माहरू निकाल्नु भएको (१:३२-३९)<br>● एक जना कुष्टरोगी र पक्षघातीलाई निको पार्नुभएको (१:४०-२:१२) |
| ३ | येशूले मत्ती (लेबी) लाई चेलाको रूपमा बोलाउनुभएको (२:१३-१७) |
| ४ | शबाथमा येशूको सेवकाइ (२:१८-३:६)<br>● उपवास र शबाथको विषयमा विवाद (२:१८-२८)<br>● हात सुकेको मानिसलाई शबाथमा निको पार्नुभएको (३:१-६) |
| ५ | ठुलो भिडले येशूलाई पछ्याएको / येशूले १२ जनालाई नियुक्त गर्नुभएको (३:७-१९)<br>● धेरै बिरामीहरू यहूदिया, यरूशलेम, इदुमिआ, यर्दनपारी र टुरोस र सीदोनका वरिपरिबाट आएर निको भएका (३:७-१२)<br>● येशूले १२ जनालाई नियुक्त गर्नुभएको (३:१३-१९) |

| | |
|---|---|
| ६ | भिडलाई येशूको शिक्षा (३:२०-४:३४)<br>● येशू र बालजिबुल (३:२०-३०)<br>● येशूका आमा र भाइहरू (३:३१-३५)<br>● बिउ छर्नेको दृष्टान्त (४:१-२०)<br>● सामदान माथिको बत्तीको दृष्टान्त (४:२१-२५)<br>● मौलाउने बिउको दृष्टान्त (४:२६-२९)<br>● रायोको दानाको दृष्टान्त (४:३०-३४) |
| ७ | आश्चर्यकर्मको सेवकाइ (४:३५-५:४३)<br>● येशूले आँधीलाई शान्त पार्नुभएको (४:३५-४१)<br>● गेरसेनसको इलाकामा भूत लागेको मानिसलाई निको पार्नुभएको (५:१-२०)<br>● याइरसकी छोरीलाई मृतकबाट जीवित पार्नुभएको (५:२१-२४, ३५-४३)<br>● १२ वर्षदेखि रगत बग्ने स्त्रीलाई निको पार्नुभएको (५:२५-३४) |
| ८ | येशूले आफ्नो गाँउ नासरतमा शिक्षा दिनुभएको (६:१-६)<br>● उहाँलाई आफ्ना मानिसहरूले इन्कार गरेका |
| ९ | येशूले १२ चेलाहरूलाई पठाउनु भएको (६:६-१३) |
| १० | हेरोदले येशूको किर्ती सुनेका (६:१४-२९)<br>● बप्तिस्मा दिने यूहन्नाको मृत्यु (६:१७-२९) |
| ११ | प्रकृतिमाथि येशूको प्रभुत्व (६:३०-५२)<br>● ५ रोटी र २ माछाले ५,००० लाई खुवाउनु भएको (६:३०-४४)<br>● येशू पानीमाथि हिँड्नु भएको (६:४५-५२) |
| १२ | गेनेसरेतमा येशूको सेवकाइ (६:५३-७:२३)<br>● येशूको वस्त्र मात्र छोएर पनि बिरामीहरू निको भएका (६:५३-५६)<br>● अशुद्ध गराउने कुराहरू (७:१-२३) |

**तालिका ५-१३.** गालील क्षेत्रमा येशूको सेवकाइ

## (३) सिदोन र टुरोस क्षेत्रमा येशूको सेवकाइ

येशू यहूदीहरूलाई मात्र बढी मान्यता दिने व्यक्ति हुनुहुन्न थियो अर्थात् उहाँले यहूदी र गैरयहूदीको बिचमा पक्षपात गर्नुहुन्न थियो भन्ने कुरामा मर्कूस जोड दिन चाहन्छन्। अनि सातवटमा भएका गैरयहूदी विश्वासीहरूले यो कुरा बुझेको मर्कूस चाहन्थे। त्यसैकारण मर्कूसको सुसमाचारले येशू टुरोस र सीदोनको इलाकामा व्यक्तिगत भ्रमण गर्नुभएको र सिरिया फोनेकीकी स्त्रीको छोरीलाई निको पार्नुभएको घटना पनि उल्लेख गरेको छ। मर्कूस गैरयहूदीहरूलाई यो कुरा थाहा भएको चाहन्छन्, कि येशूले विशेषगरी बिरामी, पिछडिएका, कमजोर, गरिब र सतावटमा परेकाहरूलाई प्रेम गर्नुहुन्छ।

| | |
|---|---|
| | **येशूको सिदोन र टुरोस क्षेत्रको सेवकाइ (मर्कूस ७:२४-३०)** |
| १ | सिरिया फोनेकीकी स्त्रीको छोरीबाट दुष्टआत्मा निकाल्नु भएको (७:२४-३०)<br>● प्रभु, तर कुकुरहरूले पनि त छोराछोरीहरूले टेबिलमुनि खसालेका टुक्राहरू खान्छन्।" (७:२८) |

**तालिका ५-१४.** येशूको सिदोन र टुरोस क्षेत्रको सेवकाइ

## (४) गालीलमा फर्केपछि येशूको सेवकाइ

येशू फेरि गालीलमा फर्किनु भएपछि गर्नुभएको सेवकाइ अनि उहाँले बहिरा, गुंगा र अन्धालाई निको पार्नुभएको र दुष्टआत्माहरू निकाल्नुभएको कुराहरू मर्कूसले लेख्छन्। यसरी उनी येशूलाई हाम्रो चङ्गाइकर्ताको रूपमा प्रस्तुत गर्दछन्। त्यसैगरी मर्कूस ७ रोटी र केही माछाको घटना, पत्रुसको स्वीकार, येशूको रूप परिवर्तन, अनि येशूको आफ्नो मृत्यु र पुनरुत्थानको विषयको भविष्यवाणीहरूको पनि उल्लेख गर्दछन्। यसरी मर्कूस सतावटबाट जाँदैगरेका गैरयहूदी विश्वासीहरूलाई सान्त्वना दिनको निम्ति येशूको पहिचान बताउँछन्। यसरी सतावट भोगिरहेका विश्वासीहरूलाई स्वर्गमा उनीहरूको स्थान माथि हुनेछ भन्ने कुरामा जोड दिँदै मर्कूसले उत्साह, आशा र सान्त्वना दिन चाहेका छन्।

| | येशूको गालीलमा फर्केपछिको सेवकाइ (मर्कूस ७:३१-९:५०) |
|---|---|
| १ | बहिरो र गुंगो मानिसलाई निको पार्नुभएको (७:३१-३७) |
| २ | ७ रोटी र केही माछाले ४,००० लाई खुवाउनु भएको (८:१-१०)<br>• यस भीड़लाई म टिठ्याउँछु (मर्कूस ८:२) |
| ३ | फरिसीहरूले चिन्ह मागेका (८:११-१३) |
| ४ | फारिसीहरू र हेरोदको खमिर (८:१४-२१) |
| ५ | येशूले बेथसेदामा अन्धो मानिसलाई निको पार्नुभएको (८:२२-२६) |
| ६ | पत्रुसको स्वीकार (८:२७-३०)<br>• तपाईं मसिह हुनुहुन्छ (८:२९) |
| ७ | येशूले पहिलोपटक आफ्नो मृत्यु र पुनरुत्थानको बारेमा भविष्यवाणी गर्नुभएको (८:३१-९:१) |
| ८ | येशूको रूप परिवर्तन भएको (९:२-१३)<br>• 'अनि उहाँका वस्त्र उज्ज्वल र अति सेता भए, यस्तो, कि पृथ्वीमा कसैले पनि धोएर त्यतिको सेतो पार्न सक्दैन' (मर्कूस ९:३)।।<br>• 'पहाड़बाट ओर्लंदैगर्नुहुँदा येशूले मानिसको पुत्र मृतकबाट पुनरुत्थान नहोऊञ्जेल तिनीहरूले जे देखेका थिए त्यो कसैलाई नभन्नू भनी आज्ञा दिनुभयो' (मर्कूस ९:९)। |
| ९ | येशूले भूत लागेको ठिटोलाई निको पार्नुभएको (९:१४-२९)<br>• चेलाहरूले भूत निकाल्न सकेनन्<br>• यस किसिमकोचाहिँ प्रार्थनाले बाहेक अरू कुनै उपायले धपाउन सक्दैन (९:२९) |
| १० | येशूले फेरि आफ्नो मृत्यु र पुनरुत्थानको बारेमा भविष्यवाणी गर्नुभएको (९:३०-३२) |
| ११ | स्वर्गको राज्यमा सबैभन्दा महान्को हुने? (९:३३-५०)<br>• जसले सेवा गर्दछ (९:३५)<br>• जसले सानाहरूलाई स्वागत गर्छ (९:३७)<br>• जसले सानाहरूमध्येकालाई ठेस लगाउने काम गर्दैन (९:३८-५०) |

**तालिका ५-१५.** येशूको गालीलमा फर्केपछिको सेवकाइ

## (५) यहूदिया क्षेत्रमा येशूको सेवकाइ

त्यसपछि येशू अन्तिम निस्तार चाड मनाउन र यरूशलेममा आफ्नो क्रूस बोक्नको लागि गालीलबाट यहूदियातिर जानुभयो। मर्कूस येशूको यहूदियामा भएका काम र शिक्षाहरूलाई विस्तृत रूपमा उल्लेख गर्दछन्। उनी विशेषगरी येशूको खातिर सतावट भोग्नेहरूले ठुलो इनाम पाउनेछन् भन्ने कुरालाई विशेष जोड दिन चाहन्छन्।

| | **येशूको यहूदियाको सेवकाइ (मर्कूस १०:१-५२)** |
|---|---|
| **१** | विवाह र पारपाचुके विषयको विवाद (१०:१-१२) |
| **२** | येशूले साना बालकहरूलाई आशिर्वाद दिनुभएको (१०:१३-१६) |
| **३** | धनी युवक (१०:१७-३१)<br>● आफ्नो नाउँको खातिर सतावट भोग्नेहरूलाई इनामको प्रतिज्ञा (१०:२८-३०) |
| **४** | येशूले आफ्नो मृत्यु र पुनरुत्थानको बारेमा तेस्रोपटक भविष्यवाणी गर्नुभएको (१०:३२-३४) |
| **५** | सेवाको विषयमा शिक्षाहरू (१०:३५-४५)<br>● जो पहिलो बन्न इच्छा गर्छ ऊ सबैको सेवक बन्नुपर्छ (१०:४४) |
| **६** | येशूले यरिहोमा बारतिमै भन्ने अन्धो भिखारीलाई निको पार्नुभएको (१०:४६-५२) |

**तालिका ५-१६.** यहूदिया क्षेत्रमा येशूको सेवकाइ

## (६) येशूको कष्टको हप्ता

मर्कूस सतावटमा परेका विश्वासीहरूलाई यो कुरा जोड दिन चाहन्छन्, कि येशू कष्ट भोग्ने दास हुनुहुन्छ। मर्कूस आफ्नो सुसमाचारको पुस्तकको ६ अध्यायहरू अर्थात् करिब ३८% येशूको कष्टको हप्ताको विषयमा उल्लेख गर्छन् जुन मत्ती र लूकाकोभन्दा पनि धेरै छ।

| येशूको कष्टको हप्ता (मर्कूस ११:१-१५:४७) | |
|---|---|
| १ | **खजुर आइतबार (११:१-११)**<br>• येशूको यरूशलेममा विजयी प्रवेश<br>• येशू यरूशलेम मन्दिरमा जानुभएको (११:११)<br>• सूर्यास्त हुँदा येशू र उहाँका चेलाहरू बिथिनियामा फर्केका (११:११) |
| २ | **सोमबार (११:१२-२९)**<br>• भोलिपल्ट येशू यरूशलेम फर्कनुभयो (११:१२)<br>• येशूले अञ्जीरको रूखलाई श्राप दिनुभएको (११:१३-१४)<br>• येशूले व्यापारीहरूलाई मन्दिरबाट निकाल्नुभएको (११:१५-१८)<br>• बेलूका फेरि बिथिनियामा फर्कनुभएको (११:१९) |
| ३ | **मङ्गलबार (११:२०-२६)**<br>• श्राप पाएको अञ्जीरको रूख सुकेको (११:२०-२१)<br>• 'यसकारण म तिमीहरूलाई भन्दछु, तिमीहरूले प्रार्थनामा जेसुकै माग्छौ सो पाएका छौं भन्ने विश्वास राख, र त्यो तिमीहरूको हुनेछ। '(११:२४) |
| ४ | **दश शिक्षाहरू (११:२७ - १३:३७)**<br>(१) येशूको अधिकारबारे प्रश्न (११:२७-३३)<br>(२) दुष्ट मोहीको दृष्टान्त (१२:१-१२)<br>(३) कैसरको कैसरलाई र परमेश्वरको परमेश्वरलाई दिनु (१२:१३-१७)<br>(४) पुनरुत्थानको विषयको विवाद (१२:१८-२७)<br>(५) सबैभन्दा महान् आज्ञा (१२:२८-३४)<br>(६) येशू ख्रीष्ट र दाऊदको बिचको सम्बन्ध (१२:३५-३७)<br>(७) व्यवस्थाका गूरुहरूदेखि होशियार (१२:३८-४०)<br>(८) गरिब विधवाको भेटी (१२:४१-४४)<br>(९) येशूले यरूशलेम मन्दिरको विनासको भविष्यवाणी गर्नुभएको (१३:१-२)<br>(१०) जैतुन डाँडाको शिक्षा (१३:३-३७)<br>• अन्त्यका दिनका चिन्हहरू<br>• 'जे म तिमीहरूलाई भन्दछु त्यो म सबैलाई भन्दछु, 'जागा रहो' (१३:३७) |

| | |
|---|---|
| ५ | **बुधबार, येशूको मृत्युको तयारी (१४:१-११)**<br>• बिथिनियामा सिमोन कुष्टरोगीको घरमा एकजना स्त्रीले अत्तरले येशूको शिर अभिषेक गरेकी (१४:३-९)<br>• यहूदा इस्करियोत येशूलाई मुख्य पूजाहारीको हातमा सुम्पिन राजी भएको (१४:१०-११) |
| ६ | **बिहीबार, अन्तिम रात्रिभोज (१४:१२-३१)**<br>• चाडको पहिलो दिन अखमिरि रोटीको चाड। चेलाहरूले निस्तारको तयारी गरेका<br>• माथिल्लो तल्ला (१४:१२-१५)<br>• सूर्यास्त हुँदा, निस्तारको सुरुवात<br>• येशूले यहूदा इस्करियोतको धोकाको भविष्यवाणी गर्नुभएको (१४:१८-२१)<br>• रात्रिभोज: प्रभुको शरीर र रगत (१४:२२-२५)<br>• येशूले पत्रुसको ३ पटकको इन्कारबारे भविष्यवाणी गर्नुभएको (१४:२७-३१) |
| ७ | **येशूको गेतसमनीको प्रार्थना (१४:३२-४२)**<br>• "मेरो आत्मा मृत्युसम्मै शोकले व्याकुल भएको छ। (१४:३४)<br>• पिता, ... यो कचौरा मबाट हटाइ दिनुहोस् (१४:३६)<br>• तर मेरो इच्छा होइन तपाइँको इच्छा पुरा होस् (१४:३६) |
| ८ | **येशूको पक्राउ र कष्ट (१४:४३-१५:२०)**<br>• राती १२ बजेतिर येशूको पक्राउ भयो (१४:४३-४९)<br>• सबै चेलाहरू तर्केर भागेका (१४:५०)<br>• एक जना युवक कपडा फालेर नाङ्गै भागेको (१४:५१-५२)<br>• बिहान ३ बजेतिर प्रधान पूजाहारी कैयाफाको आगनमा येशूको अपमान (१४:५३-६५)<br>• पत्रुसले येशूलाई ३ पटक इन्कार गरेका (१४:६६-७२)<br>• बिहानीपख येशूलाई पिलातसको सामु ल्याइयो र कोर्रा लगाइयो (१५:१-१५)<br>• रोमी सिपाहीहरूले येशूको गिल्ला गरेका (१५:१६-२०) |
| ९ | **येशूलाई गलागथामा लगिएको (१५:२१-२३)**<br>• कुरेनीको सिमोन: आलेक्जेन्डर र रुफसका पिता (१५:२१)<br>• गलागथा: खप्परको ठाउँ |
| १० | **येशूको क्रूसमा मृत्यु (१५:२४-४१)**<br>• तेस्रो प्रहर (बिहान ९ बजे) येशूलाई क्रूसमा टाँगियो (१५:२४-२५)<br>• बाटो हिंड्नेहरूले येशूको गिल्ला गरेका (१५:२९-३०)<br>• मुख्य पूजाहारी र व्यवस्थाका गुरुहरूले येशूको गिल्ला गरेका (१५:३१-३२)<br>• छैठौं प्रहर (मध्यदिनमा) सारा भूमिमा अन्धकार छायो (१५:३३)<br>• नवौं प्रहरमा (दिनको ३ बजे) येशूको मृत्यु भयो (१५:३४-३७)<br>• मन्दिरको पर्दा बिचमा च्यातियो (१५:३८) |

| | |
|---|---|
| ११ | **येशूको मृत शरीर नयाँ चिहानमा गाडियो (१५:४२-४७)**<br>• अरिमाथियाका योसेफले साहसपूर्वक पिलातसकहाँ गएर येशूको लाश मागे। (१५:४३)<br>• अरिमाथियाका योसेफ: महासभाको प्रतिष्ठित सदस्यले परमेश्वरका राज्यको बाटो हेर्दैथिए (१५:४३) |

**तालिका ५-१७.** येशूको कष्टको हप्ता

## (७) येशूको पुनरुत्थान र स्वर्गारोहण

येशूको कष्टको हप्ताको सबैभन्दा चरम बिन्दु भनेको येशूको मृत्यु र पुनरुत्थान हो। त्यसैगरी इसाईहरूको निम्ति पनि उनीहरूको कष्टको बिचमा पनि उनीहरूको महान् आशाचाहिँ पुनरुत्थानको आनन्द हो। मर्कूसले इसाईहरूलाई स्वर्गको आशा भित्री हृदयसम्मै दिलाउनको निम्ति उनको सुसमाचारको अन्त्यचाहिँ येशूको स्वर्गारोहणमा लगेर टुंग्याउछन्। मर्कूसले आफ्नो किसिमले येशूबाट पाएको महान् आदेशको बारेमा पनि सिकाएका छन्। मर्कूस आफ्ना पाठकहरूलाई यो कुरा निश्चय गराउन चाहन्छन्, कि यो संसारले उनीहरूलाई जति घृणा गर तापनि र जति कठोर सतावट दिए तापनि र मारे नै भने तापनि उनीहरू डराउनु पर्ने कुनै कारण छैन किनकि उनीहरूको साँचो घर (हिब्रू ११:१४-१६) अर्को संसारमा छ।

| | येशूको पुनरुत्थान र स्वर्गारोहण (मर्कूस १६:१-२०) |
|---|---|
| १ | आइतबार, येशूको पुनरुत्थान भयो (१६:१-८)<br>• ४ जना स्त्रीहरू येशूको चिहानमा गएका (१६:१-४)<br>• एकजना स्वर्गदूतले येशूको पुनरुत्थानको खबर दिए (१६:५-७)<br>• स्त्रीहरू डराए (१६:८) |
| २ | येशू मरियम माग्दलिनीकहाँ देखा पर्नुभएको (१६:९-११)<br>• पहिले येशूले उनीबाट ७ वटा भूतहरू निकाल्नुभएको थियो (१६:९)<br>• उनले चेलाहरूलाई येशू जीवित हुनुभएको खबर दिइन् तर तिनीहरूले उनको कुरा विश्वास गरेनन् (१६:१०-११) |
| ३ | येशू गाउँको बाटोमा दुई जना चेलाहरू कहाँ देखा पर्नुभएको (१६:१२-१३)<br>• बाँकी अरू चेलाहरूले तिनीहरूका कुरामा विश्वास गरेनन् (१६:१३) |
| ४ | येशू ११ जना चेलाहरू कहाँ देखा पर्नुभएको (१६:१४-१८)<br>• उहाँले तिनीहरूलाई उनीहरको अविश्वासको निम्ति हकार्नुभयो (१६:१४)<br>• उहाँले तिनीहरूलाई महान् आदेश दिनुभयो (१६:१५-१८) |
| ५ | येशूको स्वर्गारोहण (१६:१९) |
| ६ | चेलाहरूले महान् आदेश पालन गरेका (१६:२०) |

**तालिका ५-१८.** येशूको पुनरुत्थान र स्वर्गारोहण

# अध्याय छ

# यूहन्नाको सुसमाचार

# क. पृष्ठभूमि र उद्देश्य

यूहन्नाको सुसमाचार अलि अप्ठ्यारो परिस्थितिमा लेखिएको थियो। राजनैतिक रूपमा इसाईहरू रोमी सरकारको कडा सतावटमा थिए। आत्मिकी रूपमा येशूको ईश्वरत्वलाई इन्कार गर्ने झूटा शिक्षाहरू जंगलमा लागेको आगोझैँ डरलाग्दो गरी फैलिरहेको थियो। त्यो समयको आत्मिकी अन्योलता समाधान गर्नु नितान्त जरुरी थियो।

अझ बढी त्यो सुरुका इसाईहरूलाई रोमीहरूलाई सुसमाचार सुनाउन धेरै गाह्रो परेको थियो। रोमीहरू जो युरोपेलीहरू थिए, जो सुरुमा सुसमाचार पाइसकेका मानिसहरूजस्तै; एसिया, कापाडोकिया, पोन्टस, गलातिया, किलिकिया र सिरियाका मानिसहरूभन्दा फरक पृष्ठभूमिका थिए। युरोप र एसियाचाहिँ भौगोलिक, सांस्कृतिक र राजनैतिक हिसाबले एक-अर्कामा फरक थिए। त्यसैगरी धार्मिक हिसाबले पनि रोमीहरू र ग्रीक-रोमी काल्पनिक कथाहरूको मूर्तिपूजामा संलग्न थिए। त्यस्ता मानिसहरूको बिचमा सुसमाचार फैलाउनको निम्ति येशूको ईश्वरत्वको विषयमा एउटा स्पष्ट पुस्तकको आवश्यकता थियो। अर्को अर्थमा भन्नुपर्दा रोमीहरूलाई येशू परमेश्वरका पुत्र हुनुहुन्छ भनी सुव्यवस्थित रूपले सिकाउनको निम्ति एउटा असल ईश्वरशास्त्रीय पुस्तकको आवश्यकता थियो।

यूहन्ना त्यही कामको निम्ति परमेश्वरबाट चुनिएका एक व्यक्ति थिए। परमेश्वरले यूहन्नालाई येशूको ईश्वरत्वको विषयमा व्यवस्थित पुस्तक लेख्नको निम्ति पहिले नै चुन्नुभएर बोलाउनुभएको थियो (रोमी ८:२९-३०)। येशूको सुरुको चेलाहरूमध्ये एक भएका हुनाले यूहन्नालाई येशू र परमेश्वर पिता एक र समान परमेश्वर हुनुहुन्छ भन्ने पूर्ण विश्वास थियो (यूहन्ना १०:३०, २०:३१)।

परमेश्वरको योजना यो थियो, कि यूहन्नाको सुसमाचारको माध्यमबाट इसाईहरू येशू नै परमेश्वर हुनुहुन्छ भन्ने विश्वासमा अझ बलियो हुन सकून् र त्योद्वारा रोमी साम्राज्यमा सुसमाचारको ज्योति अझ चम्किलो गरी चम्काउन सकून्।

यो अध्यायमा हामी यूहन्नाको सुसमाचार लेखिनुको पृष्ठभूमि र यसका लेखक यूहन्ना को थिए त भन्ने बारेमा विस्तृत रूपमा हेर्नेछौँ। अनि यूहन्नाको सुसमाचारले आज हाम्रो लागि कस्तो सन्देश दिन्छ भन्ने बारेमा पनि हेर्नेछौँ।

## १. यूहन्नाको सुसमाचारको पृष्ठभूमि

## (१) झूटा शिक्षाहरूको उदय

पहिलो शताब्दीमा येशूको ईश्वरत्वलाई इन्कार गर्ने झूटा शिक्षाहरू उदय हुन थाले। त्यो झूटो शिक्षा फैलाउने पहिलो समूहचाहिँ बप्तिस्मा दिने यूहन्नाका चेलाहरूले सुरु गरेको धार्मिक समूह थियो। यो समूह येशूको जीवनकालमै सुरु भएको थियो र उनीहरूले यूहन्नालाई आफ्नो धार्मिक संस्थापकको रूपमा पुज्ने गर्दथे। यूहन्नाका चेलाहरूले यो समूह निर्माण गर्न सुरु गरेको बेलामा बप्तिस्मा दिने यूहन्नाले नै आफू परमेश्वर नभएको कुरा बताउँदै उनीहरूलाई त्यसो नगर्न भनेका थिए। यूहन्ना ३:३०-३१ मा उनले आफू र येशूको बिचमा तुलना गर्दै यसो भनेका थिए, कि उहाँ बढ्नु, तर मचाहिँ घट्नु आवश्यक छ। "माथिबाट आउनुहुनेचाहिँ सबैभन्दा उच्च हुनुहुन्छ। पृथ्वीबाट हुने पृथ्वीकै हो, र पृथ्वीकै कुरा बोल्छ। स्वर्गबाट आउनुहुने सबैभन्दा उच्च हुनुहुन्छ।

तर यूहन्नाको यो चेताउनीको बाबजुत पनि धेरै मानिसहरूले उनलाई पछ्याउने र पुज्ने गरे। पछि बप्तिस्मा दिने यूहन्नाको मृत्युपछि पनि उनीहरूले उनलाई पुज्ने एउटा धार्मिक समूह निर्माण गरे। जसै यो समूहको सङ्ख्यात्मक वृद्धि हुँदै गयो र उनीहरूको प्रभाव सबैतिर बढ्न थाल्यो तब इसाईहरूलाई येशूको ईश्वरत्वको बारेमा भएको अन्योलता हटाएर स्पष्ट हुनु आवश्यक थियो।

येशूको स्वर्गारोहणपछि येशूको ईश्वरत्वलाई इन्कार गर्ने धेरै झूटा शिक्षाहरू बढ्नथाले। विशेषगरी पहिलो शताब्दीमा गलातियाको मण्डलीमा प्रवासी यहूदी विश्वासीहरूको बिचमा Ebionism भन्ने झूटो शिक्षा फैलिएको थियो। यो समूहका मानिसहरूले येशूको ईश्वरत्वलाई पूर्ण इन्कार गर्दै धेरै मानिसहरूलाई बरालेका थिए। उनीहरू येशू एक अगमवक्ता र धार्मिक अगुवा मात्र हुनुहुन्थ्यो भनी भन्दथे। उनीहरू भन्थे, कि येशू पवित्र हुनुहुन्थ्यो यद्यपि उहाँ एक मानिस मात्र हुनुहुन्थ्यो। यो शिक्षा गलातियाभरि फैलियो र इसाई विश्वासको निम्ति एउटा चुनौती नै बन्यो।

इसाईहरू यस्तो आत्मिकी आक्रमणमा परिरहेको अवस्था थियो तर पनि येशू ख्रीष्टको ईश्वरत्वको बारेमा लेखिएको एउटा व्यवस्थित पुस्तक भने त्यो समयमा थिएन। हुन त योभन्दाअघि तिन वटा सुसमाचारका पुस्तकहरू लेखिसकिएका थिए (मत्ती, लूका र मर्कूस), तर पनि यी सुसमाचारका पुस्तकहरूले येशूको ईश्वरत्वको बारेमा त्यति जोड नदिएको तर येशूको मानवतालाई नै मात्र बढी जोड दिएका थिए।

मत्तीको सुसमाचारले येशूलाई राजाहरूका राजाको रूपमा प्रस्तुत गरेको थियो। लूकाको सुसमाचारले येशूलाई मानिसको पुत्रको रूपमा प्रस्तुत गरेको थियो। र मर्कूसको सुसमाचारले

येशूलाई कष्ट भोग्ने दासको रूपमा प्रस्तुत गरेको थियो। हुन त यी सुसमाचारका पुस्तकहरूले पनि येशू परमेश्वर हुनुहुन्छ भन्ने कुरा त गवाही दिएका थिए। तर पनि उनीहरूले विशेषगरी येशू मानिस इतिहासमा एक सिद्ध मानिस बनेर आउनुभएको व्यक्ति हुनुहुन्थ्यो भन्ने कुरामा बढी जोड दिएका थिए। त्यसैकारण समदृष्टिका तिन सुसमाचारहरू येशूको ईश्वरत्वलाई सुरक्षा गर्नको निम्ति पर्याप्त थिएनन्।

यो सबै परिस्थितिले यूहन्नालाई यो सुसमाचार लेख्न प्रेरित गऱ्यो। त्यो समयमा येशूको ईश्वरत्वमा केन्द्रित एउटा सुव्यवस्थित र तार्किक पुस्तक आवश्यक थियो जसले येशू नै ख्रीष्ट, परमेश्वरका पुत्र र त्रिएक परमेश्वरको दोस्रो व्यक्तित्व स्वयम् परमेश्वर हुनुहुन्छ (यूहन्ना ५:१८, १०:३०) भन्ने कुरा प्रस्ट पार्नुपर्ने थियो। यूहन्नाको सुसमाचारचाहिँ येशूको मानवतामा केन्द्रित समदृष्टि सुसमाचारको विपरीत येशूको ईश्वरत्वामा केन्द्रित पुस्तक हो। येशूको मानवता र ईश्वरत्व दुवै महत्वपूर्ण विषय छन्– इसाईहरूले येशूको यी दुवै चरित्रलाई सन्तुलित रूपमा बुझ्नु आवश्यक हुन्छ। यूहन्नाको सुसमाचार लेखिनुअघि इसाईहरूले येशूको ईश्वरत्वभन्दा पनि बढी येशूको मानवताको बारेमा बुझेका थिए त्यसैले यो असन्तुलन समाधान हुनुपर्ने थियो। अनि परमेश्वरले यूहन्नालाई त्यो कामको निम्ति चुन्नुभयो।

यूहन्नाले येशूको ईश्वरत्वको बारेमा लेख्नको निम्ति परमेश्वरबाट विशेष अभिषेक पाएका थिए (यशैया ६१:३, मत्ती ४:१६, प्रेरित १०:३८, २ कोरिन्थी १:२१)। यूहन्नाले यो सुसमाचार इ.सं. ६८-७० को बिचतिर लेखेका थिए। यो सुसमाचारको पुस्तक लेखिसकेपछि उनले तुरुन्तै अरू तिन वटा छोटा पत्रहरू लेखे, जुन येशूको ईश्वरत्वमा केन्द्रित छन्। यूहन्नाले लेखेका १, २ र ३ यूहन्नाको पत्रहरू छन् (~इ.सं. ८५)। यी तिन पत्रहरूले पनि येशूको ईश्वरत्वमा धेरै जोड दिएका छन्। अझ भन्नुपर्दा यूहन्नाले आफ्ना पत्रमा साहससँग लेखेका छन्, कि जसले येशूको ईश्वरत्व इन्कार गर्छन् तिनीहरू ख्रीष्ट विरोधीहरू (१ यूहन्ना २:१८, ४:३), झूटो (१ यूहन्ना २:२२), र दियाबलसका सन्तानहरू (१ यूहन्ना ३:१०) हुन्। यसरी यूहन्ना लेख्छन्, कि यस्ता येशूको ईश्वरत्वलाई इन्कार गर्ने झूटो शिक्षाहरूबाट सजग रहनुपर्छ।

## (२) ग्रीक संस्कारको समस्या (Hellenization)

रोमी साम्राज्यमा इसाईहरूले खप्नु परेको अर्को समस्याचाहिँ ग्रीक संस्कार (Hellenization) लाई के गर्ने भन्ने बारेमा थियो। ग्रीक संस्कार (Hellenization) भनेकोचाहिँ परम्परागत ग्रीक विचारधारा हो। यसमा पुरानो ग्रीक संस्कृति, राजनीति, अर्थ, शिक्षा, सोच, दर्शन, कला, र विचार आदि पर्दछन्। यो एउटा यस्तो सोच थियो जसले पुरानो ग्रीक समाजलाई अधिन गरेको थियो। ई.पू. ४००तिरबाट यो ग्रीक संस्कार (Hellenism) को उदय भयो र Socrates (470-399 BC), Plato (427-347 BC), Aristotle (384-322 BC) जस्ता दार्शनिकहरूको समयसम्म वृद्धि भयो। यो Hellenism चाहिँ ग्रीक साम्राज्यको (ई.पू. ३३०-६३) पतनपछि रोमी साम्राज्यमा (ई.पू. ६३- इ.सं. ४७६) पनि फैलियो र अहिलेको प्रख्यात मानववादी (Humanism) विचार पनि यही Hellenism बाट नै आएको हो।

रोमी साम्राज्यले ग्रीक साम्राज्यमाथि विजयी हासिल गरे तापनि, Hellenism लाई पूर्ण रूपमा अँगाल्यो। विशेषगरी रोमी साम्राज्यमा उच्च वर्गका मानिसहरूले Hellenism मा यति जरा गाडेका थिए, कि उनीहरूको बिचमा प्रयोग हुने भाषा पनि आफ्नो ल्याटिन भाषा नभएर ग्रीक भाषा प्रयोग गर्दथे। अनि उनीहरूको कला, दर्शन, बिज्ञान, समाज, राजनीति र अर्थमा पनि ग्रीकशैली प्रबल थियो। अनि ग्रीकहरूजस्तै रोमीहरू पनि नयाँ नयाँ कुराहरू सुन्न रुचाउँथे र चोक र सभाघरहरूमा भेला भएर आफ्नो विचार र तर्कहरू राख्ने र वादविवाद गर्ने कुरामा रमाउँथे।

हामी यस्तो कुरा बाइबलमा पनि पाउन सक्छौँ। प्रेरित १७:१६-३१ मा हेर्दा पावल प्रेरित ग्रीसको एथेन्समा इपिक्युरी र स्तोइकी दार्शनिकहरूसँग पुनरुत्थानको विषयमा बहस गरेको देख्न सकिन्छ। 'प्रेरित १७:२१ मा सबै एथेन्सबासीहरू र त्यहाँ बस्ने विदेशीहरू नौलो-नौलो कुरा भन्न र सुन्नबाहेक आफ्नो समय अरू कुनै कुरामा बिताउँदैनथे, भनी लेखिएको। Hellenism को प्रभावले गर्दा मानिसहरू यसरी विवाद गर्ने र कुराको तर्क बितर्क गर्न रुचाउने भएका हुन्। प्रेरित १७:१६-२१ मा यसरी लेखिएको छ, "पावलले तिनीहरूलाई एथेन्समा पर्खिरहँदा, त्यो सहरलाई मूर्ति नै मूर्तिले भरिएको देखेर तिनको आत्मा तिनीभित्र व्याकुल भयो। यसैकारण तिनले यहूदीहरू र ईश्वरभक्त जनहरूसँग सभाघरमा, र भेटिएका जतिसँगचाहिँ बजारमा दिनहुँ तर्क गर्थे। इपिक्युरी र स्तोइकी दार्शनिकहरूमध्ये पनि कतिले तिनीसँग वाद-विवाद गरे। उनीहरू कतिले भने, "यो बकबके के भन्छ?" अरूहरूले भने, "अरू कुनै विदेशी देवी-देवताहरूको प्रचार गर्नेजस्तो देखिन्छ।" किनकि तिनले येशू र मृतकबाट जीवित हुने कुराको प्रचार गर्थे। तब उनीहरूले तिनलाई अरियोपागसमा लगे र सोधे, "तपाईंले दिनुभएको यो नयाँ शिक्षा के हो, के हामी जान्न सक्छौं? किनकि तपाईं हाम्रो कानमा अनौठा कुराहरू

सुनाउँदैहुनुहुन्छ। यसकारण यी कुराको मतलब के हो सो हामी जान्न चाहन्छौं।" सबै एथेन्सबासीहरू र त्यहाँ बस्ने विदेशीहरू नौलो-नौलो कुरा भन्न वा सुन्नबाहेक आफ्नो समय अरू कुनै कुरामा बिताउँदैनथे।" यो घटना पावलले एथेन्समा भोगेको कुरा थियो तर त्यो समयमा सम्पूर्ण रोमी साम्राज्यभरि नै यस्तो प्रचलन थियो।

सुसमाचार सुन्ने रोमीहरूमा गिल्ला गर्ने मानिसहरू पनि थिए भने अझ बुझ्न खोज्ने मानिसहरू पनि थिए (प्रेरित १७:३१)। तर रोमी साम्राज्यमा भएका तर्कवादीहरू, विवाद गर्नेहरू, शिक्षकहरू, अनि सामान्य नागरिकहरू पनि धेरै शैक्षिक मानिसहरू थिए र उनीहरूको निम्ति इसाई सुसमाचार पूर्ण रूपमा नयाँ थियो। Hellenism को प्रभावले गर्दा रोमीहरूको सोच्ने शैली मानव केन्द्रित थियो। उनीहरू सबै महत्वपूर्ण कुराहरू मानिसको बुझाइमा भर पर्छ भनी मान्थे र उनीहरूको सोच्ने शैली मानव केन्द्रित थियो। तर त्यसको विपरीत इसाई सुसमाचार परमेश्वरमा केन्द्रित थियो। त्यसैले इसाई बोलि-वचन, सोच-विचार र प्रचार रोमीहरूको निम्ति पूर्ण रूपमा नौलो थियो।

त्यस्ता मानिसहरूको बिचमा सुसमाचार प्रचार गर्नको निम्ति सुसमाचारलाई स्थानीयकरण गर्नु एकदमै महत्वपूर्ण र आवश्यक कुरा थियो। रोमीहरूलाई येशू परमेश्वर हुनुहुन्थ्यो तर मानिस जातिलाई बचाउनको निम्ति यो धर्तीमा मानिस बनेर आउनु भयो अनि उहाँ क्रूसमा मर्नुभयो (मानिसहरूलाई मुक्ति दिनको निम्ति), तिन दिनमा पुनरुत्थान हुनुभयो र स्वर्गमा चढिजानु भयो भन्ने कुरा बुझाउनको निम्ति सुसमाचारलाई ग्रीक-रोमी संस्कृतिमा सुहाउने गरी स्थानीयकरण गर्नुपर्ने थियो। यसरी सुसमाचार रोमीहरूले बुझ्ने गरी पुरा प्याकेजमा तयार गर्नु आवश्यक थियो।

परमेश्वरले ती Hellenistic मानिसहरूलाई सुसमाचार प्रचार गर्नको निम्ति यूहन्नालाई चुन्नुभयो। उनीहरूलाई सुसमाचार प्रचार गर्न यहूदी संस्कार प्रयोग गरेर हुने थिएन। त्यसैले परमेश्वरले यूहन्नालाई सुसमाचार उनीहरूको ग्रीक संस्कृतिमा स्थानीयकरण गर्न अनुमति दिनुभयो। त्यसैले यूहन्नाले आफ्नो सुसमाचारमा Hellenistic विचारका मानिसहरूले बुझ्ने भाषाशैली प्रयोग गरेका छन्। उनले यूहन्ना १:१ मा यसरी लेखेर सुरु गरेका छन्, 'आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्वरसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्वर हुनुहुन्थ्यो। '

यहाँ वचन ग्रीक भाषामा लोगोस् (Logos) हो। जुन ग्रीक दर्शनमा मुक्तिसँग जोडिएको शब्द हो। त्यो समयमा रोमीहरूले सजिलै बुझ्नसक्ने लोगोस् शब्द प्रयोग गरेर येशू मुक्तिदाता हुनुहुन्छ भनी येशूको पहिचानलाई प्रस्तुत गर्न खोज्नुले रोमीहरूको बिचमा सुसमाचार पुऱ्याउनसक्ने ठुलो भूमिका खेलेको छ।

## (३) यूहन्नाको सुसमाचार लेखिएको स्थान र समय

यूहन्नाको सुसमाचार लेखिएको समयको विषयमा केही फरक धारणाहरू छन्। दोस्रो शताब्दीका ईश्वरशास्त्री आलेक्जेन्ड्रियाको क्लेमेन्टले (इ.सं. १५०-२१५) यूहन्नाको सुसमाचार इ.सं. ८५ मा लेखेको भन्ने धारणा लिएका थिए। तर सबैतिर स्वीकार गरिएको अर्को धारणाचाहिँ यूहन्नाको सुसमाचार पावलको मृत्युदेखि (इ.सं. ६८) यरूशलेम मन्दिरको विनास (इ.सं. ७०) को बिचमा लेखिएको हुनुपर्छ भन्ने हो। यसको कारण यूहन्ना ५:२ हो, जहाँ यसरी लेखिएको छ, 'यरूशलेममा भेड़ा-ढोकाको नजिक पाँच वटा दलान भएको एउटा जल-कुण्ड छ, जसलाई हिब्रू भाषामा बेथस्दा भनिन्छ। ' यहाँ "एउटा जल कुण्ड छ" भनी वर्तमान कालमा लेखिएको छ। यदि यूहन्नाको सुसमाचार यरूशलेमको विनासपछि लेखिएको हुन्थ्यो भने यरूशलेमसँगै त्यो जल-कुण्ड पनि नष्ट भएको कारण त्यो जल-कुण्ड छ नभएर थियो भनी लेख्ने थिए होलान्। यसैको आधारमा यूहन्नाको सुसमाचार मर्कूसको सुसमाचारपछि इ.सं. ६८ देखि ७० को बिचतिर लेखिएको हुनुपर्छ।

यो सुसमाचार कहाँबाट लेखियो भन्ने विषयमा पनि तिन प्रकारका धारणाहरू छ। यूहन्ना अधिकांश समय एफिससमा बसेका थिए, र उनले यो पुस्तक पनि एफिसबाट नै लेखेका हुन सक्छन्। तर फेरि अरूले भन्छन्, कि यो पुस्तक रोमबाट लेखिएको थियो। अनि फेरि अरूहरूको दाबी छ, कि यो पुस्तक यरूशलेमबाट लेखिएको थियो। अनि पाठकहरूको विषयमाचाहिँ यूहन्नाको सुसमाचार यहूदी र गैरयहूदी दुवैलाई सम्बोधन गरिएको थियो। अनि यो पुस्तक लेखिनुको उद्देश्यचाहिँ सतावटको बिचमा रहेका विश्वासीहरूलाई येशूको ईश्वरत्वको बारेमा सिकाउनु नै थियो।

| | | चार सुसमाचारहरू | सम्भाव्य पाठक / लेखिएको स्थान | येशूको बारेको दृष्टिकोण | |
|---|---|---|---|---|---|
| ई.पू. | ४ | येशूको जन्म | | | |
| इ.सं. | ३० | येशूको मृत्यु, पुनरुत्थान, स्वर्गारोहण | | प्रत्येक सुसमाचारमा येशूको बारेमा उल्लेख | |
| | ४६ | धैरै यहूदीहरू इसाई भए | | | |
| | ५०<br>५२ | मत्तीको सुसमाचार लेखिएको | यहूदी इसाईहरू / यरूशलेम | राजाहरूका राजा | |
| | | धैरै गैरयहूदीहरू इसाई भए | | | |
| | ६०<br>६२ | लूकाको सुसामाचार लेखिएको | गैरयहूदी इसाईहरू / रोम | मानिसको पुत्र | येशूको मानवता |
| | ६५ | इसाईहरूलाई ठुलो सतावट भएको | | | |
| | | मर्कूसको सुसमाचार लेखिएको | सतावटमा परेका इसाईहरू / रोम | कष्ट भोग्ने दास | |
| | ६८ | अहिलेसम्म येशूको ईश्वरत्वको बारेमा लेखिएको पुस्तक थिएन | | | |
| | | यूहन्नाको सुसमाचार लेखिएको | येशू परमेश्वर हुनुहुन्छ भनी बुझ्नुपर्ने इसाईहरू / एफिसस, रोम, वा यरूशलेम | परमेश्वरको पुत्र | येशूको ईश्वरत्व |
| | ७० | यरूशलेम मन्दिर नष्ट गरिएको (बेथस्दाको जलकुण्ड, यूहन्ना ५:२) | | | |

**तालिका ६-१.** चार सुसमाचारहरू लेखिनुको उद्देश्य

अन्य समदृष्टि सुसमाचारहरूमा जसरी यूहन्नाको सुसमाचारले येशूको वंशावली, जन्म र बाल्यकालको बारेमा केही पनि उल्लेख गरेको छैन। अर्को अर्थमा भन्नुपर्दा यूहन्नाको सुसमाचार इतिहासको पुस्तक होइन। अझ अर्को अर्थमा भन्नुपर्दा यूहन्नाको सुसमाचारमा सबै घटना र शिक्षाहरू येशू नै परमेश्वर हुनुहुन्छ भन्ने कुरा सिकाउनको लागि उल्लेख गरिएका छन् जुन कुरा अरू समदृष्टि सुसमाचारहरूमा पाउन सकिन्न। त्यसैकारण येशूको ईश्वरत्वको बारेमा लेखेका धेरै कुराहरू यूहन्नाको सुसमाचारमा मात्र पाउन सकिन्छ।

## २. यूहन्ना को थिए?

### (१) यूहन्नाको पारिवारिक पृष्ठभूमि र व्यक्तित्व

यूहन्ना येशूका सुरुका चेलाहरूमध्येका एक थिए। यूहन्ना कफर्नहुम सहरमा गालीलको तालको नजिक बस्थे। उनका पिता जब्दी मछुवा थिए। हामी यो बुझ्न सक्छौँ, कि जब्दिका काम गर्ने कामदारहरू पनि थिए (मर्कूस १:२०)। येशूले मानिसहरूको जालहारी हुन बोलावट दिनुभन्दाअघि जब्दिका छोराहरू यूहन्ना र याकूब पनि अरू कामदारहरूसँगै बुबाको व्यवसायमा सहायता गर्ने गर्थे।

यूहन्नाको नाम ग्रीकको योहन्नेसबाट आएको हो। योहन्नेसको अर्थ "यहोवा परमेश्वर अनुग्रही हुनुहन्छ" भन्ने हुन्छ। जसै येशू नै नयाँ करारको यहोवा हुनुहुन्छ (यशैया ४४:६, प्रकाश १:८, २२:१३)। योहन्नेसको अर्थ "येशू अनुग्रही हुनुहुन्छ" भन्ने पनि हुन सक्छ। मर्कूसको पुस्तकले यूहन्ना र याकूबलाई बोअनर्गेश भनेको छ (मर्कूस ३:१७)। बोअनर्गेशको अर्थ अरामिक भाषामा "गर्जनका छोराहरू" भन्ने हुन्छ। त्यो नामसँग मिल्ने गरी नै यूहन्ना र याकूब सोझा र साहसी मानिसहरू थिए।

यस्तो व्यक्तित्वको कारणले गर्दा यूहन्ना कहिलेकाहिँ आफ्नो लेखमा निकै साहसी अभिव्यक्ति लेख्ने गर्दछन्। उनले यस्ता शब्दहरू प्रयोग गरेका छन्: ख्रीष्ट विरोधी (१ यूहन्ना २:१८, ४:३), झूटाहरू (१ यूहन्ना २:२२), र दुष्टका सन्तानहरू (१ यूहन्ना ३:१०)। उनले यी नामहरू येशू ख्रीष्टको ईश्वरत्व इन्कार गर्न खोज्ने मानिसहरूको निम्ति प्रयोग गरेका हुन्। यूहन्नाको तर्फबाट यी धेरै साहसी शब्दहरू हुन्।

| यूहन्नाको बारेमा | | |
|---|---|---|
| १ | ग्रीक नाम | योहन्नेस (यहोवा अनुग्रही हुनुहुन्छ) |
| २ | गाउँ | कफर्नहुम |
| ३ | पिता | जब्दी |
| ४ | भाइ | याकूब |
| ५ | येशू संगको सम्बन्ध | पहिलो चेलाहरूमध्येका एक |
| ६ | उपनाम | बोअनर्गेश |
| ७ | चरित्र | साहसी र इमानदार |
| ८ | लेखेका पुस्तकहरू | यूहन्नाको सुसमाचार, १,२,३ यूहन्ना र प्रकाश |
| ९ | सेवकाइको क्षेत्र | एफिसस र वरिपरिका क्षेत्रहरू |
| १० | निर्वासन गरिएको स्थान | पत्मोस |
| ११ | मृत्यु | इ.सं. ९६, एफिसस |

**तालिका ६-२.** यूहन्नाको बारेमा उल्लिखित तथ्यहरू

## (२) येशू र यूहन्नाको सम्बन्ध

यूहन्ना येशूका नजिकका तिन जना चेलाहरूमध्येका एक थिए (अरू दुई जनाचाहिँ पत्रुस र याकूब थिए)। येशूले आफू जहाँ जानुहुँदा पनि यी तिन जनालाई जहिले पनि आफ्नो साथमा लाने गर्नुहुन्थ्यो। यी तिन जना येशूको रूप परिवर्तन हुदाँको समयमा डाँडामा उहाँको साथमा थिए (मत्ती १७:१)। र यी तिन जना चेलाहरू येशू गेतसमनीको बगैंचामा प्रार्थना गर्न जानुहुँदा पनि उहाँको साथमा थिए (मत्ती २६:३७)।

तर फेरि ती तिन जनामध्येमा पनि यूहन्नाचाहिँ येशूका सबैभन्दा प्यारा चेला थिए। त्यसैकारण यूहन्नाले आफ्नो लेखमा नै आफूलाई येशूले सबैभन्दा प्रेम गर्नुहुने चेला भनी सम्बोधन गरेका छन् (यूहन्ना १३:२३, १९:२६, २०:२, २१:७,)। यूहन्ना १३:२३ मा उनले

यसरी लेखेका छन्, 'उहाँका चेलाहरूमध्ये येशूले प्रेम गर्नुहुने चेलाचाहिँ येशूको छातीमा अड़ेस लागिरहेका थिए।'

यूहन्ना १३ अध्यायमाचाहिँ अन्तिम रात्रिभोजको विषयमा लेखिएको छ। यो समयमा येशू बेलूकाको खानाको निम्ति बस्नुभएको छ। अनि उहाँको साथमा उहाँसँगै टाँस्सिएर बसेकाचाहिँ यूहन्ना थिए। पत्रुसलाई पनि येशूले सबैभन्दा प्रेम गर्नुहुने चेला यूहन्ना हुन् भन्ने कुरा थाहा थियो। त्यसैकारण पत्रुसले जहिले पनि येशूलाई केही भन्नु पर्‍यो भने यूहन्नालाई भन्न लगाउने गर्थे (यूहन्ना १३:२४-२६)। यूहन्ना यतिसम्म येशूको नजिक थिए।

यूहन्नाले पनि येशूलाई धेरै प्रेम गर्थे। येशूको पुनरुत्थानको खबर पाएपछि येशूको चिहानमा दौडेर जाने पहिलो चेला यूहन्ना नै थिए (यूहन्ना २०:१-४)। येशू क्रूसमा हुनुहुँदा पनि अरू सबै चेलाहरूले उहाँलाई छोडे तापनि यूहन्ना येशूको साथमै थिए। उनको निम्ति त्यो समय खतरा पनि हुन सक्ने थियो तर पनि येशूको क्रूसको मृत्युको समयमा येशूकी आमा मरियमसँगै यूहन्ना येशूको साथमा नै रहेका थिए। क्रूसबाट येशूले ती दुईलाई हेरेर यूहन्नालाई आफ्नी आमाको पनि रेखदेख गर्न भन्नुभएको थियो (यूहन्ना १९:२६-२७)। दोस्रो र तेस्रो शताब्दीका इतिहासकारहरू; जस्तै: Irenaeus (इ.सं. १३०-२२०, Adversus Haereses III, 1,1) र Eusebius of Caesarea (इ.सं. २६०-३४०, Church History III, 1) अनुसार त्यो समयदेखि येशूकी आमा मरियम यूहन्नाको साथमा रहन थालिन्। पछि यूहन्ना एफिससमा बस्न लागे अनि मरियम पनि उनीसँगै बस्न थालिन्। इ.सं. ९६ मा यूहन्नाको मृत्युपछि उनी पनि त्यही नै मरिन् तर कहिले भन्ने हामीलाई थाहा छैन।

येशू र यूहन्नाको सम्बन्धको विषयमा अर्को एउटा धारणा यो छ, कि यूहन्ना येशूको सानीआमाको छोरा थिए। यूहन्ना १९:२५ मा येशू क्रूसमा मर्दै गर्नुहुदा येशूको साथमा चार जना स्त्रीहरू थिए। पहिलो येशूकी आमा मरियम, दोस्रो येशूकी आमाकी बहिनी (येशूकी सानी आमा), तेस्रो क्लेओपसकी पत्नी मरियम र चौथो मरियम मग्दलिनी। यो धारणाको आधारमा दोस्री स्त्री येशूकी आमा मरियमकी बहिनी यूहन्नाकी आमा थिइन्। मर्कूस १५:४० मा ती स्त्रीको बारेमा केही झलक पाइन्छ। त्यहाँ यसरी लेखिएको छ, 'त्यहाँ टाढ़ैबाट हेरिरहने केही स्त्रीहरू पनि थिए। तिनीहरूमध्ये मरियम मग्दलिनी अनि सानोचाहिँ याकूब र योसेफकी आमा मरियम र सलोमी थिए। ' अनि यी सलोमी याकूब र यूहन्नाकी आमा थिइन्। यी नै सलोमी येशूकी आमा मरियमकी बहिनी थिइन्। त्यसो हो भने येशूकी आमा मरियम र यूहन्ना र याकूबकी आमा सलोमी दिदिबहिनी थिए अनि येशू र यूहन्ना बहिनी बहिनीका छोराहरू अर्थात् नातेदार दाजुभाइ थिए।

| | येशू र यूहन्नाको सम्बन्ध | बाइबल खण्ड |
|---|---|---|
| १ | येशूको मृत्युपछि यूहन्नाले येशूकी आमा मरियमको रेखदेख गरे | यूहन्ना १९:२६-२७ |
| २ | यूहन्ना येशूको प्रिय चेला थिए | यूहन्ना १३:२३, १९:२६, २०:२, २१:७ |
| ३ | यूहन्ना सबै चेलाहरूभन्दा प्यारा येशूका चेला थिए (पत्रुसभन्दा पनि) | यूहन्ना १३::२१-२५ |
| ४ | अन्तिम रात्रिभोजमा येशूको छातीमा टाँसिएर बस्ने चेला यूहन्ना थिए | |
| ५ | येशूले यूहन्नालाई परिवर्तनको डाँडामा लिएर जानुभयो | मत्ती १७:१-२ |
| ६ | येशूले यूहन्नालाई गेतसमनीको बगैचामा प्रार्थना गर्न लिएर जानुभयो | मत्ती २६:३६-३७ |

**तालिका ६-३.** येशू र यूहन्ना बिचको सम्बन्ध

दुईजना नातेदार हुन सक्छन् तर यूहन्नाले येशूलाई कहिल्यै पनि आफ्नो नातेदारको रूपले व्यवहार गरेनन्। यसको कारणचाहिँ यूहन्नाले येशू परमेश्वर हुनुहुन्छ भनी बुझेका थिए (यूहन्ना १:१-१४)। अर्को तर्फबाट हेर्दा येशू र यूहन्ना एकै आमा (मरियम)बाट जन्मेका छोराहरू नभएर दिदीबहिनीका छोराहरू भएकोले नातेदार मात्र थिए। यूहन्नालाई यो कुरा थाहा थियो। उनले येशू परमेश्वरका पुत्र (यूहन्ना ३:१७) मसिह (ख्रीष्ट) (यूहन्ना ४:२५) र पिता परमेश्वरसँग समान (यूहन्ना १०:३०) हुनुहुन्छ भन्ने कुरा पुरा विश्वास गरेका थिए।

सामान्य रूपमा कुनै व्यक्तिले आफ्नो नातेदार परमेश्वर हो भनी दाबी गर्नु सजिलो कुरा होइन। विशेषगरी यहूदीहरूको संस्कारमा पिता परमेश्वर मात्र परमेश्वर हुनुहुन्छ भन्ने बुझाइ र विश्वास थियो। अनि यहूदी समाजमा कसैले सामान्य मानिसलाई परमेश्वर भन्नु ईश्वरनिन्दा हुन्थो (मत्ती २६:६५) अनि त्यस्तो मानिस मृत्युदण्डको योग्य हुनेथियो (प्रस्थान २०:३१, लेबी २४:१६ र मत्ती २६:६६)।

तर पवित्र आत्माको अगुवाइ र प्रकाशमा यूहन्नाले येशू परमेश्वर हुनुहुन्छ भन्ने कुरा बुझे। त्यसैले यूहन्नाले आफ्ना सबै लेखहरूमा येशू परमेश्वर हुनुहुन्छ भनी घोषणा गरेका छन् (यूहन्ना २०:३१)। हुन त यो विश्वास र घोषणाको कारण उनले यहूदीहरू र रोमीहरू दुवैबाट कडा सतावट सहनुपर्‍यो तर पनि उनले मृत्युको पनि डर नमानी साहससँग यो सन्देश घोषणा गरे।

## (३) यूहन्नाको सेवकाइ

यूहन्नाले आफ्नो सुसमाचारको पुस्तक लेखेको र प्रकाशको पुस्तक लेखेको समयको बिचमा उनको सेवकाइको विषयमा त्यति धेरै उल्लेख गरिएको पाउन सकिन्न। यूहन्नाले जम्मा पाँच वटा पुस्तकहरू लेखेका छन्: यूहन्नाको सुसमाचार (इ.सं. ६८-७०), १,२ र ३ यूहन्नाको पत्रहरू (इ.सं. ८५) र प्रकाशको पुस्तक (इ.सं. ९५)।

परम्परागत विश्वासको आधारमा हेर्ने हो भने, यूहन्ना इ.सं. ७० तिर यरूशलेमबाट एफिससमा सरे। उनी इ.सं. ७० मा रोमी कप्तान तीतसको नेतृत्वमा रोमीहरूले इस्राएल देश र यरूशलेमको मन्दिर नष्ट गरेपछि यरूशलेम छोडेर हिँड्ने धेरै यहूदीहरूसँगै निस्केका थिए। इस्राएल देश र यरूशलेम मन्दिर इ.सं. ७० मा नष्ट गरियो जुन कुरा येशूले इ.सं. ३० मा भविष्यवाणी गर्नुभएको थियो (मत्ती २३:३८, २४:२) अनि त्यो भविष्यवाणी त्यसको ४० वर्षपछि पुरा भएको थियो। यूहन्नाले यरूशलेम छोडेर एफिससतिर यात्रा गर्दा येशूकी आमा मरियम पनि उनको साथमा गएकी थिइन्। त्यसको मतलब यो हो, कि येशूको क्रूसको मृत्यु (इ.सं. ३०) देखि इस्राएल देश नष्ट भएको समय (इ.सं. ७०)सम्म यूहन्ना यरूशलेममा नै बसेका थिए अनि इ.सं. ७० देखि निरन्तर उनी एफिससमा नै बसे। यसरी एफिसस यूहन्नाको दोस्रो गाउँ र उनको सेवकाइको केन्द्र बन्न पुग्यो।

त्यो ठाउँबाट उनी एसियाका विभिन्न क्षेत्रहरूमा गएर पावलले स्थापना गरेका ७ वटा मण्डलीहरूमा सेवा गर्ने काम गरे।

पछि इ.सं. ९५ मा रोमीहरूले यूहन्नालाई पक्रे र पत्मोस टापुमा निर्वासनमा पठाए। (पत्मोस एफिसस सहरको ७० किलोमिटर दक्षिणमा पर्ने सानो टापू हो)। उनी पत्मोसमा हुँदा, येशू उनीसँग प्रकट हुनुभएर भविष्यमा हुने घटनाहरूको प्रकाश दिनुभयो (प्रकाश १:९)।




चित्र ६-१. एसिया क्षेत्र र पत्मोस टापु भएको स्थान

यसरी प्रकाशको पुस्तक (बाइबलको अन्तिम पुस्तक) इ.सं. ९५ मा पत्मोस टापुमा लेखिएको थियो। परम्परागत विश्वास यो छ, कि प्रकाशको पुस्तक लेखिसकेपछि यूहन्ना पत्मोसबाट छुटकारा पाएर एफिससमा फर्किए। त्यहाँ उनले येशूकी आमा मरियमको निरन्तर रेखदेख गरे जसलाई येशूले उनलाई जिम्मा दिनुभएको थियो। इ.सं. ९६ मा उनको मृत्यु भयो र त्यसको केही समयपछि मरियमको पनि मृत्यु भयो।

येशूका १२ चेलाहरूमध्ये यूहन्ना सबैभन्दा लामो समय बाँचेका थिए। यूहन्ना धेरै प्रकारले आशिषित व्यक्ति थिए। पहिलो कुरा उनी परमेश्वरको पुर्वज्ञानअनुसार येशूका सबैभन्दा प्रिय चेला हुनको निम्ति चुनिएका व्यक्ति थिए (यूहन्ना २१:२०)। त्यस्तैगरी येशू परमेश्वर हुनुहुन्छ भनी येशूको ईश्वरत्वको बारेमा स्पष्ट लेख लेख्ने कामको निम्ति उनी नै चुनिएका थिए। त्यति मात्र नभएर येशूकी आमा मरियमको रेखदेख गर्ने र अरू सबै चेलाहरूको रेखदेख गर्ने अवसर उनलाई मिलेको थियो। अन्त्यमा उनी येशूले दिनुभएको सेवाको जिम्मेवारी पुरा गरेर येशूको साथमा रहने पुगे।

## ३. यूहन्नाको सुसमाचारको उद्देश्य र महत्व

यूहन्नाले आफ्नो सुसमाचारको लेखनको स्पष्ट उद्देश्य बताएका छन्। 'तर यी लेखिएका छन्, कि तिमीहरूले येशू परमेश्वरका पुत्र, ख्रीष्ट हुनुहुन्छ भनी विश्वास गर, र विश्वासद्वारा उहाँको नाउँमा तिमीहरूलाई जीवन प्राप्त होस्' (यूहन्ना २०:३१)। हामीले यूहन्नाको पुस्तकको जुनसुकै खण्डलाई पाठ गर्दैगर्दा पनि उनले यो पुस्तक लेख्नुको उद्देश्यलाई याद गर्नुपर्ने हुन्छ। यूहन्नाको सुसमाचारको सिङ्गो सन्देशचाहिँ येशू परमेश्वरका पुत्र र ख्रीष्ट हुनुहुन्छ भन्ने हो। जब हामी यूहन्नाको सुसमाचार पढ्छौँ, हामीले जहिले पनि उनको पुस्तकको मुख्य विषयलाईमध्येनजर गरेर बुझ्ने प्रयत्न गर्नुपर्ने हुन्छ।

| | | |
|---|---|---|
| ई.पू. | ४ | येशूको जन्म |
| इ.सं. | २६ | यूहन्ना येशूका चेला बनेका |
| | ३० | येशूको क्रूसको मृत्यु, पुनरुत्थान र स्वर्गारोहण |
| | ६८ | यूहन्नाले यूहन्नाको सुसमाचार लेखेका |
| | ७० | यरूशलेम मन्दिर र इस्राएल देशको विनास |
| | | यूहन्ना एफिससमा सरेका |
| | ८५ | यूहन्नाले १, २ र ३ यूहन्नाको पत्रहरू लेखेका |
| | ९५ | यूहन्ना पत्मोस टापुमा निर्वासन गरिएका (प्रकाश १:९)<br><br>परमेश्वरले यूहन्नालाई तेस्रो स्वर्गमा उठाई लानु भएको र अन्त्यका दिनमा घट्ने घटनाहरूको प्रकाश दिनुभएको (प्रकाश ४-२२)<br><br>यूहन्नाले प्रकाशको पुस्तक लेखेका |
| | ९६ | यूहन्ना एफिससमा फर्केका र उनको मृत्यु |

**तालिका ६-४.** यूहन्नाको विवरण

## (१) यूहन्नाको सुसमाचारको उद्देश्य

यूहन्नाको सुसमाचारको मुख्य सन्देश येशूको ईश्वरत्व नै हो। यूहन्नाको सुसमाचारको पहिलो उद्देश्य उनका पाठकहरूलाई येशू नै ख्रीष्ट हुनुहुन्छ भनी बुझाउनु हो। ख्रीष्टलाई ग्रीक भाषामा Christos र हिब्रूमा Messiah भनिन्छ (यूहन्ना १:४१, ४:२५)। मसिह भनेको अभिषेक गरिएको भन्ने अर्थ हो। यो नाम पुरानो करारमा राजा, अगमवक्ता वा पूजाहारी अभिषेक गर्दा शिरमा जैतुनको तेल खन्याउने प्रक्रियासँग सम्बन्धित छ (प्रस्थान ३०:३०-३३, १ शमूएल २४:१०, १ राजाहरू १९:१५-१६)। त्यसैले येशू अभिषिक्त व्यक्ति हुनुहुन्छ भन्नुको अर्थ येशू पिता परमेश्वरले संसारलाई उद्धार गर्न अभिषेक गर्नुभएको व्यक्ति हुनुहुन्छ भन्ने हो। त्यसैकारण अंग्रेजीमा येशूलाई The Anointed One भनिन्छ जहाँ A र O ठुलो अक्षरमा लेखिन्छ (प्रेरित ४:२६-२७)। त्यसैगरी येशूलाई संसारको मुक्तिदाता भन्दैगर्दा Messiah मा M र Christ मा C प्रयोग गरिएको छ। त्यसैले उहाँ Christ र Messiah हुनुहुन्छ अनि Anointed One हुनुहुन्छ अर्थात् मसिह र ख्रीष्ट अनि एक मात्र अभिषिक्त जन हुनुहुन्छ।

यूहन्नाको दोस्रो उद्देश्यचाहिँ आफ्ना पाठकहरूलाई येशू परमेश्वरका पुत्र हुनुहुन्छ भनी बुझाउनु हो। अंग्रेजीमा The Son of God लेखिएको छ जहाँ सधैं The लेखेर S र G पनि ठुलो अक्षरमा लेखिएको छ। हाम्रो नेपाली भाषामा The पनि हुँदैन अनि ठुलो र सानो अक्षर पनि हुँदैन। तर सुरुको लिपि र अंग्रेजी बाइबलमा यसलाई एक मात्र भनी बुझाउन स्पष्ट चिन्ह प्रयोग गरिएको छ। त्यसैले जब हामी यूहन्नाको सुसमाचार पढ्दछौँ तब यहाँ भन्न खोजेको येशू परमेश्वरका पुत्र हुनुहुन्छ (Jesus is the Son of God) भन्ने वाक्यको खास अर्थ के हो भनी बुझ्ने प्रयत्न गर्नुपर्ने हुन्छ।

| ख्रीष्ट | टिप्पणी | बाइबल खण्ड |
|---|---|---|
| **ग्रीक** | ख्रीष्टोस (Christos) | मत्ती १:१६, १६:१६,<br>यूहन्ना १७:३, २०:३१ |
| **हिब्रू** | मसिह (Masiah) | यूहन्ना १:४१, ४:२५ |
| **अर्थ** | अभिषिक्त (अभिषेक गरिएको) | उत्पत्ति ३०:३०-३३,<br>१ शमूएल २४:१०<br>१ राजाहरू १९:१५-१६ |

**तालिका ६-५.** ख्रीष्ट नामको अर्थ (यूहन्ना १:४१, ४:२५-२६)

परमेश्वरको पुत्र भन्ने अभिव्यक्ति कति मानिसको बुझाइमा येशू पिता परमेश्वरभन्दा सानो हुनुहुन्छ भन्ने गलत अर्थ लाग्न सक्छ। तर जब हामी सुरुको ग्रीक लिपिमा हेर्छौं तब यो पिताभन्दा सानो भन्ने अर्थ हुन्न। बाइबलमा परमेश्वरका पुत्र The Son of God मा Son अर्थात् पुत्र भन्ने शब्दको दुई वटा अर्थहरू हुन्छन्। पहिलोचाहिँ जब पुत्र (Son) लाई ग्रीकमा (Huios) शब्द लेख्दा H क्यापिटल अक्षरमा छ भने त्यसले येशूलाई जनाउँछ (यूहन्ना १:३४)। दोस्रोचाहिँ huios मा h सानो अक्षरमा छ भने त्यसले परमेश्वरका सन्तानहरू अर्थात् विश्वासीहरूलाई सङ्केत गर्दछ (रोमी ८:१५)। यहाँ विश्वासीहरू परमेश्वरका धर्मपुत्र (छोरा छोरीहरू हुन्) भने येशू परमेश्वरको पुत्रचाहिँ पितासँग सम्पूर्ण क्षेत्रमा समान र बराबर हुनुहुन्छ।

त्यसैले यूहन्नाले लेखेको येशू परमेश्वरका पुत्र (The Son of God) लेचाहिँ येशू पूर्ण रूपमा परमेश्वर हुनुहुन्छ भन्ने कुरा बताउँछ। जब येशूले आफूलाई परमेश्वरका एकमात्र पुत्र भनी परिचय दिनुभयो अनि पिता र म एकै हौँ भनेर भन्नुभयो त्योचाहिँ उहाँले आफू परमेश्वर हुँ भन्ने कुरा व्यक्त गर्नुभएको हो।

यूहन्नाले यो कुरा विश्वास गरे, कि हामीले अनन्त जीवन पाउनको निम्ति येशू पिता परमेश्वर समानको परमेश्वर हुनुहुन्छ भनी विश्वास गर्नुपर्छ अर्थात् येशू स्वयम् परमेश्वर हुनुहुन्छ भनी विश्वास गर्नुपर्छ (यूहन्ना १७:५)। यो सम्बन्धी यूहन्नाको सुसमाचारमा अरू दुई वटा महत्वपूर्ण पदहरू छन्। ती पदहरू युहना ३:१६ र यूहन्ना ५:२४ हुन्। यी पदहरूमा यसरी लेखिएका छन्: ' "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना

एकमात्र पुत्र (Huios) दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नास नहोस्, तर त्यसले अनन्त जीवन पाओस्। (यूहन्ना ३:१६)। ' "साँच्चै, म तिमीहरूलाई भन्दछु, जसले मेरो वचन सुन्छ र मलाई पठाउनुहुनेमाथि विश्वास गर्छ, त्यससित अनन्त जीवन छ। त्यो न्यायमा आउँदैन, तर मृत्युदेखि त्यसले जीवनमा प्रवेश गरेको छ। (यूहन्ना ५:२४)। यसरी यूहन्नाको सुसमाचारको मुख्य सन्देश भनेको "येशू ख्रीष्ट र मसिह हुनुहुन्छ अनि उहाँ परमेश्वरका पुत्र हुनुहुन्छ र जसले यो विश्वास गर्छ उसले अनन्त जीवन पाउनेछ", भन्ने हो।

| | येशूको पहिचान | अर्थ | नोट |
|---|---|---|---|
| १ | परमेश्वरको पुत्र (Huios) (यूहन्ना १०:३६ २०:३१) | येशू पूर्णरूपमा परमेश्वर हुनुहुन्छ | इसाईहरू परमेश्वरका सन्तान (huios रोमी ८:१४) हुन्: परमेश्वरका धर्मपुत्रहरू |
| २ | एक (Hen) (यूहन्ना १०:३०) | येशू तह, परिमाण र गुणमा पिता परमेश्वर समान हुनुहुन्छ | इसाईहरू ख्रीष्टमा सबै समान छन् (heis गलाती ३:२८) : तर उनीहरू तह, गुण र सङ्ख्यामा फरक छन् |
| ३ | एकलौटे पुत्र (Monogenes) (यूहन्ना १:१४, ३:१६) | येशू (पुत्र परमेश्वर) र पिता परमेश्वर अचम्मको सम्बन्धमा समान हुनुहुन्छ | Monogenes: यो संसारमा अरू कसैको पनि यस्तो सम्बन्ध छैन तर पिता परमेश्वर र पुत्र परमेश्वरको मात्र यो सम्बन्ध छ जो दुई फरक व्यक्तित्व भएर पनि एकै साथमा समान परमेश्वर हुनुहुन्छ |
| ४ | मानिसको पुत्र (The Son of Man) (यूहन्ना ३:१३, ६:२७, १३:३१) | येशू पूर्ण मानिस हुनुहुन्थ्यो | येशू जो स्वर्गबाट आउनुभयो (यूहन्ना ३:१३), येशूले आफ्नो सबै ईश्वरत्व त्याग्नुभयो (KENO= रित्याउनु) र पूर्ण मानिस बन्नुभयो (फिलिप्पी २:६-८) |

**तालिका ६-६.** यूहन्नाको सुसमाचारमा व्याख्या गरिएको पिता परमेश्वर र पुत्र परमेश्वरको (येशूको) सम्बन्ध

| | मुख्य सन्देश | पदहरू |
|---|---|---|
| १ | येशू ख्रीष्ट हुनुहुन्छ | यूहन्ना ३:१६<br>५:२४, ११:२७<br>१७:३, २०:३१ |
| २ | येशू परमेश्वरका पुत्र हुनुहुन्छ | |
| ३ | जसले यो विश्वास गर्दछ | |
| ४ | उसले अनन्त जीवन पाउनेछ | |

**तालिका ६-७.** यूहन्नाको सुसमाचारको मुख्य सन्देश

## (२) यूहन्नाको सुसमाचारको महत्व

पहिलो शताब्दीमा जस्तै अहिले पनि यूहन्नाको सुसमाचारले येशूको ईश्वरत्वलाई इन्कार गर्ने झूटा शिक्षाहरूबाट बचाउनको निम्ति महत्वपूर्ण भूमिका खेलिरहेका छ। पहिलो शताब्दीमा एबियोनिजम् थियो जसको बारेमा हामीले पहिले नै कुरा गरिसकेका छौँ।पछि दोस्रो र तेस्रो शताब्दीमा आएर येशूको ईश्वरत्वलाई इन्कार गर्ने झूटा शिक्षाहरू झन् झन् बढ्न थाले। तिनीहरूमध्ये पनि आरियुसको सिद्धान्त सबैभन्दा खराब थियो जसलाई Arianism भनिन्छ।

Arianism यसकाप्रतिपादक आरियुस (इ.सं. २७०-३३०)को नामबाट आएको हो, जो Alexandriaको मण्डलीका एक जना अगुवा थिए। आरियुसले येशूको ईश्वरत्वलाई इन्कार गर्दै येशू सामान्य मानिस हुनुहुन्थ्यो र पिता परमेश्वर मात्र परमेश्वर हुनुहुन्छ भनी सिकाउन थाल्यो। यो झूटो शिक्षाको कारण त्यो समयका सम्पूर्ण मण्डलीहरू (Alexandria, रोम, यरूशलेम, एन्टिओखिया र कन्स्टान्टिनोपोल) का विश्वासीहरू ईश्वरशास्त्रीय अन्योलतामा परे। आरियुसको खराब शिक्षा ३०० देखि ५००को बिचमा यति नराम्रोसँग फैलियो, कि मण्डलीहरूले यसकोप्रतिकारको लागि चार वटा विश्वव्यापी परिषदहरू राख्नुपर्‍यो: नाइसियाको परिसद (इ.सं. ३२५), कन्स्टान्टिनोपोल (इ.सं. ३८१), एफिसस (इ.सं. ४३१), र काल्सेदोन (इ.सं. ४५१)। तर पनि यति धेरै परिसदहरू बसेर आधिकारिक रूपमा नै आरियुसको शिक्षालाई झूटा साबित गरेर इन्कार गरिए तापनि यसको जरोलाई पूर्ण रूपमा उखेल्न मण्डली सफल भएन र अहिलेसम्म पनि यसको शिक्षाको प्रभाव विद्यमान छ।

यो आरियुसको शिक्षा आज पनि केही झूटो शिक्षाको समूहहरूमा पाउन सकिन्छ। आज त्यो शिक्षाकोप्रतिनिधित्व गर्ने एउटा झूटा शिक्षा युनिटारियानिजम् हो। यो झूटा शिक्षा अमेरिकाको हाबर्ड विश्वविद्यालयबाट फैलन सुरु गरेको हो। यो शिक्षाले येशूको ईश्वरत्वलाई इन्कार गर्दछ। आज पश्चिमेली मुलुकमा धेरै मण्डलीले यो शिक्षालाई पछयाएका छन्। तिनीहरूको विश्वास पिता परमेश्वर मात्र एक परमेश्वर हुनुहुन्छ भन्ने हो। त्यसैकारण उनीहरू परमेश्वर एकमात्र हुनुहुन्छभन्दा त्रिएक परमेश्वरलाई नमानी पिता परमेश्वरलाई मात्र मान्ने गर्दछन्। आरियुसको शिक्षालाई पछयाउने अहिलेको अर्को झूटा शिक्षाचाहिँ यहोवाको साक्षीहरू हुन्। कोरियामा भएको युनिफिकेसन चर्च पनि यसैको एउटा उत्पादन हो।

यसको समस्या त्यहाँ मात्र सीमित रहेन। आजको बहुधर्मवादीहरूले पनि आरियुसको शिक्षालाई कति हदसम्म मानेको पाइन्छ। बहुधर्मवादी ईश्वरशास्त्रीहरूले ख्रीष्टको बारेमा नयाँ धारणा ल्याएका छन्। उनीहरूको त्यो धारणाअनुसार ख्रीष्ट संसारका सबै धर्महरूमा हुनुहुन्छ। त्यो भनेको बुद्धचाहिँ बौद्ध धर्मको निम्ति ख्रीष्ट हो। त्यसैगरी हिन्दु धर्मको ख्रीष्ट बिष्णु हो। अनि इसाईहरूको ख्रीष्ट येशू हुनुहुन्छ भन्ने उनीहरूको शिक्षा हो। उनीहरूका भनाइअनुसार हरेक धर्मको आफ्नै ख्रीष्ट छ अनि मानिसले जुन धर्म मानेपनि आफ्नै धर्मको ख्रीष्टद्वारा उद्धार र मुक्ति पाउनेछन्।

बहुधर्मवादीहरूले इसाईहरूको येशू ख्रीष्ट नै एकमात्र परमेश्वर र मुक्तिदाता हुनुहुन्छ भन्ने कुरा इन्कार गर्दछन्। बहुधर्मवादमा उनीहरू ख्रीष्ट भनेको साँच्चै ख्रीष्ट नभएर उहाँको आत्मा र चरित्र मात्र हो भन्छन्। अनि यो ख्रीष्टको चरित्र र गुण सबै धर्महरूमा पाइन्छ। अनि उनीहरूको निचोड यो हो, कि वास्तव मा संसारका सबै धर्महरू एकै हुन् र मानिसले जुन धर्म मानेता पनि अन्त्यमा उनीहरू सबैको उद्धार हुनेछ।

येशूले २,००० वर्षअघि पनि यो भन्नुभयो, कि अन्त्यको दिनको एउटा चिन्ह झूटा शिक्षाहरू बढ्नेछन् भन्ने हो (मत्ती २४:३), जस्तो, कि बहुधर्मावाद। येशूले यो कुरा जैतुन डाँडाको शिक्षा (मत्ती २४:२३-२८) मा सिकाउनुभएको थियो, कि इसाईहरू बहुधर्मवादकोपछि लाग्नेछन् र उनीहरूले आफ्नो मुक्ति नै गुमाउनेछन्। यो बहुधर्मवादीहरू पनि यारियुसकै प्रभावले गर्दा येशूको ईश्वरत्वलाई इन्कार गर्दछन्। आजको सबैभन्दा खतरा र हानिकारक इसाई झूटो शिक्षा यो बहुधर्मवाद हो।

आज यो बहुधर्मवाद इसाई जगतमा खमिरजस्तै गरी फैलिरहेको छ (मत्ती १३:३३)। यो विषादि च्याउजस्तै गरी फैलिरहेको छ। आज मानववादी सोच, शिक्षा र मिडियाको कारण अनि अहिलेको आधुनिक संस्कार र परम्परासँगै बहुधर्मवाद फैलिएको छ र संसारभरिका

इसाईहरूले यसको वास्तविक खतरा नबुझी यसलाई सामान्य रूपमा लिएर स्वीकार गरिरहेका छन्। उनीहरू यसलाई सामान्य रूपमा लिन्छन् तर बहुधर्मवादले मानिसको सोच, ज्ञान, भावनालाई नियन्त्रण गर्दै सुसमाचारको महत्वलाई इन्कार गर्न मानिसहरूलाई नियन्त्रण गर्दैछ। यो शिक्षाले परमेश्वरका चुनिएका छोरा छोरीहरूलाई परमेश्वरबाट बहकाउने काम गर्दैछ. इसाईहरूले मत्ती २४:१४ पुरा गर्लान् भन्ने शैतानको सबैभन्दा डर हो। जसै हामी इसाईहरू अन्त्यको दिनको समयमा जिउदैछौँ, शैतान पनि आफ्नो अन्त्य आएकोमा डर मान्दैछ।

त्यसैकारण अहिले हाम्रो समयमा यो यूहन्नाको सुसमाचारको शिक्षा हाम्रो निम्ति आज अझै महत्वपूर्ण छ। यो बहुधर्मवादलाई नष्ट गर्न र येशूमा केन्द्रित साँचो ख्रीष्टको सिद्धान्त सिकाउन हामीले यूहन्नाको सुसमाचार अझ गहिरो, फराकिलो, अग्लो र लामो प्रकारले अध्ययन गर्नु आवश्यक हुन्छ (एफिसी ३:१९)। यसप्रकारले हामी येशूको महान् आज्ञा, महान् आदेश पालन गर्दै परमेश्वरले हामीलाई सृष्टि गर्नुभएको उहाँको उद्देश्य पुरा गर्न बल र उर्जा पाउन सक्नेछौँ।

| समय अवधि | झूटा शिक्षा | उनीहरूको दाबी |
|---|---|---|
| **पहिलो शताब्दी** | एबियोनिजम् (Ebionism) | यहूदी परम्परा र व्यवस्था पालन गर्नु आवश्यक छ। यो शिक्षा गलातीका यहूदी विश्वासीहरूको बिचमा लोकप्रिय थियो। |
| **चौथो शताब्दी** | आरियानिजम् (Arianism) | पिता परमेश्वर मात्र परमेश्वर हुनुहुन्छ भनी मान्ने (संस्थापक: आरियुस: इ.सं. २७०-३३०) |
| **सत्रौं शताब्दीपछि** | युनिटारियानिजम् (Unitarianism) | पिता परमेश्वर मात्र परमेश्वर हुनुहुन्छ भनी मान्ने "परमेश्वर एक व्यक्ति"(यहोवाको साक्षीहरू, युनिफिकेसन चर्च र बहुधर्मवादीहरू, आदि) |

**तालिका ६-८.** येशू प्रभुको ईश्वरत्वलाई इन्कार गर्ने झूटा शिक्षाहरू

# ख. यूहन्नाको सुसमाचारको विशेषताहरू

यूहन्नाको सुसमाचारको उद्देश्य अरू सुसमाचारको पुस्तकहरूभन्दा फरक थियो। यसको उद्देश्य येशूको ईश्वरत्व घोषणा गर्नु थियो। यो सुसमाचारमा अरू सुसमाचारका पुस्तकहरूमा फरक विशेषताहरू छन्। पहिलो कुरा: यूहन्नाको सुसमाचार मात्र एउटा सुसमाचारको पुस्तक हो जसलाई ग्रीकहरूको दृष्टिकोणमा स्थानीयकरण गरिएको छ। दोस्रो कुरा: यूहन्नाले येशूको पहिचान स्पष्ट गरी बुझाउनको निम्ति येशूका कम्तीमा पनि ६० वटा फरक नामहरू उल्लेख गरेका छन्। यूहन्नाको सुसमाचार यसमा भएको सन्देश मात्र नभएर बनावटको हिसाबले पनि पृथक छ। यूहन्नाले अचम्मको लेखन शैली प्रयोग गरेका छन्। उनी हरेक अध्यायमा कुनै घटनाहरूको बारेमा उल्लेख गरेर सुरु गर्छन् अनि त्यो घटनाभित्र लुकेका विशेष अर्थ र सन्देशको बारेमा व्याख्या गर्दछन्। यो लेखनशैली यूहन्नाको सुसमाचारको पृथक पक्ष हो।

## १. ग्रीकहरूको दोहोरो धारणा

राजनैतिक रूपमा रोमी साम्राज्य माथि भए तापनि, संस्कृति, विचार, दर्शन आदिको क्षेत्रमा भने अझै पनि ग्रीकहरूको ठुलो प्रभाव थियो। ग्रीकहरूचाहिँ कारणवाद र दर्शनशास्त्रलाई खुब प्रेम गर्ने मानिसहरू थिए। उनीहरू स्वतन्त्र अभिव्यक्ति प्रेमी थिए। पश्चिमेली कला; जस्तै: राजनीति, कानुन, लेख र दर्शनशास्त्रमा ग्रीक धारणाको गहिरो जरा गाडिएको छ। आज हामीले भोगिरहेका मानववादी धारणा पनि ग्रीक विचारबाट नै सुरु भएको हो।

हामीले यूहन्नाको सुसमाचारलाई राम्रोसँग बुझ्नको लागि हामीले बुझ्नुपर्ने एउटा ग्रीक धारणाचाहिँ दोहोरो दृष्टिकोण (Dualistic Worldview) हो। ग्रीकहरूको दोहोरो दृष्टिकोण भनेको संसारलाई दुई भागमा विभाजन गर्नु हो, माथिको संसार र तलको संसार। माथिको संसार भनेको अभौतिक संसार हो भने तलको संसार भनेको भौतिक संसार हो। यो प्रकारको धारणा प्लेटो (Plato ई.पू. ४२७-३४७) बाट आएको थियो, जो सुकरातको (Socrates, ई.पू. ४७०-३९९) चेला थिए। यो दोहोरो धारणाको दृष्टिकोणअनुसार माथिको संसार मात्र साँचो संसार हो। तलको संसार हामी हाम्रो आँखाले देख्न सक्छौं। योचाहिँ माथिको संसारको छाया र प्रतिरूप मात्र हो त्यसैले योचाहिँ नक्कली संसार हो। प्लेटोको यस्तो दोहोरो धारणाको दृष्टिकोणका ८ वटा विशेष गुणहरू छन्।

माथिको संसारचाहिँ विचारहरूको संसार, ज्योतिको संसार, र वास्तविक (साँचो) संसार हो। यो संसारचाहिँ अनन्तको संसार, अपरिवर्तनीय र अभौतिक संसार हो। यो संसारमा कुनै समय र परिधिको सिमाना छैन। यो असल कुराहरूको संसार हो। अर्कोतर्फ तलको संसारचाहिँ माथिको संसारको छाया मात्र हो। यो संसार अन्धकार र अन्योलताको संसार हो। यो भौतिक संसार हो अनि समयको परिधिको संसार हो। यो संसार परिवर्तनीय छ अनि समय र परिधिको सिमा भएको दुष्ट संसार हो।

हामीले प्लेटोको दोहोरो धारणाको दृष्टिकोणबाट मानिसलाई हेर्ने हो भने मानिसमा भएको शरीरचाहिँ भ्रम र नक्कली मानिस हो जुन अस्थायी छ। साँचो मानिसचाहिँ उसको आत्मा हो जसको साँचो घर माथिको संसार हो। तर यो माथिको संसारको मानिसको आत्मा तलको संसारमा आएको छ र भौतिक शरीरमा बन्दी भएको छ। त्यसैकारण मानिसहरू यो दुष्ट संसारमा समय र परिधिको सीमामा रहेर कष्ट र पीडाको जीवन जिउँछन्।

त्यसैले प्लेटोको दोहोरो धारणाको दृष्टिकोण (पहिलो शताब्दीको ग्रीक दृष्टिकोण) अनुसार उद्धार र मुक्ति भनेको के हो त? त्योचाहिँ यो दुष्ट र नक्कली तलको संसारबाट निस्केर माथिको संसारमा फिर्ता जानु हो। त्यसो भए त्यो काम कसरी र कहिले पुरा हुन सक्छ त? त्यसको निम्ति मानिसले आफ्नो दिमागले यो सारा संसारलाई बुझ्ने ज्ञान प्राप्त गर्नुपर्ने हुन्छ। अनि त्यो ज्ञान कसरी प्राप्त गर्न सकिन्छ त? ग्रीकहरूको विश्वास यो थियो, कि लोगोस (Logos) भन्ने कुरा छ, जसले सारा संसारलाई भरेको र नियन्त्रण गरेको छ। त्यो लोगोस् (Logos) अर्थात् वचनलाई सुनेपछि र त्यसलाई बुझेपछि मात्र मानिस यो तलको संसारको बन्धनलाई तोडेर माथिको संसारमा जान सक्छ। त्योचाहिँ ग्रीकहरूले बुझेको उद्धार र मुक्ति थियो।

यूहन्नाले यो ग्रीक दर्शनको लोगोसको धारणालाई लिएर येशू ख्रीष्टको सुसमाचारमा कलमी लगाउने काम गरे। त्यसैले यूहन्नाले उनको सुसमाचारको सुरुमै अर्थात् यूहन्ना १:१ मा लेख्छन् कि, "आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्वर संग हुनुहुन्थ्यो र वचन परमेश्वर हुनुहुन्थ्यो"। यहाँ प्रयोग गरिएको 'वचन' शब्द ग्रीक भाषामा "लोगोस्" (Logos) हो। ग्रीकहरूले लोगोस् लेख्दा logos लेख्ने गर्थे जसमा सुरुको अक्षर l सानो लेखिन्थ्यो अनि यसमा अगाडि "The" पनि राखिँदैन थियो। तर यूहन्नाले यसलाई The Logos लेखे, अर्थात् The राखेर लोगोसको सुरुको अक्षर L क्यापिटल अक्षरमा लेखे।

| | माथिको संसार | तलको संसार |
|---|---|---|
| १ | विचारहरूको संसार | तलको संसारचाहिँ माथिको संसारको छाया हो र यो नक्कली संसार हो |
| २ | ज्योतिको संसार | अन्धकारको संसार जहाँ सत्य (ज्ञान) बुझ्न असम्भव छ |
| ३ | वास्तविक संसार | भ्रमको संसार |
| ४ | अ-भौतिक संसार | भौतिक संसार |
| ५ | अनन्तको संसार | समयको संसार |
| ६ | अपरिवर्तनीय संसार | परिवर्तन हुने संसार |
| ७ | समय र सिमानाको परिधि नभएको संसार | समय र सिमानाको परिधि भएको संसार |
| ८ | असल संसार | दुष्टको संसार, दुष्ट संसार |

**तालिका ६-९.** माथिको संसार र तलको संसार

ग्रीक दोहोरो धारणाको दृष्टिकोणअनुसार बुद्धि र लोगोसको बुझाइ धेरै गहिरो छ जसको बारेमा हामी अहिले धेरै गहिराइमा जानु आवश्यक छैन। तर हामीले बुझ्नु पर्ने महत्वपूर्ण कुराचाहिँ यो छ, कि यूहन्नाको सुसमाचार र ग्रीक दर्शन शास्त्रको बिचमा केही सम्बन्ध जोडिएको छ।

किनकि यूहन्नाको सुसमाचारको सुरुवात नै 'आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्वरसँग हुनुहुन्थ्यो र वचन परमेश्वर हुनुहुन्थ्यो'बाट सुरु भएको छ। अनि यो पढ्ने बित्तिकै ग्रीकहरूले यसको अर्थ बुझ्न सक्ने थिए। येशूचाहिँ लोगोस (The Logos) हुनुहुन्छ, जो दर्शनको बाटो र उद्धार र मुक्तिको बाटो हुनुहुन्छ भनी उनीहरूले बुझ्नसक्ने थिए।

यूहन्ना १ अध्यायमा यूहन्नाले क्रमिक रूपमा ग्रीक दर्शनको बुझाइको आधारमा येशू ख्रीष्टलाई प्रस्तुत गर्दै जान्छन्।

यूहन्ना १ अध्यायको सारांश यसरी बुझ्न सकिन्छ: लोगोस अनन्तदेखि नै हुनुहुन्थ्यो; त्यही लोगोसले नै सारा संसार र यसमा भएका यावत थोकहरू सृष्टि गर्नुभयो; येशू नै त्यो लोगोस हुनुहुन्छ; र उहाँमा जीवन छ; अनि येशू नै ज्योति हुनुहुन्छ; त्यही साँचो ज्योति यो तलको संसारमा आउनु भयो; तर अन्धकारले येशूको पहिचान बुझ्न सकेन; त्यो लोगोस नै देहाधारी भएर यो तलको संसारमा आउनुभयो; यो तलको संसारलाई पनि वास्तवमा त्यो लोगोसले नै सृष्टि गर्नुभएको थियो। यो तलको संसारमा दुई प्रकारका मानिसहरू छन्; एक प्रकारमा मानिसहरूले लोगोसलाई उहाँको हुनुहुन्छ भनी चिन्नेछन् र अर्को प्रकारका मानिसहरूले उहाँलाई चिन्नेछैनन्। लोगोसलाई चिन्ने र उहाँको आराधना गर्नेहरूले उद्धार र मुक्ति पाउने छन् र माथिको संसारमा लगिनेछन्। योचाहिँ यूहन्नाले १ अध्यायमा दिन खोजेको सन्देश हो।

यूहन्नाको सुसमाचारभरि नै यूहन्नाले ग्रीक दर्शनको दोहोरो धारणाको दृष्टिकोण प्रयोग गर्दै येशू वास्तवमा माथिको संसारको हुनुहुन्छ तर उहाँ तलको संसारमा आउनुभएको छ भन्ने कुरालाई जोड दिन खोजेका छन्। त्यसको विषयमा हामी केही उदाहरणहरू हेर्न सक्छौं: येशू आफैले भन्नु भएको वचन: 'अनि उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू तलका हौ। म माथिको हुँ। तिमीहरू यस संसारका हौ। म यस संसारको होइनँ" (यूहन्ना ८:२३)।

यूहन्ना ११:२७ मा लाजरसकी दिदी मार्थाले येशूलाई यसरी भनिन्, 'तिनले उहाँलाई भनिन्, "हो प्रभु, म विश्वास गर्दछु, तपाईं संसारमा आउनुहुने ख्रीष्ट, परमेश्वरका पुत्र हुनुहुन्छ।" '

यूहन्ना १६:२८ मा येशूले भन्नु भयो, 'म पिताबाट आएँ, अनि संसारमा आएको छु, र फेरि म संसारलाई छोड़ेर पिताकहाँ जाँदैछु।"

यूहन्नाले यो कुरा पनि जोड दिएर लेखेका छन्, कि यो संसार ज्योति र अन्धकार गरी दुई भागमा विभाजन गरिएको छ। येशूले यूहन्ना ८:१२ मा यसरी भन्नु भयो, 'येशूले फेरि तिनीहरूलाई भन्नुभयो, "म संसारको ज्योति हुँ। मलाई पछ्याउने अन्धकारमा हिँड्डुल गर्नेछैन, तर त्यसले जीवनको ज्योति पाउनेछ।" अनि यूहन्ना १२:४६ मा उहाँले भन्नुभयो, 'म संसारमा ज्योति भएर आएको छु, ताकि ममाथि विश्वास गर्ने अन्धकारमा नरहोस्। '

| | विषय | बाइबलको खण्ड |
|---|---|---|
| १ | येशू परमेश्वर, सृष्टिकर्ता हुनुहुन्छ | यूहन्ना १:१-३ |
| २ | येशू पुत्र परमेश्वर हुनुहुन्छ र त्रिएकको एक व्यक्तित्व हुनुहुन्छ | यूहन्ना १:१८ |
| ३ | येशू वचन (लोगोस्) हुनुहुन्छ | यूहन्ना १:१, १४ |
| ४ | येशू वचन हुनुहुन्छ र जीवन हुनुहुन्छ | यूहन्ना १:४ |
| ५ | येशू वचन हुनुहुन्छ र ज्योति हुनुहुन्छ | यूहन्ना १:४-५ |
| ६ | त्यो ज्योतिचाहिँ साँचो ज्योति हो | यूहन्ना १:९ |
| ७ | यो वचन सुरुमा माथिको संसारमा हुनुहुन्थ्यो | यूहन्ना १:२ |
| ८ | त्यो वचन तलको संसारमा ओर्ली आउनुभयो | यूहन्ना १:११ |
| ९ | त्यो वचन देहाधारी हुनुभयो | यूहन्ना १:१४ |
| १० | यो वचन एकलौटे पुत्र परमेश्वर हुनुहुन्छ (Monogenes) | यूहन्ना १:१८ |

**तालिका ६-१०.** यूहन्ना १:१-१८ मा १० वटा शिर्षकहरू

यसरी येशू परमेश्वर हुनुहुन्छ भनी बताउनको निम्ति यूहन्नाले ग्रीक संस्कृतिको पृष्ठभूमिमा मानिसहरूको निम्ति उनीहरूले बुझ्ने तरिकाले सुसमाचारलाई स्थानीयकरण गरे। इसाई मिसनमा स्थानीयकरण गर्नु भनेको सुसमाचारको सन्देश र येशू ख्रीष्टको पहिचानलाई परिवर्तन नगरी, स्थानीय मानिसहरूको संस्कृति र पृष्ठभूमिको आधारमा उनीहरूले बुझ्ने तरिकाले ढाँचा परिवर्तन गरेर प्रस्तुत गर्नु हो। यूहन्नाको सुसमाचारले करिब ४०० वर्षसम्म रहेको ग्रीक साम्राज्यको संस्कृति र दर्शनको प्रभाव रहेका मानिसहरूको बिचमा येशू ख्रीष्टको सुसमाचार प्रभावकारी रूपमा पुऱ्याउन धेरै प्रभावकारी काम गर्न सकेको थियो।

यो सुसमाचार आज पनि हामीले सेवा गरिरहेका जुनसुकै भाषा र संस्कृतिका मानिसहरूको निम्ति पनि स्थानीयकरण गरेर येशू ख्रीष्टको सुसमाचार प्रचार गर्न त्यत्तिकै प्रभावकारी छ। हामीले सुसमाचार प्रचार गर्दा सम्बन्धित मानिसहरूको समूहले बुझ्न सक्ने सबैभन्दा प्रभावकारी शैली प्रयोग गर्नुपर्ने हुन्छ। तर सुसमाचारलाई स्थानीयकरण गर्ने क्रममा सुसमाचारको मूल सन्देशलाई नबिगार्न पवित्र आत्माको अगुवाइमा धेरै नै होसियारी अपनाउनु पर्ने जरुरत पर्दछ।

## २. यूहन्नाको सुसमाचारको अद्वितीय बनावट

यूहन्नाको सुसमाचारको विशेष प्रकारको बनावट छ। प्रत्येक अध्यायको सुरुमा कुनै विशेष घटना वा आश्चर्यकर्म उल्लेख गरिएको छ। अनि त्यो घटनाको पृष्ठभूमिमा येशूको सन्देश आउँछ। यूहन्नाको सुसमाचारको प्राय: सबै अध्यायहरूको बनावट यसै प्रकारका छन्। आउनुहोस् हामी केही उदाहरणहरू हेरौँ।

यूहन्ना अध्याय २ लाई हेर्ने हो भने, येशूले पानीलाई दाखमद्यमा परिणत गर्नुभएको घटनाबाट सुरु हुन्छ (यूहन्ना २:१-११)। यहाँ त्यो दाखमद्यले वास्तवमा येशूको रगतलाई सङ्केत गर्दछ। यो घटनाले येशूको क्रूसमा हुनेवाला मृत्युलाई सङ्केत गर्दछ। यो सन्देशलाई अझ विस्तृत रूपमा सिकाउनको निम्ति त्यो घटनापछि येशू निस्तार चाडको समयमा यरूशलेम मन्दिरमा जानुहुन्छ (यूहन्ना २:१३)। येशूले यहूदीहरूलाई निस्तारको बलिको निम्ति जनावरहरू बेचिरहेका देख्नुभएपछि उनीहरूको टेबिल पल्टाई दिनुहुन्छ। अनि येशूले घोषणा गर्नुहुन्छ, कि कसैले त्यो मन्दिर नष्ट गर्‍यो भने उहाँले त्यसलाई तिन दिनमा फेरि खडा गर्नुहुनेछ (यूहन्ना २:११४-२०)। त्यो समयमा येशूका चेलाहरू लगायत कसैले पनि त्यो कुराको अर्थ के हो भनी बुझ्न सकेन। तर त्यसको तिन वर्षपछि जब येशू मृत्युपछि पुनरुत्थान हुनुभयो। तब चेलाहरूले त्यो कुरा त येशूले उहाँको क्रूसको कष्टपूर्ण मृत्यु र ३ दिन पछिको पुनरुत्थानको विषयमा भन्नुभएको रहेछ भनी बुझे (यूहन्ना २:२१-२२)। यसरी यूहन्ना २ अध्यायमा सुरुमा येशूले पानीलाई दाखमद्यमा परिणत गर्नुभएको घटनाबाट सुरु गरियो र त्यसपछि येशू यरूशलेमको मन्दिरमा जानुभएको कुरा उल्लेख गरियो। अनि त्यसपछि यी सबै कुराहरू येशूको क्रूसमा हुनेवाला मृत्युसँग कसरी जोडिएको छ भनी स्पष्ट परियो।

यूहन्ना ३ अध्याय येशू प्रभु र निकोदेमसको वार्तालापबाट सुरु हुन्छ। जहाँ निकोदेमसले येशूलाई नयाँ गरी जन्मनु भनेको के हो भन्ने प्रश्न गर्दछन्। अनि येशूले उनलाई जवाफ दिनुहुन्छ, कि यदि कोही मानिस पानी र आत्माबाट नयाँ गरी जन्मिएन भने कुनै पनि हालतमा स्वर्गको राज्यमा प्रवेश गर्न पाउने छैन (यूहन्ना ३:१-८)। त्यसको लगत्तैपछि येशूले आफू मानिसको पुत्र, परमेश्वरको पुत्र र ज्योति भएको कुरा बताउनु हुन्छ (यूहन्ना ३:९-२१)। अनि बाइबलको प्रसिद्ध पद, यूहन्ना ३:१६ आउँछ, "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नास नहोस्, तर त्यसले अनन्त जीवन पाओस्।" त्यसैले मानिसले नयाँ जन्म पाउनको निम्ति येशूमाथि विश्वास गर्नुपर्छ।

यूहन्ना ४ अध्याय येशूले सामरी स्त्रीसँग पानी माग्नुभएको दृश्यबाट सुरु हुन्छ (यूहन्ना ४:३-८)। त्यसपछि येशूले आफू जिउँदो पानी, मसिह र ख्रीष्ट भएको कुरा बताउनुहुन्छ (युहना ४:१०-२६)। जब सामरी स्त्रीले जीवन परिवर्तन गर्ने सन्देश बुझ्छिन् तब उनी तुरुन्तै आफ्ना सामरी मानिसहरूको निम्ति प्रचारक बन्न पुग्छिन् (यूहन्ना ४:२८-३०, ३९)। त्यो समयमा येशूले आफ्ना चेलाहरूलाई आफ्नो समारीहरूलाई उद्धार गर्ने योजनाको बारेमा बताउनुहुन्छ (यूहन्ना ४:३१-३८)।

यूहन्ना ५ अध्याय ३८ वर्षदेखि पक्षघाती भएर बेथस्दाको तलाउ छेउमा बसेको एउटा पक्षघाती व्यक्तिलाई येशूले चङ्गाइ गर्नुभएको घटनाबाट सुरु हुन्छ (यूहन्ना ५:२-९)। आफूले चङ्गाइ पाएपछि त्यो मानिसले यहूदी अगुवाहरूलाई आफूलाई येशूले निको पार्नुभएको कुरा बताउँछ। जब यहूदी अगुवाहरूले येशूले शबाथमा निको पार्नुभएको विषयमा उहाँको विरोध गर्दछन् तब उहाँले आफू परमेश्वरको पुत्र भएको र आफ्नो पिताले जे गर्न चाहनुभएको छ त्यही मात्र आफूले गरेको कुरा बताउनु हुन्छ। अनि उहाँले यूहन्ना ५:२४ मा यसो पनि भन्नु भयो, "साँच्चै, म तिमीहरूलाई भन्दछु, जसले मेरो वचन सुन्छ र मलाई पठाउनुहुनेमाथि विश्वास गर्छ, त्यससित अनन्त जीवन छ। त्यो न्यायमा आउँदैन, तर मृत्युदेखि त्यसले जीवनमा प्रवेश गरेको छ।" यहाँ "त्योसँग अनन्त जीवन छ" भन्ने वाक्यलाई याद गर्नुहोस्। यहाँ येशूले भविष्यत कालमा भन्नु भएको छैन तर वर्तमानकालमा भन्नुभएको छ। त्यसपछिको अध्यायमा उहाँ निरन्तर उद्धार र मुक्तिको विषयमा आफ्नो शिक्षा दिनुहुन्छ।

यूहन्ना ६ अध्याय येशूले ५ रोटी र २ माछाले ५,००० पुरुषहरूलाई खुवाउनु भएको घटनाबाट सुरु हुन्छ (६:१-१५)।पछि ६ अध्यायको तलतिर येशू आफै जीवनको रोटी भएको कुरा बताउनुहुन्छ। येशू आफैलाई स्वर्गबाट ओर्लीआएको रोटी भनी चिनाउनुहुन्छ। अनि निरन्तर 'परमेश्वरको रोटी, जीवनको रोटी, र स्वर्गबाट ओर्लीआएको जीवित रोटी म हुँ' भन्नुहुन्छ। उहाँ आफ्नो रगत साँचो पिउने कुरा हो भन्नुहुन्छ। अनि उहाँ भन्नुहुन्छ, कि हामीले यो साँचो रोटी र साँचो पिउने कुरा खाएनौँ र पिएनौँ भने हामीमा अनन्त जीवन हुनसक्दैन (यूहन्ना ६:२६-५८)।

यूहन्ना ७ अध्याय येशू छाप्रोबासको चाड मनाउन यरूशलेम जानुभएको घटनाबाट सुरु हुन्छ (लेवीहरू २३:३३-३६)। जब भिडको बिचमा मानिसहरू उहाँलाई पक्रेर मार्न चाहन्थे, उहाँले आफू ख्रीष्ट हुँ भनी बताउनुभयो (यूहन्ना ७:१०-३६)। उहाँले अझै भन्नुभयो, कि जसले उहाँमाथि विश्वास गर्छ त्यसको अन्तस्करणबाट जिउँदो पानीको खोला बगी निस्कनेछ। यसरी येशू यो कुरा सिकाउँदै हुनुहुन्थ्यो, कि जब उहाँको क्रूसको मृत्यु हुन्छ र उहाँले पुनरुत्थानको महिमा प्राप्त गर्नुहुनेछ, तब उहाँलाई प्रभु र मुक्तिदाता भनी विश्वास गर्नेहरूको पवित्र आत्मामा बप्तिस्मा हुनेछ (यूहन्ना ७:३७-३९)।

यूहन्ना ८ अध्याय यहूदीहरूले व्यभिचारमा पक्राउ परेकी एक जना स्त्रीलाई येशूको सामु ल्याएको घटनाबाट सुरु हुन्छ (यूहन्ना ८:३-४)। उनीहरूले त्यो स्त्रीलाई येशूको सामु ल्याउनुको कारणचाहिँ येशूले त्यो स्त्रीलाई मोशाको व्यवस्थाअनुसार ढुङ्गाले हान्नुहुन्छ, कि हान्नुहुन्न भनी जाँच्नलाई थियो (लेवीहरू २०:१०, व्यवस्था २२:२२-२४)। यो कुरा थाहा पाएर येशूले त्यो स्त्रीलाई दण्ड दिनुको सट्टामा तिनीप्रति अनुग्रह र क्षमा देखाउनुभयो (यूहन्ना ८:५-११)।

पुरानो करारको व्यवस्थाको उद्देश्य भनेको हामीलाई येशूसम्म डोऱ्याउनु हो (गलाती ३:२४)। व्यवस्थाले हामीलाई परमेश्वरले निर्धारण गर्नुभएको तहको कुरा सिकाउँछ; अनि पुरानो करारमा इस्राएलीहरूले परमेश्वरको त्यो तहअनुसारको जीवन जिउन प्रयत्न गरे तर उनीहरू घरीघरी असफल भए। पुरानो करारको व्यवस्थाबाट हामी यो कुरा स्वीकार गर्न पुग्छौं, कि हामी पूर्णरूपले भ्रष्ट भएका मानिसहरू हौँ र आफैले आफूलाई उद्धार गर्नसक्ने कुनै आशा छैन; र हामीले येशूको रगतद्वारा मात्र उद्धार पाउन सक्छौँ। हाम्रो उद्धार र मुक्ति येशूको अनुग्रहबाट मात्र प्राप्त हुनसक्छ (रोमी ३:२८, एफिसी २:७-८)। हामीले पुरानो करारको व्यवस्था पालन गरेर धर्मी ठहरिएका र उद्धार पाएका होइनौँ (रोमी ३:२०) तर येशू जो सत्य हुनुहुन्छ, उहाँले नै हामीलाई पापको बन्धनबाट छुटकारा दिनुभएको छ (यूहन्ना ८:३२)।

| अध्याय | घटना वा आश्चर्यकर्म | त्यसको शिक्षा |
|---|---|---|
| **यूहन्ना १** | वचन देहधारी बन्नुभयो | येशू संसारको पाप उठाई लैजाने परमेश्वरका थुमा (२९ पद) |
| **यूहन्ना २** | येशूले पानीलाई दाखमद्यमा परिणत गर्नुभएको / येशूले मन्दिर सफा गर्नुभएको | येशू क्रूसमा मर्नुहुनेछ र ३ दिनमा मृत्युबाट पुनरुत्थान हुनुहुनेछ (१९-२१ पद) |
| **यूहन्ना ३** | येशू र निकोदेमसको वार्तालाप | परमेश्वरले संसारलाई बचाउन आफ्नो एकलौटे पुत्रलाई पठाउनुभयो (१६, ३१ पद) |
| **यूहन्ना ४** | सामरी स्त्री र जिउँदो पानी | अन्यजातिहरूको कटनी (३५-३६ पद) |
| **यूहन्ना ५** | येशूले बेथस्दाको तलाउ छेउमा ३८ वर्षदेखिको पक्षघाती निको पार्नुभएको | जसले विश्वास गर्छ त्योसँग अनन्त जीवन छ र त्यसले मृत्युदेखि जीवनमा पार गरेको छ (२४ पद) |
| **यूहन्ना ६** | ५ रोटी र २ माछा | साँचो खाना, परमेश्वरका पुत्रको शरीर र रगत (५३-५७ पद) |
| **यूहन्ना ७** | छाप्रोबासको चाडमा येशू यरूशलेम जानुभएको | जसले उहाँमाथि विश्वास गर्दछ त्यसले पवित्र आत्मा पाउनेछ (३७-३९ पद) |
| **यूहन्ना ८** | व्यभिचारमा पक्राउ परेकी स्त्री | सत्यले स्वतन्त्रता दिन्छ (३२ पद) |
| **यूहन्ना ९** | येशूले जन्मदेखिको अन्धोलाई निको पार्नुभएको | फरिसीहरू आत्मिकी अन्धाहरू (३९-४१ पद) |
| **यूहन्ना १०** | असल गोठालो र उसका भेडाहरू | गोठालोले आफ्ना भेडाहरूको निम्ति आफ्नो जीवन अर्पण गर्नेछ (१७ पद) |
| **यूहन्ना ११** | येशूले लाजरसलाई जीवित पार्नुभएको | येशू नै पुनरुत्थान र जीवन हुनुहुन्छ (२५-२६ पद) |
| **यूहन्ना १२** | येशूलाई बहुमूल्य अत्तर खन्याईएको | येशूको मृत्यु र दफनको निम्ति तयारी (७-८ पद) |
| **यूहन्ना १३-१७** | अन्तिम रात्रिभोज | येशूले पिता, पुत्र र पवित्र आत्माको बारेमा शिक्षा दिनुभएको |
| **यूहन्ना १८** | येशूलाई धोका र पक्राउ | येशूले पिताले दिनुभएको कचौरा पिउनुभएको (११ पद) |
| **यूहन्ना १९** | येशूको कष्ट र क्रूसको मृत्यु | अब सिद्धियो (३० पद) |
| **यूहन्ना २०** | येशूको पुनरुत्थान | येशूले महान् आदेश दिनुभएको (२१ पद) |
| **यूहन्ना २१** | चेलाहरूले १५३ माछाहरू पक्रेका | मेरा पाठाहरूलाई खुवाऊ, मेरा भेडाहरूको हेरचाह गर (१५-१७ पद) |

**तालिका ६-११.** यूहन्नाको सुसमाचारको अचम्मको बनावट

हामीले माथि हेरेकोजस्तै यूहन्नाका पुस्तकमा भएका बाँकी अध्यायहरू पनि बनेका छन्। सबै अध्यायहरू सुरुमा कुनै घटनाबाट सुरु भएका छन् र त्यसपछि त्यसको आत्मिकी अर्थ अथवा त्यसबाट प्रभुले सिकाउन खोज्नु भएको कुराहरू व्याख्या गरिएका छन्। हामीले याद गर्नैपर्ने महत्वपूर्ण कुरा यो छ, कि यूहन्नाको सुसमाचारको मुख्य उद्देश्य भनेको उनका पाठकहरूलाई येशू परमेश्वरका पुत्र र ख्रीष्ट हुनुहुन्छ भनी बुझाउनु हो (यूहन्ना २०:३१)। त्यसैकारण हरेक अध्यायको प्रत्येक घटनापछि येशूको ईश्वरत्वलाई पुष्टि गर्ने शिक्षाहरू व्याख्या गरिएका छन्। हामीले यूहन्नाको सुसमाचारको यस्तो प्रकारको अचम्मको बनावट र यसको मुख्य उद्देश्य बुझ्न सकेनौं भने यूहन्नाको सुसमाचारको केही अंश मात्र लिएर येशूले भन्न खोज्नुभएकोभन्दा फरक र आफ्नै तरिकाले त्यसको गलत अर्थ लगाउन सक्ने खतरा हुन्छ।

## ३. येशूका धेरै नामहरू

यूहन्नाको सुसमाचारले येशूलाई धेरै नामहरूमा व्यक्त गर्दछ। यूहन्नाको सुसमाचारमा येशूलाई चिनाउन कम्तीमा पनि ६० वटा फरक नामहरू प्रयोग गरिएका छन्।

यूहन्नाले किन येशूका त्यति धेरै फरक नामहरू उल्लेख गरेका होलान् त? योचाहिँ यूहन्नाको सुसमाचारको मुख्य उद्देश्यसँग सम्बन्धित छ (यूहन्ना २०:३१)। त्योचाहिँ यो सुसमाचारका पाठकहरूलाई येशूको हुनुहुन्छ भनी बुझ्न सहायता गर्न र उनीहरूले येशूमाथि विश्वास गरेर अनन्त जीवन पाउन सकून् भनेर नै हो।

यूहन्नाले येशूका धेरै फरक नामहरू उल्लेख गर्नुको पहिलो उद्देश्य येशूको पहिचान जति सकेको धेरै प्रकारले व्याख्या गरेर उनका पाठकहरूले येशूलाई स्पष्टसँग बुझ्न र चिन्न सकून् भनेर हो।

दोस्रो उद्देश्य उनका पाठकहरूले आफ्नो बुझ्न सक्ने स्तरअनुसार नै हर प्रकारले येशूलाई स्पष्ट बुझ्न सकून् भनेर हो। उनका पाठकहरूले दैनिक रूपमा यूहन्नाको सुसमाचार पढ्दैगर्दा उनीहरूको दैनिक जीवनमा सजिलै बुझ्न र सम्झन सक्ने शब्दहरूको प्रयोगद्वारा येशूलाई चिनाउनु र सम्झना गराउनु यूहन्नाको उद्देश्य थियो।

यूहन्नाले येशूलाई चिनाउन प्रयोग गरेका कति नामहरू सुन्दा त्यति आकर्षक, पवित्र र परमेश्वरजस्तो देखिने पनि छैनन्। येशू जो सबै कुराको सृष्टिकर्ता परमेश्वर हुनुहुन्छ उहाँले यूहन्नाद्वारा आफ्नो अनुग्रह प्रकट गर्नुभएर आफ्नो पवित्र र महान् नामलाई हामीले बुझ्नसक्ने सामान्य नाम बनाउनु भएर आफैलाई होच्याउनु भएको छ। अनि हामी इसाईहरूलाई येशूको नाम विभिन्न फरक प्रकारले पुकार्न पाउने आशिष् मिलेको छ।

अन्त्यमा येशूका धेरै फरक नामहरूचाहिँ परमेश्वरले हामीप्रति प्रकट गर्नुभएको आफ्नो प्रेमको चिन्ह पनि हो।

हामी मानिसहरू सृष्टिकर्ता परमेश्वरको सामु नीच र सामान्य धुलोको कणहरू मात्र भए तापनि, परमेश्वरले हाम्रो समझशक्तिले बुझ्नसक्ने गरी येशूको पहिचान हामीलाई बुझाउनको निम्ति उहाँको पवित्र नामलाई हाम्रो दैनिक जीवनका सामान्य कुराहरूको नाममा होच्याउन दिनुभयो। अर्को अर्थमा भन्नुपर्दा परमेश्वरले आफ्नो पवित्र र महान् नाउँलाई हाम्रो तहसम्म होच्याएर हामी, उहाँको सृष्टिसँग आफूलाई जोड्न चाहनुभयो।

यसैगरी हामीले पनि अरूलाई येशूको सुसमाचार प्रचार गर्दा, येशूको चरित्र पछ्याउँदै आफैलाई होच्याउन सिक्नुपर्छ। जसरी येशूले आफू परमेश्वर भएर पनि परमेश्वरको स्वर्ग छोडेर हामी मानिसहरूसँग सम्बन्ध राख्न आफैलाई एउटा सामान्य मानिसको रूपमा होच्याएर यो धर्तीमा आउनुभयो, त्यसैगरी हामीले पनि सुसमाचार प्रचार गर्दा हामीभन्दा साना र कमजोरहरूको सामु आफैलाई नम्र बनाएर झुक्न सिक्नुपर्छ। हामीले उनीहरूलाई येशूको सुसमाचार प्रचार गर्नको निम्ति उनीहरूले बुझ्नसक्ने तहमा आफैलाई होच्याउनु पर्ने हुन्छ।

विशेषगरी यदि हामीले मिसनरीको सेवा गर्ने हो भने, हामी जुन जातिका मानिसहरूको बिचमा सेवा गर्न जाँदैछौं, उनीहरूकै संस्कृति र रहनसहनमा मिल्ने गरी आफूलाई होच्याउनुपर्छ। हामी पनि उनीहरूको समाजको एक भाग भएर उनीहरूले बुझ्न सक्ने प्रकारले उनीहरूलाई येशूको सुसमाचार प्रचार गर्ने र येशू चिनाउने काम गर्नुपर्छ। मिसनमा सुन्दर फलहरू फलाउने एउटा मात्र उपाय हो यो। हामी यूहन्नाको सुसमाचारमा प्रयोग गरिएका येशूको नामहरू तलको तालिकामा हेर्नेछौँ।

| | येशूको नामहरू | बाइबलको खण्ड |
|---|---|---|
| १ | वचन | यूहन्ना १:१ |
| २ | जीवन | यूहन्ना १:४, १४:६ |
| ३ | ज्योति | यूहन्ना १:५, ३:१९, २१ |
| ४ | साँचो ज्योति | यूहन्ना १:९ |
| ५ | देह | यूहन्ना १:१४ |
| ६ | परमेश्वरको एकमात्र पुत्रकोजस्तो महिमा | यूहन्ना १:१४ |
| ७ | अनुग्रह | यूहन्ना १:१७ |
| ८ | सत्य (सत्यता) | यूहन्ना १:१७, ३:२१, १४:६, १८:३७ |
| ९ | एकमात्र पुत्र, जो आफै परमेश्वर हुनुहुन्छ | यूहन्ना १:१८ |
| १० | संसारको पाप उठाई लैजाने परमेश्वरको थुमा | यूहन्ना १:२९, ३६ |
| ११ | पवित्र आत्माले बप्तिस्मा दिनुहुने | यूहन्ना १:३३ |
| १२ | मसिह | यूहन्ना १:४१, ४:२६ |
| १३ | इस्राएलको राजा | यूहन्ना १:४९, १२:१३ |
| १४ | मानिसको पुत्र | यूहन्ना १:५१, ३:१३, ६:२७, ६२, ८:२८, ९:३५, १२:३४, १३:३१ |
| १५ | यरूशलेमको मन्दिर | यूहन्ना २:२१ |
| १६ | परमेश्वरको एकलौटे पुत्र | यूहन्ना ३:१६, १८ |
| १७ | परमेश्वरको पुत्र | यूहन्ना १:३४, ३६, ३:१७, ५:२५, ६:४०, १०:३६, ११:४, २७, २०:३१ |
| १८ | उद्धारक (मुक्तिदाता) | यूहन्ना ३:१७ |
| १९ | माथिबाट आउनुभएको | यूहन्ना ३:३१ |
| २० | सबैभन्दा माथि | यूहन्ना ३:३१ |
| २१ | परमेश्वरद्वारा पठाइएको | यूहन्ना ३:३४, ६:२९ |
| २२ | जसको हातमा सबैकुराहरू छन् | यूहन्ना ३:३५ |
| २३ | अनन्त जीवन दिनुहुने | यूहन्ना ३:३६ |
| २४ | जिँउदो पानी दिनुहुने | यूहन्ना ४:१० |
| २५ | अगमवक्ता | यूहन्ना ४:१९, ४४ |
| २६ | संसारको मुक्तिदाता | यूहन्ना ४:४२, १२:४७ |
| २७ | न्याय गर्ने अधिकार भएको | यूहन्ना ५:२७, १२:४८ |
| २८ | साँचो रोटी | यूहन्ना ६:३२ |

| | येशूको नामहरू | बाइबलको खण्ड |
|---|---|---|
| २९ | परमेश्वरको रोटी | यूहन्ना ६:३३ |
| ३० | जीवनको रोटी | यूहन्ना ६:३५, ४८ |
| ३१ | स्वर्गबाट ओर्ली आएको रोटी | यूहन्ना ६:४१, ५०, ५८ |
| ३२ | स्वर्गबाट ओर्ली आएको रोटी, जिउँदो रोटी | यूहन्ना ६:५१ |
| ३३ | साँचो खाने कुरा र साँचो पिउने कुरा | यूहन्ना ६:५५ |
| ३४ | संसारको ज्योति | यूहन्ना ८:१२, ९:५ |
| ३५ | माथिबाटको | यूहन्ना ८:२३ |
| ३६ | जो यो संसारको होइन | यूहन्ना ८:२३, १७:१४ |
| ३७ | स्वतन्त्र गराउनु हुने सत्य | यूहन्ना ८:३२ |
| ३८ | पिताबाट पठाइनु भएको | यूहन्ना ८:४२ |
| ३९ | जो अब्राहाम जन्मनुभन्दा पनि पहिलेदेखि हुनुहुने | यूहन्ना ८:५८ |
| ४० | भेडाहरूको ढोका | यूहन्ना १०:७ |
| ४१ | मुक्तिको ढोका | यूहन्ना १०:९ |
| ४२ | जीवनको ढोका | यूहन्ना १०:१० |
| ४३ | असल गोठालो | यूहन्ना १०:११, १४ |
| ४४ | पितासँग बराबर | यूहन्ना १०:३० |
| ४५ | पुनरुत्थान | यूहन्ना ११:२५ |
| ४६ | मृतकलाई जीवित पर्नुहुने | यूहन्ना ११:४४ |
| ४७ | ख्रीष्ट | यूहन्ना ११:२७, २०:३१ |
| ४८ | परमप्रभुको नाउँमा आउनुहुने | यूहन्ना १२:१३ |
| ४९ | जमिनमा परेर मर्ने गहुँको दाना | यूहन्ना १२:२४ |
| ५० | शिक्षक (गुरु) | यूहन्ना १३:१३ |
| ५१ | प्रभु | यूहन्ना १३:१३, २०:२८, २१:१५-१७ |
| ५२ | बाटो | यूहन्ना १४:६ |
| ५३ | साँचो दाखको बोट | यूहन्ना १५:१ |
| ५४ | जसको पिता किसान हुनुहुन्छ | यूहन्ना १५:१ |
| ५५ | दाखको बोट | यूहन्ना १५:५ |
| ५६ | चेलाहरूको मित्र | यूहन्ना १५:१५ |
| ५७ | येशू ख्रीष्ट | यूहन्ना १७:३ |
| ५८ | नासरतका येशू | |

| | येशूको नामहरू | बाइबलको खण्ड |
|---|---|---|
| ५९ | यहूदीहरूको राजा | यूहन्ना १८:५ |
| ६० | परमेश्वर | यूहन्ना १८:३७, १९:२ १९ |

**तालिका ६-१२.** यूहन्नाको सुसमाचारमा भएका येशूका ६० वटा नामहरू

# ग. यूहन्नाको सुसमाचारको संरचना

अघिल्ला तिन वटा अध्यायहरूमा हामीले समदृष्टि सुसमाचारहरूको बनावटको बारेमा अध्ययन गरेका थियौँ। अब हामी त्यहीअनुसार यूहन्नाको सुसमाचारको बनावट पनि हेर्नेछौँ, जुन लेखिएका चार सुसमाचारका पुस्तकहरूमध्येको अन्तिम पुस्तक हुनेछ। अरू सुसमाचारको पुस्तकभन्दा फरक कुरा यूहन्नाको सुसमाचारले येशूले यहूदी चाडहरू मान्नको निम्ति गालीलदेखि यरूशलेमसम्म यात्रा गर्नुभएको घटना उल्लेख गरेको छ। येशूको कार्यहरूको आधारमा यूहन्नाको सुसमाचारलाई मुख्य ७ वटा खण्डमा विभाजन गर्न सकिन्छ।

## १. यूहन्नाको सुसमाचारको सात वटा मुख्य खण्डहरू

यूहन्नाको सुसमाचारको मुख्य सन्देश भनेको येशू परमेश्वर हुनुहुन्छ, अनि जसले उहाँको ईश्वरत्वलाई विश्वास गर्छ उसले परमेश्वरको सन्तानको रूपमा अनन्त जीवनको अधिकार पाउनेछ भन्ने हो (यूहन्ना ३:१६, ५:२४, १७:३)। यूहन्ना २०:३१ मा यूहन्ना यसरी लेख्छन्, 'तर यी लेखिएका छन्, कि तिमीहरूले येशू परमेश्वरका पुत्र, ख्रीष्ट हुनुहुन्छ भनी विश्वास गर, र विश्वासद्वारा उहाँको नाउँमा तिमीहरूलाई जीवन प्राप्त होस्।' मुक्ति (अर्थात् अनन्त जीवन) पाउने शर्तचाहिँ येशू परमेश्वर हुनुहुन्छ भनी विश्वास गर्नु हो। यो यूहन्नाको सुसमाचारको मुख्य सन्देश हो।

| | बाइबल खण्ड | विवरण |
|---|---|---|
| १ | यूहन्ना १:१-१८ | परिचय |
| २ | यूहन्ना १:१९-२:१२ | येशूको सार्वजनिक सेवकाइको सुरुवात |
| ३ | यूहन्ना २:१३-४:५४ | येशूको यरूशलेमदेखि गालीलसम्मको पहिलो सेवकाइ |
| ४ | यूहन्ना ५:१-७:९ | येशूको यरूशलेमदेखि गालील सम्मको दोस्रो सेवकाइ |
| ५ | यूहन्ना ७:१०-१२:११ | येशूको यहूदिया र यरूशलेमको सेवकाइ |
| ६ | यूहन्ना १२:१२-१९:४२ | येशूको कष्टको हप्ता |
| ७ | यूहन्ना २०:१-२१:२५ | येशूको पुनरुत्थान र महान् आदेश |

**तालिका ६-१३.** यूहन्नाको सुसमाचारका मुख्य ७ खण्डहरू

# २. यूहन्नाको पुस्तकको विस्तृत संरचना

## (१) परिचय

यूहन्नाको सुसमाचार यसको सुरुवातदेखि नै अरू समदृष्टि सुसमाचारभन्दा भिन्न छ। यूहन्नाको सुसमाचारमा समदृष्टि सुसमाचारहरूमाजस्तो येशूको वंशावलीको विवरण छैन। यसमा येशूको जन्म र बल्याकल अनि यूहन्नाको जन्मको विषयमा पनि कुनै विवरण उल्लेख छैन। तर त्यसको सट्टामा यूहन्ना सिधै येशूको पहिचानको बारेमा उल्लेख गर्दछन्। उनी हामीलाई येशू चिनाउँछन्। उनी हामीलाई यो कुरा बताउँछन्, कि येशू वचन हुनुहुन्छ, उहाँ सृष्टिकर्ता, जीवन, र साँचो ज्योति हुनुहुन्छ जो मानिस बनेर यो धर्तीमा आउनुभयो।

| | परिचय (यूहन्ना १:१-१८) |
|---|---|
| १ | येशूको पहिचान (यूहन्ना १:१-१८)<br>● येशू वचन हुनुहुन्छ, येशू परमेश्वर हुनुहुन्छ (१:१-२)<br>● येशू सृष्टिकर्ता हुनुहुन्छ<br>● येशू जीवन र ज्योति हुनुहुन्छ (१:४)<br>● बप्तिस्मा दिने यूहन्नाले ज्योतिको गवाही दिएका (१:६-८)<br>● येशू साँचो ज्योति हुनुहुन्छ (१:९)<br>● येशू देहधारी हुनुभयो (१:१४)<br>● येशू परमेश्वरको एकलौटे पुत्र (१:१४,१८) |

**तालिका ६-१४.** येशूको पहिचान

## (२) येशूको सार्वजनिक सेवकाइको सुरुवात

येशूले आफ्नो सार्वजनिक सेवकाइ सुरु गर्नुअघि बप्तिस्मा दिने यूहन्नाले येशूको बारेमा गवाही दिएका छन्। यूहन्नाले यो कुरा स्वीकार गरेका छन्, कि उनी आफैचाहिँ ख्रीष्ट होइनन्। उनी भन्छन्, कि उनी "उजाडस्थानमा कराउने आवाज" (यशैया ४०:३) मात्र हुन् जसले यशैया अगमवक्ताले भनेझैँ येशू ख्रीष्ट यो संसारमा आउनुभयो भन्ने कुरा घोषणा गरे। उनले अझै स्वीकार गरेर भने, कि उनी येशूको जुत्ताको तुनासम्म खोल्न पनि लायकका मानिस होइनन्। उनले यो घोषणा गरे, कि येशू संसारको पाप उठाई लैजाने परमेश्वरका थुमा हुनुहुन्छ र त्यो येशू परमेश्वरको पुत्र हुनुहुन्छ।

बप्तिस्मा दिने यूहन्नाको गवाही र घोषणालगत्तै येशूले आफ्ना पहिलो चेलाहरूलाई बोलावट दिएर आफ्नो सार्वजनिक सेवकाइ सुरु गर्नुहुन्छ। अनि कानाको विवाह भोजमा पानीलाई दाखमद्यमा परिणत गर्ने घटनासँगै येशूले आफ्ना चेलाहरूलाई आफ्नो पहिचान प्रकट गर्नुहुन्छ।

| | येशूको सार्वजनिक सेवकाइको सुरुवात (यूहन्ना १:१९-२:१२) |
|---|---|
| १ | बप्तिस्मा दिने यूहन्नाले बाटो तयार पारेका (१:१९-३४)<br>● संसारको पाप उठाई लैजाने परमेश्वरका थुमा (१:२९)<br>● उहाँ परमेश्वरका पुत्र हुनुहुन्छ (१:३४) |
| २ | येशूले आफ्ना चेलाहरूलाई बोलाउनुभएको (१:३५-५१)<br>● आन्द्रियास र पत्रुस (१:३५-४२)<br>● फिलिप र नथानेल (१:४३-५१) |
| ३ | गालीलको कानामा विवाह भोज (२:१-११)<br>● येशूले पानीलाई दाखमद्यमा परिणत गर्नुभएको |
| ४ | येशू केही समय कफर्नहुममा बस्नुभएको (२:१२) |

**तालिका ६-१५.** येशूको सार्वजनिक सेवकाइको सुरुवात

## (३) येशूको यरूशलेमदेखि गालीलसम्मको पहिलो सेवकाइ

येशूले आफ्नो सार्वजनिक सेवकाइ सुरु गर्नुभएपछि उहाँ जब पहिलोपटक यरूशलेम जानुभयो तब उहाँ निस्तार चाड मान्न यरूशलेमको मन्दिरमा जानु भयो। त्यहाँ येशू आफू नै निस्तारको थुमा भएको कुरा देखाउन चाहनुहुन्थ्यो (प्रस्थान १२:५, १ कोरिन्थी ५:७, १ पत्रुस १:१९)। येशूले निस्तारको चाड मान्न यरूशलेमको मन्दिरमा आएका यहूदीहरूलाई भन्नुभयो, कि त्यो मन्दिर वास्तवमा उहाँको शरीर हो। उहाँले निकोदेमसलाई पनि यो कुरा बताउनुभयो, कि उहाँ परमेश्वरका पुत्र हुनुहुन्छ अनि जसले उहाँलाई विश्वास गर्छ, त्यसले मात्र अनन्त जीवन पाउनेछ।

यरूशलेमको यो सेवकाइ सकेपछि येशू गालीलमा फर्कनुभयो। उहाँको त्यो यात्रामा उहाँ सामरियाको बाटो भएर जानुभयो र सुखारकी सामरी स्त्रीलाई आफ्नो पहिचान प्रकट गर्नुभयो। त्यसपछि उहाँ गालीलको काना सहरमा पुग्नुभयो र उच्च अधिकारीको छोरा जो मर्न लागेको थियो, त्यसलाई निको पर्नुभयो। उहाँले त्यो केटोलाई भेट नै नगरी उहाँको वचन मात्रको शक्तिमा निको पारिदिनुभयो। योचाहिँ येशूले कानामा गर्नुभएको दोस्रो आश्चर्यकर्म थियो।

| **येशूको यरूशलेमदेखि गालीलसम्मको पहिलो सेवकाइ (यूहन्ना २:१३-४:५४)** | |
|---|---|
| १ | येशू निस्तारको चाड मान्न यरूशलेम जानुभएको (२:१३-२५)<br>● मन्दिर सफा गर्नुभएको (२:१४-१७)<br>● यो मन्दिरलाई नष्ट गर, म यसलाई ३ दिनमा खडा गर्नेछु (२:१९)<br>● मन्दिरले येशूको शरीरलाईप्रतिनिधित्व गर्दछ (२:२१) |
| २ | निकोदेमसलाई येशूको शिक्षा<br>● परमेश्वरको राज्यमा प्रवेश गर्नको निम्ति पानी र आत्मामा नयाँ जन्म पाउनुपर्छ (३:५)<br>● परमेश्वरको एकमात्र पुत्रमाथि विश्वास गर्नेले अनन्त जीवन पाउनेछ |
| ३ | बप्तिस्मा दिने यूहन्नाले येशूको बारेमा गवाही दिएका (३:२२-४:२)<br>● येशू र उहाँका चेलाहरूले यहूदियाको गाउँमा सेवकाइ गरेका (३:२२)<br>● माथिबाट आउनुहुने माथिको र सबैभन्दा उच्च हुनुहुन्छ (३:३१) |
| ४ | (सुखार, सामरिया) सामरी स्त्री र जिउँदो पानी (४:३-४२)<br>● जसले जिउँदो पानी पिउँछ त्यो कहिल्यै तिर्खाउनेछैन (४:१०, १४)<br>● परमेश्वरलाई आत्मा र सत्यतामा पुज्नुपर्छ (४:२३-२४)<br>● मसिह, ख्रीष्ट, संसारको मुक्तिदाता (४:२५-२६, ४२)<br>● अन्यजातिहरूको कटनी (४:३१-३८)<br>● सामरी स्त्रीको गवाहीद्वारा धेरै सामरीहरूले येशूमा विश्वास गरेका (४:२८-३०, ३९-४२) |
| ५ | येशूले उच्च अधिकारीको छोरो निको पार्नुभएको (४:४३-५४)<br>● येशूले गालीलको कानामा गर्नुभएको दोस्रो आश्चर्यकर्म (४:४६, ५४) |

**तालिका ६-१६.** येशूको यरूशलेमदेखि गालीलसम्मको पहिलो सेवकाइ

## (४) येशूको यरूशलेमदेखि गालीलसम्मको दोस्रो सेवकाइ

येशू फेरि निस्तारको चाड मान्नको निम्ति दोस्रोपटक यरूशलेम जानुभयो। यो समयमा उहाँले बेथस्दाको तलाउ छेउमा ३८ वर्ष देखिको पक्षघातीलाई निको पर्नुभयो। यो पटकको यरूशलेम भ्रमणमा येशूले आफू परमेश्वरको पुत्र भएको कुरा स्पष्टसँग देखाउनुभयो। उहाँ त्यहाँबाट गालीलमा फर्कनुभएपछि आफ्ना चेलाहरूलाई आफ्नो पहिचान अझ स्पष्ट रूपमा सिकाउनुभयो। येशूले पाँच रोटी र दुई माछाले पाँच हजारलाई खुवाउनुभयो अनि पानी माथि पनि हिँड्नुभयो। येशूले आफ्ना चेलाहरूलाई आफू केही समयपछि क्रूसमा मर्नुहुने कुरा पनि बताउनुभयो। उहाँले भन्नुभयो, कि उहाँको शरीर खाने र उहाँको रगत पिउनेसँग अनन्त जीवन छ, किनकि उहाँको शरीर साँचो खाने कुरा र उहाँको रगत साँचो पिउने कुरा हो।

| येशूको यरूशलेमदेखि गालीलसम्मको दोस्रो सेवकाइ (यूहन्ना ५:१-७:९) | |
|---|---|
| १ | येशू दोस्रोपटक यरूशलेम जानुभएको (५:१-४७)<br>• बेथस्दाको तलाउ छेउमा ३८ वर्षदेखि पक्षघातले थला परेको मानिस निको परिएको (५:१-१५)<br>• येशूले आफू परमेश्वरको पुत्र भएको घोषणा गर्नु भएको (५:१६-२९)<br>• येशूको गवाही (५:३०-४७)<br>• पुरानो करारको वचन येशूको बारेमा हो (५:३९, ४६-४७) |
| २ | येशू गालीलमा फर्कनुभएको (६:१-७:९)<br>• ५ रोटी र २ माछाले ५,००० लाई खुवाऊनुभएको (६:१-१५)<br>• पानीमाथि हिँड्नुभएको (६:१६-२१)<br>• जीवनको रोटी, स्वर्गबाट ओर्लीआएको रोटी, साँचो खानेकुरा र साँचो पिउने कुरा (६:२२-५९)<br>• धेरै चेलाहरूले येशूलाई छोडेका (६:६०-६६)<br>• येशूले यहूदा इस्करियोत (दियाबलस)को धोकाको बारे भविष्यवाणी गर्नुभएको (६:६४, ७०-७१)<br>• येशूका आफ्नै भाइहरूले उहाँमाथि विश्वास नगरेका (७:१-९) |

**तालिका ६-१७.** येशूको यरूशलेमदेखि गालीलसम्मको दोस्रो सेवकाइ

## (५) येशूको यहूदिया र यरूशलेमको सेवकाइ

येशू फेरि यरूशलेम जानुभयो तर योपटक छाप्रोबासको चाड मनाउनको लागि थियो। यो समयमा मन्दिरमा उहाँले आफ्नो पहिचानको बारेमा निरन्तर सिकाउनुभयो। उहाँले घोषणा गर्नुभयो, कि उहाँ संसारको ज्योति, जीवनको ज्योति, माथिबाट आउनुभएको, परमेश्वरको पुत्र, जो अब्राहाम जन्मनुभन्दा पनिअघिदेखि हुनुहुने, उहाँमाथि विश्वास गर्नेहरूको आत्मिकी अन्धोपन निको पार्नुहुने, असल गोठालो, पिताको समान र पुनरुत्थान र जीवन हुनुहुन्छ। येशूको गवाही सुनेपछि प्रधान पूजाहारीहरू र फरिसीहरूले उहाँलाई मार्ने षडयन्त्र रच्न थाले। त्यही समयमा येशूले आफ्नो सेवकाइ बिथिनिया, एफ्राइम र यर्दन नदीको वरिपरीका इलाकाहरूमा फैलाउनुभयो। अन्त्यमा निस्तार चाडको ६ दिनअघि येशू बिथिनियामा मार्था र मरियमको घरमा जानुभयो। यो समयमा मरियमले बहुमूल्य अत्तरले येशूको पाउ मोलिन्, र त्यसले येशूको आउनेवाला मृत्युलाई सङ्केत गर्दथ्यो।

| | येशूको यहूदियाको सेवकाइ (यूहन्ना ७:१०-१२:११) |
|---|---|
| १ | येशू छाप्रोबासको चाड मान्न तेस्रोपटक यरूशलेम जानुभएको (७:१०-१०:२१)<br>● येशूले मन्दिरमा शिक्षा दिनुभएको (७:१४-२४)<br>● येशू मसिह हुनुहुन्छ, कि हुनुहुन्न भन्ने विवाद भएको (७:२५-५३)<br>● येशूले आफूमाथि विश्वास गर्नेहरूलाई पवित्र आत्माकोप्रतिज्ञा गर्नुभएको (७:३७-३९) |
| २ | व्यभिचारमा पक्राउ परेकी स्त्री (८:१-११)<br>● बिथिनियामा रात बिताएर भोलिपल्ट येशू मन्दिरमा फर्कनुभयो (८:१-२)<br>● तिमीहरूमध्ये जो पाप रहित छ उसैले पहिलो ढुङ्गा हानोस (८:७) |
| ३ | येशूले आफ्नो बारेमा गवाही दिनुभएको (८:१२-५९)<br>● "म संसारको ज्योति हुँ" (८:१२)<br>● "मेरो गवाही साँचो छ" (८:१३-२०)<br>● म माथिबाटको हुँ, म यो संसारको होइन" (८:२१-२०)<br>● अब्राहामको सन्तानहरू (८:३१-४१)<br>● दुष्टको सन्तानहरू (८:४२-४७)<br>● अब्राहाम जन्मनु भन्दाअघिदेखि नै येशू हुनुहुन्छ (८:४८-५९) |

| | |
|---|---|
| ४ | येशूले जन्मैको अन्धो मानिसलाई निको पार्नुभएको (९:१-४१)<br>● यो यस हेतुले भयो, कि परमेश्‍वरको काम यस मानिसको जीवनमा प्रकट होस्। (९:३)<br>● येशूले निको पार्नुभएको विषयमा फरिसीहरूले अन्धो मानिसलाई सोधपुछ गरेका (९:१३-१४)<br>● आत्मिकी अन्धोपना (९:३५-४१) |
| ५ | असल गोठालो र उसका भेडाहरू (१०:१-२१)<br>● "म मेरो भेडाहरूको ढोका, असल गोठालो (१०:७, ११) |
| ६ | ● जीवन फेरि फिर्ता लिने हेतुले अर्पण गर्दछु" (१०:१५, १७)<br>(समर्पणको चाड / हानुका) येशूले मन्दिरमा शिक्षा दिनुभएको (१०:२२-४२)<br>● येशूले आफू परमेश्‍वरको पुत्र भएको दाबी गर्नुभयो (१०:२२-३९)<br>● यर्दन नदी वरिपरी येशूको सेवकाइ (१०:४०-४२) |
| ७ | बिथिनियामा येशूले लाजरसलाई मृतकबाट जीवित पार्नुभएको (११:१-४४)<br>● लाजरसको मृत्यु (११:१६)<br>● "पुनरुत्थान र जीवन म नै हुँ" (११:१७-३७)<br>● लाजरस जीवित पारिएका (११:३८-४४) |
| ८ | येशूलाई मार्ने षड्यन्त्र (११:४५-५७)<br>प्रधान पूजाहारी कैयाफाको स्वीकार (११:४९-५२)<br>● येशू एफ्राइममा बस्नुभएको (११:५४-५७) |
| ९ | निस्तारको ६ दिनअघि येशू बिथिनियामा आउनुभएको (१२:१-११)<br>● मरियमले किम्ति जटामसीको सुगन्धित अत्तर ल्याएर येशूका पाउमा मलिन्, अनि उहाँका पाउ आफ्ना केशले पुछिन् (१२:३)<br>● "यो मेरो दफनको निम्ति हो" (१२:७) |

**तालिका ६-१८.** यहूदिया क्षेत्रमा येशूको सेवकाइ

## (६) येशूको कष्टको हप्ता

यूहन्नाको सुसमाचारको यो खण्डमा येशू निस्तारको थुमाको रूपमा मोरिया डाँडामा (उत्पत्ति २२:२) मर्नको निम्ति यरूशलेम प्रवेश गर्नुभयो। येशूले भन्नुभयो कि, "एउटा गहुँको दाना जमिनमा खसेर मऱ्यो भने मात्र त्यसले फल फलाउन सक्छ", त्यसको अर्थ उहाँको मृत्युको कारण धेरैले अनन्त जीवन पाउन सक्नेछन् भन्ने हो। आफ्ना चेलाहरूसँग बिहीबारको साँझ (यहूदी पात्रोअनुसार शुक्रबार) निस्तारको भोजको समयमा येशूले आफ्ना चेलाहरूलाई आफ्नो अन्तिम शिक्षा दिनुभयो। यो समयमा उहाँले १० वटा विषयमा शिक्षा दिनुभयो।

पछि प्रधान पूजाहारी र फरिसीहरूका सिपाहीहरूले उहाँलाई पक्रेपछि पनि येशूले साहससँग आफू परमेश्वरको पुत्र भएको कुरा घोषणा गर्नुभयो। जसको कारण यहूदीहरूले उहाँलाई ईश्वरनिन्दाको दोष लगाए र त्यसैको निम्ति क्रूसमा टाँगेर मारे।

यूहन्नाले येशूको कष्टको हप्ताको विषयमा लेख्न आफ्नो सुसमाचारको उल्लेखनीय भाग छुट्टाएका छन्। उनी यो कुराद्वारा हामी इसाईहरूलाई कसरी परमेश्वरको रहस्य (परमेश्वरको मुक्तिको महान् योजना) जुन सृष्टिकोअघिदेखि नै तय गरिएको थियो त्यो पुरा भयो भनी सिकाउँन चाहन्थे।

| | येशूको कष्टको हप्ता (यूहन्ना १२:१२-१९:४२) |
|---|---|
| १ | येशूको यरूशलेममा विजयी प्रवेश (१२:१२-१९)<br>● खजुर आइतबार, "धन्य जो परमप्रभुको नाउँमा आउनुहुन्छ (१२:१३) |
| २ | मानिसको पुत्रको महिमित हुने समय आइपुगेको छ (१२:२०-३६)<br>● गहुँको दाना जमिनमा खसेर मर्यो भने मात्र धेरै फल फलाउन सक्छ (१२:२४) |
| ३ | यहूदीहरूले येशूलाई विश्वास नगरेका (१२:३७-५०)<br>● "उहाँले तिनीहरूका आँखा बन्द गरिदिनुभएको छ, र तिनीहरूका हृदय कठोर पारिदिनुभएको छ, यसरी तिनीहरूले आँखाले नदेखून्, अनि हृदयले नबुझून्, नत्रता तिनीहरू फर्कनेछन् र मैले तिनीहरूलाई निको पार्नुपर्छ।" (१२:४०)<br>● "म संसारलाई बचाउन आएको हुँ" (१२:४७) |
| ४ | बिहिबार, अन्तिम रात्रिभोज (१३:१-३०)<br>● येशूले आफ्ना चेलाहरूको गोडा धुनुभएको (१३:३-१७)<br>● येशूले यहूदा इस्करियोतको धोकाको बारेमा भविष्यवाणी गर्नुभएको (१३:१८-२६)<br>● शैतान यहूदामा पस्यो र उ भोजबाट छिट्टै निस्कियो (१३:२७-३०) |
| ५ | अन्तिम रात्रिभोजमा येशूको शिक्षा (१३:३१-१६:३३)<br>● येशूको नयाँ आज्ञा "एक अर्कालाई प्रेम गर" (१३:३१-३५)<br>● येशूले पत्रुसको ३ पटकको इन्कारको भविष्यवाणी गर्नुभएको (१३:३६-३८)<br>● येशूले चेलाहरूलाई सान्त्वना दिनुभएको, स्वर्गको आशा (१४:१-४)<br>● "बाटो सत्य र जीवन म नै हुँ" (१४:५-११)<br>● "तिमीहरूले मेरो नाउँमा जे सुकै मागे पनि म गरिदिनेछु" (१४:१२-१४)<br>● येशूले पवित्र आत्माकोप्रतिज्ञा दिनुभएको (सल्लाहकार/ पाराक्लेटोस) (१४:१५-३१)<br>● "साँचो दाखको बोट म हुँ र मेरा पिता किसान हुनुहुन्छ" (१५:१-१७)<br>● येशूले चेलाहरूलाई संसारले घृणा गर्नेछ भनी भन्नुभएको (१५:१८-१६:४)<br>● पवित्र आत्माको काम (सेवा) (१६:५-१५)<br>● येशूले चेलाहरूको दु:ख सान्त्वनामा परिणत हुने कुरा बताउनुभएको (१६:१६-३३) |
| ६ | येशूको विशेष प्रार्थना (१७:१-२६)<br>● आफ्नै निम्ति प्रार्थना (१७:१-५)<br>● आफ्ना चेलाहरूको निम्ति प्रार्थना (१७:६-१९)<br>● विश्वासीहरूको निम्ति प्रार्थना (१७:२०-२६) |

| | |
|---|---|
| ७ | येशूको पक्राउ र कष्ट (१८:१-१९:१६)<br>● येशू गेतसमनीको बगैंचामा पक्राउ पर्नुभएको (१८:१-११)<br>● येशू प्रधान पूजाहारी कैयाफाको ससुरा हन्नासकहाँ लगिनुभएको (१८:१२-१४)<br>● पत्रुसको पहिलो इन्कार (१८:१५-१८)<br>● प्रधान पूजाहारीले येशूलाई प्रश्न गरेका (१८:१९-२४)<br>● पत्रुसको दोस्रो र तेस्रो इन्कार (१८:२५-२७)<br>● झिसमिसेमा येशूलाई पन्तियस पिलातसकोअघि लगेर दोष लगाइएको (१८:२८-१९:१६)<br>● शासकहरूको सिपाहीहरूले येशूको गिल्ला गरेका (१९:२-३) |
| ८ | येशूको क्रूसमा मृत्यु (१९:१७-३७)<br>● येशूलाई गलगथामा लगिएको (१९:१७)<br>● येशूलाई क्रूसमा टाँगिएको (१९:१८-२२)<br>● सिपाहीहरूले येशूको वस्त्र आपसमा बाँडेका र चिट्ठा हालेका (१९:२३-२४)<br>● येशूले यूहन्नालाई आफ्नी आमा मरियम जिम्मा लगाउनुभएको (१९:२५-२७)<br>● "अब सिद्धियो, येशूको मृत्यु" (१९:२८-३०)<br>● एक जना सिपाहीले येशूको कोखामा भाला रोपेको (१९:३१-३७) |
| ९ | अरिमाथियाका योसेफले येशूको शरीर एउटा नयाँ चिहानमा दफन गरेका (१९:३८-४२) |

**तालिका ६-१९.** येशूको कष्टको हप्ता

## (७) येशूको पुनरुत्थान र महान् आदेश

येशू मृत्यु भएको तेस्रो दिनमा पुनरुत्थान हुनुभयो। त्यसपछि उहाँ पुनरुत्थान भएको शरीरमा चेलाहरूको सामु उपस्थित हुनुभयो र तिनीहरू सामु आफ्नो ईश्वरत्वलाई प्रमाणित गर्नुभयो। पुनरुत्थान हुनुभएको येशूलाई देखेपछि चेलाहरूले उहाँ साँच्चै नै परमेश्वरको पुत्र, ख्रीष्ट हुनुहुन्छ भनी विश्वास गरे र अनन्त जीवन पाए। यसले उनीहरूलाई येशूका प्रेरितहरू बन्न र रोमी साम्राज्यभरि उहाँको सुसमाचार प्रचार गर्नको निम्ति उत्प्रेरित गऱ्यो। वास्तवमा रोमी साम्राज्यमा येशूको पहिचान घोषणा र प्रचार गर्दा धेरै इसाईहरू सहिद भए। तर तिनीहरू खुसीसँग मरे किनकि उनीहरूलाई थाहा थियो, कि उनीहरू माथि मृत्युको कुनै शक्ति छैन। उहाँको पुनरुत्थानद्वारा येशूले मृत्युलाई जित्नुभयो।

| | येशूको पुनरुत्थान र महान् आदेश (२०:१-२१-२५) |
|---|---|
| १ | येशूको पुनरुत्थान (२०:१-२३)<br>● शबाथको भोलिपल्ट, आइतबार (२०:१, १९)<br>● मरियम मग्दलिनी, पत्रुस र यूहन्नाले चिहानमा येशूको लास नभएको पत्ता लगाएका (२०:१-१०)<br>● येशू मरियम मग्दलिनीकहाँ देखा पर्नुभएको (२०:११-१८)<br>● येशू आफ्ना चेलाहरूकहाँ देखा पर्नुभएको (२०:१९-२३) |
| २ | येशू थोमाकहाँ देखा पर्नुभएको (२०:२४-२९)<br>● येशू चेलाहरूकहाँ देखा पर्नुहुँदा थोमा त्यहाँ थिएनन् (२०:२४-२५)<br>● एक हप्तापछि येशू थोमा र अरू चेलाहरूको साथमा देखा पर्नुभयो (२०:२६-२९) |
| ३ | यूहन्नाको सुसमाचारको उद्देश्य (२०:३०-३१)<br>● मानिसहरूलाई येशू परमेश्वरका पुत्र, ख्रीष्ट हुनुहुन्छ भन्ने कुरा विश्वास गर्न सहायता गर्नु (२०:३०)<br>● जसको कारण मानिसहरूलाई उहाँको नाउँमा जीवन प्राप्त होस् (२०:३१) |
| ४ | येशू गालीलको समुद्रमा सात जना चेलाहरूकहाँ देखा पर्नुभएको (२१:१-१४)<br>● अचम्मले १५३ वटा माछा पक्रेको (२१:११)<br>● येशूको पुनरुत्थानपछि येशू चेलाहरूकहाँ देखा पर्नुभएको यो तेस्रोपटक हो (२१:१४) |
| ५ | येशूले पत्रुसलाई विशेष मिसन दिनुभएको (२१:१५-२३)<br>● "मेरा पाठाहरूलाई खुवाऊ", "मेरो भेडाहरूको हेरचाह गर", "मेरो भेडाहरूलाई खुवाऊ".<br>● येशूले पत्रुसको मृत्युको बारेमा भविष्यवाणी गर्नुभएको (२१:१८-१९) |
| ६ | निष्कर्ष (२१:२४-२५)<br>● यूहन्नाको सुसमाचारमा भएको गवाही सत्य छ (२१:२४)<br>● 'येशूले गर्नुभएका प्रत्येक कामको बारेमा लेखिने हो भने, तिनका विषयमा लेखिएका पुस्तकहरू संसारैभरि पनि अटाउने थिएनन्। (२१:२५) |

**तालिका ६-२०.** येशूको पुनरुत्थान र महान् आदेश

# घ. यूहन्नाको सुसमाचार र समदृष्टि सुसमाचारहरूको सम्बन्ध

कति ईश्वरशास्त्रीहरू यो भन्छन्, कि यूहन्नाको सुसमाचार समदृष्टि सुसमाचारहरूलाई आधार मानेर लेखिएको थियो। यसको मतलब यो हो, कि यूहन्नाले आफ्नो सुसमाचार लेख्ने मुख्य स्रोतको रूपमा समदृष्टि सुसमाचारलाई लिएका थिए। तर यो अलि नसुहाउने कुरा हो। यूहन्नाको सुसमाचारचाहिँ अरू सुसमाचारको पुस्तकभन्दा भिन्नै छ। यूहन्नाको सुसमाचारमा मात्र पाइने धैरै अभिव्यक्तिहरू छन् जो अरू सुसमाचारको पुस्तकहरूमा पाउन सकिन्न। उदाहरणको निम्ति यूहन्नाले प्रेम (अगापे) शब्द ४४ पटक प्रयोग गरेका छन्। उनले "सत्य" शब्द ४६ पटक प्रयोग गरेका छन्। "ज्ञान" शब्द ५६ पटक प्रयोग गरेका छन्। त्यसैगरी उनले "संसार" शब्दलाई ७८ पटक प्रयोग गरेका छन्। यी सबै शब्दको अभिव्यक्ति अरू सुसमाचारको पुस्तकहरूमा पाउन सकिँदैन।

अर्कोतर्फ कति यस्ता शब्दहरू पनि छन् जो सबै समदृष्टि सुसमाचारहरूमा पाइन्छन् तर यूहन्नाको सुसमाचारमा पाउन सकिँदैनन्, जस्तै: "स्वर्गको राज्य", "परमेश्वरको राज्य", "दुष्टआत्माहरू", "शक्ति" र "दृष्टान्तहरू" आदि। अब हामी यूहन्नाको सुसमाचार र समदृष्टि सुसमाचारहरूको भिन्नता बारे हेरौँ।

## १. यूहन्नाको सुसमाचारमा मात्र पाइने विषयहरू

यूहन्नाको सुसमाचारमा पाइने अधिकांश विषयहरू अरू समदृष्टि सुसमाचारहरूमा पाइँदैन। विशेषगरी धैरै घटना र शिक्षाहरू छन् जुन यूहन्नाको सुसमाचारमा मात्र पाइन्छन् तर अरू सुसमाचारका पुस्तकहरूमा पाइँदैनन्। यूहन्नाले पहिले नै अरू ३ वटा सुसमाचारका पुस्तकहरूमा उल्लेख गरिएका विषयहरूलाई धैरै समेटेका छैनन्। बरु उनले अरू ३ वटा सुसमाचारका पुस्तकहरूमा उल्लेख नगरिएका विषयहरू समेट्न प्रयत्न गरेका छन्। हामी तलको तालिकामा ४चार वटा विवरणहरू हेर्नेछौँ जसमा ६ वटा आश्चर्यकर्महरू पनि पर्दछन् जुन यूहन्नाको सुसमाचारमा मात्र पाइन्छन्।

| | विवरण | बाइबल खण्ड |
|---|---|---|
| १ | वचन देहाधारी बनेको | यूहन्ना १:१-१८ |
| २ | बप्तिस्मा दिने यूहन्नाले आफू ख्रीष्ट नभएको स्वीकार गरेका | यूहन्ना १:१९-२८ |
| ३ | संसारको पाप उठाई लैजाने परमेश्वरका थुमा | यूहन्ना १:२९-३४ |
| ४ | येशूले फिलिप र नाथानेललाई चेला हुन बोलाउनुभएको | यूहन्ना १:४३-५१ |
| ५ | येशूले पानीलाई दाखमद्यमा परिणत गर्नुभएको | यूहन्ना २:१-११ |
| ६ | निकोदेमससँगको वार्तालाप | यूहन्ना ३:१-२१ |
| ७ | बप्तिस्मा दिने यूहन्नाले येशूको बारेमा गवाही दिएका | यूहन्ना ३:२२-३६ |
| ८ | येशू र सामरी स्त्री | यूहन्ना ४:१-४२ |
| ९ | येशूले उच्च अधिकारीको छोरालाई निको पार्नुभएको | यूहन्ना ४:४३-५४ |
| १० | येशूले बेथस्दाको तलाउ छेउमा ३८ वर्षदेखिको पक्षघाती निको पार्नुभएको | यूहन्ना ५:१-१५ |
| ११ | येशूले आफू परमेश्वरको पुत्र भएको घोषणा गर्नुभएको | यूहन्ना ५:१६-४७ |
| १२ | येशूले आफू स्वर्गबाट ओर्ली आएको रोटी भएको घोषणा गर्नुभएको | यूहन्ना ६:२२-५९ |
| १३ | धैरै चेलाहरूले येशूलाई त्यागेका | यूहन्ना ६:६०-७१ |
| १४ | (छाप्रोबासको चाडमा) येशूले मन्दिरमा शिक्षा दिनुभएको | यूहन्ना ७:१-३६ |
| १५ | येशूले पवित्र आत्माकोप्रतिज्ञा गर्नुभएको | यूहन्ना ७:३७-३९ |
| १६ | यहूदी मानिसहरू र यहूदी अगुवाहरूको अविश्वास | यूहन्ना ७:४०-५३ |
| १७ | व्यभिचारमा पक्राउ परेकी स्त्री | यूहन्ना ८:१-११ |
| १८ | येशूले आफू संसारको ज्योति भएको घोषणा गर्नुभएको | यूहन्ना ८:१२-२० |
| १९ | येशूले आफू माथिको संसारको भएको घोषणा गर्नुभएको | यूहन्ना ८:२१-३० |
| २० | अब्राहामको सन्तानहरू | यूहन्ना ८:३१-४१ |
| २१ | दुष्टको सन्तानहरू | यूहन्ना ८:४२-४७ |
| २२ | येशू अब्राहाम जन्मनुभन्दा पनि पहिलेदेखि हुनुहुन्थ्यो | यूहन्ना ८:४८-५९ |
| २३ | येशूले जन्मैको अन्धो मानिसलाई निको पार्नुभएको | यूहन्ना ९:१-३४ |
| २४ | आत्मिकी अन्धोपना | यूहन्ना ९:३५-४१ |
| २५ | असल गोठालो र उहाँका भेडाहरू | यूहन्ना १०:१-२१ |
| २६ | येशूले फेरि आफू परमेश्वको पुत्र भएको घोषणा गर्नुभएको | यूहन्ना १०:२२-४२ |
| २७ | येशूले लाजरसलाई मृतकबाट जीवित पार्नुभएको | यूहन्ना ११:१-४४ |
| २८ | गहुँको दाना जमिनमा परेर मर्यो भने मात्र फल फलाउन सक्छ | यूहन्ना १२:२०-३६ |
| २९ | यहूदीहरूले येशूमाथि विश्वास नगरेका | यूहन्ना १२:३७-५० |

| | | |
|---|---|---|
| ३० | येशूले आफ्ना चेलाहरूको गोडा धुनुभएको | यूहन्ना १३:१-१७ |
| ३१ | शैतान यहूदा इस्करियोतभित्र पसेको | यूहन्ना १३:१८-३० |
| ३२ | येशूले भन्नु भयो, "बाटो, सत्य र जीवन म नै हुँ" | यूहन्ना १४:१-१४ |
| ३३ | येशूले सल्लहाकार (पाराक्लेटोस)कोप्रतिज्ञा गर्नुभएको | यूहन्ना १४:१५-३१ |
| ३४ | साँचो दाखको बोट र हाँगाहरू | यूहन्ना १५:१-१७ |
| ३५ | येशूले चेलाहरूलाई संसारले घृणा गर्ने कुरा बताउनुभएको | यूहन्ना १५:१८-२७ |
| ३६ | पवित्र आत्माको सेवकाइ | यूहन्ना १६:५-१५ |
| ३७ | येशूले भन्नुभयो, छिट्टै चेलाहरूको विलाप आनन्दमा परिणत हुनेछ | यूहन्ना १६:१६-३३ |
| ३८ | अन्तिम रात्रिभोज लगत्तैपछि येशूको विशेष प्रार्थना | यूहन्ना १७:१-२६ |
| ३९ | येशू मरियम मग्दलिनी कहाँ देखा पर्नुभएको | यूहन्ना २०:११-१८ |
| ४० | येशू यरूशलेममा आफ्ना चेलाहरूकहाँ देखा पर्नुभएको | यूहन्ना २०:१९-२३ |
| ४१ | येशू फेरि थोमा सहित उहाँका चेलाहरूकहाँ देखा पर्नुभएको | यूहन्ना २०:२४-२९ |
| ४२ | येशू गालीलको समुद्रमा ७ चेलाहरूकहाँ देखा पर्नुभएको र पत्रुसले १५३ माछा पक्रेको | यूहन्ना २१:१-१४ |
| ४३ | येशूले पत्रुसलाई विशेष मिसन दिनुभएको | यूहन्ना २१:१५-२३ |
| ४४ | यूहन्नाको सुसमाचारको उद्देश्य, निष्कर्ष | यूहन्ना २०:३०-३१ |

**तालिका ६-२१.** यूहन्नाको सुसमाचारमा मात्र उल्लिखित ४४ वटा विवरणहरू

## २. समदृष्टि सुसमाचारहरूमा भएका तर यूहन्नामा नभएका विवरणहरू

अब समदृष्टि सुसमाचारहरूमा भएका तर यूहन्नामा नभएका विवरणहरूको बारेमा हेरौँ। हामीले पहिले नै अध्याय २ मा हेरिसकेका छौं, कि समदृष्टि सुसमाचारहरूमा उल्लेख गरिएका कुनै पनि दृष्टान्तहरू यूहन्नाको सुसमाचारमा उल्लेख गरिएका छैनन्। साथै समदृष्टि सुसमाचारहरूले उल्लेख गरेका येशूले गर्नुभएका चङ्गाइ, प्रकृतिमाथिको नियन्त्रण र मृतकहरू जिवित पारिएका घटनाहरू कुनै पनि यूहन्नाले उल्लेख गरेका छैनन्। आश्चर्यकर्महरू र दृष्टान्तहरू मात्र नभएर यूहन्नाले समदृष्टि सुसमचारमा भएका धेरै कुराहरूलाई दोहोऱ्याउन प्रयत्न गरेनन् (जस्तै: येशूको मानवता)। यूहन्नाले कस्ता विवरणहरू छुटाएका छन् त भनी हामी तलको तालिका मार्फत हेर्नेछौं।

| | आश्चर्य कर्महरू | मत्ती | मर्कूस | लूका | यूहन्ना |
|---|---|---|---|---|---|
| १ | कुष्टरोगीहरू निको पारिएका | ८:२-४ | १:४०-४२ | ५:१२-१३ | - |
| २ | कप्तानको नोकर निको पारिएको | ८:५-१३ | - | ७:१-१० | |
| ३ | पत्रुसकी सासू निको पारिएकी | ८:१४-१५ | १:३०-३१ | ४:३८-३९ | |
| ४ | गदरिनीमा भूत लागेका दुई जना निको पारिएका | ८:२८-३४ | ५:१-१५ | ८:२६-३५ | |
| ५ | पक्षघाती निको पारिएको | ९:२-७ | २:३-१२ | ५:१८-२५ | |
| ६ | रगत बग्ने स्त्री निको पारिएकी | ९:२०-२२ | ५:२५-३४ | ८:४३-४८ | |
| ७ | दुई अन्धा निको पारिएका | ९:२७-३१ | | - | |
| ८ | दुष्टआत्मा लागेको बहिरो निको पारिएको | ९:३२-३३ | | - | |
| ९ | हात सुकेको मानिस निको पारिएको | १२:१०-१३ | ३:१-५ | ६:६-१० | |
| १० | दुष्टआत्मा लागेको अन्धो र बहिरो निको पारिएको | १२:२२ | | ११:१४ | |
| ११ | दुष्ट आत्मा लागेकी कनानी स्त्रीकी छोरी निको पारिएकी | १५:२१-२८ | ७:२४-३० | | |
| १२ | दुष्टआत्मा लागेको छारेरोगी केटो निको पारिएको | १७:१४-१८ | ९:१७-२९ | ९:३८-४३ | |
| १३ | यरिहोमा दुई अन्धा मानिस निको पारिएका | २०:२९-३४ | १०:४६-५२ | १८:३५-४३ | |

| | | | | | |
|---|---|---|---|---|---|
| **१४** | गुंगो र बहिरो मानिस निको पारिएको | - | ७:३१-३७ | - | |
| **१५** | सभाघरमा भूत लागेको मानिस निको पारिएको | - | १:२३-२६ | ४:३३-३५ | |
| **१६** | बेथस्दामा अन्धो मानिस निको पारिएको | - | ८:२२-२६ | - | |
| **१७** | कुप्री परेकी स्त्री निको पारिएकी | - | - | १३:११-१३ | |
| **१८** | जलग्रह पिडित निको पारिएको | - | - | १४:१-४ | |
| **१९** | दश कुष्ठरोगी निको पारिएका | - | - | १७:११-१९ | |
| **२०** | प्रधान पूजाहारीको नोकर निको पारिएको | - | - | २०:५०-५१ | |
| **२१** | आँधी शान्त गराइएको | ८:२३-२७ | ४:३७-४१ | ८:२२-२५ | |
| **२२** | सात रोटी र केही माछाहरू (४,००० लाई खुवाएको) | १५:३२-३८ | ८:१-९ | - | |
| **२३** | माछाको मुखमा सिक्का | १७:२४-२७ | - | - | |
| **२४** | अञ्जीरको रूख सुकेको | २१:१८-२२ | ११:१२-१४, २०-२५ | - | |
| **२५** | अचम्मले माछा पक्रिएको | - | - | ५:४-११ | |
| **२६** | याइरसकि छोरी जीवित पारिएकी | ९:१८-१९, २३-२५ | ५:२२-२४, ३५-४३ | ८:४१-४२, ४९-५६ | |
| **२७** | विधवाको छोरो जीवित पारिएको | - | - | ७:११-१५ | |

**तालिका ६-२२.** समदृष्टि सुसमाचारहरूमा भएका तर यूहन्नामा नभएका २७ वटा आश्चर्यकर्महरू

| | विवरणहरू | मत्ती | मर्कूस | लूका | यूहन्ना |
|---|---|---|---|---|---|
| १ | बप्तिस्मा दिने यूहन्नाको जन्म | - | - | १:५-२५, ५७-८० | |
| २ | येशूको जन्म र बाल्यकाल | १:१८-२:२३ | - | १:२६-३८, २:१-५२ | |
| ३ | येशूको बप्तिस्मा | ३:१३-१७ | १:९-११ | ३:२१-२२ | |
| ४ | १२ चेलाहरूको बोलावट | १०:१-४ | ३:१३-१९ | ६:१२-१६ | |
| ५ | डाँडाको उपदेश | ५:१-७:२७ | - | ६:२०-४९ | |
| ६ | येशूले गालीलका मानिसहरूलाई हप्काउनु भएको , येशूको अन्यजातिहरूप्रतिको प्रेम | ११:२०-३० | - | १०:८-१६, २१-२२ | |
| ७ | यहूदी अगुवाहरूले येशूलाई इन्कार गरेका | १२:१-४५ | २:२३-३:६, २०-३०, ८:११-१२ | ६:१-११, ११:१४-३२ | |
| ८ | स्वर्गको (परमेश्वरको) राज्यबारे दृष्टान्त | १३:१-५२ | ४:१०-२०, २६-३४ | ८:४-१५, १३:१८-२१ | |
| ९ | सात रोटी र केही माछाहरू | १५:३२-३८ | ८:१-९ | - | |
| १० | पत्रुसको स्वीकार | १६:१३-२० | ८:२७-३० | ९:१८-२१ | |
| ११ | येशूको रूप परिवर्तन | १७:१-८ | ९:२-१३ | ९:२८-३६ | |
| १२ | ७० चेलाहरू पठाईएका | - | - | १०:१-२० | |
| १३ | असल सामरीको दृष्टान्त | - | - | १०:२९-३७ | |
| १४ | चेलाले चुकाउनु पर्ने मूल्य | - | - | १४;२८-३३ | |
| १५ | १० कुष्ठरोगी निको पारिएका | - | - | १७:११-१९ | |
| १६ | यरिहोमा दुई अन्धाहरू निको पारिएका | २०:२९-३४ | १०:४६-५२ | १८:३५-४३ | |
| १७ | कर उठाउने जखायास | - | - | १९:१-१० | |
| १८ | येशूले अञ्जीरको रूखलाई श्राप दिनुभएको | २१:१८-१९ | ११:१२-१४ | - | |
| १९ | येशूको अधिकार बारे प्रश्न | २१:२३-२७ | ११:२७-३३ | २०:१-८ | |
| २० | धार्मिक अगुवाहरूलाई धिक्कार | २३:१-३६ | १२:३८-४० | ११:३७-५२ | |
| २१ | जैतुन डाँडाको शिक्षा | २४:१-२५:४६ | १३:१-३७ | २१:५-३६ | |
| २२ | यहूदा इस्करियोतको आत्महत्या | २७:३-१० | - | - | |
| | | | - | - | |

| | | | | | |
|---|---|---|---|---|---|
| २३ | येशूको मृत शरीर चिहानमा राखेको एक स्त्रीले देखेकी | २७:६१ | १५:४७ | २३:५५ | |
| २४ | येशूको चिहानमा पहरेदार खटाइएका | २७:६६ | - | - | |
| २५ | ठुलो भूकम्प गएको | २८:२ | - | - | |
| २६ | पहरेदारहेरुले प्रधान पूजाहारीलाई सबै खबर दिएका | २८:११-१५ | - | - | |
| २७ | इम्माउसको बाटोमा दुई चेलाहरू | - | १६:१२-१३ | २४:१३-३२ | |
| २८ | येशू गालीलमा एघार चेलाहरूकहाँ देखा पर्नुभएको | २८:१६-२० | १६:१४ | - | |
| २९ | येशू यरूशलेममा आफ्ना चेलाहरूकहाँ देखा पर्नुभएको | - | - | २४:३३-४९) | |
| ३० | येशूको स्वर्गारोहण | - | १६:१९ | २४:५०-५१ | |

**तालिका ६-२३.** समदृष्टि सुसमाचारहरूमा भएका तर यूहन्नामा नभएका ३० वटा विवरणहरू

## ३. चार वटै सुसमाचारको पुस्तकहरूमा पाइने विवरणहरू

कति यस्ता घटना र विवरणहरू छन् जुन चार वटै सुसमाचारका पुस्तकहरूमा पाउन सकिन्छ। त्यस्ता १० वटा महत्वपूर्ण विवरणहरू छन्। जसमा ९ वटा चाहिं येशूको कष्टको हप्तासँग सम्बन्धित महत्वपूर्ण विवरणहरू छन्। अर्को एउटाचाहिँ येशूले ५ रोटी र २ माछाले ५,००० लाई खुवाउनु भएको घटना हो। यी कुराहरूलाई हेर्दा यस्तो भन्न सकिन्छ, कि ती चारै जना लेखकहरूले उत्तिकै महत्व दिएर उल्लेख गरेका यी १० वटा विवरणहरू नै चार सुसमाचारको मुख्य विषय पनि हुन सक्छ। अब हामी ती १० वटा घटना विवरणहरूलाई हेरौँ।

| | विवरणहरू | मत्ती | मर्कूस | लूका | यूहन्ना |
|---|---|---|---|---|---|
| १ | ५ रोटी र २ माछा | १४:१५-२१ | ६:३५-४४ | ९:१२-१७ | ६:५-१३ |
| २ | येशूको यरूशलेममा विजयी प्रवेश | २१:१-९ | ११:१-१० | १९:२८-४४ | १२:१२-१५ |
| ३ | अन्तिम रात्रिभोज | २६:२७-३२ | १४:१२-२८ | २२:७-३० | १३:२१-३० |
| ४ | येशूले पत्रुसको ३ पटकको इन्कारबारे भविष्यवाणी गर्नुभएको | २६:३३-३५ | १४:२९-३१ | २२:३१-३४ | १३:३७-३८ |
| ५ | येशूको पक्राउ | २६:४७-५६ | १४:४३-५० | २२:४७-५३ | १८:१-११ |
| ६ | पत्रुसले तिन पटक इन्कार गरेका | २६:६९-७५ | १४:६६:७२ | २२:५५-६२ | १८:१६-१८, २५-२७ |
| ७ | प्रधान पूजाहारी र पिलातसको सामु येशूको गवाही | २६:६३-६६, २७:११-१४ | १४:६१-६३, १५:१-५ | २२:६६-२३:३ | १८:१९-२४, ३३-३७ |
| ८ | येशू क्रूसमा मर्नुभएको | २७:३३-५६ | १५:२२-४१ | २३:२६-४६ | १९:१७-३० |
| ९ | अरिमाथिआको योसेफले येशूको मृत शरीर एउटा नयाँ चिहानमा गाडेका | २७:५७-६१ | १५:४२-४७ | २३:५०-५३ | १९:३८-४२ |
| १० | येशूको पुनरुत्थान | २८:१-८ | १६:१-८ | २४:१-१२ | २०:१-२ |

**तालिका ६-२४.** चारवटै सुसमाचारको पुस्तकहरूमा पाइने १० वटा विवरणहरू

# अध्याय सात

# अब्राहामसँग बाँधिएको करार

# क. परिचय

चार सुसमाचारभरि नै लुकेर रहेको मुख्य विषय भनेको "परमेश्वरको इच्छा" हुन सक्छ। तर परमेश्वरको इच्छाचाहिँ के हो त? त्योचाहिँ परमेश्वरका छोराछोरीहरू सबैले परमेश्वरको सृष्टिको उद्देश्य (यशैया ४३:७, २१) बुझ्नू भन्ने हो। परमेश्वरले हामीलाई सृष्टि गर्नुको उद्देश्य भनेको हामीले उहाँको आदर र महिमा गर्नु हो। परमेश्वरका सन्तानहरूले सृष्टिको उद्देश्य अनुरूप जिए भने परमेश्वर आनन्दित हुनुहुनेछ। उनीहरूले परमेश्वरलाई आराधना, प्रशंसा र धन्यवादद्वारा आदर प्रकट गर्दा, परमेश्वर रमाउनुहुनेछ। अनि उहाँ पनि आफ्नो खुसी आफ्नो सन्तानहरूसँग बाँड्न चाहनुहुन्छ (उत्पत्ति १:३१)। यसरी अगापे प्रेमले सृष्टिकर्ता परमेश्वर र उहाँका सन्तानलाई एकतामा ल्याउँछ। र त्यो अगापे प्रेम संसारभरि फैलिन सक्नेछ।

तर हाम्रो सर्वज्ञानी परमेश्वरलाई सृष्टि भन्दाअघिदेखि नै यो कुरा थाहा थियो, कि उहाँका सन्तानहरूले उहाँको सृष्टिको उद्देश्य बुझ्नेर पालन गर्ने छैनन्। त्यसैकारण परमेश्वरले सृष्टिअघिदेखि नै उहाँका सन्तानको यो कमजोरी र सीमिततामा उनीहरूलाई सहायता गर्नको निम्ति योजना बनाउनु भयो। त्यही योजना अनुरूप नै येशू यो धर्तीमा आउनुभयो र उहाँको सृष्टिद्वारा अनिपछि उहाँको क्रूसको मृत्युद्वारा पनि हामीलाई उहाँको सृष्टिको उद्देश्य सिकाउनुभयो र क्रूसमा 'अब सिद्धियो' भन्नुभएर अन्तिम सास फेर्नुभयो। त्यसपछि उहाँ पुनरुत्थान हुनुभयो र ४० दिनसम्म यो धर्तीमा नै हिँडडुल गर्नुभयो र चेलाहरूलाई उहाँको सुसमाचार सारा संसारमा फैलाउने आज्ञा दिनुभएर उहाँ स्वर्गारोहण हुनुभयो। यो महान् आदेश भनेकोचाहिँ येशूले हामीलाई सारा संसारमा 'परमेश्वरको इच्छा सिकाउने' आज्ञा दिनुभएको छ, ताकि तिनीहरूले पनि आज्ञा पालन गर्न सकून्।

विषयवस्तुको आधारमा चार सुसमाचारले येशूको सार्वजनिक सेवकाइको विषयमा चर्चा गर्दछ, जसमा, उहाँले के गर्नुभयो, उहाँले के सिकाउनु भयो, र उहाँले आफ्ना चेलाहरूलाई के आज्ञा दिनुभयो भन्ने विषयहरू पर्छन्। चार सुसमाचारका सबै लेखकहरूले यही विषयलाई आ-आफ्नो तरिकाले प्रस्तुत गरेका छन्। मत्ती, मर्कूस र लूकाको सुसमाचारहरू समदृष्टि सुसमाचारहरू हुन् जसले येशूलाई मानिसको रूपमा प्रस्तुत गरेका छन्। तर यी तीन सुसमाचारहरूको लेख्नुको उद्देश्य, लेखिएका समूह, लेखनशैली आदि भने फरक-फरक छन्। अर्कोतर्फ यूहन्नाको सुसमाचार अरू तीन समदृष्टि सुसमाचारहरूभन्दा फरक छ, जसले येशूको ईश्वरत्वलाई मुख्य रूपमा प्रस्तुत गरेका छन्।

त्यसैले चार सुसमाचारहरू आ-आफ्नो लेख र अनि लक्षित समूहको आधारमा फरक छन्। तर उनीहरूको समान र स्पष्ट उद्देश्य छ, त्योचाहिँ येशू परमेश्वरका सन्तानहरूलाई सृष्टिको उद्देश्य सिकाउन यो धर्तीमा मानिस भएर आउनुभयो भन्ने गवाही दिनु हो। त्यतिमात्र होइन चारै जनाले यो कुरा बताएका छन्, कि येशूको आगमन पहिले नै पुरानो करारमा भविष्यवाणी गरिएको थियो अनि येशूको आगमन परमेश्वरबाट व्यवस्थितरूपमा पहिले नै तयारी गरिएको थियो। येशू त्रिएक परमेश्वरको दोस्रो व्यक्तित्व हुनुहुन्छ। उनीहरूले हामीलाई यो पनि बताएका छन्, कि येशू फेरि दोस्रोपटक आउनु हुनेछ अनि येशूको पहिलो आगमन र दोस्रो आगमनको बिचमा यो पृथ्वीमा के के घटनाहरू घट्नेछन् ती कुराहरू पनि उनीहरूले स्पष्ट गरेका छन्। उनीहरूले येशूका प्रिय चेलाहरूले कस्तो जीवन जिउनु पर्छ, अनि यो पृथ्वीको बसाइमा परमेश्वरको रहस्यहरूको विषयको तालिम सकेर फर्केपछि माथि स्वर्गमा उनीहरूको निम्ति के तयार गरिएको छ, भन्ने कुराहरू पनि बताएका छन्।

वास्तवमा, येशूले आफ्नो पृथ्वीको बसाईको अवधिमा गर्नु भएका र सिकाउनु भएका कुराहरूमा परमेश्वरको अन्यजातिहरूलाई बचाउने रहस्यपूर्ण योजनाको जग बसालिएको छ। यो पाठमा हामी येशूले गर्नुभएका सम्पूर्ण आश्चर्यकर्महरू र उहाँले चेलाहरूलाई दिनुभएका शिक्षाहरू कसरी परमेश्वरको अन्यजातिहरूको मुक्तिको योजनासँग जोडिएका छन् भन्ने बारेमा हेर्नेछौँ। यदि कसैले चार सुसमाचारको पुस्तकहरू पढी सकेर पनि येशूले गर्नुभएका आश्चर्यकर्महरू र दिनुभएका शिक्षाहरूलाई अन्यजातिहरूलाई उद्धार गर्ने परमेश्वरको योजना बाहेक अरू तरिकाले अर्थ लगाउँछ भने उसले चार सुसमाचारको सन्देशलाई सही तरिकाले बुझेको छैन भन्ने चिन्ह हो।

चार सुसमाचारका पुस्तकहरूमा उल्लेख गरिएका केही विषयहरू धेरै महत्वपूर्ण छन्। हुन त चार सुसमाचारका पुस्तकहरूलाई विस्तृत ईश्वरशास्त्रीय शृङ्खला पनि भन्न सकिन्छ। सम्भव भए त त्यहाँ भएका सबै विषयहरूलाई एक-एक गरी विस्तृत रूपमा बुझ्न सके उत्तम हुने थियो, तर यो पुस्तकमा त्यो सबै सम्भव छैन। त्यसैकारण यो अध्यायमा हामी चार सुसमाचारका पुस्तकहरूको साझा विषय "अन्यजातिहरूको मुक्तिको निम्ति परमेश्वरको योजना" मा नै केन्द्रित हुनेछौँ।

हामी प्रभु येशूले पुरानो करारमा दिनुभएको अब्राहामको करारलाई (उत्पत्ति १२:२-३) हेर्नेछौँ। अनि हामी येशूले आफ्नो पृथ्वीको पहिलो आगमनको घडीदेखि नै कसरी त्यो करारलाई व्यक्तिगत रूपमा पुरा गर्नुभयो (मत्ती १:२१, यूहन्ना १:१४) भन्ने पनि हेर्नेछौँ। यसरी हामी चार सुसमाचार सम्बन्धी हाम्रो बुझाइको उचाइ, लम्बाइ, चौडाइ र गहिराइको विकास गर्न सक्नेछौं (एफिसी ३:१९)

## ख. अब्राहामसँग बाँधिएको करार

परमेश्वरले जहिले पनि अन्यजातिहरूले (यहूदीहरूले पनि) सृष्टिको उद्देश्य बुझेको चाहनुहुन्छ। हुन त सुरुको समयमा यहूदीहरू मात्र इसाई थिए तर ती न्यून संख्यक यहूदीहरूले नै अन्यजातिहरूलाई सुसमाचार प्रचार गरे। र अहिले बहुसंख्यक परमेश्वरका सन्तानहरू अन्यजातिहरूबाट छन्। वास्तवमा न्यून संख्यक यहूदीहरूको माध्यमबाट सुसमाचार अन्यजातिहरूमा पुग्नुपर्ने थियो भन्ने कुरा अनि चार सुसमाचारहरूको शिक्षाको जग हो। येशूका सबै आश्चर्यकर्महरू, शिक्षाहरू र कामहरू यो सत्यतासँग सम्बन्धित छन्। तर पनि त्यो समयमा प्रभुका यहूदी चेलाहरूले यो कुरा बुझ्न सकेनन्। यहूदीहरूको कामचाहिँ अन्यजातिहरूको बिचमा सुसमाचार पुऱ्याउने पुलको भूमिका खेल्नु हो भनी बुझ्न सकेनन्।

तर पनि बिस्तारै बिस्तारै येशूले ती यहूदीहरूलाई अन्यजातिहरूको बिचमा सुसमाचार पुऱ्याउने पुलको रूपमा काम गर्न प्रयोग गर्नुभयो। सुरुमा येशूले हिब्रू भाषा बोल्ने इस्राएलमा बस्ने यहूदीहरू (प्रेरित ६:१), विशेषगरी उहाँका चेलाहरूलाई अरू देशमा बसोबास गर्ने प्रवासी यहूदीहरूलाई (ग्रीक भाषा बोल्ने यहूदीहरूलाई) सुसमाचार पुऱ्याउन प्रयोग गर्नुभयो। त्यसपछि उहाँले प्रवासी यहूदीहरूलाई अन्यजातिहरूको बिचमा सुसमाचार पुऱ्याउने पुलको रूपमा प्रयोग गर्नुभयो। त्यसपछि येशूले बिस्तारै यहूदीहरूका आँखा बन्द गरिदिनु भयो र उनीहरूले येशूलाई देख्न नसक्ने भए।

त्यसपछि यहूदीहरू परमेश्वरलेप्रतिज्ञा गर्नुभएको अब्राहामको करारको आशिषबाट पूर्ण रूपमा अलग भए (ई.पू. २१६६)। के परमेश्वरले तिनीहरूलाई त्याग्नु भएको हो त? कदापि होइन (रोमी ११:१)। परमेश्वरको मुक्तिको पूर्वयोजनाअनुसार काम गर्नुभएको मात्र हो (रोमी १:१६)। यो योजनाअनुसार अब्राहामका शारीरिक सन्तानहरू, यहूदीहरूले (इस्राएलका हिब्रू

यहूदीहरू र ग्रीक भाषा बोल्ने प्रवासी यहूदीहरू पनि) पहिले सुसमाचार पाए। त्यसपछि अन्यजातिहरूले सुसमाचार पाए। योचाहिँ सुरुको ४० वर्ष (इ.सं. ३०-७०)को इसाई इतिहास हो। त्यसपछि इसाई मण्डलीहरूको समय सुरु भयो। अहिले हामी पनि मण्डलीको समयमा छौँ, जहाँ उद्धार गरिनुपर्ने अन्यजातिहरूको निर्धारित सङ्ख्या (रोमी ११:२५) पुरा हुन बाँकी छ। तर जब अन्यजातिहरूको सङ्ख्या पुरा हुनेछ, तब यहूदीहरूले फेरि सुसमाचार ग्रहण गर्नेछन् (रोमी ११:२६)।

## १. पाँचपटक दिइएको करार

परमेश्वरले पुरानो करारमा अब्राहामको समयदेखि नै अन्यजातिहरूमा मुक्ति आउनेछ भन्ने कुरा हामीहरूलाई देखाउँदै आउनुभएको छ। त्यो कुरा येशू आउनुभन्दा करिब २,००० वर्षअघिको कुरा थियो। जब येशूले (पुरानो करारको यहोवा परमेश्वरले) अब्राहामलाई बोलावट दिनुभयो (उत्पत्ति १२:१), तब उहाँले अब्राहामलाई एउटा महत्वपूर्णप्रतिज्ञा गर्नुभयो जुन अब्राहामसँगको परमेश्वरको कारार (Abrahamic Covenant) भनिन्छ। परमेश्वरले योप्रतिज्ञालाई ५ पटक दोहोऱ्याउनु भयो (३ पटक अब्राहामलाई, १ पटक इसाहकलाई र १ पटक याकूबलाई)।

अब परमेश्वरले अब्राहामसँग गर्नुभएको कारारहरू हेरौँ।

उत्पत्ति १२:२-३: "म तँबाट एउटा ठुलो जाति खड़ा गर्नेछु, र तँलाई आशिष् दिनेछु। म तेरो नाउँ प्रसिद्ध गराउनेछु, र तँ आशिष्को मूल हुनेछस्। तँलाई आशिष् दिनेहरूलाई म आशिष् दिनेछु, र तँलाई सराप दिनेहरूलाई सराप दिनेछु। तँद्वारा नै पृथ्वीका सबै कुलले आशिष् पाउनेछन्।"

यी पदहरू धेरै महत्वपूर्ण छन्. यी पदहरूचाहिँ मानव जातिको उद्धारको विषयमा बुझ्नको निम्ति मुख्य केन्द्र हुन्। २ पदचाहिँ यहूदीहरूलाई आशिषकोप्रतिज्ञा गरिएको हो। अनि यसलाई मिसन विदहरूले उच्च तहको आशिष् भनी भन्छन्। यसको मतलब परमेश्वरले अब्राहाम र उसका सन्तानहरूलाई आशिष् दिनुहुनेछ भन्ने कुरा हो। ३ पदमा परमेश्वरले संसारका सबै मानिसहरूले (अन्यजातिहरूले) पनि आशिष् पाउनेछन् भन्ने कुराकोप्रतिज्ञा गर्नुभयो। अब्राहामसँगको करारको यो खण्डलाई केही तल्लो तहको आशिष् भनिन्छ।

परमेश्वरले अब्राहामसंगको करार दोस्रोपटक उत्पत्ति १८:१८ मा दिनुभयो।

'अब्राहामबाट एउटा ठुलो र शक्तिशाली जाति बन्नेछ, र त्यसद्वारा नै पृथ्वीका सबै जातिहरूले आशिष् पाउनेछन् '

योचाहिँ परमेश्वरले दिनुभएको पहिलोप्रतिज्ञालाई फेरि दोहोऱ्याएर पक्का गरिएको कुरा थियो।

परमेश्वरले अब्राहामलाई तेस्रोपटक करार दिनुभएकोचाहिँ उत्पत्ति २२:१७-१८ मा हो। यहाँ पहिलोपटक तेरो सन्तान (Seed / Offspring) भन्ने शब्द प्रयोग गरिएको छ। अनि अब्राहामसँगको करार बुझ्नको लागि यो शब्द धेरै नै महत्वपूर्ण छ। योप्रतिज्ञा अब्राहामले परमेश्वरको आज्ञा मानेर आफ्नो छोरो इसहाकलाई मोरिया पहाडमा बली गर्न लागेको घटना पछिको कुरा हो। यहाँ यसरी लेखिएको छ:

तेरा सन्तानको वृद्धि गरेर आकाशका तारा र समुद्र किनारका बालुवासरह म तुल्याउनेछु। तेरा सन्तानले आफ्ना सत्रुहरूका सहरहरू कब्जा गर्नेछन्। तेरै सन्तानद्वारा पृथ्वीका सबै जातिहरू आशीर्वादी हुनेछन्, किनकि तैंले मेरो वचन पालन गरिस्।"

योप्रतिज्ञा परमेश्वरले अब्राहामलाई मात्र दिनु भएन तरपछि इसहाक र याकूबलाई पनि एक एकपटक दिनुभयो।

उत्पत्ति २६:४ मा इसाहकलाई यसो भन्नु भयो, 'तेरा सन्तानलाई आकाशका ताराहरूझैँ बढ़ाउनेछु, र तिनीहरूलाई यी सबै देश दिनेछु। तेरै सन्तानहरूद्वारा संसारका सबै जातिहरूले आशिष् पाउनेछन्,

अनि उत्पत्ति २८:१४ मा याकूबलाई यसो भन्नु भयो, 'तेरा सन्तान पृथ्वीको धूलोसरह हुनेछन्। पूर्व, पश्चिम, उत्तर र दक्षिणतिर फैलिएर तँ जानेछस्। तँ र तेरा सन्तानहरूद्वारा नै पृथ्वीका सबै मानिसहरू आशीर्वादी हुनेछन्। '

यी सबै ५ वटा प्रतिज्ञाहरूलाई एक ठाउँमा ल्याएर हेर्दा हामी यो निचोडमा आउन सक्छौं, कि अब्राहाम, इसाहक र याकूबको सन्तानद्वारा पृथ्वीका सबै मानिसहरू आशिषित हुनेछन्। अनि त्यो व्यक्तिचाहिँ येशू हुनुहुन्छ जो अब्राहामको सन्तानको रूपमा जन्मनु भयो र उहाँद्वारा नै संसारका मानिसहरूले उद्धार र मुक्ति पाउने भए (गलाती ३:१६)।

| प्रापक | करार सम्बन्धी बाइबल खण्ड |
|---|---|
| **अब्राहाम ई.पू. २१६६-१९९१** | "म तँबाट एउटा ठुलो जाति खड़ा गर्नेछु, र तँलाई आशिष् दिनेछु। म तेरो नाउँ प्रसिद्ध गराउनेछु, र तँ आशिष्को मूल हुनेछस्। तँलाई आशिष् दिनेहरूलाई म आशिष् दिनेछु, र तँलाई सराप दिनेहरूलाई सराप दिनेछु। तँद्वारा नै पृथ्वीका सबै कुलले आशिष् पाउनेछन्।" उत्पत्ति १२:२-३ |
| | 'अब्राहामबाट एउटा ठुलो र शक्तिशाली जाति बन्नेछ, र त्यसद्वारा नै पृथ्वीका सबै जातिहरूले आशिष् पाउनेछन् ' उत्पत्ति १८:१८ |
| | तेरा सन्तानको वृद्धि गरेर आकाशका तारा र समुद्र किनारका बालुवासरह म तुल्याउनेछु। तेरा सन्तानले आफ्ना सत्रुहरूका सहरहरू कब्जा गर्नेछन्। 18तेरै सन्तानद्वारा पृथ्वीका सबै जातिहरू आशीर्वादी हुनेछन्, किनकि तैंले मेरो वचन पालन गरिस्।" (उत्पत्ति २२:१७-१८) |
| **इसाहक ई.पू. २०६६-१८८६** | 'तेरा सन्तानलाई आकाशका ताराहरूझैँ बढ़ाउनेछु, र तिनीहरूलाई यी सबै देश दिनेछु। तेरै सन्तानहरूद्वारा संसारका सबै जातिहरूले आशिष् पाउनेछन्, ' उत्पत्ति २६:४ |
| **याकूब ई.पू. २००६-१८५९** | 'तेरा सन्तान पृथ्वीको धूलोसरह हुनेछन्। पूर्व, पश्चिम, उत्तर र दक्षिणतिर फैलिएर तँ जानेछस्। तँ र तेरा सन्तानहरूद्वारा नै पृथ्वीका सबै मानिसहरू आशीर्वादी हुनेछन्। 'उत्पत्ति २८:१४ |

**तालिका ७-१.** अब्राहामसँगको करार

येशू प्रभु अब्राहामको वंशबाट जन्मनुहुने कुराको भविष्यवाणीलाई बाइबलमा धेरै ठाउमा पुष्टि गरिएको छ (उत्पत्ति ४९:८-१२, मीका ५:२, लूका २:४, प्रकाश ५:५)। येशूको वंशावलीमा पनि यो कुरा स्पष्ट छ, कि उहाँ अब्राहामको सन्तान हुनुहुन्छ (मत्ती १:१-१७, लूका ३:२३-३८)।

अब निचोडमा भन्नुपर्दा, अब्राहामसँगको करारमा भनिएको Seed अर्थात् offspring अरू कोही नभएर येशू नै हुनुहुन्छ। यो करारअनुसार सबै मानिसहरू येशूद्वारा आशिषित हुनेछन्। तर यहाँ भनिएको सबै मानिसहरूको अर्थ के हो त? यो अन्याजतीहरूको कुरा गरिएको हो तर यहूदीहरूको होइन। यो कुरा बुझ्नको निम्ति हामीले हिब्रू र ग्रीकमा यसको अर्थ बुझ्नुपर्ने हुन्छ।

## २. सुरुको बाइबलीय भाषाहरूमा 'यहूदी' र 'गैरयहूदी'

अरू भाषाहरूको तुलनामा हिब्रू र ग्रीक भाषा मानिसहरूलाई वर्गिकरण गर्ने विषयमा अलि फरक छन्। मानिसहरूको समूह विभाजन गर्ने कुरामा उनीहरू धेरै विकसित भएको देखिन्छ। कोरियन अनि अंग्रेजी भाषामा आफ्नो मानिसको समूह र अर्को मानिसहरूको समूहभन्दा उस्तै शब्दहरू प्रयोग गरिन्छ। तर हिब्रू भाषामा आफ्नो जाति र अन्यजातिहरूलाई बताउँदा फरक शब्दहरू प्रयोग गरिन्छ। अनि ग्रीक भाषामा पनि त्यस्तै हुन्छ।

हिब्रू भाषामा एक जना यहूदी व्यक्तिलाई जनाउन am शब्द प्रयोग गरिन्छ। अनि धेरै जना यहूदीहरू भनेर बहुवचनमाभन्दा amim शब्द प्रयोग हुन्छ। त्यसैगरी एक जना गैरयहूदीलाई जनाउन go शब्द प्रयोग गरिन्छ भने धेरै जना गैरयहूदीहरू भन्नको निम्ति goim शब्द प्रयोग गरिन्छ। यही प्रकारको शैली ग्रीक भाषामा पनि पाइन्छ जुन भाषामा नयाँ करारको बाइबल लेखिएको थियो। ग्रीक भाषामा एक जना यहूदी मानिसलाई laos शब्द प्रयोग गरिन्छ भने धेरै जना यहूदीहरू भन्नको निम्ति laoi शब्द प्रयोग गरिन्छ। एक जना गैरयहूदी मानिसलाई ethnos भनिन्छ भने धेरै जना गैरयहूदी मानिसहरूलाई ethne शब्द प्रयोग गरिन्छ।

हिब्रू भाषामा अब्राहामको करार उत्पत्ति १२:२-३ मा सबै मानिसहरू भन्ने शब्दलाई goim भनी लेखिएको छ। यो एक अचम्मको कुरा छ। यदि परमेश्वरले अब्राहामलाई उनको सन्तानद्वारा संसारका सबै मानिसहरूले आशिष् पाउनेछन् भनी भन्न खोज्नु भएको थियो भने amim र goim भनी लेखेको हुनुपर्ने थियो। तर यहाँ त्यस्तो कुरा छैन, तर goim मात्र उल्लेख गरिएको छ। योप्रतिज्ञाअनुसार goim मात्र अर्थात् गैरयहूदीहरू मात्र अब्राहामको सन्तानद्वारा आशिषित हुनेछन्।

यहूदीहरूको दृष्टिकोणबाट हेर्दा त झन् यो कुरा स्वीकार गर्न मुस्किल हुन्छ। तर यो कुरा सत्य छ। जसै येशू संसारको मुक्तिदाताको रूपमा जन्म लिनुभयो तब एकदमै थोरै मात्र यहूदीहरूले उहाँलाई स्वीकार गरे तर अरू सबैले उहाँलाई इन्कार गरे। अर्कोतर्फ धेरै सङ्ख्यामा

गैरयहूदीहरूले येशूलाई स्वीकार गरे जुन कुरा परमेश्वरले पहिले नै तय गर्नुभएको थियो। यसरी हेर्दा परमेश्वरले येशू प्रभु आउनुभन्दा करिब २,००० वर्षअघि अब्राहामलाई गर्नुभएकोप्रतिज्ञा अहिले आएर अक्षरस पुरा भएको छ।

करार भन्ने शब्द पनि एउटा बलियो बैधानिक शब्द हो। हाम्रो प्राय: भाषामा भएको बाइबलहरूमाप्रतिज्ञा भनी मात्र उल्था गरिएको छ तर यसको अर्थ त्योभन्दा धेरै गहिरो छ। अंग्रेजी बाइबलमा Covenant भन्ने शब्द प्रयोग गरिएको छ जहाँ हामी अब्राहाम र परमेश्वर बिच भएको करारको कुरा गर्दैछौं। अनि यो करारचाहिँ पक्का पुरा हुनु पर्थ्यो किनकि यो स्वयम् परमेश्वरले गर्नुभएको करार थियो। अनि अब्राहामसँगको करार परमेश्वरले अब्राहामसँग गर्नुभएको थियो। अर्को अर्थमा भन्नुपर्दा यो परमेश्वरको अनुग्रहमा पूर्ण रूपमा निर्धारित थियो।

| | हिब्रू | | ग्रीक | |
|---|---|---|---|---|
| | **यहूदी** | **गैरयहूदी** | **यहूदी** | **गैरयहूदी** |
| **एक वचन** | Am | Go | Laos | Ethnos |
| **बहु वचन** | Amim | Goim | Laoi | Ethne |

**तालिका ७-२.** हिब्रू र ग्रीक भाषामा यहूदी र गैरयहूदी शब्द

## ३. सबै मानिसहरू (Panta Ta Ethne)

जब प्रभु येशू यो धर्तीमा हुनुहुन्थ्यो त्यो समयमा उहाँले आफ्ना चेलाहरूलाई गैरयहूदीहरूको बिचमा सुसमाचार प्रचार गर भनी आज्ञा दिनुभयो (इ.सं. ३०)। उहाँको त्यो आज्ञालाई महान् आदेश भनिन्छ जुन कुरा त्यो समयभन्दा करिब २,००० वर्षअघिको अब्राहामसँगको करारसँग मिल्न जान्छ।

प्रभु येशूले यो महान् आदेश उहाँको पुनरुत्थानपछि उहाँको स्वर्गारोहणसम्मको ४० दिनको समयमा कम्तीमा पनि ५ पटक दिनुभएको थियो। ती कुराहरू चार वटा सुसमाचरको पुस्तकहरूमा र प्रेरितको पुस्तकमा पाइन्छ (मत्ती २८:१९, मर्कूस १६:१५; लूका २४:४७, यूहन्ना २०:२१ र प्रेरित १:८)। तिनलाई हामी क्रमिक रूपमा हेरौँ।

**मत्ती २८:१९**

'यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ।'

**मर्कूस १६:१५**

'अनि उहाँले तिनीहरूलाई भन्नुभयो, "सारा संसारमा गएर सारा सृष्टिलाई सुसमाचार प्रचार गर।'

**'लूका २४:४७**

'अनि यरूशलेमबाट सुरु गरेर सबै जातिहरूलाई उहाँको नाउँमा पश्चाताप र पापक्षमाको प्रचार हुनुपर्छ।'

**यूहन्ना २०:२१**

'तब येशूले फेरि तिनीहरूलाई भन्नुभयो, "तिमीहरूलाई शान्ति! जसरी पिताले मलाई पठाउनुभयो, त्यसरी म पनि तिमीहरूलाई पठाउँदछु।'

**प्रेरित १:८**

'तर पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ, र तिमीहरू यरूशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ।'

यी ५ वटा खण्डमा भएका सन्देशहरू हेर्दा केही फरक जस्ता देखिन्छन् तर तिनीहरूको अर्थचाहिँ एउटै हो। हामीले मत्ती २८:१९ लाई हेर्छौँ भने महान् आदेशलाई अब्राहामको करारभन्दा पनि अझ विस्तृत रूपमा बताएको पाउन सक्छौँ। येशूले आफ्ना चेलाहरूलाई सारा संसारमा गएर चेला बनाऊ भन्ने आदेश दिनुभएको छ। नयाँ करारचाहिँ ग्रीक भाषामा लेखिएको थियो। त्यसैले अब हामी सबै जाति वा देशलाई ग्रीक भाषामा यसलाई कसरी भनिएको रहेछ भनी हेरौँ।

प्रभुले panta ta ethne भन्नु भएको छ। Panta भनेको सबै, ta भनेको अंग्रेजीमा द "The" अनि ethne भनेको गैरयहूदी जातिहरू भन्ने हुन्छ। अब यसलाई हामी यसरी अर्थ लगाउन सक्छौं, कि येशूले आफ्ना चेलाहरूलाई गएर धेरै गैरयहूदी मानिसहरूलाई सुसमाचार सुनाएर चेला बनाऊ भनी भन्नु भएको हो। येशूले जाऊ र यहूदीहरूलाई सुसमाचार सुनाएर चेला बनाऊ भनी भन्नु भएको होइन। उहाँले panta ta laoi पनि भन्नु भएन नत panta ta laoi kai ethne भनी भन्नु भयो। तर प्रभुले महान् आदेशमा गैरयहूदी जातिहरूलाई मुख्य जोड दिनुभयो। त्यसैले येशूका चेलाहरूले यहूदीहरूलाई होइन तर गैरयहूदीहरूलाई सुसमाचार प्रचार गर्नुपर्ने थियो।

Ethne भनेको गैरयहूदी जो हामीभन्दा फरक भाषा, संकृति र जातिका मानिस हुन्। मिसन भनेको त्यस्ता मानिसहरूको बिचमा सुसमाचार पुर्‍याउने काम हो भने मिसनरी भनेको

त्यस्ताहरूको बिचमा सुसमाचारको काम गर्ने मानिसहरू हुन्। येशूको सुसमाचार पाएका चेलाहरू सुसमाचार लिएर आफ्नै जातिको बिचमा सुविधाको क्षेत्रमा मात्र सीमित रहुनु हुँदैन। उनीहरू आफ्नो समाज र जातिहरूको बार नाघेर संसारका अरू जातिहरूमा सुसमाचार बोकेर जानुपर्छ। जसै येशूले प्रेरित १:८ मा भन्नुभयो, हामी यरूशलेमदेखि सारा यहूदिया, सामरिया र पृथ्वीको अन्तिम छेउसम्म येशूको साक्षी हुनुपर्छ।

येशूका चेलाहरूले येशूको आज्ञा पालन गरे र गैरयहूदीहरूको बिचमा सुसमाचारको काम गर्दा उनीहरू सहिद बने। उनीहरू धेरै फल फलाउनको निम्ति जमिनमा परेर मर्ने गहुँको दानाजस्तो बने (यूहन्ना १२:२४)। प्रभु येशूको समयदेखि विगतको २,००० वर्षको इसाई इतिहासले यो कुरा देखाएको छ, कि एकदम कम प्रभुका चेलाहरू मात्र येशूको सुसमाचार लिएर अरू जातिहरूको बिचमा सेवा गर्न जाने गर्छन्।

## ४. ख्रीष्टको रहस्य

वास्तवमा सुसमाचार यहूदीहरूबाट सुरु भएर गैरयहूदीहरूमा पुग्नुपर्छ भन्ने कुरा नै एउटा ख्रीष्टको रहस्य हो (मत्ती १३:११, १ कोरिन्थी २:७, एफिसी ३:४, रोमी १६:२५-२६)। पुरानो करारअनुसार यहूदीहरू परमेश्वरका चुनिएका मानिसहरू हुन् र उनीहरूको परमेश्वरसँग एउटा लामो प्रेम सम्बन्ध छ। तर जब सुसमाचारको कुरा आउँछ तब हामी यो कुरा बुझ्छौँ, कि सुसमाचार यहूदीहरूमा सीमित नभएर उनीहरूद्वारा गैरयहूदीहरूमा पुग्नुपर्ने थियो। यो कुरा यहूदीहरूको दृष्टिकोण हेर्दा बुझ्न र स्वीकार गर्न गाह्रो हुन्छ। कसरी यहूदीहरूभन्दा पनि पहिले गैरयहूदीहरूले येशूलाई चिन्ने आशिष् पाउन सक्छन्?

प्रेरित पावलले पनि आफैलाई यो प्रश्न सोधेका थिए। जसै पावलले सुसमाचार प्रचार गर्दै हिँडे, उनको तीन वटा मिसन यात्राको प्रचारको क्रममा एकदमै न्यून संख्यक यहूदीहरूले मात्र उनले प्रचार गरेको सुसमाचार ग्रहण गरे। बहुसंख्यक यहूदीहरूले पावल र उनको सहकर्मीहरूलाई दया बिना नै सतावट दिए। उनीहरूले अझै पावललाई मार्ने प्रयत्न पनि गरे (प्रेरित १३:४-२१:१६, इ.सं. ४६-५७)। पावललाई यो कुरा स्वीकार गर्न सारै गाह्रो पऱ्यो। उनले अरू सबै मानिसहरूभन्दा बढी यो कुरा बुझेका थिए, कि मुक्तिचाहिँ पूर्ण रूपमा परमेश्वरको अनुग्रहबाट प्राप्त हुने कुरा हो (रोमी ३:२४)। उनका आफ्नै मानिसहरू अर्थात् यहूदीहरूले सुसमाचार ग्रहण गर्न इन्कार गर्नु भनेको उनीहरू परमेश्वरको मुक्तिको अनुग्रहबाट वञ्चित भएका हुन् भन्ने अर्थ हो।

रोमी ९ अध्यायमा पावलले यो विषयमा धेरै प्रश्नहरू गर्दै धेरै दु:खी भएको देख्न सकिन्छ। अनि उनले कसरी त्यसको उत्तर पाए त भन्ने कुरा पनि देख्न सकिन्छ। रोमी ९:१-३ मा पावल

यसरी भन्छन्, म ख्रीष्टमा साँचो बोलिरहेछु, मैले ढाँटेको छैनँ। मेरो विवेकले पवित्र आत्मामा मलाई गवाही दिन्छ। मेरो हृदयमा असाध्य शोक र मनमा अटूट वेदना छ। म त यहाँसम्म पनि चाहन सक्थें, कि मेरा भाइहरू र मेरा जातिको नाताले मेरा कुटुम्बहरूका खातिर म नै श्रापित होऊँ, र ख्रीष्टबाट परित्यक्त होऊँ! पावलको तर्फबाट यो प्रभु येशूसँग गरिएको कडा प्रश्न हो। उनी भन्छन्, कि हामी यहूदीहरू परमेश्वरले चुन्नुभएको विशेष जातिहरू हौं। के तपाईंले हामीलाई बिर्सनु भयो र? पावल यसरी दु:ख व्यक्त गर्छन्, कि हे परमेश्वर मेरा आफ्ना जातिहरूको उद्धार नभएको देख्नुभन्दा त बरु मेरो नाम नै जीवनको पुस्तकबाट हटाइदिनुहोस। यो पनि साहासी अभिव्यक्ति हो।

उनको परमेश्वरसँगको विद्रोहको क्रममा उनले प्रभु येशूबाट एउटा महत्वपूर्ण प्रकाश पाउँछन्। त्यो कुरा के हो भने धेरै अगमवक्ताहरूले पनि पहिले नै घोषणा गरेजस्तै, यहूदीहरूलेभन्दा पहिले गैरयहूदीहरूले सुसमाचार प्राप्त गर्नेछन्। योचाहिँ परमेश्वरले पहिले नै तयार गर्नुभएको उहाँको योजना नै हो। परमेश्वरले यो योजना सुरुमा नै अब्राहामसँगको करारमा व्यक्त गरिसक्नुभएको थियो (ई.पू. २१६६)। अब्राहामदेखि ५०० वर्षपछि मोशालाई पनि परमेश्वरले यो योजना प्रकट गर्नुभयो। व्यवस्था ३२:२०-२१ मा परमेश्वरले यसरी भन्नु भयो, तब उहाँले भन्नुभयो,"म तिनीहरूबाट आफ्नो मुख लूकाउनेछु"अनि तिनीहरूको अन्त के हुनेछ, म हेर्नेछु। किनकि तिनीहरू उल्टा पुस्ताका हुन्, विश्वासघाती सन्तानहरू हुन्। जो ईश्वर होइन, त्यसको कारण तिनीहरूले मलाई डाही तुल्याए, तिनीहरूका व्यर्थका मूर्तिहरूद्वारा तिनीहरूले मलाई रीस उठाए। एउटा जाति नै नभएका मानिसहरूद्वारा म तिनीहरूलाई डाही बनाउँछु, समझै नभएको एउटा जातिद्वारा तिनीहरूको रीस उठाउनेछु।

मोशाले परमेश्वरबाट यो सन्देश पाएको समयमा उनी करिब १२० वर्ष पुगेका थिए अनि उनी मरुभूमिको यात्रा गरेर आफ्नो मृत्युको मुखैमा पुगिसकेका थिए। त्यो अगमवाणीको अर्थचाहिँ यो थियो, कि ४० वर्षको उजाडस्थानको यात्रामा यहूदीहरूले चट्टानलाई इन्कार गरे (व्यवस्था ३२:१५), जुन चट्टानचाहिँ यहोवा परमेश्वर अर्थात् येशू ख्रीष्ट हुनुहुन्छ (१ कोरिन्थी १०:४)। उनीहरूले येशू प्रभुलाई १० पटक इन्कार गरे र गनगन गरे (गन्ती १४:२२)। इस्राएलीहरूले त्यो चट्टानलाई त्यागे र भुले, जसले उनीहरूलाई डोऱ्याउनुभयो र तृप्त पार्नुभएको थियो (व्यवस्था ३२:१८)। तिनीहरूले मूर्तिपूजा गरे र दुष्टलाई बलि चढाए (व्यवस्था ३२:१७)। उनीहरूका सबै दुष्टताद्वारा इस्राएलीहरूले यहोवा परमेश्वरलाई क्रोधित तुल्याए (व्यवस्था ३२:१६)। त्यसैकारण परमेश्वरले भन्नुभयो, कि उहाँले तिनीहरूदेखि आफ्नो मुहार लूकाउनुहुनेछ र तिनीहरूलाई इन्कार गर्नुहुनेछ (व्यवस्था ३२:१९)। तिनीहरूको सट्टामा परमेश्वरले एउटा समझै नभएको जाति अर्थात् अन्यजाति (गैरयहूदी) हरूलाई खडा गर्नुहुनेछ। अनि अन्यजातिहरू अर्थात् गैरयहूदीहरूलाई दया देखाएर उहाँले यहूदीहरूलाई डाही तुल्याउनुहुनेछ (व्यवस्था ३२:२१)।

वास्तवमा यहूदीहरूलेभन्दा पहिले गैरयहूदीहरूले सुसमाचारमा विश्वास गर्नेछन् भन्ने कुराको योजनाचाहिँ सृष्टिभन्दा पनिअघि अनन्ततादेखि तयार गरिएको योजना थियो तर लूकाइएको थियो। तर जसै उचित समय आयो, तब परमेश्वरले आफ्ना मानिसहरू, अब्राहाम, मोशा, दानिएल, होशे र यशैयालाई यो रहस्य क्रमिक रूपमा प्रकट गर्नुभयो।

अब हामी पुरानो करारमा भएका यी प्रकाशहरूको बारेमा हेरौँ। मुक्ति कसरी यहूदीहरूबाट गैरयहूदीहरूमा जानेछ भनेर प्रभय येशूले पावललाई प्रकट गराई दिनुभयो। पहिलो प्रकाश मोशालाई दिइएको थियो:

"जो ईश्वर होइन, त्यसको कारण तिनीहरूले मलाई डाही तुल्याए, तिनीहरूका व्यर्थका मूर्तिहरूद्वारा तिनीहरूले मलाई रीस उठाए। एउटा जाति नै नभएका मानिसहरूद्वारा म तिनीहरूलाई डाही बनाउँछु, समझै नभएको एउटा जातिद्वारा तिनीहरूको रीस उठाउनेछु" (व्यवस्था ३२:२१; रोमी ९:१०)।

'तर आजसम्म परमप्रभुले तिमीहरूलाई बुझ्ने मन, देख्ने आँखा र सुन्ने कान दिनुभएको छैन' (व्यवस्था २९:४, रोमी ११:८)।

दोस्रो प्रकाश राजा दाऊदलाई प्रकट गरिएको थियो,

'तिनीहरूका निम्ति राखिएको भोजन तिनीहरूका निम्ति पासो बनोस्, यो नैप्रतिफल र धराप बनोस्। तिनीहरूका आँखा धमिला होऊन् र देख्न नसक्ने बनून्, र तिनीहरूको कमर सदा कुप्रिरहोस्' (भजन संग्रह ६९:२२-२३, रोमी ११:९-१०)।

तेस्रो होशेलाई,

'म मेरो आफ्नो निम्ति म त्यसलाई भूमिमा रोप्नेछु। जसलाई मैले "प्रिय नभएकी" भनेको थिएँ, त्यसलाई म दया देखाउनेछु। जसलाई मैले "तिमीहरू मेरा प्रजा होइनौ" भनेको थिएँ, तिनीहरूलाई म "मेरा प्रजा" भन्नेछु। अनि तिनीहरूले भन्नेछन्, 'तपाईं हाम्रा परमेश्वर हुनुहुन्छ'।" ( होशे २:२३, रोमी ९:२५-२६)।

| अनन्तको समय | आदिमा | सृष्टिभन्दाअघि (यूहन्ना १:१) | |
|---|---|---|---|
| ई.पू. | आदिमा | सृष्टि (उत्पत्ति १:१) | |
| | ४११४ | आदमको पतन (उत्पत्ति ३:६) | ५०० वर्ष |
| | | हनोक (उत्पत्ति ५:१८) | - ५०० वर्ष |
| | ३०५८ | नोआ (उत्पत्ति ५:२८-२९) | - ५०० वर्ष |
| | २४५८ | जलप्रलय (उत्पत्ति ७:६, ११) | - ५०० वर्ष |
| | २१६६ | अब्राहाम (उत्पत्ति १२:२६) | - ५०० वर्ष |
| | १५२० | मोशा (प्रस्थान २:१-२) | - ५०० वर्ष |
| | १०४० | दाऊद | - ५०० वर्ष |
| | ८५० | अगमवक्ताहरूको समय (एलियादेखि सुरु) | |
| | ६०५ | दानिएल | - ५०० वर्ष |
| | ४५० | अगमवक्ताहरूको समय (मलाकीमा सकिन्छ) | - ५०० वर्ष |
| | ४ | येशूको जन्म | - ५०० वर्ष |

**तालिका ७-३.** अनन्तदेखि येशूको जन्मसम्मको ऐतिहासिक तालिका

अन्त्यमा यशैयालाई,

उहाँले मलाई भन्नुभयो, "जाऊ गएर यी मानिसहरूलाई भन, "'तिमीहरू सुन्न त सुन्छौ, तर बुझ्दैनौ, तिमीहरू देख्न त देख्छौ, तर थाहा पाउँदैनौ'। यी मानिसहरूका हृदय कठोर, र तिनीहरूका कान नसुन्ने पार, र तिनीहरूका आँखा बन्द गरिदेऊ, नत्रता तिनीहरूले आफ्ना आँखाले देख्लान्, र आफ्ना कानले सुन्लान्, र तिनीहरूका हृदयले बुझ्लान्, र फेरि फर्केर तिनीहरू निको होलान्" (यशैया ६:९-१०, रोमी ११:८)।

यहाँ हामी पुरानो करारका धेरै अगमवक्ताहरूको अगमवाणी देख्छौँ, जहाँ यहूदीहरू अर्थात् इस्राएलीहरूको आत्मिकी आँखा अन्धो तुल्याइनेछ (त्यसैकारण उनीहरूले येशूलाई संसारको मुक्तिदाताको रूपमा देख्न सक्नेछैनन्)। तर पनि एकदिन इस्राएलीहरूमध्ये न्यून सङ्ख्यामा रहेका यहूदीहरू जसको आँखा अन्धो भएको छैन, उनीहरूद्वारा इस्राएलीहरू पुनर्स्थापित हुनेछन्। यी थोरै बचेका न्यून सङ्ख्याका यहूदीहरूलाई बचेको अंश भनिनेछ (यशैया ६:१३)। यशैया भन्छन्, कि त्यो सानो अंश जहिले पनि रहनेछ (यशैया १:९, १०:२२-२३)। अनि यो भविष्यवाणी पुरा गर्नको निम्ति पुरा इस्राएलको इतिहासभरि नै थोरै मात्र व्यक्तिहरूले मूर्तिपूजालाई इन्कार गरेर यहोवा परमेश्वरको मात्र सेवा गरेका छन्। अनि अहिले नयाँ करारको समयमा पनि केही न्यून संख्यक यहूदीहरू छन् जसले येशूलाई प्रभु र मुक्तिदाता मानि उहाँको सेवा गर्दछन् (रोमी ११:५-६)।

यहूदीहरूको बिचमा रहेका यी न्यून संख्यक बचेको अंशद्वारा एकदिन पुरा इस्राएल नै प्रभुमा पुनर्स्थापित हुनेछ। जब परमेश्वरले चुन्नुभएका अन्यजातिहरूको तोकिएको सङ्ख्या पुरा हुनेछ तब यो कुरा हुनेछ। रोमी ११:२५-२६ मा पावल यसरी भन्छन्, भाइ हो, आफ्नै अभिमानमा तिमीहरू बुद्धिमान् हुन खोज्छौ, कि भनेर तिमीहरू यो रहस्य बुझ भन्ने म चाहन्छु, कि अन्यजातिहरूको सङ्ख्या पूर्ण नभएसम्म इस्राएलीहरूको एक अंशमा कठोरता आएको छ। यसरी सारा इस्राएलको उद्धार हुनेछ, जस्तो लेखिएको छ:"उद्धारक सियोनबाट आउनुहुनेछ, उहाँले याकूबबाट अधर्म हटाउनुहुनेछ।

यसको मतलब यो हो, कि जब परमेश्वरले तय गर्नुभएको अन्यजातिहरूको सङ्ख्या पुरा हुनेछ तब यहूदीहरूको कठोर हृदय खुल्नेछ। तिनीहरूको आत्मिकी आँखा खुल्नेछ र तिनीहरूले येशूलाई आफ्नो मुक्तिदाता र परमेश्वरको रूपमा स्वीकार गर्नेछन्।

मुक्तिको प्रक्रियालाई यसरी व्याख्या गर्न सकिन्छ:

१) सुरुमा सुसमाचार इस्राएलमा बस्ने यहूदीहरूकहा (इस्राएली यहूदीहरूकहाँ) जानेछ।

२) त्यसपछि तिनीहरूद्वारा सुसमाचार प्रवासी यहूदीहरूमा जानेछ (ग्रीक बोल्ने यहूदीहरू)

३) प्रवासी यहूदीहरू द्वारा सुसमाचार अन्यजातिहरूमा जानेछ।

४) बिस्तारै यहूदीहरूको आत्मिकी आँखा अन्धो हुदै जानेछ।

५) सुसमाचार उद्धार पाउनको निम्ति चुनिएका अन्यजातिहरूमा फैलनेछ।

६) जसै अन्यजातिहरूको सङ्ख्या पुरा हुनेछ तब बिस्तारै न्यून संख्यक यहूदीहरूको आत्मिकी आँखा खुल्दै जानेछ।जस्तै: १,४४,००० मसिही यहूदीहरू।

७) जब चुनिएका उद्धार पाउनुपर्ने अन्यजातिहरूको सङ्ख्या पुरा हुनेछ तब बाँकी सबै यहूदीहरू प्रभुमा फर्कने छन्।

यो परमेश्वरले पावललाई प्रकट गर्नुभएको कुरा हो अनि हामी यसलाई हाम्रो दिमागले सजिलैसँग बुझ्न सक्दैनौं। यो कुरा हाम्रो दिमाग र समझले बुझ्न र व्याख्या गर्न सक्ने कुरा होइन। तर यो त परमेश्वरको पूर्ण सार्वभौमिक अधिकारको कुरा हो (मत्ती २०:१५, रोमी ९:१०-२३)। यो हाम्रो समझ र ज्ञानले बुझ्न नसकिने गहिरो कुरा भएको कारण पावलले यसलाई ख्रीष्टको रहस्य भनी भनेका छन्।

## ५. मनोवृत्ति परिवर्तन

चार सुसमाचारका पुस्तकहरूमध्ये मत्तीको सुसमाचारको पुस्तक यहूदी इसाईहरूलाई लक्षित गरेर लेखिएको थियो। मत्तीको सुसमाचारमार्फत येशूले यहूदीहरूलाई के सिकाउन चाहनुहुन्थ्यो? त्यसद्वारा उहाँले अन्यजातिहरूलाई सुसमाचार प्रचार गर्नुको महत्त्व के हो भनी सिकाउन चाहनुहुन्थ्यो। मत्तीको पुस्तकको उद्देश्य भनेको अन्यजातिहरूप्रति यहूदीहरूको हृदय परिवर्तन गर्नु थियो। त्यसो नगरेको भए परमेश्वरले अब्राहामलाई प्रतिज्ञा गर्नुभएको महान् आज्ञा पूरा गर्न यहूदीहरूलाई प्रयोग गर्न सक्नुहुने थिएन।

येशूका यहूदी चेलाहरूको लागि त्यो विरोधाभासपूर्ण स्थिति थियो। यहूदीहरूको सट्टामा अन्यजाति मानिसहरूमा सुसमाचार फैलाउने परमेश्वरको आज्ञा पालन गर्नु यहूदीहरूका लागि त्यति सजिलो थिएन। किनभने पुरानो करारको २,००० वर्षको इतिहासमा परमेश्वरले यहूदीहरूलाई अन्यजातिहरूको नजिक नजानू (यूहन्ना ४:९), अन्यजातिहरूका खानाहरू नखानू (गलाती २:१२), अन्यजातिहरूसँग विवाह नगर्नू (व्यवस्था ७:३; १ राजा ११:२), अन्यजातिहरूका चलन र नियमहरू पालन नगर्नू (१ राजा ११:४), अन्यजातिहरूसँग सन्धि करावा करार नबाँध्नू (व्यवस्था ७:२; एफेसी १:९)। यशैया २:६), र अन्यजातिहरूलाई उनीहरूको बासस्थानमा पस्न नदिनू (यर्मिया ५१:५१) भनी आज्ञा दिनुभएको थियो। वास्तवमा पुरानो करारमा परमेश्वरले यहूदीहरूलाई अन्यजातिहरूसँग कुनै सम्बन्ध नराख्नू भन्नुभएको थियो (नहेम्याह ९:२)।

त्यति मात्र होइन, इतिहासभरि नै इस्राएलीहरूले पश्चाताप गरेर परमेश्वरको सामु आफूलाई समर्पण गर्दा कुनै पनि अन्यजाति देशहरूले तिनीहरूमाथि आक्रमण गरेका थिएनन्। बरु, परमेश्वरले इस्राएलका अन्यजाति सत्रुहरूलाई नास गर्नुभएर तिनीहरूलाई शर्ममा पार्नुभयो। पुरानो करारमा यस्ता धेरै घटनाहरू छन् (यशैया २:१-२१:२४; १ राजा ११:१ देखि २ राजा २५:३०)। त्यसैले उनीहरूको पुरानो करारको इतिहासमा यहूदीहरूसँग अन्यजातिहरूप्रति जातियता र पूर्वाग्रहको भावना थियो। अनि अन्यजातिहरूप्रति तिनीहरूको जन्मजात घृणा थियो।

येशूका बाह्र चेलाहरू यहूदी भएकोले, उनीहरूमा जातीय केन्द्रित मानसिकता थियो। तिनीहरू अन्यजातिहरूभन्दा धेरै श्रेष्ठ छौँ भनी सोच्थे र विश्वास गर्थे। तिनीहरूले विश्वास गरे, कि यहूदीहरू परमेश्वरका चुनिएका प्रिय मानिसहरू हुन्। त्यसैकारण अन्यजातिहरूसित घुलमिल हुने कुरा सोच्न पनि तिनीहरूलाई गाह्रो भयो। अन्यजातिहरूसँग खान तिनीहरू साह्रै लज्जित थिए (गलाती २:१२)। चार सुसमाचारका पुस्तकहरूमा, जब जब येशूले अन्यजातिहरूसँग कुरा गर्नुभयो, अन्यजातिहरूलाई निको पार्नुभयो (मत्ती ८:१-१३), र अन्यजातिका सहरहरूमा प्रवेश गर्नुभयो (मत्ती १५:२१), चेलाहरूले अचम्म माने, किनकि उनीहरूलाई त्यो असहज लाग्यो (यूहन्ना ४:९,२७; एफिसी १:९; मत्ती १५:२३)।

यो जातीयता येशूको पुनरुत्थान र स्वर्गारोहण पछि पनि कायम रहिरह्यो। यहूदीहरूले आफ्नै जातिमा पनि भेदभाव गरे। उदाहरणका लागि इस्राएलका हिब्रू यहूदीहरूले आफूलाई विदेशबाट आएका प्रवासी यहूदीहरूभन्दा श्रेष्ठ ठान्थे। यरूशलेमको मण्डलीको उचाइको समयमा मण्डलीमा हिब्रू यहूदीहरूले प्रवासी यहूदीहरूको विरुद्ध भेदभाव गरे (प्रेरित ६:१)। यद्यपि तिनीहरू यहूदीहरू भए तापनि, उनीहरूको भाषा र सांस्कृतिक भिन्नताको कारण भेदभाव गरिएको थियो। अनि यरूशलेमको मण्डली सतावटमा पर्‍यो। मण्डलीका सदस्यहरू सिरिया, गलातिया, पोन्टस, कापाडोकिया, बिथिनिया र एसिया माइनरमा तितरबितर भए पनि, बाह्र चेलाहरू यरूशलेममा रहे (प्रेरित ८:१)। तिनीहरूले यरूशलेम छोडेर अन्यजातिको देशमा गएर बस्ने कुरा सोच्न सकेनन्।

सुरुमा आफ्नो जातिमा केन्द्रित हुने भावनामा पत्रुस र पावल पनि मुक्त थिएनन्। जब पवित्र आत्माले दर्शनमा पत्रुसलाई अन्यजातिका खानेकुराहरू खाऊ भनी आज्ञा दिनुभयो, उनले तुरुन्तै आज्ञा पालन गरेन (प्रेरित १०:१४)। यहाँसम्म कि पावल, जो जन्मभन्दा अघिदेखि नै अन्यजातिहरूको निम्ति प्रेरित हुन पूर्वनिर्धारित गरिएको थियो (गलाती १:१५), उनले पनि जातीयतावादको बाधालाई पूर्ण रूपमा पार गर्न लामो समय लगाए। इ.सं. ३५ मा उनले

ख्रीष्टियन धर्म अपनाए पनि, अन्यजातिहरू र यहूदीहरूको मुक्तिको क्रम बुझेर रोमी अध्याय ९ देखि ११ अध्यायमा उल्लिखित कुराहरू लेख्न उनलाई २२ वर्ष लाग्यो (इ.सं. ५७)।

यसैबीच एउटा महत्वपूर्ण घटना घट्यो। गैरयहूदी सेना कर्नेलियसले येशूलाई स्वीकार गरेका थिए। कर्नेलियस सिजरियामा तैनाथ 'इटालियन रेजिमेन्ट'को कप्तान थिए। परमेश्वरको आज्ञाले गर्दा कर्नेलियसले पावललाई आफ्नो घरमा निम्तो दिए र पत्रुस पनि परमेश्वरको आज्ञाअनुसार गए। जब पत्रुसले कर्नेलियसको घरमा सुसमाचार प्रचार गरे, अन्यजातिका कर्नेलियसको परिवार र इटाली पलटनका सिपाहीहरूले पवित्र आत्माद्वारा बप्तिस्मा पाए (प्रेरित १०:१-४३)। यो देखेका यहूदी इसाईहरू अन्यजातिहरूले समेत पवित्र आत्माद्वारा बप्तिस्मा लिन सक्छन् भन्ने कुरामा छक्क परे (प्रेरित ११:४४-४६)। साँच्चै, पत्रुस पनि छक्क परे। पत्रुस यरूशलेम फर्किएर प्रेरितहरू र सङ्गी ख्रीष्टियनहरूलाई उक्त अचम्मको घटना सुनाए। तैपनि, अन्यजातिहरूले पवित्र आत्माद्वारा बप्तिस्मा लिएको खबरले धेरै यहूदीहरू खुसी थिएनन् (प्रेरित ११:१८)।

यरूशलेमको परिषद् (इ.सं. ४९) जसको बारेमा हामी प्रेरित १५ अध्यायमा पढ्छौं, त्यहाँ यहूदी ख्रीष्टियनहरूले अन्यजातिहरूप्रति कस्तो महसुस गर्थे भन्ने कुराको राम्रो उदाहरण दिएको छ। सबै अन्यजातिहरूले ख्रीष्टियन धर्म अँगालेको र पवित्र आत्माद्वारा अभिषेक भएको खबर सुनेपछि यहूदी मसिही अगुवाहरू छक्क परे। यस विषयमा के गर्ने भनेर निर्णय गर्न सबै अगुवाहरू यरूशलेममा भेला भए, तर तिनीहरूबीच सहमति हुन सकेन। अब, परमेश्वरले यहूदीहरूका साथै अन्यजातिहरूलाई पनि मुक्ति दिइरहनुभएको छ भन्ने तथ्यलाई कसैले पनि इन्कार गर्न सक्दैन। तर जब अन्यजाति ख्रीष्टियनहरूलाई कसरी विश्वासमा डोऱ्याउनु र हुर्काउनु पर्छ भन्ने सन्दर्भमा बेग्लाबेग्लै धारणाहरू थिए। विशेष गरी खतनाको सम्बन्धमा धेरै विवाद भएको थियो (प्रेरित १५:५)। त्यहाँ अन्यजातिहरूको खतना गर्न र यहूदी व्यवस्थाहरू पालन गर्न माग गर्ने चर्को आवाजहरू सुनिएका थिए।

मण्डलीको सामु पत्रुसले गरेको भाषणले त्यतिबेलाका यहूदी इसाईहरूको मनोवृत्ति प्रकट गर्छ। प्रेरित १५:७-९ मा यस्तो लेखिएको छ: निकै बहस चलेपछि पत्रुसले खड़ा भएर तिनीहरूलाई भने, "भाइ हो, तपाईंहरूलाई थाहै छ, सुरुका दिनहरूमा कसरी परमेश्वरले मेरो मुखबाट अन्यजातिहरूले सुसमाचारको वचन सुनून् र विश्वास गरून् भनी तिमीहरूका बीचबाट मलाई चुन्नुभयो। हृदयका कुरा जान्नुहुने परमेश्वरले तिनीहरूलाई पनि हामीलाई जस्तै पवित्र आत्मा दिनुभएर तिनीहरूलाई ग्रहण गरेको कुरा देखाउनुभयो। उहाँले तिनीहरू र हामीहरूका बीच कुनै भेदभाव राख्नुभएन, तर तिनीहरूका हृदय विश्वासद्वारा शुद्ध पार्नुभयो।"

यरूशलेम मण्डलीका सर्वोच्च अगुवा पत्रुसले किन अन्यजातिहरूको पक्षमा यसरी बचाउ गर्नुपर्‍यो? किनभने त्यतिबेलाका अधिकांश यहूदी ख्रीष्टियनहरूले अन्यजातिहरूलाई आदर गर्दैनथे। यहूदीहरूले जस्तै येशूमा विश्वास गरेर अन्यजातिहरूले पनि अनन्त जीवन पाइरहेका थिए भन्ने तथ्यलाई तिनीहरू स्वीकार गर्न चाहँदैनथे।

चेलाहरूले अन्यजातिहरूलाई सुसमाचार प्रचार गर्नको निम्ति उनीहरूको सोचाइमा एक आदर्श परिवर्तन हुनु आवश्यक थियो। येशूले आफ्ना चेलाहरूलाई यहूदी-केन्द्रित व्यक्तिबाट अन्यजाति-केन्द्रित व्यक्ति हुन उनीहरूको मनोवृत्ति परिवर्तन गर्न जोड दिनुभयो। तर त्यो सजिलो काम थिएन। यो रातारात परिवर्तन हुन सक्ने कुरा पनि थिएन। त्यसको लागि लामो समय चाहिएको थियो। साँच्चै भन्ने हो भने, येशूले महान् आज्ञा दिनुभएर स्वर्गमा उचालिनुभएको बीसौँ वर्ष बितेपछि (प्रेरित १:९, इ.सं. ३०) मात्र यहूदी ख्रीष्टियनहरू बिस्तारै अन्यजातिहरूको मिसनतर्फ अघि बढ्न थाले। यही समयमा येशूले मत्तीलाई आफ्नो सुसमाचार लेख्न लगाउनुभयो (५०-५२)। त्यसपछि अरू तीनवटा सुसमाचारका पुस्तकहरू पनि लेखिए।

पृथ्वीमा सार्वजनिक सेवकाइको तीन वर्षको अवधिमा येशूले गर्नुभएका प्रायः सबै कामहरू र शिक्षाहरू अन्यजातिहरूलाई मुक्ति दिने परमेश्वरको योजनामा केन्द्रित थिए। तर पत्रुसलगायत येशूका चेलाहरूले यो कुरा बुझेनन्। तिनीहरूले तीन वर्षसम्म येशूको पछि लागेर येशूका शिक्षा र कार्यहरू व्यक्तिगत रूपमा देखे तापनि, उनीहरूलाई यी सबै अन्यजातिहरूको मुक्तिसित सम्बन्धित छ भनेर थाहा थिएन। त्यतिबेला मत्तीको सुसमाचार आउन पूरै बीस वर्ष बाँकी थियो। पछि येशूका चेलाहरू गहिरो विश्वासका साथ समझको चरणमा प्रवेश गरे। अनि येशूका कामहरू र शिक्षाहरूभित्र अन्यजातिहरूका लागि परमेश्वरको मुक्तिको योजना लुकिएको थियो भनेर बुझे (अब्राहामको करार, उत्पत्ति १२:२-३) र उहाँको प्रेम (यूहन्ना ३:१६; यूहन्ना १:१; प्रेरित १:८)।

# ग. अन्यजातिहरूको मुक्तिको सम्बन्धमा चार सुसमाचारको सन्देशहरू

चार सुसमाचारहरूमा येशूका धेरै शिक्षाहरू अन्यजातिहरूको मुक्तिको बारेमा छन्। किनकि बिस्तारै येशूका चेलाहरूले सांस्कृतिक अवरोध लाई नाघेर सिरिया, टर्की र रोममा भएका अन्यजातिहरूको माझमा सुसमाचार फैलाउनुपर्ने हुन्थ्यो। त्यो कामको निम्ति चेलाहरूको विचार पूर्ण रूपले परिवर्तन हुनुपर्ने थियो। उनीहरू यहूदी जातिमा मात्र केन्द्रित हुनेबाट अन्यजातिहरूलाई प्रेम गर्ने मानिसहरू बन्नुपर्ने थियो।

येशूले बिस्तारै आफ्ना चेलाहरूलाई परिवर्तन गर्दै हुनुहुन्थ्यो। येशूका सबै दृष्टान्तहरू, आश्चर्यकर्महरू, र शक्ति प्रदर्शनहरूद्वारा उहाँले आफ्ना चेलाहरूको हृदय परिवर्तन गर्न चाहनुभएको देख्न सकिन्छ। परमेश्वरको चाहना पनि यो थियो, कि चेलाहरूको विचार परिवर्तन होस् र उनीहरू अन्यजातिहरूलाई प्रेम गर्ने मानिसहरू बन्न सकून्।

हामी तलका केही उदाहरणहरू हेरौँ, जहाँ कसरी परमेश्वरको इच्छा प्रकट गरिएको छ भनी हामी थाहा गर्न सक्छौँ।

## १. येशूको वंशावली

चार सुसमाचारमा येशूको वंशावली हामी दुई ठाउँमा पाउन सक्छौँ: मत्ती १ अध्याय र लूका ३ अध्यायमा। यी दुई वंशावली हरू फरक प्रकारले लेखिएका छन्। मत्तीको सुसमाचारमा भएको वंशावाली माथिबाट तलतिर झरेको छ। यो अब्राहामबाट सुरु हुन्छ र दाऊद र उसको छोरा सोलोमन (दाऊदकी आठौँ पत्नी बतशेबाबाटको चौथो छोरा) (मत्ती १:६), हुँदै येशूमा आएर अन्त हुन्छ। योचाहिँ येशूको पिता योसेफ तर्फको वंशावाली हो (मत्ती १:१६)। अर्कोतर्फ लूकाको सुसमाचारमा भएको वंशावलीचाहिँ तलबाट माथितिर गएको छ। यो येशूबाट सुरु हुन्छ र येशूकी माता मरियमका पिता एली (लूका ३:२३) हुँदै बतशेबाको तेस्रो छोरा नातान (१ इतिहास ३:५), दाऊद र दाऊदका पुर्खाहरू (लूका ३:३१) हुँदै माथि आदमसम्म पुग्दछ। योचाहिँ येशूको आमा मरियम तर्फबाटको वंशावाली हो।

यी दुई वंशावली हरू किन फरक प्रकारले लेखिएका होलान् त? किनकि मत्ती र लूकाको सुसमाचार फरक समूहलाई केन्द्रित गरेर लेखिएका थिए। मत्तीको सुसमाचार यहूदी इसाई अगुवाहरूको निम्ति लेखिएको थियो। त्यसैले मत्तीले लेखेको वंशावली अब्राहामबाट सुरु हुन्छ जो सबै यहूदीहरूको पिता मानिन्छन्, र यसमा येशू वास्तवमा अब्राहामको सन्तान हुनुहुन्छ (मत्ती १:१) भनी देखाउन खोजीएको छ। अर्कोतर्फ लूकाको सुसमाचार अन्यजाति (गैरयहूदी) इसाई अगुवाहरूको निम्ति लेखिएको थियो। त्यसैले यहाँ येशूलाई आदमको सन्तानको रूपमा देखाउन खोजीएको छ, जुन आदम सारा मानव जातिका पुर्खा हुन् (लूका ३:३८)। लूकाले यो कुरा बताउन चाहेका छन्, कि येशू यहूदीहरूको मात्र मुक्तिदाता होइन तर सारा मानव जाति अर्थात् अन्यजातिहरूको (गैरयहूदीहरूको) पनि मुक्तिदाता हुनुहुन्छ।

परमेश्वरले अन्यजातिहरूलाई पनि उद्धार गर्न चाहनुहुन्छ भन्ने कुराको अर्को प्रमाणचाहिँ येशूको वंशावलीमा अन्यजातिहरूको रगत मिसिएको कुरा हो। मत्ती १:१ मा मत्तीले येशूलाई अब्राहामका पुत्र, दाऊदका पुत्र भनी उल्लेख गरेका छन्। यो हेर्दा पाठकहरूलाई येशू १००% यहूदी हुनुहुन्छ भन्ने लाग्छ होला। तर येशूको वंशावलीको विवरणले उहाँ १००% यहूदी हुनुहुन्न भन्ने कुरा देखाउँछ। उहाँको वंशावलीमा अन्यजातिहरूको नामहरू सामेल छन्। वास्तवमा येशूको वंशावली मा केही अन्यजाति स्त्रीहरूको नाम उल्लेख गरिएका छन्।

वास्तावमा येशूको मानवीय वंशावली लिएर विवाद गर्नु समस्याको कुरा हुन्छ किनकि येशूको मानवीय वंशावली उहाँको माता पिताबाटको छ जो वास्तवमा उहाँको माता पिता हुनुहुन्न। येशू पवित्र आत्माद्वारा गर्वधारण हुनु भएको थियो (मत्ती १:१८)। परमेश्वरले मरियमको कोखलाई केही समयको निम्ति प्रयोग गर्नुभएको थियो। त्यसैले येशू वास्तवमा उहाँको पिता योसेफ र आमा मरियमसँग सिधै नातामा जोडिनु भएको होइन। योसेफ र मरियम येशूको कानुनी र सामाजिक पिता र माता मात्र थिए। हामीले सुसमाचारको पुस्तकहरूमा येशूको वंशावली हेर्दैगर्दा यो कुरालाई मनमा राख्नु जरुरी हुन्छ।


येशूको वंशावलीमा दुई वटा कुराहरू छन्, जुन यहूदीहरूको दृष्टिकोणमा एकदमै बुझ्न कठिन छन्। पहिलो कुराः यो यहूदी वंशावली भएर पनि ५ जना स्त्रीहरूको नाम उल्लेख गरिएका छन्। ती स्त्रीहरूको नाम: तामार (मत्ती १:३), राहाब (मत्ती १:५), रूथ (मत्ती १:५), बतशेबा (मत्ती १:६) र मरियम (मत्ती १:१६) हुन्। परम्परागत रूपमा यहूदीहरू पुरुष प्रधान जातिहरू हुन् (यशैया १:१, यर्मिया १:१, इजकिएल १:३, होशे १:१, आमोस १:१, मत्ती १०:२-३)।

त्यसैले येशूको वंशावलीमा स्त्रीहरूको नाम उल्लेख हुनु उनीहरूको निम्ति बुझ्न र स्वीकार गर्न गाह्रो पर्ने कुरा थियो। अर्को कुरा यो कुनै सामान्य मानिसको वंशावली नभएर त्यो मानिसको वंशावली हो जो स्वयम् परमेश्‍वर हुनुहुन्छ। येशूको वंशावलीमा स्त्रीहरूको नाम सामेल गर्नु यहूदीहरूको व्यवस्था भङ्ग गर्नु र संस्कार र परम्परा विरुद्ध जानु हो।

तर त्यसको पछाडि महत्वपूर्ण कारण थियो। यसरी यहूदीहरूको संस्कारप्रतिको चुनौतीद्वारा येशू आफ्ना चेलाहरूलाई पुरुष प्रधान सोचलाई परिवर्तन गराउन चाहनुहुन्थ्यो। येशूको वंशावलीमा स्त्रीहरूको नाम सामेल गर्नुले येशू पुरुषहरूको लागि मात्र नभएर स्त्रीहरूको निम्ति पनि मर्नुभएको हो भनी देखाउन खोजेको छ। वास्तवमा येशूमा स्त्री र पुरुषको बिच कुनै भेदभव छैन र उहाँको नजरमा सबै समान छन्। त्यसैले येशूको वंशावलीको पहिलो सन्देश यो हो।

दोस्रोचाहिँ ती ५ स्त्रीहरू शुद्ध अब्राहामका सन्तानहरू थिएनन्: वास्तव मा ४ जना त अन्यजाति स्त्रीहरू थिए। अनि ती ४ जना स्त्रीहरू सामाजिक हिसाबले न्यून स्तरका स्त्रीहरू थिए। तिनीहरू कतै पनि आदर नपाउने तल्लो स्तरका स्त्रीहरू थिए। अर्को अर्थमाभन्दा तिनीहरू येशूको पुर्खौली भन्न लायकका स्त्रीहरू थिएनन्। तिनीहरू अन्यजातिहरू, अनैतिक, र समाजमा तुच्छ वर्गका चरित्रहीन ठानिएका स्त्रीहरू थिए। आउनुहोस् हामी ती स्त्रीहरूको बारेमा छोटकरिमा हेरौँ।

येशूको वंशावली मा देखा पर्ने पहिलो स्त्री तामार हुन्। तामार अब्राहामकी सन्तान थिइनन्। उनी कनानी स्त्री थिइन् जो हामको सन्तान हुन् (उत्पत्ति १०:६)। तर अचम्म लाग्दो कुरा यो छ, कि उत्पत्ति ३८ अध्याय पुरै उनको विषयमा छ। तामार वास्तवमा यहूदाकी बुहारी थिइन्, जोपछि उनकी श्रीमती बनिन्। यो कसरी हुन सक्छ?




**तालिका ७-४.** येशू अब्राहाम र दाऊदको वंशबाट आउनुभयो

जब हामी उत्पत्ति ३८ अध्याय पढ्छौँ तब हामी थाहा पाउछौँ, कि तामारले नीच तरिका अपनाएर यहूदाकी श्रीमती बनेकी छिन्। त्यसैले यहूदा र तामारको सम्बन्ध सामाजिक र नैतिक रूपले स्विकार गर्न सकिने प्रकारको छैन।

येशूको वंशावलीमा देखा पर्ने दोस्रो स्त्री राहाब हुन्। तिनी पनि कनानी स्त्री हुन् र वास्तवमा उनी वेश्या थिइन्। उनको पेशाको बारेमा येहोशू २:१ मा स्पष्ट उल्लेख गरिएको छ। वेश्या राहाब येशूको एक स्त्री पुर्खा बनिन्। येशूको (जो स्वयम् परमेश्वर हुनुहुन्छ) पुर्खौली स्त्री एक वेश्या थिइन् भन्ने कुरा एकदमै स्वीकार गर्न गाह्रो हुने विषय हो।

तेस्री स्त्रीचाहिँ रूथ हुन्। रूथ एक मोआबी स्त्री थिइन् (रूथ १:४)। ती रूथ दाऊदकी हजुरआमा बनिन्। त्यसको मतलब वास्तवमा दाऊद पनि १००% अब्राहामको सन्तान होइनन्। दाऊद पनि मिश्रित रगतबाट जन्मेका थिए। उनमा कनानी र मोआबी रगत मिसिएको थियो। अर्कोतर्फ रूथ आफ्नो पहिलो श्रीमान् मरेर विधवा स्त्री थिइन्। त्यसकारण उनी समाजमा तल्लो स्तरकी स्त्री थिइन्। यसैले उनलाई येशूको पुर्खाको रूपमा स्वीकार गर्न कठिन व्यक्ति बनायो।

येशूको वंशावलीमा देखा पर्ने चौथो स्त्री बतशेबा हुन्। बतशेबा हित्ती स्त्री हुनुपर्छ (२ शमूएल ११:३, १ इतिहास ३:५)। हित्तीहरूचाहिँ कनानमा बासोबास गर्ने जाति हुन्। उनको पिताको नाम एलिआम यहूदी नामजस्तो देखिन्छ। तर उनकी आमाको बारेमा केही विवरण उल्लेख गरिएको छैन। अझ महत्वपूर्ण कुराचाहिँ बतशेबाको श्रीमान् उरियाह एक हित्ती मानिस थियो। त्यसैले उनको पहिचान स्पष्ट छैन अनि उनी मिश्रित रगतकी स्त्री हुन सक्छिन्। त्यसैकारण उनी यहूदीहरूको नजरमा स्वीकार्य स्त्री होइनन्। त्यति मात्र होइन, बतशेबाको आफ्नो श्रीमान् जीवित हुँदा नै उनको दाऊदसँग व्यभिचारको सम्बन्ध भएको थियो। अझ खराब कुरा त दाऊदले बतशेबालाई आफ्नी पत्नी बनाउनको निम्ति उनको पति उरियाहलाई लडाइँमा मर्न पठाए। त्यसैकारण बतशेबाको आदणीय चरित्र छैन।

तर अचम्मको कुरा यो छ, कि येशूको दुवै शारीरिक अभिभावक योसेफ र मरियम बतशेबाको वंशबाट आएका छन्। बतशेबाले दाऊदबाट चार जना छोराहरू जन्माइन्: शम्मुह, शोबाब, नातान र सोलोमोन (१ इतिहास ३:५)। योसेफ सोलोमोनका सन्तान हुन् (मत्ती १:६) भने मरियम नातानको सन्तान हुन् (लूका ३:२३, ३:३१)।

त्यसैले शुद्ध यहूदी परम्परा, व्यवस्था र नैतिकतामा जोड दिने यहूदीहरूको निम्ति येशूको वंशावली उनीहरूको पहिचानलाई नै हल्लाउने एकदमै बिग्रिएको कुरा हुन सक्छ।

| | व्यक्ति | जाति | विवरण |
|---|---|---|---|
| १ | तामार (मत्ती १:३) | कनानी (उत्पत्ति ३८:१-६) | आफ्नो ससुरासँग सुतेकी |
| २ | राहाब (मत्ती १:५) | कनानी (येहोशू २:१) | वेश्या, बोअजकी आमा |
| ३ | रूथ (मत्ती १:५) | मोआबी (रूथ १:४) | विधवा , बोअजसँग फेरि विवाह गरेकी |
| ४ | बतशेबा (मत्ती १:१६) | हित्ती (२ शमूएल ११:३) | विधवा , राजा दाऊदकी आठौँ श्रीमती |

**तालिका ७-५.** येशू ख्रीष्टको वंशावलीमा देखा पर्ने गैरयहूदी स्त्रीहरू (मत्ती १:१-१७)

एकातर्फ लूकाको सुसमाचारमा येशूको वंशावली लाई यस प्रकारले प्रस्तुत गरिएको छ: "येशूले आफ्नो सेवाकार्य आरम्भ गर्नुहुँदा उहाँ तीस वर्षका हुनुहुन्थ्यो। मानिसहरू उहाँ योसेफका छोरा हुन् भन्ठान्थे। योसेफ एलीका छोरा थिए," (लूका ३:२३)। यो अलि अचम्मको कुरा छ। लूकाको सुसमाचारमा भएको वंशावली येशूको आमा मरियम पट्टिको वंशावली हो तर पनि यहाँ मरियमको नाम उल्लेख गरिएको छैन। यहाँ मरियमका पिता एली भनी उल्लेख गरिनुपर्ने हो, तर हामी योसेफका पिता एली भनी लेखिएको देख्छौं। किन होला? पुरुष प्रधान वंशावली देखाउनको निम्ति लूकाले मरियमको स्थानमा योसेफको नाम राखेका छन् (योसेफ एलिका ज्वाइँ थिए)। तर पनि यो वंशावली येशूकी आमा मरियम तर्फबाटको वंशावली हो।

यसरी मत्तीले योसेफको तर्फको येशूको वंशावली लेखे भने लूकाले मरियम तर्फको येशूको वंशावली लेखेका छन्। यी दुवै वंशावली माथि गएर दाऊदमा जोडिन्छन् र मसिह दाऊदको वंशबाट आउनुहुने कुराको भविष्यवाणीहरू (मीका ५:२; लूका २:४; प्रकाश ५:५) पुरा भएका छन्।

निचोडमा येशूको वंशावलीको माध्यमबाट येशूमा आफ्ना चेलाहरूको यहूदी जातिमा मात्र केन्द्रित भएको विचारलाई परिवर्तन गराउने ठुलो चाहना भएको कुरा हामी बुझ्न सक्छौं। प्रभु येशूको त्यो प्रयासको लागि हामी धन्यवादी हुनुपर्छ किनकि त्यसको माध्यमबाट पहिलो शताब्दीका यहूदी विश्वासीहरूले उनीहरूको सोचलाई बिस्तारै परिवर्तन गर्न सके।




चित्र ७-१. वर्तमान मध्यपूर्व र यसका पहिलेका नामहरू

येशूको आफ्नो जातिमा मात्र केन्द्रित हुने आफ्नो संस्कारमा मात्र रमाउने कुराको विरुद्धको शिक्षा २,००० वर्षअघिका यहूदी विश्वासीहरूमा मात्र लागु हुने कुरा नभएर आज संसारका सबै विश्वासीहरूमा लागु हुनुपर्ने कुरा हो। हामीले सुसमाचार पाएपछि आफ्नो जातिको सिमानाभित्र मात्र रहनु हुन्न। हामीहरू सुसमाचार बोकेर हाम्रो जातीय सिमाना नाघेर अरू जाति र देशका मानिसहरूलाई सुसमाचार सुनाउन जानुपर्छ। योचाहिँ परमेश्वरको तरिका हो।

## २. ज्योतिषीहरू (मत्ती २:१-१२)

सबैलाई थाहा भएको ज्योतिषीको घटना मत्तीको सुसमाचारमा मात्र उल्लेख गरिएको छ। ती ज्योतिषीहरूको हुन् त? ती ज्योतिषीहरू मादीका (इरानको पुरानो नाम) पुराना पूजाहारीहरूका सन्तानहरू हुन्। पहिलो शताब्दीको फारस राज्यमा (जुन इरान पनि हो) नयाँ राजाको नियुक्तिको लागि तिनीहरू ती ज्योतिषीहरूको अगमवाणीमा भर पर्ने गर्थे।

तिनीहरूले ताराहरूको चाल हेर्ने र को राजाको हुने हो भन्ने बारेमा बताउने गर्थे। मत्ती २ अध्यायमा ती ज्योतिषीहरू पूर्वबाट आएर यरूशलेममा नयाँ राजाको जन्म भएको खबर ल्याए। तिनीहरू येशूको जन्मको खबर सुनाउन र उहाँको आराधना गर्न आएका थिए।

वास्तवमा ती ज्योतिषीहरू पनि गैरयहूदी (अन्यजातिहरू) थिए भन्ने कुरा पनि हाम्रो छलफलको निम्ति धेरै महत्त्वपूर्ण कुरा हो। यसको मतलब येशूलाई सबैभन्दा सुरुमा राजाहरूका राजा भएको स्वीकार गर्ने र येशूलाई सबैभन्दा सुरुमा आराधना गर्ने व्यक्तिहरू यहूदीहरू नभएर गैरयहूदी (अर्थात् अन्यजाति) मानिसहरू थिए। मत्ती २:१-२ मा यसरी लेखिएको छ: "हेरोद राजाको समयमा यहूदियाको बेथलेहेममा जब येशूको जन्म भयो, पूर्वका ज्योतिषीहरू यरूशलेममा आइपुगे र तिनीहरूले भने, "यहूदीहरूका राजा भई जन्मने कहाँ हुनुहुन्छ? किनभने हामीले उहाँको तारा पूर्वमा देख्यौं र उहाँलाई दण्डवत् गर्न आएका छौं।" र मत्ती २:११ मा फेरि यसरी लेखिएको छ: "अनि घरभित्र पसेर तिनीहरूले बालकलाई उहाँकी आमा मरियमको साथमा देखे, र घोप्टो परेर उहाँलाई दण्डवत् गरे। तब आफ्ना कन्तुर खोलेर उहाँलाई सुन, सुगन्धित धूप र मूर्रका भेटी चढ़ाए।"

यो खण्डलाई नियालेर हेर्दा हामी एक हिसाबले यो पनि भन्न सक्छौं, कि ती ज्योतिषीहरू गैरयहूदी (अन्यजाति) इसाईहरू थिए। येशूलाई राजाहरूका राजा हुनुहुन्छ भनी स्वीकार र घोषणा गर्ने पहिलो गैरयहूदी (अन्यजाति) मानिसहरू तिनीहरू नै थिए।

ति ज्योतिषीहरू अहिलेको समयका कुर्डिसहरूका पुर्खाहरू थिए भनी विश्वास गरिन्छ। ती ज्योतिषीहरूजस्तै कुर्डिसहरूको पुर्खाहरू मादी साम्राज्यबाटका हुन् जसको शक्ति ईसा पूर्व सातौंदेखि छैठौं शताब्दीमा धेरै प्रभावकारी थियो। तर त्यो समयदेखि नै कुर्डिसहरूले आफ्नो राज्य निर्माण गर्न सकेका छैनन्। तिनीहरू सिरिया, इरान र इराक जस्ता देशहरूमा छरपस्ट भएर बसेका छन्। अहिले इराक देशको उत्तरी क्षेत्रमा उनीहरूको सानो जातीय इलाका छ।

प्राय: कुर्डिसहरू मुस्लिम छन्। तर अहिले कुर्डिसहरू तीव्र गतिमा इसाई धर्ममा परिवर्तित हुदैछन्। हामी ती ज्योतिषीहरूको घटनाबाट यो कुरा थाहा गर्न सक्छौं, कि यी कुर्डिस जातिहरू परमेश्वरबाट विशेष रूपले चुनिएका मानिसहरू हुन् जसले सबैभन्दा सुरुमा येशूलाई राजाहरूको राजा भनेर स्वीकार र घोषणा गरेका थिए। त्यसैकारण म यो विश्वासका साथ अनुमान गर्छु, कि तिनीहरूलाई परमेश्वरले छिट्टै नै फेरि सारा विश्वलाई येशूको दोस्रो आगमनको घोषणा गर्ने कामको निम्ति प्रयोग गर्नुहुनेछ।

यसरी मत्तीको सुसमाचार यहूदी इसाईहरूको निम्ति लेखिएको भए तापनि, यसको सुरुवातचाहिँ गैरयहूदीहरूको कहानीबाट भएको छ। मत्ती १ अध्यायको येशूको वंशावली र २ अध्यायको ज्योतिषीहरूको कहानी दुवैले गैरयहूदीहरूको भूमिकाको बारेमा जोड दिएका छन्। त्यसैकारण पहिलो शताब्दीका मत्तीको सुसमाचार पढ्ने यहूदी इसाईहरू अचम्भित भए। उनीहरू आफैमा यो प्रश्न गर्न लागे कि, "कसरी येशूलाई राजा भनी घोषणा गर्ने पहिलो अवसर गैरयहूदीहरूले पाएका होलान्?"

यो परमेश्वरको चाहना थियो, कि यहूदीहरूले यो प्रश्नको उत्तर खोज्दै गर्दा परमेश्वरको इच्छा बुझ्न सकून्। उनीहरूले परमेश्वर मानिसको स्वरूप लिएर यो धर्तीमा जन्मनु हुँदा गैरयहूदी (अन्यजाति) स्त्रीहरूको रगत लिएर जन्मनु भयो र उहाँलाई राजाहरूका राजा भनी स्वीकार गर्ने र उहाँलाई आराधना गर्ने पहिलो समूह चाहिँ यहूदी नभएर गैरयहूदी (अन्यजाति)हरू थिए भन्ने कुरा बुझेर स्वीकार गरेपछि उनीहरूले गैरयहूदी (अन्यजाति) हरूलाई हेर्ने दृष्टिकोण परिवर्तन गर्नुको विकल्प नै हुने थिएन।

| ज्योतिषीहरू (तथ्यहरू) | विवरण |
|---|---|
| उद्गम क्षेत्र | मादी (पुरानो इरान) |
| जाति | कुर्डिस |
| पेशा | ज्योतिष बिज्ञान / हुनेवाला राजाको भविष्यवाणी गर्ने |
| नामकरण | ज्योतिषीहरू, जादुगरहरू आदि |

**तालिका ७-६.** ज्योतिषीहरूको वास्तविकता

## ३. अन्यजातिहरूको गालील (मत्ती ४:१५)

येशूले तिन वर्षीय सार्वजनिक सेवकाइको प्राय: समय गालीलमा बिताउनु भयो। हुन त गालील पनि इस्राएल भित्रको एउटा इलाका हो तर पनि कहिलेकाँहि बाइबलमा यसलाई अन्यजातिहरूको गालील भनी उल्लेख गरिएको छ (यशैया ९:१-२, मत्ती ४:१५)। यसका धेरै कारणहरू छन्। पहिलोचाहिँ गालील इस्राएलको उत्तर भागमा पर्छ र यो अन्यजातिहरूको सिमानामा पनि पर्छ। त्यसैकारण त्यो ठाउँमा प्राय: अन्यजातिहरू आउने जाने गर्थे। त्योभन्दा पनि महत्वपूर्ण कुराचाहिँ विगतमा गालील अन्यजाति राज्यहरूको अधिनमा रहेको थियो (जस्तै अश्सुर, ई.पू. ७२२)। त्यसैकारण गालीलमा धेरै यहूदी र अन्यजातिहरूको मिश्रित रगत भएका मानिसहरू थिए। त्यसैले पुरा यहूदीहरूको देश भए तापनि, दक्षिणी इलाका यहूदाको तुलनामा उत्तरी गालीलमा अन्यजातिहरूको प्रभाव बढी थियो।

अर्कोतिर दक्षिणी यहूदाको तुलनामा उत्तरी गालीलमा माथिल्लो तहका मानिसहरू न्यून सङ्ख्यामा थिए। गालीलमा प्राय: मानिसहरू तल्लो वर्गका र पिछडिएका वर्गकाहरू थिए। तिनीहरू प्राय: किसान र मछुवाहरू थिए। गालीलचाहिँ एक दुर्गम क्षेत्र थियो, जहाँ सहरको जस्तो आरामदायी जीवन, शिक्षा, संस्कृति र राजनीतिक अवसरहरू मिल्दैन थिए। त्यसैकारण यहूदाका उच्चस्तरीय मानिसहरू गालीलमा जान रुचाउँदैन थिए। यहूदाका मानिसहरूको नजरमा गालील अन्यजातिहरूको सहरभन्दा केही फरक थिएन। हुन त गालीलमा बस्ने मानिसहरू अन्यजातिहरू नभएर यहूदीहरू नै थिए तर पनि त्यसलाई अन्यजातिहरूको गालील भनी भनिन्थ्यो।

बाइबलमा गालीलको क्षेत्रलाई अर्कै प्रकारले प्रस्तुत गरिएको छ। पहिलो कुरा त गालीलको क्षेत्रलाई सकारात्मक रूपमा प्रस्तुत गरिएको छ। बाइबलले भन्छ, कि येशूको जन्मसँगै गालीलले ठुलो ज्योति देखेको छ (यशैया ९:१-२, मत्ती ४:१२-१७)। तरपछि फेरि अर्को ठुलो चेताउनी दिइएको छ, कि गालीलको सहरको न्यायचाहिँ सदोम र गमोराकोभन्दा पनि कठोर हुनेछ (मत्ती ११:२०-२६)। त्यसैले येशूले गालीलको बारेमा बिल्कुल विपरीत दुई कुराहरू गर्नुभएको छ। जसै हामी येशूको यो गालील सहरप्रतिको दृष्टिकोण परिवर्तन भएको कारणलाई नियालेर खोजी गर्छौं, तब हामी अब्राहामसँगको करारसँग जोडिएको गहिरो आत्मिक अर्थ पाउन सक्छौँ।

## (१) अन्यजातिहरूको गालील

सेवकाइको सुरुमा येशूले गालीललाई धेरै सकारात्मक रूपमा हेर्नुभएको छ। दियाबलसद्वारा उजाडस्थानमा परीक्षित हुनुभएपछि (मत्ती ४:१-११), येशू सिधै गालीलमा जानु भयो र आफ्नो सार्वजनिक सेवकाइ सुरु गर्नुभयो। मत्ती ४:१२-१७ मा यसरी लेखिएको छ:

यूहन्ना थुनामा परे भन्ने सुनेर येशू गालीलतिर लाग्नुभयो, र नासरत छोड़ेर कफर्नहुममा गई त्यहाँ वास गर्न लाग्नुभयो। यो सहर जबूलून र नप्तालीका क्षेत्रमा, समुद्रको किनारमा पर्छ। यशैया अगमवक्ताले भनेको वचन यसरी पुरा भयो:"जबूलूनको मुलुक र नप्तालीको मुलुक, यर्दनपार, समुद्रतिर, अन्यजातिहरूको गालील, अन्धकारमा बस्ने मानिसहरूले एउटा ठुलो ज्योति देखेका छन्। मृत्युका छायाको देशमा बस्नेहरूमाथि एउटा ज्योति उदाएको छ।" त्यस बेलादेखि प्रचार गर्दै येशूले भन्न लाग्नुभयो, "पश्चाताप गर, किनभने स्वर्गको राज्य नजिक आइपुगेको छ।"

यहाँ भनिएको कुराचाहिँ यो छ, कि गालील क्षेत्रमा अन्धकारमा बस्ने मानिसहरूले ठुलो ज्योति देख्नेछन्। यसको अर्थ, येशूको सुसमाचार गालीलबाट सुरु भएर सारा संसारभरि चम्कनेछ।

येशू कफर्नहुममा आउनुभएपछि उहाँले गर्नुभएको पहिलो काम भनेको अन्यजातिहरूको गालीलमा स्वर्गको सुसमाचार प्रचार गर्नु थियो। सुरुमा उहाँले गर्नुभएको प्रचारको सन्देश यो थियो, "पश्चाताप गर, किनकि परमेश्‍वरको राज्य नजिक छ"। त्यसपछि उहाँ गालील तालको किनारतिर जानुभएर आफ्ना चेलाहरू चुन्नुभयो (मत्ती ४:१८-२२)। त्यसपछि उहाँले असंख्य रोगीहरूलाई निको पार्नुभयो (मत्ती ४:२३)। येशूले रोगीहरूलाई निको पार्नुभएको खबर गालीलबाट अरू ठाँउहरूमा पनि फैलियो। त्यसपछि इस्राएलबाट मात्र नभएर यर्दन नदीको छेउतिरबाट पनि ठुलो भिड येशूकहाँ आयो (मत्ती ४:२४-२५)।


यहाँ येशूले गर्नुभएका कामहरूको क्रम धेरै महत्वपूर्ण छ। सुरुमा उहाँले अन्यजातिहरूको गालीलमा स्वर्गको सुसमाचार प्रचार गर्नुभयो। त्यसपछि उहाँले रोगीहरूलाई निको पार्नुभयो। येशूले आफ्नो सेवकाइ सुरु गर्नुहुदाँ सुरुमा उहाँले स्वर्गको सुसमाचार प्रचार गर्नुभयो। हामीले यहाँ ध्यान दिनुपर्ने कुरा यो छ, कि येशूले सुरुमा सुसमाचार प्रचार यहूदा क्षेत्रमा रहेका मूल समूहका यहूदीहरूलाई प्रचार गर्नुभएन। बरु उहाँले सुरुमा न्यून स्तरका यहूदीहरू र गालील क्षेत्रमा रहेका अन्यजातिहरूलाई सुसमाचार प्रचार गर्नुभयो।

त्यसैगरी उहाँले गालीलमा रोगीहरू र भूतआत्मा लागेकाहरूलाई निको पार्नुभएको कुराको पनि गहिरो अर्थ छ। यो उनीहरूको शरीरको मात्र चङ्गाइको कुरा थिएन। यहाँ रोगीहरू र भूतआत्मा लागेकाहरूले पुरा अन्यजातिहरूलाई सङ्केत गर्दछ, जो लामो समयदेखि दुष्टको बन्धनमा रहेका थिए। त्यसैले येशूले उनीहरूलाई निको पार्नुभएको कुराले अन्यजातिहरूको आत्मिकी उद्धारको सङ्केत गर्दछ।

हामी येशूले आफ्ना चेलाहरू चुन्नुभएको कुरामा पनि अन्यजातिहरूको मुक्तिको योजना देख्न सक्छौं। येशूको मुक्तिको कामको सुरुवात गालील क्षेत्रबाट हुने भएको कारण यहूदा इस्करियोत बाहेक सबै चेलाहरू उहाँले गालीलबाट चुन्नुभयो (यहूदा इस्करियोतचाहिँ यहूदा क्षेत्रको थियो)। ती गालीलका मानिसहरू प्राय: अनपढ र तल्लो स्तरको पेशा भएका मानिसहरू भएका हुनाले अन्यजातिहरूसँग घुलमिल हुने अवसर यहूदा क्षेत्रमा भएका यहूदीहरूभन्दा बढी हुनेथियो। त्यसैकारण येशूले तिनीहरूलाई आफ्नो चेलाहरूको रूपमा चुन्नुभयो।

यदि येशूले आफ्नो सेवकाइको केन्द्र यहूदा क्षेत्रलाई रोज्नुभएको भए के हुने थियो होला? अन्यजातिहरू कहाँ मुक्तिको सुसमाचार पुऱ्याएर अब्राहामसँगको करार (उत्पत्ति १२:२-३, मत्ती २८:१९-२०, प्रेरित १:८) पुरा गर्न सायद धेरै कठिन हुनेथियो होला।

यहूदा क्षेत्रचाहिँ इस्राएलमा भएका उच्चस्तरका यहूदीहरूको बसोबास गर्ने इलाका थियो,जस्तै: धनी, पढेलेखेका, शक्तिवाला, पूजाहारीहरू र प्रधान पूजाहारीहरू, उच्च धार्मिक अगुवाहरू र बुद्धिजिवीहरू आदि। ती यहूदीहरू आफ्नो मात्र जातिमा केन्द्रित मनोभावका थिए। तिनीहरू यहूदीहरूको मात्र वास्ता गर्ने र आफूलाई अन्यजातिहरूभन्दा उच्च ठान्ने मानिसहरू थिए। त्यसकारण तिनीहरू अन्यजातिहरूलाई वास्ता नगर्ने र विद्रोही स्वभावका मानिसहरू थिए।




चित्र ७-२. पश्चाताप नगर्ने अन्यजातिहरूको गालील

त्यसैले यदि येशूका सबै चेलाहरू गालीलका नभएर यहूदाका मानिसहरू भएका भए तिनीहरू धेरै शैक्षिक अवसर पाएका मानिसहरू भएका हुनाले तिनीहरूको आफ्नो मात्रै जातिमा केन्द्रित मनोभाव अन्यजातिहरूको मुक्तिको काममा बाधा बन्न सक्ने थियो होला।

## (२) अन्यजातिहरूको गालीललाई हप्काइएको छ

येशूले गालीलको क्षेत्रमा सेवकाइ सुरु गर्नुभएको धेरै समय नबित्दै येशूले गालीलका सहरहरूलाई हप्काउनु भएको दृश्य हामी देख्न सक्छौं। त्यो भन्दाअघि येशूले ती सहरहरूलाई उहाँको ठुलो ज्योतिले आशिष् दिनेप्रतिज्ञा गर्नुभएको थियो। तर अचानक येशूको ती सहरहरूप्रतिको धारणा परिवर्तन भएको छ। किन हाम्रो विश्वासयोग्य प्रभुले त्यति सजिलै आफ्नो मन बदल्नुभएको होला? यसको उत्तरमा अन्यजातिहरूको मुक्तिको निम्ति परमेश्वरको योजनाको गहिरो आत्मिकी अर्थ लुकेको छ।

येशूले चेलाहरू नियुक्त गर्नुभएपछि गालील क्षेत्रका धेरै बिरामीहरूलाई निको पार्नुभयो (मत्ती ८-९ अध्याय)। त्यसपछि येशूले आफ्ना चेलाहरूलाई भूतआत्माहरू निकाल्ने र रोगहरू निको पार्ने शक्ति दिनुभयो ताकि उनीहरूले पनि स्वर्गको सुसमाचार प्रचार गर्न सकून् (मत्ती १० अध्याय)। तर प्रभुले त्यो क्षेत्रका मानिसहरूलाई दिनुभएको वास्ता र व्यक्तिगत चासोको बाबजुत पनि त्यहाँका मानिसहरूले स्वर्गको सुसमाचारलाई धेरै हलुका रूपले लिए र त्यति महत्व दिएनन्। अझ उनीहरूले सुसमाचार सुनेर पनि आफ्ना पापको पश्चाताप गरेनन्। तिनीहरूले येशूलाई आफ्नो मुक्तिदाताको रूपमा स्वीकार गरेनन्। उनीहरू येशूप्रति सकारात्मक थिएनन् अनि अझ उनीहरूले येशूलाई इन्कार गरे।

यो कुरा मत्ती ११:२०-२४ मा हेर्दा थाहा हुन्छ:

जुन-जुन सहरमा उहाँका धेरैजसो शक्तिशाली कामहरू गरिएका थिए, उहाँले तिनलाई धिक्कार्न लाग्नुभयो, कारण तिनीहरूले पश्चाताप गरेनन्। "धिक्कार तँलाई, ए खोराजिन! धिक्कार तँलाई, ए बेथसेदा! किनकि तिमीहरूमा गरिएका शक्तिशाली कामहरू टुरोस र सीदोनमा गरिएका भए तिनीहरूले उहिले नै भाङ्ग्रा लाएर र खरानी धसेर पश्चाताप गरिसक्नेथिए। तर म तिमीहरूलाई भन्दछु, न्यायको दिनमा तिमीहरूकोभन्दा त टुरोस र सीदोनको हालत बढ़ी सहनीय हुनेछ। ए कफर्नहुम, के तँ आकाशसम्मै उचालिनेछस् र? तँ पातालसम्म खसालिनेछस्। किनकि तँमा गरिएका शक्तिशाली कामहरू सदोममा गरिएका भएदेखि त्यो आजको दिनसम्म रहिरहनेथियो। तर म तिमीहरूलाई भन्दछु, न्यायको दिनमा तेरोभन्दा त सदोम मुलुकको हालत बढ़ी सहनीय हुनेछ।"

यहाँ हामी येशूले अन्यजातिहरूको गालीललाई कडा गरी हकार्नुभएको देख्न सक्छौं। येशूको त्यो क्षेत्रप्रतिको धारणा पूर्णरूपमा परिवर्तन भएको छ। खोराजिन, बेथसेदा, र कफर्नहुमचाहिँ गालील तालको किनारमा भएका सहरहरू थिए। यी सहरहरूले येशूबाट धेरै सेवा पाएका थिए। तर यी क्षेत्रका मानिसहरू अझै पनि यहूदी धारणामा अडिग रहे।

हुन त गालील क्षेत्रमा यहूदा क्षेत्रभन्दा बढी अन्यजातिहरू थिए, तरै पनि त्यो क्षेत्र इस्राएल नै थियो। त्यसैले उनीहरू पनि यहूदी विचारले भरिएका थिए। त्यसैले गालीलका मानिसहरू पनि कठोर हृदय भएका र व्यवस्थामा केन्द्रित थिए। तिनीहरू येशूलाई परमेश्वरका पुत्र अर्थात् ख्रीष्टको रूपमा हेर्न असमर्थ भए। अझ उनीहरूले त येशूमाथि सङ्का गरे अनि सतावट गरे।

यदि हामीले २३ पदलाई हेर्ने हो भने हामी यो कुरा देख्न सक्छौं, कि यो प्राय: कफर्नहुमको अवस्था थियो, जुन सहर येशूको सेवकाइको केन्द्र थियो। येशूले भन्नुभयो, कि न्यायको दिनमा यो घमण्डी सहरको हालत पहिले नै नष्ट भएका सदोम र गमोरा सहरकोभन्दा पनि नाजुक हुनेछ। कफर्नहुम एक महत्वाकांक्षी सहर थियो, जो आकाश सम्मै उचालिएको थियो। तर येशूले भन्नु भयो, कि यो त बरु पातालसम्मै होच्याइने छ। किन होला? किनकि यो सहरले सुसमाचार पायो तर पश्चाताप गरेन। यसले सुसमाचार पायो तर येशूको पहिचान माथि विश्वास गरेन. यसले सुसमाचार प्राप्त गऱ्यो तर अरू अन्यजातिहरूको टोलमा प्रचार गरेन, त्यसैले येशूको हप्की खानु पऱ्यो। अर्कोतर्फ टुरोस र सिदोन सहरहरू पुरै अन्यजातिहरूको सहर थिए (जुन अहिलेको लेबनान देशमा पर्छन्)। येशूले भन्नुभयो, कि यदि गालीलको क्षेत्रमा गरिएका चिन्हहरू बरु टुरोस र सिदोनमा गरिएका भए त्यहाँका मानिसहरूले तुरुन्तै पश्चाताप गर्नेथिए र येशूलाई परमेश्वरका पुत्र र ख्रीष्ट भनी स्वीकार गर्नेथिए होला। अर्को अर्थमाभन्दा इस्राएलका सहरहरू खोराजिन, कफर्नहुम र बेथसेदाभन्दा बरु अन्यजातिका सहरहरू येशूको पहिचान स्वीकार गर्न अझ आत्मिक रूपमा जागा थिए।

यहाँ खोराजिन, कफर्नहुम र बेथसेदा सहरहरूले पुरा इस्राएलको (सङ्केत रोमी ५:१४) प्रतिनिधित्व गर्दछन्। टुरोस र सिदोनले पुरा अन्यजातिहरूलाई सङ्केत गर्दछन्। त्यसैले येशूले न्यायको दिनमा खोराजिन, कफर्नहुम र बेथसेदाकोभन्दा टुरोस र सिदोनको हालत अझ असल हुन्छ भन्नुको अर्थचाहिँ पुरा यहूदीहरूले येशूलाई इन्कार गर्नेछन् तर अर्कोतर्फ अन्यजातिहरूले आफ्नो हृदय खोलेर येशूलाई स्वीकार गर्नेछन् भन्न खोजीएको हो।

वास्तवमा येशूको हृदय जहिले पनि अन्यजातिहरूको सहरप्रति हुन्थ्यो: उहाँको लक्ष्यचाहिँ अब्राहामलाई देखाउनुभएको मुक्तिको योजना पुरा गर्नु थियो। वास्तवमा येशूले गालीललाई आफ्नो सेवकाइको केन्द्र बनाउनुको कारण भनेको त्यो सहर अन्यजातिहरूको सहरहरूको सिमानामा थियो र त्यसले अन्यजातिहरूको मुक्तिको योजना पुरा गर्न एउटा पुलको भूमिका खेलोस् भनेर हो। तर अन्त्यमा गालीलचाहिँ इस्राएलको एक भाग कै रूपमा प्रकट भयो। अनि गालिलीहरू आफ्नो यहूदी जातिहरूमा केन्द्रित मानिसहरू देखिए। येशूका ११ जना चेलाहरू

जो गालीलका थिए, उनीहरू पनि ठ्याक्कै त्यस्तै थिए। त्यसैकारण येशूका चेलाहरू अन्यजातिहरूसँग कुरा गर्न पनि चाहदैन थिए। वास्तवमा उनीहरू कुनै पनि कुरामा अन्यजातिहरूसँग घुलमिल गर्न चाहदैन थिए (व्यवस्था ७:२-३, १ राजाहरू ११:२-४, यशैया २:६, यर्मिया ५१:५१, यूहन्ना ४:९, गलाती २:१२)। योचाहिँ उनीहरूले येशूको महान् आदेश पालन गर्नुभन्दाअघि उनीहरूले भोग्नुपर्ने धेरै कडा सांस्कृतिक असुविधाहरू थिए, जसको लागि उनीहरूलाई समय लाग्ने थियो।

तर त्यो परमेश्वरको चाहाना थियो। यो सबै कुराचाहिँ येशूले आफ्नो मुक्तिको योजना यहूदीहरूद्वारा नभएर अन्यजातिहरूद्वारा पुरा गर्नुहुन्छ भन्ने कुराको चिन्ह थियो। अन्त्यमा अन्यजातिहरूले यहूदीहरूलेभन्दा पहिले सुसमाचार ग्रहण गर्नेछन्। अन्यजातिहरूले यहूदीहरूभन्दा पनि बढी सृष्टिको उद्देश्य, महान् आज्ञा र महान् आदेशमा चासो दिनेछन् र पालन गर्नेछन्। त्यसैले यहूदीहरूचाहिँ परमेश्वरको इच्छा अन्यजातिहरूमा पुर्‍याउने पुलको रूपमा मात्र काम गर्नको निम्ति नियुक्त गरिएका थिए। त्यसपछि बिस्तारै यहूदीहरूको सुसमाचारप्रतिको आत्मिकी आँखा बन्द हुँदैजानेछ। येशूले निरन्तर आफ्ना चेलाहरूलाई त्यो तथ्यको बारेमा सजग गराउने प्रयत्न गर्नुभयो। तर यो कुरा बुझ्न तिनीहरूलाई धेरै लामो समय लाग्यो।

## (३) पिताको इच्छा

गालीललाई हप्काई सकेपछि येशूले पिता परमेश्वरसँग प्रार्थना गर्नुभयो। "त्यस बेला येशूले भन्नुभयो, "हे पिता, स्वर्ग र पृथ्वीका प्रभु, म तपाईंमा धन्यवाद चढ़ाउँछु, किनकि तपाईंले यी कुरा बुद्धिमान् र समझदारबाट गुप्त राख्नुभयो, तर बालकहरूलाई ती प्रकट गर्नुभयो। हो, पिता, किनकि तपाईंलाई यही असल लाग्यो"(मत्ती ११:२५-२६)। चेलाहरूले यो प्रार्थना सुने। यो प्रार्थनाको गहिरो अर्थ छ। यो प्रार्थनामा "बुद्धिमान् र समझदार" ले यहूदीहरूलाई र "बालकहरू"ले अन्यजातिहरूलाई सङ्केत गर्दछ। त्यसैले येशू पिताले सुसमाचार यहूदीहरूबाट गुप्त राख्नुभएर अन्यजातिहरूलाई प्रकट गर्नुभएको निम्ति धन्यवाद भन्दैहुनुहुन्छ। यो येशूको आफ्नो स्वीकार हो। यसको अर्थ यो हो, कि यहूदीहरूको आत्मीकी आँखा अन्धो गराएर येशूलाई इन्कार गर्ने बनाउनु र अन्यजातिहरूले सुसमाचार ग्रहण गर्ने बनाउनु परमेश्वरको इच्छा थियो।

येशूले यो भन्दाअघि १० अध्यायमा आफ्ना चेलाहरूलाई पठाउने समयमा पनि यस्तै कुरा भन्नुभएको थियो। येशूले भन्नुभयो, कि यहूदीहरूले सुसमाचारलाई ग्रहण गर्ने छैनन्। उहाँले भन्नुभयो, कि चेलाहरू सुसमाचार प्रचार गरेको कारण यहूदीहरूबाट हेला अनि इन्कार गरिएर सताइने छन्। अनि यहूदीहरूले सुसमाचारलाई इन्कार गरेको कारणले अन्यजातिहरूले

सुसमाचार ग्रहण गर्न पाउने अवसरको ढोका खुल्नेछ। यो कुरा येशूले मत्ती १०:१६-१८ मा भन्नुभयो, "हेर, म तिमीहरूलाई ब्वाँसाहरूका बिचमा भेड़ाझैँ पठाइरहेछु, यसकारण तिमीहरू सर्पझैँ चनाखो र ढुकुरझैँ निर्दोष होओ। तर मानिसहरूदेखि होशियार होओ, किनभने तिनीहरूले तिमीहरूलाई अदालतहरूमा सुम्पिदिनेछन्, र तिनीहरूका सभाघरहरूमा तिमीहरूलाई कोर्रा लाउनेछन्। तिमीहरू मेरो खातिर हाकिम र शासकहरूका सामुन्ने खड़ा गराइनेछौ र तिनीहरू र अन्यजातिहरूका निम्ति साक्षी हुनेछौ।" यहाँ येशूले आफ्ना चेलाहरूलाई रोगीहरूलाई निको पार्न, भूतआत्माहरू निकाल्न, र उहाँको नाउँ खोराजिन, कफर्नहुम, र बेथसेदाबाट सुरु गरेर सारा इस्राएलमा प्रचार गर्न भनी पठाउनुभयो। तर येशूले यो भन्नुभयो, कि प्राय: यहूदीहरूले सुसमाचारलाई इन्कार गर्नेछन् तर अन्यजातिहरूले स्वीकार गर्नेछन्।

येशूले मत्ती १०:२२-२३ मा निरन्तर भन्नुभयो, "मेरो नाउँको खातिर सबैबाट तिमीहरू घृणित हुनेछौ। तर जो अन्त्यसम्म स्थिर रहन्छ, त्यसैको उद्धार हुनेछ। जब तिनीहरूले तिमीहरूलाई एउटा सहरमा सताउँछन् तब अर्कोमा भाग। किनकि साँच्चै म तिमीहरूलाई भन्दछु, मानिसको पुत्र आउनअघि तिमीहरू कुनै रीतिले इस्राएलका सबै सहरहरू डुलिसकेका हुनेछैनौ।" येशूको यो भनाइ अलि अचम्मको छ। येशू आफ्ना चेलाहरूको साथमै हुनुहुन्थ्यो तर पनि उहाँ धर्तीमा आउनु नै नभएकोजस्तो गरी कुरा गर्दै हुनुहुन्थ्यो। उहाँले यो कुरा भविष्यत कालमा भन्नुभयो, "मानिसको पुत्र आउनअघि"। यसलाई अर्थ लगाउने एउटै तरिका भनेको, येशूले आफ्नो दोस्रो आगमनको कुरा गर्नुभएको हो, जुन कुरा २,००० वर्षपछि हुनेवाला थियो। त्यसैले यो एउटा भविष्यवाणी थियो। "मानिसको पुत्र आउनअघि तिमीहरू कुनै रीतिले इस्राएलका सबै सहरहरू डुलिसकेका हुनेछैनौ" भन्ने वाक्यले पुरै यहूदीहरूले सुसमाचार स्वीकार गर्नअघि नै येशूको दोस्रो आगमन हुनेछ भन्ने हो। अर्को अर्थमाभन्दा येशूको दोस्रो आगमनअघि सबै त होइन तर केही मात्र यहूदीहरूलाई सुसमाचार सुनाइएको हुनेछ।

यसबाट मानिसहरूको मुक्तिको रोलक्रमको बारेमा हामी विचार गर्न सक्छौँ। सुरुमा येशूका चेलाहरू सुसमाचार प्रचारको निम्ति पुरा इस्राएल घुम्नेछन्। तर यहूदीहरूले सुसमाचार स्वीकार गर्ने छैनन् बरु उल्टै चेलाहरूलाई सतावट दिनेछन्। फलस्वरूप चेलाहरू इस्राएलमा बस्न सक्नेछैनन् र उनीहरू अन्यजातिहरूको मुलुकहरूमा जान बाध्य हुनेछन्। यसले यहूदीहरूभन्दा पहिले अन्यजातिहरूमा सुसमाचार प्रचार गर्ने कुराको मोड ल्याउनेछ। त्यसको धेरै समय बितेपछि जब अन्यजातिहरूको तोकिएको सङ्ख्या पुरा हुनेछ तब बिस्तारै केही यहूदीहरूको आत्मिकी आँखा खुल्न सुरु गर्नेछ र उनीहरूले येशूमा विश्वास गर्नेछन्। अनि त्यो समयमा येशूको दोस्रो आगमन हुनेछ।

त्यसैले आज हामी इसाईहरूको जिम्मेवारी भनेको अन्यजातिहरूको तोकिएको निर्धारित सङ्ख्या पुरा गराउनको निम्ति जति सकेको धेरै अन्यजातिहरूलाई सुसमाचार प्रचार गर्नु हो। जसै अन्यजातिहरूको निर्धारित सङ्ख्या पुरा हुँदै जानेछ, बिस्तारै मसिही यहूदीहरू (प्रकाश

७:१-८ मा उल्लेख गरिएका १,४४,०००) प्रभुमा आउने क्रम बढ्दै जानेछ। त्यसपछि अन्त्यमा, जब अन्यजातिहरूको कटनी सकिनेछ तब सबै यहूदीहरूको उद्धार हुनेछ (रोमी ११:२५-२६)।

येशू इतिहासको प्रभु (मत्ती २८:१८, यूहन्ना १७:२) र अल्फा अनि ओमेगा हुनुहुन्छ (यशैया ४४:६, प्रकाश १:८, २२:१३)। अन्त्यमा खोराजिन, कफर्नहुम र बेथसेदा सहरहरूको हृदय कठोर नै गराइनेछ, किनकि अन्यजातिहरूलाई पहिले सुसमाचार दिएर बचाउने परमेश्वरको योजना हो। योचाहिँ येशूको सार्वभौम अधिकारको कुरा हो। हामीले यो कुरा याद गर्नुपर्छ, कि उहाँ त्यही येशू हुनुहुन्छ जसले आफ्नो योजना पुरा गर्नको निम्ति फारोको हृदय (प्रस्थान ४:२१), कनानीहरूको हृदय (येहोशू ११:२०), र नबुकदनेसरको हृदय (यर्मिया ४३:१०) कठोर गराउनु भएको थियो।

त्यसैले येशूका चेलाहरूले ती इस्राएलका सहरहरूमा सुसमाचार प्रचार गर्न ठुलो परिश्रम गरे तर पनि येशूले यहूदीहरूको हृदय कठोर गराउने योजना गर्नुभएको कारण चेलाहरू यहूदीहरूबाट सतावट भोगेर दु:ख र चोट मात्र बने। त्यसैले त्यो सतावटको कारण चेलाहरू अन्यजातिहरूको गालील छोडेर सिदोन र टुरोस हुँदै साँचो अन्यजातिहरूलाई सुसमाचार प्रचार गर्न अरू क्षेत्रहरूमा जाने भए।

## ४. अन्यजाति कप्तानको विश्वास (मत्ती ८:५-१३; लूका ७:१-१०)

येशूले रोमी कप्तानलाई भेट गर्नुभएको घटनामा पनि हामी येशूको अन्यजातिहरूप्रतिको महान् प्रेम देख्न सक्छौं (मत्ती ८:५-१३)। त्यो कप्तानचाहिँ रोमी सिपाहीको १०० जना माथिको कप्तान थियो। त्यो कप्तान येशूलाई भेट गर्न कफर्नहुममा पर्खेर बसेको थियो, जो पूर्ण रूपले अन्यजाति थियो। त्यो व्यक्तिलाईचाहिँ येशूले यो घटनाको निम्ति पहिले नै चुनेर नियुक्त गर्नुभएको थियो, ताकि यो दृश्यको माध्यमबाट येशूले आफ्ना चेलाहरू र पहिलो शताब्दीका विश्वासीहरूलाई अब्राहामसँगको करार र अन्यजातिहरूको निम्ति परमेश्वरको मुक्तिको योजना सिकाउन चाहानुहुन्थ्यो।

येशूसँगको भेटमा रोमी कप्तानले आफ्नो पक्षघात भएको नोकरलाई निको पारिदिनुहुन येशूसँग बिन्ती गर्दछ। येशूले त्यो बिन्तीलाई खुसीसाथ स्वीकार गरेर त्यो कप्तानको नोकरलाई निको पारिदिनको निम्ति उसको घरमा जाने इच्छा देखाउनुहुन्छ। तब त्यो कप्तानले एउटा महत्वपूर्ण कुरा येशूलाई भन्दछ, "तर कप्तानले भने, "हे प्रभु, तपाईंलाई मेरो घरमा स्वागत गर्ने योग्यको म छैनँ। तर वचन मात्र बोलिदिनुहोस्, र मेरो नोकर निको हुनेछ। किनकि म पनि अधिकारीहरूका अधिनमा छु, अनि मेरो अधीनमा सिपाहीहरू छन्। म एक जनालाई 'जा'

भन्छु, अनि त्यो जान्छ, र अर्कालाई 'आइज' भन्छु, अनि त्यो आउँछ। मेरो कमारालाई 'यसो गर्' भन्छु, अनि त्यसले त्यो गर्छ।" (मत्ती ८:८-९)।

योचाहिँ येशूको सार्वभौम अधिकारको बारेमा एकदमै अचम्मित पार्ने र शक्तिशाली विश्वासको स्वीकार हो (मत्ती २०:१५, रोमी ९:१०-२३)। यो स्वीकार ती कप्तानले येशू र उनको बिचको कुराकानी सुनिरहेका धेरै मानिसहरू र येशूका चेलाहरूसामु गरेका थिए। येशू ती कप्तानको विश्वास देखेर छक्क पर्नुभयो र उनको विश्वासको तारिफ गर्नुभयो। येशूले मत्ती ८:१० मा यसरी भन्नुभयो, तिनको कुरा सुनेर येशूले आश्‍चर्य मान्नुभयो, र उहाँकोपछि आउनेहरूलाई भन्नुभयो, "साँच्चै, म तिमीहरूलाई भन्दछु, इस्राएलमा पनि यति ठुलो विश्वास मैले भेट्टाएको छैनँ"। अर्को अर्थमा यो गैरयहूदी कप्तान जसलाई यहूदीहरूले हेला गर्दछन् यसको विश्वास कुनै पनि यहूदीको विश्वासभन्दा ठुलो छ।

यस्ता घटनाहरूद्वारा येशूले आफ्ना चेलाहरूलाई उहाँले अन्यजातिहरूलाई कति धेरै प्रेम गर्नुहुन्छ भनी बिस्तारै बिस्तारै देखाउनुभयो। अनि उहाँले यो सङ्केत दिनुभयो, कि यहूदीहरूलेभन्दा पहिले अन्यजातिहरूले येशूको पहिचान बुझ्ने र स्वीकार गर्नेछन्।

त्यसपछि मत्ती ८:११-१२ मा एउटा अर्कैखाले कुरा उहाँले गर्नुभयो, म तिमीहरूलाई भन्दछु, पूर्व र पश्‍चिमबाट धेरै जना आउनेछन्, र अब्राहाम, इसहाक र याकूबसँग स्वर्गका राज्यको भोजमा बस्नेछन्। तर राज्यका सन्तान बाहिरी अन्धकारमा फालिनेछन्। त्यहाँ मानिसहरू रुनेछन् र दाह्रा किट्नेछन्।" यहाँ पूर्व र पश्‍चिमबाट धेरै जना आउनेहरू भनेकोचाहिँ ठुलो सङ्ख्यामा आउने अन्यजातिहरूलाई आंकित गरिएको हो। येशूले भन्नुभयो कि, "येशूलाई परमेश्‍वरका पुत्र भनी विश्वास र स्वीकार गर्ने अन्यजातिहरूले अब्राहाम, इसाहक र याकूबजस्तै गरी स्वर्गमा येशूसँग भोज खानेछन्"। तर राज्यका सन्तानहरू (अर्थात् यहूदीहरू) जसले येशूको पहिचानलाई स्वीकार गर्दैनन् तिनीहरू त्यो भोजमा सहभागी हुन सक्नेछैनन्। यो भविष्यवाणी थियो, कि इ.सं. ७० मा यरूशलेमको विनासपछि यहूदीहरूको आत्मिकी आँखा पूर्ण रूपले अन्धो हुनेछ र उनीहरूले येशूलाई स्वीकार गर्नेछैनन् तर अर्कोतर्फ अन्यजातिहरूको आत्मिकी आँखा खुल्नेछ र उनीहरूले येशूलाई परमेश्‍वरको पुत्र, ख्रीष्ट र मुक्तिदाता भनी स्वीकार गर्नेछन्।

कप्तानसँगको वार्तालापद्वारा येशूले आफ्ना चेलाहरू र अरू यहूदीहरूको सामु एउटा अन्यजाति (गैरयहूदी) मानिसको विश्वासको तारिफ गर्नुभयो। येशूले तिनीहरूलाई भन्नुभयो, कि येशूमा विश्वास गर्ने अन्यजातिहरू स्वर्गमा जानेछन्। त्यसपछि येशूले चेलाहरूलाई अब्राहामसँगको करारलाई सिकाउन थाल्नुभयो। योचाहिँ येशूले आफ्नो मुक्तिको योजनाको ठुलो नक्सा देखाउनको लागि त्यो कप्तानलाई प्रयोग गर्नुभएको हो। यदि हामीले यो घटनाभित्र लुकेको यो महत्वपूर्ण रहस्यको कुरा बुझ्न सकेनौँ भने, हामी यो घटनालाई येशूले अरूहरूलाईजस्तै सामान्य रूपमा कप्तानको नोकरलाई निको पार्नुभएको कुरा मात्र बुझ्छौँ र

येशू एक महान् चङ्गाइकर्ता हुनुहुन्छ भन्ने कुरालाई जोड दिने हुन सक्छौं। अनि हामी यसरी जान सक्छौं, कि हामीले पनि हृदयदेखि प्रार्थना गरेमा येशूले हाम्रो पनि रोग र दुर्बलता निको पारिदिनुहुनेछ। योचाहिँ घटनाको सतही बुझाइ मात्र हो। यो कुरा पनि हो, कि येशूले हाम्रा शरीरका रोगहरू निको पार्न सक्नु हुनेछ तर अब्राहामसँगको करारसँग तुलना गर्दा यो एउटा सामान्य कुरा मात्र हुन आउँछ।

त्यसैले कप्तानसँगको वार्तालापको मुख्य सन्देशचाहिँ चङ्गाइ मात्र होइन। तर यो त अब्राहामसँगको करार हो (उत्पत्ति १२:२-३)। योचाहिँ अन्यजातिहरूको निम्ति परमेश्वरको मुक्तिको योजना हो। यो येशूको महान् आदेश पनि हो (मत्ती २८:१९-२०, प्रेरित १:८)। यो कुराचाहिँ यो घटनामा मात्र होइन तर येशूको आफ्नो सेवकाइको बिचमा भएका सबै आश्चर्यकर्महरू र चङ्गाइहरूको मुख्य केन्द्रमा अब्राहामको करार रहेको छ। किन? किनकि येशू यो धर्तीमा आउनुको मुख्य कारण नै त्यो करार पुरा गर्नको लागि थियो।

त्यसैकारण हामी बाइबलको कुन खण्डबाट पढ्छौँ अथवा अध्ययन गर्दछौं, हामी अब्राहामसँगको करारबाट बाहिर जानै सक्दैनौँ। बाइबलको मुख्य विषय नै अब्राहामसँगको परमेश्वरको करार हो जसले उत्पत्तिदेखि प्रकाशसम्मको सबै कुराहरूलाई एक अर्कामा जोड्ने काम गर्दछ।

## ५. कनानी स्त्रीको विश्वास (मत्ती १५:२१-२८)

मत्ती १५:२१-२८ मा उल्लिखित कनानी स्त्रीको घटना एकदमै महत्वपूर्ण छ।

तब येशू त्यहाँबाट निस्कनुभयो, र टुरोस र सीदोनका इलाकातिर जानुभयो। त्यस इलाकाबाट एउटी कनानी स्त्री आएर कराउँदै भन्न लागि, "हे प्रभु, दाऊदका पुत्र, ममाथि दया गर्नुहोस्। मेरी छोरीलाई भूतले साह्रै सताएको छ।"येशूले त्यसलाई केही जवाफ दिनुभएन। उहाँका चेलाहरूले आएर उहाँलाई बिन्ती गरे, "यसलाई बिदा गर्नुहोस्, किनभने त्यो कराउँदै हाम्रोपछि लागिरहिछे।" उहाँले भन्नुभयो, "म इस्राएल जातिका हराएका भेड़ाहरूका निम्ति मात्र पठाइएको हुँ।" तर त्यो स्त्री आएर उहाँकोअघि घोप्टो परी र भनी, "हे प्रभु, मलाई सहायता गर्नुहोस्।" उहाँले भन्नुभयो, "बालकहरूको रोटी लिएर कुकुरहरूलाई फालिदिनु ठिक हुँदैन।" त्यसले भनी, "हो प्रभु, तर कुकुरहरूले पनि त आफ्ना मालिकको टेबिलबाट झरेका टुक्राटाक्री खान्छन्।" तब येशूले त्यसलाई जवाफ दिनुभयो, "ए नारी, तिम्रो विश्वास ठुलो रहेछ। तिमीले इच्छा गरेबमोजिम तिमीलाई होस्।" त्यसकी छोरी त्यही घड़ी निको भइहाली।

यो समयमा येशू टुरोस र सिदोनमा हुनुहुन्थ्यो (टुरोस र सिदोनचाहिँ अहिलेको लेबनानमा पर्ने समुन्द्री तटहरू हुन्)। हुन त यो अन्यजातिहरूको इलाका थियो तर पनि येशू कफर्नहुम, बेथसेदा र खोराजिन (मत्ती ११:२०-२४)भन्दा पनि यसलाई बढी रुचाउनु हुन्थ्यो। येशू टुरोस र सिदोनमा जानुको कारणचाहिँ उहाँ आफ्ना चेलाहरूलाई अन्यजातिहरूप्रति उहाँको प्रेम देखाउन र तिनीहरूलाई अब्राहामसँगको करारबारे (मुक्तिको महान् योजनाबारे) सिकाउन थियो। येशू आफ्ना चेलाहरूलाई सुरुमा कसले उद्धार पाउनेछ, दोस्रोमा कसले उद्धार पाउनेछ र अन्तमाको मुख्य केन्द्रमा हुनेछ भन्ने कुरा सिकाउन चाहनुहुन्थ्यो।

कनानी स्त्रीले आफ्नी छोरीबाट भूतआत्मा निकालिदिनु भनी ठुलो स्वरमा गरेको गुहार येशू प्रभुले निश्चय नै सुन्नुभएको हुनुपर्छ। तर २३ पदमा हेर्दा येशू एक शब्द पनि नबोली शान्त रहनु भएको छ। येशूले ती स्त्रीलाई उनको बारेमा केही चासो नै नभएकोजस्तै गरी बेवास्ता गर्नुभएको छ। बरु उहाँका चेलाहरू आएर त्यो झर्को गराउने स्त्रीलाई पठाई दिनुहुन येशूलाई अनुरोध गरेका छन्। यदि हामीले यो २३ पदलाई मात्र हेर्ने हो भने येशूका चेलाहरूजस्तै येशूलाई पनि अन्यजातिहरूप्रति कुनै प्रेम थिएनजस्तो देखिन्छ।

त्यति मात्र नभएर २४ पदमा येशूले त्यो स्त्रीलाई कडा वचन भन्नुभएको छ। उहाँले भन्नुभयो, "म इस्राएल जातिका हराएका भेड़ाहरूका निम्ति मात्र पठाइएको हुँ।" यसको मतलब मलाई अन्यजातिहरूको वास्ता छैन। तिमीहरू मेरा मानिसहरू होइनौ। यो कुरा सुन्दै गर्दा ती चेलाहरू हृदयमा धेरै नै खुसी भएका हुनुपर्छ। उनीहरू आफ्नो गुरु पनि उनीहरूजस्तै अन्यजातिहरूलाई बेवास्ता गर्ने व्यक्ति हुनुहुन्छ भन्ने ठानेर सहज महसुस गरेको हुनुपर्छ। तर

त्यो कुरा सत्य थिएन। येशूले आफ्ना चेलाहरूको विचार बुझ्न र उनीहरूलाई महत्वपूर्ण पाठ सिकाउनको निम्ति त्यहाँ त्यसप्रकारले अभिनय मात्र गर्नुभएको थियो।

जब हामी २५ पदमा हेर्छौं, येशू र उहाँका चेलाहरूको चिसोप्रतिक्रियाको बाबजुत पनि कनानी स्त्री डराएकी छैनन्। उनले निरन्तर मेरी छोरीलाई भूतात्माबाट छुटाएर मलाई सहायता गर्नुहोस् भनी बिन्ती गरी नै रहिन। योचाहिँ आफ्नी छोरीलाई बचाउन चाहने एउटी आमाको रोदन थियो। तर येशूले अझ कडा वचनले उनलाई जवाफ दिनुभयो। २६ पदमा उहाँले यसरी भन्नुभयो, "बालकहरूको रोटी लिएर कुकुरहरूलाई फालिदिनु ठिक हुँदैन।" यहाँ बालकहरू भनेको यहूदीहरू हुन् भने कुकुरहरू भनेको अन्यजातिहरू हुन् (मत्ती ७:६, १ पत्रुस २:२२)।

नपत्याउने गरी येशूले कनानी स्त्री र अरू सबै अन्यजातिहरूलाई कुकुरहरू हुन भनी भन्नुभयो। योचाहिँ हामीले चिनेको येशू प्रभु होइनजस्तो देखिन्छ। तर उहाँले केही कुरा लुकाएर राख्नु भएको थियो।

२७ पदमा कनानी स्त्रीले प्रभुलाई फेरि बिन्ती गर्दछिन्। त्यसले भनी, "हो प्रभु, तर कुकुरहरूले पनि त आफ्ना मालिकको टेबिलबाट झरेका टुक्राटाक्री खान्छन्।" वास्तवमा येशूले त्यो स्त्रीबाट सुन्न चाहनुभएको कुरा यही थियो। उहाँले त्यो स्त्रीबाट यति कुरा सुन्नको निम्ति आफू चिसो र कठोर व्यक्ति भएजस्तो अभिनय गर्नुभएको थियो। कनानी स्त्रीले भनेको वचनले येशूका चेलाहरूको हृदय छोयो। त्यो स्त्रीलाई येशूका चेलाहरूले मानिसभन्दा नीच सोचेका थिए। तिनको  नम्र निबेदनले येशूका चेलाहरूको हृदय छोयो।

त्यो स्त्रीको उक्त कुरा सुन्नासाथ ढिलो नगरी येशूले आफ्नो वास्तविक हृदय देखाउनुभयो। २८ पदमा तब येशूले त्यसलाई जवाफ दिनुभयो, "ए नारी, तिम्रो विश्वास ठुलो रहेछ"। येशूले कनानी स्त्रीको विश्वासको तारिफ गर्नुभयो। हुन त उनी तल्लो स्तरको अन्यजाति स्त्री थिइन् तर उनको येशूप्रतिको विश्वास अडिग थियो, कि येशू परमेश्वरका पुत्र, ख्रीष्ट र मुक्तिदाता हुनुहुन्छ। उनको यो बलियो विश्वासको कारण येशू र उहाँका चेलाहरूको चिसोप्रतिक्रियामा पनि उनी स्थिर भएर निरन्तर आफ्नो बिन्ती चढाई रहेकी हुन्।

यसरी यो कथाले बाहिरी रूपमा एउटा कुराजस्तो देखाए तापनिभित्र अर्कै अर्थ र रहस्य लुकेको छ।

यहाँ रोटीका टुक्राहरूको कुरा गरिएको छ। त्यो सिङ्गो रोटी नभएर स-सना टुक्राहरू हो। यसको अर्थ के होला त?

यहाँ रोटीले सुसमाचारलाई सङ्केत गर्दछ जुन सुरुमा यहूदीहरूलाई दिइयो। अनि त्यो रोटी स-साना टुक्रा पारिएर अन्यजातिहरूकहाँ पुग्यो।

येशूले धेरैपटक भन्नु भयो, कि उहाँ जिँउदो रोटी, स्वर्गबाटको साँचो रोटी र परमेश्वरको रोटी हुनुहुन्छ (यूहन्ना ६:३२-५९)। त्यसैले रोटीले येशू र उहाँको सुसमाचारलाई सङ्केत गर्दछ।

कनानी स्त्रीले मागेको रोटीको टुक्राचाहिँ वास्तवमा सुसमाचार थियो। जुन अब्राहामसँगको करारमा यहूदीहरू र अन्यजातिहरू दुवैको निम्तिप्रतिज्ञा गरिएको थियो। उनी एउटा टुक्रा मात्र रोटी अर्थात् सुसमाचारको निम्ति बिन्ती गरिरहेकी थिइन् जुन सुरुमा पुरानो करारका परमेश्वरका सन्तानहरू अर्थात् यहूदीहरूलाई दिइएको थियो।

अन्तमा येशूले कनानी स्त्रीले आफ्नी छोरीलाई निको परिदिनुहुनेछ भन्ने विश्वासको मात्र तारिफ गर्नुभएन। तर त्यो तारिफमा अझ गहिरो आत्मिकी अर्थ लुकेको छ, कि उनले अब्राहामसँगको करार (उत्पत्ति १२:२-३), र येशूको महान् आदेश (मत्ती २८:१८-२०, प्रेरित १:८) मा भएको परमेश्वरको इच्छा अर्थात् अन्यजातिहरूको निम्ति परमेश्वरको मुक्तिको योजना प्रकट गराएकी छिन्।

| | विवरण |
|---|---|
| **मानिसहरू** | येशू, चेलाहरू, कनानी स्त्री |
| **समय** | येशूको सार्वजनिक सेवकाइको बिचतिर |
| **स्थान** | टुरोस र सिदोन |
| **के भयो** | कनानी स्त्रीकी छोरी निको पारिएकी |
| **कसरी** | येशू: "बालकहरूको रोटी लिएर कुकुरहरूलाई फालिदिनु ठिक हुँदैन।" |
| | कनानी स्त्री: "हो प्रभु, तर कुकुरहरूले पनि त आफ्ना मालिकको टेबिलबाट झरेका टुक्राटाक्री खान्छन्।" |
| **उद्देश्य** | येशूका चेलाहरूको अन्यजातिहरूप्रतिको नकरात्मक धारणा देखाउन |
| | तिनीहरूलाई अब्राहामसँगको करारको बारेमा सिकाउन |

**तालिका ७-७.** कनानी स्त्रीसँग येशूको भेट र यसको उद्देश्य (मत्ती १५:२१-२८)

यो सबै दृश्य देखिरहेका येशूका चेलाहरू चुपचाप रहे। उनीहरूले केही शब्द बोल्न र विरोध गर्न सकेनन्। मत्ती १५ अध्यायमा उल्लेख गरिएको यो घटना येशूको तिन वर्षीय सार्वजनिक सेवकाइको बिचतिर घटेको थियो। हामी यो कुरा देख्न सक्छौं, कि यो समयसम्म पनि येशूका चेलाहरूको अन्यजातिहरूप्रतिको व्यवहार नकारात्मक नै थियो (मत्ती १५:२३)। त्यसैकारण येशूले अन्यजातिहरूप्रति परमेश्वरको प्रेमको बारेमा चेलाहरूलाई ठुलो पाठ सिकाउनको निम्ति यो घटना हुन दिनुभयो। यसरी येशूले बिस्तारै तिनीहरूको हृदय परिवर्तन गर्दै हुनुहुन्थ्यो।

## ६. पछिल्ला पहिला हुनेछन् ... (मत्ती २०:१-१६)

"पछिल्लो अघि हुनेछ" भन्ने भनाइ प्राय: इसाईहरूको बिचमा चल्ने गर्छ। वास्तवमा यो भनाइ मत्ती २०:१-१६ मा भएको येशूको दाखबारीका खेतालाहरूको दृष्टान्तबाट आएको हो।

"स्वर्गको राज्य जमिनको एक जना मालिकजस्तो हो, जो बिहान सबेरै आफ्नो दाखबारीमा खेतालाहरूलाई ज्यालामा काम लाउन बाहिर निस्क्यो। खेतालाहरूसँग एक दिनमा पाउने ज्याला तोकेर उसले तिनीहरूलाई आफ्नो दाखबारीमा पठायो। "जब ऊ नौ बजेतिर बाहिर निस्क्यो, उसले अरूहरूलाई बजारमा बेकाम उभिरहेका देख्यो, र उसले तिनीहरूलाई भन्यो, 'तिमीहरू पनि दाखबारीमा जाओ, र जे उचित छ म तिमीहरूलाई दिनेछु।' अनि तिनीहरू गए।"फेरि उसले बाह्र बजेतिर र तीन बजेतिर बाहिर निस्केर त्यसै गर्‍यो। उसले पाँच बजेतिर बाहिर निस्केर अरूहरूलाई उभिरहेका भेट्टायो, र तिनीहरूलाई भन्यो, 'तिमीहरू किन यहाँ दिनभरि बेकाम उभिरहेका छौ?'

"तिनीहरूले उसलाई भने, 'कसैले हामीलाई ज्यालामा लगाएको छैन।'"उसले तिनीहरूलाई भन्यो, 'तिमीहरू पनि दाखबारीमा जाओ।'"जब साँझ पर्‍यो, तब दाखबारीको मालिकले आफ्नो कर्मचारीलाई भन्यो, 'खेतालाहरूलाई बोलाएर आखिरी आउनेहरूदेखि लिएर पहिला आउनेहरूसम्मलाई तिनीहरूका ज्याला देऊ।' "पाँच बजे काममा लागेकाहरू आए, र तिनीहरू हरेकले पुरा दिनको ज्याला पाए। जब पहिला ज्यालामा लागेकाहरू आए, तब तिनीहरूले बढ्ता नै पाउँला भन्ने विचार गरे, तर तिनीहरू हरेकले पनि एक दिनको ज्याला पाए। ज्याला पाएपछि जमिनका मालिकको विरुद्धमा तिनीहरू गनगनाउन लागे। तिनीहरू भन्न लागे, 'यी पछिल्लाहरूले एक घण्टा मात्र काम गरे, तर तपाईंले तिनीहरूलाई हामी दिनभरिको भार बोक्नेहरू र चर्को गर्मी सहनेहरूसरह तुल्याउनुभएको छ।'

"तर उसले तिनीहरूमध्ये एक जनालाई जवाफ दियो, "मित्र, मैले तिमीमाथि केही अन्याय गरेको छैनँ। के तिमीले मसँग पुरा एक दिनको ज्यालामा काम गर्ने कबूल गरेका होइनौ? तिम्रो पाउने ज्याला लिएर जाऊ। यस पछिल्लालाई पनि तिमीलाई दिएजति म दिन चाहन्छु। मेरो जति छ, त्यो म आफूले चाहेजस्तो गर्न सक्दिनँ र? मेरो उदारतामा तिम्रो आँखा किन जल्ने? "यसरी नै पछिल्ला पहिला हुनेछन् र पहिला पछिल्ला हुनेछन्।"

यहाँ दाखबारीको मालिक येशू हुनुहुन्छ। दाखबारीचाहिँ यो संसार, सुसमाचारद्वारा कटनी गर्ने भूमि हो। सुरुमा काम गर्न बोलाएका खेतालाहरू यहूदीहरू हुन्।पछि बोलाइएका खेतालाहरूचाहिँ अन्यजाति (गैरयहूदी) इसाईहरू हुन्। तर यहाँ अचम्मको कुरा के छ भने पहिले बोलाइएका रपछि बोलाइएका दुवै खेतालाहरूलाई बराबरी ज्याला दिनेप्रतिज्ञा गरिएको छ। यसको मतलब परमेश्वरको नजरमा यहूदी र अन्यजातिहरू समान छन् भन्ने हो।

तर यहाँ समस्याचाहिँ पहिलो पछिल्लो हुनेछ भन्ने हो। वचनमा हामी देख्नसक्छौं, कि पहिले काममा बोलाइएकाहरूले दाखबारीको मालिकलाई उनले दिएको ज्यालामा अन्याय भयो भनी गुनासो गरेका छन्। त्यसकोप्रतिउत्तरमा दाखबारीको मालिकले तुरुन्त दिएकोप्रतिक्रियाचाहिँ, "पहिलो पछिल्लो हुनेछ र पछिल्लो पहिलो हुनेछ"।

यहूदीहरू (जसले पहिलो बोलाइएका खेतालालाई सङ्केत गर्दछन्), परमेश्वरका पहिलो चुनिएका मानिसहरू हुन्। तर उनीहरूले येशूलाई इन्कार गरे र येशूको संसारको मुक्तिको मिसनमा बाधा पुऱ्याउने काम गरे। अझ उनीहरूले येशूलाई क्रूसमा टाँगे। उनीहरूले येशू परमेश्वरका पुत्र, ख्रीष्ट र मुक्तिदाता हुनुहुन्छ भनी बुझेनन् र उहाँलाई स्वीकार पनि गरेनन्। त्यसैले उनीहरू पछिल्ला भए।

यो दृष्टान्तको अर्थचाहिँ यहूदीहरूलेभन्दा पनि अन्यजातिहरूले पहिले मुक्ति पाउनेछन् भन्ने हो. तर दु:खको कुरा आज धेरै इसाईहरूले यो दृष्टान्तलाई सही अर्थ लगाउन सकेका छैनन्। उनीहरू यो दृष्टान्तलाई दैनिक जीवनमा लागु हुने नैतिक शिक्षाको रूपमा मात्र लिन्छन्। उनीहरू चार सुसमाचारमा भएका येशूका सबै शिक्षाहरू यहूदीहरू र अन्यजातिहरूको मुक्तिको विषयमा हुन् भन्ने कुरा बुझ्न सक्दैनन्। यसको अर्थ यहूदीहरूभन्दा पहिले अन्यजातिहरूको उद्धार हुनेछ; जस्तै उदाहरणको लागि चार सुसमाचारका दृष्टान्तहरूमध्ये "हराएको छोराको दृष्टान्त" (लूका १५:११-३२) र जखायासले (लूका १९:१-१२) अन्यजातिहरूलाई सङ्केत गर्दछन्। त्यसैकारण हामी चार सुसमाचारका पुस्तकहरू पढ्दा, परमेश्वरको इच्छा बुझ्नुपर्छ, जुन अन्यजातिहरूको उद्धार र मुक्ति नै हो।

# ७. कष्टको हप्ताको मङ्गलबार येशूले दिनुभएको शिक्षाहरू

आफू क्रूसमा जानुहुने हप्तामा येशूले धेरै शिक्षाहरू दिनुभयो। हप्ताको पहिलो दिन अर्थात् आइतबार उहाँ गधामाथि सवार भएर यरूशलेममा प्रवेश गर्नुभयो। यो दिनलाई खजुर आइतबार भनिन्छ (मत्ती २१:१-१७, मर्कूस ११:१-११, लूका १९:२८-४४)। त्यसको भोलिपल्ट अर्थात् सोमबारको दिन उहाँले अञ्जीरको रूखलाई श्राप दिनु भयो (मत्ती २१:१८-२२, मर्कूस ११:१२-१८, लूका १९:४५-४८), जसले इस्राएल देशलाई सङ्केत गर्दछ (यर्मिया २४:१-५)। मङ्गलबारको दिन उहाँले १२ वटा शीर्षकमा शिक्षा दिनुभयो। यी शिक्षाहरूले सुसमाचारको पुस्तकहरूको धेरै खण्ड ओगटेका छन् (मत्ती २१:२३-२५:४६, मर्कूस ११:२०-१३:३७, लूका २०:१-३८)। येशूको कष्टको हप्ताको शिक्षालाई १२ खण्डमा विभाजन गर्न सकिन्छ।

यसमा ११ र १२औँ खण्डमा, अन्त्यको दिनहरूबारे प्रख्यात शिक्षाहरू छन्। कति शिक्षाहरू अब्राहामसँगको करारको बारेमा छन्; जस्तै दोस्रो, तेस्रो र चौथो खण्डहरू। तिनीहरू दुई छोराहरूको दृष्टान्त, दुष्ट मोहीहरूको दृष्टान्त र विवाह भोजको दृष्टान्तहरू हुन्, जसको बारेमा हामी विस्तृत रूपमा हेर्नेछौं। येशूले यहूदीहरू र अन्यजातिहरूको निम्ति परमेश्वरको योजनाको बारेमा चेलाहरूलाई सिकाउनको निम्ति यी दृष्टान्तहरू प्रयोग गर्नुभयो। त्यसैकारण त्यसभित्र लुकेका ख्रीष्टको रहस्य बुझ्नु हाम्रो निम्ति अपरिहार्य छ।

## (१) दुई छोराहरूको दृष्टान्त (पाठ २, मत्ती २१:२८-३२)

यो दुई छोराहरूको दृष्टान्तचाहिँ अब्राहामसँगको करारसँग सबन्धित शिक्षा हो। यो दृष्टान्त मत्ती २१:२८-३२ मा उल्लेख गरिएको छ।

"तिमीहरू के विचार गर्दछौ? एक जना मानिसका दुई छोरा थिए। उसले पहिलोकहाँ आएर भन्यो, 'छोरो, गएर आज दाखबारीमा काम गरिदे।' त्यसले जवाफ दियो, 'म जान्नँ।' तर पछिबाट पछुताएर गयो।"दोस्राकहाँ आएर उसले त्यसै भन्यो। त्यसले जवाफ दियो, 'म जान्छु।' तर गएन। "अब यी दुईमा कुनचाहिँले बाबुको इच्छा पालन गऱ्यो?" तिनीहरूले जवाफ दिए, "पहिलोचाहिँले।"

| पाठ | शीर्षक | विवरण | बाइबल खण्ड |
|---|---|---|---|
| १ | येशूको अधिकार बारे प्रश्न | येशूको पहिचान बारे शिक्षा | मत्ती २१:२३-२७<br>मर्कूस ११:२७-३३<br>लूका २०:१-८ |
| २ | दुई छोराहरूको दृष्टान्त | यहूदी र अन्यजातिहरूको मुक्तिको निम्ति परमेश्वरको योजना | मत्ती २१:२८-३२ |
| ३ | दुष्ट मोहीहरूको दृष्टान्त | यहूदी र अन्यजातिहरूको मुक्तिको निम्ति परमेश्वरको योजना | मत्ती २१:३३-४६<br>मर्कूस १२:१-१२<br>लूका २०:९-१९ |
| ४ | विवाह भोजको दृष्टान्त | थुमाको विवाह भोज (उठाई लगिने), यहूदी र अन्यजातिहरूको सम्बन्ध | मत्ती २२:१-१४<br>लूका १४:१६-२४ |
| ५ | कैसरको कैसरलाई र परमेश्वरको परमेश्वरलाई दिनु | जे कैसरका हुन् कैसरलाई देऊ र जे परमेश्वरका हुन् परमेश्वरलाई देऊ | मत्ती २२:१५-२२<br>मर्कूस १२:१३-१७<br>लूका २०:२०-२६ |
| ६ | पुनरुत्थानको विषयमा विवाद | पुनरुत्थान बारेमा येशूको शिक्षा | मत्ती २२:२३-३३<br>मर्कूस १२:१८-२७<br>लूका २०:२७-४० |
| ७ | महान् आज्ञा | ठाडो आज्ञा र तेर्सो आज्ञाहरू | मत्ती २२:३४-४०<br>मर्कूस १२:२८-३४<br>लूका १०:२५-२९ |
| ८ | येशू र दाऊद बिचको सम्बन्ध | येशू दाऊदको सन्तान,<br>येशू दाऊदको प्रभु | मत्ती २२:४१-४६<br>मर्कूस १२:३५-३७<br>लूका २०:४१-४४ |
| ९ | इसाई अगुवाको सिद्धान्त | येशू एक मात्र प्रभु | मत्ती २३:१-१२<br>मर्कूस १२:३८-४०<br>लूका २०:४५-४७ |
| १० | धार्मिक अगुवाहरूलाई सत धिक्कारहरू | व्यवस्थाका शिक्षक र फरिसीहरूको पाखण्डीपन | मत्ती २३:१३-३६ |
| ११ | मन्दिरको विनास र मसिही यहूदीहरूको वृद्धिबारे भविष्यवाणी | इस्राएलको बारेमा अन्तिमका दिनका चिन्हहरू | मत्ती २३:३७-२४:२<br>मर्कूस १३:१-२ |
| १२ | जैतुन डाँडाको शिक्षा | अन्त्यको दिनको चिन्हहरू,<br>उठाई लगिने विषयमा ७ दृष्टान्तहरू | मत्ती २४:३-२५:४६<br>मर्कूस १३:३-३७<br>लूका २१:५-३८ |

**तालिका ७-८.** कष्टको हप्ताको मङ्गलबार येशूले दिनुभएको १२ वटा शिक्षाहरू

येशूले तिनीहरूलाई भन्नुभयो, "साँच्चै, म तिमीहरूलाई भन्दछु, कर उठाउनेहरू र वेश्याहरू तिमीहरूभन्दाअघि परमेश्वरको राज्यमा प्रवेश गर्छन्। किनकि यूहन्ना तिमीहरूकहाँ धार्मिकताको मार्ग देखाउन आए, तर तिमीहरूले उनीमाथि विश्वास गरेनौ। तर कर उठाउनेहरू र वेश्याहरूले उनीमाथि विश्वास गरे। तिमीहरूले यो देखेर पनि पश्चाताप गरेनौ, अनि उनीमाथि विश्वास गरेनौ।"

यहाँ दोस्रो छोराले यहूदीहरूलाई सङ्केत गर्दछ। पहिलो छोराले अन्यजातिहरूलाई (कर उठाउनेहरू र वेश्याहरूलाई) सङ्केत गर्दछ। पुरानो करारमा यहूदीहरूले धेरैपटक परमेश्वरलाई बिन्ती गरे र उहाँको आज्ञा निरन्तर पालन गर्नेप्रतिज्ञा गरे। तरपटक पटक तिनीहरूले आफ्नो वचन तोडे र परमेश्वरलाई त्यागे। उनीहरूले सुसमाचार प्राप्त गरेर, त्यसको आज्ञापालन गरेनन्। उनीहरू खेतमा काम गर्न गएनन् अर्थात् संसारमा सुसमाचार प्रचार गर्दै कटनी गर्न गएनन्। उनीहरू सुसमाचारको कटनीमा सहभागी भएनन्। अर्कोतर्फ अन्यजातिहरू जो सुरुदेखि नै परमेश्वरप्रति अनाज्ञाकारीहरू थिए। तर जब उनीहरूले सुसमाचार पाए तब उनीहरूले पश्चाताप गरे र स्वर्गको सुसमाचार प्रचार गर्न सुरु गरे।

येशूले सोध्नुभयो: ती दुई छोराहरूमा कुनचाहिँ छोराले पिताको आज्ञा पालन गऱ्यो? निश्चय नै त्यो छोराले, जो दाखबारीमा काम गर्न गयो, अर्थात् अन्यजातिहरू जसले येशूको महान् आदेश पालन गरे (मत्ती २८:१८-२०, प्रेरित १:८), र परमेश्वरको अन्यजातिहरूको मुक्तिको योजनामा सहभागी भए।

त्यसैकारण येशूले भन्नुभयो, कि अन्यजातिहरू, कर उठाउनेहरू र वेश्याहरू यहूदीहरूभन्दा पहिले स्वर्गको राज्यमा प्रवेश गर्नेछन्। वास्तवमा येशूको यो वचन पहिलोदेखि बिसौँ शताब्दीसम्म इसाई इतिहासमा पुरा भएको छ। त्यो समयदेखि नै यहूदीहरूको आत्मिकी आँखा अन्धो भएका छन् र उनीहरूले येशूलाई स्वीकार गर्न सकेका छैनन्। सुसमाचारको कटानीको काम अन्यजातिहरूको बिचमा मात्र भैरहेको छ। यसरी मोशालाई व्यवस्था ३२:२०-२१ मा दिइएको वचन पुरा भएको छ।

सुसमाचारको पुस्तकहरूमा अन्यजातिहरूलाई अङ्कित गर्ने केही सम्बोधनहरू छन्। जसमा कुकुर, सुँगुर, कर उठाउने, वेश्या, बालक, र मूर्ख मानिसहरू जस्ता अभिव्यक्तिहरू पर्दछन्। यी सबै अभिव्यक्तिहरू अपमानजनक र विद्रोही खालका छन्। ती शब्दहरू अति न्यून वर्गका मानिसहरूको निम्ति पनि प्रयोग गर्न नहुनेखाले छन्। अर्कोतर्फ यहूदीहरूलाई सम्बोधन गर्दा "चुनिएका मानिसहरू", बुद्धिमान् मानिसहरू, परमेश्वरका सन्तानहरू, प्रिय परमेश्वरका सन्तानहरू, इमानदार बालकहरू जस्ता नामहरूले सम्बोधन गरिएका छन्।

अन्यजातिहरू र यहूदीहरूलाई सम्बोधन गर्न प्रयोग गरिएका शब्दहरू राम्रोसँग ख्याल गर्नुहोस्। यसो गर्नाले हामी चार सुसमाचारलाई अझ राम्रोसँग बुझ्न सक्नेछौँ।

| पिता | दाखबारीमा काम गर्न जाऊ | |
|---|---|---|
| | पहिलो छोरा | दोस्रो छोरा |
| उत्तर | म जान्न | म जानेछु |
| प्रतिक्रिया | पश्चाताप गर्‍यो र गयो | गएन |
| सङ्केत | कर उठाउने र वेश्या | तपाईं |
| अर्थ | अन्यजातिहरू | यहूदीहरू |
| अर्थ | सुसमाचारको कटनीमा सहभागी भए र पहिले स्वर्गको राज्यमा प्रवेश गरे | सुसमाचारको कटनीमा सहभागी भएन |

**तालिका ७-९.** दुई छोराहरूको दृष्टान्त र यसको अर्थ (मत्ती २१:२८-३२)

## (२) दाखबारीका दुष्ट मोहीहरूको दृष्टान्त
## (पाठ ३, मत्ती २१:३३-४६; मर्कूस १२:१-१२; लूका २०:९-१९)

दाखबारीका दुष्ट मोहीहरूको दृष्टान्तले उत्पत्ति १२:२-३ मा भएको अब्राहामसँगको करारलाई अझ विस्तृत रूपमा देखाउन खोजेको छ। जुन कुरा मत्ती २१:३३-४६ मा पाउन सकिन्छ।

"अर्को दृष्टान्त सुन। कोही एक जना गृहस्थी थिए, जसले एउटा दाखबारी लगाए, र त्यसको वरिपरि बार लगाएर त्यहाँ दाख पेल्ने एउटा कोल राखे, र एउटा मचान बनाए। तब मोहीहरूलाई त्यसको ठेक्का दिई उनी परदेश लागे। जब फलको समय नजिक आयो, उनले मोहीहरूकहाँ फलको आफ्नो हिस्सा माग्न नोकरहरू पठाए। "तर मोहीहरूले उनका नोकरहरूलाई समाती एउटालाई पिटे, अर्कालाई मारे, र अर्कालाई ढुङ्गाले हाने। फेरि उनलेअघिकोभन्दा बढ़ी नोकरहरू पठाए, र तिनीहरूले यिनीहरूसँग पनि त्यस्तै व्यवहार गरे। 'मेरो छोरालाई त

तिनीहरूले आदर गर्लान्' भन्ने सोचेर, अन्त्यमा उनले आफ्नो छोरालाई तिनीहरूकहाँ पठाए। "तर मोहीहरूले छोरालाई देखेर आपसमा भने, 'यो त उत्तराधिकारी हो। आओ, त्यसलाई मारौं, र त्यसको उत्तराधिकार हात पारौं।' तब तिनीहरूले तिनलाई समातेर दाखबारी बाहिर लगे र तिनलाई मारे। "यसकारण जब दाखबारीका मालिक आउँछन्, तब उनले ती मोहीहरूलाई के गर्लान्?"

तिनीहरूले उहाँलाई भने, "उनले ती दुष्टहरूलाई सर्वनास गर्नेछन्, र दाखबारी अरू मोहीहरूलाई ठेक्कामा दिनेछन्, जसले उनलाई फलको हिस्सा समयमा बुझाउनेछन्।" येशूले तिनीहरूलाई भन्नुभयो, "के तिमीहरूले कहिल्यै धर्मशास्त्रमा पढ़ेनौ? 'जुन ढुङ्गालाई भवन निर्माण गर्नेहरूले रद्द गरे त्यहीचाहिँ कुनाको शिर-ढुङ्गो बन्यो, यो परमप्रभुबाट भएको हो, अनि हाम्रो दृष्टिमा यो आश्चर्यमय छ।' "यसैकारण म तिमीहरूलाई भन्दछु, परमेश्वरको राज्य तिमीहरूबाट खोसिनेछ, र एउटा यस्तो जातिलाई दिइनेछ, जसले त्यसको फल फलाउँछ। यस ढुङ्गामाथि खस्नेचाहिँ टुक्रा-टुक्रा हुनेछ, तर जसमाथि त्यो ढुङ्गा खस्छ, यसले त्यसलाई किच्नेछ।" जब मुख्य पूजाहारीहरू र फरिसीहरूले उहाँका दृष्टान्त सुने, तब तिनीहरूकै विषयमा उहाँले यो भन्नुभएको हो भन्ने बुझे। तिनीहरूले उहाँलाई समात्न खोजे, तर तिनीहरू भीड़सँग डराए, किनभने मानिसहरूले उहाँलाई एक अगमवक्ता हुन् भनी ठान्थे।"

यो दृष्टान्तमा दाखबारीको मालिक पिता परमेश्वर हुनुहुन्छ। दाखबारी यो संसार हो जुन परमेश्वरको निम्ति कटनी हुनुपर्छ। यहाँ मोहीहरूले यहूदीहरू विशेषगरी पुरानो करारका यहूदीहरूलाई सङ्केत गर्दछ। ३४ पदमा भनिएको फलचाहिँ येशू हुनुहुन्छ। कटनीको समय नजिक छ भन्नुको अर्थचाहिँ येशूको पहिलो आगमन नजिक छ भन्नु हो। बाली बटुल्न खेतको मालिकले पठाएका नोकरहरू पूरानो करारका अगमवक्ताहरू हुन्। दाखबारीको मालिकले मोहीहरूबाट फल बटुल्न आफ्ना नोकरहरूलाई पठाए भनेको परमेश्वरले यहूदीहरूले येशूलाई ग्रहण गरुन् भनेर अगमवक्ताहरूलाई पठाउनुभयो भन्ने हो। तर ३५ पदअनुसार मोहीहरूले दाखबरीको मालिकका नोकरहरूलाई ढुङ्गाले हानेर मारे। त्यसको मतलब येशूको पहिलो आगमनको बारेमा अगमवाणी गर्ने पुरानो करारका अगमवक्ताहरूलाई यहूदीहरूले सताए र ढुङ्गाले हानेर मारे।

३७ पदअनुसार दाखबारीको मालिकले अन्तमा आफ्नै छोरोलाई पठाउँछन्। अर्को अर्थमा भन्नुपर्दा परमेश्वर पिताले आफ्नो पुत्र येशू ख्रीष्टलाई पठाउनुभयो। ती मोहीहरूले दाखबारीको मालिकको छोराको अनादर मात्र गरेनन् तर तिनीहरूले तिनलाई समातेर दाखबारी बाहिर लगे र तिनलाई मारे। यसले येशूको क्रूसको मृत्युलाई सङ्केत गर्दछ। त्यसैले यो दृष्टान्तमा परमेश्वर पुरानो करारमा के भयो भन्ने कुरा मात्र नभएर निकट भविष्यमा के हुनेछ भन्ने कुरा पनि बताउदै हुनुहुन्थ्यो। यो कुरा याद गर्नुहोस्, कि येशूले यो कुरा उहाँको कष्टको हप्तामा भन्दैहुनुहुन्थ्यो। त्यसको केही दिनमै उहाँ यहूदीहरूका हातबाट मारिनुहुने थियो।

अब ४१ पदमा भनिएको अर्को मोहीले अन्यजातिहरूलाई सङ्केत गर्दछ। दाखबारीको मालिकले त्यो दाखबारी अर्कै मोहीलाई दिनेछन् भनेको अब मुक्तिको सन्देश फैलाउने काम यहूदीहरूबाट लिएर अन्यजातिहरूलाई दिइनेछ भनेको हो।

४२ पदमा येशूले पुरानो करारको भजनसंग्रहको वचनलाई उद्धृत गर्नुभयो। उहाँले भन्नुभयो, 'जुन ढुङ्गालाई भवन निर्माण गर्नेहरूले रद्द गरे त्यहीचाहिँ कुनाको शिर-ढुङ्गो बन्यो' (भजनसंग्रह ११८:२२)। यो पुरानो करारको पदमा नै यहूदीहरूले येशूलाई इन्कार गर्नेछन् तर अन्यजातिहरूले उहाँलाई स्वीकार गर्नेछन् भनी भविष्यवाणी भएको थियो। यहाँ भवन निर्माण गर्नेहरू यहूदीहरू हुन् भने कुनेढुंगो येशू हुनुहुन्छ। त्यसैले येशू जसलाई यहूदीहरूले इन्कार गरे, उहाँ नै नयाँ करारको इसाई मण्डलीहरूको कुने ढुंगो बन्नुभयो (१ पत्रुस २:७)। योचाहिँ अब्राहामसँगको करार पुरा भएको हो। योचाहिँ बाइबलको सबै शिक्षाहरू अब्राहामसँगको करार र परमेश्वरको मुक्तिको योजनामा केन्द्रित छन् भन्ने कुराको अर्को निश्चयता पनि हो।

अब्राहामसँगको करारचाहिँ सम्पुर्ण रूपमा मिसनको बारेमा हो। यसले हामीलाई अरू जातिहरू, विशेषगरी सुसमाचार नपुगेका जातिहरूलाई सुसमाचार प्रचार गर्न भन्छ। त्यसैकारण हामीले यो बोलावट पुरा गर्नुपर्छ। हामी इसाईहरू रहनुको उद्देश्य नै यही हो। मण्डली यसैको निम्ति रहेको छ। इसाईहरू यसै कामको निम्ति पवित्र गराइएका छन्। इसाईहरूको जीवनको सफलताको उद्देश्य पनि यही हो। हामीले परमेश्वरको यो उद्देश्य पुरा गर्दछौं भने उहाँबाट आउने साँचो आनन्द अनुभव गर्न सक्नेछौं।

| | सङ्केत (चिन्ह) | अर्थ |
|---|---|---|
| १ | खेतको मालिक | पिता परमेश्वर |
| २ | दाखबारी | यो संसार (जो कटनी गरिनु पर्नेछ) |
| ३ | मोहीहरू | यहूदीहरू |
| ४ | नोकरहरू | पुरानो करारका अगमवक्ताहरू |
| ५ | खेतको मालीको छोरा | येशू ख्रीष्ट |
| ६ | कटनीको समय | येशूको पहिलो आगमन |
| ७ | खेतको मालिक फर्कने समय | येशूको दोस्रो आगमन |
| ८ | अरू मोहीहरू | अन्यजातिहरू |
| ९ | घर निर्माण गर्नेहरूले इन्कार गरेको ढुंगो | येशू, जसलाई यहूदीहरूले इन्कार गरे |
| १० | कुने ढुंगो | येशू, जो नयाँ करारको मण्डलीको कुनेढुंगो हुनुहुन्छ |

**तालिका ७-१०.** दाखबारीका दुष्ट मोहीहरूको दृष्टान्तको अर्थ (मत्ती २२:१-१४)

## (३) विवाह भोजको दृष्टान्त (पाठ ४, मत्ती २२:१-१४)

विवाह भोजको दृष्टान्त पनि हामीले योभन्दा माथि हेरेका दृष्टान्तहरूजस्तै नै हो तर यसमा अलि फरक भनेकोचाहिँ उठाई लगिने विषयमा जोडिएको छ। दुई छोराको दृष्टान्त (मत्ती २१:२८-३२), दुष्ट मोहीहरूको दृष्टान्त (मत्ती २१:३३-४६) र विवाह भोजको दृष्टान्त (मत्ती २२:१-१४) फरक नभएर तिनीहरू एउटै विषयमा कुरा गर्दछन्। तिनीहरूको व्यक्त गर्ने शैली मात्र फरक छन्। मत्ती २२:१-१४ मा यसरी लेखिएको छ:

येशूले फेरि तिनीहरूलाई दृष्टान्तहरूमा भन्नुभयो, "स्वर्गको राज्यलाई एक जना राजासँग तुलना गर्न सकिन्छ, जसले आफ्नो छोराको विवाह-भोज तयार गरे, र भोजमा निमन्त्रित व्यक्तिहरू बोलाउन भनी आफ्ना नोकरहरू पठाए, तर तिनीहरूले आउन मन गरेनन्। "फेरि तिनले अरू नोकरहरूलाई यसो भनेर पठाए, "निमन्त्रित व्यक्तिहरूलाई भन, हेर, मैले मेरो भोज

तयार गरेको छु, मेरा गोरुहरू र मोटा-मोटा पशुहरू मारिएका छन्, र सब चीजहरू तयार छन्। विवाह-भोजमा आउनुहोस्।' "तर तिनीहरूले वास्तै नगरी एउटा आफ्नो खेतबारीतिर, अर्को आफ्नो व्यापारतिर लागे। बाँकीचाहिँले तिनका नोकरहरूलाई पक्रेर तिनीहरूसँग दुर्व्यवहार गरे र तिनीहरूलाई मारे। तब राजा क्रोधित भए, र आफ्ना फौजहरू पठाईकन ती हत्याराहरूलाई नास गरे, र तिनीहरूको सहर जलाइदिए। "तब तिनले आफ्ना नोकरहरूलाई भने, 'विवाह-भोज तयार छ, तर निम्त्याइएकाहरू योग्य भएनन्। यसकारण तिमीहरू सड़कहरूमा जाओ, र जतिलाई भेट्टाउँछौ तिनीहरूलाई विवाह-भोजमा निम्तो देओ।' तब ती नोकरहरूले सड़कहरूमा गएर भेट्टाएका सबैलाई, दुष्ट र असल दुवैलाई, जम्मा गरे, र विवाह-घर पाहुनाहरूले भरियो। "तर जब राजा पाहुनाहरूलाई हेर्न भनीभित्र आए, तब तिनले विवाहको पोशाक नलगाएको एक जना मानिसलाई देखे। तिनले त्यसलाई सोधे, 'मित्र, विवाहको पोशाक नपहिरी तपाईं कसरी यहाँभित्र आउनुभयो?' त्यो निरुत्तर भयो। "तब राजाले सेवकहरूलाई भने, 'त्यसका हात-खुट्टा बाँधेर त्यसलाई बाहिरी अन्धकारमा फालिदेओ, जहाँ मानिसहरू रुनेछन् र दाह्रा किट्नेछन्।' किनभने बोलाइएका धेरै छन्, तर चुनिएका थोरै छन्।"

यो दृष्टान्तमा येशू आफ्नो दोस्रो आगमनको समयमा हुने विवाह भोजमा सहभागी हुने आफ्ना दुलहीहरूको बारेमा कुरा गर्दै हुनुहुन्छ (तिनीहरू प्रभुको आगमनमा उठाई लगिनेहरू हुन्)।

३-४ पदहरूमा राजाले विवाह भोजका निम्तारुहरूलाई बोलाउन आफ्ना नोकरहरू पठाएको छ। यहाँ निम्तारु पाहुनाहरूले यहूदीहरूलाई जनाउँछ। परमेश्वरले यहूदीहरूलाई पुरानो करारमा अगमवक्ताहरू र नयाँ करारमा उहाँका चेलाहरू पठाएर येशू ख्रीष्टलाई ग्रहण गर्न आह्वान गर्नुभयो। तर यहूदीहरूले इन्कार गरे। यहूदीहरूको आत्मिकी आँखा अन्धो भएको कारण उनीहरू निम्तारु भए तापनि येशू ख्रीष्टको सुसमाचारमा प्रवेश गर्न सकेनन्। उल्टै उनीहरूलाई सुसमाचार घोषणा गर्नेहरूलाई उनीहरूले सतावट दिने र मार्ने काम गरे। त्यसैले ७ पदमा राजाले रिसाएर तिनीहरूलाई नास गर्न आफ्ना सेनाहरू पठाए भनिएको छ।

अनि ९ पदमा राजाले आफ्ना नोकरहरूलाई सडकहरूतिर गएर भेटेजति सबैलाई विवाह भोजमा निम्तो दिन आज्ञा दिन्छन्। यहाँ सडकमा भेट्ने जो-कोही भन्नाले अन्यजातिहरूलाई बुझाउँछ। यी अन्यजातिहरू जो पहिले विवाह भोजमा सहभागी हुन योग्यका थिएनन् अब उनीहरूको मौका आएको छ; र सुसमाचार अन्यजातिहरूको बिचमा फैलियो र ठुलो सङ्ख्यामा अन्यजातिहरू इसाई समुदायमा आएका छन्।

तर पनि मुक्ति पाएका अन्यजातिहरू पनि दुई वर्गमा विभाजित हुनेछन्। विवाह भोजको पोशाक लगाएकाहरू (प्रकाश १९:८) र विवाह भोजको पोशाक नलगाएकाहरू (मत्ती २२:११)। यहाँ दुवै समूह परमेश्वरका सन्तानहरू हुन्। विवाह भोजको पोशाक नलगाएका अन्यजाति इसाईहरू विवाह भोजमा सहभागी हुन पाउने छैनन्। तर तिनीहरू बाहिर फालिनेछन् र अन्धकारमा बसेर रुनेछन् र दाह्रा किट्नेछन्, जसको मतलब तिनीहरू ७ वर्षको महासंकष्ट भएर जानेछन् (मत्ती २२:११-१३)। अर्कोतर्फ येशूको दुलही हुनको निम्ति चुनिएका थोरै उठाई लगिने छन् र विवाह भोजमा सहभागी हुनेछन् (मत्ती २२:१४)। तिनीहरूचाहिँ आशिषित मानिसहरू हुन् (प्रकाश १९:९)। प्रभु येशूले जैतुन डाँडाको शिक्षामा (मत्ती २४:३७-२५:४६), सात वटा दृष्टान्तहरूद्वारा उठाई लगिने समयका ती दुई प्रकारका इसाईहरूको बारेमा सिकाउनुभएको छ (उठाई लगिनेहरू र उठाई नलगिनेहरू)।

यो त हामीले अन्यजाति इसाईहरूको बारेमा हेर्यौं। तर ती यहूदी इसाईहरूकोचाहिँ के हुन्छ त (मसिही यहूदीहरू, प्रकाश ७:१-८)। यहूदीहरू भएको हुनाले उनीहरू विवाह भोजमा सहभागी हुन पाउने छैनन्। बरु उनीहरू ७ वर्षको महासंकष्ट भएर जानुपर्ने हुन्छ। उनीहरूमध्ये धेरै जनाचाहिँ आफ्नै यहूदी जातिहरूलाई सुसमाचार प्रचार गर्ने क्रममा सहिद हुनेछन्। अनि ७ वर्षको महासंकष्टको अन्त्यमा जब येशूले यो धर्तीमा पाइला टेक्नुहुनेछ तब उनीहरू १,००० वर्षको राज्यमा राजाहरू भएर शासन गर्नेछन् (प्रकाश २०:६), र विवाह भोजमा सहभागी भएका अन्यजाति इसाईहरू पनि उनीहरूसँगै शासन गर्नेछन्। उनीहरूको त्यो अगुवापनचाहिँ १,००० वर्षको राज्य अनि नयाँ स्वर्ग र नयाँ पृथ्वीमा पनि निरन्तर हुनेछ (प्रकाश २१:२४)।

हुन त यो विवाह भोजको दृष्टान्तमा प्रभु येशूले यहूदीहरू र अन्यजाति इसाईहरूको सम्बन्धको मामा बताउन खोज्नुभएको छ, तर पनि यी दुवै समूह येशूको दोस्रो आगमनको पर्खाइमा हुनेछन्।

| | सङ्केत (चिन्ह) | अर्थ |
|---|---|---|
| १ | राजा | परमेश्वर पिता |
| २ | राजाको छोरा | येशू |
| ३ | नोकरहरू | यहूदी अगमवक्ताहरू |
| ४ | विवाह भोज | सुसमाचार र मुक्ति (उठाई लगिने) |
| ५ | विवाहको निम्तो इन्कार गर्नेहरू | यहूदीहरू |
| ६ | सहरमा आगो लगाउने | इ.सं. ७० मा इस्राएलको पतन |
| ७ | सडकमा भएका सबै मानिसहरू | अन्यजातिहरू |
| ८ | निम्तारुहरू | धेरै अन्यजाति इसाईहरू |
| ९ | विवाह भोजको पोशाक लगाएकाहरू | उठाई लगिने इसाईहरू |
| १० | विवाह भोजको पोशाक नलगाएकाहरू | उठाई नलगिने इसाईहरू |

**तालिका ७-११.** विवाह भोजको दृष्टान्त र यसको अर्थ (मत्ती २२:१-१४)

## ८. पाँच रोटी र दुई माछाहरू (मत्ती १४:१३-२१; मर्कूस ६:३०-४४; लूका ९:१०-१७) र सात रोटी र दुई माछाहरू (मत्ती १५:३२-३९)

येशूको पाँच रोटी र दुई माछाहरू अनि सात रोटी र केही माछाहरूको आश्चर्यकर्महरूले हामीलाई विशेष शिक्षा दिन्छन्। तीभित्र पर्ने शिक्षाहरूमा; परमेश्वरको वचन, मिसन, चेलापनको सिद्धान्त, मण्डलीको सिद्धान्त छन्। पहिलो आश्चर्यकर्ममा येशूले पाँच रोटी र दुई माछाले ५,००० पुरुषहरूलाई खुवाउनुभयो। त्यसबाट उब्रेक टुक्राहरू १२ डाला थिए। दोस्रो आश्चर्यकर्ममा येशूले सात रोटी र केही माछाहरूले ४,००० पुरुषहरूलाई खुवाउनु भयो। अनि त्यसबाट उब्रेका टुक्राहरू ७ डाला छन्। यी दुवै आश्चर्यकर्महरूमा उल्लेख भएका विषयहरू ख्रीष्टको रहस्यसँग जोडिएका छन्। रोटी, माछा, डाला, रोटी र माछा बाँढ्ने प्रक्रिया सबै कुराको विशेष अर्थहरू छन्। यीमध्ये कुनै पनि बेवास्ता गर्न मिल्ने छैनन्। तिनीहरू सबै अब्राहामसँगको करारसँग गहिरो सम्बन्ध राख्ने कुराहरू छन्।

## (१) रोटी र माछा

सुरुमा हामी रोटी र माछाले केलाई सङ्केत गर्दछ भनी हेरौँ। बाइबलमा रोटीले परमेश्वरको वचन अथवा आत्मिकी खानाको सङ्केत गर्दछ। बाइबलमा यसको बारेमा उल्लेख गरिएका चार वटा खण्डहरू छन्: भजनसंग्रह ११९:१०२, यर्मिया १५:१६, इजकिएल ३:३. आत्मिकी खानाको साथसाथै परमेश्वरको वचन आत्मिकी हतियार पनि हो। त्यसैकारण एफिसी ६:१७, हिब्रू ४:१२ र प्रकाश १९:१५ मा परमेश्वरको वचन दुईधारे तरवारजस्तो भनी भनिएको छ।

बाइबलले येशूलाई रोटी पनि भनेर सम्बोधन गरेको छ। यूहन्ना ६:३२-५९सम्म हेर्दा हामी येशूलाई रोटी अर्थात् आत्मिकी भोजनको रूपमा सम्बोधन गरेको ७ वटा अभिव्यक्ति पाउन सक्छौं। त्यहाँ यसरी लेखिएको छ: साँचो रोटी, परमेश्वरको रोटी, जीवनको रोटी, स्वर्गबाटको रोटी, जिउँदो रोटी, येशूको शरीर अनि साँचो खाना। रोटी भाँच्ने र दाखरस पिउने इसाई परम्परा पनि यसैसँग जोडिएको छ (मत्ती २६:२६-२९, लूका २२:१४-२०, १ कोरिन्थी ११:२३-२९)।

विशेषगरी सुरुको आश्चर्यकर्ममा उल्लेख गरिएको पाँच रोटीहरू (मत्ती १४:१३-२१), ले मोशाको पञ्चपुस्तकलाई (तोराह, व्यवस्थालाई) सङ्केत गर्दछ। दुई माछाहरूले पुरानो र नयाँ करारलाई सङ्केत गर्दछ। जसै येशूले पुरानो करार सबै उहाँको बारेमा हो भनी भन्नुभएको छ (लूका २४:२७, ४४; यूहन्ना ५:३९), मोशाको पञ्चपुस्तकले पनि येशूलाई सङ्केत गर्दछ। त्यहाँ पाँच रोटी र दुई माछाले ५,००० लाई खुवाएपछि उब्रेका टुक्राहरू १२ ड़ाला थिए। यसले नयाँ करारको समयमा सुसमाचार धेरै टाढासम्म फैलिएर धेरैलाई आशिषित गराउनेछ भन्ने सङ्केत गर्दछ।

सात रोटी र दुई माछाको आश्चर्यकर्ममा पनि त्यही कुरा हुन्छ (मत्ती १५:३२-३९)। सुरुमा येशूले त्यो रोटी र माछा आफ्ना चेलाहरूलाई दिनुभयो। त्यसपछि चेलाहरूले त्यो रोटी र माछा लिएर ४,०००को भिडलाई बाँडिदिए, जहाँ यहूदीहरू र प्रवासी यहूदी मानिसहरू थिए। ती सबैले खाइसकेपछि ७ डाला टुक्राहरू उब्रेका थिए।

यी आश्चर्यकर्महरूमा माछाले पनि येशूलाई नै सङ्केत गर्दछ। ग्रीक भाषामा माछालाई पाँचवटा अक्षरमा Ichthys लेखिन्छ। यी पाचँ अक्षरहरूले येशूलाई सङ्केत गर्दछन्। **I** ले ग्रीकमा Yesus (येशू), **X** ले Christos (ख्रीष्ट), **Θ** ले Theos (परमेश्वर), **Y** ले Yuios (पुत्र) **Σ** ले Soterios (मुक्तिदाता) भन्ने अर्थ दिन्छ। यसलाई हामीले एक ठाँउमा राख्ने हो भने "येशू ख्रीष्ट परमेश्वरका पुत्र मुक्तिदाता" भन्ने अर्थ हुन्छ जुन ग्रीक भाषामा माछाको लागि प्रयोग गरिने शब्द हो।

| **Ichthys**<br>**इख्थुस** |   | | | | | |
|---|---|---|---|---|---|---|
| **Fish**<br>**माछा** | **Greek**<br>**ग्रीक** | **I**<br>**इ** | **X**<br>**ख** | **Θ**<br>**थ** | **Y**<br>**उ** | **Σ**<br>**स** |
| | Pronunciation<br>उच्चारण | I<br>इ | Ch<br>ख् | Th<br>थु | U<br>उ | S<br>स |
| Jesus<br>**येशू** | **Greek**<br>**ग्रीक** | **Yesus**<br>**येशुस** | **Christos**<br>**ख्रिष्टोस** | **Theos**<br>**थेयोस** | **Uios**<br>**उयोस** | **Soterios**<br>**सोतेरियोस** |
| | English<br>अङ्ग्रेजी | Jesus<br>जिजस | Christ<br>क्राइष्ट | God<br>गड | the Son<br>द सन | Savior<br>सेभिएर |

**तालिका ७-१२.** माछाको आकारको सङ्केतको अर्थ, येशू

माछाले इसाईहरूलाई पनि सङ्केत गर्दछ। बाइबलमा जब येशूले आफ्ना चेलाहरूलाई बोलावट दिनुभयो, विशेषगरी पत्रुस र उनका भाइ, आन्द्रियासलाई उहाँले मानिसहरूका मछुवा बनाउनेप्रतिज्ञा गर्नुभएको छ (मत्ती ४:१८-१९)। अनि येशूले आफ्ना चेलाहरूलाई दुई वटा आश्चर्यकर्म देखाउनुभयो, जहाँ उहाँको आज्ञाअनुसार जाल हान्दा उनीहरूले अनगिन्ती माछा पक्रन सकेका थिए (लूका ५:१-७, यूहन्ना २१:१-११)।

ख्रीष्टियन भन्ने शब्दको खास अर्थ "ख्रीष्टलाई पछ्याउनेहरू" अर्थात् "साना येशूहरू" भन्ने हुन्छ। यो नामले सुरुमा बोलाइएका मानिसहरू एन्टिओखियाका विश्वासीहरू थिए (प्रेरित ११:२६)। रोटीसँगै माछा पनि हजारौंको सङ्ख्यामा वृद्धि हुनुको अर्थ नयाँ करारको समयमा ठुलो सङ्ख्यामा इसाईहरूको सङ्ख्या वृद्धि हुनेछ, जसले येशूको घोषणा गर्नेछन्।

## (२) उब्रेका टुक्राहरू

माथिको आश्चर्यकर्महरूमा येशूले भिडलाई खुवाउनुभएर उब्रेका टुक्राहरूका डालाहरूको पनि आत्मिकी अर्थ छ। पाँच रोटी र दुई माछाको आश्चर्यकर्ममा मानिसहरूले खाएर उब्रेका टुक्राहरू १२ डाला थिए (ती डालाहरू ठूला थिए)। पहिलो आश्चर्यकर्ममा उब्रेका १२ डालाले १२ चेलाहरूलाई सङ्केत गर्दछ (मत्ती १०:२-३)। दोस्रो आश्चर्यकर्ममा उब्रेका ७ डालाहरूले एसिया माइनरमा भएका सुरुका ७ वटा मण्डलीहरूलाई सङ्केत गर्दछ (प्रकाश २:१-३:२२)। ती सात वटा मण्डलीहरूले विश्वमा भएका ७ प्रकारका मण्डलीहरूकोप्रतिनिधित्व गर्दछन् (यो फराकिलो धारणा जुनै पनि समयको र जुनै पनि स्थानको मण्डलीमा लागु हुन सक्छ)।

हामीले रोटी र माछाहरू बाँडिएको प्रक्रियालाई पनि ध्यान दिनुपर्ने हुन्छ। सुरुमा येशूले रोटी र माछालाई आशिर्वाद दिनुभयो र आफ्ना चेलाहरूलाई दिनुभयो। जसै रोटी र माछाले येशूलाई सङ्केत गर्दछ, चेलाहरूले सुरुमा सुसमाचार पाउनेछन् भन्ने कुरा यसले जनाउँछ। चेलाहरूले पाएको रोटी र माछा त्यहाँ भएको भिडलाई बाँडिदिए (त्यो भिडमा सबै यहूदीहरू र प्रवासी यहूदीहरू थिए)। यसले यो कुरा जनाउँदछ, कि सुसमाचार चेलाहरूबाट यहूदीहरू र प्रवासी यहूदीहरूसम्म पुग्नेछ (रोमी १:१६)।

भिडले खाइसकेपछि क्रमिक रूपमा १२ र ७ डाला टुक्राहरू उब्रेका छन्।

उब्रेका १२ डालाले येशूका प्रत्येक चेलाहरूकोप्रतिनिधित्व गर्दछन्। भने ७ डालाहरूले ७ वटा मण्डलीहरूलाई सङ्केत गर्दथे। प्रभुका सबै चेलाहरूले डालोभरि उब्रेका टुक्राहरू पाएका थिए।

हामीले पहिले हेरेको कनानी स्त्रीको घटनालाई एकपटक फेरि याद गरौं। उनले रोटीका टुक्राहरूको बारेमा केही कुरा भनेकी थिइन्। त्यसले भनी, "हो प्रभु, तर कुकुरहरूले पनि त आफ्ना मालिकको टेबिलबाट झरेका टुक्राटाक्री खान्छन्।" (मत्ती १५:२७)। यो कनानी स्त्रीको स्वीकारबाट पनि हामी यो कुरा बुझ्न सक्छौं, कि उब्रेका रोटीका टुक्राहरू अन्यजातिहरूको निम्ति हो। त्यसैले येशूका दुई वटा आश्चर्यकर्महरूमा भिडले खाएर उब्रेका टुक्राहरू अन्यजातिहरूको निम्ति आत्मिकी भोजन हुन्। ती उब्रेका टुक्राले भरिएका डालाहरू यहूदीहरूको निम्ति थिएन।

यसरी सिङ्गो रोटीले सुसमाचारलाई सङ्केत गर्दछ। त्यसैगरी बचेका टुक्राहरूले पनि सुसमाचारलाई नै सङ्केत गर्दछन्। सुसमाचारचाहिँ ठूलो र सानो भन्ने छैन। सुसमाचार एउटा मात्र छ।

| क्रम | पाँच रोटी र दुई माछा | सात रोटी र केही माछा | अर्थ |
|---|---|---|---|
| १ | चेलाहरू | चेलाहरू | यहूदी |
| २ | ५,०००को भिड | ४,०००को भिड | यहूदी, प्रवासी यहूदी |
| ३ | १२ डाला | ७ डाला | १२ चेलाहरू / ७ मण्डलीहरू (प्रकाश २-३), संसारका सबै मण्डलीहरू |
| | उब्रेका टुक्राहरू | उब्रेका टुक्राहरू | सुसमाचार अन्यजातिहरूमा पुग्नुपर्नेछ (मत्ती १५:२७, २८:१९-२०, प्रेरित १:८) |

**तालिका ७-१३.** पाँच रोटी र दुई माछा / सात रोटी र केही माछाहरू बाँड्ने प्रक्रिया

यहाँ सङ्केत गरिएकोजस्तै गरी चेलाहरूलाई जिम्मा दिइएको उब्रेका टुक्राको डालाहरूचाहिँ सुसमाचार थियो, जुन चेलाहरूले अरू जातिहरूसम्म पुऱ्याउनुपर्ने थियो। त्यसैगरी एसियाका ७ वटा मण्डलीहरूले पनि त्यही नै गर्नुपर्ने थियो। अन्यजातिहरूलाई सुसमाचार सुनाउने कामचाहिँ रोजाइको कुरा थिएन। योचाहिँ सबै इसाईहरूको जिम्मेवारी हो।

ति थोरै यहूदीहरू जसलाई सुसमाचार दिइएको थियो, तिनीहरूले आफ्नो यहूदीजातिहरूलाई नभएर पुरा रोमी साम्राज्यमा भएका अन्यजातिहरूलाई त्यो प्रचार गर्नुपर्ने थियो। योचाहिँ परमेश्वरको इच्छा थियो (मत्ती २८:१९-२०, प्रेरित १:८)। येशूले चेलाहरूलाई विस्तृत रूपमा परमेश्वरको इच्छा सिकाउनको निम्ति रोटी र माछाको आश्चर्यकर्महरू गर्नुभयो र चेलाहरूलाई १२ डाला र ७ डाला उब्रेका टुक्राहरू बटुल्न लगाउनुभयो।

## ९. सामरी स्त्री (यूहन्ना ४:१-४२)

हामीले अब्राहामसँगको करार (उत्पत्ति १२:२-३) र अन्यजातिहरूको मुक्तिको निम्ति परमेश्वरको योजनाको बारेमा कुरा गर्दा त्यसको पक्षमा समर्थन गर्ने एउटा कहानी छ। त्योचाहिँ इनारमा भेट भएकी सामरी स्त्रीको कहानी हो जुन यूहन्नाको सुसमाचारमा मात्र पाइन्छ (यूहन्ना ४:१-४२)।

आफ्नो सार्वजनिक सेवकाइको क्रममा येशू गालीलबाट यरूशलेम धेरैपटक यात्रा गर्नुभयो। तर उहाँ सामरियाको बाटो नगएर सधैँ यर्दन नदीको किनारबाट हिँड्नुहुन्थ्यो। त्यसको कारणचाहिँ त्यो समयमा यहूदीहरूको सामरीहरूप्रति एकदमै नकारात्मक सम्बन्ध थियो। येशूका चेलाहरू पनि उनीहरूका गुरुले सामरियाको बाटो यात्रा गरेको देख्न चाहँदैनथिए (येशूको सेवकाइको मुख्य यात्राको बाटोको चित्र ७-३ हेर्नुहोस्)।

तर एकदिन यरूशलेमबाट उत्तरी गालीलसम्मको यात्रा गर्ने क्रममा येशू सामरिया भएर जानुपर्ने थियो। बाइबलमा लेखिएको छ, कि "उहाँलाई सामरियाको बाटो भएर जानुपरेको थियो" (यूहन्ना ४:४)। त्यसको मतलब येशूले त्यो सामरी स्त्रीलाई भेट्ने योजना पहिले नै गरिसक्नु भएको थियो। यो भेट किन महत्वपूर्ण छ त? त्यसको कारणचाहिँ येशू आफ्ना चेलाहरूलाई यो कुरा सिकाउन चाहनुहुन्थ्यो, कि सुसमाचार सामरियाबाट सुरु भएर संसार भरिका सबै अन्यजाति देशहरूमा फैलिनेछ (प्रेरित १:८)।

सामरीहरूचाहिँ मिश्रित रगत भएका मानिसहरू थिए। ई.पू. ७२२ मा अश्शुरीहरूले इस्राएललाई बन्दी बनाएर लगेदेखि सामरियामा यहूदी र अन्यजातिहरूको मिश्रित जातिहरू बसोबास गर्नथाले। अश्शुरीहरूको आक्रमणमा उनीहरूले इस्राएलीहरूलाई, कि त मार्ने, कि त आफ्नो देशमा बन्दी बनाएर लैजाने गरे। यसको कारणबाट सामरियाका मानिसहरू मिश्रित रगतका मात्र नभएर उनीहरूको संस्कृति र धर्म पनि मिश्रित हुन पुग्यो। नतिजास्वरूप सामरियाका मानिसहरू परमेश्वर र मूर्तिहरू दुवैको सेवा गर्ने गर्थे।




चित्र ७-३. येशूको सार्वजनिक सेवकाइको बाटोहरू

सामरीहरू यहूदी धर्म मान्ने पूर्ण यहूदीहरूबाट त्यागिएका थिए। सामरीहरूमध्ये परमेश्वरमा विश्वास गर्नेहरू यहूदी परम्परा जोगाउन र यरूशलेमको मन्दिरमा गएर आराधना गर्न चाहन्थे। तर यहूदा क्षेत्रका यहूदीहरूले उनीहरूलाई यरूशलेम गएर आराधना गर्न अनुमति दिँदैनथिए (२ राजाहरू १७:२१-३३)। त्यसैकारण सामरीहरूले सामरियाको गेरिजिम पहाडमा मन्दिर निर्माण गरेर परमेश्वरको आराधना गर्न सुरु गरेका थिए। योचाहिँ सामरी स्त्रीसँगको भेटमा येशूको वार्तालापको पृष्ठभूमि हो।

सामरी स्त्रीले येशूलाई भेट्दा सोधेको एउटा प्रश्नचाहिँ यही आराधनाको विषय नै थियो (यूहन्ना ४:२०)। उनले सोधिन, कि सामरियाको गेरिजिममा परमेश्वरको आराधना गर्नु ठिक हो, कि यरूशलेमको मन्दिरमा गएर आराधना गर्नु ठिक हो? येशूले तिनलाई दिनुभएको जवाफ एकदमै प्रख्यात छ: 'तर बेला आइरहेछ, र त्यो बेला अहिल्यै हो, जब सच्चा आराधकहरूले पितालाई आत्मा र सत्यतामा आराधना गर्नेछन्। किनकि आराधना गर्ने यस्तै आराधकहरूलाई नै पिताले खोज्नुहुन्छ। ' (यूहन्ना ४:२३)। येशूले भन्नुभयो, कि अब समय आएको छ, कि परमेश्वरलाई आराधना गर्ने स्थान महत्वपूर्ण होइन तर हामीले "आत्मा र सत्यतामा" परमेश्वरको आराधना गर्नु महत्वपूर्ण कुरा हो।

यहाँ आत्मा र सत्यतामा भनेकोचाहिँ पवित्र आत्माको भरपूरी र येशूमा (सत्यमा, यूहन्ना १४:६) भन्न खोजीएको हो। येशूले भन्नुभयो, कि अब समय आइपुगेको छ जहाँ हामीले परमेश्वरलाई येशू (सत्य) र पवित्र आत्मामा आराधना गर्नुपर्छ। योचाहिँ नयाँ करारको मण्डलीहरूको आराधना शैली हो। यो कुराकानी हुँदैगर्दा सामरी स्त्रीले बिस्तारै येशूको पहिचान बुझ्न सुरु गर्न लागिन्। अनि यूहन्ना ४:२५-२६ मा निर्णय गर्ने समय आइपुग्यो, त्यस स्त्रीले उहाँलाई भनी, "म जान्दछु, कि मसिह आउनुहुन्छ (जसलाई ख्रीष्ट भनिन्छ), र जब उहाँ आउनुहुन्छ, तब उहाँले नै हामीलाई सबै कुरा बताउनुहुनेछ।" येशूले तिनलाई भन्नुभयो, "तिमीसँग बोल्ने, म उही हुँ।" यो कुरा सुनेपछि ती स्त्रीले येशू नै ख्रीष्ट हुनुहुन्छ भन्ने कुरा बुझिन्।

यहाँ अचम्मको कुरा यो छ, कि सामरी स्त्रीले ख्रीष्टको प्रतिक्षा गरिरहेकी थिइन्। ती स्त्रीले येशूलाई ख्रीष्ट भनेर तुरुन्तै चिन्नुको कारण उनी परमेश्वरको सामु एक निर्दोष बालकजस्तै गरी आएकी थिइन्, जब कि यहूदीहरूले येशूलाई ख्रीष्ट भनेर चिन्न असफल भएका थिए। वास्तवमा येशूलाई भेट्ने समयको निम्ति परमेश्वरले उनको हृदयलाई यो प्रकारले तयारी गर्नुभएको थियो।

येशूले मत्ती ५:८ मा भन्नुभयो, कि शुद्ध हृदय भएकाहरूले परमेश्वरलाई देख्नेछन्। त्यसैकारण अन्यजाति स्त्रीले परमेश्वरलाई देख्ने अनुग्रह पाइन्। जब ती सामरी स्त्रीले येशू मसिह हुनुहुन्छ भनी बुझिन्, तब के गरिन्? उनी दौडेर गाउँतिर गइन् र छिमेकीहरूलाई येशूको

बारेमा सुनाउन लागिन् (यूहन्ना ४:२८-२९)। अनि उनको गवाहीको कारण त्यो गाउँका धेरै मानिसहरूले येशूमाथि विश्वास गरे (यूहन्ना ४:३९)। ती मानिसहरू येशूकहाँ आए र केही दिन उनीहरूसँग बस्न अनुरोध गरे। त्यसपछि येशू र उहाँका चेलाहरू अरू दुई दिन सामरियामा बस्नुभयो। अनि अझ धेरै सामरीहरूले पश्चाताप गरे र येशूमा विश्वास गरे (यूहन्ना ४:४०-४२)।

येशूलाई भेट्ने सामरीहरूले येशू संसारको मुक्तिदाता हुनुहुन्छ भनी तुरुन्तै बुझे (यूहन्ना ४:४२)। यो कुरा देखेर येशूले आफ्ना गालीलका मानिसहरू र यहाँ सामरियाका मानिसहरूको तुलना गरेर एउटा प्रख्यात भनाइ भन्नु भयो, "अगमवक्तालाई आफ्नो गाउँमा सम्मान हुन्न" (यूहन्ना ४:४४)। यो कुराले यो सङ्केत गर्दथ्यो, कि निकट भविष्यमा यहूदीहरूलेभन्दा पहिले अन्यजातिहरूले येशूलाई विश्वास गर्नेछन्।

चेलाहरूलेचाहिँ येशू र सामरी स्त्रीको वार्तालापमा केही सहभागिता जनाएनन्। जसै येशू सामरी स्त्रीसँग कुराकानी गर्दैहुनुहुन्थ्यो, उहाँका चेलाहरू गाउँमा खानेकुरा खोज्न गएका थिए। जब उनीहरू फर्केर आए तब येशूलाई खाना खानुहोस् भने (यूहन्ना ४:३१)। येशूले तिनीहरूलाई भन्नुभयो, "मलाई पठाउनुहुनेको इच्छाअनुसार गर्नु, र उहाँको काम पुरा गर्नु नै मेरो भोजन हो। के तिमीहरू भन्दैनौ, 'अझ चार महिना बाँकी छ, तब बाली काट्ने बेला आउँछ?' म तिमीहरूलाई भन्दछु, आफ्ना आँखा उचालेर खेतबारी हेर, बाली कटनीको निम्ति पाकिसकेको छ। (यूहन्ना ४:३५-३६)।

येशूले भन्नुभएका यी दुईवटा पदहरू त्यो समयको परिस्थितिसँग मेल खाने किसिमका छैनन्। तर त्यसभित्र उत्पत्ति १२:२-३ मा भएको अब्राहामसँगको करारको सन्देश र मिसनको विषयको महत्वपूर्ण रहस्य लुकेको छ। त्यसो भए यहाँ येशूले भन्न खोज्नुभएको कुरा के होला त? येशूले खान चाहनु भएको खानाचाहिँ चेलाहरूले ल्याएर दिएको खाना थिएन। तर त्यसको सट्टा पिताको इच्छाअनुसार मानिस जातिको उद्धार गर्नु नै उहाँको भोजन थियो। त्योचाहिँ अन्यजातिहरूलाई सुसमाचार प्रचार गर्ने काम थियो। त्योचाहिँ येशूले चाहनुभएको सबैभन्दा महत्वपूर्ण रा थियो।

अर्को महत्वपूर्ण कुराचाहिँ येशूले कटनीको निम्ति चार महिना बाँकी छ भनी भन्नुभयो। यहाँ येशूले भन्नुभएको ४ महिनाचाहिँ पेन्तिकोसको चाड (मार्च ६, लेबीहरू २३:१५-२२) देखि तुरहीको चाड (जुलाई १, लेबीहरू २३:२४-२५) सम्मको समय हो। यसलाई हामी यस प्रकारले अर्थ लगाउन सक्छौँ: यरूशलेमको मण्डली पेन्तिकोसको दिनमा स्थापना भयो (प्रेरित २:१-४७)। तुरहीको चाडले येशूको दोस्रो आगमनलाई सङ्केत गर्दछ, जब येशू आउनु हुनेछ

तब बादलमा तुरहीको आवाज सहित उहाँ आउनुहुनेछ (मत्ती २४:३१, १ कोरिन्थी १५:५२, १ थेसलोनिकी ४:१६)। त्यसैले यो चार महिनाको अवधि भनेको २,००० वर्षको मण्डली अवधि हो जहाँ अन्यजातिहरूको कटनी हुनेछ। जब यो चार महिनाको अन्त्य हुन्छ, अर्थात् जब अन्यजातिहरूको कटनीको अन्तिम समय आउँछ, तब येशू तुरहीको आवाजको साथ आकाशमा देखापर्नुहुनेछ।

त्यो समयमा येशूले यूहन्ना ४:३५-३६ मा भन्नुभएको कुरा उहाँका चेलाहरूले बुझ्न सकेनन् किनकि उनीहरू आफ्नो यहूदी जातिहरू मात्रामा केन्द्रित मानिसहरू थिए। तरपछि ती चेलाहरूले परमेश्वरको इच्छा र अब्राहामसँगको करार पुरा गर्नको निम्ति अन्यजातिहरूको मिसनमा फड्को मार्नुपर्ने हुन्थ्यो। जब चेलाहरूले सामरी स्त्री लगायत अरू धेरै सामरीहरूले पश्चाताप गरेर येशूमा विश्वास गरेका देखे तब उनीहरूको सामरीहरू र अन्यजातिहरूप्रतिको धारणा परिवर्तन हुनथाल्यो।

येशूका चेलाहरूले अब्राहामसँगको करार (उत्पत्ति १२:२-३) सँगै सारा रोमी साम्राज्यमा भएका अन्यजातिहरूलाई सुसमाचार सुनाउने जिम्मेवारी पाएका थिए। तर यो मिसन पुरा गर्नको निम्ति उनीहरूको सोचाइमा परिवर्तन आउनु आवश्यक थियो। तिनीहरू आफ्नो मात्र जातिमा केन्द्रित मनोभावबाट अरू जातिहरूलाई पनि हेर्ने र बुझ्ने मनोभावमा परिवर्तित हुनैपर्ने थियो। येशूले आफ्ना चेलाहरूको सोच परिवर्तन गर्नको लागि आफूले सक्नेजति गर्नुभयो।

हामीले यो पाठमा हेरेका सबै येशूका शिक्षाहरू, दृष्टान्तहरू र आश्चर्यकर्महरू तिनीहरूलाई तालिम दिने प्रक्रियाहरू थिए: येशूको वंशावली (मत्ती १:१-१७), तीन ज्योतिषीहरूको कुरा (मत्ती २:१-१२), अन्यजातिहरूको गालीलको बारेमा येशूको शिक्षा (मत्ती ४:१२-१७, ११:२०-२६), रोमी कप्तानको विश्वास (मत्ती ८:५-१३), कनानी स्त्रीको विश्वास (मत्ती १५:२१-२८), दाखबारीमा काम गर्ने खेतालाहरूको दृष्टान्त (मत्ती २०:१-१६), दुई छोराहरूको दृष्टान्त (मत्ती २१:२८-३२), दुष्ट मोहीहरूको दृष्टान्त (मत्ती २१:३३-४६), विवाह भोजको दृष्टान्त (मत्ती २२:१-१४), पाँच रोटी र दुई माछाको आश्चर्यकर्म (मत्ती १४:१३-२१), सात रोटी र केही माछाको आश्चर्यकर्म (मत्ती १५:३२-३९), र इनारको छेउमा सामरी स्त्रीसँगको कुराकानी (यूहन्ना ४:१-४२)। यस प्रकारका शैक्षिक सामाग्रीहरू प्रयोग गरेर येशूले तीन वर्षसम्म आफ्ना चेलाहरूलाई अन्यजातिहरूलाई सुसमाचार प्रचार गर्ने मिसनको निम्ति तयार हुन सिकाउनुभयो।

अब्राहामसँगको करारमा रहेर येशूका चेलाहरू अन्यजातिको (Goim) निम्ति मिसनरी बने। तिनीहरू अन्यजातिहरूलाई बचाउनको निम्ति जमिनमा खसेर मर्ने गहुँको दानाजस्तो बने (यूहन्ना १२:२४)। उनीहरू सबै नै कोही अन्यजातिहरूलाई सुसमाचार प्रचार गर्ने क्रममा सहिद बने, कोही अन्यजातिहरूको खातिर सहिद बने भने कोही अन्यजातिहरूद्वारा सहिद बनाइए। स्तिफनस (इ.सं. ३२, यरूशलेममा ढुङ्गाले हानेर, प्रेरित ७:६०), जब्दीका छोरा याकूब (इ.सं. ४४, यरूशलेममा तरबारले, प्रेरित १२:२), सानो याकूब (इ.सं. ५४, यरूशलेममा ढुङ्गाले हानेर), फिलिप (इ.सं. ६०, हिरापोलिस, टर्की, झुण्ड्याएर), सिमोन जिलत (इ.सं. ६१, फारस, क्रूसमा टाँगेर र बिचमा चिरेर), बारनाबास (सलामी, साइप्रस, ढुङ्गाले हानेर), येशूको भाइ याकूब (इ.सं. ६२, यरूशलेम, ढुङ्गाले हानेर), मथियास (इ.सं. ६४, इथियोपिया, जलाएर), पत्रुस (इ.सं. ६५, रोम, क्रूसमा टाँगेर), थेदियस (इ.सं. ६६, आर्मेनिया, लाठोले हिर्काएर), बारथोलोमाइ (इ.सं. ६८, आर्मेनिया, क्रूसमा टाँगेर), मर्कूस (इ.सं. ६८, आलेक्जेंद्रिया, इजिप्ट, घिसारेर), पावल (इ.सं. ६८, रोम, तरबारले), आन्द्रियास (इ.सं. ६९, अखैया, क्रूसमा टाँगेर), मत्ती (इ.सं. ७०, नुबिया, इथियोपिया, आगोले जलाएर), थोमा (इ.सं. ८२, मेलापुर भारत, भालाले रोपेर), तिमोथी (इ.सं. ९०, एफिसी, तरबारले), लूका (इ.सं. ९१, रोम, झुण्ड्यार), यूहन्ना (इ.सं. ९५, एफिसस, उम्लेको तेलको कराहीमा हालिएको)। तिनीहरू सबै नै अब्राहामको करार पुरा गर्न जिए र सहिद बन्ने आशिष् पाए।

अन्यजातिहरूको मिसन इसाईहरूको निम्ति रोजाइको कुरा होइन, यो तिनीहरूको जिम्मेवारी हो। म यो पुस्तकको लेखक यो आशा गर्दछु, कि म लगायत सबै यो पुस्तक पढ्ने पाठकहरू यो आखिरी दिनमा अन्यजातिहरूको कटनी गर्नको निम्ति परमेश्वर पिता र प्रभु येशूबाट बोलाइएका र चुनिएका इमानदार खेतालाहरू बन्न सकौँ। येशूका चेलाहरूजस्तै गरी चाहे प्रत्यक्ष रूपमा होस्, चाहे अप्रत्यक्ष रूपमा होस् हामी अब्राहामसँगको करारमा सहभागी हुनैपर्नेछ।

म हृदयदेखि यो आशा गर्दछु, कि हामी सबैजना अन्यजातिहरूमा येशू ख्रीष्टको सुसमाचार पुर्‍याउने आशिषमा सहभागी हुन सकौं, चाहे त्यसको निम्ति सहिद नै किन बन्नु नपरोस्।

## घ. निष्कर्ष

यसरी हामीले महान् आदेशको विषयमा रहेर चार सुसमाचारहरूको बारेमा हेरेका छौं। अनि म आशा गर्दछु, कि हामीले यसबाट कसरी परमेश्वरको इच्छा, परमेश्वरको सृष्टिको उद्देश्य, परमेश्वरको महान् आज्ञा, र येशूको महान् आदेश उत्पत्ति १२:२-३ मा भएको अब्राहामसँग बाँधिएको करारसँग जोडिएका छन् भन्ने कुरा बुझ्न धेरै सहायता मिल्यो होला। हुन त चार सुसमाचारहरूको शिक्षा र विषयहरू धेरै फराकिलो छ तर लेखकले चार सुसमाचारहरूको मुख्य सन्देशलाई यो पुस्तकमा समेट्ने प्रयत्न गर्नुभएको छ। म यो आशा गर्दछु, कि यो पुस्तक पाठकहरूको निम्ति चार सुसमाचार र पुरा सिङ्गो बाइबल नै पनि पढ्नको निम्ति एउटा सुरुवात अथवा उत्साहको पात्र बनोस् र पवित्र आत्माले पाठकलाई अझ गहिरो बुझाइ र अध्ययनमा डोऱ्याउनुभएको होस् (त्यसो भएमा यो पुस्तकले धेरै महत्वपूर्ण भूमिका खेल्न सकेको हुनेछ)।

बाइबलमा दुई वटा महत्वपूर्ण खण्डहरू छन्, जसले पुरानो करार र नयाँ करारलाई सँगै जोड्ने काम गर्दछन्। त्यसैकारण यी खण्डहरूलाई बाइबलको मेरुदण्ड भनी भनिन्छ। पहिलो, उत्पत्ति १२:२-३ मा भएको अब्राहामसँगको करार हो, जुन हामीले यो पुस्तकमा छलफल गरिसकेका छौं। जहाँ यसरी लेखिएको छ, "म तँबाट एउटा ठुलो जाति खड़ा गर्नेछु, र तँलाई आशिष् दिनेछु। म तेरो नाउँ प्रसिद्ध गराउनेछु, र तँ आशिष्को मूल हुनेछस्। तँलाई आशिष् दिनेहरूलाई म आशिष् दिनेछु, र तँलाई सराप दिनेहरूलाई सराप दिनेछु। तँद्वारा नै पृथ्वीका सबै कुलले आशिष् पाउनेछन्।"

लेखकले यो पुस्तक लेख्नुको उद्देश्य भनेको यो खण्ड र चार सुसमाचारहरूको सम्बन्धलाई प्रकट गर्नु पनि हो। (नोटः लेखकले चार सुसमाचारहरूको विषयमा ३४ वटा पाठहरूमा सिकाउनु भएको भिडियोहरू पनि उपलब्ध छन्। तसर्थ, अझ राम्रो बुझाइको लागि ती भिडियोहरू हेर्न सिफारिस गरिन्छ)।

बाइबलमा मेरुदण्डको रूपमा काम गर्ने अर्को खण्ड भनेको उत्पत्ति ३:१५ हो। यो खण्डले येशू ख्रीष्टको मुक्तिको सिद्धान्तको विषयमा बताउँछ। जहाँ यसरी लेखिएको छ: "तेरो र स्त्रीको बिचमा, र तेरो सन्तान र स्त्रीको सन्तानको बिचमा म दुश्मनी हालिदिनेछु। त्यसले तेरो शिर कुच्च्याउनेछ, र तैंले त्यसको कुर्कुच्चो डस्नेछस्"(उत्पत्ति ३:१५)। यो पदचाहिँ परमेश्वरले मानव जातिलाई उद्धार गर्न योजना गरेर तय गर्नुभएको ७,००० वर्षको इतिहासको समयको सुरुवात हो। (पहिलो ४,००० वर्ष पुरानो करार र पछिल्लो ३,००० वर्ष नयाँ करार)। परमेश्वरको

मुक्तिको महान् योजना भन्ने विषयमा लेखकले धेरै महत्वपूर्ण शिक्षा दिनुभएको छ। विशेषगरी उत्पत्ति ३:१५को स्त्रीको सन्तानको विषयमा लेखकको अर्को पुस्तक "धर्महरूको सुरुवात" स्त्रीको सन्तान भाग-१ मा विस्तृत रूपमा उल्लेख गरिएको छ। म त्यो पुस्तक पढ्न र यो विषयमा गहिरो मनन् गर्न अनुरोध गर्दछु। चार सुसमाचारहरू र उत्पत्ति ३:१५ परमेश्वरको मुक्तिको योजना एक अर्कासँग धेरै नजिक सम्बन्धमा छन्।

बाइबलमा लेखिएका सबै कुराहरू येशूको बारेमा हुन् (लूका २४:२७,४४, यूहन्ना ५:३९) र पुरा बाइबल पवित्र आत्माको प्रेरणाबाट लेखिएको हो (२ तिमोथी ३:१६)। त्यसैकारण कसैले बाइबलको आफूलाई मन पर्ने एउटा पद वा खण्ड लिएर बाँकी अरू खण्डको बेवास्ता गर्नु राम्रो बानी होइन। यसो गर्नाले त्यो व्यक्तिले पुरा बाइबलको गहिरो, उच्च र फराकिलो अर्थ (एफिसी ३:१९) बुझ्न सक्दैन।

म आशा गर्दछु, कि यो पुस्तक पढेपछि पाठकहरूको पुरानो करार र नयाँ करारलाई एउटै पुस्तकको रूपमा हेर्ने र चार सुसमाचारलाई सिङ्गै बाइबलसँग जोडेर हेर्ने फराकिलो दृष्टिकोणको विकास भएको होस्। म यो पनि आशा गर्दछु, कि यो पुस्तकले सुसमाचारका प्रत्येक घटनाहरूलाई शुष्मदर्शक यन्त्रले हेरेझैँ गरी विस्तृत रूपमा हेर्न सहायता पुऱ्याउन सकेको होस्। अन्त्यमा म यो आशा गर्दछु, कि परमेश्वरले प्रत्येक पाठकलाई बुद्धि, समझ, ज्ञान र अन्तर्दृष्टि (प्रस्थान ३१:३, हितोपदेश ३:१३, यशैया ११:१-२) दिनुभएको होस्। म आशा गर्दछु, कि हामी सबैजनाले परमेश्वरको सृष्टिको उद्देश्य, महान् आज्ञा, र महान् आदेशमा भएको परमेश्वरको इच्छा पुरा गर्न सकौँ र हामी सबैले पावलको मृत्युअघिको स्वीकरजस्तै स्वीकार गर्न सक्ने दर्शन आँट पाउन सकेका हौँ। "मैले उत्तम लड़ाइँ लड़ेको छु। मैले दौड सिद्ध्याएको छु। मैले विश्वासलाई बचाइराखेको छु। अब उप्रान्त मेरो निम्ति धार्मिकताको मुकुट राखिएको छ, जो धार्मिकताका न्यायाधीश प्रभुले त्यस दिन मलाई दिनुहुनेछ, र मलाई मात्र होइन, तर उहाँको पुनरागमन प्रिय मान्नेहरू सबैलाई दिनुहुनेछ (२ तिमोथी ४:७-८)। आमेन्।

# Bibliography


Dodd, C. H. 1960. The Interpretation of the Fourth Gospel. Cambridge: Cambridge University Press.

Gowan, D. E. 1976. Bridge between the Testaments. Pittsburgh, PA: Pickwick.

Gundry, R. H. 1981. A Survey of the New Testament. Grand Rapids, MI: Zondervan.

______________. 1981. Matthew. Grand Rapids, MI: Eermans.

Guthrie, D. 1970. New Testament Introduction. Downers Grove, IL: Inter-Varsity.

Harrison, E. F. 1964. Intorduction to the New Testament. Grand Rapids, MI: Eerdmans.

Kee, H. C. 1973. The Origins of Christianity. Englewood Cliffs, N. J.: Prentice-Hall.

Lane, W. L. 1974. Commentary on the Gospel of Mark. Grand Rapids, MI: Eermans.

Marshall, I. H. 1978. The Gospel of Luke. Grand Rapids, MI: Eermans.

Morris, L. 1971. The Gospel According to John. Grand Rapids, MI: Eerdmans.

______________. 1974. The Gospel According to St. Luke. Grand Rapids: Eerdmans.

Russell. D. S. 1960. Between the Testaments. London: SCM.

Tasker, R. V. G. 1960. The Gospel According to St. John. Grand Rapids, MI: Eerdmans.

______________. 1961. The Gospel According to St. Matthew. Grand Rapids, MI: Eerdmans.

Tenney, M. C, 1956. New Testament Times. Grand Rapids, MI: Eerdmans.